# सिक्किममा नेपाली व्यावसायिक पत्रकारिता : विश्लेषणात्मक अध्ययन

शोधप्रबन्ध

सिक्किम विश्वविद्यालयमा

प्रस्तुत

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा

विद्यावारिधि उपाधिका

निम्ति प्रस्तुत

शोधार्थी


पारसमणि दङ्गाल

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय


अप्रेल २०१८

# सिक्किममा नेपाली व्यावसायिक पत्रकारिता : विश्लेषणात्मक अध्ययन

## शोधप्रबन्ध

## सिक्किम विश्वविद्यालयमा

प्रस्तुत

SIKKIM UNIVERSITY
ESTD 2007
सिक्किम विश्वविद्यालय
स्थापित -२००७

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा

## विद्यावारिधि उपाधिका

निम्ति प्रस्तुत

**शोध निर्देशक**
प्रो. प्रतापचन्द्र प्रधान
प्राध्यापक
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

**शोधार्थी**
पारसमणि दङ्गाल
पञ्जीकरण स.-13/PD/NEP/01
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

अप्रेल २०१८

# प्रतिबद्धता

सिक्किम विश्वविद्यालयको भाषा अनि साहिय सङ्कायअन्तर्गत नेपाली विभागबाट नेपाली विषयमा विद्यावारिधि उपाधिका निम्ति प्रस्तुत **'सिक्किममा नेपाली व्यावसायिक पत्रकारिता : विश्लेषणात्मक अध्ययन'** शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोध निर्देशक प्रोफेसर प्रतापचन्द्र प्रधानको कुशल निर्देशनमा रहेर सम्पन्न गरेको छु। प्रस्तुत शोधप्रबन्ध पूर्णतः मौलिक शोधकार्य हो। यो शोधप्रबन्ध लेखनको क्रममा मैले विभिन्न स्रोतबाट सङ्कलन गरिएका सामग्रीलाई वैज्ञानिक एवम् शोधविधिअनुसार उपयोग गरेको छु। यस शोधप्रबन्धको कुनै पनि अंश वा पाठ अन्यत्र कतै पनि प्रकाशित छैन अनि यसअगि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेको छुइनँ। मेरा प्रतिवद्धताविरुद्ध कुनै प्रमाण भेटिए त्यसप्रति स्वयम् उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता जाहेर गर्दछु।

शोध निर्देशक

**प्रो. प्रतापचन्द्र प्रधान**
प्राध्यापक
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

Professor
Department of Nepali
Sikkim University

शोधार्थी

**पारसमणि दङ्गाल**
पञ्जीकरण सङ्ख्या -13/PD/NEP/01
नेपाली विभाग
सिक्किम विश्वविद्यालय

विभाग प्रमुख

अध्यक्ष
Head
नेपाली विभाग
Department of Nepali
सिक्किम विश्वविद्यालय
Sikkim University

मिति —१९ अप्रेल, २०१८

सिक्किम विश्वविद्यालय

(भारतके संसदके अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)

# SIKKIM UNIVERSITY

*[A central university established by an Act of Parliament of India in 2007]*


No.LIB. Plagiarism /59/2017 Dated 09-02-2017

To

The Head
Department of Nepali
Sikkim University

Sub: Anti-Plagiarism Test

Dear Sir,

Kindly refer to your letter dated 09/02/2017 on the subject referred above.

I may inform you that the present ant-plagiarism software (URKUND) being used by Sikkim University distributed by INFLIBNET does not support Nepali and Hindi languages.

Therefore, the MPhil and PhD dissertations written in Hindi and Nepali cannot be tested for plagiarism.

Yours sincerely,

(A S Chandel)
Librarian

Copy for information to:

1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-charge, Department of Hindi


६ माइल, सामदुर, पीओ तादुङ-७३७१०२, गान्तोक, सिक्किम, भारत

फोन : ०३५९२-२५१०६७, २५१४६८, फ्याक्स-२५१८६५

6th Mile, Samdur, P.O. Tadong 737102, Gangtok, Sikkim, India

Phone : 03592-251067, 251468, Fax : 03592-251865

Website : www.cus.ac.in

सिक्किम विश्वविद्यालय
स्थापित - २००७

# SIKKIM UNIVERSITY
(A Central University established by an Act of Parliament of India, 2007)
## DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES AND LITERATURE

*Prof. (Dr.) Pratap Chandra Pradhan*

## शोधनिर्देशकको अग्रसारन

सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा पञ्जिकृत शोधार्थी श्री पारसमणि दङ्गालले (13/PD/NEP/01) विद्यावारिधि उपाधिका लागि आवश्यक प्रक्रिया पूरा गरी **सिक्किममा नेपाली व्यावसायिक पत्रकारिता : विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधप्रवन्ध मेरो निर्देशनमा तयार पार्नु भएको हो । हालसम्म नेपाली पत्रकारिता विधाअन्तर्गत विशेष गरी व्यावसायिक पत्रकारितामाथि गहन र सघन अध्ययन नभएको अवस्थामा शोधार्थी पारसमणि दङ्गालले सो अभाव पूरा गरेका छन्।

शोधक्षेत्र सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताबारे विशेष जानकारीका लागि प्रस्तुत शोधप्रवन्ध निकै उपयोगी बन्न पुगेको र नेपाली पत्रकारिताको विशद् अध्ययन क्षेत्रमा थप शृङ्खलासमेत बन्न पुगेको छ।

विभिन्न स्रोत क्षेत्रबाट आवश्यक शोधसामग्री सङ्कलन गरी परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधप्रवन्ध पूर्णतः मौलिक हो । यसर्थ अन्तिम मूल्याङ्कनार्थ नेपाली विभागमार्फत् सम्वन्धित निकायमा अग्रसारन गर्दछु।

शोधनिर्देशक
प्रा. प्रतापचन्द्र प्रधान
नेपाली विभाग
सिक्किम विश्वविद्यालय ।

# कृतज्ञता प्रकट

वर्तमानमा सञ्चार माध्यमको महत्त्व अत्याधिक रहेको छ। आजको विश्वमा आफू वरिपरि सँगसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने विभिन्न गतिविधि, क्रियाकलाप अनि घटनाक्रमले सर्वसाधरणको जीवनमा प्रत्यक्ष एवम् परोक्ष प्रभाव पारिरहेको हुन्छ।यसैले मानिसलाई स्थानीयदेखि अन्तर्राष्ट्रियस्तरसम्मका विभिन्न घटनाक्रमबारे जानकारीको आवश्यकता दैनिक जीवनमा परिरहन्छ। पत्रकारिता यिनै विविध घटनाक्रमका बारेमा जानकारी दिने महत्त्वपूर्ण सञ्चार माध्यम हो। वर्तमानमा पत्रकारिताले व्यावसायिक स्वरूप ग्रहण गरिसकेको छ अनि यो जीविकोपार्जनको प्रमुख माध्यम पनि बनेको छ।

सिक्किममा व्यावसायिक पत्रकारिताको आरम्भ **कञ्चनजङ्घा** (सन् १९५७ ) पत्रिकाको प्रकाशन हुनथालेदेखि नै भएको हो र आज आएर यसले पूर्णतः व्यावसायिक स्वरूप ग्रहण गरिसकेको छ। सिक्किमबाट दैनिक र साप्ताहिक समाचारपत्र सँगसँगै पाक्षिक, मासिक आदि पत्रपत्रिकाको प्रकाशन निरन्तर हुँदै आएका छन्। यस पेसासित राज्यमा चार सयभन्दा धेरै  मानिस संलग्न रहेर जीविकोपार्जन गरिरहेका छन्। यसले विस्तारै सिक्किममा उद्योगको रूप ग्रहण गरिरहेको अवस्था छ।

नेपाली भाषा साहित्यको विकास सँगसँगै सिक्किमको सामाजिक रूपान्तरणमा स्थानीय पत्रपत्रिका एवम् व्यावसायिक पत्रकारिताको महत्त्वपूर्ण भूमिका रहेको छ। राज्यको विकास र निर्माण प्रक्रियामा समेत पत्रकारिता क्षेत्रको योगदान महत्त्वपूर्ण देखिन्छ। यस विषयमा आजसम्म कुनै ठोस एवम् वैज्ञानिक अध्ययन नभएको अनि

सिक्किमको नेपाली पत्रकारिताका विषयमा पर्याप्त अध्ययन नभएको स्थिति रहेको हुँदा प्रस्तुत शोधप्रबन्धद्वारा सो अभावलाई परिपूर्ति गर्ने प्रयास गरिएको छ।

आफू स्वयम् पत्रकारिता व्यावसायसित संलग्न रहेको अनि स्नातकोत्तर तहको शोधपत्र (सन् २००३)**स्रष्टा** पत्रिकामाथि गरिएको हुँदा पत्रकारिता क्षेत्रमा अनुसन्धानकार्य गर्ने उत्प्रेरणा जागृत भएको हो। यस दिशामा सिक्किम विश्वविद्यायको नेपाली विभागले सन् २०१३ मा विद्यावारिधि कार्यक्रमको थालनी गर्ने घोषणा गरेपछि आवेदन गरी विश्वविद्यालयको नियम अनुरूप सम्पन्न भर्ना परीक्षा पछि आफू सो कार्यक्रमका लागि छनौट भएर अनुसन्धानकार्य आरम्भ गरेको हुँ।

यस अनुसन्धानकार्यमा धेरै महानुभावबाट विभिन्न प्रकारका सहयोग र परामर्श प्राप्त भएका छन्, जसका लागि म सधैव उहाँहरूप्रति कृतज्ञ रहेको छु। सर्वप्रथम आदरनीय गुरु प्रो. प्रतापचन्द्र प्रधानज्यूलाई मेरो शोध निर्देशक तय गरिदिएकोमा विभागीय अनुसन्धान समितिप्रति आभारी छु। आफूमा रहेको ज्ञानलाई निर्धक्क रूपमा प्रदान गर्दै शोधकार्यका विधि र पद्धतिमाथि पनि आवश्यक सल्लाह र सुझाउ दिएर कुशल निर्देशन गरी यो शोधकार्य पूरा गर्न सदैव हौसला र प्रेरणा दिएर प्रोत्साहित गर्नुहुने आदरनीय गुरु प्रो. प्रतापचन्द्र प्रधानज्यूप्रति चिर ऋणी भएको छु साथै गुरुमा श्रीमती दीपा प्रधानज्यू प्रति पनि आभारी छु।

यस शोधकार्यमा विभिन्न सुझाउ र प्रेरणा प्रदान गर्नुहुने नेपाली विभाग सिक्किम विश्वविद्यालयका प्रध्यापकगण क्रमशः  डा. कविता लामा, डा. पुष्प शर्मा, डा. समर सिन्हा, श्री बलराम पाण्डे अनि श्री देवचन्द्र सुब्बाप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु। यसरी नै नेपाली विभाग, सिक्किम सरकारी महाविद्यालय तादोङका प्राध्यापकगण क्रमशः डा. राजेन्द्र भण्डारी, डा. गीता निरौला, डा. उदय छेत्री र श्री टेकबहादुर छेत्रीप्रति पनि आभारी छु। यस शोधकार्यका निम्ति मलाई विभिन्न

प्रकारले सहयोग पुऱ्याउनु हुने सिक्किम सरकारी महाविद्यालय तादोङका पूर्व प्राचार्य डा. एम पी खरेलज्यूप्रति पनि कृतज्ञता प्रकट गर्दछु।

यस शोधकार्यमा मलाई कतिपय सामग्री अध्ययनका निम्ति प्रयोग गर्न दिनुहुने सहयोगी महानुभावप्रति पनि म अत्यन्त आभारी छु। यस दिशामा **दैनिक आवाज**का प्रकाशक एवम् सम्पादक स्व. वाइ एन भण्डारीज्यू प्रति कृतज्ञ छु। वहाँले आफू अस्वस्थ्य रहे तापनि मलाई समय दिनुहुँदै **दैनिक आवाज**का पुराना अङ्कहरू अध्ययनका निम्ति उपलब्ध गराइदिनु भयो। यो शोधकार्य पूरा नभई उहाँको स्वार्गारोहणले मलाई विचलित समेत बनायो। उहाँप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु।

आफ्नो समाचारपत्रका पुराना अङ्कहरू हेर्न अनुमति दिनुहुने **हिमाली बेला**का प्रकाशक एवम् पत्रकार श्री अमित पात्रो, **हाम्रो प्रजाशक्ति**का सम्पादक श्री अञ्जन उपाध्याय, **समय दैनिक**का प्रकाशक श्री सुकुमार प्रधानलगायत पत्रकार श्री विजय बान्तवा, श्री सुवास दीपक, श्रीमती निमसाङ डोल्मा, श्री हेमन्त गिरी, श्री धीरज वान्तवा, श्री भीम रावत, श्री जोसेफ लेप्चा, श्री जेभियर सुब्बा, श्री डिल्लीराम दुलाल, श्री शेरबहादुर कार्की, श्री होमनाथ दवाडी, श्री उर्गेन मोक्तान, श्री प्रणय लामिछाने, श्री राजेन्द्र प्रधान, श्री रूपेश शर्मा, श्री बालकृष्ण दङ्गाल, सुश्री पवित्र भण्डारी, श्रीमती उषा शर्मा (आकाशवाणी गान्तोक), श्री ताराप्रसाद भट्टराई आदिप्रति पनि विभिन्न सहयोगका निम्ति आभारी छु।

यस शोधकार्यमा पुराना पत्रपत्रिका उपलब्ध गराइदिएर सहयोग गर्नुहुने रामगौरी सङ्ग्रालय रिनोकका श्री गणेशकुमार प्रधान, सिक्किम सरकारी महाविद्यालय केन्द्रिय पुस्तकालयकी पुस्तकालयाध्यक्ष श्रीमती साङ्गेडोमा भोटिया, मनन केन्द्र केन्द्रीय पुस्तकालयका कर्मचारीगण, नेपाली साहित्य परिषद्, सिक्किमका श्री चन्द्र दुलाल र श्री टीका ढुङ्गेलप्रति पनि कृतज्ञ छु।

यस शोधकार्यमा मलाई विशेष सहयोग दिनुहुने भाइ श्री निर्मल निरौला अनि दाजु श्री पदम पराजुलीप्रति पनि म चिर ऋणी छु। यसरी नै शोधार्थी मित्र श्री सदीप प्रधानप्रति पनि आभारी छु। सोही प्रकारले दार्जिलिङका कतिपय शोध सामग्री उपलब्ध गराइदिनुहुने पत्रकार श्री सञ्जय प्रधान र श्री मोहन लामाप्रति पनि आभार व्यक्त गर्दछु।

मलाई यस शोधकार्यका निम्ति हौसला प्रदान गर्नुहुने राज्यका सम्माननीय मुख्यमन्त्री श्री पवन चामलिङज्यूलाई पनि हार्दिक कृतज्ञता अर्पण गर्दछु।

प्रस्तुत शोधकार्यका निम्ति मलाई सदैव आशिर्वाद दिनुहुने पूज्य माता स्व. नरमाया दङ्गाल, जसको शोधकार्यकै अवधिमा स्वार्गारोहण भयो उहाँको पुण्य स्मृति सदैव रहिरहनेछ।यसरी नै मेरा दाजु श्री जीवनकुमार दङ्गाल र भाउजू श्रीमती चन्द्रकला दङ्गालप्रति हौसला र सहयोगका निम्ति सदैव कृतज्ञ रहने छु।

प्रस्तुत शोधकार्यमा हरेक प्रकारले सुविधा र सहयोग उपलब्ध गराएर अनुसन्धानकार्यमा उत्साहजनक हौसला र प्रेरणा प्रदान गर्ने मेरी धर्मपत्नी श्रीमती राधिका शर्माप्रति चिर ऋणी रहेको छु। यसरी नै शोधकार्यमा कुनैप्रकारको बाधा सिर्जना नगरी अनुकुल वातावरण सिर्जना गरिदिने मेरा पुत्रद्वय श्री निर्वाणविक्रम दङ्गाल र श्री भार्गवप्रिय दङ्गालप्रति अशेष स्नेह रहेको छ।

शोधार्थी

पारसमणि दङ्गाल

स्थानः नेपाली विभाग, सिक्किम विश्वविद्यालय, गान्तोक

मितिः १९ अप्रेल, २०१८

# संक्षेपिकृत शब्द रूप

| | |
|---|---|
| अनु. | अनुवादक |
| आइपीआर विभाग | Information and Public Relation Department (सूचना तथा जनसम्पर्क विभाग) |
| आ.सं. | आठौं संस्करण |
| आरएनआई | Registrar of Newspaper for India (समाचारपत्र पञ्जीकरण कार्यालय) |
| एनबीयु | North Bengal University (उत्तरबङ्ग विश्वविद्यालय) |
| एसपीए | सिक्किम प्रेस एसोसिएसन |
| चौ. सं. | चौथो संस्करण |
| छै.सं. | छैटौं संस्करण |
| टिभी | टेलिभिजन |
| डा. | डाक्टर |
| डीएभीपी | Directorate of Advertising and Visual Publicity (विज्ञापन एवम् दृष्य प्रसार निर्देशालय) |
| ते. सं. | तेस्रो संस्करण |
| दो.सं. | दोस्रो संस्करण |
| प.सं. | पहिलो संस्करण |
| पु.मु. | पुनर्मुद्रित |
| प्रका. | प्रकाशक |
| प्र. सं | प्रथम संस्करण |

| | |
|---|---|
| पाँ. सं | पाँचौ संस्करण |
| प्रो. | प्रोफेसर |
| पीआईबी | Press Information Bureau (पत्र सूचना कार्यालय) |
| पीसीआई | Press Council of India (भारतीय प्रेस परिषद्) |
| पृ. | पृष्ठ |
| वि. सं. | विक्रम संवत् |
| सं | संवत् |
| सम्पा. | सम्पादक |
| सन् | ईश्वी संवत् |
| सा. सं. | सातौं संस्करण |
| सी ए | चार्टर एकाउन्टेन्ट |
| Co. | Company |
| Co. Lim. | Company Limited |
| Dept. | Department |
| Ed. | Editor |
| Edi. | Edition |
| GOI | Government of India |
| GOS | Government of Sikkim |
| Inc. | Incorporation |
| IPRD | Information and Public Relation Department |
| Pg. | Page Number |
| Pvt. Ltd. | Privet Limited |
| Vol. | Volume |

# विषय सूची

**१. पहिलो अध्याय : शोध परिचय तथा शोधविधि** **१-२५**
१.१ शोधक्षेत्रको परिचय १
१.२ शोधशीर्षक र त्यसको परिचय २
१.२.१ शोध शीर्षकको परिचय २
१.३ शोधको प्रयोजन ३
१.४ समस्याकथन ३
१.५ उद्देश्यकथन ३
१.६ पूर्वकार्यको तालिकागत विवरण र समीक्षा ४
१.६.१ पत्रपत्रिकामा प्रकाशित पूर्वकार्यको समीक्षा ४
१.६.२ सम्पादित पुस्तकमा प्रकाशित पूर्वकार्यको समीक्षा ११
१.६.३ विभिन्न पुस्तकमा प्रकाशित पूर्वकार्यको समीक्षा १३
१.६.४ पत्रकारितासम्बन्धित पुस्तकमा प्रकाशित पूर्वकार्यको समीक्षा १६
१.६.५ शोधपत्र, शोधप्रबन्ध एवम् कार्यपत्रमा प्रस्तुत पूर्वकार्यको समीक्षा २०
१.७ शोधको औचित्य र महत्त्व २१
१.८ शोधकार्यको सीमाङ्कन २२
१.९ शोधविधि २२
१.९.१ शोधको सैद्धान्तिक आधार २२
१.९.२ सामग्री सङ्कलनविधि २३
१.९.३ सङ्कलित सामग्रीको वर्गीकरण एवम् व्यवस्थापनविधि २३
१.९.४ सङ्कलित सामग्रीको विश्लेषण एवम् सामान्यीकरण विधि २४
१.१० शोधप्रबन्धको सङ्गठनप्रक्रिया २४
१.११ भावी शोधकार्यका लागि प्रस्तावित शीर्षक २५

**२. दोस्रो अध्याय : पत्रकारिताको सैद्धान्तिक परिचय** **२६-१५३**

२.१ सञ्चार अर्थ र परिभाषा २६

२.१.१ अर्थ २६

२.१.२ परिभाषा २७

२.१.३ सञ्चारका प्रकार २८

२.२ पत्रकारिता अर्थ र परिभाषा ३०

२.२.१ पत्रकारिताको अर्थ ३०

२.२.२ पत्रकारिताको परिभाषा ३२

२.३ पत्रकारिताका प्रकार ३५

२.३.१ सञ्चालन प्रकृतिका आधारमा पत्रकारिता ३५

२.३.१.१ व्यावसायिक पत्रकारिता ३५

२.३.१.२ अव्यावसायिक पत्रकारिता ३७

२.३.२ प्राविधिक आधारमा पत्रकारिता ३८

२.३.२.१ मुद्रण अथवा छापा पत्रकारिता ३९

२.३.२.२ विद्युतीय पत्रकारिता ४१

२.३.३ अवधिगत आधारमा पत्रकारिताका प्रकार ५१

२.३.४ विषयवस्तुका आधारमा पत्रकारिताका प्रकार ५९

२.३.४.१ फोटो पत्रकारिता ६०

२.३.४.२ खोजीपत्रकारिता ६२

२.३.४.३ पर्यावरण अथवा वातावरण पत्रकारिता ६६

२.३.४.४ नागरिक पत्रकारिता ७१

२.३.४.५ पैरवी पत्रकारिता ७६

२.३.४.६ विकास पत्रकारिता ७८

२.३.४.७ ग्रामीण पत्रकारिता ८४

२.३.४.८ खेलकूद पत्रकारिता ८६

२.३.४.९ साहित्यिक पत्रकारिता ८८

२.३.४.१० पीत पत्रकारिता ९१

२.३.४.११ आर्थिक पत्रकारिता ९३

२.३.४.१२ विज्ञान पत्रकारिता ९५

२.३.४.१३ चलचित्र पत्रकारिता ९६

२.३.४.१४ बाल पत्रकारिता ९६

२.३.४.१५ संसदीय पत्रकारिता ९६

२.३.४.१६ विधि पत्रकारिता ९७

२.३.४.१७ अपराध पत्रकारिता ९७

२.३.५ भौगोलिक आधारमा पत्रकारिताका प्रकार ९८

२.३.५.१ स्थानीय पत्रकारिता ९८

२.३.५.२ राष्ट्रिय पत्रकारिता ९९

२.३.५.३ अन्तर्राष्ट्रिय पत्रकारिता ९९

२.४ व्यावसायिक पत्रकारिताका प्रमुख अङ्ग १००

२.४.१ व्यावसायिक पत्रकार १००

२.४.१.१ व्यावसायिक पत्रकारका प्रकार १०१

२.४.२ समाचारपत्र १०८

२.४.२.१ समाचारपत्रका प्रकार १०९

२.४.२.२ समाचारपत्रको स्वामित्व ११०

२.४.२.३ समाचारपत्रका विभाग ११२

२.४.३. समाचार ११३

२.४.३.१ समाचारको परिभाषा ११५

२.४.३.२ समाचारका तत्त्व ११६

२.४.३.३ समाचारका प्रकार ११८

२.४.३.४ समाचारलेखन १२१

२.४.३.५ समाचारका अवयव १२२

२.४.४ सम्पादकीय १२५

२.४.५ उत्तरसम्पादकीय १२६

२.४.६ लेखरचना (फिचरलेख) १२६

२.४.७ विज्ञापन १२७

२.५प्रेस कानुन र आचारसंहिता १२८

२.५.१व्यावसायिक पत्रकारिता र कानुन १२८

२.५.१.१भारतीय संविधानमा प्रेस १२८

२.५.१.२ प्रेस अनि पुस्तक पञ्जीकरण अधिनियम १८६७ १२९

२.५.१.३ प्रशासनिक गोपनीयता अधिनियम १९२३ १२९

२.५.१.४ भारतीय प्रतिलिपि अधिकार अधिनियम १९५७ १२९

२.५.१.५ भारतीय प्रेस परिषद् अधिनियम १९७८ १३१

२.५.१.६ श्रमजीवी पत्रकार अनि अन्य समाचारपत्रसम्बद्ध कर्मचारी (सेवा सर्त) तथा विविध व्यवस्था अधिनियम १९५५ १३३

२.५.१.७ भारतीय दण्ड संहिता १८६० र दण्डप्रक्रिया संहिता १९७३ १३३

२.५.१.८ सूचनाको अधिकार अधिनियम २००५ १३४

२.५.१.९ मानहानी १३४

२.५.१.१० न्यायालयको आदेशको अवज्ञा १३५

२.५.१.११ संसदीय विशेष अधिकार १३६

२.५.१.१२ सूत्रको गोपनीयता १३६

२.५.१.१३ भुक्तान गरिएको समाचार (पेड न्युज) १३७

२.५.२ पत्रकारिता-आचारसंहिता १३८

| | |
|---|---|
| २.५.२.१ अन्तर्राष्ट्रिय पत्रकारिता-आचारसंहिता | १३९ |
| २.५.२.२ भारतीय प्रेस परिषद्द्वारा जारी आचारसंहिता | १४० |
| २.५.२.३ फोटो पत्रकारिताको आचारसंहिता | १४६ |
| २.६ उपसंहार | १४८ |
| **३. तेस्रो अध्याय : शोध क्षेत्र सिक्किमको परिचय, परिवेश र पृष्ठभूमि** | **१५४-२१७** |
| ३.१ सिक्किमको परिचय | १५४ |
| ३.२ सिक्किमको नामकरण | १५६ |
| ३.३ ऐतिहासिक पृष्ठभूमि | १६० |
| ३.४ राजनीतिक पृष्ठभूमि | १६८ |
| ३.५ सामाजिक-आर्थिक पृष्ठभूमि | १७३ |
| ३.६ शैक्षिक पृष्ठभूमि | १८१ |
| ३.७ भाषिक पृष्ठभूमि | १८७ |
| ३.८ साहित्यिक पृष्ठभूमि | १८८ |
| ३.९ पत्रकारिता पृष्ठभूमि | २०८ |
| ३.१० उपसंहार | २१४ |
| **४. चौथो अध्याय : नेपाली व्यावसायिक पत्रकारिताको थालनी र विकासप्रक्रिया** | **२१८-२७६** |
| ४.१ **कञ्चनजङ्घा** मासिक पत्रिका पूर्व नेपाली पत्रकारिताको स्थिति | २१८ |
| ४.१.१ छापाखानाको स्थापना | २१८ |
| ४.१.२ नेपाली पत्रपत्रिकाको प्रकाशन | २२१ |
| ४.२ सिक्किममा व्यावसायिक नेपाली पत्रकारिताको कालविभाजन | २५३ |
| ४.२.१ कालविभाजन | २५३ |
| ४.२.२ कालविभाजनको आधार | २५४ |
| ४.३ सिक्किममा व्यावसायिक नेपाली पत्रकारिताको कालक्रमिक विकासक्रम | २५५ |
| ४.३.१ राजतन्त्रकाल (आरम्भदेखि १९७४ सम्म) | २५६ |

४.३.१.१ पृष्ठभूमिकाल (आरम्भदेखि १९५६ सम्म) २५६

४.३.१.२ कञ्चनजङ्घाकाल (१९५७ देखि १९७४ सम्म) २६०

४.३.२ लोकतन्त्रकाल - १९७५ देखि यता हालसम्म २६४

४.३.२.१ पहिलो चरण - १९७५ देखि १९९९ सम्म २६४

४.३.२.२ दोस्रो चरण —सन् २००० यता २७०

४.४ उपसंहार २७३

५. **पाँचौं अध्याय : सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषणात्मक अध्ययन** **२७७-४४८**

५.१ सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषणका आधारहरू २७७

५.१.१ सञ्चासलन प्रकृतिका आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण २७८

५.१.१.१ सिक्किममा व्यावसायिक पत्रकारिताको सञ्चालन प्रकृति २७८

५.१.१.२ सिक्किममा अव्यावसायिक पत्रकारिता २८२

५.१.२ प्राविधिक पक्षको आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण २८३

५.१.२.१ सिक्किममा मुद्रण तथा छापा पत्रकारिता २८३

५.१.२.२ सिक्किममा विद्युतीय पत्रकारिता ३००

५.१.३ विषयवस्तुगत आधारमा सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताका प्रकार ३०४

५.१.३.१ फोटो पत्रकारिता ३०४

५.१.३.२ खोजी पत्रकारिता ३०७

५.१.३.३ पर्यावरण एवम् वातावरण पत्रकारिता ३१३

५.१.३.४ नागरिक एवम् जन पत्रकारिता ३१७

५.१.३.५ पैरवी पत्रकारिता ३२२

५.१.३.६ विकास पत्रकारिता ३२६

५.१.३.७ ग्रामीण पत्रकारिता ३२९

५.१.३.८ खेलकूद पत्रकारिता ३३४

५.१.३.९ साहित्यिक पत्रकारिता ३३८

५.१.३.१० पीत पत्रकारिता ३४३

५.१.३.११ आर्थिक पत्रकारिता ३४५

५.१.३.१२ विज्ञान पत्रकारिता ३४९

५.१.३.१३ चलचित्र पत्रकारिता ३४९

५.१.३.१४ बालपत्रकारिता ३५३

५.१.३.१५ संसदीय पत्रकारिता ३५५

५.१.३.१६ विधि पत्रकारिता ३५६

५.१.३.१७ अपराध पत्रकारिता ३५८

५.१.४ भौगोलिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण ३६१

५.१.५ ऐतिहासिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण ३६२

५.१.६ भाषिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण ३८३

५.१.६.१ शब्दप्रयोग ३८४

५.१.६.२ वाक्यगठन ३९७

५.१.६.३ व्याकरणको नियम पालन ४०२

५.१.७ सामाजिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण ४१०

५.१.८ राजनीतिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण ४२१

| | | |
|---|---|---|
| | ५.१.९ आर्थिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण | ४३४ |
| | ५.१.१० सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको वर्तमान स्थिति | ४४० |
| | ५.१२ उपसंहार | ४४६ |
| **६. छैटौं अध्याय** | **: उपसंहार एवम् निष्कर्ष** | **४४९-४६८** |
| | ६.१ अध्यायगत उपसंहार | ४४९ |
| | ६.२ समष्टि निष्कर्ष | ४५४ |
| सन्दर्भग्रन्थ सूची | | **४६९-४८६** |
| परिशिष्ट १ | पूर्वकार्यको तालिकागत विवरण | ४८७ |
| परिशिष्ट २ | सिक्किमको पहिलो समाचारपत्र **कञ्चनजङ्घा**को पहिलो अङ्क | ५०१ |
| परिशिष्ट ३ | भारतको पहिलो नेपाली दैनिक समाचारपत्र **दैनिक आवाज**को पहिलो अङ्क | ५०२ |
| परिशिष्ट ४ | मानवीरसिंह रसाईलीद्वारा सन् १९२६-मा **गोर्खा संसार** समाचारपत्रमा प्रकाशित फिचरलेख | ५०३ |
| परिशिष्ट ५ | मानवीरसिंह रसाइलीद्वारा प्रेषित अनि प्रकाशित पहिलो समाचार | ५०४ |
| परिशिष्ट ६ | सिक्किमका आदिपत्रकार मानवीरसिंह रसाइलीको संक्षिप्त परिचय | ५०५ |
| परिशिष्ट ७ | पाठक सर्वेक्षण परिणाम अनि प्रश्नावली | ५१० |
| परिशिष्ट ८ | पत्रकारिताका पारिभाषिक शब्दावली | ५१३ |
| परिशिष्ट ९ | चौथो अध्यायका तालिका | ५१८ |

# तालिका सूची



| क्रसं | तालिका सङ्ख्या | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | १.१ | पत्र-पत्रिकामा प्रकाशित पूर्वकार्यको तालिकागत विवरण | ४८७ |
| २ | १.२ | सम्पादित पुस्तकमा प्रकाशित पूर्वकार्यको तालिकागत विवरण | ४९० |
| ३ | १.३ | विभिन्न पुस्तकमा प्रकाशित पूर्वकार्यको तालिकागत विवरण | ४९७ |
| ४ | १.४ | पत्रकारितासित सम्बन्धित पुस्तकमा प्रकाशित पूर्वकार्यको तालिकागत विवरण | ४९८ |
| ५ | १.५ | शोधपत्र, शोधप्रबन्ध एवम् कार्यपत्रमा प्रस्तुत पूर्वकार्यको तालिकागत विवरण | ५०० |
| ६ | ३.१ | सिक्किमका लेप्चा पनु | १६१ |
| ७ | ३.२ | नामगेल राजवंशको परम्परा | १६३ |
| ८ | ३.३ | सिक्किमको विधानसभा चुनाउ र मुख्यमन्त्रीहरूको कालक्रमिक विवरण | १७२ |
| ९ | ३.४ | सन् १८९१ मा सिक्किममा पहिलो पल्ट भएको जनगणनाको विवरण | १७४ |
| १० | ३.५ | दोकानका लागि अधिसूचित शुल्क | १८० |
| ११ | ३.६ | दोकानका लागि अधिसूचित आयकर | १८१ |
| १२ | ३.७ | **इन्द्रकील पुष्पाञ्जलि**-मा प्रकाशित रचनाको विवरण | २०२ |
| १३ | ५.१ | सिक्किमका नेपाली दैनिक समाचारपत्रको तालिकागत विवरण | २८७ |

| | | | |
|---|---|---|---|
| १४ | ५.२ | सिक्किमका समाचारपत्रको बिक्रीवितरण सङ्ख्या | २९२ |
| १५ | ५.३ | डीएभीपी विज्ञापन दर | २९३ |
| १६ | ५.४ | यूरोपीय विद्वान्हरूद्वारा गरिएका सिक्किम विषयक प्रमुख खोजीको विवरण | ३६४ |
| १७ | ५.५ | समाचारपत्रमा प्रयोग हुने आगन्तुक शब्द | ३८७ |
| १८ | ५.६ | समाचारपत्रमा प्रयोग हुने वर्णसंकर शब्द | ३९४ |
| १९ | ५.७ | समाचारपत्रमा प्रयोग हुँदै आएका नयाँ शब्द | ३९६ |
| २० | ५.८ | विशेषणको असावधानीपूर्वक प्रयोग | ४०४ |
| २१ | ५.९ | अशुद्ध हिज्जेको समस्या | ४०६ |
| २२ | ५.१० | समाचारपत्रमा लापर्वाहीपूर्वक प्रयोग हुने केही प्रत्यय | ४०८ |
| २३ | ५.११ | सिक्किमको सारक्षरता दर | ४१६ |
| २४ | ५.१२ | सिक्किमको समाचारपत्रको दैनिक बिक्री वितरण र जनसङ्ख्या | ४२० |
| २५ | ७.१ | मानवीरसिंह रसाइलीका प्रकाशित साहित्यिक रचना | ५०६ |
| २६ | ७.२ | मानवीरसिंह रसाइलीका प्रकाशित फिचरलेख र समाचार | ५०७ |
| २७ | ७.३ | सङ्ख्यात्मक आधारमा समाचारपत्र क्रय गर्ने मानिस | ५१० |
| २८ | ७.४ | भाषागत आधारमा समाचारपत्रको क्रयविक्रय | ५११ |
| २९ | ७.५ | नेपाली समाचारपत्र क्रयविक्रयका आधारमा नेपाली समाचारपत्रका पाठको सङ्ख्या | ५११ |
| ३० | ७.६ | सर्वेक्षणका निम्ति प्रश्नावली | ५१२ |
| ३१ | ७.७ | पत्रकारिताका पारिभाषिक शब्दावली | ५१३ |

| | | | |
|---|---|---|---|
| ३२ | ७.८ | लोकतन्त्रकाल पहिलो चरणका समाचारपत्र | ५१८ |
| ३३ | ७.९ | लोकतन्त्रकाल दोस्रो चरणका समाचारपत्र | ५२२ |
| ३४ | ७.१० | लोकतन्त्रकाल अन्य समाचारपत्र (पूर्ण विवरण नमिलेका समाचारपत्र) | ५२६ |


## मानचित्र सूची


| क्र स | मानचित्र सङ्ख्या | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | मानचित्र १ | सिक्किम | १५५ |
| २ | मानचित्र २ | डेलिस्लेद्वारा सन् १७२३ मा तयार गरिएको एसियाको मानचित्र | ३६७ |
| ३ | मानचित्र ३ | डेलिस्लेद्वारा सन् १७२३ मा तयार गरिएको एसियाको मानचित्रमा ब्राम्सोन (सिक्किम) | ३६८ |

# पहिलो अध्याय

# शोधपरिचय तथा शोधविधि

## १.१ शोधक्षेत्रको परिचय

आधुनिक विश्वमा पत्रकारिताको विशेष महत्त्व रहेको पाइन्छ। पत्रकारिता सञ्चारको एउटा सशक्त माध्यम हो, जसले मानिसलाई विविध विषयमा जानकारी गराएर सुसूचीत गर्ने काम गर्दछ। पत्रकारिताले भाषाको विकास सँगसँगै समाज र जातिको विकासमा पनि महत्त्वपूर्ण भूमिका निर्वाहन गरेको हुन्छ। हालसम्मका खोजी र प्राप्तिअनुसार भारतमा नेपाली व्यावसायिक पत्रकारिताको थालनी गङ्गाप्रसाद प्रधानको **गोर्खे खबर् कागत्** (सन् १९०१) -बाट भएको प्रमाण पाइन्छ।

१६ मई, १९७५ -मा तत्कालीन स्वतन्त्र राष्ट्र सिक्किम भारतीय महासङ्घमा विलय भएको हो। विलयपूर्व सिक्किममा नामगेल वंशको राजतन्त्र थियो। राजतन्त्रमा लोकतन्त्रमा जस्तो पत्रकारिताको अनुकूल परिवेश नभए तापनि सिक्किमबाट सन् १९५७-मा **कञ्चनजङ्घा** नामक समाचारपत्रको प्रकाशन आरम्भ भएपछि सिक्किममा पनि नेपाली व्यावसायिक पत्रकारिताको थालनी भएको हो। अर्कोतिर भारतमा नेपाली दैनिक समाचारपत्र प्रकाशन गर्ने जमर्को सर्वप्रथम सिक्किमबाट नै भएको पाइन्छ। सर्वप्रथम गान्तोकबाट वाई एन भण्डारी र गीता भण्डारीको सत्प्रयासमा पहिलो भारतीय नेपाली दैनिक समाचारपत्र **दैनिक आवाज** (सन् १९७८) प्रकाशित भयो। सन् २००२-मा अञ्जन उपाध्यायको सम्पादनमा **हाम्रो प्रजाशक्ति** दैनिक रूपमा प्रकाशन हुन थालेपछि यहाँ व्यावसायिक पत्रकारिताले तीव्रता ग्रहण गर्दछ।

आज पत्रकारिता समाज र जातिका सेवामा मात्र निहित नरहेर पेसा र व्यवसाय बन्ने दिशामा पनि अग्रसर बनेको छ, यद्यपि नेपाली समाचारपत्रका विभिन्न समस्या रहेका कारण धेरै समाचारपत्र दीर्घकालसम्म चल्न सकेनन्। सन् १९५७ देखि हालसम्म आइपुग्दा सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताले उल्लेखनीय विकास गरेको पाइन्छ। यहाँबाट हालसम्म २५४ वटा समाचारपत्र प्रकाशन भइसकेको जानकारी पाइन्छ, तर यस विषयमा गम्भीर अध्ययन र अनुसन्धान भने नभएका हुँदा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताका विषयमा शोधपरक अध्ययन गर्ने विशेष शोधक्षेत्र सिर्जना भएको देखिन्छ। त्यसैले यस विषयमा केन्द्रित रही प्रस्तुत शोधप्रबन्ध तयार गरिएको हो।

### १.२ शोधशीर्षक र त्यसको परिचय

प्रस्तुत शोधकार्यको शीर्षक **सिक्किममा नेपाली व्यावसायिक पत्रकारिता : विश्लेषणात्मक अध्ययन** रहेको छ।

#### १.२.१ शोधशीर्षकको परिचय

भारतमा नेपाली व्यावसायिक पत्रकारितालाई अघि बढाउने क्रममा सिक्किम एउटा प्रमुख स्थल हो। सिक्किमबाट दैनिक, साप्ताहिक, पाक्षिक, मासिक गरी विभिन्न प्रकारका समाचारपत्र प्रकाशित हुँदैआएका छन्। नेपाली पत्रकारिताको इतिहासमा सिक्किमबाट प्रकाशित नेपाली व्यावसायिक समाचारपत्र गुणात्मक एवम् सङ्ख्यात्मक रूपमा धेरै देखा परिसकेका छन्। प्रायःजसो नेपाललगायत बनारस, दार्जिलिङबाट प्रकाशित पत्र-पत्रिकामाथि अध्ययन भए तापनि सिक्किमबाट प्रकाशित व्यावसायिक समाचारपत्रका भने अझसम्म गहन अध्ययन भएको पाइँदैन। यसैले शोधका लागि यो नौलो विषय भएकाले र त्यसको अभावपूर्तिका निम्ति यस शोधकार्यअन्तर्गत सिक्किमबाट प्रकाशित नेपाली व्यावसायिक समाचारपत्रको अध्ययन गरिने कार्य भएको छ साथै यस क्षेत्रबाट सिङ्गो

नेपाली पत्रकारिताको विकासमा पुगेको सन्दर्भको चर्चालाई समेत यस शोधकार्यमा समावेश गरिएको छ।

### १.३ शोधको प्रयोजन

प्रस्तुत शोधप्रबन्ध नेपाली विभाग, भाषा अनि साहित्य सङ्काय, सिक्किम विश्वविद्यालयअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजन हेतु तयार पारिएको हो।

### १.४ समस्याकथन

सिक्किमको नेपाली पत्रकारिताका विषयमा अहिलेसम्म गहन अध्ययन-अनुसन्धान नभएका बारे पहिल्यै उल्लेख गरिसकिएको छ। यसै परिप्रेक्ष्यमा सिक्किममा नेपाली व्यावसायिक पत्रकारितासम्बद्ध विषयको अध्ययनतर्फ प्रस्तुत शोधप्रबन्ध केन्द्रित रहेको छ। यस शोधशीर्षकसम्बन्धित शोध समस्या निम्नप्रकार रहेका छन्-

क) सन् १९७५ अघि सिक्किममा पत्रकारिताका लागि कस्तो परिस्थिति रहेको थियो ?

ख) पत्रकारिताको सिद्धान्तका आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता कत्तिको व्यावहारिक बन्नसकेको छ ?

ग) सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको वर्तमान स्थिति के कस्तो रहेको छ ?

घ) सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताका व्यावहारिक समस्या र चुनौती के कस्ता छन् अनि तिनका समाधान कसरी गर्नसकिन्छ ?

### १.५ उद्देश्यकथन

प्रस्तुत शोधकार्यका उपर्युक्त समस्याका समाधानार्थ निष्कर्षसम्म पुग्नका लागि निम्नलिखित उद्देश्य रहेका छन्-

क सन् १९७५ अघिको सिक्किमका राजनैतिक, सामाजिक एवम् शैक्षिक स्थितिको अध्ययन गरी प्रारम्भकालीन सिक्किमको पत्रकारिताको स्थितिको अध्ययन गर्नु।

ख पत्रकारिताका सिद्धान्तका आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको सैद्धान्तिक पक्षको मूल्याङ्कन गर्नु।

ग सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको वर्तमान स्थिति र स्थान सुनिश्चित गर्नु।

घ सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताका समस्या र चुनौतीहरू टुङ्गो लगाई समाधानको बाटो सुनिश्चित गरी शोध निष्कर्षसम्म पुग्नु।

## १.६ पूर्वकार्यको तालिकागत विवरण र समीक्षा

सिक्किमको नेपाली व्यावसायिक पत्रकारितासम्बद्ध विषयमा विस्तृत तथा विशद् अध्ययन नभएको र एकाध रूपमा भएका अध्ययन पनि पर्याप्त नभएको हुँदा यस शोध विषयसम्बन्धित पूर्वकार्यको विवरणलाई तालिकामा सूचीकृत गरी **परिशिष्ट १**-मा राखिएको छ र तालिकागत विवरणका आधारमा क्रमशः निम्नलिखित समीक्षा प्रस्तुत गरिएको छ-

### १.६.१ पत्र-पत्रिकामा प्रकाशित पूर्वकार्यको समीक्षा

तालिकाका **१.१** -को क्रम सङ्ख्या १-मा **स्रष्टा** पत्रिकाको पूर्णाङ्क १३-(सन् १९८१)-मा प्रकाशित जगत् छेत्रीको *नेपाली पत्र-पत्रिका औं पुस्तकको वर्तमान र भविष्य* शीर्षकका लेखमा भारतीय नेपाली पत्रकारिताको सामान्य चर्चा गर्दै तत्कालीन परिवेशमा पत्र-पत्रिका प्रकाशनमा देखापरेका समस्या र कमीकमजोरीहरूको चर्चा गरिएको छ भने कुनै पनि पत्र-पत्रिका आर्थिक तथा अन्य कारणले नियमित रूपमा प्रकाशन हुन नसकेका उल्लेख पनि गरिएको छ।

क्रम सङ्ख्या २-मा **स्रष्टा** पत्रिकाको पूर्णाङ्क १४-(सन् १९८२)-मा राजु राईले आफ्नो लेख *भारतीय नेपालीहरूले पुज्न पर्ने व्यक्ति स्व. पाद्री गङ्गाप्रसाद प्रधान*-मा पादरी गङ्गाप्रसाद प्रधानको सामान्य परिचय दिने क्रममा **गोर्खे खबर् कागत्**का माध्यमद्वारा उनले नेपाली भाषाको सेवा गरेको कुरो बताइएको छ।

क्रम सङ्ख्या ३ र ४ मा नेपाली साहित्य सम्मेलन, दार्जिलिङबाट प्रकाशित **दियालो** पत्रिकाको वाङ्मय विशेषाङ्क (सन् १९८४)-मा क्रमशः प्रकाशित जीवन नामदुङको लेख *दार्जीलिङे साहित्यको उत्थानमा शहर बाहिरका पत्रिकाहरूको योगदान* –मा दार्जिलिङ सहरबाहिर विभिन्न स्थानबाट प्रकाशित पत्र-पत्रिकाको चर्चा गर्दै ती पत्रिकाले पुऱ्याएको साहित्यिक योगदानको चर्चा गरिएको छ। गोपालप्रसाद दाहालको लेख *सिक्किममा नेपाली साहित्यिक पत्रकारिताको थालनी र विकास परम्परा*-मा सिक्किमबाट प्रकाशित पत्र-पत्रिकाको चर्चा गर्दै **कञ्चनजङ्घा**लगायत अन्य पत्रिकामा प्रकाशित साहित्यिक सामग्रीका विषयमा संक्षेपमा चर्चा गरिएको छ।

क्रम सङ्ख्या ५, ६ र ७ -मा क्रमशः अजित बस्नेतले आफ्नो लेख *नेपाली भाषा र साहित्यको विकासमा 'भारती' पत्रिकाको योगदान*-मा **भारती** पत्रिकाको, मोहन पी दाहालले *'नेपाली साहित्य सम्मेलन पत्रिका'-को छोटो कैरन*-मा **नेपाली साहित्य सम्मेलन पत्रिका**-को अनि जस योञ्जन प्यासी-ले *भारतीय नेपाली साहित्यको विकासमा 'खोजी' पत्रिकाको योगदान*-मा **खोजी** पत्रिकाको साहित्यिक योगदानबारे विशद् चर्चा गरेका छन्।

क्रम सङ्ख्या ८, ९ र १०-मा क्रमशः डिल्लीराम तिमसिनाले आफ्नो लेख *बनारस र नेपाली साहित्यिक पत्र-पत्रिका*-मा बनारसबाट प्रकाशित विभिन्न पत्र-पत्रिकासम्बद्ध विषयमा सर्वेक्षण प्रस्तुत गरेका छन्। मोहन ठकुरीले *मङ्पुका पत्रिकाहरू परगेल्नु पर्दा* शीर्षक लेखमा मङ्पु क्षेत्रका पत्र-पत्रिकाको सर्वेक्षण गरी चर्चा गरेका छन् भने कितापसिंह राईले आफ्नो लेख *नेपाली पत्रिकाहरू अल्पायु र अनियमित भएका*

*प्रमुख कारणहरू*-मा नेपाली पत्र-पत्रिका दीर्घकालसम्म प्रकाशन हुन नसक्नुका कारणहरू खुट्याउँदै समाधानका लागि आफ्नै प्रेस तथा सन्तोषजनक पुँजी लगानीको आवश्यकता बोध गर्दै लेखकलाई पारिश्रमिक दिने तथा विज्ञापन सङ्कलन गरी आर्थिक आधार बलियो बनाउने सुझाउ दिएका छन्।

क्रम सङ्ख्या ११-मा **स्रष्टा**-को ३५ औँ अङ्क (सन् १९९४)- डुवर्स विशेषाङ्कमा प्रभात थापा 'उदय'-को *डुवर्सका नेपाली साहित्य तथा पत्रकारिताको भूमिका* शीर्षकको लेख प्रकाशित भएको छ। यस लेखमा लेखकले डुवर्स क्षेत्रमा प्रकाशित पुस्तक र पत्रिकाको सर्वेक्षणात्मक अध्ययन गरेका छन् भने सन् १९६७-मा जगदीश खरेलको सम्पादनमा प्रकाशित पत्रिका **हाम्रो ध्वनि**-देखि १९९१-सम्ममा प्रकाशित कुल ४८ वटा पत्र-पत्रिकाको तालिकागत विवरण पनि दिइएको छ, जसमध्ये ६ वटा पत्रिका क्रमशः **डुवर्स बुलेटिन** (सन् १९७३), **बाँच्न देऊ** (सन् १९७७), **डुवर्स आवाज** (सन् १९७८), **डुवर्स वार्ता** (सन् १९८१), **डुवर्स संवाद** (सन् १९९०) र **पाक्षिक विमर्श** (सन् १९९१) समाचारप्रधान पत्रिका रहेका बताइएको छ।

क्रम सङ्ख्या १२-मा *आकाशवाणी केन्द्रहरूबाट प्रसारित नेपाली कार्यक्रमहरू* शीर्षक लेख **स्रष्टा**-को ३८ औँ अङ्क (सन् १९९५) मा प्रकाशित भएको छ। यस लेखमा लेखक शिशिर गुरुङले भारतमा आकाशवाणीको स्थापनाको सामान्य चर्चा गर्दै विद्युतीय सञ्चार माध्यम रेडियोबाट प्रसारित नेपाली कार्यक्रमको समीक्षासहित चर्चा गरेका छन्।

क्रम सङ्ख्या १३-मा **प्रक्रिया**-को १५ औँ अङ्क (सन् १९९५)-मा मोहन पी दाहालको लेख *दार्जीलिङका प्रारम्भिककालीन केही प्रमुख नेपाली पत्र-पत्रिका र हाम्रो भाषा नाम*-मा **गोर्खे खबर्, कागत्, चन्द्रिका, नेपाली साहित्य सम्मेलन पत्रिका** र **नेबुला** जस्ता दार्जिलिङबाट प्रकाशित प्रारम्भिककालका पत्र-पत्रिकाको संक्षिप्त चर्चा गरिएको छ।

क्रम सङ्ख्या १४-मा **प्रक्रिया**-कै १८ औँ अङ्क (सन् १९९६)-मा प्रकाशित लेख *पूर्वाञ्चल असमका पत्रिकाः टिपोट-टिप्पण*-मा खड्गराज गिरीले पूर्वोत्तर राज्य असम, मणिपुर, मेघालय र मिजोरमबाट प्रकाशित नेपाली पत्र-पत्रिकाको तालिकागत विवरण प्रस्तुत गरी त्यस भेकको पत्रकारिताको संक्षिप्त परिचय दिएका छन्।

क्रम सङ्ख्या १५-मा **स्रष्टा**-को ४४ औँ अङ्कमा कृष्ण प्रधानको लेख *भारतेली खबरकागतको संक्षिप्त इतिहास*-मा पत्रकारिताको सामान्य परिचयसहित विश्वमा पत्रकारिताको थालनी र विकासमाथि प्रकाश पारिएको पाइन्छ। लेखकले भारतका विभिन्न भाषाका पहिलो समाचारपत्रका सूचीसितै भारतीय नेपाली दैनिकको सर्वेक्षणात्मक विवरण पनि प्रस्तुत गरेका छन्।

क्रम सङ्ख्या १६ र १७-मा **अयन**-को अङ्क ६ (सन् १९९९)-मा प्रकाशित सञ्जय बान्तवाको लेख *नेपाली साहित्यको विकासमा बनारसको योगदान*-मा बनारसबाट प्रकाशित पत्र-पत्रिकाहरूको उल्लेख गरिएको छ भने **साहित्य सङ्केत**-को २४ औँ अङ्क (सन् १९९९)-मा दिवाकर प्रधानको लेख *गङ्गाप्रसाद प्रधानको कृतित्व*-मा **गोर्खे खबर् कागत्**-को संक्षिप्त चर्चा गरिएको छ।

क्रम सङ्ख्या १८ र १९-मा **स्रष्टा**-को ५३ औँ अङ्क (सन् २००४) मा वाङदी छिरिङ लामाको लेख *पत्र-पत्रिकाको संक्षिप्त ऐतिहासिक क्रममा सिक्किम*-मा सिक्किमबाट प्रकाशित साहित्यिक पत्र-पत्रिकासितै समाचारप्रधान पत्र-पत्रिकाहरूको सर्वेक्षण गरी क्रमिक विवेचना गर्ने चेष्टा गर्रिँदै पत्र-पत्रिकाहरूको सूचीसमेत प्रस्तुत गरिएको छ। **निर्माण** पत्रिकाको वाङ्मय विशेषाङ्क (सन् २००४)-मा हरिभक्त नेउपानेको *सिक्किममा नेपाली भाषा र साहित्य* शीर्षकको लेखमा लेखकले सन् १९२१ देखि सन् १९६८-सम्मको सिक्किमको साहित्यिक गतिविधिबारे प्रकाश पार्दै **कञ्चनजङ्घा**लगायत अन्य पत्र-पत्रिकाका विषयमा सामान्य चर्चा गरेका छन्।

यसरी नै क्रम सङ्ख्या २०-मा सन् २००५-मा **निर्माण** पत्रिकाको ४२ औँ अङ्कमा प्रकाशित सुवास दीपकको लेख *सिक्किमे पत्रकारिताको विकासमा कञ्चनजङ्घाको भूमिका र योगदान*-मा सिक्किमको राजनीतिक, सामाजिक एवम् शैक्षिक पृष्ठभूमिको चर्चा गर्दै **कञ्चनजङ्घा** पत्रिकाको प्रकाशन अनि यसको भूमिका र योगदान विषयक समीक्षात्मक विवरण प्रस्तुत छ।

क्रम सङ्ख्या २१-मा **स्रष्टा** पत्रिका (सन् २००८)-मा प्रकाशित राजकुमार छेत्रीको लेख *भारतीय नेपाली साहित्यिक पत्रकारिताको परिप्रेक्ष्यमा पश्चिम बङ्गाल राज्यबाट प्रकाशित नेपाली पत्र-पत्रिकाहरू*-मा पश्चिम बङ्गाल राज्यबाट प्रकाशित साहित्यिक पत्र-पत्रिकाको सर्वेक्षणात्मक अध्ययन प्रस्तुत गरिएको छ।

क्रम सङ्ख्या २२ र २३-मा **कनका**-को १६ औँ अङ्क (सन् २०१०)-मा प्रकाशित लेख *पत्रकारिता परिचय र सिक्किमेली साहित्यिक पत्रकारिता*-मा लेखक दीपक तिवारीले पत्रकारिताको सामान्य परिचय दिएर सिक्किमबाट प्रकाशित साहित्यिक पत्रिकाहरूको सर्वेक्षणात्मक अध्ययन प्रस्तुत गरेका छन्। यसै अङ्कमा प्रकाशित लीलबहादुर क्षेत्रीको लेख *पूर्वाञ्चल भारतीय नेपाली समाज र साहित्य*-मा पूर्वोत्तर भारतबाट प्रकाशित पत्र-पत्रिका र पुस्तकका बारेमा सामान्य चर्चा गरिएको छ।

क्रम सङ्ख्या २४-मा **अभियान** (सन् २०१०) पत्रिकाको तेस्रो अङ्कमा सेवन सुब्बाको लेख *नेपाली साहित्यको पृष्ठभूमिमा प्रकाशित भारतीय नेपाली साहित्यिक पत्र-पत्रिकाहरू*-मा भारतीय नेपाली साहित्यिक पत्रकारिताको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ।

क्रम सङ्ख्या २५ र २६-मा **प्रक्रिया**-को ३५ औँ अङ्क (सन् २०११)-मा प्रकाशित प्रतापचन्द्र प्रधानको लेख *दार्जीलिङका पहिलो गद्यकार पादरी गङ्गाप्रसाद प्रधान*-मा **गोर्खे खबर् कागत्**-को संक्षिप्त चर्चा गरिएको पाइन्छ। **सन्धान**-को अङ्क ७ (सन् २०१२)-मा छविलाल उपाध्यायले *उत्तर पूर्वाञ्चल भारतीय नेपाली साहित्यको*

*गतिविधिमाथि छोटो टिप्पणी* शीर्षकको लेखमा पूर्वोत्तर भारतबाट प्रकाशित केही पत्र-पत्रिकाको उल्लेख गरिएको छ।

क्रम सङ्ख्या २७-मा सिक्किम पत्रकार सङ्घद्वारा सन् २०१४-मा प्रकाशित पत्रिका **अभिव्यक्ति**-को पहिलो अङ्कमा पत्रकारिता अनि सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताका विषयमा विभिन्न लेखकका लेखहरू प्रकाशित भएका छन्। यसमा *सङ्घका गतिविधि र कदमहरू*-शीर्षकमा सङ्घको प्रतिवेदन प्रकाशित भएको छ, जसमा सिक्किम पत्रकार सङ्घको स्थापनाकालको राजनीतिक एवम् सामाजिक परिवेशको उल्लेख गरिएको पाइन्छ। सङ्घका संस्थापक अध्यक्ष आर मोक्तानसितको अन्तर्वार्ता *सङ्कटमा पनि एसपीएले संस्थागत धर्म निभायो*-मा पनि तत्कालीन परिवेशको चित्रण पाइन्छ। यसरी नै क्रम सङ्ख्या २८-मा गङ्गा राईले आफ्नो लेख *तीन दशकको पत्रकारितामा मेरा अनुभवहरू*-मा सन् १९८०-९०-को दशकको पत्रकारिताको स्थितिका बारेमा उल्लेख गरेका छन् भने क्रम सङ्ख्या २९-मा बेनामी लेखकको *सिक्किमको राजनीति र पत्रकारितामा सीडी राईको अवदान*-शीर्षकको लेखमा पत्रकारका रूपमा सीडी राईको योगदानको संक्षिप्त चर्चा पाइन्छ।

क्रम सङ्ख्या ३०-मा बलराम पाण्डेले आफ्नो लेख *सञ्चार माध्यम र भाषाका कुरा*-मा सञ्चार माध्यममा प्रयोग गरिने नेपाली भाषाको चित्रण गरी त्यसमा देखिएका विसङ्गति एवम् कुट मिश्रणबारे चर्चा गरेका छन् भने क्रम सङ्ख्या ३१-मा विजय बान्तवाले *सिक्किमको वर्तमान पत्रकारितामा सृजनात्मक प्रवृत्ति र विकास अपेक्षित* शीर्षक लेखद्वारा सिक्किमेली पत्रकारितामा गुणात्मक विकासको आवश्यकता बोध गराउँदै सिक्किमको पत्रकारिताको इतिहासलाई समेत केलाउने प्रयास गरेका छन्।

क्रम सङ्ख्या ३२-मा कुमार नेपालीले *खोजी पत्रकारिताकै सन्दर्भमा* शीर्षक लेखमा खोजी पत्रकारिताको महत्त्व र विशेषतामाथि प्रकाश पारेका छन् भने क्रम सङ्ख्या ३३-मा विजयकुमार सुब्बाले आफ्नो लेख *सामाजिक दायित्व निर्वहनमा*

*पत्रकारिता*-मा समाजमा पत्रकारिताको प्रभाव र महत्त्व विषय चर्चा गरेका छन्। क्रम सङ्ख्या ३४-मा चुनिलाल घिमिरेले *सिक्किमेली परिप्रेक्ष्यमा इलेक्ट्रोनिक मीडियाको उदय*-शीर्षकको लेखमा सिक्किममा विद्युतीय सञ्चार माध्यमको विकासको विवरण प्रस्तुत गरेका छन्। यसरी नै क्रम सङ्ख्या ३५-मा टीएन शर्माले *सिक्किममा नेपाली प्रिण्ट मिडिया- एक संक्षिप्त टिप्पणी* शीर्षक लेखद्वारा सिक्किममा नेपाली छापा पत्रकारिताको वर्तमान स्थितिमाथि प्रकाश पार्ने काम गरेका छन्।

क्रम सङ्ख्या ३६-मा *हिमालचुली र पत्रकारितामा मेरो ताते सराई* शीर्षकको लेखमा अर्जुन पीयूष नेपाली पत्रकारितामा **हिमालचुली** समाचारपत्रको योगदान विषयमा संक्षिप्त चर्चा गरेका छन् भने क्रम सङ्ख्या ३७-मा अनिता निरौलाको लेख *सामाजिक विमर्शमा रेडियो पत्रकारिता*-मा रेडियो पत्रकारिता अनि यसको सामाजिक महत्त्व र प्रभावका विषयमा संक्षेपमा उल्लेख गरिएको पाइन्छ। क्रम सङ्ख्या ३८-मा सिक्किमको पत्रकारिताको सर्वेक्षणात्मक अध्ययन केदार गुरुङको लेख *पत्रकारिता क्षेत्रमा सिक्किमका पत्र-पत्रिकाको योगदान*-मा गरिएको छ। यसै गरी क्रम सङ्ख्या ३९-मा चुडामणि मिश्रले आफ्नो लेख *सिक्किमेली पत्रकारितामा गुणात्मक विकासको निम्ति सकारात्मक पहल आवश्यक*-मा सिक्किमको वर्तमान पत्रकारिताको स्थिति सन्तोषजनक नरहेको उल्लेख गर्दै गुणात्मक विकासको आवश्यकताबारे चर्चा गरेका छन्। क्रम सङ्ख्या ४०-मा अर्जुन यावाले आफ्नो लेख *सङ्घ संस्था र समाचारपत्र*मा सङ्घसंस्थामा समाचारपत्रको प्रभाव, महत्त्व र भूमिका विषयमा चर्चा गरेका छन्। क्रम सङ्ख्या ४१-मा **अभिव्यक्ति**को पहिलो अङ्कमा प्रकाशित अङ्ग्रेजी भाषाका लेखहरू पनि पत्रकारितासित सम्बन्धित रहेका छन्। यसमा नमो दीक्षितको अङ्ग्रेजी लेख *Challenges Towards Rural Reporting*-मा ग्रामीण पत्रकारिताका चुनौतीका विषयमा संक्षेपमा उल्लेख गरिएको छ भने क्रम सङ्ख्या ४२-मा दासु कृष्णमूर्तिको लेख *The Art of Editi-G*-मा सम्पादन कला र प्रक्रियाका बारेमा परिचयात्मक विवरण दिइएको पाइन्छ।

क्रम सङ्ख्या ४३-मा सन् २०१४-मा अन्तर्राष्ट्रिय वैज्ञानिक अनुसन्धान संस्थाको जर्नलमा प्रकाशित पूजा बस्नेत र शीलाजीत गुहाको अङ्ग्रेजी लेख *Kanchenjunga and Sikkim Press: How Media Started Its Practice in Sikkim*-मा सिक्किममा पत्रकारिताको थालनीको पृष्ठभूमि एवम् **कञ्चनजङ्घा** पत्रिकाको भूमिकाका विषयमा शोधपरक अध्ययन प्रस्तुत गरिएको छ।

### १.६.२ सम्पादित पुस्तकमा प्रकाशित पूर्वकार्यको समीक्षा

तालिका सङ्ख्या १.२-को क्रम सङ्ख्या १-मा सन् २००७-मा सलोन कार्थकको सम्पादनमा प्रकाशित पुस्तक **पादरी गङ्गाप्रसाद प्रधानका उपलब्ध रचनावली**-मा पादरीका अन्य रचना सँगसँगै **गोर्खे खबर्-कागत्**-को एउटा अङ्क फोटोचित्रका रूपमा प्रकाशित छ। पुस्तकको भूमिकाका रूपमा रहेको लेख *सपना देख्ने र विपना रच्ने साधक*-मा भूमिकाकार राजेन्द्रकुमार रोंगोंगले पादरीलाई सपना देख्ने र त्यसलाई विपनामा परिणत गर्ने कर्मनिष्ठ व्यक्तित्वका रूपमा परिचित गराउने प्रयास गरेको पाइन्छ। क्रम सङ्ख्या २-मा यस पुस्तकको लेखकीय भूमिकाका रूपमा सलोन कार्थकको लेख *सङ्कलकीय*-मा पादरीको जीवनी प्रस्तुत गर्ने क्रममा **गोर्खे खबर् कागत्** पत्रिकाको छोटो परिचयात्मक चर्चा गरिएको छ।

क्रम सङ्ख्या ३ देखि ६ सम्ममा टीबी चन्द्र सुब्बाको सम्पादनमा प्रकाशित **इतिहास निर्माता : सिक्किमका प्रमुख दिवङ्गत स्रष्टा र द्रष्टाहरू** (सन् २००८) मा सिक्किमका पत्रकार क्रमशः काशीराज प्रधान, नहकुल प्रधान, राम पात्रो, शिव प्रधानको व्यक्तित्व र कृतित्वको चर्चा गर्ने क्रममा रचनाकारहरू क्रमशः दुर्गा सुब्बा, पारसमणि शम, नरबहादुर दाहाल र किशोर मोक्तानले सिक्किममा नेपाली पत्रकारिताको विकासमा ती पत्रकारले पुऱ्याएको योगदानको सामान्य चर्चा गरेका छन्।

क्रम सङ्ख्या ७ र ८-मा शैलेश प्रधानको सम्पादनमा प्रकाशित **चाँप-गुराँस** (सन् २०१०) सिक्किमे व्यक्तित्व विशेषाङ्कमा दुईवटा लेख सिक्किमे पत्रकारहरूमाथि रहेको

छ। दीपक तिवारीको *काशीराज प्रधान* र सुवास दीपकको *चन्द्रदास राई*-मा काशीराज प्रधान र चन्द्रदास राईका व्यक्तित्वको परिचय प्रस्तुत गर्ने क्रममा उनीहरूले पत्रकारिताको क्षेत्रमा पुऱ्याएको योगदानको पनि उल्लेख गरिएको छ।

क्रम सङ्ख्या ९ देखि ५३ सम्म नरबहादुर दाहाल र एडोन रोंगोंगको सम्पादनमा प्रकाशित गङ्गाप्रसाद प्रधानमाथि लेखिएका लेखहरूको सङ्ग्रह **अजम्बरी गङ्गाप्रसाद प्रधान स्रष्टाहरूको दृष्टिमा** (सन् २०१२)-मा कुल ४१ जना लेखकका लेखको सङ्ग्रह गरिएको छ, जसमा पादरी गङ्गाप्रसाद प्रधानको व्यक्तित्व र कृतित्वको विशद् चर्चा भएको पाइन्छ। यस क्रममा पादरी गङ्गाप्रसाद प्रधानले पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदान, **गोर्खे खबर् कागत्**-को प्रकाशन, यस पत्रिकाको भाषा, गोर्खे प्रेस आदि विषयमा चर्चा गरिएका छन्। यी लेखमा पादरीले नेपाली भाषा र साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्ने क्रममा **गोर्खे खबर् कागत्**को चर्चा कतै छुटेको छैन।

क्रम सङ्ख्या ५४-मा बिजनबारी नगर पुस्तकालयको स्वर्ण जयन्ती स्मारिका **कालान्तर** (सन् २०१२)-मा सरन खालिङको एउटा लेख *बिजनबारी भेकका पत्र-पत्रिका : एक सर्वेक्षण* प्रकाशित भएको छ। यस लेखमा उनले बिजनबारी भेकका विभिन्न साहित्यिक एवम् साहित्येत्तर पत्र-पत्रिकाहरूको सर्वेक्षण गरी त्यस भेकको पत्रकारिताको विकासक्रमलाई देखाएका छन्।

क्रम सङ्ख्या ५५ देखि ९२ सम्म सन् २०१३-मा प्रेस क्लब अफ् सिक्किमद्वारा प्रकाशित एवम् रूपेश शर्मा र अन्यद्वारा सम्पादित दशकीय स्मारिका **संवाहक**-मा सिक्किमेली पत्रकारितासम्बन्धी विभिन्न लेखकका लेख नेपाली, अङ्ग्रेजी र हिन्दी भाषामा प्रकाशित भएका छन्। यी लेखमा पत्रकारिताको सैद्धान्तिक एवम् व्यावहारिक पक्ष, सिक्किमेली पत्रकारिताका प्रवृत्ति, विद्युतीय सञ्चार माध्यम, पत्रकारिताको विकासक्रम, भारतीय नेपाली पत्रकारिताको विकासक्रम, सिक्किमेली पत्रकारिताको विकासक्रम, पत्रकारिता अनि भाषा, पत्रकारिता अनि पूर्वोत्तर भारतमा नेपाली पत्रकारिताको सर्वेक्षण,

ग्रामीण पत्रकारिता, पत्रकारिताको सामाजिक भूमिका, समाचारलेखन, सम्पादन एवम् प्रस्तुतिकरणजस्ता विषय, चुनौती र सम्भावना र कतिपय पत्रकारका परिचय आदि विभिन्न विषयक लेखमा पत्रकारिताका विविध पक्षको चर्चा परिचर्चा गरिएका छन्।

क्रम सङ्ख्या ९३ देखि १०३ सम्म पादरी गङ्गाप्रसाद स्मृति प्रतिष्ठान, गान्तोकद्वारा सन् २०१५-मा प्रकाशित **फोकस** नामक स्मारिकामा पादरी गङ्गाप्रसाद प्रधानसम्बन्धी अनि पत्रकारितासम्बन्धी लेख प्रकाशित भएका छन्। यसमा दिवाकर प्रधान, चुनिलाल घिमिरे, समीरण छेत्री प्रियदर्शी, अनिता निरौला, डिल्लीप्रसाद अधिकारी र समयकुमार रामतेलका लेखमा पादरी गङ्गाप्रसादका व्यक्तित्व र कृतित्त्वको चर्चा गर्ने क्रममा उनले पत्रकारिताका क्षेत्रमा निर्वाह गरेको भूमिकामाथि प्रकाश पारेका छन् भने **गोर्खे खबर् कागत्**-का विषयमा पनि उल्लेख गरेका छन्। यही स्मारिकामा प्रकाशित दशरथ खरेलको लेख *भारतका नेपाली पत्र-पत्रिकाहरूमा प्रयुक्त नेपाली भाषाको स्वरूप*-मा भारतका नेपाली पत्र-पत्रिका विशेषतः समाचारपत्रमा प्रयुक्त नेपाली भाषाका स्वरूपमाथि विशेष रूपले चर्चा गरिएको पाइन्छ भने बलराम पाण्डेको *विद्युतीय सञ्चार माध्यम र नेपाली भाषा* शीर्षकको लेखमा विद्युतीय सञ्चार माध्यमले प्रयोग गर्ने नेपाली भाषाका स्वरूपबारे चर्चा गरिएको छ।टेकबहादुर छेत्रीले आफ्नो लेख *साहित्यिक पत्रकारिता : सन्दर्भ सिक्किम*-मा सिक्किमेली साहित्यिक पत्रकारिताको सर्वेक्षणात्मक अध्ययन प्रस्तुत गरेका छन्। पारसमणि दङ्गालको लेख *खोजी पत्रकारिताको सैद्धान्तिक परिचय*-मा खोजी पत्रकारिताको सैद्धान्तिक परिचय दिइएको पाइन्छ। यस स्मारिकामा मोहन छेत्रीले *पत्रकारिता सम्बन्धी शब्दावली*-मा पत्रकारितामा प्रयोग हुने शब्दावलीको सूची प्रस्तुत गरेका छन्।

### १.६.३ विभिन्न पुस्तकमा प्रकाशित पूर्वकार्यको समीक्षा

तालिका सङ्ख्या १.३-को क्रम सङ्ख्या १-मा नगेन्द्रमणि प्रधानको पुस्तक **डा. पारसमणिको जीवन यात्रा** (सन् १९९१) मा चारवटा शीर्षकमा पत्र-पत्रिका र छापाखाना

विषयमा पारसमणि प्रधानको योगदानको चर्चा गरिएका पाइन्छन्, जसमा *खरसाङको हरि प्रिण्टिङ प्रेस अनि नेपाली मासिक पत्रिका चन्द्रिका, मणि प्रेस, कालिम्पोंग अनि आदर्श नेपाली मासिक पत्रिका, मणि प्रिन्टिङ प्रेस दार्जीलिङ अनि भारती नेपाली सचित्र मासिक पत्रिका* तथा *सुक्खिममा नेपाली भाषा र डा. पारसमणि प्रधान*-मा **चन्द्रिका, आदर्श** अनि **भारती** साहित्यिक पत्रिकाको प्रकाशन र सम्पादनमा पारसमणि प्रधानको योगदानको चर्चा गरिएका पाइन्छन्। यस क्रममा खरसाङ, कालेबुङ र दार्जिलिङमा छापाखानाको स्थापनामा प्रधानका योगदान तथा सिक्किममा नेपाली भाषा साहित्य तथा पत्र-पत्रिकाको प्रकाशनमा उनका योगदान र भूमिकाको उल्लेख गरिएको छ।

क्रम सङ्ख्या २-मा **भाषा-साहित्य : बाह्र बखान** (सन् २००३) मा महानन्द पौड्यालले *गोर्खा सासाहिकका पक्षमा* शीर्षकका लेखमा **गोर्खा** पत्रिकाको योगदानको संक्षिप्तमा चर्चा गरेका छन्। यसरी नै क्रम सङ्ख्या ३-मा गणेशकुमार प्रधानले आफ्नो पुस्तक **कलकत्ता, हामी र हाम्रो समाज** (सन् २००७)-मा पत्रकारिता विषयक *कलकत्ताबाट प्रकाशित नेपाली पत्र-पत्रिका* अनि *कलकत्ताका केही साहित्यिक पत्रिकाहरू दोहोऱ्याउँदा* शीर्षकमा दुईवटा लेख समावेश गरेका छन्।यी लेखमा कलकत्ता क्षेत्रबाट प्रकाशित हुने पत्र-पत्रिकाको ऐतिहासिक विवरणसहित ती पत्रिकाले गरेका साहित्य सेवाबारे उल्लेख गरिएको पाइन्छ।

क्रम सङ्ख्या ४-मा पुष्प शर्माको सन् २००८-मा प्रकाशित पुस्तक **भाषा साहित्य विचरण**मा दुईवटा लेख पत्रकारितासम्बन्धित छन्। पहिलो लेख *सिक्किममा नेपाली साहित्यिक पत्रकारिताको विकास*-मा सिक्किमको साहित्यिक पत्रकारिताको सर्वेक्षणात्मक अध्ययन प्रस्तुत गरिएको छ भने दोस्रो लेख *विद्युतीय सूचना प्रविधि र नेपाली साहित्य : भूत, वर्तमान एवम् भविष्य*-मा विद्युतीय सञ्चारको अवधारणा, विकास र साहित्यको विकासमा यसको भूमिका विषयमा प्रकाश पारिएको पाइन्छ।

क्रम सङ्ख्या ५-मा गुप्त प्रधानको अनुसन्धानात्मक ग्रन्थ **धुमिल पृष्ठहरू** (सन् २००८) मा तीनवटा लेख *गङ्गाप्रसाद प्रधानको उदय र देन, पत्रिका चन्द्रिकाको प्रकाशन* तथा *गोर्खे खबर् कागत्-को भाषामाथि आलोचना* पत्रकारितासम्बन्धित रहेका छन्। यी लेखमा पादरी गङ्गाप्रसाद प्रधानको संक्षिप्त जीवनीसहित उनले नेपाली भाषा-साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्ने क्रममा **गोर्खे खबर् कागत्**को सामान्य चर्चा, **चन्द्रिका** पत्रिकाको प्रकाशनको पृष्ठभूमिसहित **चन्द्रिका**-पूर्वका पत्र-पत्रिकाको सर्वेक्षण, **गोर्खे खबर् कागत्**को भाषामाथि पारसमणि प्रधानद्वारा गरिएको टिप्पणीको उल्लेख गरिएको छ।

क्रम सङ्ख्या ६-मा सन् २००९-मा प्रकाशित निर्मल शर्माको पुस्तक **टिस्टा-सुनकोशको गढतिर**मा समाविष्ट लेख *डुवर्समा नेपाली साहित्यको विकास*मा लेखकले डुवर्सक्षेत्रमा नेपाली साहित्यको विकासका सन्दर्भमा स्थानीय पत्र-पत्रिकाको योगदानको पनि उल्लेख गरेका छन्।

क्रम सङ्ख्या ७-मा सन् २०१०-मा प्रकाशित पुस्तक **भारतीय साहित्यका निर्माता शिव प्रधान**मा लेखक प्रेम प्रधानले शिव प्रधानलाई पत्रकारका रूपमा चिनाउँदै दुईवटा लेख समावेश गरेका छन्। पहिलो लेख *पत्रकारका रूपमा शिव प्रधान*-मा शिव प्रधानलाई पत्रकारका रूपमा परिचित गराउने काम भएको छ भने दोस्रो लेख *'गान्तोक' साहित्यिक विशेषाङ्क*-मा गान्तोक साप्ताहिक समाचारपत्रको साहित्यिक विशेषाङ्कका विषयमा परिचयात्मक टिप्पणी प्रस्तुत गरिएको छ।

क्रम सङ्ख्या ८-मा सन् २०११-मा प्रकाशित केदार गुरूङको निबन्धसङ्ग्रह (लेखकले सबन्धसङ्ग्रह भनेका छन्) **अस्रोत स्रोतहरूका प्रतिस्रोतहरू**-मा *भारतका विभिन्न राज्यहरूबाट प्रकाशित नेपाली पत्रिकाहरू* शीर्षकका लेखमा भारतका विभिन्न राज्यबाट प्रकाशित नेपाली साहित्यिक, साहित्येत्तर र खबर पत्रिकाको सर्वेक्षण गरिएको पाइन्छ। यसै पुस्तकमा रहेको उनको अङ्ग्रेजी लेख *उत्तर-पूर्वाञ्चल भारतका साना-*

*साना पत्रिकाहरू प्रकाशनमा समस्या र सम्भाव्यताहरू*मा पत्र-पत्रिका प्रकाशनमा देखापरेका समस्याको सामान्य चर्चा गरिएको छ।

क्रम सङ्ख्या ९-मा कृष्ण कृतिको **नारी प्रतिबिम्ब** (सन् २०११) मा रहेको लेख *सिक्किमेली महिला पत्रकारको स्थिति*-मा सिक्किमका महिला पत्रकारका स्थितिबारे सामान्य रूपमा उल्लेख गरिएको छ भने क्रम सङ्ख्या १०-मा नरबहादुर दाहालको पुस्तक **भारतीय साहित्यका निर्माता गङ्गाप्रसाद प्रधान** (सन् २०११)-मा *दार्जीलिङका प्रथम नेपाली पत्रकार* शीर्षकको लेख समावेश भएको छ, जसमा पादरी गङ्गाप्रसाद प्रधानले नेपाली पत्रकारिता क्षेत्रमा गरेका कार्यको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ।

क्रम सङ्ख्या ११-मा दीपक तिवारीको **सिक्किमको नेपाली साहित्यिक इतिहास परम्परा : स्वरूप र प्रवृत्ति** (सन् २०१३)-मा समाविष्ट लेख *सिक्किमको नेपाली साहित्यिक र साहित्येत्तर पत्रकारिता*मा सिक्किमका साहित्यिक र साहित्येतर पत्र-पत्रिकाको सर्वेक्षणात्मक अध्ययन प्रस्तुत छ।

### १.६.४ पत्रकारितासम्बन्धित पुस्तकमा प्रकाशित पूर्वकार्यको समीक्षा

तालिका सङ्ख्या **१.४**-को क्रम सङ्ख्या १-मा विजय चालिसेको **समाचार सङ्कलन तथा सम्पादन** (सन् १९९४)-मा नेपाली पत्रकारिताको कालविभाजनका आधारमा कालक्रमिक विकासक्रमसहित सैद्धान्तिक र व्यावहारिक पक्षको परिचयात्मक अध्ययन प्रस्तुत गरिएको पाइन्छ। यसमा नेपाली पत्रकारिताको विकासक्रमलाई यसरी देखाइएको छ-

१. आरम्भ- शुरुदेखि वि सं २००७ सम्म

२. प्रारम्भिक चरण- वि सं १९०८ देखि २००७

३. माध्यमिककाल- वि सं २००७ देखि २०३६ सम्म

४. आधुनिककाल- २०३६ देखि यता।

उनले कालविभाजनका क्रममा माथि उल्लेखित चारवटा कालखण्डका विभिन्न चरणका पनि उल्लेख गरेका छन्। तर साल सम्वत्मा रहेको अनियमितता र कालविभाजनको आधार र कालखण्ड अनि चरण विभाजनमा देखिएका अनियमितताले यो कालविभाजन अवैज्ञानिक बन्न पुगेको छ, किनभने उनले आरम्भ शुरूदेखि वि सं २००७, प्रारम्भिक चरण वि सं १९०८ देखि २००७ भनेर दुईवटा छुट्टाछुट्टै काल प्रस्तुत गरेका छन्। आरम्भमा लोकपरम्परा, लोकगायन, कटुवाल, गन्धर्व, बटुवा आदिको चर्चा गरिएको छ भने प्रारम्भिक चरणमा पुनः पूर्वप्रारम्भिक चरण वि सं १९०८ देखि १९५७ अनि प्रारम्भिक चरण वा गोरखापत्रकाल वि सं १९५८-२००७ भनेर जुन प्रकारले काल अथवा चरण विभाजन गरिएको छ, त्यो एकार्कामा मेल खाएको देखिँदैन। यसरी नै आधुनिककाललाई आधुनिक विकासकाल र अत्याधुनिक विकासकाल भनेर दुई चरणमा विभाजन गर्नु पनि युक्तिसङ्गत देखिँदैन।

क्रम सङ्ख्या २-मा विजय बान्तवाको **पत्रकारिताका पक्षहरू** (सन् १९९६) मा भारतीय परिप्रेक्ष्यमा पत्रकारिताको सैद्धान्तिक एवम् व्यावहारिक पक्षको अध्ययन गरिएको पाइन्छ। यस पुस्तकमा ऐतिहासिक पक्ष, व्यावहारिक पक्ष र कानुनी पक्ष गरी तीन खण्डमा विभाजन गरी अध्ययन गरिएको छ। ऐतिहासिक पक्षमा भारतीय नेपाली समाचारपत्र, सिक्किमको साहित्यिक र साहित्येतर पत्र-पत्रिकाहरूको सर्वेक्षण अनि प्रवृत्तिको सामान्य चर्चा गरिएको छ। व्यावहारिक पक्षअन्तर्गत पत्रकारिताका सैद्धान्तिक पक्षबारे अध्ययन गरिएको छ। कानुनी पक्षअन्तर्गत पत्रकारिता र कानुन अनि भारतीय पत्रकारितासित सम्बन्धित कानुनबारे चर्चा गरिएको छ।

क्रम सङ्ख्या ३-मा अञ्जु क्षेत्री, मञ्जु थापा, सरोज पन्तको संयुक्त लेखनमा प्रकाशित **पत्रकारितामा महिला प्रश्न** (सन् २००२) मा पत्रकारितामा महिला संलग्नता, सहभागिता, महिला चित्रण, लिङ्गसचेत भाषा आदि पक्षबारे विवेचनात्मक अध्ययन प्रस्तुत

गरिएको छ। नारीवादी दृष्टिकोणमा लेखिएको यस पुस्तकमा पत्रकारितामा महिला पत्रकारको भूमिकाको चर्चा पनि पूर्वकार्यका सम्बन्धमा उल्लेखनीय पक्ष हो।

क्रम सङ्ख्या ४-मा ग्रीष्मबहादुर देवकोटाको **नेपालको छापाखाना र पत्र-पत्रिकाको इतिहास** (सन् २००२)-मा नेपाली पत्रकारिताको इतिहाससहित नेपालमा पत्रकारिताका विकाससम्बन्धी देखापरेका विभिन्न मोड, चुनौतीसहित नेपालको पत्रकारितामाथि विशद् अध्ययन अनुसन्धान गरिएको पाइन्छ। यसै गरी नै क्रम सङ्ख्या ५, ६, ७, ८, ९, १०, ११ अनि १६ - मा डी. आर. घिमिरेको **पत्रकारिता : सिद्धान्त र व्यवहार** (सन् २००३), ए बी कोइरालाको **पत्रकारिता परिचय** (सन् २००३), श्रीराम खनालको **प्रयोगात्मक पत्रकारिता** (सन् २००६), घनानाथ ओझा र भैरव रिसालको **त्यतिबेलाको पत्रकारिता** (सन् २००८), श्रीराम खनालको **आमसञ्चार र पत्रकारिता** (सन् २००८), भानुभक्त आचार्य र घमराज लुइँटेलको संयुक्त लेखनमा प्रकाशित **नेपाली पत्रकारिता** (सन् २००८), निर्मलमणि अधिकारीको **आमसञ्चार र पत्रकारिता** (सन् २००८) अनि भानुभक्त आचार्यको **आमसञ्चार र पत्रकारिता** (सन् २०१३) —मा जनसञ्चार, पत्रकारिताका सैद्धान्तिक र व्यावहारिक पक्षको परिचयात्मक अध्ययन अनि नेपाली पत्रकारिताको इतिहास प्रस्तुत गरिएको छ। यसका साथै पत्रकारिता र नेपालको कानुन विषयमा पनि चर्चा गरिएको छ।

क्रम सङ्ख्या १३-मा हीरा छेत्रीको **भारतेली नेपाली पत्र पत्रिकाको शताब्दी १८८७-१९८६** ( सन् २०११) मा सन् १८८७ देखि १९८६ का अवधिमा भारतबाट प्रकाशित पत्र-पत्रिकाको सर्वेक्षणसहित ती पत्रिकाको साहित्यिक योगदानको सामान्य टिप्पणी, कालविभाजन र पत्रकारिताको सामान्य परिचय प्रस्तुत गरिएको पाइन्छ। यस पुस्तकमा हीरा छेत्रीले भारतीय नेपाली पत्रकारिताको कालविभाजन यस प्रकारले गरेका छन्-

१. स्वतन्त्रतापूर्व —सन् १८८७ देखि सन् १९४६

क. पूर्वाद्ध सन् १८८७- १९१६

ख. उत्तरार्द्ध- सन् १९१७-१९४६

२. स्वतन्त्रतापश्चात् - सन् १९४७ देखि सन् १९८६

क. पहिलो दशक- सन् १९४७-५६

ख. दोस्रो दशक- सन् १९५७-६६

ग. तेस्रो दशक- सन् १९६७-७६

घ. चौथो दशक- सन् १९७७-८६

कालविभाजनमा भारतको स्वतन्त्रतालाई आधार मानेर स्वतन्त्रतापूर्व र स्वतन्त्रतापश्चात् गरी दुई कालमा भारतीय नेपाली पत्रकारिताको इतिहासलाई विभाजन गर्नु न्यायोचित देखिन्छ, तर चरण विभाजनमा भने एकरूपता पाइँदैन।

स्वतन्त्रतापूर्व कालका पूर्वार्द्ध र उत्तरार्द्ध चरणमा २९-२९ वर्ष अनि स्वतन्त्रतापश्चात्का चरण दस-दस वर्षका देखाइएकाले समग्रमा एकरूपता पाइँदैन। अर्कातिर कुनै महत्त्वपूर्ण आधारबिना केवल दशकलाई आधार मानेर कालविभाजन गरिनु पनि वैज्ञानिक देखिँदैन।

क्रम सङ्ख्या १२ र १५-मा शरच्चन्द्र वस्तीको पुस्तक **हाम्रो भाषा** (सन् २०१०) र अखण्ड भण्डारीको पुस्तक **समाचारको भाषा** (सन् २०१२) मा समाचार अनि समाचारपत्रमा प्रयोग हुने नेपाली भाषाको स्थितिको विवेचना गरिएको छ। नेपालका समाचारपत्रका आधारमा उदाहरणसहित समाचारका भाषामा देखापरेका विकृति, विसङ्गति र अशुद्ध भाषा प्रयोगका विषयमा यी पुस्तकमा समीक्षात्मक टिप्पणीसहित प्रस्तुत गरिएको पाइन्छ।

क्रम सङ्ख्या १४-मा यम चौलागाईंको **उद्घोषणा कला तथा पत्रकारिता** (सन् २०११) मा विद्युतीय सञ्चार माध्यमको सामान्य परिचय प्रस्तुत भएको पाइन्छ।

### १.६.५ शोधपत्र, शोधप्रबन्ध एवम् कार्यपत्रमा प्रस्तुत पूर्वकार्यको समीक्षा

तालिका सङ्ख्या १.५-को क्रम सङ्ख्या १-मा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गतको नेपाली केन्द्रीय विभागमा उदय क्षेत्रीद्वारा प्रस्तुत स्नातकोतर तह द्वितीय वर्षको शोधपत्र **नेपाली साहित्यको विकासमा सिक्किमका सङ्घ-संस्थाहरूको योगदान** (सन् १९९८)-मा सिक्किमका विभिन्न सङ्घ-संस्थाद्वारा प्रकाशित पत्र-पत्रिकाको उल्लेखसहित सिक्किमबाट प्रकाशित **कञ्चनजङ्घा** (सन् १९५७) पत्रिकाको टिप्पणीमूलक अध्ययन प्रस्तुत गरिएको पाइन्छ।

क्रम सङ्ख्या २-मा उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागअन्तर्गत स्नातकोतर तहको दोस्रो खण्डको वार्षिक परीक्षा २००३ अन्तर्गत पारसमणि दङ्गालद्वारा प्रस्तुत लघुशोध प्रबन्ध **नेपाली साहित्यको विकासमा स्रष्टा पत्रिकाको योगदान**-मा नेपाली साहित्यिक पत्रकारिताको कालविभाजनसहित विकासक्रम, भारतीय नेपाली पत्रकारिताको विकासक्रम प्रस्तुत गरिएको छ। यसमा भारतीय नेपाली साहित्यिक पत्रकारिताको कालविभाजन तथा सिक्किमेली नेपाली पत्रकारिताको कालविभाजनसहित इतिहास प्रस्तुत गरिएको छ। भारतीय नेपाली साहित्यिक पत्रकारिताको कालविभाजन निम्न प्रकारले गरिएको छ-

१. प्राथमिककाल- सन् १८८७-१९१६

२. माध्यमिककाल- सन् १९१७-१९४८

३. आधुनिककाल- सन् १९४९ देखि यता।

क. प्रथम चरण- सन् १९४९-५८

ख. दोस्रो चरण- सन् १९५९-७७

ग. तेस्रो चरण- सन् १९७८ देखियता।

यसमा कालविभाजनको आधार ऐतिहासिक महत्त्व बोकेका साहित्यिक पत्रिका रहेका छन्, **गोर्खा भारत जीवन** (सन् १८८७), **चन्द्रिका** (सन् १९१७), **भारती** (सन्

१९४९)-ले क्रमशः प्राथमिककाल, माध्यमिककाल र आधुनिककाललाई प्रतिनिधित्व गरेका छन् भने **भारती** (सन् १९४९), **दियालो** (सन् १९५९) र **स्रष्टा** (सन् १९७८) आधुनिककालका तीनवटा ऐतिहासिक पत्रिका हुन्।

क्रम सङ्ख्या ३-मा सन् २००७-मा सेलेसन कलेज दार्जिलिङ र साहित्य अकादमीको संयुक्त आयोजनामा आयोजित **दार्जिलिङको नेपालीभाषी समुदाय : सांस्कृतिक र भाषिक संक्रमण** विषयक राष्ट्रिय सङ्गोष्ठीमा प्रस्तुत कविता लामाको कार्यपत्र **दार्जिलिङ क्षेत्रका स्थानीय समाचार-पत्रहरूमा नेपाली भाषा प्रयोग**मा दार्जिलिङ क्षेत्रको पत्रकारिताको सर्वेक्षण प्रस्तुत गर्दै स्थानीय समाचारपत्रका भाषिक समस्यालाई केलाइएको छ। समाचारपत्रमा पाइने भाषिक अशुद्धता तथा अन्य भाषाको प्रभावमा कार्यपत्र केन्द्रित रहेको पाइन्छ।

सिक्किमबाट प्रकाशित पत्र-पत्रिकालाई सङ्ख्यात्मक र गुणात्मक दृष्टिकोणले हेर्दा उपर्युक्त अध्ययनहरू नगण्य देखिन्छन्। अतः यही अभावपूर्तिका निम्ति बृहत् र विशद् प्राज्ञिक अध्ययन गर्नु आवश्यक भएको हुँदा प्रस्तुत शोधप्रबन्ध तयार पारिएको हो।

## १.७ शोधको औचित्य र महत्त्व

पत्रकारिता आधुनिक सञ्चारको सशक्त माध्यम भएको कुरा सर्वविदित छ। तर भारतीय नेपाली समाजको परिप्रेक्ष्यमा सन् १९०१ देखि नै पत्रकारिताको विकासक्रम थालिएको र यसले भारतीय नेपाली समाजलाई विभिन्न दृष्टिकोणबाट योगदान दिएको भए तापनि आजसम्म यसको उचित मूल्याङ्कन नभएको हुँदा प्रस्तुत शोधकार्यको औचित्य प्रमाणित हुन्छ। यसका साथै पत्रकारिता क्षेत्रमा संलग्न व्यक्तिका लागि पाठ्य सामग्री अभावको परिपूर्ति गर्न यस शोधकार्यले सहयोग पुऱ्याउनेछ। सिक्किममा पत्रकारिता क्षेत्रमा देखापरेका अनेकौं समस्या र चुनौतीका अध्ययनबाट प्राप्त निष्कर्षले यस क्षेत्रसम्बन्धित व्यक्तिलाई आवश्यकीय जानकारी प्रदान गर्न पनि यो शोधकार्य सहयोगी हुनेछ। यसमा सिक्किमको पत्रकारिताको मात्र अध्ययन नगरेर पत्रकारिताका सैद्धान्तिक

पक्ष र नेपाली पत्रकारिताको सर्वेक्षणात्मक अध्ययन पनि गरिएकाले यो शोधप्रबन्ध सम्बन्धित सबै पाठक, शोधार्थी, विद्यार्थीका उपयोगी बन्नेछ। सिक्किमको पत्रकारिताका क्षेत्रमा गरिएको आधिकारिक अध्ययन भएको हुँदा सम्बन्धित पक्षलाई यसका निष्कर्षका आधारमा नीति-निधारणका लागि पनि सहयोगी सिद्ध हुने हुँदा प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व प्रकट भएको छ।

### १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यको शीर्षक व्यापक र विस्तृत भएको हुँदा यसको सीमाङ्कन यस प्रकार गरिएको -

क. प्रस्तुत शोधकार्यमा व्यावसायिक पत्रकारिता भनी समाचारप्रधान पत्रकारितालाई लिइएको हुँदा यसमा साहित्यिक पत्र-पत्रिकाको सामान्य रेखाङ्कन मात्र गरी केवल समाचारपत्रविषयक अध्ययन गरिएको छ।

ख. नियमित रूपमा प्रकाशनमा आएका तथा ऐतिहासिक महत्त्व बोकेका समाचारपत्रका आधारमा व्यावसायिक पत्रकारिताको मात्र विश्लेषणात्मक अध्ययन गरिएको छ।

### १.९ शोधविधि

प्रस्तुत शोधप्रबन्धको तयारीका लागि शोधका निम्नलिखित सैद्धान्तिक आधार र सामग्री सङ्कलनविधिलाई अवलम्बन गरिएको छ।

### १.९.१ शोधको सैद्धान्तिक आधार

यस शोधकार्यमा निगमनात्मक शोध पद्धति अपनाइएको छ। पत्रकारितासम्बन्धी सैद्धान्तिक आधार प्रस्तुत गर्दै सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्ने क्रममा विभिन्न प्राविधिक पक्ष जस्तै पाद टिप्पणी, सन्दर्भग्रन्थ सूची, उद्धरण प्रस्तुति, चिन्ह प्रयोग आदिको प्रयोगका लागि **नेपाली लेखन**

**शैली** (सन् २००६) र हिज्जेको एकरूपताका लागि **बृहत् नेपाली शब्दकोश** (वि स २०६९) आठौं संस्करणलाई मूल आधार बनाइएको छ।

### १.९.२ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यका निम्ति विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरिएको छ, जसमध्ये तीनवटा सामग्री स्रोत प्रमुख छन्।

**क. प्राथमिक स्रोत**

प्राथमिक स्रोतअन्तर्गत क्षेत्रीय सर्वेक्षणबाट प्राप्त मौलिक र पूर्वप्रयोगमा सामान्यतः नल्याइएका सामग्रीको सत्यापन र व्यवस्थापन गरी तथा सिक्किमका नेपाली व्यावसायिक पत्र-पत्रिकाका सङ्कलक एवम् सम्बन्धित व्यक्तित्वसँगका अन्तर्वार्तामार्फत सङ्कलित सामग्रीलाई आवश्यकताअनुसार प्रस्तुत शोधकार्यमा प्रयोग गरिएको छ।

**ख. द्वितीय स्रोत**

द्वितीय स्रोतअन्तर्गत सङ्ग्रहालय, पुस्तकालय, आधिकारिक रेकर्डबाट सङ्कलन गरिएका सामग्री तथा पुस्तक पसल आदिबाट प्राप्त शोध विषयसम्बद्ध सैद्धान्तिक एवम् पाठ्य सामग्रीहरू सङ्ग्रह गरी तिनलाई आवश्यकता अनुसार सन्दर्भसहित प्रयोग गरिएको छ।

**ग. तृतीय स्रोत अथवा वेभ स्रोत**

तृतीय स्रोत अथवा वेभ स्रोतअन्तर्गत विद्युतीय सञ्चार माध्यमबाट आवश्यक तथ्याङ्क एवम् तथ्यगत सामग्री सङ्कलन गरी शोधकार्यमा यथोचित प्रयोग गरिएको छ।

### १.९.३ सङ्कलित सामग्रीको वर्गीकरण एवम् व्यवस्थापनविधि

स्रोतका आधारमा सङ्कलित सामग्रीका वर्गीकरण र उचित व्यवस्थापन गरी तिनको सत्यापन, विश्लेषण एवम् सामान्यीकरणका लागि वैज्ञानिक तथा कम्प्युटरीय प्रणालीलाई अवलम्बन गरिएको छ।

### १.९.४ सङ्कलित सामग्रीको विश्लेषण एवम् सामान्यीकरण विधि

सङ्कलित सामग्रीका वर्गीकरण र व्यवस्थापनपछि विश्लेषण एवम् सामान्यीकरणका लागि निम्नलिखित अध्ययन पद्धतिलाई अनुसरण गरिएको छः

क. सर्वेक्षणात्मक अध्ययन पद्धति

ख. ऐतिहासिक अध्ययन पद्धति

ग. वर्णनात्मक अध्ययन पद्धति

घ. तुलनात्मक अध्ययन पद्धति

ङ. सैद्धान्तिक एवम् प्रयोगात्मक अध्ययन पद्धति

च. विश्लेषणात्मक अध्ययन पद्धति

छ. सामान्यीकरण/निष्कर्षण पद्धति।

### १.१० शोधप्रबन्धको सङ्गठनप्रक्रिया

यस शोधकार्यको अध्याय विभाजन निम्नप्रकारले गरिएको छ-

**पहिलो अध्याय**

१. शोधपरिचय तथा शोधविधि

**दोस्रो अध्याय**

२. पत्रकारिताको सैद्धान्तिक परिचय

**तेस्रो अध्याय**

३. शोधक्षेत्र सिक्किमको परिचय, परिवेश र पृष्ठभूमि

**चौथो अध्याय**

४. नेपाली व्यावसायिक पत्रकारिताको थालनी र विकास प्रक्रिया

**पाँचौं अध्याय**

५. सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषणात्मक अध्ययन

**छैटौं अध्याय**

६. उपसंहार तथा निष्कर्ष

**सन्दर्भग्रन्थ सूची**

**परिशिष्ट**

## १.११ भावी शोधकार्यका लागि प्रस्तावित शीर्षक

अध्ययनका क्रममा प्राप्त अनुभवका आधारमा यस शोध क्षेत्रमा भावी शोधकार्यका लागि निम्नलिखित शीर्षकहरूको सुझाउ प्रस्तुत गरिएको छ-

१. सिक्किमको छापा पत्रकारितामा नेपाली भाषाको प्रयोग ।

२. नेपाली साहित्यको विकासमा सिक्किमका समाचारपत्रको योगदान।

# दोस्रो अध्याय

# पत्रकारिताको सैद्धान्तिक परिचय

पत्रकारितासम्बन्धी शोधपरक अध्ययनका लागि सैद्धान्तिक आधार जुटाउन नितान्त आवश्यक पर्दछ। तत्सम्बन्धी आवश्यक विभिन्न उपशीर्षकका आधारमा पत्रकारिताको सैद्धान्तिक परिचय प्रस्तुत गर्नु उपयुक्त हुन्छ।

## २.१ सञ्चार : अर्थ र परिभाषा

साधारणतः सञ्चार भनेको त्यो प्रक्रिया हो, जसद्वारा दुई वा दुईभन्दा धेरै मानिसका सूचना, विचार, अनुभव आदिको विनिमय हुने गर्दछ। यसमा एक-अर्कामा वैचारिक सम्प्रेषण र समझदारी पनि हुने गर्दछ। अर्का शब्दमा भन्नु पर्दा सञ्चारले संसारको कुनै एक ठाउँदेखि अर्का ठाउँका मानिसलाई विभिन्न घटना, कार्यक्रम एवम् नवीन आविष्कारबारे सुसूचित गर्ने कार्य गर्दछ।

### २.१.१ अर्थ

'सञ्चार' शब्द अङ्ग्रेजी भाषाको 'कम्युनिकेसन' शब्दको अन्य आधुनिक आर्य भाषालगायत नेपालीमा रूपान्तरित शब्द हो। ल्याटिन भाषाको 'कम्युनिकेयर' क्रियापदबाट फ्रान्सेली भाषामा नामपदको रूपमा 'कम्युनिकेसन' शब्दको उत्पत्ति भएको हो र कालान्तरमा त्यही 'कम्युनिकेसन' शब्द अङ्ग्रेजी भाषामा पनि प्रयोग हुन आउँदा यसको व्यापक प्रचार-प्रसार भयो। यसको अर्थ एकाअर्कामा बातचीत गर्नु, एकाअर्कासित विचार विनिमय गर्नु हो।[१] अन्य कतिपय विद्वान्ले चाहिँ 'कम्युनिकेसन' ल्याटिन भाषाको 'कम्युनिस' शब्दको व्युत्पत्ति

[१] डी आर घिमिरे (वि सं २०६०); **पत्रकारिता : सिद्धान्त र व्यवहार**, काठमाडौं : पौरवी प्रकाशन, पृ. २।

मानेका छन्, जसको अर्थ समान अथवा साझा हुन आउँछ।[२] 'सञ्चार' शब्दको व्युत्पत्ति संस्कृतको 'चर्' धातुबाट भएको र यसको शाब्दिक अर्थ कुनै कुरालाई अघि बढाउनु, चलाउनु अथवा फैलाउनु हो।[३] अतः कुनै पनि भाव, विचार वा जानकारी अरूसम्म पुऱ्याउने, फैलाउने प्रक्रिया नै सञ्चार हो।

## २.१.२ परिभाषा

सञ्चारका सन्दर्भमा विभिन्न विद्वान् तथा कोशले विविध परिभाषा दिएका छन्, जसमध्ये केही प्रमुख मानिएका परिभाषा यहाँ प्रस्तुत छन्-

१) **ब्रिटानिका विश्वकोश**का अनुसार कुनै विचार, भावना र सूचनाहरूलाई एक व्यक्तिबाट अर्को व्यक्ति वा समुदायसम्म व्यवस्थित रूपले पुऱ्याउने प्रक्रिया नै सञ्चार हो।[४]

२) **कोलम्बिया सञ्चार विश्वकोश**मा उल्लेख भएअनुसार कुनै पनि मौखिक, लिखित वा साङ्केतित अनुभव, विचार, सन्देश, धारणा, दृष्टिकोण, मत, सूचना, ज्ञान आदिको आदान-प्रदान वा प्रेषण नै सञ्चार हो।[५]

३) बोबी सोरेल्स् पर्सिङले मानव सञ्चारलाई प्रतीकात्मक क्रियाद्वारा कार्यव्यापारको नागबेली (घुमाउरो, चक्राकार) प्रक्रियाको रूपमा परिभाषित गर्दै लिखित, मौखिक एवम् शब्दरहित सन्देशलाई सञ्चारित गर्नका लागि आवश्यक सबै तत्त्वको प्रयोजन हुन्छ भनी उल्लेख गरेका छन्।[६]

४) **जनसञ्चार शब्दकोश**का अनुसार मौखिक, साङ्केतिक, लिखित वा व्यावहारिक रूपमा विचार, सन्देश वा सूचनाको आदान-प्रदान गर्ने प्रक्रिया सञ्चार हो।[७]

---

[२] श्रीराम खनाल (वि सं २०६३); **प्रयोगात्मक पत्रकारिता** (चौ. सं.), काठमाडौं : विद्यार्थी प्रकाशन प्रा लि, पृ.१।

[३] डी आर घिमिरे; पूर्ववत्, पृ.१।

[४] पूर्ववत्, पृ.२।

[५] पूर्ववत्।

[६] पूर्ववत्।

[७] श्रीराम खनाल, पूर्ववत्, पृ.१।

५) जे पाउल लिगान्सले दुई वा दुईभन्दा बढी व्यक्तिमाझ धारणा, तथ्य र अनुभूतिको विनिमय वा प्रभाव पार्ने प्रक्रियालाई सञ्चार भनेका छन्, जसमा तत्सम्बन्धित व्यक्तिले सन्देशलाई समान अर्थमा वा एउटै आशयमा ग्रहण गर्दछन्।[८]

अतः सञ्चारका परिभाषाको निचोडमा भन्नु पर्दा मानिसहरू माझमा विचार, भावना, सन्देश, सूचना आदिको आदान-प्रदान गर्ने त्यो प्रक्रिया सञ्चार हो, जुन मौखिक, साङ्केतिक, लिखित, व्यावहारिक, ध्वनिमूलक हुने गर्दछ अनि अभिव्यक्त सन्देशलाई दुवै पक्षले समान अर्थ र आशयमा लिने गर्छन्।

### २.१.३ सञ्चारका प्रकार

सञ्चारलाई मुख्यतः (क) सहभागी सदस्य सङ्ख्या र (ख) सूचना विनिमयका आधारमा दुई भेदमा विभाजन गर्न सकिन्छ ।

सञ्चार सिद्धान्तका एकजना सशक्त प्रवर्तक बोबी सारेल्स पर्सिङले सहभागी सदस्य सङ्ख्याका आधारमा मानव सञ्चारलाई पुनः चार भागमा विभाजन गरेका छन्।[९] ती चार भागलाई निम्नलिखित रूपमा प्रस्तुत गरेर हेर्न सकिन्छ-

१) **अन्तर्मुखी सञ्चार** : अन्तर्मुखी सञ्चारलाई *व्यक्ति सञ्चार* पनि भनिएको छ।[१०] व्यक्ति आफैले बोलेर, लेखेर, सोचेर वा विचार गरेर कुनै निष्कर्षमा पुग्नु नै अन्तर्मुखी सञ्चार हो। यसमा स्रोत र प्रापक व्यक्ति आफै हुन्छ भने सन्देशका रूपमा व्यक्तिगत विचार, माध्यमका रूपमा चिन्तन, बोली, लेखन र प्रतिक्रिया चाहिँ आत्मा मूल्याङ्कनको रूपमा हुन्छ। अन्तर्मुखी सञ्चार समूहतर्फ लक्षित हुँदैन अथवा यसमा अर्को व्यक्ति संलग्न हुँदैन।

---

[८] पूर्ववत्, पृ.२।
[९] डी आर घिमिरे, पूर्ववत्, पृ.३।
[१०] श्रीराम खनाल, पूर्ववत्, पृ.३।

२) **अन्तर्वैयक्तिक सञ्चार** : दुई वा दुईभन्दा धेरै मानिसको संलग्नता हुने सञ्चार प्रक्रियालाई अन्तर्वैयक्तिक सञ्चार भन्दछन्। यस माध्यममा विषयगत स्रोत कुनै पनि विषय, सन्देशका रूपमा कुराकानी, माध्यमका रूपमा बोली वा लेखन, प्रापकका रूपमा संलग्न व्यक्ति र तत्सम्बन्धी प्रतिक्रिया तत्काले प्राप्त हुने गर्दछ।

३) **समूह सञ्चार** : मानव समूह अथवा प्रेक्षागृहमा प्रेक्षकसमक्ष सन्देश पुऱ्याउनु अथवा अन्तर्क्रिया, गोष्ठी, सभा आदिका माध्यमद्वारा सन्देश आदान-प्रदान गर्ने प्रक्रिया नै समूह सञ्चार हो। यसमा विभिन्न विद्युतीय उपक्रमको प्रयोग गरिएको हुन्छ। समूह सञ्चारमा स्रोतका रूपमा एक वा केही व्यक्ति हुनसक्छन्, कुनै पनि विषयमाथिको चर्चाबाट प्राप्त सूचनालाई सन्देश मान्न सकिन्छ, बोली अथवा लेखनलाई माध्यमका रूपमा लिन सकिन्छ, सुसूचित व्यक्तिहरू प्रापकका रूपमा र तत्सम्बन्धी तत्काले प्राप्त हुने परिणाम चाहिँ प्रतिक्रियाका रूपमा स्विकार्न सकिन्छ।

४) **जनसञ्चार** : कुनै पनि माध्यमद्वारा जनसमूहलाई एकैचोटि सन्देश सम्प्रेषण गर्ने प्रक्रियालाई जनसञ्चार भन्दछन्।एकैचोटि जनसाधारणसमक्ष सन्देश सम्प्रेषण गर्नका लागि रेडियो, टेलिभिजन, पत्र-पत्रिका, इन्टरनेट, पुस्तक, पर्चा, चलचित्र आदि माध्यमको प्रयोग गरिन्छ। यस सञ्चार माध्यममा सूचनाको स्रोत समाचारपत्र, रेडियो, इन्टरनेट, टेलिभिजन आदि हुन् भने सार्वजनिक प्रसारणलाई सन्देश अनि सर्वसाधारण जनतालाई चाहिँ प्रापक भनिन्छ। यसमा प्रतिक्रिया चाहिँ ढिलो गरी प्राप्त हुने गर्दछ।

माथि उल्लिखित सञ्चारप्रक्रियालाई अझ स्पष्टसित बुझ्नका लागि तलको रेखाचित्रले स्पष्ट पार्दछ-

स्रोत → सन्देश → माध्यम → प्रापक → प्रतिक्रिया ।

सूचना विनिमयका आधारमा सञ्चारलाई लिखित वा मौखिक तथा अलिखित वा साङ्केतिक अभिव्यक्तिद्वारा सञ्चारण गरी दुई श्रेणीमा विभाजन गर्न अझ वैज्ञानिक हुनेछ।

१) **लिखित वा मौखिक सञ्चार-** भाषा प्रयोग गरिएका सम्पूर्ण सञ्चारलाई लिखित वा मौखिक सञ्चार भन्दछन्। यसमा स्रोत व्यक्तिले बोलेर वा लेखेर विभिन्न सञ्चार माध्यमद्वारा प्रापकसमक्ष सन्देश प्रेषण गर्दछ।

२) **अलिखित वा साङ्केतिक सञ्चार**-भाषा वा बोलीको प्रयोगबिनै सञ्चार हुने प्रणालीलाई अलिखित वा साङ्केतिक सञ्चार भन्दछन्। यसमा मानिसले शरीरका विभिन्न अङ्गका सङ्केतात्मक क्रियाद्वारा अथवा इसाराद्वारा प्रापकमा सन्देश सम्प्रेषण गर्दछ।

समग्रमा सञ्चार वा जनसञ्चारका विभिन्न माध्यमलाई छापा माध्यम र विद्युतीय सञ्चार माध्यम गरी दुईभागमा पुनः विभाजन गर्नसकिन्छ। छापा माध्यमअन्तर्गत चिट्ठीपत्र, समाचारपत्र, पत्र-पत्रिका, पुस्तक, पर्चा, पोस्टर, जर्नल आदि पर्दछन् भने विद्युतीय सञ्चार माध्यमअन्तर्गत रेडियो, टेलिभिजन, चलचित्र, वृत्तचित्र, फ्याक्स, इन्टरनेट, भू-उपग्रह आदि पर्दछन्।

## २.२ पत्रकारिता : अर्थ र परिभाषा

निम्नलिखित उपशीर्षकका आधारमा विभिन्न विद्वान्ले अर्थ्याएका र परिभाषित गरेका पत्रकारिताका मुख्यमुख्य अर्थ र परिभाषालाई अघि सार्न प्रासङ्गिक देखिन्छ।

### २.२.१ पत्रकारिताको अर्थ

सामान्य रूपमा पत्रकारिता भन्नाले समाचारपत्र तथा पत्र-पत्रिकामा लेख्ने-छपाउने कार्य बुझिन्छ। तर व्यापक अर्थमा पत्रकारिता भन्नाले सूचना, सन्देश, खबर अथवा जानकारीका सङ्कलन, लेखन, सम्पादन आदि कार्यपश्चात् प्रकाशन वा प्रसारण गर्ने व्यवस्था विशेषलाई पनि बुझाउने गर्दछ।**नेपाली बृहत् शब्दकोश**ले पत्रकारिताको अर्थ

खुलाउँदै पत्रकारले गर्ने काम, पत्र-पत्रिकासम्बन्धी धन्धा वा क्रियाकलाप, पत्रकारहरूको काम, कर्तव्य, उद्देश्य आदिको विवेचन हुने विद्या[११] भनी उल्लेख गरेको छ।

पत्रकारिता शब्दको व्युत्पत्ति संस्कृतको 'पत्र' शब्दबाट भएको हो र 'पत्र' शब्द चाहिँ 'पत्' धातुमा 'ष्ट्रन' प्रत्यय लागेर बनेको शब्द हो।[१२] 'पत्'-को अर्थ झर्नु हो। रूखको पात भुइँमा झर्नुलाई 'पत्' भनिएको पाइन्छ। प्राचीनकालमा, जब कागजको आविष्कार भएको थिएन, त्यस बेला मानिसले आफ्नो सन्देश, समाचार आदि प्रायः रूखका ठुल्ठुला पातमा लेखेर पठाउने गर्थे। त्यसैले 'पत्र' शब्द चिट्ठीको पर्यायवाची बनेको छ। 'पत्र' शब्दको अर्थ वृक्षको पात, पत्ती, पर्ण अथवा त्यो कागज हो, जसमा कसैलाई पठाएको वा लेखिएको सन्देश अथवा समाचार हुन्छ, त्यसलाई चिट्ठी वा पत्र भनिन्छ।[१३]

**भारतीय साहित्य सङ्ग्रह**मा पत्रकारिता' शब्दको व्युत्पत्ति पत्र' शब्दमा *कृ+णिनि+तल्+टाप* जोडिएर व्युत्पन्न भएको देखाइएको छ।[१४] यसको अर्थ हुन्छ पत्रकार भएको अवस्था अथवा भाव। यसैमा पत्रकारको काम अथवा त्यो विद्या जसमा पत्रकारको कार्य, कर्तव्य, उद्देश्य आदिको विवेचन हुँदछ।[१५]

नेपाली, हिन्दीजस्ता आधुनिक भारतीय आर्य भाषामा प्रयुक्त 'पत्रकारिता' शब्द अङ्ग्रेजी भाषाको 'जर्नालिज्म' (journalism) शब्दको रूपान्तरण हो। 'जर्नालिज्म' शब्द फ्रान्सेली भाषाको 'जर्नल' शब्दबाट विकसित भएको हो।[१६] जर्नलको अर्थ दैनन्दिनको काम अथवा दैनिकी भन्ने बुझिन्छ।[१७] 'जर्नल' शब्द चाहिँ ल्याटिन भाषाको 'डिअरनलिस'

---

[११] बालकृष्ण पोखरेल र अन्य (सम्पा.)(वि सं २०६९); **नेपाली बृहत् शब्दकोश** (आ.सं.), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ.७२७।

[१२] (क) विजय बान्तवा (सन् १९२६);**पत्रकारिताका पक्षहरू,** नाम्ची, सिक्किम : निर्माण प्रकाशन, पृ.२१ ।
(ख)**भारतीय साहित्य सङ्ग्रह**; http://vedantijeevan.com/home.php?mean=68609. (२ जनवरी, २०१५)।

[१३] पूर्ववत्।

[१४] पूर्ववत्।

[१५] पूर्ववत्।

[१६] http://dictionary.reference.com/browse/journalism (३ जनवरी, २०१५)।

[१७] पूर्ववत्।

(diurnalis) बाट विकसित भएको हो, जसको अर्थ पनि दिन वा दैनिक नै हो। यसरी हेर्दा अङ्ग्रेजीको 'जर्नालिज्म' शब्द ल्याटिन र फ्रान्सेली शब्दबाट विकसित भएको देखिन्छ। यस तथ्यलाई तलको शब्द रूपान्तरणले स्पष्ट गर्दछ-

Latin → French → English

Diurnus→Diurnalis→Diurnal Jornel→Jurnal →Journal→Journalisme Journalism

अतः पत्रकारिता वा जर्नालिज्म शब्दले दैनिक सूचना, सन्देश, समाचार, खबर, जानकारी आदि दिने कार्यसित सम्बन्धित व्यवसाय वा पेसा भन्ने अर्थ दिँदछ।

### २.२.२ पत्रकारिताको परिभाषा

पत्रकारितालाई विभिन्न विद्वान्ले विभिन्न रूपमा परिभाषित गरेका छन्, जसमध्ये केही प्रमुख परिभाषालाई तल प्रस्तुत गरेर हेर्न सकिन्छ-

लालदेउसा राईका अनुसार पत्रकारिता भनेको ताजा घटनाका विवरण सङ्कलन गर्नु र त्यसलाई सम्पादन गरी अखबार वा रेडियो वा टेलिभिजन आदिका माध्यमबाट पाठक, श्रोता वा दर्शकसमक्ष सरल सम्प्रेषणीय भाषामा सञ्चार गर्नु हो।[१८]

श्रीराम खनालअनुसार समाचार माध्यमबाट समाजमा भएका वा भइरहेका घटना, घटनासम्बन्धी विचार, सूचना, दृष्टिकोण एवम् दृश्यहरू सङ्कलनका साथै लेखन, सम्पादन, प्रकाशन वा प्रसारण गर्ने कला नै पत्रकारिता हो।[१९]

सिक्किमका पत्रकार विजय बान्तवाका अनुसार पत्रकारिता एउटा त्यस्तो विषय हो, जसमा अध्ययन, मनन र चिन्तन गर्न सकिन्छ। पत्रकारिताले मानिसको दैनिक जीवनका घटनाक्रम र समसामयिक विचारधारा र सामाजिक चिन्तनका कुरा बोकेको हुन्छ।[२०]

---

[१८] श्रीराम खनाल; पूर्ववत्, पृ.७८।

[१९] पूर्ववत्।

[२०] विजय बान्तवा, पूर्ववत्, पृ.२२।

ए बी कोइरालाका अनुसार पत्रकारिता भनेको शब्द, ध्वनि वा चित्रका माध्यमबाट प्रस्तुत गरिने दैनिक घटनाक्रमको विवरण हो, जसका माध्यमबाट हामीले समाचार, विचार, शिक्षा, ज्ञान, मनोरञ्जनजस्ता सामग्री पाउँदछौं।[२१]

डी आर घिमिरेका अनुसार पत्रकारिता भनेको सूचना वा सञ्चार माध्यमसँग सम्बन्धित उद्योग वा व्यवसाय हो। खासगरी जनसञ्चारका साधन पत्रकारिता, रेडियो, टेलिभिजनलगायत अन्य विभिन्न साधनहरूका लागि कार्यक्रम उत्पादन, सामग्री सङ्कलन र तिनको व्यवस्थापन गर्ने कार्य यसभित्र पर्दछ।[२२]

सी जी मुलरका अनुसार पत्रकारिता सामयिक ज्ञानको व्यवसाय हो, यस व्यवसायमा आवश्यक तथ्यको प्राप्ति, सावधानीपूर्वक तिनको मूल्याङ्कन तथा उचित प्रस्तुतिकरण पर्दछ।[२३]

डेविट वेन राइटले भनेका छन्, पत्रकारिता जनसञ्चार हो। यसले विश्वमा भइरहने नवीन जानकारी लिन उत्सुक मानवीय जिज्ञासालाई सन्तुष्ट पार्नका लागि, दैनिक घटनालाई शब्द, ध्वनि वा तस्वीरका माध्यमबाट प्रस्तुत गर्छ।[२४]

अल्फ्रेड ए क्रोवेलले पत्रकारिता जनसञ्चारका माध्यमद्वारा प्रस्तुत गरिने समसामयिक अभिरूचिका सामग्रीको सङ्कलन र सम्पादन कार्य हो भनेका छन्।[२५]

जिवर्ज फक्स मटले पत्रकारिताको परिभाषा दिँदै भनेका छन्, पत्रकारिता जनताका बारेमा जनताकै लागि विकसित सञ्चार माध्यम हो। जनताका ज्ञानका लागि रचनात्मक सेवा र सूचना प्रदान गर्ने महत्त्वपूर्ण साधन पनि पत्रकारिता हो।[२६]

साहित्यशास्त्री मेथ्यु आर्नल्डका अनुसार पत्रकारिता हतारिएको साहित्य हो।[२७]

---

[२१] ए बी कोइराला (वि सं २०६०); **पत्रकारिता परिचय-भाग १**, काठमाडौं : जेकेजी बुक्स एन्ड, स्टेसनरी, पृ.३।

[२२] डी आर घिमिरे; पूर्ववत्, पृ.१९।

[२३] पूर्ववत्; पृ.१८।

[२४] पूर्ववत्।

[२५] पूर्ववत्, पृ. १९।

[२६] पूर्ववत्।

डेनिस मक्वाइलका अनुसार पत्रकारिता भनेको सार्वजनिक सरोकारका समसामयिक घटनाका सन्दर्भमा जनसञ्चारका माध्यम (श्रव्यदृश्यसमेत)-का लागि लेखिएको भुक्तान लेखन (पेड राइटिङ) हो।[२८]

फिलिप ग्राहमका मतमा पत्रकारिता इतिहासको पहिलो पाण्डुलिपि हो।[२९]

भारतीय विद्वान् कृष्णबिहारी मिश्रका अनुसार पत्रकारिता त्यस्तो विद्या हो, जसमा पत्रकारको काम, कर्तव्य र उद्देश्यको विवेचना गरिएको हुन्छ। आफ्नो युग र सम्बन्धमा लेखिने कुरा नै पत्रकारिता हो।[३०]

ए आर डङ्गवालका मतमा मूलतः पत्रकारिता समाचारको सम्प्रेषण हो, तर यसमा पाठकका मनोरञ्जनका लागि केही सामग्री पनि हुनसक्छन्, पत्रकारिता घटनाको यस्तो विवरण हो, जसलाई तत्कालै लेखिन्छ। यो कुनै अन्तिम दीर्घकालीन अध्ययन होइन। यसमा सामयिकता अत्यन्त महत्त्वपूर्ण हुन्छ।[३१]

हरिमोहनका मतानुसार पत्रकारिता नवीनतम घटनाका जानकारी एवम् विचारलाई सावधानीपूर्वक छानेर तिनको मूल्याङ्कन गरी आवश्यकताअनुसार विश्लेषण वा समीक्षा गर्दै कुनै पनि तरिकाले सञ्चार माध्यम (छापा वा विद्युतीय)-मार्फत् जनतासमक्ष पुऱ्याउने प्रक्रिया हो।[३२]

बी एन अहुजाका मतअनुसार पत्रकारिता सामाजिक क्रियाकलापको एउटा त्यस्तो माध्यम हो, जसले समाजका बारेमा समाचार र विचारको प्रसारण वा वितरण गर्ने गर्दछ।[३३]

---

[२७] श्रीराम खनाल; पूर्ववत्, पृ.३४ ।

[२८] भानुभक्त आचार्य र घमराज लुइँटेल (वि सं २०६९); **नेपाली पत्रकारिता** (दो. सं.), काठमाडौं : निमा पुस्तक प्रकाशन, पृ.८१ ।

[२९] पूर्ववत्।

[३०] डी आर घिमिरे; पूर्ववत्, पृ.१८।

[३१] पूर्ववत्।

[३२] पूर्ववत्।

[३३] पूर्ववत्।

समग्रमा पत्रकारिता भनेको त्यो सामाजिक सञ्चार हो, जसले समाजलाई सदैव सचेत र सुसूचित राख्ने काम गर्दछ। अर्का शब्दमा भन्ने हो भने पत्रकारिताले समाजलाई जीवन्त बनाउनमा सक्रिय भूमिका निर्वाह गरेको हुन्छ। वास्तवमा विश्वमा भइरहने दैनिक घटनाक्रमलाई सर्वव्यापीकरण गरेर जनसमुदायसमक्ष पुऱ्याउने सञ्चार माध्यमको सशक्त रूप नै पत्रकारिता हो ।

## २.३ पत्रकारिताका प्रकार

ज्ञान-विज्ञान र कलाका अन्य शाखाका तुलनामा पत्रकारिताको उद्भव धेरै पछिबाट भएको भए तापनि यसको विकास भने द्रुतगतिमा भएको पाइन्छ। वैज्ञानिक उपकरणका विकासले यसका स्वरूप र प्रकारमा उत्तरोत्तर परिवर्तन र वृद्धि हुँदै गइरहेका छन्। समयको गति र मानव समाजको विकास तथा सभ्यता सँगसँगै पत्रकारिता विभिन्न प्रकार-भेदमा विभाजित भइरहेको छ।आधुनिक पत्रकारिता नयाँनयाँ वैज्ञानिक उपकरणका विकाससित जोडिन पुगेको छ, फलस्वरूप पत्रकारिताका नयाँ स्वरूप र प्रकारमा वृद्धि भइरहेका छन्।

पत्रकारिताका प्रकारलाई सञ्चालन प्रकृति, प्राविधिक, अवधिगत, विषयवस्तुगत र भौगोलिक प्रकृतिका आधारमा पनि विभाजन गर्न सकिन्छ।

### २.३.१ सञ्चालन प्रकृतिका आधारमा पत्रकारिता

सञ्चालन प्रकृतिका आधारमा पत्रकारितालाई (क) व्यावसायिक पत्रकारिता र (ख) अव्यावसायिक पत्रकारिता गरी दुई भेदमा विभाजन गर्न सकिन्छ-

**२.३.१.१ व्यावसायिक पत्रकारिता :** साधरणतः व्यावसायिक पत्रकारिता भन्नाले व्यवसायमा आधारित दक्ष मानव संसाधनद्वारा सञ्चालित पत्रकारिता बुझिन्छ। बीसौं शताब्दीको आरम्भदेखि नै पत्रकारिताको व्यवसायिकीकरणमा दक्ष मानव संसाधनको

आवश्यकता अनुभव गरिन थालिएको हो। समाचारपत्रमा स्थायी एवम् पूर्णकालिक रूपमा सक्रियताका साथ कार्य गर्ने पत्रकारलाई नै व्यावसायिक पत्रकार भनिन्छ। त्यस्ता व्यावसायिक पत्रकारले पत्रकारिताका विभिन्न पक्षमा दक्ष हुनाका लागि सम्बन्धित संस्थानबाट प्रशिक्षण लिएर प्रामाणित हुनुपर्छ।

प्रथम विश्वयुद्धपछि व्यावसायिक पत्रकारिताको अवधारणा विकसित भएको हो। यसभन्दा अघिका समयमा पत्रकार स्वतन्त्र थिएनन्। समाचारपत्रमा मालिकको सशक्त नियन्त्रण रहेको हुन्थ्यो। पत्रकारिता पक्षपातपूर्ण नीतिले सञ्चालन भएको अवस्था थियो। विशेषतः राजनीतिक विषयमा मालिकको झुकाउअनुसार नै समाचारपत्रमा कार्यरत पत्रकारले कार्य गर्नु पर्थ्यो, जसले गर्दा भावुक राजनीतिक संस्कृतिको विकास भइरहेको अवस्था थियो। सोभियत सङ्घ, जर्मनी र इटाली आदि राष्ट्रमा पत्रकारिता पक्षपातपूर्ण थियो।[३४]

व्यावसायिक पत्रकारिता एउटा क्रान्तिकारी विचार थियो, जसले प्रकाशक एवम् मालिक अनि सम्पादक एवम् पत्रकारमाझ कार्यविभाजनको संस्कृतिक विकसित गर्‍यो। उनीमाझ 'चिनियाँ पर्खाल' नै खडा गरिदियो। अब प्रकाशक एवम् मालिकका इच्छाअनुरूप समाचार पक्षपातपूर्ण रहेन। फलस्वरूप समाचार निष्पक्ष प्रशिक्षित व्यावसायिक पत्रकारले निर्धारण गर्ने विषय बन्न पुग्यो।[३५]

व्यावसायिक पत्रकारितामा पत्रकारलाई मालिकको राजनीति, व्यापारिक दबाउ एवम् विज्ञापनको दाउबाट मुक्त गरिदिन्छ। यसले पत्रकारलाई सन्तुलित र सही समाचार सम्प्रेषणका लागि प्रेरित गर्दछ। व्यावसायिक पत्रकारिताअन्तर्गत पत्रकारका लागि पत्रकारिताका सैद्धान्तिक एवम् व्यावहारिक ज्ञानका साथसाथै भाषिक, शैली तथा प्रस्तुतिकरण महत्त्वपूर्ण पक्ष हुन्। अझ टेलिभिजन एवम् रेडियोका क्षेत्रमा वाचिक शुद्धता

[३४] Robert Mcchesney and John Nichols (7 Dec, 2005);**The Rise of Professional Journalism, In These Times**, http://inthesetimes.com/article/2427/. (१७ जनवरी, २०१५)।

[३५] पूर्ववत्।

र स्पष्टता सँगसँगै स्वरको परीक्षणसमेत उतीर्ण गरेको हुनुपर्दछ। व्यावसायिक पत्रकारले आफूलाई पत्रकारिता आचारसंहिताका परिधिभित्र राखेर समाजलाई विभिन्न जानकारी उपलब्ध गराउनमा सक्षम बन्नुपर्छ। व्यावसायिक पत्रकारिताका लागि शैक्षिक योग्यता सँगसँगै भाषिक ज्ञान, जनसम्पर्क स्थापनाको क्षमता, कम्प्युटर एवम् तक्निकी ज्ञान, परिश्रमी एवम् जिज्ञासु पत्रकार हुनु आवश्यक पर्दछ।

पत्रकारिता शुद्ध मुनाफा आर्जनका निम्ति गरिने व्यापार नभएर व्यवसाय भएको भए तापनि यसको दैन्दिन खर्च, कर्मचारी एवम् पत्रकारका वेतन, प्राविधिक खर्च, खबरकागज एवम् मुद्रण खर्च आदि जुटाउनको निम्ति विज्ञापन सङ्ग्रह गरी समाचारपत्रको बिक्रीवितरण गरिन्छ।यसको दीर्घकालीन सञ्चालन एवम् नियमितताका निम्ति यसको आयस्रोत बलियो हुन आवश्यक हुन्छ। समाचारपत्रको अव्यावसायिकीकरणले यसको आयस्रोतमा प्रतिकूल प्रभाव पर्दछ। पाठकलाई रूचिअनुसार अनि बजारका मागअनुसार सामग्री दिनु नै पत्रकारिताको धर्म हो। यदि कुनै कारणवश समाचारपत्रको सञ्चालनमा व्यावसायिक कमजोरी देखापरे त्यसको बिक्री वितरण र विज्ञापनमा समेत प्रतिकूल प्रभाव पर्दछ। त्यसो हुँदा धेरैजसो समाचारपत्र आर्थिक सङ्कटमा परेका छन्। अतः दक्ष मानव संसाधनद्वारा व्यवसायका रूपमा पत्रकारिता सञ्चालन गर्नु नै व्यावसायिक पत्रकारिता हो।

व्यावसायिक पत्रकारिताअन्तर्गत अखबारी पत्रकारिता अथवा समाचार पत्रकारिता पर्दछ। समाचारपत्रमा कार्यरत सम्पादक, प्रबन्ध सम्पादक, सह-सम्पादक, सहायक सम्पादक, वरिष्ठ संवाददाता, संवाददाता आदि सबै नै व्यावसायिक पत्रकारका श्रेणीमा पर्दछन्।

**२.३.१.२ अव्यावसायिक पत्रकारिता :** अव्यावसायिक पत्रकारितालाई चिन्तनपरक पत्रकारिता (Think Tank Journalism) मुनाफारहित पत्रकारिता (Non-profit

journalism/not-for-profit journalism) पनि भनिन्छ।[३६] लोकहित एवम् जनकल्याणार्थ जनसरोकारका विषयलाई कुनै प्रकारको आर्थिक लाभको कामना नगरी सञ्चालन गरिने पत्रकारितालाई अव्यावसायिक पत्रकारिता भन्दछन्। यसमा समाचारपत्रका प्रबन्धनमा हुने लागत खर्चको परिपूर्तिका निम्ति व्यक्तिगत चन्दा एवम् कुनै संस्थान अथवा निकायबाट अनुदान लिइएको हुन्छ। यस्ता पत्रकारिताले जनसरोकारका विषयलाई उठान गरी जनहितको भाव वा विचार सिर्जना गर्ने कार्य गर्दछ। यस प्रकारको पत्रकारिताको आरम्भ सन् १८४६-मा अमेरिकामा एसोसिएट प्रेसको स्थापनासितै भएको थियो। सन् १८४६ मा मेक्सिका युद्धका समय न्यूयोर्कका पाँचवटा समाचारपत्र मिलेर युद्धको समाचारलाई तत्काल सम्प्रेषण गर्ने उद्देश्यमा एक भए तापनि पछि गएर एसोसिएट प्रेसले जनकल्याणको कार्य गरेको थियो।[३७]

अव्यावसायिक पत्रकारिताअन्तर्गत शैक्षिक संस्थान, सरकारी निकाय, विश्वविद्यालय, गैरसरकारी सङ्गठन आदिबाट जनहितका भावना, प्राज्ञिक समाजका निम्ति अथवा लक्षित पाठकका लागि प्रकाशित पत्र-पत्रिका, जर्नल आदि पर्दछन्।

### २.३.२ प्राविधिक आधारमा पत्रकारिता

पत्रकारिता प्राविधिक विकास सँगसँगै विकसित हुँदै जाने एउटा गतिशील सञ्चार प्रक्रिया हो। ईशापूर्व कालमा रोम साम्राज्यमा दैनिक घटनाक्रमलाई कपडामा लेखेर सार्वजनिक स्थानमा राखिन्थ्यो, जसलाई *एक्टा डिउरना* भनिन्थ्यो।[३८] त्यसै बेलादेखि

---

[३६] क. Jason Stverak (April 27th, 2011); 'Think Tank Journalism: The Future of Investigative Reporting', **Franklin,** Center for Government and Public Integrity, Alexandria, Virginia : (http://franklincenterhq.org/2376/think-tank-journalism-the-future-of-investigative-reporting/) (२२ जनवरी, २०१५)।

ख. Carol Guensburg (2008); 'Nonprofit News', **American Journalism Review**,University of Maryland : Philip Merrill College of Journalism, February/March 2008,(http://ajrarchive.org/article.asp?id=4458) (२२ जनवरी, २०१५)।

ग. Charles Lewis(2007); 'The Nonprofit Road',**Columbia Journalism Review**,Columbia University : Graduate School of Journalism, September /October 2007 (http://www.cjr.org/feature/the_nonprofit_road.php) (२२ जनवरी, २०१५)।

[३७] http://www.ap.org/company/history/ap-history (२७ जनवरी,२०१५)।

[३८] https://www.britannica.com/topic/Acta (२७ जनवरी, २०१५)।

आजसम्म अनेक प्राविधिक विकाससितै पत्रकारिताको स्वरूप परिवर्तन हुँदै आइरहेको छ। रोम साम्राज्यमा *एक्टा डिउरना,* चीनमा काठमा अक्षर कुदेर ब्लक छपाई, जर्मनीमा मुद्रणयन्त्रको आविष्कार गरी यान्त्रिक छपाई, टेलिग्राफ, फोटोग्राफ, लेटर प्रेस, अफ्सेट प्रेस, रेडियो, टेलिभिजन, भूउपग्रह आदिका विकासले पत्रकारिताका स्वरूपमा क्रान्तिकारी एवम् युगान्तकारी परिवर्तन ल्याइसकेको छ। वर्तमान अवस्थामा प्राविधिक आधारअन्तर्गत मुद्रण अथवा छापा पत्रकारिता, विद्युतीय पत्रकारिता र डिजिटल पत्रकारिता गरी पत्रकारिता तीन प्रकारका छन्।

**२.३.२.१ मुद्रण अथवा छापा पत्रकारिता** : आधुनिक मुद्रण अथवा छापा पत्रकारिताको थालनी १८औँ शताब्दीको औद्योगिक क्रान्तिको आरम्भसितै भए तापनि यसको पृष्ठभूमि पहिल्याउने क्रममा ईशापूर्वको रोम सभ्यतासम्मै पुग्न पर्दछ। रोमन साम्राज्यका सम्राट जुलियस सिजर्स (जन्म जुलाई १२-१३, १०० ईशापूर्व, मृत्यु - मार्च १५, ४४ ईशापूर्व)[३९]-ले आफ्ना शासनकाल (ईशापूर्व ५९)-मा कपडाको ठुलो पर्दामा सर्वसाधारणका निम्ति राज्यबाट जारी गरिएका सूचना पढ्ने व्यवस्था मिलाएका थिए, जसलाई *एक्टा डिउरना* भनिन्थ्यो। कपडाका अतिरिक्त सूचना ठूला ढुङ्गामा कुँदिएका वा धातुका पातामा लेखिएका पाइन्थे। पत्रकारिताको इतिहासमा यो घटना नै जनसञ्चार माध्यमको थालनी थियो।[४०] *एक्टा डिउरना* ल्याटिन भाषाको शब्द हो, जसको अर्थ दैनिक गतिविधि हुन्छ।[४१] राज्यका विविध गतिविधिलाई सर्वसाधारणका निम्ति दैनिक रूपमा जानकारी दिने यस किसिमको सुविधा रोममा प्रचलित थियो। **ब्रिटानिका**मा *एक्टा डिउरना*-को थालनी ईशापूर्व २७ यता मात्र भएको उल्लेख गरिएको छ।[४२]

---

[३९] Arnold Joseph Toynbee (2015); 'Julius Caesar', **Encyclopædia Britannica**, Chicago, Encyclopaedia Britannica Inc (http://www.britannica.com/EBchecked/topic/88114/Julius-Caesar). (२७ जनवरी, २०१५)।

[४०] भानुभक्त आचार्य र घमराज लुइँटेल; पूर्ववत्, पृ. २९।

[४१] https://definitions.uslegal.com/a/acta-diurna/ (२८ जनवरी, २०१५)।

[४२] http://**www.britannica.com**/EBchecked/topic/4287/Acta (२७ अप्रेल, २०१५)।

चीनमा हान साम्राज्य (२०६ ईशापूर्व-सन् २२०)[४३]-का समयमा ब्लक छपाईको थालनी भएको थियो। यस अवधिमा ब्लकका माध्यमबाट रेशमका कपडामा तीनवटा रङ्गमा फुलको नक्शा छापिन्थ्यो।[४४] पछि चिनियाँहरूले कागजको पनि आविष्कार गरे अनि ताङ साम्राज्य (सन् ६१८-९०७)-का समयमा ब्लक छपाईका माध्यमद्वारा बौद्धमन्त्र अथवा सूत्र (जो संस्कृतबाट तिब्बती भाषामा अनुवाद गरी छपाएका थिए) छापेका थिए। त्यसै बखत बौद्ध भीक्षुहरूले धरणी सूत्र[४५] (जसलाई कतिपय स्थानमा डाइमन्ड सूत्र पनि भनिएको छ)-लाई सन् ८६८ मा ब्लक छपाईद्वारा छापेको उल्लेख पाइन्छ।[४६]

त्यसपछि सन् १४३९-४०- मा जर्मन वैज्ञानिक जोहानेस गुटेनबर्ग (सन् १३९८-१४६८)-ले छापायन्त्रको आविष्कार गरेपछि पुस्तक छापिन थाले। गुटेनबर्गले ओलिभको तेल पेल्ने मसिनमा धातुका ब्लकहरू बनाएर छापाखाना आविष्कार गरेका थिए।[४७] छापाखानाकै माध्यमबाट सन् १५२६-मा इटालीबाट पहिलोपल्ट **न्यूजिटिङ** नामक समाचार पत्रिकाको प्रकाशन भयो।[४८] कालान्तरमा युरोपका अन्य मुलुकबाट पनि समाचारपत्र प्रकाशन हुन थालेपछि पत्रकारिताको विकासमा तीव्रता आयो। पत्रकारिताको विकाससितै छापा पत्रकारिताको पनि स्वरूप परिवर्तन हुँदै गयो र पत्रकारिताका प्रकारका सङ्ख्यामा क्रमशः वृद्धि हुनथाले। फलस्वरूप आजसम्मको स्थितिमा मुद्रण अथवा छापा पत्रकारिताका स्वरूप प्रमुख रूपमा पाँच प्रकारका देखिएका छन्, ती हुन्-अखबार वा समाचारपत्र, पत्र-पत्रिका, न्युजलेटर, पम्पलेट वा पर्चा र पुस्तिका हुन्। यीमध्ये पनि

---

[४३] Cristian Violatti (2013) ; 'Han Dynasty', **Ancient History Encyclopedia**, West Sussex,United Kingdom : Ancient History Encyclopedia (http://www.ancient.eu/Han_Dynasty/)(१० जनवरी, २०१७)।

[४४] John Steins, **Woodblock Printing**, (http://www.johnsteins.com/woodblock-printing.html) (१० जनवरी, २०१७)।

[४५] http://**diamond-sutra.com**/background-of-the-diamond-sutra/#brief-history (१० जनवरी, २०१७)।

[४६] Elizabeth Palermo (2014); 'Who Invented the Printing Press?', **Livescience,** (http://www.livescience.com/43639-who-invented-the-printing-press.html) (१० जनवरी, २०१७)।

[४७] पूर्ववत्।

[४८] भानुभक्त आचार्य र घमराज लुइँटेल, पूर्ववत्, पृ.३०।

प्रस्तुत शोधकार्यको मूल विषय क्षेत्र अखबार वा समाचारपत्र नै भएको हुँदा यससम्बन्धी संक्षेपमा चर्चा गर्नु प्रासङ्गिक हुनेछ।

पत्रकारिताको सबैभन्दा सशक्त माध्यम समाचारपत्र हो। *समाचार* र *पत्र* दुईवटा शब्दको संयोगबाट बनेको समाचारपत्र खबर वा समाचार बोकेर सर्वसाधारणसमक्ष पुग्ने एउटा सञ्चार माध्यम हो। समाचारपत्र खबरमा आधारित प्रकाशन हो, जसमा विभिन्न समाचारका अतिरिक्त समसामयिक घटनाक्रम, राजनीति, खेलकुद, ज्ञानविज्ञान, चलचित्र, गीत-सङ्गीत, साहित्य, कला, जीवनी, संस्कृति, विकास, कारोबार, धर्म-कर्म, परम्परा, नियम-कानुन आदि अनेकन विषयमाथि विविध विचार, लेख-रचना, विज्ञापन एवम् अन्य पाठ्यसामग्री समाविष्ट हुन्छन्। मूलतः समाचारपत्र दैनिक रूपमा पाठकसमक्ष पुग्ने भए तापनि यसको स्वरूप अर्द्धसाप्ताहिक एवम् साप्ताहिक रूपमा पनि प्रकाशित हुने गर्दछ। विशेष प्रकारको कमसल कागत (न्युजप्रिन्ट)-मा प्रकाशन हुने समाचारपत्र सुपथ मूल्यमा पाठ्यसामग्री लिएर पाठकसमक्ष पुग्ने गर्दछ। समाज र राष्ट्रमा भइरहेका दैनिक घटनाक्रम जनसाधारणसमक्ष पुऱ्याउनु नै अखबार वा समाचारपत्रको विशेषता हो र सन्तुलित रूपमा खबर दिनु यसको धर्म हो।

**२.३.२.२ विद्युतीय पत्रकारिता** : समाचारपत्र एवम् पर्चा आदि जस्ता पारम्परिक पद्धति र सञ्चार माध्यमका अतिरिक्त विद्युतीय पद्धतिद्वारा समाचारलगायत सूचना सर्वसाधारणसमक्ष प्रसारण गर्ने प्रक्रिया नै विद्युतीय पत्रकारिता हो। रेडियो, टेलिभिजन एवम् इन्टरनेटका माध्यमद्वारा पत्रकारिता गरिनुलाई नै विद्युतीय पत्रकारिता भन्दछन्। विद्युतीय पत्रकारिताको थालनी १९ औँ शताब्दीमा नै भएको भए तापनि बीसौँ शताब्दीको आरम्भदेखि यसले तीव्रता प्राप्त गरेको हो। सन् १८३०-मा स्यामुअल मोर्सले टेलिग्राफको आविष्कार गरेपछि नै विद्युतीय सञ्चारको थालनी भएको थियो। टेलिग्राफको विकाससितै संसारका कुना-कुनामा छिटो खबर पुऱ्याउने पद्धतिको विकास भएको हो। सन् १८९५-मा मार्कोनीले सफलतापूर्वक रेडियोको आविष्कार गरी त्यसका माध्यमबाट प्रसारण

गरेपछि सञ्चारक्षेत्रमा नयाँ आयाम थपियो। सन् १९२०-का दशकमा संसारका विभिन्न राष्ट्रमा रेडियो प्रसारण आरम्भ भयो भने सन् १९३६ बाट टेलिभिजनको प्रसारणसितै पत्रकारिताका क्षेत्रमा विद्युतीय सञ्चार (ई मिडिया)-ले युगान्तकारी क्रान्ति ल्यायो। विद्युतीय पत्रकारिताअन्तर्गत रेडियो पत्रकारिता, टेलिभिजन पत्रकारिता एवम् डिजिटल पत्रकारिता पर्दछन्।

**क. रेडियोपत्रकारिता** : मार्कोनीले सन् १८९५-मा रेडियो प्रसारणको सफलतापूर्वक परीक्षण[४९] गरेपछि २४ दिसम्बर, १९०६-का बेलुकी कनाडाका वैज्ञानिक रेगिनाल्ड फेसेन्डेनले भायलिनको धुन रेडियोद्वारा बजाएर संसारमा सबभन्दा पहिला रेडियो प्रसारणको आरम्भ गरेका थिए।[५०] सन् १९२० देखि रेडियोबाट समाचार प्रसारण हुन थालेदेखि नै रेडियो पत्रकारिताको थालनी भएको हो। सन् १९२०-को ३१ अगस्तका दिन अमेरिकाको डेट्रोइट मिचिगडस्थित रेडियो डेट्रोइटले पहिलोपल्ट समाचार प्रसारण गरेर रेडियो पत्रकारिताको बीजारोपण गऱ्यो।[५१]

रेडियो पत्रकारिताका सन्दर्भमा भारतमा २३ जुलाई, १९२७-का दिन बम्बईबाट पहिलोपल्ट रेडियो समाचार प्रसारण भएको थियो। निजी कम्पनी इन्डियन ब्रोडकास्टिङ कम्पनीको बम्बई रेडियो स्टेसनबाट भारतवासीले पहिलोपल्ट रेडियोसेटमा समाचार सुनेका थिए। यसको एक महिनापछि २६ अगस्त, १९२७-मा कलकत्ता स्टेसनबाट बङ्गला भाषामा समाचार प्रसारण आरम्भ भयो। सन् १९३५-सम्ममा अङ्ग्रेजी, हिन्तुस्तानी र बङ्गला भाषामा गरी तीनवटा समाचार बुलेटिन प्रसारित भए।[५२] अगस्त १९३७-मा केन्द्रीय समाचार सङ्गठन (सीएनओ)-को गठन भएपछि भारत स्वतन्त्र हुँदाका अवसरमा दिल्ली, बम्बई, कलकत्ता, मद्रास, तिरूचिरापल्ली र लखनऊमा गरी ६ वटा रेडियो स्टेसन

---

[४९] भानुभक्त आचार्य र घमराज लुइँटेल; पूर्ववत्, पृ.३४ ।

[५०] https://www.britannica.com/biography/Reginald-Aubrey-Fessenden. (१० जनवरी, २०१७) ।

[५१] John C Abell (2010); **Aug. 31, 1920 : News Radio Makes News,** www.wired.com/2010/08/0831first-radio-news-broadcast/. (१० जनवरी, २०१७)।

[५२] **allIndiaradio.gov.in**/Services/News/Pages/Default.aspx. (१० जनवरी, २०१७)।

सञ्चालनमा आए। त्यस समय अल इन्डिया रेडियोले केवल २.५ प्रतिशत भारतीय भूभाग र ११ प्रतिशत जनसङ्ख्यालाई आफ्ना सेवा क्षेत्रभित्र समेट्न सकेको थियो।[५३] सन् १९४८-मा सीएनओलाई दुईवटा प्रभागमा विभाजन गरियो; समाचारसेवा प्रभाग (एनएसडी) अनि वैदेशिक सेवा प्रभाग। हाल सन् २०१६-सम्ममा अल इन्डिया रेडियोका २६२ वटा स्टेसन कार्यरत छन्, जसले देशका प्रायः जनसङ्ख्यालाई आफ्ना सेवाक्षेत्रमा समेटेका छन्। अल इन्डिया रेडियोबाट आज २३ वटा भाषा र १४६ वटा भाषिका (डाइलेक्ट)-मा कार्यक्रम प्रसारण हुँदैछन्।[५४]

सन् १९६४ सम्ममा भारतका विभिन्न प्रान्तमा भारतीय भाषामा रेडियोका माध्यमबाट समाचार बुलेटिन प्रसारण हुने गर्थे। १९७१-मा नेपाली र ३० जुन, १९७४-मा संस्कृत भाषामा पनि आकाशवाणीद्वारा राष्ट्रिय समाचार बुलेटिन प्रसारण गर्न थालियो।[५५] भारतका विभिन्न आकाशवाणी केन्द्रले समाचार बुलेटिनका अतिरिक्त समाचारकेन्द्री अन्य कार्यक्रम पनि प्रसारण गर्ने गरेका छन्, जसमा *मार्केट मन्त्रा, स्पोटर्स स्केन, आज सबेरे और परिक्रमा, सिक्किम परिक्रमा* आदि प्रमुख हुन्।

जहाँसम्म नेपाली भाषामा रेडियो समाचार प्रसारणको प्रश्न छ, त्यस सन्दर्भमा सन् १९४९ मा नेपालको विराटनगरमा स्थापना भएको आकाशवाणीले सन् १९५०-देखि नेपाली भाषामा रेडियो समाचार प्रसारण आरम्भ गऱ्यो भने भारतमा २ जुन, १९६२-मा पश्चिम बङ्गालको खरसाङमा आकाशवाणी खरसाङ र २ अक्टुबर, १९८२-मा सिक्किमको राजधानी गान्तोकमा आकाशवाणी गान्तोक केन्द्रको स्थापना भयो। आ-आफ्ना स्थापनाकालदेखि नै आकाशवाणी खरसाङले १० मिनटको र गान्तोकले ५ मिनटको प्रादेशिक समाचार नेपाली भाषामा प्रसारण गर्न थाले। अर्कातिर आकाशवाणीको वैदेशिक सेवा प्रभागसितै आकाशवाणीको दिल्ली केन्द्रले पनि नेपाली भाषामा समाचार बुलेटिन

---

[५३] **allIndiaradio.gov.in**/Profile/Growth%20and%20Development/Pages/Default.aspx. (१० जनवरी, २०१७)।

[५४] पूर्ववत्।

[५५] पूर्ववत्।

प्रसारण गर्दै आइरहेको छ। यसका अतिरिक्त आकाशवाणी खरसाङ र गान्तोक केन्द्रबाट विविध समाचारमूलक कार्यक्रम पनि प्रस्तुत भइरहेका छन्। ७ जुन, १९६९-मा बीबीसीले नेपाली सेवा आरम्भ गऱ्यो, जसमा नेपाली भाषामा समाचारसितै अन्य समाचारमूलक कार्यक्रमहरू पनि प्रसारण हुँदै आइरहेका छन्। सन् २००९ जनवरीमा भएको श्रोता सर्वेक्षणअनुसार नेपालभित्र बीबीसी नेपाली सेवाका ५२ लाख श्रोता रहेका छन्। नेपालबाहिर लाखौं श्रोताले इन्टरनेटका माध्यमबाट नेपाली सेवा सुन्ने गर्दछन्। यसरी नै २५ जुन, १९७५ देखि बेजिङको चिनियाँ अन्तर्राष्ट्रिय रेडियोबाट पनि नेपाली भाषामा समाचार र अन्य कार्यक्रम प्रसारण भइरहेका छन्।

**ख. टेलिभिजन पत्रकारिता** : अमेरिकाको सेन फ्रान्सिस्कोमा ७ सितम्बर, १९२७ को दिन विद्युतीय टेलिभिजनको प्रथम प्रदर्शन भएपछि जनसञ्चारको क्षेत्रमा नयाँ युगको थालनी भएको हो।[५६] उक्त टेलिभिजन सेटको आविष्कार एकजना २१ वर्षीय युवा वैज्ञानिक फिलो टेलर फ्रान्सवर्थले गरेका थिए, जसका घरमा उनी १४ वर्षको उमेर हुँदासम्म पनि बिजुली नै जडान भएको थिएन।[५७] टेलिभिजनको आविष्कारका लागि वैज्ञानिकले प्रायः आधा शताब्दी कठोर परिश्रम गरेका छन्। संसारमा चलायामान चित्र तयार गर्न सकिन्छ भन्ने सङ्केत सन् १८७३ मा नै प्राप्त भएको थियो। सन् १८७३-मा भेलेन्टियाको एट्लान्टिक केबल टर्मिनल स्टेसनमा प्रकाश संवेदनशील गुणयुक्त सेलिनियमको आविष्कार भएको थियो। सेलिनियम यस्तो धातु हो, जसमा प्रकाश पर्दा दृश्य परिवर्तित भएर भिन्न देखिन्छ।[५८] यसका तीन वर्षपछि वैज्ञानिकले सेलिनियम सेलको आविष्कार गरे जसले टेलिग्राफी विकसित गर्न सहयोग गऱ्यो।[५९] सन् १८८८ मा

---

[५६] Mitchell Stephens; **History of Television**, https://www.nyu.edu/classes/stephens/History%20of%20Television%20page.htm.(१५ अप्रेल, २०१६)।

[५७] पूर्ववत्।

[५८] A. Dinsdale, (Ed)(March 1928); *Television 1873-1927*, **Television**, London: The Television Society, Vol. I, No I, Pg. 10.

[५९] पूर्ववत्।

फोटो इलेक्ट्रिक सेलको आविष्कारले प्रकाशलाई चित्रमा रूपान्तरित गर्न सहयोग गऱ्यो।[६०] सन् १९२३ सम्ममा टेलिभिजनको विकासका लागि धेरै वैज्ञानिक प्रयास र प्रयोग भइसकेका थिए। संयुक्त राज्य अमेरिकामा जेन्किङ्स अनि मोरे, फ्रान्समा होलविक अनि बेलिन, इङ्गल्यान्डमा जोन एल बेयर्डजस्ता वैज्ञानिक टेलिभिजन सेटमा छाँया पठाउन सफल भइसकेका थिए।[६१] २६ जनवरी, १९२६ मा स्कटिस इञ्जिनियर जोन एल बेयर्ड रोयल इन्स्टिटट्युसनका सदस्यसमक्ष एउटा कोठाबाट अर्को कोठामा मानिसका अनुहारको दृश्य प्रसारण गरेर विश्वमा पहिलोपल्ट टेलिभिजन प्रदर्शन गर्नमा सफल भएका थिए। यसरी नै सन् १९२७ को आरम्भमा बेयर्डले लन्दनदेखि ग्लासगोसम्म दृश्य प्रसारण गरेर लामो दूरीमा पनि दृश्य प्रसारण गर्न सम्भव छ भनी दृश्य प्रदर्शन गरी पुष्टि गरेका थिए।[६२]

भारतमा टेलिभिजन सेवा १५ सितम्बर, १९५९ मा आरम्भ भएको हो। सानो ट्रान्समिटरद्वारा थालिएको यस्तो सेवा सन् १९६५ मा अल इन्डिया रेडियोको इकाई बनेपछि यसले दैनिक सेवा दिना थाल्यो। सन् १९७२ मा बम्बई र अमृतसरमा पनि टेलिभिजन सेवा थालियो। सन् १९७५ सम्ममा भारतका केवल ७ वटा सहरमा मात्र टेलिभिजन प्रसारण हुने गर्थ्यो। सन् १९७६ मा टेलिभिजन सेवालाई रेडियोबाट अलग गरियो भने सन् १९८२ देखि टेलिभिजनको राष्ट्रिय प्रसारण आरम्भ भएको हो। यसै वर्ष भारतमा रङ्गीन टेलिभिजन सेवा पनि आरम्भ भयो। सन् १९८२ को नयाँ दिल्लीमा आयोजित एसियाई खेल भारतको राष्ट्रिय टेलिभिजन च्यानल दूरदर्शनमा प्रसारित भएको थियो।[६३]

---

[६०] पूर्ववत्।

[६१] पूर्ववत्।

[६२] पूर्ववत्।

[६३] http://**www.ddindia.gov.in**/AboutDD/pages/Default.aspx (१० जनवरी, २०१७)

रेडियोमा समाचार प्रसारण आरम्भ भएको एक दशकपछि सन् १९३० देखि टेलिभिजनमा पनि समाचार प्रसारण गर्न थालियो, यद्यपि यो प्रायोगिक रूपमा नै रहेको भए पनि पहिलोपल्ट संयुक्त राज्य अमेरिकाको एनबीसी नेटवर्क रेडियोले टेलिभिजनमा समाचार प्रसारण गरेको थियो, जसलाई लोवेल थोमसले वाचन गरेका थिए।

सन् १९२९ मा नै टेलिभिजन सेवा आरम्भ गर्ने बीबीसीले ५ जुलाई, १९५४ देखि मात्र समाचार सेवा आरम्भ गरेको हो। २० मिनटको यो कार्यक्रम दैनिक रूपमा बीबीसी टेलिभिजनमा प्रसारण हुन्थ्यो। पहिलोपल्ट बीबीसीमा समाचार रिचार्ड बाकरले पठन गरेका थिए।[६४]

यसपछि संसारका विभिन्न टेलिभिजनबाट समाचार प्रसारण हुन थाले। भारतमा १५ सितम्बर, १९५९ मा दूरदर्शनले आफ्नो प्रसारण आरम्भ गरेको हो, तर समाचार प्रसारण गर्न भने सन् १९६५ मा मात्र थाल्यो। सन् १९६५ मा दूरदर्शन अल इन्डिया रेडियोबाट छुट्टिएपछि ५ मिनटको समाचार बुलेटिन लिएर दर्शकसमक्ष गएको थियो। दूरदर्शनमा प्रथम समाचारको प्रसारण प्रतिमा पुरीद्वारा गरिएको थियो।[६५] आज दूरदर्शनले २१ वटा च्यानल प्रसारण गर्दछ, जसमा दुईवटा राष्ट्रिय च्यानल डीडी नेसनल र डीडी न्युज, जो अङ्ग्रेजी र हिन्दी भाषामा प्रसारित हुने गर्छ भने ११ वटा च्यानल चाहिँ क्षेत्रीय भाषाका सेटलाइट च्यानल रहेका छन्। यसरी नै चारवटा राज्य नेटवर्क, एउटा अन्तर्राष्ट्रिय च्यानल, एउटा खेलकुद च्यानल अनि दुईवटा संसदीय च्यानल रहेका छन्। यी विभिन्न च्यानलबाट विभिन्न क्षेत्रीय भाषाहरूमा पनि समाचार प्रसारण हुने गर्छन्।[६६]

भारतमा नेपाली टेलिभिजन सेवा २००४ देखि आरम्भ भएको हो। यसभन्दा अघि कलकत्ताको दूरदर्शन केन्द्रले खरसाङको दूरदर्शन केन्द्रको सहयोगमा आधा घण्टाको

---

[६४] **www.news.bbc.co.uk**/onthisday/hi/dates/stories/july/5/newsid_3856000/3856397.stm ((१० जनवरी, २०१७)।

[६५] **http://www.ddindia.gov.in**/AboutDD/pages/Default.aspx (१० जनवरी, २०१७)।

[६६] पूर्ववत्।

नेपाली कार्यक्रम प्रस्तुत गर्दथ्यो, जसमा नेपाली गीत-नृत्य समावेश हुन्थे। तर औपचारिक रूपमा नेपाली टेलिभिजन च्यानलका रूपमा नेपाल १ टेलिभिजन च्यानल २००४ मा स्थापित भएपछि नेपाली सेटल्याइट च्यानल आरम्भ भएको हो। नेपाल १ को स्थापना उत्तर बंगाल, सिक्किम, पूर्वोत्तर भारत, नेपाल, बर्मा, मलेसिया एवम् हङकङमा रहेका नेपालीलाई सेटल्याइटद्वारा सेवा उपलब्ध गराउने उद्देश्यले भएको हो। यसले प्रत्येक घण्टामा ५ मिनटको प्रमुख समाचार बिहान ९ बजेदेखि बेलुकी १० बजेसम्म अनि बिहान ७ बजे, दिउँसो १ बजे अनि बेलुकी ७ बजे आधा घण्टाको समाचार बुलेटिन प्रसारण गर्ने गर्दछ। यसरी नै २००३ मा स्थापित भएको एनई टिभीले पनि आधा घण्टाको नेपाली समाचार बिहान ८ बजे प्रसारण गर्दै आएको छ। २०१६-मा स्थापित भएको अखिल भारतीय नेपाली नेटवर्क (एबीएन नेटवर्क)- ले प्रत्येक दिन बिहान, दिउँसो र बेलुकी समाचार बुलेटिन अनि प्रत्येक घण्टामा संक्षिप्त समाचार प्रस्तुत गर्दै आएको भए तापनि हाल राजनीतिक कारण सेवा स्थगित राखिएको छ।

**ग) डिजिटल पत्रकारिता :** सन् १९९० का दशकदेखि पत्रकारिताका क्षेत्रमा डिजिटल प्रणाली विकास भएको पाइन्छ। डिजिटल पत्रकारितालाई अनलाइन पत्रकारिता, साइबर पत्रकारिता, वेभ पत्रकारिता, इन्टरनेट पत्रकारिता, नयाँ मिडिया अथवा न्यु मिडिया आदि नामले पनि चिनिन्छ। त्यसअघि नै विश्वमा सर्वप्रथम सन् १९६९ मा अमेरिकी सेनाको सूचना आदानप्रदानका लागि बनाइएको अर्पानेटको विकसित रूपलाई नै इन्टरनेटको रूपमा स्विकारिएको हो[६७] वेबसाइटको विकासले अनलाइन पत्रकारितालाई प्रोत्साहित गर्नका साथै सञ्चार माध्यमका नयाँ साधन कम्प्युटर, इन्टरनेट र मोबाइल सेवाले डिजिटल पत्रकारितालाई व्यापकता प्रदान गरेका छन्। सन् १९९० मा ब्रिटिस वैज्ञानिक टीम बर्नस् ली-ले वर्ल्ड वाइड वेभ[६८] बनाएपछि डिजिटल पत्रकारिताको विकास

---

[६७] http://**sajhamanch.com/**news.php?nid=481.(१० जनवरी, २०१७)।

[६८] **https://www.w3.org/**History.html. (१० जनवरी, २०१७)।

भएको हो। वैज्ञानिक ली यूरोपीय परमाणु अनुसन्धान संस्थान (सीईआरए)-का वैज्ञानिक थिए। उक्त संस्थानले ३० अप्रेल, १९९३ मा वर्ल्ड वाइड वेभलाई निःशुल्क रूपमा कसैले पनि प्रयोग गर्न सक्ने घोषणा गरेपछि[६९] डिजिटल पत्रकारितामा क्रान्ति आयो। यसभन्दा अघि विभिन्न फाइलको स्थानान्तरणका निम्ति फाइल ट्रान्सफर प्रोटोकल एवम् गोपर प्रोटोकलको प्रयोग गरिन्थ्यो।[७०] वैज्ञानिक लीले १२ मार्च, १९८९ मा नै वेबसाइटको विकास गरेका थिए र उनले सीईआरएनलाई सोही वर्ष वेबसाइट प्रयोगका निम्ति प्रस्ताव पनि दिए । त्यसपछि बेल्जियमका अर्का कम्प्युटर वैज्ञानिक रोबर्ट चाइलियोसित मिलेर हाइपर टेक्स्द्वारा संसारभरि सूचना आदान-प्रदान गर्न सकिन्छ भन्ने प्रस्तावलाई संस्थानले अनुमोदन गरेपछि २० दिसम्बर, १९९० मा पहिलोपल्ट वेबसाइटको परीक्षण भएको हो।[७१]

वेबसाइटको विकास सँगसँगै विभिन्न वेबसाइट, ब्लग, एप आदिको विकासले पत्रकारितालाई डिजिटल बनायो। इन्टरनेटको सहयोगद्वारा एकैपल्टमा विश्वभरिनै सूचनाको आदान-प्रदान गर्ने यो सबैभन्दा सस्तो अनि सजिलो माध्यम बनेपछि लोकप्रिय बन्यो। सार्वजनिक रूपमा सूचना प्रवाह गर्न, पत्र-पत्रिका पढ्न, रेडियो सुन्न, टेलिभिजन हेर्न वा म्यूजिक भिडियोमा रमाउन इन्टरनेट वा वेबसाइट सजिलो माध्यम बनेको छ।

सर्वप्रथम सन् १९७० मा ग्रेट ब्रिटेनमा टेलिटेक्सको आविष्कारबाट डिजिटल पत्रकारिताको अवधारणा जन्मिएको हो। टेलिटेक्सका माध्यमद्वारा दर्शकले आफूले हेर्न चाहेका सूचना हेर्न र पढ्न सक्थे। तर यसमा छोटो अनि संक्षिप्त सूचना मात्र दिन सम्भव थियो।[७२] यसपछि सन् १९७९ मा भिडियो टेक्सको आविष्कारले भिडियो पठाउन सहज भयो। इङ्ग्ल्यान्डका केही समाचारगृह जस्तै - **बीबीसी, फाइन्यन्सियल टाइम्स**-ले आफ्ना

[६९] **https://www.w3.org/**History.html. (१० जनवरी, २०१७)।

[७०] पूर्ववत्।

[७१] पूर्ववत्।

[७२] David Carlson, (2003); *The History of Online Journalism* , **Digital Journalism: Emerging Media and the Changing Horizons of Journalism**, London: Rowman & Littlefield, pg.32.

समाचार भिडियो टेक्सद्वारा पठाउन पनि थालेका थिए। तर सन् १९८६ मा आएर प्रयोगकर्ताका आग्रहका कारण भिडियो टेक्स बन्द गर्नुपरेको थियो।[७३] यसपछि सन् १९९० का दशकमा वेबसाइटको विकास भएपछि नान्डोले पहिलोपल्ट *वर्ल्ड वाइड वेभ*-का माध्यमद्वारा व्यावसायिक न्युज साइट विश्वव्यापीकरण गरेका हुन्।[७४] सन् १९९४ मा नेटस् क्याप नेभीगेटर अनि सन् १९९५ मा इन्टरनेट एक्सप्लोररको विकाससितै संसारभरिकै समाचारपत्र डिजिटलमा परिणत भए।[७५]

सन् १९८० मा संयुक्त राज्य अमेरिकामा **न्युयोर्क टाइम्स, वाल स्ट्रीट जर्नल, डाव जोन्स** आदि समाचारपत्रले आ-आफ्ना छापा संस्करणसितै समाचारका डेटाबेस राख्न प्रारम्भ गरेका थिए।[७६] सन् १९८३ मा संयुक्त राज्य अमेरिकाको नाइट राइडर न्युजपेपर ग्रुपले ए टी एन्ड टी-सित मिलेर पाठकका मागअनुरूप प्रायोगिक रूपमा उनीहरूको कम्पुटर अनि टेलिभिजनमा समाचार उपलब्ध गराउन आरम्भ गऱ्यो।[७७] यसको एक दशकपछि संवाददाताले कम्प्युटर, इन्टरनेट र भूउपग्रहका सहयोगमा विश्वको कुनै पनि कुनाबाट कतै पनि तत्क्षण समाचार पठाउन सक्षम भए। सन् १९९८ सम्ममा विश्वका प्रायः ५० करोड मानिस ४०,००० नेटवर्कका माध्यमबाट प्रतिदिन इन्टरनेटको उपयोग गर्न सक्षम बनिसकेका थिए।[७८] त्यसमा पनि ठुलो सङ्ख्यामा मानिसले समाचार, समाचारपत्र, समाचार एजेन्सी अनि पत्रिकालाई इन्टरनेटमा खोज्न थालिसकेका थिए। विश्वको पहिलो अत्याधुनिक डिजिटल पत्रिकाको रूपमा संयुक्त राज्य अमेरिकाको **शिकागो ट्रिव्युन**लाई लिइन्छ। सन् १९९२ मा इन्टरनेटमा **शिकागो ट्रिव्युन** प्रसारित भएको

---

[७३] पूर्ववत्, ३५।

[७४] पूर्ववत्, ३७।

[७५] पूर्ववत्.४१।

[७६] जयप्रकाश मानस (सन् २००७); **भारत में वेब पत्रकारिता : अतीत, आगत और अनंत**, (पत्रकारिता विभाग, लक्ष्मीनारायण महाविद्यालय रायपुरमा मिति २ फरवरी, २००७ -को दिन दिइएको व्याख्यान)।

[७७] पूर्ववत्।

[७८] पूर्ववत्।

थियो। यसपछि नै आधुनिक डिजिटल पत्रकारिताको थालनी भएको मानिन्छ।[७९] सन् १९९३ को अक्टुबर महिनामा फ्लोरिडा विश्वविद्यालयको पत्रकारिता स्कूलले इन्टरनेटमा पहिलोपल्ट पत्रकारिता साइट अपलोड गऱ्यो भने नोभेम्बर, १९९४ मा इङ्ग्ल्यान्डबाट **इलेक्ट्रोनिक टेलिग्राफ** नामक पहिलो न्युज पेपरको बेबसाइट आरम्भ गरियो।[८०] यसका सम्पादक डिरेक विसटोन थिए।

सन् १९९४ देखि संयुक्त राज्य अमेरिकाको विश्वप्रसिद्ध पत्रिका **टाइम** अनलाइन बनेको हो।[८१] दिसम्बर १९९७ मा बीबीसीले पनि अनलाइन सेवा आरम्भ गऱ्यो र एक वर्षभित्रमा १ लाख ४० हजार पृष्ट अपलोड गर्नका साथै ६१ हजार पृष्ठमा समाचार मात्र प्रसार गऱ्यो।[८२] दिसम्बर १९९८ सम्ममा विश्वका प्रायः ४७०० मुद्रित समाचारपत्र इन्टरनेटमा अपलोड भइसकेका थिए।

डिजिटल पत्रकारिताको विकासले मुद्रण एवम् छापा पत्रकारिता, रेडियो एवम् टेलिभिजन पत्रकारिता समेतलाई चुनौती दिएको पाइन्छ।रेडियो तथा टेलिभिजनसमेत अनलाइन हुनुपर्ने चुनौती यसले ल्याइ दिएको छ। सन् २०१२ मा **पिउ अनुसन्धान केन्द्र**ले गरेको **न्युज मिडिया कन्जमसन** सर्वेक्षणअनुसार अमेरिकामा वर्ष २०१२ मा टेलिभिजन ५५ प्रतिशत, अनलाइन न्युज ३९ प्रतिशत, अन्य डिजिटल माध्यम ५० प्रतिशत, २९ प्रतिशतले समाचारपत्र, ३३ प्रतिशतले रेडियो, १९ प्रतिशतले सोसियल मिडिया, १६ प्रतिशतले ई-मेलद्वारा समाचार हेर्ने गरेका जनाइएको छ।[८३] सन् २०१० मा उक्त संस्थानले यस्तै सर्वेक्षण गरेको थियो, जसमा टेलिभिजन हेर्नेको सङ्ख्या ५९ प्रतिशत,

---

[७९] http://gorkhapatraonline.com/old/विचार-दृष्टिकोण/17754-नेपालमा-अनलाइन-पत्रकारिता.html. ( १० जनवरी, २०१६)।

[८०] http://**www.journalism.co.uk**/news-features/the-online-journalism-timeline/s5/a51753/. (१० जनवरी, २०१६)।

[८१] जयप्रकाश मानस;पूर्ववत्।

[८२] http://**www.journalism.co.uk**, पूर्ववत्।

[८३] http://**www.stateofthemedia.org**/2013/digital-as-mobile-grows-rapidly-the-pressures-on-news-intensify/. (१० जनवरी, २०१६)।

अन्य डिजिटल माध्यमको सङ्ख्या ४३ प्रतिशत, रेडियो ३५ प्रतिशत, समाचारपत्र ३४ प्रतिशत, अनलाइन ३५ प्रतिशत थिए।[८४] यसबाट डिजिटल पत्रकारिताका पाठक एवम् दर्शक क्रमिक रूपमा बढ्दै गएका छन् र टेलिभिजन, रेडियो अनि समाचारपत्रलाई गतिलो चुनौती दिइरहेको पुष्टि हुन्छ।

अर्कोतिर मोबाइल फोनको विकासले डिजिटल समाचारलाई लोकप्रिय बनाएको छ। सन् २०११ मा अमेरिकामा ३१ प्रतिशत युवाले ट्याबलेट कम्प्युटरको प्रयोग गरेको रेकर्ड पाइन्छ। ४५ प्रतिशत युवाले स्मार्ट फोन प्रयोग गर्दछन्। सन् २०१२ सम्ममा एप्पलले ६५.७ लाख आइ-प्याट बिक्री गरिसेकेको छ भने आइप्याट मिनीको विकासले डिजिटल पत्रकारितालाई अझ प्रोत्साहित गरेको देखिन्छ।[८५] सन् २०१२ मा अमेरिकामा मात्र २५ वटा शीर्ष न्युज साइटलाई ६ करोड २४ लाख मानिसले मासिक रूपमा हेर्ने गरेको तथ्याङ्कले पनि डिजिटल पत्रकारिताको क्षेत्र विश्वव्यापी हुनपुगेको तथ्यलाई स्पष्ट गर्दछ। यसरीनै **ग्लोबल इन्टरनेट रिपोर्ट २०१४**-का अनुसार १० मई, २०१४ सम्ममा विश्वमा इन्टरनेट प्रयोगकर्ताको सङ्ख्या २ अरब, ८९ करोड ३५ लाख, ८७ हजार, २ सय ६० (२,८९३,५८७,२६०) पुगिसकेको छ[८६] भन्ने तथ्यले विश्वमा डिजिटल पत्रकारिताको लोकप्रियता बढिरहेको पुष्टि हुन्छ।

सन् १९९० का दशकका उत्तरार्द्धमा भारतमा पनि डिजिटल पत्रकारिताले प्रवेश गऱ्यो। सन् १९९५ मा **द हिन्दु**ले अनलाइन संस्करण आरम्भ गरेपछि भारतमा डिजिटल पत्रकारिताको प्रवेश भएको हो।[८७] एक वर्षपछि **रेडिफ डट कम** नामक समाचार तथा

---

[८४] पूर्ववत्।

[८५] पूर्ववत्।

[८६] Internet Society Global Internet Report 2014, Internet Society, Geneva, Switzerland, **https://www.internetsociety.org**/sites/default/files/Global_Internet_Report_२०१४.pdf. (१० जनवरी, २०१७)।

[८७] http://**1ias.com**/the-hindu-daily-e-paper-01-oct-2015/(१० जनवरी, २०१६)।

सूचनायुक्त अनलाइन साइट प्रारम्भ भयो।[८८] सन् १९९८ सम्ममा भारतका प्रायः ४८ समाचारपत्र अनलाइन भइसकेका थिए।[८९] यी समाचारपत्र केवल अङ्ग्रेजी भाषामा मात्र नभएर भारतीय भाषा जस्तै हिन्दी, मराठी, मलयालम, तमिल, गुजरातीमा पनि प्रसारित थिए। यसैक्रममा **इन्डिया टुडे**, **आउटलुक** अनि **द वीक** पनि इन्टरनेटमा अनलाइन बने।[९०] किरण ठाकुरका अनुसन्धानअनुसार दिसम्बर १९९७ सम्ममा पञ्जीकृत ४७१९ समाचारपत्रमध्ये १ प्रतिशतभन्दा थोरै मात्र अनलाइन भएका थिए।[९१]

डिजिटल पत्रकारिताको आरम्भिक समयमा असमिया, मणिपुरी, पञ्जाबी, उडिया, संस्कृत, सिन्धी, नेपाली आदि भाषामा कुनै पनि अनलाइन संस्करण थिएन। आरम्भिक चरणमा अङ्ग्रेजीबाहेक अन्य भाषाका पत्र-पत्रिकाका लागि फन्टको समस्या थियो। तर युनिकोडको विकासले यो समस्यालाई प्रायः समाप्त गरिदिएको छ। यसैअवधिमा २ मई, १९९६ मा **आकाशवाणी**ले अनलाइन सूचना सेवाको प्रायोगिक संस्करण आरम्भ गऱ्यो। सन् २०१० को दशक आरम्भ हुँदासम्ममा देशका प्रायः प्रतिष्ठित समाचारपत्र एवम् टेलिभिजन च्यानलका अनलाइन संस्करण प्रारम्भ भइसकेका थिए। **इन्टरनेसनल टेलिकम्युनिकेसन युनियन**का सर्वेक्षणअनुसार वर्ष २०१४-मा भारतमा इन्टरनेट प्रयोगकर्ताको सङ्ख्या ३० करोड २० लाख पुगिसकेको छ र यो सङ्ख्या विश्वमा चीनपछि दोस्रो हो। चीनमा ६० करोड ४० लाख मानिसले इन्टरनेट सेवा प्रयोग गर्दछन्।[९२]

सन् १९९४ मा नेपालमा मर्केन्टाइल कम्युनिकेसन्सले व्यावसायिक रूपमा इमेल

---

[८८] http://**www.financialexpress.com**/archive/rediff.com-reports-q1-results-india-revenue-up-42/339965/(१० जनवरी, २०१६)।

[८९] जयप्रकाश मानस; पूर्ववत्।

[९०] पूर्ववत्।

[९१] पूर्ववत्।

[९२] http://**www.itu.int**/en/ITU-D/Statistics/Documents/facts/ICTFactsFigures2014-e.pdf. (२४ मई, २०१५)।

सेवा प्रदान गर्न थालेको हो।[९३] नेपालमा इन्टरनेट सेवाको पहिलो प्रयोग भने अङ्ग्रेजी दैनिक समाचारपत्र **द काठमान्डू पोष्ट**ले गरेको थियो। सन् १९९५ देखि यो पत्रिकामा प्रकाशित हुने समाचारलाई इन्टरनेटमा राख्न थालिएको हो। सन् १९९९ देखि मर्केन्टाइल कम्युनिकेसन्सको **नेपाल न्युज डट कम**ले व्यावसायिक रूपमा नेपालमा डिजिटल पत्रकारिता आरम्भ गरेको हो। यसपछि कान्तिपुर पब्लिकेसन्सले **कान्तिपुर अनलाइन** आरम्भ गर्‍यो।[९४] त्यसपछि विभिन्न सङ्घसंस्था, व्यापारिक प्रतिष्ठान तथा सञ्चारगृहलगायतले वेबसाइट सञ्चालन गर्ने क्रम तीव्र रूपमा अघि बढाएका पाइन्छन्।

इन्टरनेटका माध्यमबाट समाचार सम्प्रेषण गरिने, नियमित रूपमा अपडेट गरिने एवम् निरन्तर प्रकाशन भइरहने पत्रकारितालाई डिजिटल पत्रकारिता भनिन्छ। छापा तथा विद्युतीय माध्यमभन्दा बेग्लै किसिमको गुण भएकाले यसलाई न्यू मिडिया अथवा अनलाइन मिडिया र यसबाट गरिने पत्रकारितालाई न्यू मिडिया पत्रकारिता अथवा अनलाइन पत्रकारिता पनि भनिन्छ। डिजिटल पत्रकारिताले परम्परागत पत्रकारितामा व्यापक परिवर्तन ल्याएको छ।उपलब्धता र प्राप्तिका दृष्टिले डिजिटल पत्रकारितालाई छापा माध्यम, रेडियो र टेलिभिजन पत्रकारिताभन्दा प्रभावकारी मान्न थालिएको छ। संसारका प्रत्येक कुनाबाट इन्टरनेटको प्रयोग गरी अनलाइन हेर्न र समाचार सामग्री अपलोड गर्न सकिन्छ। कुनै पनि घटना हुनासाथ त्यसको जानकारी तत्काल विश्वव्यापी बनाउन अनलाइन न्युजपोर्टल अत्यन्त प्रभावकारी माध्यम बनेको छ। अनलाइन न्युजपोर्टलमा समाचार अपलोड गर्न केवल एउटा पासवर्ड भए पुग्छ। छापा माध्यममा जस्तो कागजको सीमा या टिभी-रेडियोमा जस्तो समय बन्धनका कारण सामग्री छोट्याउनुपर्ने वा हटाउनुपर्ने बाध्यता अनलाइनमा हुँदैन।

---

[९३] http://**sajhamanch.com**/news.php?nid=481. (२४ मई, २०१५)।

[९४] पूर्ववत्।

डिजिटल पत्रकारिताको विशेषता मल्टिमिडिया सामग्री ग्रहण गर्नमा निहित छ। अनलाइन न्युजपोर्टलमा अखबारमा जस्तै अक्षर र फोटो हेर्न सकिन्छ। रेडियोमा जस्तै ध्वनिअङ्कित सामग्री सुन्न सकिन्छ भने टीभीमा जस्तै भिडियो हेर्न पनि सकिन्छ। डिजिटलका यी विशेषताका कारण पाठकमाझ सामग्री अन्य मिडियाका तुलनामा बढी प्रभावकारी ढङ्गले द्रुतगतिमा सम्प्रेषण गर्न सजिलो हुन्छ। अनलाइन न्युजपोर्टलको विशेषता भनेको आफूले चाहेका समयमा चाहेका सामग्री पढ्न वा हेर्न पाउनु हो। रेडियो वा टीभीमा जस्तो समाचार वा अन्य कार्यक्रम सुन्न वा हेर्नको लागि कार्यक्रम प्रसारण हुने निश्चित समयको प्रतीक्षा गरेर बस्नु पर्ने बाध्यता अनलाइन न्युजपोर्टलमा हुँदैन र साथै अखबार पढ्नका लागि अर्का दिनको प्रतीक्षा नै गर्नुपर्दैन। वेबसाइट डिजिटल पुस्तकालय जस्तै हुन्। यसमा पुराना प्रकाशित सामग्री पनि सहजै खोज्न सकिन्छ।

सूचना सम्प्रेषणको तरिका फरक भए तापनि अनलाइन पत्रकारिता अन्य पत्रकारिताभन्दा भिन्न छैन। अनलाइन पत्रिकामा पनि संवाददाता हुन्छन्। यसमा पनि सम्पादकको आवश्यकता पर्दछ। समाचार सङ्कलनदेखि समाचार सम्पादनकार्यसम्म र त्यसपश्चात् पनि यसलाई सम्प्रेषणयोग्य बनाउने प्रक्रिया अनलाइनमा पनि उस्तै हुन्छ। यसमा पनि विज्ञापन प्रकाशित हुने गर्दछन्।

डिजिटल पत्रकारिता नौलो प्रविधिमा आधारित पत्रकारिता भएका हुनाले यसमा आबद्ध पत्रकारमा थप विशिष्ट प्राविधिक क्षमता हुनु आवश्यक छ। अनलाइनका पाठकका रूचि भिन्दै प्रकारको भएका हुनाले परम्परागत सोचले पत्रिकालाई रूचिकर बनाउन सकिँदैन। हाल आएर डिजिटल पत्रकारिताका पनि विभिन्न स्वरूप विकसित हुँदैछन्। जति-जति सूचना प्रविधिको विकास हुँदै जाँदैछ उति-उति डिजिटल पत्रकारिताका स्वरूप पनि विविध बन्दै जाँदैछन्।

डिजिटल पत्रकारिताको विकसित रूपलाई ध्यानमा राख्दै यसलाई समाचारपत्र वेभसाइट, रेडियो एवम् टेलिभिजन समाचार वेभसाइट, समाचार पोर्टल एवम् स्वतन्त्र

समाचार वेभसाइट, हाइपर लोकल न्युज साइट, नागरिक पत्रकारिता साइट एवम् सामाजिक मिडिया साइट, ब्लग र मोबाइल समाचार सेवागरी साधारणतः सात श्रेणीमा विभाजन गर्न सकिन्छ।

### २.३.३ अवधिगत आधारमा पत्रकारिताका प्रकार

पत्रकारितामा समयको महत्त्व सर्वाधिक हुने गर्दछ। विद्युतीय एवम् छापा दुवै किसिमका सञ्चार माध्यममा समयकै आधारमा पत्रकारिता सञ्चालन हुन्छ। पत्रकारिताको कार्य निश्चित अवधिमा पूर्ण गर्नुपर्ने हुँदा यसलाई हतारिएको साहित्य[९५] पनि भनिएको छ। रेडियो अथवा टेलिभिजनमा निश्चित अवधिमा बुलेटिन प्रसारित हुन्छन् भने छापा माध्यमका पत्र-पत्रिका निश्चित अवधिमा प्रकाशित हुन्छन्। अनलाइन र टेलिभिजन पत्रकारितामा आफ्ना पाठक-दर्शकसमक्ष नयाँ खबर छिटो पुऱ्याउने हतार सदैव रहेको हुन्छ भने छापा माध्यमले पनि अहिले आएर खबर अनलाइन पत्रकारिताका माध्यमद्वारा आफ्ना पाठकसमक्ष पुऱ्याउने गरेको छ। अतः विभिन्न प्रकाशन अवधिका आधारमा प्रकाशित हुने पत्र-पत्रिका र तत्सम्बन्धी पत्रकारिता निम्नप्रकार रहेका छन्-

**क) दैनिक :** दैनिक भनेको प्रत्येक दिन प्रकाशित हुने पत्रिका हो। आधुनिक पत्रकारिताको सशक्त पक्ष नै दैनिक समाचारपत्रको प्रकाशन हो। प्रत्येक दिन नयाँ अनि ताजा विभिन्न घटनाक्रमका समाचार एवम् अन्य रोचक सूचनामूलक जानकारी, विज्ञापन र लेखादि, साहित्य, कला, सङ्गीत र संस्कृतिसितै ज्ञानविज्ञानका विविध पाठ्यसामग्री लिएर पाठकसमक्ष पुग्ने पत्रिका विशेषलाई दैनिक पत्रिका वा दैनिक समाचारपत्र भनिन्छ।

वैज्ञानिक प्रविधिको विकाससितै आधुनिक पत्रकारिताको विकास भएको हो। सन् १६०५-मा जर्मनीमा विश्वको पहिलो समाचारपत्र **रिलेसन** (Relation aller Fürnemmen und gedenckwürdigen Historien) प्रकाशित भयो।[९६] **रिलेसन** प्रकाशन भएको प्रायः एक

---

[९५] श्रीराम खनाल; पूर्ववत्, पृ.३४।

[९६] http://**www.historyofinformation.com**/expanded.php?id=45 . (१० जनवरी, २०१७)।

शताब्दीपछि सन् १७०२-मा अङ्ग्रेजी भाषामा लन्दनबाट आधुनिक विश्वको पहिलो दैनिक पत्रिका **द डेली काउरेन्ट** (The Daily Courant) प्रकाशित भयो।[९७] ११ मार्च, १७०२ देखि सन् १७३५ सम्म प्रकाशित **द डेली काउरेन्ट** महिला पत्रकार एलिजाबेद मालिटद्वारा प्रकाशित एवम् सम्पादित थियो।[९८] यो सन् १७३५ मा **डेली ग्याजेटर**मा सम्मिलित भयो।[९९] त्यसपछि युरोप, अमेरिका, एसिया, अस्ट्रेलिया एवम् अफ्रिका सबैतिर क्रमशः दैनिक समाचारपत्र प्रकाशित हुनथाले।

दैनिक समाचारमा समाचार, समाचारका विश्लेषणात्मक अध्ययन, राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, साहित्यिक विषयका लेख एवम् सिर्जनात्मक रचना, खेलकुद, कला, मनोरञ्जन, ज्योतिष, धर्म-संस्कृति, परम्परा, फोटोलगायतका सामग्री प्रकाशित हुने गर्दछन्।

**ख). अर्द्धसाप्ताहिक :** सप्ताहमा दुईपल्ट प्रकाशित पत्रिकालाई अर्द्धसाप्ताहिक पत्रिका भनिन्छ। मूलतः समाचारप्रधान रहने अर्द्धसाप्ताहिक पत्रिका टेबलोएट आकारमा प्रकाशित हुन्छन्। यसमा पनि दैनिक पत्रिकामा जस्तैजस्तै सामग्री प्रकाशित हुने गर्दछन्।

**ग). साप्ताहिक :** सप्ताहमा एकपल्ट प्रकाशित हुने पत्रिकालाई साप्ताहिक भनिन्छ। यो टेबलोएट आकारका साथै पत्रिका आकारमा पनि प्रकाशित हुने गर्दछ। साप्ताहिक समाचारपत्र दैनिकभन्दा बढी विश्लेषणात्मक हुन्छ अनि यसमा खोजी पत्रकारितालाई उच्च प्राथमिकता दिइन्छ। घटनाको गहन छानबीनसहित त्यसको अन्तःतहसम्म पुगेर खबर सम्प्रेषण गर्नु नै साप्ताहिक पत्रिकाको धर्म हो। साप्ताहिक पत्रिकाले दैनिकले दिन नसकेका र नभ्याएका अनेकन विषयवस्तुलाई गहन, रोचक एवम् पठनीय रूपमा प्रस्तुत गर्दछ।

---

[९७] https://**thestreetandthecityul.wordpress.com**/2016/03/11/march-11-1702-first-issue-of-the-daily-courant-englands-first-**national-daily-newspaper**/. (१० जनवरी, २०१७)।

[९८] पूर्ववत्।

[९९] पूर्ववत्।

आधुनिक पत्रकारिताको थालनी साप्ताहिक समाचारपत्रबाट नै भएको हो। विश्व समाचारपत्र सङ्घलगायत अनेकौं लेखक एवम् इतिहासकारद्वारा मान्यता प्रदान गरिएको विश्वको पहिलो समाचारपत्र **रिलेसन** (Relation aller Fürnemmen und gedenckwürdigen Historien) सन् १६०५-मा जर्मनीबाट प्रकाशित भएको थियो।[१००] पवित्र रोमन साम्राज्यको स्टारस् वर्गबाट प्रकाशित यो पत्रिका जर्मन भाषामा थियो।[१०१] यो पत्रिका आज पनि स्टारस् वर्ग नगरनिगम सङ्ग्रहालयमा सुरक्षित रहेको छ।[१०२] अङ्ग्रेजी इतिहासकार स्टेनली मोरिसनले क्वारटो आकारमा प्रकाशित हुने **रिलेसन**लाई समाचारपत्रभन्दा पनि समाचार पुस्तिका भन्नु उपर्युक्त ठहर्दछ भनेका छन्।[१०३]

त्यसपछि जर्मनीबाटै जर्मन भाषामा क्रमशः **अविसा रिलेसन अडर जीतुङ** (Avisa Relation oder Zeitung) सन् १६०९-मा वुलफेनबुटेनबाट तथा बासेलबाट सन् १६१०-मा, फ्राङ्कफर्टबाट सन् १६१५-मा र सन् १६१७-मा बर्लिनबाट पनि जर्मन भाषामा साप्ताहिक समाचारपत्र प्रकाशित भएको उल्लेख गरिएको भए तापनि ती पत्रिकाहरूको नाम भने थाहा हुन सकेको छैन। सन् १६१८ मा डच गणतन्त्रको एम्सट्राडमबाट प्रकाशित डच भाषाको साप्ताहिक **Courante uyt Italien, Duytslandt, &c.** –चाहिँ ब्रोडसिडमा प्रकाशित भएको विश्वको पहिलो समाचारपत्र मानिएको छ।[१०४] कालान्तरमा युरोपका अन्य राष्ट्रबाट पनि साप्ताहिक समाचारपत्र प्रकाशित हुने क्रम आरम्भ भयो। संयुक्त राज्य अमेरिकामा भने बोस्टन मासाछुसेटस्बाट सन् १७०४-मा अङ्ग्रेजी भाषामा प्रकाशित **द बोस्टन न्युज लेटर**, मोरिससबाट सन् १७७३-मा फ्रान्सेली भाषामा प्रकाशित **Annonces**, अफ्रिकी महादेशबाट प्रकाशित **Affiches et Avis Divers pour les Colonies des Isles de France et de Bourbon**, सन् १७८०-मा एसियाई महादेशअन्तर्गत भारतको कलकत्ताबाट

---

[१००] http://**www.historyofinformation.com**/expanded.php?id=45. (१० जनवरी, २०१७)।

[१०१] पूर्ववत्।

[१०२] पूर्ववत्।

[१०३] पूर्ववत्।

[१०४] http://**www.historyofinformation.com**/expanded.php?id=4774. (१० जनवरी, २०१७)।

अङ्ग्रेजी भाषामा प्रकाशित **बेङ्गाल ग्याजेट** र सन् १८०३-मा अस्ट्रेलियाको सिडनीबाट अङ्ग्रेजी भाषामा प्रकाशित **सिडनी ग्याजेट** आदि साप्ताहिक पत्रिका तत्महाद्वीपहरूका प्रथम प्रकाशित साप्ताहिक समाचारपत्र मानिएका छन्।[१०५] यसै क्रममा हालसम्म प्राप्त तथ्याङ्कअनुसार सन् १९०१-मा नेपालबाट प्रकाशित **गोरखापत्र** नेपाली भाषाको पहिलो साप्ताहिक पत्रिका हो भने सन् १९१५ मा बनारसबाट प्रकाशित **गोर्खाली** पत्रिका भारतबाट निस्किएको पहिलो साप्ताहिक पत्रिका थियो।

**घ) पाक्षिक** : महिनामा दुईपल्ट अर्थात् १५ दिनमा प्रकाशित हुने पत्रिकालाई पाक्षिक पत्रिका भनिन्छ। पाक्षिक पत्रिका टेबलोएट अनि पत्रिका दुवै आकारमा प्रकाशित हुने गर्दछन्। यो समाचारप्रधान पत्रिकाका अतिरिक्त समाचारइत्तर विषय जस्तै अनुसन्धानप्रधान, विज्ञानप्रधान, खेलकुद, चलचित्र, साहित्यिक आदि केन्द्रित पनि हुने गर्दछन्। समाचारप्रधान पाक्षिकहरू विश्लेषणात्मक एवम् अनुसन्धानात्मक प्रकृतिका हुन्छन्। सिक्किमबाट सन् १९६१-देखि थालिएको **कञ्चनजङ्घा** नेपाली पाक्षिक पत्रिकालाई उदाहरणका रूपमा हेर्नसकिन्छ।

**ङ) मासिक** : मासिक पत्रिका भनेको महिनामा एकपल्ट नियमित रूपले प्रकाशित हुने पत्रिका हो। यो समाचारप्रधान प्रकृतिको हुँदाहुँदै पनि यसमा विज्ञान, अर्थशास्त्र, व्यापार वाणिज्य, साहित्य, कला, सङ्गीत, संस्कृति, लोकसाहित्य, बालसाहित्य, पारिवारिक, स्वास्थ्य, चिकित्सा विज्ञान, राजनीति, अनुसन्धान, इतिहास, चलचित्र आदि अनेकन विषयमा मासिक पत्रिकाका खोराक हुने गर्दछन्। यो बढी सिर्जनात्मक, विश्लेषणात्मक एवम् समालोचनात्मक हुने गर्दछ।

**च) द्वयमासिक** : दुई महिनामा एकपल्ट प्रकाशित हुने पत्रिकालाई द्वयमासिक पत्रिका भनिन्छ। द्वयमासिक पत्रिका पनि मासिक पत्रिकाकै विशेषताले परिपूर्ण हुन्छ।

---

[१०५] http://**trove.nla.gov.au/newspaper**/title/3. (१० जनवरी, २०१७)।

**छ) त्रैमासिक :** तीन महिनामा एकपल्ट प्रकाशित हुने पत्रिकालाई त्रैमासिक भनिन्छ। अङ्ग्रेजीमा *क्वाटरली* शब्द प्रचलित छ भने त्यसैको समानार्थी *त्रैमासिक* पत्रिका मूलतः समाचारइत्तर विषयकेन्द्रित हुन्छन्। विज्ञान, अर्थशास्त्र, व्यापार वाणिज्य, साहित्य, कला, सङ्गीत, संस्कृति, लोकसाहित्य, बालसाहित्य, पारिवारिक, स्वास्थ्य, चिकित्सा विज्ञान, राजनीति, अनुसन्धान, इतिहास, चलचित्र आदि विषयकेन्द्रित त्रैमासिक प्रकाशित हुने गर्दछन्।

**ज) चौमासिक :** चार महिनामा एकपल्ट प्रकाशित हुने चौमासिक पत्रिका पनि त्रैमासिक जस्तै समाचारइत्तर विषयकेन्द्रित रहन्छ।

**झ) अर्द्धवार्षिक :** वर्षमा दुईपल्ट अर्थात् ६ महिनामा एकपल्ट प्रकाशित हुने अर्द्धवार्षिक पत्रिका पनि मूलतः समाचारइत्तर विषयकेन्द्रित हुन्छन्। यस्ता पत्रिका सङ्घ-संस्थाका मुखपत्र पनि हुने गर्दछन् भने अनुसन्धानात्मक पनि हुने गर्दछन्।

**ञ) वार्षिक :** वर्षमा एकपल्ट प्रकाशित हुने वार्षिक पत्रिका समाचारप्रधान एवम् समाचारइत्तर दुवै प्रकारका हुने गर्दछन्। विशेष रूपमा सङ्घ-संस्थानको मुखपत्रका रूपमा प्रकाशित हुने वार्षिक पत्रिकामा प्रतिवेदन, उपलब्धि, गतिविधिका विवरणसितै सिर्जनात्मक, समालोचानात्मक, अनुसन्धानात्मक लेख रचना पनि समावेश गरिएका हुन्छन्।

**ट) सामयिक :** सामयिक पत्रिका त्यस्तो पत्रिका हो जो नियमित समयअन्तरालमा प्रकाशित हुन बाध्य हुँदैनन्। विशेषगरी साहित्यिक एवम् अन्य विषयकेन्द्री सामयिक पत्रिका मनोरञ्जनात्मक एवम् रहस्यमय पनि हुने गर्दछन्।

### २.३.४ विषयवस्तुका आधारमा पत्रकारिताका प्रकार

पत्रकारिताका असीमित विषयवस्तु हुनसक्छन्, तथापि व्यावसायिक पत्रकारिताका क्षेत्रमा प्रचलित विषयवस्तुगत आधारमा पत्रकारिताका निम्नलिखित प्रकारमाथि चर्चा गर्न उपयुक्त हुनेछ।

**२.३.४.१ फोटो पत्रकारिता :** 'फोटोग्राफी' शब्दको व्युत्पत्ति ग्रिसेली भाषाबाट भएको हो। ग्रिसेली भाषामा 'फोटो' भनेको प्रकाश हो भने 'ग्राफी' भनेको चित्र बनाउनु हो। अर्थात् ग्रिसेली भाषामा 'फोटोग्राफी' भनेको *प्रकाशद्वारा चित्र बनाउनु* हो।[१०६] आधुनिक पत्रकारितामा फोटो पत्रकारिताको विशेष महत्त्व हुन्छ। यसलाई पत्रकारिताको अभिन्न अङ्ग मानिन्छ। जनसञ्चारका माध्यमबाट फोटोद्वारा सूचना प्रवाह गर्नुलाई फोटो पत्रकारिता भनिन्छ। फोटो पत्रकारिताका निम्ति उपयुक्त साधन, श्रम र सिपको आवश्यकता पर्दछ। फोटो खिच्नका निम्ति क्यामेराको खाँचो पर्दछ। यसैले फोटो पत्रकारितासित क्यामेराको अभेद्य सम्बन्ध रहेको छ।

पत्रकारिता क्षेत्रमा फोटो पत्रकारिता एक सशक्त र प्रभावकारी माध्यम हो, किनभने हजारौं शब्दद्वारा व्यक्त गर्न नसकिने घटनाविवरणलाई एउटै फोटोद्वारा स्पष्ट पार्न सकिन्छ। फोटोका प्रयोगद्वारा पाठ्यसामग्रीलाई आकर्षक एवम् रोचक बनाएर पाठकको ध्यान केन्द्रित गर्न सजिलो हुन्छ। अर्को पक्ष फोटो बुझ्नका निम्ति मानिसलाई भाषा बुझिरहने आवश्यकता पर्दैन। फोटोले सूचना, मनोरञ्जन अनि अभिप्रेरणा दिने काम गर्दछ।

अतः फोटोका माध्यमद्वारा खबरलाई प्रभावकारी रूपमा पुष्टि गर्नका साथै सजीवता प्रदान गर्ने जनसञ्चारको एक सशक्त माध्यम फोटो पत्रकारिता हो।

फोटो पत्रकारिताको थालनी सन् १८४२ बाट भएको हो।[१०७] मई, १८४२-मा **द इलुस्ट्रेटेड लन्दन न्युज** र मार्च १८४३-मा पेरिसबाट **एल इलुस्ट्रेसन**-नामक दुईवटा साप्ताहिक समाचारपत्रको प्रकाशनसितै काठको बक्सा र लिथोग्राफीका सहयोगद्वारा

---

[१०६] https://**www.reference.com**/hobbies-games/word-photography-come-9b1f7d790444ce8b. (१३ जनवरी, २०१६)।

[१०७] http://**www.britannica.com**/EBchecked/topic/457919/history-of photography/252857/Photojournalism. (१३ जनवरी, २०१६)।

समाचारपत्रमा फोटो छापिन आरम्भ भएपछि[१०८] संसारले फोटो पत्रकारिताको नयाँ स्वाद लिन पाएको हो। वास्तवमा सन् १८५५-मा इङ्ग्ल्यान्ड, रूस र टर्कीमाझ भएको क्रिमियन युद्धका समयमा फोटो सङ्ग्रह गर्न गएका फोटो पत्रकार रोजर फेनटनका फोटोबाट फोटो पत्रकारिताको थालनी भएको मानिन्छ।[१०९] उनलाई सैन्य अनियमितता, सेनाको रहनसहन तथा युद्धका समाचार सङ्ग्रह गर्न सकियोस् भनी **लन्दन टाइम्स**ले युद्ध संवाददाता ह्विलियम रुसेलसित पठाएको थियो। फेनटनले चार महिनामा ३६० वटा फोटो खिचेका थिए, जो कुनै पनि युद्धको दस्तावेजीकरणको पहिलो बृहत् फोटोग्राफी पनि हो।[११०] क्रिमियन युद्धका फोटो एक अन्य अङ्ग्रेज फोटो पत्रकार जेम्स रोबर्टसन्ले पनि खिचेका थिए।[१११] त्यसपछि सन् १८५७ मा जेम्स रोबर्टसन् भारतमा भएको प्रथम स्वाधीनता सङ्ग्रामको फोटो लिन भारत आएका थिए।[११२] सन् १८६१-६२ मा **न्युयोर्क टाइम्स**का फोटो पत्रकार मेथ्यु बी ब्राडीले अमेरिकामा भएको गृहयुद्धका विभिन्न २० वटा फोटो उतारेका थिए।[११३]

यसपछि विस्तारै संसारभरिनै फोटो पत्रकारिता लोकप्रिय बन्दै गयो र विभिन्न समाचारपत्र एवम् पत्रिकाले फोटोसहित पत्रिकाको प्रकाशन गर्ने क्रम पनि बढ्यो। बढ्दो लोकप्रियता र प्रतिस्पर्धाका कारण फोटो प्रविधिको विकासले पनि फोटो पत्रकारितालाई नयाँ रूप दिँदै गयो।

समयका गति सँगसँगै फोटो पत्रकारिताका आवश्यक सामग्रीमा पनि परिवर्तन हुँदै जाँदैछन्। दुई दशकअघिसम्म फोटो पत्रकारिताका लागि जति सामग्री प्रयोग गरिँदै थियो, हालमा आएर डिजिटल फोटोग्राफीले त्यसलाई घटाइदिएको छ। वर्तमान फोटो

---

[१०८] पूर्ववत्।
[१०९] पूर्ववत्।
[११०] पूर्ववत्।
[१११] पूर्ववत्।
[११२] पूर्ववत्।
[११३] पूर्ववत् ।

पत्रकारितामा डिजिटल फोटोग्राफी नै प्रयोग हुन थालेपछि रोलफिल्म, कट् फिल्म, डार्करूम, डेभलपर, ड्रायर एवम् प्रयोगशालाको आवश्यकता न्यून हुन थाल्यो।

बद्लिँदो समयसितै फोटोग्राफीमा विशिष्टता प्रदर्शन गर्नका लागि विशेष क्षेत्रको विशेष फोटोग्राफीको माग पनि बढ्न थालेको छ। यस्ता स्थितिमा विभिन्न क्षेत्रका निम्ति छुट्टाछुट्टै फोटो पत्रकारलाई सञ्चार माध्यमले नियुक्ति दिएर राख्न थालेका छन्। फोटोग्राफरका कुन क्षेत्रमा बढी रूचि छ त्यसैअनुरूप उनीहरूले आफ्ना क्षेत्रसमेत तय गर्न थालेका छन्, जसले फोटो पत्रकारिताका विभिन्न प्रकार जन्म गराएको छ। फोटो पत्रकारिताका प्रकारहरूमा खेलकुद फोटो पत्रकारिता, युद्ध फोटो पत्रकारिता, ग्ल्यामर फोटो पत्रकारिता, स्पट समाचार फोटो पत्रकारिता, यात्रा फोटो पत्रकारिता र वन्यप्राणी फोटो पत्रकारिता आदि प्रमुख हुन्।

समग्रमा फोटो पत्रकारिता व्यावसायिक पत्रकारिताको त्यो शाखा हो, जसले फोटोका माध्यमद्वारा आम मानिसमा मनोरञ्जनका साथ घटना वा गतिविधिको जानकारी सञ्चार गर्नका साथै पत्रकारिताको विश्वसनीयतालाई प्रगाढ बनाउने काम गर्दछ। फोटो पत्रकारितामा आचारसंहिता, नैतिक-मूल्य र मान्यताको पालन गर्नुपर्ने हुन्छ र फोटो पत्रकारले इमान्दारीका साथ तस्वीरलाई सदैव वास्तविक रूपमा पाठकसमक्ष प्रस्तुत गर्नुपर्दछ।

**२.३.४.२ खोजी पत्रकारिता** : पहिले पहिले खोज्ने काम भएको हुँदा समग्र पत्रकारितालाई नै खोजी पत्रकारिता भनिन्थ्यो।[११४] सबै संवाददाता एवम् रिपोर्टरले तयार पारेका सबै सामग्री खोजपूर्ण सामग्री हुने हुँदा उनीहरू खोजी रिपोर्टर हुन्थे। समाचारपत्र, पत्रिका, टेलिभिजन र रेडियोका समाचारका लागि सूचना सङ्कलन गर्नुपर्ने हुन्छ, तर

[११४] मोहन मैनाली (सन् २०१३); **खोजी पत्रकारिताका लागि सूचनाको हक**, काठमाडौं : संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को), काठमाडौं कार्यालय पृ.१ ।

वर्तमान अवस्थामा प्रचलित खोजी पत्रकारिता अथवा इन्भेस्टिगेटिभ जर्नालिज्म भने पहिलेको भन्दा केही भिन्न अर्थमा लिइएको पाइन्छ।

खोजी पत्रकारितालाई पत्रकारिताको विशेष र महत्त्वपूर्ण पक्ष मानिएको छ। खोजी पत्रकारका कामकर्तव्य अरू पत्रकारको भन्दा बढी उत्तरदायी हुन्छ। उसले धेरै थरीका मानिससँग भेटवार्ता र अन्तर्वार्ता गरी खोजपूर्ण अनुसन्धान गर्नुपर्छ। तथ्यगत घटनासम्बन्धी आफैंले स्थलगत अवलोकन गर्नुपर्छ। खोजी पत्रकारले सामान्य समाचारमा समेटिने सूचनाभन्दा बढी जानकारी उपलब्ध गराउनु पर्छ। त्यसो हुँदा खोजी पत्रकारितामा सामान्य रिपोर्टिङभन्दा विशेष रिपोर्टिङको आवश्यकता पर्दछ, किनभने खोजीमूलक सामग्री बढी गहकिलो र तहसम्म पुगेको हुनु अपेक्षित छ।

खोजी पत्रकारिताको बीजारोपण सन् १६९० मा नै भएको मानिन्छ। २५ सितम्बर, १६९०-मा बोस्टन सहरमा बेन्जामिन हरिसले **Publick Occurences Both Forreign and Domestick** नामक पत्रिकाको पहिलो अङ्क प्रकाशित गरेको उल्लेख पाइन्छ।[११५] यस पत्रिकामा हरिसले अमेरिकीद्वारा फ्रान्सेली सेनामाथि गरिएका खराब व्यवहारका विषयमा लेखेका थिए, तर चार दिनपछि २९ सितम्बर, १६९० -मा हरिसको प्रकाशन लाइसेन्स रद्द गरिएको थियो।[११६]

सन् १७२१ मा पत्रकार जेम्स फ्राङ्लिनले आफ्नो पत्रिकामार्फत चर्चहरूले स्थानीय दादुरा पीडितलाई कसरी अवहेलना गर्दैछन् भन्ने विषयलाई उदाङ्गो पारेका थिए।[११७] जेम्स फ्राङ्लिन बेन्जामिन हरिसका दाजु थिए र उनले आफ्नो पत्रिका **The New-England Courant** द्वारा अनुसन्धानमूलक समाचार दिने प्रयास गरेको थाहा लाग्छ। चर्चका व्यवहारलाई आलोचना गर्दै सर्वसाधारणमा स्वास्थ्य समस्या विषयक नयाँ धारणाको

---

११५ people.ds.cam.ac.uk_ag531_**InvestigativeReportingHistory.pdf.** (१० अगस्त, २०१६)।

११६ पूर्ववत्।

११७ पूर्ववत्।

विकास गर्ने काम यस पत्रिकाबाट भएको थाहा लाग्दछ।[११८] तर खोजी पत्रकारिताको वर्तमान स्वरूपको विकास भने बीसौं शताब्दीमा मात्र भएको हो। १९औं शताब्दीमा समाचारपत्रमा प्रकाशित खोजमूलक समाचारले खोजी पत्रकारिताको पृष्ठभूमि निर्माण गर्ने काम गरे तापनि वास्तविक खोजी पत्रकारिता भने बीसौं शताब्दीको आरम्भमा नै भएको हो।

सन् १९०२-मा अमेरिकामा खोजी पत्रकारिताले एउटा आन्दोलनकै रूप लियो। सन् १९०० का छेउछाउ अमेरिकामा एक प्रकारका सुधारवादी पत्रकारहरूको उदय भयो। ती पत्रकारले सामाजिक विकृतिका साथसाथै करपोरेट एवम् राजनीतिक क्षेत्रमा देखापरेका भ्रष्टाचारको पोल खोल्दै खोजी पत्रकारितालाई सशक्त बनाउने काम गरेका थिए।[११९] यस्ता पत्रकार एवम् लेखकलाई संयुक्त राज्य अमेरिकाका तत्कालीन राष्ट्रपति थियोडोरे रुज्वेल्टले १४ अप्रेल, १९०६-मा आफ्नो एक भाषणद्वारा *मक्रेकर* नाम दिएका थिए।[१२०] त्यसपछि खोजी पत्रकारिता *मक्रेकिङ पत्रकारिता*को नामले प्रसिद्ध भयो। *मक्रेकिङ*को अर्थ हिलो छ्याप्नु हो।[१२१] मक्रेकिङ पत्रकारिताले खोजी पत्रकारिताको स्वरूप नै परिवर्तन गरिदियो।[१२२] खोजी पत्रकारिताले केवल सामाजिक सुधार मात्र गरेन तर राजनीतिक परिवर्तन पनि ल्याइदियो।[१२३]

खोजी पत्रकारिताको इतिहासमा अर्को महत्त्वपूर्ण घटना वाटरगेट स्केन्डल पनि हो। सन् १९७४-मा संयुक्त राज्य अमेरिकाका ३७ औं राष्ट्रपति रिजार्ड निक्सनले वाटरगेट काण्डका कारण आफ्नो पदबाट राजीनामा दिनुपरेको थियो। **वासिङ्गटन पोस्ट**का दुई युवा पत्रकार बब उडवार्ड र कार्ल बर्नस्टेनले वाटरगेटस्थित डेमोक्रिटिक नेसनल

---

[११८] पूर्ववत्।

[११९] http://**www.britannica.com**/EBchecked/topic/395831/muckraker (५ जनवरी, २०१५)।

[१२०] पूर्ववत् ।

[१२१] पूर्ववत् ।

[१२२] पूर्ववत्।

[१२३] पूर्ववत् ।

कमिटिको कार्यालयमा राष्ट्रपतिले गराएको फोनटेपिङ घटनालाई उदाङ्गो पार्दै समाचार सम्प्रेषण गरेका थिए, जसका परिणामस्वरूप राष्ट्रपतिले राजीनामा दिनुपरेको थियो।[१२४] यसरी सन् १६९० बाट साधारण खोजका अतिरिक्त पत्रकारिताका क्षेत्रमा सन् १९७० देखि यता खोजी पत्रकारिता एउटा छुट्टै विधाका रूपमा स्थापित भइसकेको थियो।

खोजी पत्रकारिता परम्परागत पत्रकारिताभन्दा गहन, अनुसन्धानात्मक, परिश्रमयुक्त, सत्यतथ्यपरक, उत्तरदायित्वपूर्ण एवम् जवाबदेही तथा जोखिमपूर्णसमेत हुने हुँदा खोजी पत्रकारितामा संलग्न पत्रकारको भूमिका पनि सामान्य पत्रकारको भन्दा फरक र विशिष्ट हुन्छ। खोजी पत्रकारमा हुनुपर्ने अत्यावश्यक गुणमध्ये दृढता, प्रतिबद्धता, धीरता, सतर्कता, निष्पक्षता, विवेकशीलता, जानकारी राख्ने क्षमता, अध्ययनशीलता, जिज्ञासु, सङ्ग्रह गर्ने प्रवृत्ति, इमान्दारी, कल्याणकारी, जासुसीकला अनि भाषिक ज्ञान हुन्। **आउटलुक** पत्रिकाका प्रधान सम्पादक विनोद मेहताले खोजी पत्रकारको जिम्मेवारीपूर्ण भूमिकाबारे यसो भनेका छन्- *खोजी पत्रकारले जतिसुकै विश्वसनीय भए पनि एउटै मात्र स्रोतलाई सूचनाको आधार मान्दैन। **आउटलुक** पत्रिकामा, आफूले गहिराइमा पुगेर शुरुदेखि अन्त्यसम्म अनुसन्धान नगरिकन तयार गरेको स्टोरीको सिरानमा आत्मसम्मान भएको कुनै पनि रिपोर्टरले आफ्नो नाम उल्लेख गर्दैन।*[१२५] यस भनाइबाट खोजी पत्रकारिताको अनुसन्धानात्मक प्रवृत्ति प्रष्ट हुँदछ अनि परम्परागत पत्रकारितासितको पार्थक्य पनि बोध गराउँदछ।

लामो समयसम्म अनुसन्धान गरेर सत्य तथ्यको खुलाउनु गर्नुपर्ने हुँदा यो विशिष्ट कार्य पनि हो। यसका लागि पत्रकारले योजनाबद्ध तरिकाले सत्यतथ्यको विधिसम्मत खोजी गर्नु पर्दछ। खोजी पत्रकारिताका लागि विभिन्न तक्निकको प्रयोग गरिन्छ, जसलाई खोजी पत्रकारिता विधि भनिन्छ। विषय, परिकल्पना, सत्यापन, मानव स्रोत, व्यवस्थापन, लेखन, नियन्त्रण अनि प्रकाशन आदि खोजी पत्रकारिताका प्रमुख विधिहरू हुन्।

---

[१२४] पूर्ववत्।

[१२५] पूर्ववत्, पृ.४।

सन् १६९० मा आरम्भ भएको खोजी पत्रकारितालाई वर्तमान विश्वमा विश्वसनीय पत्रकारिता मानिन्छ। यसमा अझ गोप्य रूपमा गरिने खोजी *स्टिङ अप्रेसन*-ले यसलाई सशक्त बनाउने काम समेत गरेको पाइन्छ, तथापि यसमा अनेकन विवाद पनि छन्। कतिपय राष्ट्रले *स्टिङ अप्रेसन*-लाई मान्यता दिएका छैनन्। भारतमा यसलाई मान्य गरिए तापनि संविधानको धारा १९(१)(क) ले दिएको प्रेस स्वतन्त्रतालाई धारा १९ (२) ले जिम्मेवार भनेर सीमित गरिदिएको छ।[१२६] *स्टिङ अप्रेसन*-ले संविधानको धारा २१-ले दिएको निजीत्वको आधिकारलाई हनन गर्दछ भन्ने विवाद रहेको छ। गत केही वर्षयता भारतका टेलिभिजन च्यानल, पत्र-पत्रिका एवम् समाचारपत्रले चलाएका *स्टिङ अप्रेसन* बारेको बहस संसदसम्म पुगेको देखिएको छ। अतः खोजी पत्रकारिता जोखिमपूर्ण भएका कारण सावधानीपूर्वक गरिने त्यो पत्रकारिता हो, जसले समाजलाई गोप्य सत्यसित परिचित गराउँदै जनहितका लागि काम गर्दछ । यसैले अन्य पत्रकारिताका तुलनामा यसको महत्त्व र विश्वसनीयता धेर पाइन्छ।

**२.३.४.३ पर्यावरण पत्रकारिता** : अङ्ग्रेजी भाषाको *एनभाइरोमेन्टल जर्नालिज्म*-कै नेपाली रूपान्तरण पर्यावरण पत्रकारिता हो। नेपालीमा पर्यावरण, वातावरण, परिवेश आदि पर्यायवाची शब्दका रूपमा ग्रहण गरिए तापनि मूल रूपमा पर्यावरण पत्रकारिता नै प्रचलनमा रहेको छ। पर्यावरण पत्रकारिता पर्यावरणसित सम्बन्धित पत्रकारिता हो। अर्का शब्दमा भन्ने हो भने यो पृथ्वीसित जोडिएको पत्रकारिता हो।

पर्यावरण पत्रकारिताले पृथ्वीको पर्यावरणसम्बन्धित विभिन्न पक्षका अध्ययन र खोजी गरी सर्वसाधारणलाई सूचना सञ्चार गर्दछ। पर्यावरणको संरक्षण गर्ने मूल उद्देश्य लिएर पर्यावरण पत्रकारिताले पर्यावरणसम्बन्धित विभिन्न मुद्दा जस्तै प्रदूषण, वनविनाश, मौसम परिवर्तन, हरितगृह प्रभाव, कृषि, उद्योग, विकास आदिमाथि समाचार तथा लेखका प्रकाशन र प्रसारणद्वारा सर्वसाधारण मानिसलाई सूचित मात्रै गर्दैन जनचेतना जगाउनका

---

[१२६] http://www.rmlnlu.ac.in/notice_pdf/charu_article.pdf (५ जनवरी, २०१५)।

साथै मानवसमाजलाई उत्तरदायित्वबोध पनि गराउने कार्य गर्दछ। पर्यावरण पत्रकारिताभित्र मानव सभ्यताका विकास, इतिहास, भूगोल, विज्ञान आदि ज्ञानानुशासन समावेश हुँदछन्।

यसैले कुनै पनि पर्यावरण पत्रकारमा वैज्ञानिक भाषा र अभ्यासलाई बुझ्ने क्षमता, ऐतिहासिक घटनाको ज्ञान, पर्यावरण नीति निर्धारण विषयलाई ग्रहण गर्ने क्षमता, पर्यावरणसम्बन्धित सङ्गठन एवम् संस्थाका गतिविधिसहितको जानकारी, समकालीन पर्यावरणका दिशाबोधबारे साधारण क्षमता हुनका साथै प्रसारित जानकारी जनसाधारणले सहजै बुझ्नसक्ने हुनु पनि आवश्यक छ। पर्यावरण पत्रकारिता पर्यावरण सञ्चारभित्र पर्दछ अनि यसको सोझो सम्बन्ध प्रकृति लेखनसित रहेको हुन्छ।

सन् १८६१ मा जोन इभेलेनले लन्दन सहरको वायु प्रदूषण समस्या, समस्या-समाधानका उपाय र लन्दनको वायुलाई शुद्ध पार्ने सुझाउ प्रस्तुत गर्दै **फमिफूगम**[१२७] नामक पुस्तिका तीन खण्डमा प्रकाशन गरेपछि पर्यावरणविषय सचेत कार्य आरम्भ भएको मानिन्छ। यो पुस्तिका वायु प्रदूषणमाथि गरिएको सम्भवत पहिलो कार्य थियो।[१२८] पर्यावरण पत्रकारिताको सन्दर्भमा **रविन सन क्रुसो** (सन् १७०४) जस्तो प्रसिद्ध उपन्यासका लेखक डानियल डिफियोले सन् १७०३ —का नोभेम्बर २४-२७ मा इङ्ग्ल्यान्डमा आएको तुफानमाथि **द स्ट्रोम** नामक पुस्तक प्रकाशनमा ल्याए। **द स्ट्रोम**लाई पत्रकारिताको सर्वोकृष्ट कार्यमा गणना गरिन्छ।[१२९] वातावरण पत्रकारिताका क्षेत्रमा डानियल डिफियोको यो नौलो प्रयास थियो। यसैले **द स्ट्रोम**लाई आधुनिक पत्रकारिताको पहिलो आवश्यक कार्य (first substantial work) मानिन्छ।[१३०] सन् १७१२ मा इटालीका एकजना चिकित्सक बरनारडिनो रामात्तसिनीद्वारा विभिन्न पेसाका कारण श्रमिकमा हुने

---

[१२७] Fumifugium, or, **The inconveniencie of the aer and smoak of London dissipated together with some remedies** humbly proposed by J.E. esq. to His Sacred Majestie, and to the Parliament now assembled.

[१२८] पूर्वतत्।

[१२९] John J Millar (August 13, 2011); 'Writing Up a Storm', **The Wall Street Journal** http://www.wsj.com/articles/SB10001424053111904800304576476142821212156 (१० जनवरी, २०१७)।

[१३०] पूर्ववत्।

बिमारमाथि लेखिएको पुस्तक *De Morbis Artificum Diatriba* (श्रमिकका बिमारहरू) पर्यावरण पत्रकारिताका क्षेत्रमा अर्को उपलब्धि हो। यसमा उनले विभिन्न ५२ वटा पेसामा कार्यरत श्रमिकमा त्यहाँको धुलो, रसायन, धातु, गन्ध आदिद्वारा हुने विभिन्न बिमारबारे जानकारी लिएका थिए।[१३१]

१८ औँ शताब्दीको औद्योगिक क्रान्तिका कारण विभिन्न क्षेत्रमा मानिसद्वारा गरिने काम यन्त्रहरूद्वारा गरिन थालियो। १९ औँ शताब्दीको थालनीमा कपडा उद्योगमा काम गर्ने युरोप र अमेरिकाका श्रमिकको रोजगारी नयाँ यन्त्रहरूले खोस्न थालेका थिए, जसका कारण सन् १८११-१८१७ सम्म कपडा उद्योगका श्रमिक (बुनकर) -ले विद्रोह गरे, जसविषय विभिन्न खबर **लन्दन टाइम्स**मा प्रकाशित भएका थिए।[१३२] यसपछि सन् १८२७-मा जोन जेम्स ओडुबोनले अमेरिकामा पाइने ४९७ प्रजातिका विभिन्न चराको खोजी गरी रङ्गीन चित्रसहित **बर्डस् अफ अमेरिका** नामक पुस्तक प्रकाशित गरेका थिए। यस पुस्तकले पर्यावरण र प्रकृतिप्रति मानिसको चासोलाई नयाँ रूपमा बढाउने काम गऱ्यो।[१३३] सन् १८४६ मा प्रकाशित **साइनटिफिक अमेरिकनस्** र सन् १८५० का दशकमा विसन दाजुभाइले लिएको **अलपाइन हिमनदी**को फोटोले पर्यावरण पत्रकारितालाई अघाडि बढाउने काम गरेको पाइन्छ।[१३४] सन् १८७० देखि १९१४ सम्मका अवधिमा अमेरिका र युरोपका समाचारपत्रमा वायु प्रदूषण नियन्त्रण विषयमा विभिन्न खबर र लेख प्रकाशित भइरहे।[१३५] सन् १८७३-मा चाल्स हल्लकले वन्यप्राणी संरक्षणमा समर्पित **फरेस्ट एन्ड स्ट्रिम** नामक पत्रिकाको प्रकाशन आरम्भ गरे।[१३६] यसपछि सन् १८९० फोटोपत्रकार जेकब रिजले न्युयोर्क सहरका मलिन बस्तीका अवस्थामाथि लेखेको

---

१३१ https://**www.britannica.com**/biography/Bernardino-Ramazzini#ref138643 (११ जनवरी, २०१५)।

१३२ http://www.environmentalhistory.org/revcomm/readings-2/ch-3-modern-press/science-and-environmental-journalism/timeline-of-environmental-journalism-and-literature/ (११ जनवरी, २०१५)।

१३३ पूर्ववत्।

१३४ पूर्ववत्।

१३५ पूर्ववत्।

१३६ http://www.historyofinformation.com/expanded.php?id=2183/ (११ जनवरी, २०१५)।

चित्रात्मक पुस्तक **How the Other Half Lives: Studies among the Tenements of New York**-ले स्वास्थ्य, सरसफाई, बालश्रम, श्रमिकका अवस्था, खानपान, जीवनशैली आदि विभिन्न मुद्दा उठान गर्‍यो।[१३७]

यसपछि बीसौं शताब्दीसितै थालनी भएकोको मक्रेकिङ पत्रकारिताका समयमा पर्यावरण पत्रकारितामाथि धेरै काम भएका पाइन्छन्। **कुलियस् विक्ली**मा प्रकाशित विभिन्न लेख र समाचारले अमेरिकामा व्यापक प्रभाव पार्‍यो। सन् १९०५-मा प्रकाशित अपटन सिन्क्लियरको लेख **इज चिकागो मिट क्लिन** अनि सामोएल होपकिङ अदाम्सका ११ वटा लेखको धारावाहिक सङ्ग्रह **द ग्रेट अमेरिकन फ्रड**ले सिनेटलाई *Pure Food and Drugs Act* (सन् १९०६) अनि *Meat Inspection Act* ( सन् १९०६) पारित गर्न बाध्य बनायो। अदाम्सले आफ्ना लेखमा कतिपय अमेरिकी औषधि कम्पनीले पेटेन्ट गरेका औषधिले कसरी मानिसका स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्दैछन् भन्ने कुरा उदाङ्गो पारेका थिए।[१३८]

यसपछि युरोप र अमेरिका तथा क्रमशः एसिया, अफ्रिका, दक्षिण अमेरिका, अस्ट्रेलिया महादेशमा पर्यावरणसम्बन्धित खोजपूर्ण लेख तथा समाचारका प्रकाशन पत्रकारिताको मूल स्तम्भ नै बन्न पुग्यो। पर्यावरणसम्बन्धित सङ्गठन, संस्थान तथा पत्रकारहरूको फोरम आदि स्थापना पनि हुँदै आए। २२ अप्रेल, १९७० मा संसारभरिका सञ्चार माध्यमले *पृथ्वी दिवस* पालन गर्दै व्यापक समाचार कवरेज गरेपछि पर्यावरणप्रतिको समस्त मानिसको दृष्टिकोणमा व्यापक प्रभाव परेको अनुभव हुन्छ ।[१३९]

राष्ट्रिय वन्यप्राणी सङ्गठनका अनुसार पर्यावरण पत्रकारिताले पर्यावरणसम्बन्धित घटना, प्रवृत्ति अनि मुद्दामाथि खबर दिँदछ। भूप्राकृतिक प्रणाली (वनस्पति, प्राणी, बास,

---

[१३७] Jacob A. Riis (David Leviatin, ed.) (2011); **How the Other Half Lives: Studies among the Tenements of New York**. Boston: Bedford/St.Martin's. p. 9-13.

[१३८] http://**spartacus-educational.com**/USAcolliers.htm(११ जनवरी, २०१५)।

[१३९] http://**www.environmentalhistory.org**/revcomm/readings-2/ch-3-modern-press/science-and-environmental-journalism/timeline-of-environmental-journalism-and-literature/(११ जनवरी, २०१५)।

परितन्त्र, वायुमण्डल, जल, मौसम आदि)-सम्बन्धित विषय नै पर्यावरण पत्रकारिताका विषय हुन्।[१४०]

सङ्गीता राजेशका मतअनुसार पर्यावरण पत्रकारिता भने मौसम परिवर्तन अनि भूउष्मतासित मात्र सम्बन्धित छैन, जैव-विविधता अनि कृषि, आपदा जोखिम न्यूनीकरण, प्राकृतिक संसाधन, नवीनीकरण ऊर्जा अनि जोखिमपूर्ण फोहोरमैला सम्बन्धित छ।[१४१]

डब्लुडब्लुएफका परिभाषाअनुसार पर्यावरण पत्रकारबाट पृथ्वीको गुणमानमा सुधार ल्याउनका लागि रूपान्तरित गर्ने वकालती अपेक्षा गरिन्छ। उनीहरूले जनसमुदायलाई पर्यावरणसम्बन्धित गम्भीर मुद्दामा शिक्षित पार्दछन् अनि वायु, जल, वन्यप्राणी तथा प्राकृतिक संसाधनहरूका गुणमानमा सुधार ल्याउनका लागि समाचार सञ्चार शक्तिको प्रयोग गर्दछन्।[१४२]

श्रीराम खनालअनुसार वातावरणका सेरोफेरोलाई विषय बनाएर सूचना, जानकारी, सन्देश फैलाएर जनसमुदायलाई पर्यावरणप्रति चेतनशील, सजग बनाउने कार्य पर्यावरण पत्रकारिताले गरेको हुन्छ।[१४३]

अतः पर्यावरण र प्रकृतिसम्बन्धित विभिन्न विषयवस्तुका अध्ययन, अनुसन्धान गरेर सत्यतथ्य जनसमुदायसम्म पुऱ्याउने पत्रकारितालाई नै पर्यावरण पत्रकारिता भनिन्छ। मूलतः पृथ्वीको पर्यावरणको रक्षा अनि जनसमुदायलाई पर्यावरणप्रति सचेत र सर्तक गराउने उद्देश्य पर्यावरण पत्रकारिताको रहेको हुन्छ।

पर्यावरण सचेतना एवम् ज्ञान, वैज्ञानिक ज्ञान र दृष्टिकोण, ऐतिहासिक पृष्ठभूमि, भूगोल, पर्यावरण नीति र कानुन, क्षेत्रगत अध्ययन-अनुसन्धान, भाषा-शैली एवम् लेखनको प्रस्तुतिकरण जस्ता विषयप्रति पर्यावरण पत्रकारले ध्यान दिनु आवश्यक पर्दछ।

---

[१४०] http://**www.nwf.org**/young-reporters-for-the-environment/resources-for-young-reporters/definitions.aspx (११ जनवरी, २०१५)।

[१४१] http://mediamagazine.in/content/advocacy-environmental-journalism (११ जनवरी, २०१५)।

[१४२] http://wwf.panda.org/?158642/Environmental-journalism-and-its-challenges (११ जनवरी, २०१५)।

[१४३] श्रीराम खनाल (वि स २०६३) ; पूर्ववत्, पृ.८१-८२।

पर्यावरण विषयको सही र तथ्यपूर्ण जानकारी मानिसमा सञ्चार गर्नु निकै चुनौतीपूर्ण कार्य हो र पर्यावरण पत्रकारले यसका लागि विशेष तालिम, अभ्यास र अध्ययन गरेको हुनुपर्दछ।

**२.३.४.४ नागरिक पत्रकारिता** : नागरिक पत्रकारिता अङ्ग्रेजी भाषामा प्रचलित *सिटिजन जर्नालिज्म*-को नेपाली रूपान्तरण हो। नागरिक आफै सक्रिय भएर पत्रकारिता गर्नु नै नागरिक पत्रकारिता हो। व्यावसायिक पत्रकारिताको तालिम नलिएका र व्यावसायिक पत्रकारिताको ज्ञान नभएका नागरिकले पनि खबर अनलाइन अथवा डिजिटल सञ्चार माध्यम अथवा वेभसाइट, ब्लग, सामाजिक मिडियाद्वारा सूचना सञ्चार गर्नु नै नागरिक पत्रकारिता हो। नागरिक पत्रकार प्रशिक्षित व्यावसायिक पत्रकार जस्ता विश्वसनीय नहुँदाहुँदै पनि आचेल नागरिक पत्रकारिता प्रभावकारी मानिन थालिएको छ।[१४४]

नागरिक पत्रकारितालाई जनपत्रकारिता (Public Journalism[१४५]), सहभागी पत्रकारिता (Participatory Journalism[१४६]), प्रजातान्त्रिक पत्रकारिता (Democratic Journalism[१४७]), गुरिल्ला पत्रकारिता (Guerrilla Journalism[१४८]), सडक पत्रकारिता (Street Journalism[१४९]), तृणमूल पत्रकारिता (Grassroots Journalism[१५०]), अतिस्थानीय

---

१४४ पूर्ववत्।

१४५ Paul S. Voakes (2004); *A brief history of public journalism*, **National Civic Review**, Wiley Periodicals, Inc., Autumn (Fall) 2004, Volume 93, Issue 3, pg. 25.

१४६ Steve Safran (2005); *How Participatory Journalism Works*, **Nieman Reports**, Harvard University : The Nieman Foundation for Journalism, Vol. 59 No. 4, Winter 2005, Pg.22.

१४७ Sara Baase (2007); . **A Gift of Fire: Social, Legal, and Ethical Issues for Computing and the Internet**, 3rd Edition, Upper Saddle River : Prentice Hall, Page 351.

१४८ J. A. Case (2007**); Recovering the Radical: Biocybernetic Subversion in Guerrilla Video Primer.** Paper presented at the NCA 93rd Annual Convention, Chicago, IL: November 14, 2007.

१४९ Tamara Witschge (27 March 2009). *Street journalists versus 'ailing journalists'?*. **openDemocracy**, openDemocracy Ltd. https://www.opendemocracy.net/article/street-journalists-as-an-answer-to-ailing-journalism(११ जनवरी, २०१५)।

१५० http://www2.uncp.edu/home/acurtis/Courses/ResourcesForCourses/Journalism/CitizenJournalism.html (११ जनवरी, २०१५)।

पत्रकारिता (Hyperlocal Journalism[१५१]), सञ्जाल पत्रकारिता (Networked Journalism[१५२]), खुल्लास्रोत पत्रकारिता (Open source Journalism[१५३]), अपरम्परित पत्रकारिता (Bottom-up Journalism[१५४]), स्वचालित पत्रकारिता (Stand-alone Journalism[१५५]), वितरित पत्रकारिता (Distributed Journalism[१५६]), छ्यासमिसे पत्रकारिता (Unfiltered Journalism[१५७]), जनशक्ति पत्रकारिता (Crowd-Powered Media[१५८]), सहयोगी सहयोगी नागरिक पत्रकारिता (Collaborative Citizen Journalism[१५९]), व्यैयक्तिक प्रकाशन (Personal Publishing[१६०]), नागरिक मिडिया (Citizen Media[१६१]), गैरमिडिया पत्रकारिता (Nonmedia Journalism[१६२]), इन्डिमिडिया (Indymedia[१६३]) आदि नामले पनि जान्न सकिन्छ।

अतः व्यावसायिक पत्रकारिताको जानकारी नभएका सर्वसाधारण नागरिकद्वारा विभिन्न विषय र घटनाक्रमका सूचना र समाचार परम्परित सञ्चार माध्यम तथा आधुनिक डिजिटल मिडियाको प्रयोगद्वारा विश्वव्यापीकरण गर्नु नै नागरिक पत्रकारिता हो। परम्परित सञ्चार माध्यमले ध्यान नदिएको विषयलाई नागरिक पत्रकारिताले उठान गर्दछ।

नागरिक पत्रकारिताको अवधारणा सन् १९९० को दशकमा विकसित भए तापनि कतिपयले सन् १९०८ अघिको पत्रकारितालाई पनि नागरिक पत्रकारिता भन्न सकिने तर्क

---

१५१ पूर्ववत्।
१५२ पूर्ववत्।
१५३ पूर्ववत्।
१५४ पूर्ववत्।
१५५ पूर्ववत्।
१५६ पूर्ववत्।
१५७ पूर्ववत्।
१५८ पूर्ववत्।
१५९ http://www.techopedia.com/citizen-journalism(११ जनवरी, २०१५)।
१६० पूर्ववत्।
१६१ पूर्ववत्।
१६२ पूर्ववत्।
१६३ पूर्ववत्।

प्रस्तुत गरेका साथै सन् १९०८-मा मिस्सोरी विश्वविद्यालयले पत्रकारिता स्कुल आरम्भ गरेपछि मात्र व्यावसायिक पत्रकारिताको औपचारिक थालनी भएको मानिन्छ।[१६४] पत्रकारिताको औपचारिक ज्ञान नभएका नागरिकद्वारा पनि पत्रकारिता गरिने भएका कारणले गर्दा सन् १९०८ पूर्वको पत्रकारिता पनि नागरिक पत्रकारिताभित्रै दरिएको हो। सन् १७८७ अनि सन् १७८८ मा अमेरिकाका विभिन्न समाचारपत्रमा ८५ वटा लेख **पब्लियस (**Publius) **बाइनेम**मा प्रकाशित भएका थिए। यी लेख कुनै ज्यालादारी लेखकका थिएनन्। **पब्लियस** वर्तमानका ब्लगर जस्तै हुन् भनी क्लाडी एच बेन्टलेले उल्लेख गरेका छन्।[१६५] अमेरिकामा बीसौं शताब्दीको मध्यसम्म संवाददातालाई कुनै प्रकारको पारिश्रमिक भुक्तान गरिँदैनथ्यो। समाचारपत्रमा सामान्य समाचार र लेखहरू छापिन्थे, जसलाई कतिपय सम्पादकले व्यक्तिगत भन्ने गरे तापनि तिनीहरूले पूरै राष्ट्रका ग्राहकलाई आकर्षित गर्दथे अनि तीबिना समाचारपत्र बाँच्न पनि सक्दैन थिए।[१६६]

सन् १९०८ मा पत्रकारिताको स्कुल स्थापना भएपछि पत्रकारिताको औपचारिक तालिम र शिक्षा उपलब्ध गराउने काम क्रमशः विश्वभरि फैलियो। परिणामस्वरूप पत्रकारिताले व्यावसायिक रूप लिँदै गयो र यो क्षेत्रमा तालिम प्राप्त मानव संसाधनको प्रयोग हुँदै गयो। सन् १९९० का दशकमा संसारले *वल्डवाइडवेभ* प्राप्त गरेपछि नागरिक पत्रकारिताले फस्टाउने अवसर प्राप्त गऱ्यो। बार्नरस् लीले पहिलो वेभसाइट *http://info.cern.ch/* विश्वलाई दिए अनि त्यसपछि केही वर्षभित्र नै धेरैवटा वेभसाइट बने अनि यसले लोकप्रियता पनि प्राप्त गऱ्यो। वेभसाइटका नयाँ प्रवृत्ति र प्रकृतिका कारणले

---

१६४ Wally Hughes; पूर्ववत्, पृ.६ ।

१६५ Clyde H. Bentley(2008); **Citizen Journalism: Back to the Future***?,* Discussion paper prepared for the Carnegie-Knight Conference on the Future of Journalism, Cambridge, MA June 20-21, 2008, Page 3. www.ciberdemocracia.net_recursos_textosrelevantes_citizen.pdf (११ जनवरी २०१५) ।

१६६ पूर्ववत्, पृ.३ ।

यसको प्रयोगमा सहजता आउन थाल्यो। *निओ ल्याटिन एचटीएमएल कोर्ड* अनि *ब्लग*को विकासले इन्टरनेटको दैलो सर्वसाधारणका लागि खोलियो।[१६७]

२२ फरवरी, २००० मा दक्षिण कोरियामा ओ योन हो-ले कोरियाई भाषामा **ओमाईन्युज** (http://www.ohmynews.com) नामक न्युज वेभसाइट आरम्भ गर्दै *प्रत्येक नागरिक पत्रकार हुन्* भन्ने घोषणा गरे।[१६८] नागरिक पत्रकारिताकै लागि थालिएको यो पहिलो वेभसाइट थियो।[१६९] गैरसंवाददाताको सहयोगले **ओमाईन्युज**-मा प्रायः ८० प्रतिशत लेख र समाचार नागरिक समाचारका रूपमा प्राप्त हुन्छ। विश्वभरि ६३,३०० नागरिक पत्रकार रहेका यस **ओमाईन्युज**ले नागरिक स्वयम् समाचार सम्प्रेषणका दृष्टिले महत्त्वपूर्ण छन् भन्ने प्रमाणित गरिदियो।[१७०] पछिबाट यसको अङ्ग्रेजी साइट पनि आरम्भ भयो। इच्छुक मानिसले एकाअर्कामा इन्टरनेटको माध्यमद्वारा समाचार साट्न सकुन् भन्ने उद्देश्यले प्रेरित भई ओ योन हो इन्टरनेटका माध्यमद्वारा *प्रत्येक नागरिक पत्रकार (संवाददाता) हो* (Every citizen is a reporter) भन्ने आदर्श वाक्यलाई सार्थकता दिन अघि सरे।

यसैक्रममा सन् २००६-मा अमेरिकी टेलिभिजन च्यानल **सीएनएन**ले *आईरिपोर्ट* नामक कार्यक्रम थालेर नागरिक पत्रकारितालाई परम्परागत मिडियासित जोड्ने काम गऱ्यो। १६ अप्रेल, २००७ का दिन एकजना भर्जेनियाली विद्यार्थीले कलेज परिसरमा भएको गोलीबारीको दृश्यलाई आफ्ना फोनको क्यामेराद्वारा खिचेर सीएनएनमा पाठए, जसलाई सीएनएनले *विद्यार्थीले खिचेको भिडियो* (Student shot video) नाम दिएर प्रसारित गरेको थियो।[१७१]

---

[१६७] Clyde H. Bentley; पूर्ववत्, पृ.४।

[१६८] http://iipdigital.usembassy.gov/st/english/publication/2008/05/20080518184012wrybakcuh0.1961634.html#axzz4WE42NtMB (१३ जनवरी, २०१५)।

[१६९] Wally Hughes; पूर्ववत्, पृ.२८ ।

[१७०] पूर्ववत्, पृ.२९ ।

[१७१] पूर्ववत्, पृ.३० ।

यसरी नागरिक पत्रकारितामा सामाजिक सञ्जालको विकासले क्रान्तिकारी पाइलो चाल्यो। *फेसबुक, ट्वीटर* जस्ता सामाजिक सञ्जाल साइट छिट्टै लोकप्रिय बने। ४ फरवरी २००४-मा हार्बट विश्वविद्यालयका विद्यार्थी मार्क जुकरवर्गले *फेसमेस* नाम गरी सामाजिक सञ्जाल साइट *फेसबुक*को थालनी गरे। आरम्भमा यो हार्बड विश्वविद्यालयका विद्यार्थीका लागि अन्तरजालका रूपमा रहे तापनि यो युरोपभरि लोकप्रिय बन्यो र सन् २००५ मा यसको नाम परिवर्तन गरेर *फेसबुक* राखियो।[१७२] सन् २०१६ सितम्बर सम्ममा फेसबुक प्रयोगकर्ताको सङ्ख्या १ अरब ७९ करोडभन्दा धेरै पुगिसकेको थियो।[१७३] ट्वीटरको स्थापना सन् २००६ मा भएको हो र यसका सक्रिय प्रयोगकर्ताको सङ्ख्या दिसम्बर २०१४ मा २८ करोड ४० लाखभन्दा धेरै रहेको थियो।[१७४] बहुभाषिक प्रयोगको सुविधा भएका यी सामाजिक सञ्जालमा साधारण मानिसले आफ्नो खाता खोलेर सहजै निशुल्क फोटो, भिडियो र पाठ अपलोड गरेर पोस्ट गर्न सक्छन्।

नागरिक पत्रकारिता वैकल्पिक मिडियाका रूपमा विकसित भएको पत्रकारिता हो। प्राध्यापक एवम् लेखक टेरी फिल्युले नागरिक पत्रकारिताको उदयमा खुल्ला प्रकाशन, संयुक्त सम्पादन अनि विषय वितरणजस्ता तीनवटा तत्त्व रहेका उल्लेख गरेका छन्।[१७५] अर्का लेखक जे डी लासिकाले पनि नागरिक पत्रकारितालाई दर्शक सहभागिता, स्वतन्त्र समाचार तथा सूचना वेभसाइट, पूर्णतः नागरिक सहभागी समाचार साइट, संयुक्त एवम् सहयोगी मिडिया साइट, अन्य प्रकारका लघु मिडिया र व्यक्तिगत प्रसारण साइट गरी ६ प्रकारमा विभाजित गरेका छन्।[१७६]

---

[१७२] https://avadhbhumi.wordpress.com/tag/सोशल-मीडिया (१५ जनवरी, २०१५)।

[१७३] https://newsroom.fb.com/company-info/(१० जनवरी, २०१७)।

[१७४] http://twittercounter.com/(१५ जनवरी, २०१५)।

[१७५] Terry Flew (2005); **New media: An introduction. South Melbourne**, Vic. ; New York: Oxford University Press, pg.56-57.

[१७६] J. D. Lasica (2003); **What is Participatory Journalism?** http://www.ojr.org/ojr/workplace/1060217106.php (१५ जनवरी, २०१५)।

स्टेफन कुइन अनि स्टेफन लाम्बलले आफ्नो पुस्तक **Online Newsgathering: Research and Reporting for Journalism**-मा नागरिक पत्रकारिता दुई प्रकारका हुन्छन् भनेका छन्। उनीहरूका अनुसार पहिलो, गैरप्रशिक्षित पत्रकार रहेका नागरिकले परम्परागत सञ्चार माध्यममा आफ्नो समाचार प्रकाशित गर्नु र दोस्रो, ब्लग, सामुदायिक वेभसाइटमा आफ्ना सामग्री प्रकाशित गरी पत्रकारको भूमिका निर्वाह गर्नु रहेका छन्।[१७७]

नागरिक पत्रकारितामा जनताको प्रत्यक्ष सहभागिता हुने हुँदा यसबाट मूलधाराका पत्रकारले पनि सूचना लिने गरेको पाइन्छ। पत्रकारका रूपमा प्रशिक्षित नभए नागरिकले विषयवस्तुलाई आफ्नै दृष्टिकोणबाट हेर्ने गर्दछन् अनि त्यस्तोको सूचना सञ्चार गर्ने गर्दछन् जसबाट परम्परित मिडियाले प्रचुर मात्रामा लाभ उठाउन सक्छन्। अतः नागरिक पत्रकारिता जनताको सहभागिता रहेको त्यस्तो पत्रकारिता हो जसले सूचना सञ्चार मात्रै गर्दैन जनविचार पनि सिर्जना गर्दछ। यसमा पनि परम्परागत पत्रकारिताले जस्तै आचारसंहिताको पालन गरिनु पर्दछ।

**२.३.४.५ पैरवी पत्रकारिता** : पैरवी पत्रकारिता अङ्ग्रेजी भाषामा प्रचलित *एड्भोकेसी जर्नालिज्म*को नेपाली रूपान्तर हो। पैरवी पत्रकारितालाई *वकालती पत्रकारिता* पनि भन्न सकिन्छ। यसलाई *सिविक जर्नालिज्म, पब्लिक जर्नालिज्म, कम्युनिटी जर्नालिज्म* अनि *कम्युनिटेरियन जर्नालिज्म*को नामले पनि चिनिन्छ।[१७८]

पैरवी अर्थात् एड्भोकेसी भन्नाले कुनै मुद्दाको स्थितिलाई प्रोत्साहित गर्नु अथवा एकनिष्ठ तरिकाले मुद्दालाई अघि बढाउनु अथवा कुनै पनि मुद्दालाई आफ्नै तरिकाले प्रचार गर्नु हो। पैरवी पत्रकारिता पत्रकारिताको त्यो पक्ष हो जसमा कुनै सामाजिक अथवा राजनीतिक उद्देश्यका लागि जानीबुझी अथवा स्पष्ट रूपमा गैरवस्तुनिष्ठ अथवा एक पक्षीय

---

१७७ Wally Hughes; पूर्ववत्, पृ.१ ।

१७८ **Multimedia Traning Kit, Introduction to Advocacy Journalism Handout**, Developed by: Highway Africa, 2015, Page 2 (http://www.itrainonline.org/itrainonline/mmtk/mmtk_advocacy_journ_handout.doc) (२३ जनवरी, २०१५)।

दृष्टिकोण राखेर विषयका सकारात्मक पक्षलाई मात्र प्रस्तुत गर्ने काम हुन्छ। सर्वसाधारणका जीवनसित सरोकार राख्ने अथवा प्रभावित गर्ने किसिमका मुद्दालाई कुनै पनि परिस्थितिमा प्रोत्साहित गरेर जननीति अनि राजनीतिक, आर्थिक अनि सामाजिक प्रणाली एवम् संस्थान र जनतालाई सजग पार्ने काम पैरवी पत्रकारिताद्वारा गरिन्छ। कतिपय स्थितिमा जनताका आवाज बनेर कतिपय विषयवस्तुका बिन्दुगत प्रचार गरी सामाजिक परिवर्तन गर्ने अनि जनताका जीवनस्तरमा सुधार ल्याउने उद्देश्य पनि यसले बोकेको हुन्छ।[१७९] पैरवी पत्रकारितामा पनि पत्रकारिताका ती सबै तत्त्वलाई यथावत रूपमै पालन गरिन्छ, तर यसको एउटै उद्देश्य जनताको आवाज बनेर सामाजिक परिवर्तनका लागि कार्य गर्ने हुन्छ।

विभिन्न प्रेस प्रणाली र पत्रकारिताको अवधारणाका विकासका कारण पैरवी पत्रकारिताको विकास युरोप र अमेरिकामा छुट्टाछुट्टै तरिकाले भएको पाइन्छ।[१८०] बहुलवादी एवम् कर्पोरेट मिडिया सिस्टम भएकाले युरोपीय लोकतन्त्रमा पक्षपातपूर्ण रूपमा पैरवी पत्रकारिता समाचार कक्षबाट नै सञ्चालन हुन्थ्यो। यसको विकासमा राजनीतिक दलका प्रचार-प्रसारको ठुलो भूमिका रहेको छ। दलपक्षीय समाचार सम्प्रेषण, सम्पादकीय तथा सूचनाले प्रेसमा राजनीतिक दलको प्रभाव थियो भन्ने प्रमाणित गर्दछ। दलले समाजमा आफ्नो प्रभुत्व सबल बनाउनका लागि प्रेसको सहयोग लिँदथे जसको परिणामस्वरूप पक्षपातपूर्ण विचारयुक्त पत्रकारिताको विकास हुँदै गयो। युरोपीय प्रजातन्त्रमा प्रायः समाचारपत्रले राजनीतिक पार्टीप्रति आस्थापूर्ण दृष्टिकोणको विकासमा सहयोगी भूमिका निर्वाह गरेको पाइन्छ। [१८१]

---

[१७९] पूर्ववत् ।

[१८०] Silvio Waisbord; (2009), *Advocacy Journalism in a Global Context*, **The Handbook of Journalism Studies**, Karin Wahl -Jorgensen and Thomas Hanitzsch (Ed.), New York: Routledge, Page. 372.

[१८१] पूर्ववत्।

संयुक्त राज्य अमेरिकामा पैरवी पत्रकारिताको विकास छुट्टै प्रकारले भएको पाइन्छ। सन् १८५० देखि सन् १९२० -का अवधिमा पक्षपातपूर्ण प्रेसको पतन र व्यावसायिक प्रेसका स्थापनाका कारण पैरवी पत्रकारिताको लागि छुट्टाछुट्टै परिस्थितिको विकास भएर गयो। यहाँ व्यावसायिक पत्रकारिताले निष्पक्षता अँगाल्दै पत्रकारिताको आदर्श मानकलाई अवलम्बन गर्ने काम गऱ्यो। युरोपीय प्रजातन्त्रमा जस्तो यहाँ प्रेसमा राजनीतिक दलको प्रभुत्व रहेन र बजारको शक्तिले दलहरूको सञ्चारशक्तिको प्रभुत्वलाई न्यून पारिदिएको थियो। ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा अमेरिकामा १९ औं शताब्दीमा चलेका महिला मतदान अधिकार, श्रमिक अधिकार जस्ता आन्दोलनलाई प्रोत्साहित गर्ने काम, राजनीतिक एवम् व्यापारिक भ्रष्टाचारविरुद्ध आलोचना गर्ने काम पैरवी पत्रकारिताले गरेको पाइन्छ।सत्यतथ्यलाई निष्पक्ष रूपमा राख्दै पत्रकारले सामाजिक अधिवक्ताका रूपमा काम गर्न आरम्भ गरे।ठूला समाचारपत्रले सम्पादकीय एवम् उत्तरसम्पादकीय पृष्ठमा पैरवी पत्रकारितालाई स्थान नै दिएनन्।[१८२]

अतः पैरवी पत्रकारितामा कुनै मुद्दा, विषयवस्तु, नीतिसम्बन्धी विषय, राजनीतिक, सामाजिक, आर्थिक आदि पक्षलाई लिएर कलम चलाइन्छ। यसरी समर्थन गर्दा पूर्वाग्रहसहित प्रतिपक्षीका तर्कको विरोध गर्दै वस्तुनिष्ठता र निष्पक्षतालाई समेत बेवास्ता गरी सम्बन्धित मुद्दा वा विषयमा जनधारणा निर्माण गर्ने अभीष्ट राखिएको हुन्छ। यसमा सदैव मुद्दा वा विषयमा सकारात्मक पक्षलाई सत्यताका रूपमा प्रस्तुत गरिन्छ भने यस किसिमको पत्रकारिता विषयवस्तुकेन्द्री हुन्छ।

**२.३.४.६ विकास पत्रकारिता :** कुनै पनि राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, राजनीतिक, जनजीवनस्तर, स्वास्थ्य, कृषि, यातायात आदि विभिन्न पक्षका विकाससित सम्बन्ध राख्ने पत्रकारितालाई विकास पत्रकारिता भनिन्छ। वास्तवमा

---

[१८२] पूर्ववत्, पृ.३७३।

जनसञ्चारका माध्यममा विकाससम्बन्धी विषयवस्तुको समावेश हुनु नै विकास पत्रकारिता हो।

**अ) विकासको अर्थ :** विकास एउटा यस्तो अवधारणा हो जो कुनै एक पक्षको मात्र होइन तर समाजका समग्र प्रगतिसित सम्बन्धित रहेको हुन्छ। यसले सामाजिक, आर्थिक, राजनीतिक, वैज्ञानिक, भौतिक आदि सबै क्षेत्रका विकाससित सरोकार राख्दछ। मानिसको जीवनस्तरमा हुने वृद्धि, कुनै पनि राष्ट्रको कुनै पनि पक्षमा आउने सकारात्मक परिवर्तन र अभिवृद्धिलाई विकास भनिन्छ।[१८३] विकासलाई गरिबीदेखि धनाढ्यतर्फ, पारम्परिक ग्रामीण अर्थतन्त्रदेखि सहरीकरणतर्फ उन्मुख हुनुमा सीमित गर्न सकिँदैन। अपितु विकासले यी सबै विषयलाई समेट्दै उच्च मानव जीवनस्तर, सुरक्षा, न्याय अनि समानतालाई प्रतिनिधित्व गरेको हुन्छ।[१८४] वृद्धि भन्नाले अघिबाटै स्थापित उत्पादन संरचनाको विस्तारमा हुने सङ्ख्यात्मक अभिवृद्धिको प्रक्रिया हो भने विकासले सदैव असल मानव जीवनको निम्ति गुणात्मक परिवर्तनको कामना गरिरहेको हुन्छ।[१८५] यसैले आर्थिक वृद्धि तथा विकासमा भिन्नता पाइन्छ। अतः आर्थिक वृद्धि मात्र विकासको मापदण्ड होइन।

म्याक क्वाइलले विकास पत्रकारिताका तीनवटा विशेषताको उल्लेख गरेका छन्, ती हुन्- मिडियाले राष्ट्रका स्थापित नीतिअनुरूप सकारात्मक विकासमूलक कार्यलाई स्वीकार एवम् सिद्ध गर्नुपर्दछ। विकास समाजको आवश्यकता भएका हुँदा आर्थिक प्राथमिकतामा मिडिया स्वतन्त्र हुनुपर्दछ। अन्य विशेषतासहित मिडियाले भौगोलिक,

---

[१८३] श्रीराम खनाल (सन् २००८); पूर्ववत् पृ. १०६।

[१८४] K M Shrivastava(2014); **News Reporting and Editing**, New Delhi : Sterling Publishers PVT.LTD, pg. 176.

[१८५] पूर्ववत्।

सांस्कृतिक अनि राजनीतिक रूपमा नजिक रहेका अन्य विकासशील देशका खबर र सूचनालाई प्राथमिकता दिनुपर्दछ।[१८६]

**आ) विकास पत्रकारिताको पृष्ठभूमि** : दोस्रो विश्वयुद्धपछि उत्तरउपनिवेशकालमा उदय भएको विकास पत्रकारिता सिङ्गो पत्रकारिता क्षेत्रकै एउटा नयाँ अवधारणा हो। दोस्रो विश्वयुद्धपछि विश्वका धेरैजसो राष्ट्र यूरोपीय उपनिवेशबाट स्वतन्त्र बन्न थाले। यी देशका व्यापक विकासमूलक गतिविधिप्रति पश्चिमी मिडियाले चासो देखाएनन्।

सन् १९६० को दशकमा हङ्कङ निवासी एक अङ्ग्रेज पत्रकार यालन चक्लीले विकास पत्रकारिताको अवधारणा अघि सारे।उनले निम्नस्तरीय अथवा तल्लावर्गका जनजीवनलाई असर पार्ने समाचारसमेत प्रकाशन एवम् प्रसारण गर्नुपर्दछ भन्ने धारणा राखे।[१८७] विकास पत्रकारिताका पिता मानिने यालन चक्लीले आफ्नो शोधमा स्पष्टसँग लेखेका छन् —

> **जनसञ्चारका माध्यमले विकासबारे लेख्ने प्रक्रिया प्रारम्भिक चरणमा छ। पत्र-पत्रिका, रेडियो, टेलिभिजन आदि सञ्चार माध्यमले विकाससम्बन्धी गतिविधिलाई कम प्राथमिकता दिएका छन्। दैनिक तथा साप्ताहिक पत्र-पत्रिकाका समाचार छापिने पृष्ठमा समेत विकाससम्बन्धी गतिविधिले राजनीति, अपराध र यौन जस्ता विषयपछिको चौथो स्थान पाएको छ।**[१८८]

**इ) विकास पत्रकारिताको महत्त्व** : विकास पत्रकारिताले राष्ट्र अनि मानव समाजको समग्र विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ।समाजका समस्यालाई देखाएर सामाजिक जनमत निर्माण गर्न, ग्रामीण विकासका लागि ग्रामबासीलाई सुसूचित गराउन, विकास निर्माणका प्रक्रियामा जनसहभागिता जुटाउन तथा स्वावलम्बी बन्न उत्प्रेरणा प्रदान गर्नु नै

---

[१८६] Emmanuel Odoziand Issaac Nyam (2014), *Development Journalism and Press Coverage of Millennium Development Goals in Nigeria*, **Kuwait Chapter of Arabian Journal of Business and Management Review**, Vol. 3,No.6; Feb. 2014, Pg.22.

[१८७] पूर्ववत्, पृ. १७२।

[१८८] पूर्ववत्।

विकास पत्रकारिताको उद्देश्य हो। विकास पत्रकारिताले विकासमूलक गतिविधिलाई निरन्तरता दिन सर्वसाधारणको सहभागितालाई प्रश्रय दिँदछ। यसले विकास भन्ने कुरा कसैले निशुल्क दिएको उपहार होइन तर यो जनताका निम्ति जनताकै खर्च र योगदानमा गरिने राष्ट्रिय गतिविधि हो भन्ने जनचेतना सिर्जना गर्दछ र जनताको माग शक्तिलाई बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। विकास पत्रकारितासम्बन्धी भारतको दोस्रो प्रेस आयोगले आफ्ना रिपोर्टमा भनेको छ -*विकास कार्यक्रम सम्बन्धी समाचारमा केवल के भइरहेको छ मात्र होइन के गल्ती भइरहेको छ त्यो पनि बताउनुपर्छ। सफलताका कारण सँगसँगै असफलताका कारण पनि बताउनुपर्छ।...*[१८९]

सरकारी स्तरमा सञ्चालन भएका विकास कार्यक्रमबारे जब जब सरकारले चाहन्छ तब तब समाचारपत्रमा समाचार छापिन्छ भने त्यसलाई विकास पत्रकारिता मान्न सकिँदैन। यस्ता समाचारमा सञ्चार माध्यमको अनुसन्धानात्मक योगदान हुँदैन र केवल सरकारी विज्ञप्ति र बयानमा समाचार लेखिएको हुन्छ। भारतमा सन् १९७० का दशकमा हरितक्रान्तिका समयमा छापिएका सरकारी घोषणापरक समाचारलाई उदाहरणका रूपमा लिन सकिन्छ।विकास पत्रकारिताभित्र विकासमूलक गतिविधिमा सरकार सँगसँगै सरकारी तन्त्र, सङ्घ-संस्थान, गैरसरकारी संस्थान, सङ्गठन, ग्राम, समाज, जनप्रतिनिधि तथा सर्वसाधारण जनताको भूमिका उत्तिकै महत्त्वपूर्ण हुन्छ, जसबारे अनुसन्धान गर्नु विकास पत्रकारिताको उद्देश्य हो।

दोस्रो प्रेस आयोगका प्रतिवेदनअनुसार ग्रामविकास, शिक्षासुधार, कुष्टनिवारण आदि क्षेत्रमा गैरसरकारी संस्थानले जुन काम गरिरहेका छन्, त्यसबारे विस्तृत अनि सघन समाचार दिने सन्दर्भमा अनि सरकारद्वारा सञ्चालन गरिएका विकास कार्यक्रमका तुलनामा थोरै ध्यान दिएको पाइन्छ।यस्तैप्रकारले हाम्रा देशका समाचारपत्रले ती संस्थानले

---

[१८९] कासीनाथ गोविन्द जोगलेकर (सन् १९९७); **समाचार और संवाददाता,** वाराणसी : विश्वविद्यालय प्रकाशन, पृ. १३१।

जमनालाल बजाज अथवा मेगासेसे जस्ता पुरस्कार प्राप्त गरेपछि मात्र ती गैरसरकारी संस्थानका गतिविधिबारे समाचार प्रसारण गर्ने गर्छन्। विकाशील देशका स्वतन्त्र समाचारपत्र निश्चित रूपमा आफ्ना सामाजिक जिम्मेवारीप्रति अधिक सचेत र जागरुक हुनुपर्दछ।[१९०]

विकास पत्रकारिताको महत्त्व भारत जस्तो देशमा धेरै हुन्छ, किनभने भारत जस्ता विकाशील देशका ठुलो जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्दछ, तर यी देशका समाचारपत्र, रेडियो तथा टेलिभिजन केन्द्र सहरकेन्द्रित छन् र समाचार पनि सहरकेन्द्री हुन्छन्। ती सञ्चार माध्यमले सहरका आफ्ना पाठक र दर्शकका रूचिलाई ध्यानमा राखेर समाचार प्रकाशन एवम् प्रसारण गर्ने गर्दछन्। सहरमा भएका विकासमूलक गतिविधिलाई मात्र यी सञ्चार माध्यमले देख्दछन् तर विकास कुना-कुनासम्म पुगेको छ कि छैन भन्ने तथ्यको खोजी गर्नु पनि आवश्यक छ।

**ई) विकास पत्रकारिताको लेखन** : विकास पत्रकारिता लेखनका लागि विकास पत्रकारले सम्पर्क, विषयवस्तु, समस्या, सूचना सङ्कलन, स्थलगत भ्रमण, प्रमाणिकीकरण र लेखन जस्ता चरण पार गर्नु पर्दछ। यससम्बन्धमा सम्पर्क भन्नाले विकास पत्रकारिता लेखनका निम्ति पत्रकारले सम्बन्धित क्षेत्रका विशेषज्ञ र सर्वसाधरणसित सम्पर्क कायम गर्नु हो। यसका साथै ठाउँ-ठाउँका सर्वसाधरण अनि सङ्घ संस्था, सरकारी कार्यालय आदिसित पत्रकारले गहिरो सम्बन्ध कायम गरेको हुनुपर्दछ। यस सन्दर्भमा पत्रकारले विकाससित सम्बन्धित विभिन्न पुस्तकहरू तथा पत्र-पत्रिकाका अध्ययन गरी आफूलाई सुसूचित गर्ने काम गरेको हुनुपर्दछ। यसका साथै सरकारी आश्वासनका रेकर्ड राख्ने कार्य पनि गरेको हुनुपर्दछ। यी आश्वासनहरू पूरा भए भएनन् त्यस विषयमा पनि खोजी गर्न सम्बन्धित क्षेत्रका मानिससित सम्पर्क कायम गर्नु आवश्यक छ।

[१९०] पूर्ववत्, पृ. १३२।

यसैगरी विकास पत्रकारिताका निम्ति विषयवस्तुको चयन अत्यन्त आवश्यक पक्ष हो। के कस्ता विकास पत्रकारितासम्बन्धित हुन्छ भन्ने विषयमा पत्रकार सजक र सचेत हुनुपर्छ अनि विषयवस्तुको चयन गर्दा समसामयिकता, सान्दर्भिकता तथा उपयोगिता जस्ता कुरालाई ध्यान दिनुपर्छ। पत्रकारले उक्त विषय कुन समयसम्बन्धित छ अनि त्यसको प्रभाव वर्तमानमा कतिसम्म परेको छ, त्यसको मूल्याङ्कन गर्नु पर्दछ। यसले जनसङ्ख्याको कति ठुलो भागलाई प्रभावित तुल्याएको छ त्यो पनि हेर्न आवश्यक छ। यसका लागि सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, औद्योगिक, वैज्ञानिक, स्वास्थ्य, प्राविधिक आदि विभिन्न क्षेत्रसम्बन्धित विषयवस्तुका चयन गर्न सकिन्छ। विकास पत्रकारिताको विषयवस्तु चयन गर्दा पत्रकारले यी विभिन्न क्षेत्रका सकारात्मक पक्षका मात्र नभई यसका नकारात्मक पक्ष, सकारात्मक र नकारात्मक प्रभाव, यस विकासमूलक गतिविधिमा देखिएका सामाजिक, आर्थिक, राजनीतिक अनियमितता, विकासमूलक कार्यको गुणमान आदि विभिन्न पक्षलाई समेट्नु पर्दछ।

विकासपत्रकारिता अनुसन्धानकै रूप भएका हुँदा पत्रकारले सर्वप्रथम तत्सम्बन्धी समस्याको चयन गर्न सक्नुपर्दछ। विषयवस्तु चयन गरिसकेपछि समस्याको समाधान हुन अपेक्षित ठहरिन्छ।

समस्याको समाधान भएपछि पत्रकारले सूचना एवम् तथ्यङ्क सङ्कलन गर्नुपर्दछ। विषयवस्तुगत आधारमा सङ्कलित सूचनाको वर्गीकरण गरी अध्ययन गर्नु आवश्यक छ।

स्थलगत भ्रमण पनि अर्को महत्त्वपूर्ण चरण हो। प्राप्त सूचनाका आधारमा स्थलगत भ्रमण गर्नु अनिवार्य हुन्छ। विकास योजना सञ्चालन भइरहेका स्थानमा पत्रकारले स्थलगत भ्रमण र निरीक्षण गरी सूचना सङ्कलन गर्नुपर्दछ।

स्थलगत भ्रमणपछि प्राप्त सूचनालाई प्रमाणिकीकरण गर्न आवश्यक छ। सम्बन्धित निकाय, व्यक्ति आदिबाट दस्तावेज अवलोकन गरी सूचना सही भएको नभएको

प्रमाणिकीकरण गर्नु पर्दछ। प्राप्त सूचना प्रमाणिकीकरण भइसकेपछि लेखनकार्य आरम्भ गर्नुपर्दछ। यी चरण पार गरिसकेपछि मात्र विकास पत्रकारिताको लेखन कार्य सम्पन्न हुन्छ।

**२.३.४.७ ग्रामीण पत्रकारिता :** ग्रामीण क्षेत्रका विकाससित सरोकार राख्ने पत्रकारितालाई ग्रामीण पत्रकारिता भन्दछन्। यो विकास पत्रकारिताकै अवधारणामा विकसित भएको पत्रकारिता हो। मूलतः समाचारपत्रमा ठुल्ठुला सहर, राजधानी, राज्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिले मात्र ठाउँ पाउने गरेकाले ग्रामीण क्षेत्र अवहेलनामा परेको पाइन्छ। यसैले साप्ताहिक समाचारपत्र **लर्नर न्युजपेपरस्**-का संस्थापक लियो लर्नरअनुसार पाठकका लागि *क्लार्क गल्लीमा भएको झगडा युरोपमा भइरहेको युद्धभन्दा महत्त्वपूर्ण छ*।[१९१] ग्रामीण पत्रकारिता गाउँका विविध गतिविधि जस्तै कृषि, ग्रामीण विकास, स्वास्थ्य, पर्यावरण, प्राविधिक विकास, रोजगार, ग्राम्य जनजीवनले भोगिरहेका समस्या, व्यापार, जनजीवन, ग्राम्य पेयजल, कला, संस्कृति, प्रतिभा, शिक्षा आदिसित सरोकार राख्ने व्यावसायिक समाचार सम्प्रेषण हो। यसमा ग्रामीण दृष्टिकोण राखिएको हुन्छ र समाचार गाउँमा नै निर्माण हुन्छ अनि गाउँबाटै सम्प्रेषित पनि हुन्छ। यो सहरी क्षेत्रमा बसेर तथाकथिक ग्रामीण पत्रकारिता भनेर कलम चलाउने सहरेहरूको विरोधमा विकसित भएको अवधारणा हो।

**आईआरपीए** अनुसार कृषि उद्यान, सामुदायिक विकास, सहकारी अनि पञ्चायतीराजका सन्बन्धमा ४० प्रतिशत स्थान दिने पत्रकारिता नै ग्रामीण पत्रकारिता हो। ग्रामीण समाचारपत्र स्थानीय भाषामा निस्कने समाचारपत्र हो, जो महानगरबाट होइन महकुमा मुख्यालयबाट प्रकाशित हुँदछ।[१९२]

---

[१९१] "*A fistfight on Clark Street is more important to our readers than a war in Europe*."

[१९२] अर्जुन तिवारी, पूर्ववत्, पृ. ५२।

**जी के रेड्डी**ले ग्रामीण पत्रकारिताका सन्दर्भमा ग्रामीण समुदायको आवश्यकता अनि रूचिलाई सन्तुष्ट पार्न ग्रामीण क्षेत्रबाट प्रकाशित हुने लघु प्रसार भएको समाचारपत्र ग्रामीण पत्रकारिता हो भनेका छन्।[१९३]

बनारसका लेखक **अर्जुन तिवारी**को मतमा ग्राम्यजीवनका समस्या, पीडा, उनीहरूका आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा राजनैतिक जीवनका अपेक्षालाई प्रकाशित गर्ने पत्रकारिता नै ग्रामीण पत्रकारिता हो।[१९४]

सन् १९७१-मा यूनेस्कोद्वारा अफ्रिकामा ग्रामीण पत्रकारिताको अध्ययन गरेपछि नवसाक्षरलाई पाठ्यसामग्री उपलब्ध गराउने, ग्रामबासीलाई निरन्तर शिक्षा दिने, उनीहरूलाई उनीहरूकै उत्पादनका लागि अनि नागरिक अधिकार तथा जिम्मेवारी सम्बन्धमा व्यावहारिक परामर्श दिने, नेता तथा ग्रामबासीमाझ सम्पर्क तथा संवादको वातावरण सिर्जना गर्ने, राष्ट्रको आर्थिक, सामाजिक अनि सांस्कृतिक विकासमा ग्रामीण जनताको सक्रिय सहभागिता सुनिश्चित गर्ने, प्रेसको स्थानीयकरण एवम् विकेन्द्रीकरण गरी ग्रामीण जनसमुदायलाई प्रेससमक्ष अभिव्यक्तिको स्वतन्त्रता उपभोग गर्न सिकाउने अनि ग्रामीण जनतालाई समाचारपत्र पढ्न सिकाउने लक्ष्य निर्धारण गरिएको छ।[१९५]

भारतीय विद्वान् प्रवीण दीक्षितले ग्रामीण पत्रकारितालाई स्पष्ट पार्दै २० सूत्रीय उद्देश्यको उल्लेख गरेका छन्। उनका अनुसार ग्रामीण पत्रकारिताले ग्रामीण समाजका उन्नतिमा आवश्यक सहयोग गर्दछ, परम्परागत लोककला-कौशल, लोकसंस्कृति, लोकसङ्गीतको संरक्षण गर्दै अन्धविश्वासमुक्त समाजको निर्माणमा बल दिँदछ, पछौटेवर्गका मानिसमा स्वतन्त्रताको भावना जागृत गर्दछ अनि शोषकवर्गको विरोध गर्दछ, रचनात्मक सामाजिक कार्यक्रममा सहयोगको भावना जागृत गर्दछ, ग्रामीण पुनर्निर्माण एवम् विकासमा सहयोग, कुटीर उद्योग एवम् ग्राम उद्योगलाई प्रोत्साहन गर्दछ, ग्रामसभा,

---

[१९३] पूर्ववत्, पृ.५३।
[१९४] पूर्ववत्, पृ.५४।
[१९५] पूर्ववत्, पृ.५३।

ग्राम पञ्चायत एवम् खण्डविकास अधिकारीलाई गाउँ विकासको योजना र कार्यक्रममा गतिशील बनाउन रचनात्मक मार्गदर्शन गर्दछ, भूमिसुधार तथा वर्ग-भेदलाई समाप्त गर्ने दिशामा पहल गर्दछ, आवास व्यवस्था एवम् यातायात विकास योजनालाई सहयोग गर्दछ। मनोरञ्जन, शिक्षा, सहकारिता तथा सामुदायिक योजनाप्रति सहयोगको भावना सिर्जना गर्नु, ग्रामीण स्वास्थ्य एवम् स्वच्छता कार्यक्रमलाई प्रोत्साहित गर्नु, ग्रामबासीमा लोकतान्त्रिक भावना विकसित गर्नु, जातिपाति एवम् छुवाछुतको भावना समाप्त गर्नु, श्रमदानको भावना विकसित गर्नु, जीवनस्तर सुधारका लागि प्रेरित गर्नु, कृषि विकासमा ग्रामबासीको योगदानका लागि प्रेरित गर्नु, सम्पूर्ण राष्ट्रको समग्र विकासमा जनसाधारणको भूमिका स्पष्ट पार्दै प्रेरित गर्नु जस्ता उद्देश्यमा ग्रामीण पत्रकारिता लक्षित हुन्छ।[१९६]

समग्रमा गाउँको विकास, संवृद्धि, ग्राम्य जनजीवनका उन्नतिको लक्ष्य राखी ग्रामीणबासीलाई सहरी क्षेत्रका मानिसका समकक्षमा उभ्याउने पत्रकारिता नै ग्रामीण पत्रकारिता हो। यसमा ग्रामीण क्षेत्रका समग्र विकासको झाँकी प्रतिविम्बित हुन्छ।

**२.३.४.८ खेलकुद पत्रकारिता :** खेलकुदसम्बन्धी समाचारपत्रमा लेख्नु, टेलिभिजन अनि रेडियोमा विवरण प्रस्तुत एवम् प्रसारण गर्नु नै खेलकुद पत्रकारिता हो। समाचारपत्रमा खेलकुदलाई विशेष महत्त्व दिइएको हुन्छ र सो स्तम्भ लोकप्रिय पनि हुन्छ। त्यस्ता स्तम्भबाट समाचारपत्रले खेलकुदको छुट्टै पृष्ठ राखेर आफ्ना पाठकलाई आकर्षित गर्ने प्रयास गर्दछ। विशेषगरी युवा पाठकलाई आकर्षित गर्न समाचारपत्रमा खेलकुद पृष्ठ राखिएको हुन्छ।

खेलकुद पत्रकारिता अन्य पत्रकारिताभन्दा केही भिन्न हुन्छ, किनभने खेलकुद पत्रकारले एकैसाथ संवाददाता र समीक्षकको भूमिका निर्वाह गर्दछ। उसले समाचारकथामा

[१९६] बच्चन सिंह (१९८९);**हिन्दी पत्रकारिता के नये प्रतिमान**, वाराणसी: विश्वविद्यालय प्रकाशन, पृ. ७९-८०।

आफ्ना विचार राख्दै खेलका सम्पूर्ण विवरणका साथसाथै समीक्षा पनि प्रस्तुत गरेको हुन्छ। ऊ खेलाडीको गुणमान र क्षमताको निर्णय दिने न्यायधीश बनेको हुन्छ।[१९७]

खेलकुद मानव सभ्यातासितै विकसित हुँदै आएको एउटा अभिन्न अङ्ग हो। यसले मानिसलाई शारीरिक स्फूर्ति दिन्छ। प्रतियोगितात्मक खेललाई मानिसले जीविकोपार्जनका साधनका रूपमा लिएका हुन्छन्। इशापूर्व ७७६ वर्षमा ग्रीसको ओलम्पियामा भएको ओलम्पिक खेलदेखि विश्वले खेलसम्बन्धी परिचित भएको हो। पत्रकारिता जगत्मा खेलकुदले भिक्टोरिया युग (सन् १८३७-१९०१) देखि मात्र स्थान पाउन थालेको हो। सन् १८५६-मा क्याम्ब्रीज र अक्सपोर्ट विश्वविद्यालयका माझ हुने नौका दौडलाई समाचारपत्रले प्रमुखताका साथ छाप्ने गर्थे। यसभन्दा अघि पनि फुटबल, एथ्लेटिक्स र रब्बी आदि खेलका केही समाचार इङ्गल्यान्डका समाचारपत्रमा प्रकाशित भएका उल्लेख पाइन्छन्।[१९८] अमेरिकामा भने सन् १८८३-मा जोसेफ पुलिट्जरले आफ्नो समाचारपत्र **द न्यूयोर्क वर्ल्ड**मा पहिलोपल्ट खेलकुद सम्पादक नियुक्त गरेर खेलकुद पत्रकारितालाई स्थापित गर्ने कार्य गरे। पुलिट्जरको सिको गर्दै सन् १८९२- सम्म अमेरिकाका अधिकांश समाचारपत्रहरूमा खेलकुद सम्पादकको नियुक्ति गरिसकिएको थियो।[१९९] बीसौं शताब्दीको आरम्भदेखि भने समाचारपत्रको एक अभिन्न अङ्गका रूपमा खेलकुद देखापर्‍यो।

खेलकुद पत्रकारका लागि खेलकुदका विषयमा ज्ञान हुनु अनिवार्य हुन्छ। आफ्ना क्षेत्रअनुसार सम्बन्धित खेलका नियम, पारिभाषिक शब्दावली, खेलको भाषा, खेलाडीको प्रदर्शनी विषयक जानकारी, खेलाडीको क्षमताको आकलन गर्ने दक्षता, खेलमैदान विषय जानकारी, मौसम विषयक जानकारी, सम्बन्धित प्रतियोगिताका विषयमा जानकारीका

---

[१९७] VS Gupta (2003); **Handbook of Reporting and Communication Skills**, New Delhi : Concept Publishing Company, pg. 58.

[१९८] Andrew Warwick (2003); **Masters of Theory: Cambridge and the Rise of Mathematical Physics**, University of Chicago Press , pg. 213 .

[१९९] http://www.newworldencyclopedia.org/entry/Sports_journalism (१५ अक्टोबर, २०१५)।

साथसाथै सम्बन्धित खेलमा बनिएका कीर्तिमानबारे जानकारी हुन आवश्यक हुन्छ। यसका साथै पत्रकारमा समीक्षा गर्ने खुबी पनि हुन आवश्यक हुन्छ। खेलकुद पत्रकारितामा खेलको मात्र समाचार सम्प्रेषण नगरेर खोजी पत्रकारिताका सहयोगमा नयाँ नयाँ तथ्य र प्रसङ्ग, ओझेलमा परेका खेलाडीलाई पनि प्रकाशमा ल्याउन सकिन्छ। खेलकुद पत्रकारिताको विशेषतामाथि भारतीय लेखक भी एस गुप्तले निकै प्रकाश पारेका छन्।उनका अनुसार उत्कृष्ट खेलकुद पत्रकारिताले खेलको सत्यतथ्यसितै वातावरणलाई पनि समाविष्ट गरेको हुन्छ, तर पाठक भने पहिला खेलको सत्यतथ्य नै जान्न चाहन्छन् भन्ने कुरो पत्रकारले ध्यान दिनुपर्दछ।[२००]

अतः स्थानीय, क्षेत्रीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता र खेलाडी, खेलकुद स्पर्धा उत्सव आदिका विषयमा समाजलाई रोचक तरिकामा समीक्षासितै जानकारी दिने पत्रकारितालाई नै खेलकुद पत्रकारिता भन्दछन्।

**२.३.४.९ साहित्यिक पत्रकारिता :** साहित्यिक पत्रकारिताका सन्दर्भमा भारतीय अवधारणा र पाश्चात्य अवधारणामा भिन्नता पाइन्छ। भारतीय अवधारणाअनुसार पत्रकार र साहित्यकारमा कुनै प्रकारको भिन्नता पाइँदैन, दुवै लेखक हुन्, दुवै सर्जक हुन्।अंशतः प्रत्येक पत्रकार साहित्यकार पनि हो भने अनिवार्यतः प्रत्येक साहित्यकार पत्रकार पनि हो।[२०१] दूरदृष्टि, चिन्तन-मनन अनि लेखनमा सम्प्रेषणीयताको शक्तिले परिपूर्ण पत्रकार अनि साहित्यकार दुवै नै **सत्यं शिवं सुन्दरं**का उपासक हुन्।[२०२] भारतीय विद्वान्ले पत्रकारिता र साहित्यलाई एका-अर्काका पर्यायका रूपमा हेरेका छन्।[२०३] भारतका धेरैजसो साहित्यकार पत्रकार छन् भने धेरै नै पत्रकार साहित्यकार पनि छन्।

---

[२००] VS Gupta;पूर्ववत्, पृ.५७ ।

[२०१] बच्चन सिंह; पूर्ववत्, पृ.९५ ।

[२०२] अर्जुन तिवारी; पूर्ववत्, पृ २९ ।

[२०३] गोविन्द सिंह (सन् २०१२);*साहित्य और मीडिया,* **अभिव्यक्ति,** नई दिल्ली,
http://www.abhi vyakti-hindi.org/parikrama/delhi/2012/05_21_12.htm (१५ अक्टोबर, २०१५)।

स्वतन्त्रतापूर्व भारतीय पत्रकारिताका तीनवटा रूप थिए - (१) देशको स्वतन्त्रतामा समर्पित पत्रकारिता, (२) साहित्य सेवामा समर्पित पत्रकारिता अनि (३) समाज सुधारमा समर्पित पत्रकारिता। सन् १८६८-मा भारतेन्दू हरिश्चन्द्रद्वारा सम्पादित एवम् प्रकाशित पत्रिका **कवि वचन सूधा**-बाट भारतमा साहित्यिक पत्रकारिता थालनी भएको मानिन्छ।[२०४]

भारतीय अवधारणामा पत्र-पत्रिकाका माध्यमद्वारा साहित्यको सेवा गर्नु नै साहित्यिक पत्रकारिता हो। भारतेन्दू हरिश्चन्द्रदेखि आजसम्म नै पत्र-पत्रिकाका माध्यमद्वारा भारतीय साहित्यका विभिन्न विधा कविता, काव्य, उपन्यास, कथा, निबन्ध, समालोचना, नाटक, एकाङ्की, संस्मरण, नियात्रा, शोधपरक लेख, जीवनी आदिले फस्टाउने अवसर प्राप्त गरेका छन्। भारतीय समाचारपत्रले पनि आरम्भदेखि नै साहित्य सेवालाई धर्म ठानेको देखिन्छ भने साहित्य सेवाको उद्देश्य लिएर विशुद्ध साहित्यिक पत्रिकाका प्रकाशन पनि भएका छन्, जसलाई साहित्यिक पत्रकारिता मानिएको छ।

भारतका तुलनामा पाश्चात्य संसारमा साहित्यिक पत्रकारिताको अवधारणा बीसौं शताव्दीको मध्यतिर मात्र देखापरेको हो। शैलीगत विशिष्टतासहित इतिवृत्तात्मक तक्निकीमा तथ्यपरक सूचना समावेश गरिएको पत्रकारितालाई कथेतर साहित्य (ननफिक्सन)-का रूपमा श्रेणीकरण गरी प्रस्तुत गर्नुलाई छुट्टै साहित्यिक पत्रकारिता भनिएको हो। साहित्यिक पत्रकारितालाई आख्यानात्मक साहित्य (नेरेटिभ जर्नालिज्म), सिर्जनात्मक कथेतर साहित्य (क्रिएटिभ ननफिक्सन) जस्ता शब्दको प्रयोग गरिएको पाइन्छ।[२०५] *नेरेटिभ* शब्दको व्युत्पत्ति ल्याटिन भाषाको *नेरर* (narrare) शब्दबाट भएको हो, जसको अर्थ *कुनै घटनाको विवरण प्रस्तुत गर्नु* हुन्छ।[२०६] साहित्यिक पत्रकारितामा विशुद्ध साहित्य सिर्जनाभन्दा पनि शोधमूलक इतिवृत्तात्मक गद्यका सिर्जनालाई महत्त्व

---

[२०४] पूर्ववत्।

[२०५] http://gr ammar.about.com/od/i l /g/Li ter ar y- Jour nal i sm.htm (१४ जून,२०१६)।

[२०६] William F. Woo (2000); *Just Write What Happened*, Melissa Ludtke (Ed),**Nieman Reports** , The Nieman Foundation for Jounalism at Harvard University, USA: Vol. 53. No. 3, Pg.16.

दिइको हुन्छ। कथेतर साहित्यका माध्यमद्वारा सिर्जना हुने उपन्यास, कथा, निबन्ध, प्रबन्ध, अनुसन्धानात्मक लेख, पुस्तक निरूपण, समीक्षा आदिमाध्यममा पत्रकारिता गर्नु नै साहित्यिक पत्रकारिता हो।

साहित्यिक पत्रकारिताका सन्दर्भमा बोस्टन विश्वविद्यालयका प्राध्यापक एवम् साहित्यिक पत्रकार मार्क क्रामेरका अनुसार कथेतर साहित्यको सानो अंशले मात्र पनि समाचारकथालाई प्रायः जीवन्त बनाउँदछ, किनभने संवेदनशील प्रतिवेदनका प्रस्तुतिले पाठकलाई चिन्तनशील बनाइदिन्छ, जसले तत्कालै आनन्ददायी भ्रम पनि सिर्जना गर्दछ।[२०७] साहित्यिक पत्रकारितालाई स्पष्ट पार्दै अमेरिकी लेखक एवम् पत्रकार रोय पिटर क्लार्कले ६ क-को सूत्र (5W1H)-द्वारा साहित्यिक पत्रकारितालाई चिनाएका छन्-

'Who' becomes character? "को" बन्दछ चरित्र ।

'What' becomes plot. "के" बन्दछ कथानक ।

'Where' becomes setting. "कहाँ" बन्दछ स्थान ।

'When' becomes chronology. "कहिले" बन्दछ घटनाक्रम ।

'Why' becomes motive. "किन" बन्दछ प्रयोजन ।

And 'How' becomes narrative. अनि "कसरी" चाहिँ बन्दछ कथेतर साहित्य।[२०८]

पाश्चात्य विचारअनुसार साहित्यिक पत्रकारिता आख्यानले पूरिपूर्ण हुँदैमा सिर्जनात्मक लेखन हुँदैन, तर त्यस्तो सिर्जनात्मक लेखनमा सत्यतथ्यलाई महत्त्वसहित स्थान दिएर कथेतर साहित्यको सिर्जना भने गरिएको हुन्छ। समाचारपत्रमा पाठकलाई आनन्द दिनका लागि विशेषगरी आइतबारीय परिशिष्टका रूपमा छुट्टै स्थान दिएर उपन्यास, कथा, प्रतिवेदन, निबन्ध, शोधपरक प्रबन्ध प्रकाशित गरिएका पाइन्छन्।

---

[२०७] Mark Kramer (2000*); Narrative Journalism Comes of Age*, Melissa Ludtke (Ed), **Nieman Reports** ,पूर्ववत्, पृ.६ ।

[२०८] Roy Peter Clark (2000); *The False Dichotomy and Narrative Journalism*, Melissa Ludtke (Ed), **Nieman Reports**, पूर्ववत्, पृ. १२।

भारतीय अवधारणाकै आधारमा नेपाली साहित्यिक पत्रकारिता विकसित भएको पाइन्छ। **गोरखापत्र, सुन्दरी, माधवी, गोर्खाली, चन्द्रिका, गोरखासंसार, शारदा, उदय, खोजी, गोर्खा, भारती, कञ्चनजङ्घा, दियालो, स्रष्टा, निर्माण** हुँदै **दैनिक आवाज, हिमालचुली, हिमाली बेला, हिमाली आभा, सुनचरी समाचार, अब, आजभोलि, हाम्रो प्रजाशक्ति, समय दैनिक, हिमालय दर्पण** आदि साहित्यिक पत्रिका र समाचारपत्रका प्रकाशनलाई पत्रकारिताकै रूपमा लिइएको छ। नेपाली विद्वान् विजय चालिसे, ग्रीष्मबहादुर देवकोटा, विजय बान्तवा, हीरा छेत्री, पुष्प शर्मा, श्रीराम खनाल, भानुभक्त आचार्य, घमराज लुइँटेल आदिका पुस्तक एवम् लेखमा पत्रकारिताको चर्चा गर्दा समाचारपत्रसितै विशुद्ध साहित्यिक पत्र-पत्रिकाको पनि चर्चा गरिएको छ। विशुद्ध साहित्यिक पत्रिका प्रकाशन हुँदै आए तापनि नेपालको **गोरखापत्र**-देखि आजसम्म नै समाचारपत्रले नेपाली साहित्यका विकासमा महत्त्वपूर्ण योगदान दिँदै आएका देखिन्छन्। यस दिशामा **गोरखापत्र, गोरखासंसार, गोर्खा, कञ्चनजङ्घा, हिमालचुली, सुनचरी समाचार** आदि पत्रिका प्रमुख छन्।

अतः साहित्यको विकासमा पत्र-पत्रिकाका माध्यमद्वारा योगदान दिनु नै साहित्यिक पत्रकारिताको मूल उद्देश्य हो।

**२.३.४.१० पीत पत्रकारिता** : पीत पत्रकारिता १९ औं शताब्दीका अन्तिम दशकमा अमेरिकामा विकसित भएको एउटा अवधारणा हो। पीत पत्रकारिता अङ्ग्रेजीमा प्रचलित **यल्लो जर्नालिज्म** (Yellow Journalism) को नेपाली रूपान्तरण हो।पीत भनेको यल्लो अर्थात् पहेंलो हो।यसलाई फोहोर (गटर) पत्रकारिता, यल्लो प्रेस आदि नामले पनि चिनिन्छ।[२०९]

समाचारपत्रमा समाचार र विचारलाई बेग्लै प्रकारले कपोलकल्पित रूपमा प्रस्तुत गरी पाठकलाई आकर्षित गर्ने शैलीलाई पीत पत्रकारिता भनिन्छ। समाचारपत्रका

[२०९] अर्जुन तिवारी (सन् २०१०);**आधुनिक पत्रकारिता**, (छै.सं.), वाराणसी: विश्वविद्यालय प्रकाशन, पृ.१२९।

बिक्रीवितरण बढाउनका लागि सूचना र समाचारका सत्यतालाई पर पन्साएर केवल बजारमा प्रभुत्व कायम गर्ने उद्देश्यले गरिएको पत्रकारिता नै पीत पत्रकारिता हो।

सन् १८९० का दशकमा अमेरिकामा पत्रकार जोसेफ पुलिटजर र विलियम हिअर्स्ट माझ भएको बजार नियन्त्रणको प्रतिस्पर्धाले पीत पत्रकारिताको जन्म भएको हो। सन् १८८३ मा पत्रकार जोसेफ पुलिटजरले **द न्युयोर्क वर्ल्ड** नामक दैनिक समाचारपत्रको स्वामित्व किने भने अर्का पत्रकार विलियम हिअर्स्टले **द न्युयोर्क जर्नल** नामको दैनिक समाचारपत्रको स्वामित्व किनेको थिए।दुवै पत्रिकामाझ बजारमा आफ्नो वर्चस्व कायम गर्ने प्रतिस्पर्धा चल्न थाल्यो। **द न्युयोर्क वर्ल्ड**को सन् १८९७ को जनवरी महिनाका एउटा अङ्कमा जोसेफ पुलिटजरले तत्कालिक प्रसिद्ध अमेरिकी चित्रकार रिचार्ड एफ आउटक्याभिटलाई आफ्नो समाचारपत्रमा झुत्रेझाम्रे लुगा लगाएको एउटा मगन्ते बालकको चित्र बनाउन लगाएर छपाएका थिए। चित्रकार आउटक्याभिटले उक्त बालकले पहेंलो रङ्गको लुगा लगाएको चित्र बनाएका थिए। उक्त चित्रका कारण **द न्युयोर्क वर्ल्ड**को बिक्री वितरणमा बढोत्तरी आयो।[२१०] सन् १८९३ देखि नै **द न्युयोर्क वर्ल्ड** समाचारपत्र रङ्गीन कलेवरमा छापिन थालिसकेको थियो।[२११]

अर्कातिर **द न्युयोर्क जर्नल**ले पनि आफ्नो बिक्री वितरण बढाउन सोही चित्रकारलाई झिकाएर आफ्ना समाचारपत्रका निम्ति पहेंलो रङ्ग लगाएको बालकका चित्रको शृङ्खला नै आरम्भ गरे जो अमेरिकामा *यल्लो किट* नामले प्रसिद्ध भयो। यो चित्रले गरेको प्रतिस्पर्धा काम लागेन र विलियम हिअर्स्टले पुलिटजरका पत्रकारलाई धेरै वेतन दिने प्रलोभन दिएर आफ्नो समाचारपत्रमा सामेल गरे अनि उत्तेजना (सनसनी) फैलाउने किसिमका समाचार प्रमुखताका साथ प्रकाशन गर्नथाले। उनका लेखकले आरम्भमा नै प्रेम, वासना, अपराध अनि घृणासम्बन्धित विषयलाई पाठककेन्द्री गरी

[२१०] भानुभक्त आचार्य र घमराज लुइँटेल; पूर्ववत्, पृ.२७७-२७८।
[२११] अर्जुन तिवारी, पूर्ववत्, पृ.१३०।

पाठकलाई सहजै आकर्षित गर्न हेतु यस किसिमको पत्रकारिताको थालनी गरे, जसलाई आर्थर म्याकविनले पीत पत्रकारिताको संज्ञा दिए[२१२] भने अर्विन वर्डमेनले पीत छापाखाना (यल्लो प्रेस)-को संज्ञा दिए।[२१३] पीत पत्रकारितामा निम्नलिखित विशेषता पाइन्छन् -

१. पीत पत्रकारितामा कुनै पनि घटनालाई आवश्यकताभन्दा बेसी कपोलकल्पित घटना शृङ्खला जोडेर सत्यतथ्यलाई लुकाउँदै सनसनीपूर्ण, उत्तेजक एवम् आक्रामक भाषाशैलीमा समाचारकथाको प्रस्तुति।

२. समाचारकथामा हुँदै नभएको अथवा महत्त्वहीन रहेको विषय वा अंशलाई टिपेर ठुलो अक्षरमा आक्रामक शीर्षकको प्रस्तुति।

३. कसैलाई हियाउनका निम्ति र कसैलाई उचाल्नका निम्ति पक्षपातपूर्ण भावलेखन, भ्रमोत्पादक शीर्षकको चयन।

४. कसैलाई दुर्नाम गराउन, हानि पुऱ्याउने उद्देश्यले कपोलकल्पित आरोप र प्रसङ्गसहितको समाचारको प्रस्तुति।

५. समाचारकथामा अश्लिल तथा असोभनीय शब्द र भाषा प्रयोग गरी कसैप्रति आरोप-प्रत्यारोपको सिर्जना गर्नु।

६. स्वार्थसिद्धिका निम्ति समाचारकथाको प्रस्तुति।

**२.३.४.११ आर्थिक पत्रकारिता :** आर्थिक पत्रकारिता व्यक्तिविशेष, मानव समाज, राज्य अनि राष्ट्रको विकास, प्रगति र संवृद्धिका साथै व्यक्ति, परिवार, समाज, राज्य अनि राष्ट्रको अर्थतन्त्रमा निर्भर रहेको हुन्छ। अर्थतन्त्रबिना कुनै पनि कामकार्य कार्यन्वयन हुन सक्दैन। यसैले अर्थतन्त्र आजका विश्वमा महत्त्वपूर्ण पक्ष बन्नपुगेको छ। यही अर्थतन्त्रसित जोडिएको पत्रकारितालाई आर्थिक पत्रकारिता भन्दछन्।

---

[२१२] पूर्ववत, पृ.१३१।

[२१३] भानुभक्त आचार्य र घमराज लुइँटेल; पूर्ववत्, पृ.२७८।

**आर्थिक पत्रकारिता** शब्द दुईवटा शब्द **आर्थिक** र **पत्रकारिता**को योगबाट बनेको हो। आर्थिक शब्दको सम्बन्ध अर्थतन्त्रसित रहेको छ। आर्थिक पत्रकारिता अङ्ग्रेजी भाषामा प्रचलित *इकोनोमिक जर्नालिज्म* शब्दको नेपाली रूपान्तरण हो। आर्थिक पत्रकारितालाई **व्यापार पत्रकारिता** (बिजिनेस जर्नालिज्म), **वाणिज्य पत्रकारिता** (कमर्सियल जर्नालिज्म), **वित्तीय पत्रकारिता** (फिनान्सियल जर्नालिज्म) नामले पनि चिनिन्छ।

व्यक्ति, संस्थान, राज्य अनि देशमाझ हुने कुनै पनि व्यापारिक एवम् आर्थिक व्यवहार नै आर्थिक पत्रकारिताको विषय हो। आर्थिक पत्रकारिता आर्थिक व्यवहार अथवा अर्थव्यवस्थाको व्यापक गुण-दोषका समीक्षा अनि विवेचनामा केन्द्रित हुन्छ। अर्थ व्यवस्थाका प्रत्येक पक्षमा सूक्ष्म दृष्टिकोण राख्दै त्यसको विश्लेषण गर्नु अनि समाजमा पर्ने त्यसका प्रभावका बारेमा अध्ययन गरी प्रचार-प्रसार गर्नु आर्थिक पत्रकारिताको उद्देश्य हो। आज आर्थिक उदारीकरण अनि विभिन्न राष्ट्रमाझ हुने आपसी व्यापारिक सम्बन्धले विश्वकै आर्थिक परिदृश्यलाई व्यापकता प्रदान गरेको छ। वर्तमानमा कुनै पनि राष्ट्रको अर्थ-व्यवस्थामा अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा निर्भर रहेको पाइन्छ। संसारको एक कुनामा भएका आर्थिक हलचल अथवा आरोह अवरोहले अन्य राष्ट्रका अर्थ-व्यवस्थालाई समेत प्रभावित पार्दछ।

वर्तमानमा अर्थतन्त्र जनमानसको चासोको विषय बन्नपुगेको छ। अर्थतन्त्र, व्यापार, वाणिज्य, सरकारको आर्थिक नीति, बजार, शेयर बजार, उद्योग नीति, औद्योगिक उत्पादन, ब्याङ्क, कारोबार, ऋण व्यवस्थापन, बीमा, क्रयबिक्रय, श्रमिक, अनलाइन व्यापार आदि जनसरोकारका विषय बनेका छन्। परिणामस्वरूप पत्रकारितामा यी सबै विषयलाई समेट्न आर्थिक पत्रकारिताको उदय भएको हो। समाचारपत्रका विकासक्रममा बिगत केही दशकयता आर्थिक समाचारकथाले लोकप्रियता प्राप्त गर्दै आएको छ, जसले गर्दा प्रायः समाचारपत्रमा आर्थिक पत्रकारिताको छुट्टै पृष्ठ राखिन थालिएको छ। यति मात्र

नभई **इकोनोकिमस् टाइमस्** जस्ता कतिपय समाचारपत्र आर्थिक पत्रकारिताका स्वरूपलाई नै अँगालेर प्रकाशित भइरहेका छन्।

**२.३.४.१२ विज्ञान पत्रकारिता :** विज्ञानसम्बन्धित समाचार तथा फीचर सर्वसाधारणसमक्ष पुऱ्याउने पत्रकारितालाई विज्ञान पत्रकारिता भनिन्छ। विज्ञान पत्रकारितामा विज्ञान विषय पत्रकार तथा पाठकमाझ अन्तर्क्रिया हुन्छ। विज्ञानका विभिन्न आविष्कार, खोज, अनुसन्धान, प्रयोग, उपलब्धि, ज्ञानका सम्भावना आदि विषयलाई जनमानससमक्ष तथ्यपूर्ण एवम् प्रामाणिक रूपमा पुऱ्याउने पत्रकारिता नै विज्ञान पत्रकारिता हो।

विज्ञान पत्रकारिता चुनौतीपूर्ण विषय हो, किनभने विज्ञान पत्रकारिताका लागि पत्रकारसित विज्ञान विषयक ज्ञान हुन आवश्यक छ। विशेषतः लघु तथा मध्यम दर्जाका समाचारपत्रका लागि विज्ञान पत्रकारिता व्यापक क्षेत्रको विषय हो, किनभने यस्ता पत्रिकामा विज्ञान पत्रकार र सम्पादक उपलब्ध हुँदैनन्।[२१४]

विज्ञानले प्रमाण माग्दछ अनि विज्ञान पत्रकारितामा प्रमाणबिना दिएको तथ्यमाथि पाठकलाई विश्वास हुँदैन। यसैले पत्रकारले सदैव विज्ञानविषयक कुनै समाचार एवम् लेखरचना प्रस्तुत गर्दा आवश्यक प्रमाण दिनु अनिवार्य हुन्छ।

**न्युयोर्क टाइम्स**का विज्ञान सम्पादक कोनेलिया डीनका मतमा विज्ञान पत्रकारिता कठिन हुन्छ। विश्वका दैनिक समाचारपत्रका तुलनामा **न्युयोर्क टाइम्स**सित धेरै विज्ञान पत्रकार छन् तर पनि **न्युयोर्क टाइम्स** सदैव सङ्घर्षरत छ। **न्युयोर्क टाइम्स**सित १३ जना पूर्णकालिक पत्रकार, ८ जना अनुबन्धित स्तम्भ लेखक छन्। तिनीमध्ये आधाजसोलाई विज्ञान पत्रकारिता र विज्ञान विषयमा प्रशिक्षण गराइएको छ, एकजना चिकित्सा लेखक चिकित्सक नै छन्, अर्को एकजना भौतिकविज्ञानका विद्यावारिधि हुन्, अर्का एकजनाले

---

[२१४] Deborah Blum(2002); *Investigating Science,* Melissa Ludtke (Ed), **Nieman Reports** , The Nieman Foundation for Jounalism at Harvard University, USA: VOL.56 NO.3, Pg.15.

शोधप्रबन्ध पूरा गरिसकेका छन्, एकजना विज्ञानको इतिहासका स्नातकोत्तर हुन् भने अर्का एकजना इञ्जिनियर हुन्। यसैगरी एकजना सामाजिक मनोविज्ञानका स्नातकोत्तर पनि पत्रकारका रूपमा सेवारत छन्, दुईजना चिकित्सक नियमित स्तम्भकार र रहल पाँचजना विज्ञान प्रशिक्षण प्राप्त छन्, तर पनि **न्युयोर्क टाइम्स**ले अपेक्षित विज्ञान समाचार दिन सकिरहेको छैन।[२१५]

**२.३.४.१३ चलचित्र पत्रकारिता** : चलचित्रको विकाससितै मनोरञ्जनका साधनका रूपमा विकसित चलचित्र जगत्का विभिन्न समाचार र जानकारीलाई पाठकसमक्ष पुऱ्याउने उत्तरदायित्व वहन गरेको पत्रकारितालाई चलचित्र पत्रकारिता भन्दछन्। आज चलचित्र पत्रकारिताले चलचित्रको समीक्षा, निरूपण, विकासको गतिविधि, छायाङ्कन, सम्पादन, अन्तर्वार्तासितै गीत-सङ्गीत र नृत्यका अतिरिक्त विज्ञापनलाई पनि आफ्नो विषय बनाउँदै लगेको छ।

**२.३.४.१४ बाल पत्रकारिता** : बालक-बालिकाका चारित्रिक एवम् मानसिक विकासका लागि विभिन्न रोचक एवम् ज्ञानवर्द्धक सामग्री प्रस्तुत गर्ने पत्रकारितालाई बाल पत्रकारिता भन्दछन्। समाचारपत्रमा बालक-बालिकाका निम्ति छुट्टै स्तम्भ राखेर पठनीय सामग्री प्रस्तुत गरिएको हुन्छ। यसका अतिरिक्त समाचारपत्रमा समाविष्ट बाल स्तम्भले बालकमानसमा अध्ययन संस्कृतिको विकास गर्नमा विशेष योगदान दिएको हुन्छ। बाल मनोविज्ञानलाई बुझेर पाठ्य सामग्री तयार गर्नु बाल पत्रकारिताका निम्ति निकै चुनौतीपूर्ण कार्य हो।

**२.३.४.१५ संसदीय पत्रकारिता** : संसद एवम् विधायिकाका विभिन्न विषयमा जानकारी उपलब्ध गराउने पत्रकारिता नै संसदीय पत्रकारिता हो। यस किसिमको पत्रकारितामा संसदका विभिन्न पक्ष, कार्यप्रणाली, कार्यव्यापार, नियम, संसदका गतिविधि,

---

[२१५] Cornelia Dean( 2002); *New Complications in Reporting on Science*, Melissa Ludtke (Ed), **Nieman Reports** , पूर्ववत्, पृ.२५।

संसदीय सत्र, अधिवेशन, प्रश्न, उत्तर, बहस, विधेयक, विधेयक संशोधन, प्रस्ताव, वित्तीय विधेयक, बजेट सत्र, सरकारका आश्वासन, संसदीय समिति, संसदमा प्रस्तुत विधेयक, दलहरूको सक्रियता, विकास नीति आदि विषयमा समाचारकथा तयार गरेर जनतालाई सुसूचित गरिन्छ। संसदीय पत्रकारले संसदको विशेषाधिकारको उल्लङ्घन नगरी संसदीय निर्धारित नियमअनुरूप कार्य गर्नुपर्ने हुन्छ। यसका लागि संसदीय भाषा, प्रक्रिया र संविधानको विशेष प्रावधान, सरकारको गठनप्रक्रिया आदि विषयमा आवश्यक जानकारी आफूसित राखेको हुनु अनिवार्य छ।

**२.३.४.१६ विधि पत्रकारिता** : विधि पत्रकारितालाई कोर्ट रिपोर्टिङ पनि भनिन्छ। यो पत्रकारिता न्याय प्रणालीसम्बन्धित हुन्छ। यसले न्याय प्रणालीसम्बन्धित न्यायालयको अवमानना नगरी समाचारकथा सम्प्रेषण गर्दछ। यसका लागि पत्रकारले न्यायालयका संरचनासितै न्यायालयका गतिविधि, प्रक्रिया, कार्यव्यापार आदि विषयमा आवश्यक जानकारी राखेको हुन आवश्यक छ। प्रत्येक देशका आ-आफ्नै किसिमका न्यायप्रणाली र कानुन हुन्छन्। यसैले पत्रकारमा न्यायालय विषयको सही जानकारीसितै कानुनी भाषाको जानकारी पनि हुनु आवश्यक छ।

**२.३.४.१७ अपराध पत्रकारिता**: अपराधलाई दण्डाभियोग एवम् क्राइम पनि भनिन्छ। अपराधलाई समाजविरोधी क्रिया मानिन्छ। समाजद्वारा निर्धारित आचरणको उल्लङ्घन अथवा त्यसको अवहेलना, न्यायिक प्रक्रियाद्वारा दोषीलाई स्थापित कानुन उल्लङ्घनका निम्ति निर्धारित दण्ड दिइने क्रियामा हुने त्रुटि अनि स्थापित नियम-कानुनको उल्लङ्घन गर्नुलाई अपराध मानिन्छ। साधारण अर्थमा अपराध भन्नाले हत्या, चोरी, डकैती आदि जघन्य अपराध पनि बुझिन्छ। अपराधका विभिन्न कारण हुन सक्छन्, जस्तै क्षणिक आवेग, भावुकता, पूर्वविचार, भावी विनाशबाट हुने क्षतिको रक्षा, प्रलोभन, स्वार्थपूर्ति, भय, त्रास, मनोविज्ञान आदि।

प्रत्येक समाज, क्षेत्र अथवा स्थानमा सानो अथवा ठुलो कुनै न कुनै रूपमा अपराध भइरहेकै हुन्छ। अपराधमुक्त समाजको कल्पना गर्न नसकिने आजको विश्वमा अपराधका विभिन्न घटना र विषयबारे जानकारी दिने उद्देश्यले गरिने पत्रकारितालाई अपराध पत्रकारिता अथवा क्राइम रिपोर्टिङ (Crime Reporting) भन्दछन्।

अपराधका समाचारले कुनै आपराधिक घटना अथवा क्रियाको सूचना मात्र दिँदैन मानिसलाई सतर्क अनि जागरूक पनि बनाउँदछ। ठगी, जालसाजी, धोखाधडी, भ्रष्टाचार, हत्या, बलात्कार, चोरी आदि अनेक आपराधिक विषयमा समाचारपत्रमा समाचार प्रकाशित भइरहेकै हुन्छन्। अपराध पत्रकारिताद्वारा मानिसलाई कानुन अनि अधिकारबारे पनि जानकारी दिएर सचेत गराइन्छ। अपराध पत्रकारिता गम्भीर र जिम्मेवारीपूर्ण कार्य भएका कारण यसमा पत्रकारले गम्भीरता साथ ध्यान दिई विशेष परिश्रम गर्नुपर्ने हुन्छ। कतिपय अपराधलाई सार्वजनिक गर्नका लागि खोजी पत्रकारिताको सहयोग लिइएको हुन्छ।

अपराध पत्रकारितामा पत्रकारले संज्ञेय अनि असंज्ञेय अपराध, जमानती अनि गैरजमानती अपराध, प्राथमिकी, सामान्य डायरी, न्यायिक प्रक्रिया, कानुन, कानुनी भाषा, पुलिसका क्रियाकलाप आदि विषयमा जानकारी राख्नु पर्दछ। पत्रकारले आफ्नो सुरक्षा सुनिश्चित गर्दै अनुसन्धान गर्ने कार्यलाई अघि बढाउनुपर्दछ।

यसरी विषयवस्तुका आधारमा पत्रकारितालाई हेर्दा माथि चर्चित यिनै विषयलाई पत्रकारिताका विभिन्न प्रकारगत आधार मान्न सकिन्छ।

### २.३.५. भौगोलिक आधारमा पत्रकारिताका प्रकार

भौगोलिक आधारमा पत्रकारितालाई स्थानीय पत्रकारिता, राष्ट्रिय पत्रकारिता अनि अन्तर्राष्ट्रिय पत्रकारिता गरी तीन वर्गमा विभाजित गरी अध्ययन गर्न सकिन्छ।

**२.३.५.१ स्थानीय पत्रकारिता** : क्षेत्रीय स्थान विशेषका विविध विषय, समस्या, उपलब्धि, लोककला, साहित्य-कला-संस्कृति, भाषा, परम्परा-इतिहास, मुद्दा, राजनीति, अर्थतन्त्र, सामाजिक विषयवस्तु, खेलकुद, ग्राम्यजीवन, विकास, अपराध आदि विषयबारे

स्थानीय मानिसलाई सुसूचित गर्ने पत्रकारितालाई स्थानीय पत्रकारिता भन्दछन्। स्थानीय पत्रकारिताका सीमित क्षेत्र र पाठक हुन्छन्, तर स्थानीय गतिविधि, विचार, मत आदिलाई दस्तावेजीकरण गर्न र विश्लेषण गरी जनविचार सिर्जना गर्न स्थानीय पत्रकारिताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ।

स्थानीय पत्रकारिताअन्तर्गत क्षेत्रीय तथा स्थानीय समाचारपत्र, क्षेत्रीय केबल टेलिभिजन समाचार, सामुदायिक रेडियो आदि पर्दछन्। बद्लिँदो वैश्विक परिवेशमा वैश्विकीकरण, सामाजिक सञ्जाल, न्यु मिडियाका विकास आदिले स्थानीय पत्रकारितालाई गम्भीर चुनौती दिइरहेको अवस्था छ। अर्कोतिर राष्ट्रिय समाचारपत्रले समेत क्षेत्रीय संस्करण प्रकाशन गरेकाले साना तथा स्थानीय समाचारपत्रका निम्ति प्रतिस्पर्धाको स्थिति आएको छ।

**२.३.५.२ राष्ट्रिय पत्रकारिता :** कुनै पनि राष्ट्रअन्तर्गत राष्ट्रिय र अन्य विषयवस्तु, मुद्दा, समस्या, उपलब्धि, नीति, कार्यक्रम, अर्थतन्त्र, सुरक्षा, शान्ति, पर्यावरण आदि विषयलाई सम्बोधन गर्ने पत्रकारितालाई राष्ट्रिय पत्रकारिता भन्दछन्। राष्ट्रियहितका मुद्दालाई सम्बोधन गर्दै सर्वसाधारणमा राष्ट्रभक्ति एवम् नागरिकका दायित्वबोधको भावना विकास गर्ने अभीष्ट राष्ट्रिय पत्रकारिताको हुँदछ।

**२.३.५.३ अन्तर्राष्ट्रिय पत्रकारिता** : अन्तर्राष्ट्रिय पत्रकारितालाई वैश्विक एवम् ग्लोबल पत्रकारिता पनि भन्दछन्। पहिला अन्तर्राष्ट्रिय पत्रकारिता भन्नाले विदेशी समाचारलाई प्रस्तुत गर्नु भन्ने अर्थ बुझिन्थ्यो भने आज यसको अर्थविस्तार भएको छ। आधुनिक सञ्चार प्रविधिको विकासले ल्याएको क्रान्तिकारी परिवर्तन, वैश्विकीकरणले विश्वलाई एउटा ग्रामका रूपमा विकसित गरेको अवस्था, युरोपीय युनियनको विकासले जन्माएको एक मुद्रा सञ्चालन, सामाजिक सञ्जालले विश्वका कुनै पनि कुनाका मानिससित गरिने सहज सम्पर्क र सम्बन्ध आदिले मानिसलाई भावनात्मक रूपमा जोडेका छन्। अतः अन्तर्राष्ट्रिय पत्रकारिता वैश्विक पत्रकारितातर्फ उन्मुख देखिन्छ।

वैश्विक पत्रकारिताले संसारलाई जोड्ने, विभिन्न देशमा मानिसको आवागमनलाई प्रोत्साहित गर्ने, राष्ट्रिय अर्थतन्त्रलाई विश्व बजारमा पुऱ्याउने, समाचारलाई एउटा राष्ट्रमा सीमित नराखेर विभिन्न राष्ट्रमा सञ्चार गर्दै लाने तथा इन्टरनेटका माध्यमद्वारा राष्ट्रिय एवम् राजनीतिक सीमाका बन्धनबाट विश्वलाई मुक्त बनाएर लाने काम गर्दछ। यसले वैश्विक मुद्दा मौसम परिवर्तन, ग्लोबल वार्मिङ, अर्थतन्त्र एवम् व्यापार, अन्तर्राष्ट्रिय महामारी जस्तै बर्डफ्लू, स्वाइनफ्लू, डेङ्गु आदिलगायत आतङ्कवाद, परमाणु विस्फोट, मानव तस्करी, लागूपदार्थको दुर्व्यसन जस्ता विषयवस्तुलाई सम्बोधन गर्दै जनविचार सिर्जना गर्दछ। अन्तर्राष्ट्रिय पत्रकारिताले विश्व राजनीतिक अवधारणाद्वारा विश्वका विभिन्न राष्ट्रलाई एक सूत्रमा जोड्ने प्रयास गरिरहेको हुन्छ। अन्तर्राष्ट्रिय पत्रकारमा अन्तर्राष्ट्रिय सम्बन्धको विशेषज्ञ, इतिहासविद्, समाजशास्त्री र कुटनीतिक भूमिका निर्वाह गर्ने क्षमता हुनुपर्दछ।[२१६]

## २.४ व्यावसायिक पत्रकारिताका प्रमुख अङ्ग

व्यावसायिक पत्रकारिताका केही प्रमुख अङ्गका विषयमा तल चर्चा गरिन्छ-

### २.४.१ व्यावसायिक पत्रकार

व्यावसायिक पत्रकारले समाचारपत्र, रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यमका निम्ति कुनै पनि ताजा जानकारी र सूचना सङ्ग्रह गर्दछ, लेख्दछ अनि सबैलाई सुसूचित गर्नका लागि समाचार प्रकाशन एवम् प्रसार गर्दछ। अर्का शब्दमा भन्ने हो भने पत्रकारितालाई पेसागत रूपमा अवलम्बन आफ्नो जीविका उपार्जन गर्दछ। पत्रकारलाई प्रेसम्यान, सञ्चारकर्मी, मिडियापर्सन, मिडियाकर्मी एवम् जर्नालिस्ट पनि भन्दछन्। **द न्युज म्यानुअल**अनुसार त्यस्तो महिला एवम् पुरुषलाई पत्रकार भनिन्छ, जसले कुनै पनि सूचनालाई समाचारका रूपमा प्रस्तुत गरी समाचारपत्र, पत्रिका, रेडियो, टेलिभिजन अथवा

---

२१६ Ergey Borisovich Nikonov (2013); *Noopolitical Aspect of International Journalism*, **Middle-East Journal of Scientific Research** 17, pg.23.

इन्टरनेटको माध्यमद्वारा पाठकसमक्ष पुऱ्याउने काम गर्दछन्।[२१७] प्रेसमा काम गर्ने अथवा प्रबन्धन एवम् व्यवस्थापन कर्मचारी सबै पत्रकार होइनन्। पत्रकार हुनका लागि समाचार तथा समाचारमूलक सामग्रीका सङ्कलन, लेखन, सम्पादन, प्रसारण, वाचनजस्ता महत्त्वपूर्ण कार्य गर्ने ज्ञान र सीप हुनुपर्दछ। पत्रकार समाजको प्रतिष्ठित वर्गमा पर्दछ। उसले समाज र देशप्रति गम्भीर जिम्मेवारी पाएको हुन्छ। सूचना र जानकारीद्वारा जनसाधारणलाई सुसूचित पार्नु, निष्पक्ष रूपमा देश र मानवसमाजका कल्याणका लागि कलम चलाउनु पत्रकारको धर्म हो। पत्रकारको महत्त्वमाथि प्रकाश पार्दै नेपोलियन बोनार्पाटले पत्रकारलाई सल्लाहकार र बादशाहका प्रतिनिधि एवम् राष्ट्रका सेवक मान्दै चारवटा विरोधी पत्रिका शत्रुका चार हजार सेनाभन्दा डरलाग्दा हुन्छन् भनेका छन्।[२१८]

२.४.१.१ **व्यावसायिक पत्रकारका प्रकार** : आ-आफ्ना दायित्व एवम् कार्यविभाजनअनुरूप व्यावसायिक पत्रकार विभिन्न प्रकार हुन्छन् —

**क) संवाददाता** : संवाददातालाई रिपोर्टर पनि भन्दछन्। कुनै पनि सञ्चार माध्यम रेडियो, टेलिभिजन, समाचारपत्र, पत्रिका, अनलाइन पत्रिका आदिका लागि घटनास्थलमा गई सत्यतथ्य जाँच गरी सूचना सङ्कलन गरी त्यसलाई समाचारका ढाँचामा प्रस्तुत गर्ने पत्रकार संवाददाता हो।संवाददातालाई पत्रकारिताको मेरूदण्ड मानिन्छ, किनभने पत्रकारले ल्याएका सूचना र जानकारीकै आधारमा समाचारपत्र, रेडियो, टेलिभिजन अथवा डिजिटल मिडिया जनसाधारणलाई खबर दिन सक्षम बन्दछन्। यसैले संवाददाताबिनाको सञ्चारगृहको कल्पना नै गर्न सकिँदैन। संवाददाताका सन्दर्भमा दक्षिण भारतीय पत्रकार रङ्गस्वामी पार्थसारथी भन्दछन्- पत्रकारमध्ये कुनै पनि देश, सहर, बजार, गाउँमा संवाददाता सबैभन्दा लोकप्रिय र सम्मानित व्यक्ति हुन्छ। ऊ कुनै महत्त्वपूर्ण व्यक्ति जस्तै राज्यपाल, मन्त्री अथवा राजनीतिज्ञझैं सम्मानित तथा समुदायको शक्तिका लागि प्रभावकारी

[२१७] http://www.thenewsmanual.net/Manuals%20Volume%201/volume1_02.htm (११ जनवरी, २०१६)।

[२१८] श्रीराम खनाल; पूर्ववत्, पृ.३५.

हुन्छ।[२१९] यसैगरी अर्का भारतीय पत्रकार एम भी कामतका अनुसार संवाददाताको काम समाचार सङ्ग्रह गर्नु र त्यसलाई संक्षेपमा पाठकसमक्ष सुसूचित गर्नु हो।[२२०]

**अ) संवाददाताका योग्यता र गुण :** संवाददाता एकजना जिम्मेवार व्यक्ति भएका हुँदा आफ्ना कार्यक्षेत्र, सम्बन्धित विषयवस्तुप्रति जानकार हुनुपर्छ। अफठ्यारा ठाउँ, प्रतिकूल समय र परिस्थितिमा काम गर्ने इच्छाशक्ति र क्षमता भएका साथै जनसम्पर्क, कम्प्युटरको ज्ञान सँगसँगै कार्यक्षेत्रप्रति रूचि, परिश्रमी, अध्ययनशील र स्वस्थ हुनु संवाददाताका लागि आवश्यक छ। निरन्तर अध्ययन, अनुसन्धान र समाचारका अनुगमन गर्ने, व्यावसायिक तालिमप्राप्त, भाषामा दखल भएको व्यक्ति संवाददाता हुनुपर्छ। सबै प्रकारका घटना समाचार बन्न सक्दैनन् र संवाददाताले ती घटनाका सत्यापन र वर्गीकरण गरी समाचार बनाउन सक्ने क्षमता राख्नुपर्दछ। संवाददातामा कल्पनाशीलता, निष्पक्षता, निभीर्कता, आत्मविश्वास र अनुशासन जस्ता गुण हुनुपर्छ अनि समाचारको गोप्य स्रोतप्रति विश्वासघाती हुनुहुँदैन।

**आ) संवाददाताका प्रकार**ः समाचार सङ्कलनका आधारमा संवाददातालाई निम्नलिखित चार वर्गमा विभाजन गरेर हेर्न सकिन्छ—

i. **पूर्णकालिक संवाददाता (स्टाफर्स) :** समाचारपत्रको पूर्णकालिक कर्मचारी मानिने अनि समाचारपत्रको मुख्य कार्यालयसित सोझो सम्पर्क राखेर प्रमुख सहरमा कार्यरत पत्रकारलाई पूर्णकालिक संवाददाता भनिन्छ।

ii. **संवाददाता (रिपोटर):** उपसम्पादककै बराबर सुविधा प्राप्त ठुला अनि प्रमुख सहर र राजधानीमा नियुक्त भएर समाचार सङ्कलन र सम्प्रेषण गर्ने पत्रकारलाई  संवाददाता अथवा फुलफ्लेजेड जर्नलिस्ट भनिन्छ।

---

[२१९] Rangaswami Parthasarathy (1984); **Basic Journalism**, New Delhi : Macmillan India Ltd., pg.54.

[२२०] MV Kamath (2009**) ; Professional Journalism**, Noida:Vikas Publishing House Pvt. Ltd., pg.57.

iii. **आंशिक संवाददाता (लाइनर) :** लाइनरलाई पार्टटाइम करेस्पोन्डेन्ट, रिटेनर आदि भन्दछन्। लाइनरलाई ससाना सहर—बजार तथा गाउँतिर समाचार सङ्ग्रह गर्नका लागि समाचारको आकार-प्रकार हेरी पारिश्रमिक दिएर राखिएको हुन्छ।

iv. **अनियमित संवाददाता (स्ट्रिन्जर) :** लाइनरभन्दा केही धेरै सुविधा प्राप्त आंशिक ज्यालादारी संवाददातालाई स्ट्रिन्जर भनिन्छ। समाचारपत्रले प्रमुख स्थानमा तुरन्त समाचार पाउन सकियोस् भनी आंशिक वेतन दिएर राखिएका संवाददातालाई अनियमित संवाददाता भनिन्छ।

यसरी नै कार्यक्षेत्रका आधारमा संवाददातालाई चार प्रकारमा वर्गीकरण गर्नसकिन्छ-

i. **जिल्ला संवाददाता :** समाचारपत्रका कार्यालयदेखि टाढा अवस्थित सहरमा नियुक्त संवाददातालाई जिल्ला संवाददाता भन्दछन्।

ii. **विदेश संवाददाता** : विदेशमा बसेर समाचार प्रेषण गर्ने संवाददातालाई विदेश संवाददाता भनिन्छ।

iii. **कार्यालय संवाददाता :** समाचारपत्रका कार्यालयमा उपस्थित रहँदै त्यस सहरमा समाचार सङ्ग्रह गर्ने र कार्यालयमै आएर समाचार प्रेषण गर्ने संवाददातालाई कार्यालय संवाददाता भनिन्छ।

iv. **विशेष संवाददाता** : विषयवस्तुका आधारमा विषय विशेषज्ञका रूपमा पत्रकारिता गर्ने संवाददातालाई विषेश संवाददाता भन्दछन्। विशेष संवाददाताले समाचार सङ्कलन मात्र होइन त्यसको विश्लेषण र विवेचन पनि गर्दछ। यस्ता संवाददातालाई विशेष स्थितिमा अथवा विशेष कार्यका निम्ति खटाइएको हुन्छ। विशेष संवाददाताका विभिन्न भेद पाइन्छन्, जसमा युद्ध संवाददाता, आर्थिक संवाददाता, विज्ञान संवाददाता, अपराध संवाददाता, खेल संवाददाता, चलचित्र संवाददाता, राजनीतिक मामिला संवाददाता, पर्यावरण संवाददाता, शान्ति

संवाददाता, सांस्कृतिक संवाददाता, संसदीय संवाददाता, विधि संवाददाता, शिक्षा संवाददाता, मनोरञ्जन संवाददाता, पर्यटन संवाददाता आदि प्रमुख हुन्।

**ख) सम्पादक :** सम्पादक समाचारपत्रको अभिन्न अङ्ग हो, जसको कार्यप्रणालीमा समाचारपत्रका कुशलता निर्भर रहेको हुन्छ। अर्का शब्दमा भन्नु हो भने समाचार प्रसारणका लागि सम्पादक सबैभन्दा प्रमुख अख्तियार हो। समाचारपत्र, पत्र-पत्रिका, रेडियो, टेलिभिजन तथा डिजिटल पत्रिकाजस्ता समाचारका माध्यममा प्रकाशित एवम् प्रसारित हुने सम्पूर्ण सामग्रीका चयन तथा सम्पादन गर्ने उत्तरदायित्व वहन गर्ने पत्रकारलाई सम्पादक भन्दछन्।समाचारपत्रको मूल खाँबो सम्पादक हो र आफ्ना पत्रिकालाई लोकप्रिय बनाउन सम्पादकले महत् भूमिका निर्वाह गरेको हुन्छ। सम्पादकको कार्य जटिल र चुनौतीपूर्ण भएकाले धम्की, कानूनी बाधा-अडचनलाई झेल्दै आफ्ना पत्रिकामा प्रकाशित सामग्रीको नैतिक जिम्मेवारी लिने गहन भार पनि सम्पादकले लिएको हुन्छ। प्रतिकूल परिस्थितिमा पनि सम्पादकले धैर्यधारण गर्दै अनुभवी तथा अभिभावक बनेर आफ्ना समाचारपत्रमार्फत सामाजिक एवम् राष्ट्रिय दायित्वलाई पूर्ण गरेको हुनुपर्छ।

समाचारपत्रलाई जीवन्तता दिन मुटुले शरीरमा रक्त सञ्चार गराए जस्तै कार्य सम्पादकले गरेको हुनुपर्छ।[२२१] सञ्चार माध्यमको नीति तय गर्ने प्रमुख जिम्मेवारी सम्पादक अधीनस्थ हुन्छ।विभिन्न स्रोतबाट प्राप्त जानकारी, सूचना, समाचार, समसामयिक लेखलाई चयन गरी सम्प्रेषणका लागि तयार पार्ने, सम्पादकीय लेख्ने, समाचारपत्रका निम्ति आवश्यकीय र महत्त्वपूर्ण विषयमा लेख लेख्ने जस्ता जिम्मेवारी सम्पादक कै हुन्छ। यसका साथै आफ्ना अधीनस्थ पत्रकारलाई समय समयमा मार्गनिर्देशन गर्ने तथा पाठकका अभिरूचिलाई ध्यानमा राखेर पत्रिकामा सोही अनुरूपका सामग्री सङ्कलन गर्न निर्देश गर्ने, संवाददाताले दिएका समाचार निष्पक्ष छ-छैन त्यसको सत्यापन गर्ने गम्भीर कार्य पनि सम्पादककै हुन्छ।

---

[२२१] प्रियङ्का वधवा (सन् २०१०), **समाचार सङ्कलन एवम् प्रकाशन**, नयाँ दिल्ली: युनिभर्सिटि पब्लिकेशन, पृ. ७०।

व्यावसायिक पत्रकारितामा सम्पादकले आफ्नो समाचारपत्रको स्वामित्व वहन गर्ने प्रकाशकको हस्तक्षेप हुन दिन हुँदैन। यसका साथै सम्पादकले राजनीतिक दल, सरकार एवम् प्रशासनजस्ता बाह्य तत्त्वका हस्तक्षेपबाट पनि आफ्नो पत्रिका र पत्रकारलाई मुक्त राख्नुपर्छ। अर्कातिर, विज्ञापनदाताका दवाउबाट पनि पत्रिकालाई प्रभावित बनाउनु हुँदैन। यसैले सम्पादनकला चुनौतीपूर्ण कला भएका हुँदा यसलाई गुलाबका फुलको ओछ्यान जस्तो होइन भन्ने उल्लेख पनि पाइन्छ।[२२२]

सम्पादकले बजारमा आफ्ना पत्रिकाको व्यापक प्रचार-प्रसार र लोकप्रियता अभिवृद्धिका निम्ति प्रत्येक बिहान आफ्ना सहकर्मीसित बैठक गरेर अन्य पत्रिकाका तुलनामा आफ्नो पत्रिकाको प्रभुत्व के कस्तो छ भन्ने सम्बन्धमा समीक्षा गर्नुपर्दछ र अघिल्ला अङ्कका निम्ति योजना पनि तयार पार्नुपर्दछ। सम्पादकले आफ्ना पत्रकारलाई समय समयमा उनीहरूका असल कार्यको प्रशंसा गरेर प्रोत्साहित गर्ने काम पनि गर्नुपर्दछ। पत्रकारिता क्षेत्रमा संवाददाताका निम्ति सम्पादकको प्रशंसा एउटा ठुलो उपहार र प्रमाणपत्र झै मानिन्छ।

व्यावसायिक पत्रकारितामा जनहित र राष्ट्रहितका लागि आफ्नो पत्रिकामार्फत आवाज उठाउनु सम्पादकको कर्तव्य हो। आफ्ना सम्पादकीय लेखबाट समसामयिक विषय र चर्चित मुद्दामा आफ्नो अडान स्पष्ट पार्दै जनमत निर्माण गर्ने कार्य पनि सम्पादकले गर्नुपर्छ। सरकारका कमीकमजोरी, प्रशासनमा देखिएका अनियमिता, भ्रष्टाचार, कुसंस्कार, सामाजिक विकृति र विसङ्गतिप्रति आवाज उठाउने जिम्मेवारी पनि सम्पादककै हुन्छ। सम्पादकले नै समाजका विकाससम्बन्धी विविध गतिविधिमा सर्वसाधारणको सहभागिता सुनिश्चित गराउन पत्रिकामार्फत पहल गर्ने जमर्को गरेको हुन्छ। अर्कातिर पत्रकारिताको आचारसंहितालाई पालन गर्दै आफ्ना दायित्वप्रति सजक रहनु सम्पादकको नैतिक जिम्मेवारी हो।

---

[२२२] M V Kamath; पूर्ववत्, पृ.९।

सम्पादकले जनसम्पर्कलाई विस्तार गर्नु आफ्नो नियमित कार्य सम्झनु पर्छ। अनुशासित बनेर दैनिक कार्यतालिकाअनुसार सम्पादकले कार्य गर्नु अनि महत्त्वपूर्ण विषयमा आफै लेख्नु र कोही बेला विषयविज्ञबाट लेखाउनु सम्पादकको दायित्वभित्र पर्ने काम हो। यसबाहेक पनि कतिपय महत्त्वपूर्ण कार्यक्रम, सभा तथा सम्मेलनमा आफ्नो उपस्थिति दर्ता गराउनु सम्पादकका निम्ति मर्यादाअनुकूल कार्य हो।

**ग) प्रबन्ध अथवा कार्यकारी सम्पादक (मेनाजिङ/एक्ज्युकेटिभ एडिटर)** : प्रबन्ध सम्पादक अथवा कार्यकारी सम्पादक व्यावसायिक पत्रकारितामा सम्पादकपछिको अर्को महत्त्वपूर्ण पद हो ।प्रबन्ध अथवा कार्यकारी सम्पादकलाई उप-सम्पादक (डिप्युटी एडिटर)-का रूपमा पनि हेरिन्छ।ऊ समाचारपत्रको प्रभारी सम्पादक भएका हुँदा सम्पादकका सम्पूर्ण दायित्वको निर्वाह गर्नमा सक्षम हुनुपर्छ। सबै सह सम्पादकले प्रबन्ध सम्पादककै मार्ग निर्देशनमा कार्य गर्दछन्। समाचारपत्रमा सम्पादक अत्यन्त व्यस्त रहने हुँदा सम्पादकले आफ्ना धेरैजसो जिम्मेवारी प्रबन्ध सम्पादक अथवा कार्यकारी सम्पादकलाई सुम्पिएका हुन्छन्।

**घ) समाचार सम्पादक (न्युज एडिटर)** : समाचारसम्बन्धी सम्पादन कार्यको जिम्मेवारी लिएका पत्रकारलाई समाचार सम्पादक भनिन्छ। व्यावसायिक पत्रकारितामा समाचार सम्पादकको कार्य अत्यधिक महत्त्वपूर्ण एवम् जिम्मेवारीपूर्ण हुन्छ। यसैले समाचार सम्पादकलाई समाचारको नायक पनि भनिन्छ। संवाददाताले के कस्ता समाचार सङ्कलन गर्ने, ती सङ्कलित समाचार कत्तिका महत्त्वपूर्ण छन् र तिनलाई कुन स्थानमा राख्नुपर्ने, कुन-कुन समाचार समाचारपत्रको कस्तोस्थान र कुन पृष्ठमा राख्नुपर्ने आदि कामका लागि समाचार सम्पादकले आफ्ना सहयोगीलाई निर्देशन दिने गर्दछन्। समाचारपत्रको रूप सज्जा कस्तो हुनुपर्ने त्यो तय गरी डिजाइनरलाई निर्देशन गर्नु पनि समाचार सम्पादककै जिम्मेवारी हो।समाचारपत्रमा प्रकाशित सम्पूर्ण समाचारको जिम्मेवारी समाचार सम्पादकको भएकाले प्रेषित समाचार सन्तुलित छ-छैन साथै समाचारको शीर्षक

ठीक छ-छैन, त्यसको सत्यापन गरी समाचारलाई सन्तुलित पार्ने, मानहानि हुनसक्ने सूचना भए त्यसलाई सुधार गर्ने जिम्मेवारी समाचार सम्पादकले नै वहन गरेको हुन्छ।

**ङ) पाण्डुलिपि सम्पादक (कपी एडिटर)** : समाचारपत्रमा पाण्डुलिपि सम्पादक महत्त्वपूर्ण पद हो। पाण्डुलिपि सम्पादकले समाचारपत्रमा प्रकाशित हुने सामग्रीको भाषिक शुद्धता, व्याकरणिक शुद्धता, उखान, तुक्का, वाक्यगठन, आशय, वाक्यले बुझाएको अर्थ, शैली, प्रस्तुतीकरण आफ्ना समाचारगृहको मार्गनिर्देशन अथवा विषयअनुरूप लेखनशैली उपयुक्त छ-छैन आदिको सत्यापन गरी त्यसलाई सम्पादन गर्ने कार्य गर्दछ। शुद्धा-शुद्धि हेर्ने (प्रुफरिडिङ) काम पाण्डुलिपि सम्पादकको नभए तापनि कुनै सामग्री प्रकाशन हुनअघि त्यसको भाषिक र व्याकरणिक रूप सही छ-छैन भनी हेर्ने काम चाहिँ पाण्डुलिपि सम्पादकको हो। समाचारपत्रमा महत्त्वपूर्ण जिम्मेवारी भएका हुँदा पाण्डुलिपि सम्पादक एक अनुभवी, योग्य र दक्ष व्यक्ति हुनुपर्दछ। पाण्डुलिपि सम्पादकले कुनै पनि सामग्री प्रकाशन हुनुअघि रद्द गर्न अथवा पुनर्लेखन गर्न पनि सक्दछ। आफूभन्दा माथिल्लो तहका प्रबन्ध सम्पादक र सम्पादकका लेखसमेतलाई सम्पादन गर्ने अधिकार उनमा सुरक्षित रहन्छ।

**च) सहायक सम्पादक (सब एडिटर) :** व्यावसायिक पत्रकारितामा सहायक सम्पादकको दायित्व आ-आफ्ना कार्यअनुसारको हुन्छ। सहायक सम्पादकलाई एसाइन्मेन्ट एडिटर, असिस्टेन्ट एडिटर, सब एडिटर, उपसम्पादक, सहसम्पादक पनि भन्दछन्। समाचार पुनर्लेखन र अनुवाद सम्पादन गर्ने पत्रकार नै सहायक सम्पादक हो। सहायक सम्पादकले संवाददाताबाट प्रेषित तथा सङ्कलित समाचारको पुनर्लेखन र अनुवाद गर्ने कार्य गर्दछन्। समाचारपत्रमा प्रकाशित हुने सम्पूर्ण सामग्रीको तयारी गर्ने जिम्मेवारी सहायक सम्पादकको हुन्छ। समाचारको शीर्षक चयन गर्नु, समाचारपत्रको सजावट हेर्नु र सम्पादकको निर्देशनमा कहिले काही समाचार सङ्कलनमा समेत जाने कार्य गर्नु सहायक

सम्पादकको कार्यक्षेत्रभित्र पर्दछ। सहायक सम्पादकले सिर्जनात्मक कलाकारले झैं समाचारपत्रलाई पाठकका निम्ति रूचिकर, आकर्षक र पठनयोग्य सामग्री तयार गर्दछन्।

**छ) फोटो सम्पादक (फोटो/पिक्चर एडिटर)-** समाचारपत्रमा प्रकाशित हुने सबै फोटोसम्बन्धित आवश्यक सम्पादन गर्ने फोटो पत्रकारलाई फोटो सम्पादक भन्दछन्। समाचारपत्रमा कुन कुन फोटो कसरी र कहाँ राख्नुपर्ने हो त्यससम्बन्धी निर्णय गर्ने सम्पूर्ण दायित्व फोटो सम्पादक हुँदछ।

**ज) लेख-रचना सम्पादक (फिचर एडिटर)** : समाचारपत्रमा समाचार मात्र प्रकाशित हुँदैन। विभिन्न विषयमा लेख-रचना अथवा फिचर पनि प्रकाशित हुने गर्दछन्। स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक विषयमा विभिन्न लेखकले आफ्ना विचार, मत, विवेचना, चिन्तन, विश्लेषणात्मक अध्ययन आदि प्रकाशनका लागि पठाएका हुन्छन्। यसका अतिरिक्त समाचारपत्रमा बालजगत्, महिलाजगत्, खेलकुदजगत्, विज्ञान, युवा, रोजगार, पर्यावरण, राजनीति, दर्शन, इतिहास, साहित्य, संस्कृति, कला, गीत-सङ्गीत आदि विभिन्न विषयसम्बन्धित लेख प्रकाशित हुन्छन्, जसको निष्पक्ष चयन गरी आवश्यक सम्पादन गरेर प्रकाशन गर्ने दायित्व लेख-रचना सम्पादकको हो।

### २.४.२ समाचारपत्र

समाचारपत्र जनसञ्चार एवम् व्यावसायिक पत्रकारिताको अभिन्न अङ्ग हो। समाचारपत्रलाई न्युजपेपर, अखबार, खबरकागज, खबरपत्रिका पनि भन्दछन्। समाचारपत्र छापा पत्रकारिताको सबैभन्दा सशक्त एवम् प्रभावकारी माध्यम हो। समाचारपत्रले शिक्षित अनि अशिक्षित जनसाधारणलाई विभिन्न विषयमा ताजा जानकारीसहित पठन सामग्री उपलब्ध गराउँदछ। समाचारपत्रले सबै महत्त्वपूर्ण खबर छाप्नका साथै आफ्ना पाठकका रूचिलाई ध्यानमा राखेर विभिन्न जानकारी, सूचना, टिप्पणी, विचार तथा दिशानिर्देश प्रकाशन गर्दछ। समाचारपत्रले ताजा जानकारी दिएर जनसाधारणलाई निरन्तर समयसापेक्ष (अपडेट) गराउनमा सहयोग गर्दछ।

भारतका राष्ट्रपिता एवम् पत्रकार, चिन्तक महात्मा गान्धीले समाचारपत्र प्रकाशन गर्नाका निम्ति तीनवटा उद्देश्य बताएका थिए। उनका अनुसार समाचारपत्रको पहिलो उद्देश्य जनताका इच्छा र विचारलाई बुझ्नु अनि त्यसलाई व्यक्त गर्नु हो। दोस्रो उद्देश्य जनतामा अपेक्षित भावना जागृत गराउनु हो भने तेस्रो उद्देश्य सार्वजनिक खोटलाई निर्भयतापूर्वक प्रकट गर्नु हो।[२२३] यसरी नै अहुजा र चाबराले सूचना दिनु, स्थानीय, राष्ट्रिय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिका विषयमा परिचय प्रदान गर्नु अनि पाठकलाई मनोरञ्जन दिनु समाचारपत्रका उद्देश्य हुन् भनेका छन्।[२२४]

अमेरिकी पत्रकार एवम् लेखक जोहन होहेनवर्गले समाचारपत्रका तीनवटा जिम्मेवारीको उल्लेख गरेका छन्। उनका अनुसार समाचारपत्रको पहिलो जिम्मेवारी निर्भीकतासाथ निष्पक्ष रूपमा समाचार छाप्नु, दोस्रो जिम्मेवारी जनस्वार्थलाई ध्यानमा राख्दै समुदायलाई प्रभावकारी नेतृत्व प्रदान गर्नु अनि तेस्रो जिम्मेवारी आर्थिक रूपमा सम्पन्न भएर समाचारपत्रको स्वतन्त्रता सुनिश्चित गर्नु हो।[२२५]

अतः स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दैनन्दिन भएका घटनाक्रमको ताजा सूचना दिने, जनसाधारणलाई सुसूचित गराउने, समसामयिक विषय एवम् मुद्दामा चर्चा-परिचर्चा गर्ने, जनविचार प्रकाशित गर्दै बौद्धिक खुराक पस्कँदै सर्वसाधारणलाई जागरुक र सचेत गराउने, ज्ञानानुशासनका विविध विषयमा पठन सामग्री उपलब्ध गराउने, सिर्जनात्मक कार्यतर्फ पाठकलाई डोहोऱ्याउने अनि विज्ञापन प्रकाशित गरी नवीन गतिविधि एवम् बजारबारे जानकारी दिने पत्रिका विशेषलाई समाचारपत्र भन्दछन्।

**२.४.२.१. समाचारपत्रका प्रकार** : समाचारपत्रका प्रकार विषय चर्चा गर्ने क्रममा २.३.३ शीर्षकअन्तर्गतको *अवधिगत अधारमा पत्रकारिताका प्रकार* उपशीर्षकमा अघिबाटै

---

[२२३] अर्जुन तिवारी ; पूर्ववत्, पृ.१४८।

[२२४] B N Auja and S S Chabra(2004); **Principles and Techniques of Jurnalism**, New Delhi : Surjeet Publications, Third Ed. ,Pg. 22.

[२२५] John Hohenberg; पूर्ववत् , पृ.३८१ ।

दैनिक, अर्द्धसाप्ताहिक, साप्ताहिक, पाक्षिक अनि मासिक समाचारपत्र/पत्रिकाबारे चर्चा गरिसकिएको छ। भारतमा समाचारपत्र पञ्जीकरण कार्यालय (आरएनआई)-ले समाचारपत्रका बिक्री वितरणका आधारमा तीनवटा वर्ग छुट्याएको छ।

क) बृहत् समाचारपत्र— ७५ हजार प्रतिभन्दा धेरै बिक्रीवितरण हुने समाचारपत्र।

ख) मध्यम समाचारपत्र— २५ हजारदेखि ७५ हजार प्रतिसम्म बिक्रीवितरण हुने समाचारपत्र।

ग) लघु समाचारपत्र —२५ हजार प्रतिसम्म बिक्रीवितरण हुने समाचारपत्र।[२२६]

**२.४.२.२ समाचारपत्रको स्वामित्व** : समाचारपत्रको स्वामित्वको स्वरूपबाट नै लोकहीत तथा सम्पादकीय स्वतन्त्रता भए नभएको निर्धारित हुन्छ। व्यावसायिक पत्रकारितामा सम्पादकीय विभागमा स्वामित्वको हस्तक्षेप स्वीकार्य हुँदैन। अतः स्वामित्वका आधारमा समाचारपत्रको वर्गीकरण निम्न प्रकार छ —

क) **एकल स्वामित्व (सोल प्रोप्राइटरसिप)** - यस किसिमको स्वामित्वमा मालिक नै समाचारपत्रको सम्पादक अनि प्रकाशक हुन्छ र आवश्यकताअनुसार सम्बन्धित सबै प्रकारका काम उनीद्वारा सम्पन्न हुन्छ। समाचारपत्रका लाभहानिबाट मालिक प्रत्यक्ष रूपमा प्रभावित हुने भएकाले उनी पूर्ण जिम्मेवारी र निष्ठाद्वारा समाचारपत्रको चौतर्फी प्रगतिका लागि प्रतिबद्ध हुन्छन्। तर एकल स्वामित्वका कमी-कमजोरी पनि देखिन्छ, जसमा मालिकको शिथिलता, हठधर्मिता र हस्तक्षेपका कारण समाचारपत्र व्यवसायमा नकारात्मक प्रभाव पर्न सक्छ। मालिकका मृत्युपछि समाचारपत्रको जीवनशक्ति मन्द हुन्छ, आर्थिक सङ्कटका समय एकल स्वामित्व भएका समाचारपत्रलाई ऋण प्राप्तिमा पनि समस्या आउँदछ।

---

[२२६] S M Khan (Ed) (2015);**Press in India(2014-2015) 59th Annual Report of RNI** , New Delhi : Ministry of Information and Broadcasting Press.Pg. 51.

ख) **साझेदारी स्वामित्व (पाटनरसिप)—** एकजना व्यक्ति समाचारपत्रको व्यवसाय चलाउन असमर्थ भएका स्थितिमा **साझेदारी अधिनियम १९३२** को धारा ४ अनुसार साझेदारीमा व्यापारको लाभ आपसमा बाढ्ने सहमतिमा समाचारपत्रको सञ्चालन हुन्छ।[२२७] साझेदारी स्वामित्वमा प्रतिनिधिको स्वरूपमा एकजना व्यक्ति कार्यरत हुन्छ। यस्तो स्वामित्वमा संयुक्त मस्तिष्कको योजना तथा विचार प्रयोग हुनेहुँदा समाचारपत्रको व्यापारमा प्रगति भएर जान्छ, यद्यपि साझेदारीमाझ वैमनस्यता सिर्जना भएका स्थितिमा भने समूहबन्दी संस्कृतिको नकारात्मक प्रभाव समाचारपत्रमा पर्न जान्छ।

ग) **मिश्रित पुँजी कम्पनी(जोइन्ट स्टक कम्पनीज्)—** भारतीय कम्पनी अधिनियम १९५६ को धारा ३ अन्तर्गत पञ्जीकृत कम्पनीद्वारा सञ्चालित अथवा स्वामित्व लिएको समाचारपत्रको स्वरूपलाई मिश्रित पुँजी कम्पनी भनिन्छ। यसमा अंशदारको दायित्व सीमित हुन्छ तथा व्यापार विस्तार पुँजी थपेर सहजतासित गर्न सकिन्छ। भारतका धेरैजसो बृहत् समाचारपत्र मिश्रित पुँजी कम्पनीका रूपमा रहेका छन्।

घ) **गुठी स्वामित्व (ट्रस्ट)—** विशेष उद्देश्यका प्रचार प्रसार हेतु समाचारपत्रको स्वामित्वका ट्रस्ट गठन गरिन्छ। यस्तो स्वामित्वमा ट्रस्टका सदस्य अथवा ट्रस्टीले सेवाको भावनाले लगानी गरेका हुन्छन् र यसमा लाभको आशा गरिएको हुँदैन।

ङ) **सहकारी स्वामित्व-** सहकारिता कानुनअन्तर्गत पञ्जीकृत सहकारी समितिका स्वामित्वमा रहेका समाचारपत्रका रेखदेखका लागि समितिद्वारा नियुक्त व्यक्तिले प्रशासनिक दायित्व लिएको हुन्छ। सहकारी समितिका सबै सदस्यमा बराबर

---

[२२७] अर्जुन तिवारी, **आधुनिक पत्रकारिता,** पूर्ववत्, पृ.५४।

अधिकार रहने यस किसिमको स्वामित्वमा आर्थिक पारदर्शिता, लोकतान्त्रिक परिवेश र आपसी विश्वासलाई प्राथमिकता दिइन्छ।

च) **सङ्घसंस्था स्वामित्व —** संस्थानगत लक्ष्य र उद्देश्यलाई जनमानससम्म पुऱ्याउने लक्ष्य राखेर केही समाचारपत्र प्रकाशित पाइन्छन्। यस्ता समाचारपत्रमा मुनाफाको उद्देश्य राखिएको हुँदैन। विशेषगरी अव्यावसायिक पत्रकारितामा सङ्घसंस्था स्वामित्वद्वारा समाचारपत्र सञ्चालित हुन्छ।

**२.४.२.३ समाचारपत्रका विभाग :** कुनै पनि संस्थान नियमित एवम् सुचारू सञ्चालनका लागि उचित व्यवस्थापन हुनु आवश्यक छ। अझ समाचारपत्र कार्यालयजस्तो जिम्मेवार कार्यालयमा सुव्यवस्थित कार्य सञ्चालनका लागि विभिन्न विभागको भूमिका महत्त्वपूर्ण हुन्छ। समाचारपत्रको कतिपय सम्बन्धित कार्यालय भने चौबीसै घण्टा खुल्ला रहन्छन्। अतः समाचारपत्रका विभिन्न विभागको परिचय तल दिइन्छ-

क) **सम्पादकीय विभाग** : सम्पादकका नेतृत्त्वमा रहेको सम्पादकीय विभागमा समाचार, फिचर, लेख-रचना, सम्पादकीय, उत्तरसम्पादकीय लेखन अनि सम्पादनको कार्य सम्पन्न हुन्छ। समाचारपत्रको सम्पादकीय विभाग तुलनात्मक रूपमा अत्यन्त महत्त्वपूर्ण विभाग हो। यसै विभागका नेतृत्त्वमा प्रत्येक दिन समाचारपत्र प्रकाशित भई पाठकसम्म पुग्दछ।सम्पादकीय विभागले कस्तो समाचारपत्र प्रकाशन ल्याउनुपर्ने हो, कुन कसरी र कुन दिन सामग्री प्रकाशित गर्नुपर्ने हो आदि विषय तय गर्दछ।संवाददातादेखि लिएर सबै सम्पादक यही विभागअन्तर्गत कार्यरत हुन्छन्।

ख) **प्रबन्धन विभाग** : समाचारपत्रका स्वामी एवम् प्रकाशकका नेतृत्त्वमा रहेको प्रबन्धन विभागले समाचारपत्रका सम्पूर्ण व्यवस्थापन गर्नका साथै प्रशासनिक रेखदेख गर्दछ।विशेषगरी वित्तीय व्यवस्थापन नै यस विभागको पहिलो जिम्मेवारी हो।व्यावसायिक पत्रकारितामा यसलाई प्रशासनिक विभाग पनि भन्दछन्।यस

विभागले समाचारपत्र र संलग्न कर्मचारीका हितलाई ध्यानमा राखेर काम गर्दछ।

ग) **विज्ञापन विभाग** : समाचारपत्रको बिक्री उत्पादन खर्चभन्दा कम मूल्यमा हुन्छ। यसैले समाचारपत्रको मूल आयस्रोत भनेकै पत्रिकामा प्रकाशित विज्ञापन हो। विज्ञापन विभागले समाचारपत्रका निम्ति विज्ञापन र त्यसको रकम सङ्ग्रह गरेर आर्थिक रूपमा समाचारपत्रलाई आत्मानिर्भर बनाउने काम गर्दछ।

घ) **बिक्रीवितरण विभाग** : समाचारपत्र छापाखानामा छापिएपछि पाठकसमक्ष पुऱ्याउने जिम्मेवारी बिक्रीवितरण विभागले लिन्छ। यसले समाचारपत्रलाई ठाउँठाउँमा पुऱ्याउने काम गर्दछ। बिक्रीवितरणका निम्ति ढुवानी व्यवस्था मिलाउनका साथै ठाउँठाउँका विक्रेताका दैनिक माग र गुनासोलाई पनि यो विभागले आफ्नो जिम्मेवारी अन्तर्गत लिँदन्छ। समाचारपत्रलाई लोकप्रियता बढाउनका लागि बिक्रीवितरण विभागले प्रोत्साहन कार्यक्रम पनि आयोजन गर्दछ।

ङ) **मुद्रण विभाग** : सम्पादन विभागबाट तयार समाचारपत्रको अन्तिम प्रारूपलाई छापाखानामा मुद्रण गर्ने जिम्मेवारी मुद्रण विभागको हो। मुद्रण विभागमा विशेष गरी मुद्रणसम्बन्धित प्राविधिक कर्मचारी रहेका हुन्छन्।

### २.४.३ समाचार

**समाचार** शब्द अङ्ग्रेजी भाषाको **न्युज** शब्दको नेपाली रूपान्तरण हो। **न्युज** शब्द **न्यु**को बहुवचन हो जसको अर्थ नयाँ भन्ने हुन्छ। **न्यु** शब्दको व्युत्पत्ति लेटिन भाषाको **नोवा** शब्दबाट भएको हो।**नोवा**को अर्थ पनि छ नयाँ नै हुन्छ।[२२८] बनारसका पत्रकार बच्चन सिंहले ल्याटिनको **नोवा** शब्द संस्कृतको **नव** शब्दमा आधारित शब्द हो भनेका छन्।[२२९] अङ्ग्रेजी भाषामा प्रचलित शब्द **न्युज**को व्युत्पत्तिगत विकासक्रममा सन् १४२३

---

[२२८] बच्चन सिंह; पूर्ववत्, पृ.५३।

[२२९] पूर्ववत्।

मा Newis, १४८५ मा Newyes, १५२३ मा Newes हुँदै १५५० मा मात्र News बनिएको हो।[२३०] **समाचार** शब्दको प्रयोग प्राचीन भारतीय ग्रन्थमा पनि भएका पाइन्छन्। **रामायण**-मा सीताको समाचार ल्याउने हनुमान, पुराणमा संसारभरिको सूचना दिने नारदमुनिलाई समाचारको प्रारम्भिक सूत्र मानिन्छन्। **पञ्जतन्त्र** र **हितोपदेश, बाल्मिकी रामायण**-मा पनि समाचार शब्दको प्रयोग उचित चालचलन एवम् आचरणका रूपमा भएको पाइन्छ। **सम** + **आ**+ **चर्** + **घञ्** बाट **समाचार** शब्दको व्युत्पत्ति भएको हो।[२३१] *शठे शाठ्यं समाचरेत* भनेर मूर्खलाई मूर्खकै जस्तो व्यवहार गर्नुपर्छ भन्ने उल्लेख गरिएको पाइन्छ।[२३२]

नेपाली वर्णमालाको चारवटा अक्षर *स, म, च* तथा र मिलेर **समचर** शब्द बन्दछ। **समचर**को तात्पर्य सँगसँगै हिँड्नु हो। समाचारदाता र समाचारप्रापक जबसम्म सँगसँगै हुँदैनन् तबसम्म सूचनाको हस्तान्तरण पनि समुचित रूपमा हुँदैन।[२३३] **सम+आचार** शब्दको योगबाट **समाचार** शब्द बन्दछ। **सम** भनेको जस्ताको त्यस्तै अनि **आचार** भनेको व्यवहार हो। अर्का अर्थमा समाचारदाताले देखेका घटना जबसम्म सोही रूपमा अरूसमक्ष प्रेषित हुँदैन, तबसम्म त्यो घटना समाचार हुँदैन। घटनाको यथावत् वर्णन नै समाचार हो।[२३४]

**न्युज** शब्दले चारवटा दिशा बोध गराउँछ भन्ने मान्यता छ। **एन**ले **उत्तर**, **ई**ले **पूर्व**, **डब्लु**ले **पश्चिम** र **एस**ले **दक्षिण** दिशालाई बोध गराउँछ। चारै दिशाबाट जुन सूचना आउँछन् त्यही समाचार हुन्छ भन्ने मत रहेको छ।

पत्रकार जी सी पाण्डेयले अङ्ग्रेजीको **न्युज** शब्दको व्याख्या निम्न प्रकारले गरेका छन् —

---

[२३०] K M Shrivastava ; पूर्ववत्, पृ.२।

[२३१] मीरा रानी बल (सन् १९९४), **राष्ट्रीय नवजागरण और हिन्दी पत्रकारिता : मुख्य अङ्ग और मुद्दे,** नई दिल्ली : वाणी प्रकाशन, पृ.७३-७४।

[२३२] पी के आर्य (सन् २००७); **समाचार लेखन,** नई दिल्ली : विद्याविहार, पृ.२६।

[२३३] पूर्ववत्।

[२३४] के एन. शर्मा, *भारतीय नेपाली पत्रकारिता,* **समय दैनिक**द्वारा ५ जनवरी, २००८-मा गान्तोकमा आयोजित सङ्गोष्ठीमा प्रस्तुत वक्तव्य।

N – Newness - नयाँपन / नवीनता

E – Eventful - घटनापूर्ण

W – Wanted - पाठकद्वारा अपेक्षित

S - Serious - गम्भीर।[२३५]

सोही प्रकारले पी के आर्यले आफ्ना पुस्तक **समाचार लेखन**मा समाचार शब्दको अर्थ निम्न प्रकारले स्पष्ट पारेका छन् —

स - सत्य / सत्यता

म - महत्त्व / महत्त्वपूर्ण

च - चर / चाल

र - रस / रहस्य

जुन विवरण सत्यपूर्ण, महत्त्वपूर्ण, चलायमान तथा रहस्यपूर्ण हुन्छ, त्यो समाचार हो।[२३६]

**२.४.३.१ समाचारको परिभाषा** : समाचार सन्दर्भमा विभिन्न विद्वान्ले दिएका परिभाषा तल प्रस्तुत छ-

**जर्ज एच मोरिस—** समाचार हतारमा लेखिएको इतिहास हो।[२३७]

**श्रीराम खनाल-** समाचार भनेको कुनै पनि घटना, विषयवस्तु, स्थान आदिका बारेमा तयार पारिएको नवीनतम सूचना वा जानकारी हो।[२३८]

**पी के आर्य—** सत्यता, नयाँपन, मानिसमा जिज्ञासा र रूचि उत्पन्न गर्ने, वर्तमानको जानकारी दिने तथा मानिसका मानसिक भोकलाई शान्त पार्ने कुनै पनि सूचना, जसलाई चारै दिशाबाट सङ्ग्रहित हुन्छ, त्यो समाचार हो।[२३९]

---

[२३५] पी के आर्य; पूर्ववत्, पृ.२५।

[२३६] पूर्ववत्, पृ.२६।

[२३७] पूर्ववत्।

[२३८] श्रीराम खनाल; पूर्ववत, पृ. १०९

**के एम श्रीवास्तव** - ताजा घटनाको विवरण अथवा महत्त्वपूर्ण र रूचिपूर्ण विचार नै समाचार हो।[२४०]

अतः ताजा घटनाको विवरण अथवा कुनै पनि घटनाको सत्यतथ्यबारे सूचना जसले मानिसको जान्ने भोकलाई समन गर्दछ, त्यो समाचार हो।

**२.४.३.२ समाचारका तत्त्व :** समाचारका तत्त्वबारे विभिन्न मत पाइन्छन्। कतिपय लेखकले छवटा क-लाई नै समाचारका तत्त्वमानेका छन् भने कतिपय विद्वान्का मतअनुसार छवटा क-सितै नवीनता, समसामयिकजस्ता अन्य पक्षलाई पनि समाचारका तत्त्व मानिन्छ। अतः यहाँ समाचारका केही प्रमुख तत्त्वबारे मात्र चर्चा गरिन्छ।

**क) नवीनता** : समाचार नवीन हुनुपर्दछ। कुनै पनि नयाँ एवम् ताजा घटनाको विवरणले मात्र पाठकलाई आकर्षित पार्ने हुँदा पाठकले नयाँ कुरा खोजी गरिरहेका हुन्छन्। समाचारले पाठकलाई नयाँपन दिन सक्नुपर्दछ। कहिलेकाहीँ कुनै समाचार अन्य माध्यमबाट पाठकसमक्ष पुगिसकेको हुन्छ तर पनि समाचारपत्रले उक्त समाचार प्रकाशन गर्दछ भने नवीन जानकारी र तथ्यसहित भिन्नै प्रकारले प्रस्तुत गरी नवीन रूप दिएको हुनुपर्दछ।

**ख) समसामयिक** : मानिस कुनै पनि घटनाको जानकारी छिटोभन्दा छिटो पाउन इच्छुक हुन्छन् यसैले समाचारमा समसामयिक विषयको धेरै महत्त्व हुन्छ। पहिलाबाटै पढिसकिएका वा अगिबाटै कसैले भनिसकेका विषय समाचार बन्न सक्दैन। समाचार जुन कालखण्डसित सम्बन्धित छ त्यही कालखण्डको वरिपरि हुनुपर्दछ। पुरानो भइसकेको अथवा घटनाको विवरण पाठक अथवा दर्शकले पाइसकेको हुनुहुँदैन। घटनाको जानकारी जतिसक्दो छिटो पाठक, श्रोता र दर्शकसमक्ष पुऱ्याउन सक्यो त्यो त्यति नै प्रभावकारी बन्दछ। अतः तात्कालिक सन्दर्भबाटै समाचारको निर्माण हुन्छ।

---

[२३९] पी के आर्य; पूर्ववत्, पृ.२९-३०।

[२४०] K M Shrivastava; पूर्ववत् पृ.३।

**ग) मानवीय रूचि** : समाचारपत्रको लोकप्रियता पाठकका रूचिमा निर्भर हुन्छ। पाठकका रूचि समाचारबाट पलाएको हुन्छ। पाठकका आवश्यकता अनुकूल र रूचिकर समाचारले पाठकलाई मानसिक अनि बौद्धिक सन्तुष्टि प्रदान गर्नसक्नुपर्दछ। मानवीय भावनालाई पनि समाचारले स्पर्श गर्नसक्नुपर्दछ।

**घ) विश्वसनीयता** : विश्वसनीयता समाचारको अर्को नभई नहुने तत्त्व हो। समाचारमा दिइएका तथ्य सही हुनुपर्छ, निष्पक्ष हुनुपर्दछ। कुनै प्रलोभन एवम् स्वार्थपूर्तिका कारण, अनुभवका कमीले, हतारले गर्दा कुनै तथ्य छोड्नु, लुकाउनु अथवा फेर्नु जस्ता कार्यले समाचारको विश्वसनीयता घटेर जान्छ र पाठकले यस्ता समाचारलाई तिरस्कार गर्दछन्। समाचार बनाउँदा पत्रकार भावनात्मक रूपमा समाचारसित जोडिनु हुँदैन, कल्पनातीत समाचार बनाउनु पनि हुँदैन। यसो गर्दा समाचारले विश्वसनीयता गुमाएको हुन्छ। व्यावसायिक पत्रकारितामा विश्वसनीयता कायम गर्नका लागि सम्पादन कार्यमा प्रबन्धन पक्षको हस्तक्षेप हुनुहुँदैन। प्रबन्धन पक्षले आर्थिक तथा अन्य कारणले हस्तक्षेप गर्दा समाचारपत्र तथा समाचारको विश्वसनीयता कम हुने गर्दछ, जसले समाचारपत्रको लोकप्रियतामा समेतह्रास ल्याउँछ।

**ङ) सामीप्य** : समाचारपत्रले भूगोलका आधारमा आफ्ना वरिपरिका समाचार दिनुपर्दछ। घटना जति नजिकको छ त्यति नै पाठक प्रभावित हुन्छन्। यसैले समाचार बनाउँदा पत्रकारले सामीप्यलाई विशेष ध्यान दिनु आवश्यक छ।

**च) असाधारण** : कुकुरले मान्छे टोक्नु साधारण घटना हो तर मान्छेले कुकुर टोक्नु चाहिँ असाधारण घटना भएकाले यो घटना समाचार हुनसक्छ। समाचारमा साधरणतः असामान्य एवम् असाधारण जानकारी र विवरण हुनुपर्दछ। मानिसले सोच्दै नसोचेको सूचना पाउँदा ऊ त्यसप्रति आकर्षित बनेको हुन्छ।

**छ) महत्त्व** : घटना सानो होस् अथवा ठुलो तर त्यसले पाठकलाई कतिसम्म प्रभाव पार्नसक्छ त्यसैका आधारमा समाचार हुनुपर्छ। महत्त्वपूर्ण कार्यक्रम तथा घटना

जसले धेरैभन्दा धेरै मानिसलाई प्रभावित बनाउन सक्छ अनि मानवीय चासो त्यसतर्फ बढी छ भने त्यो समाचार हुन्छ। गाउँघरमा विवाह हुन्छन् तर समाचारपत्रमा समाचार आउँदैनतर इङ्ग्ल्यान्डका राजकुमार विलियमको विवाह संसारभरिका समाचारपत्र, रेडियो, टेलिभिजनका निम्ति महत्त्वपूर्ण समाचार बन्दछ। यसैले मानिसले महत्त्व दिने विषयलाई समाचारमा पनि महत्त्व दिइन्छ।

**ज) वैचारिक द्वन्द्व** : द्वन्द्व समाचारको अर्को तत्त्व हो। पक्ष-विपक्षमाझको तर्कले नै वैचारिक द्वन्द्व सिर्जना गर्दछ। यसरी सृर्जित वैचारिक द्वन्द्व पाठकका निम्ति रूचिकर हुँदछ।

**झ) सन्तुलन एवम् निष्पक्षता** : समाचार सन्तुलित अनि निष्पक्ष हुनुपर्दछ। कुनै एक पक्षलाई उचाल्ने र अर्का पक्षलाई खसाल्ने काम पत्रकारले गर्नु हुँदैन। समाचार लेख्दा सकेसम्म सबै पक्षको विचार राखेर समाचारलाई सन्तुलित अनि निष्पक्षता प्रदान गर्नुपर्दछ।सन्तुलित अनि निष्पक्ष समाचारले पाठकमा विश्वसनीयता कामय गर्दछ।

**२.४.३.३ समाचारका प्रकार**: पाठकलाई आकर्षित गर्ने प्रत्येक महत्त्वपूर्ण ताजा घटना नै समाचार हो। अतः समाचार विभिन्न क्षेत्र, विषय, भावबाट आएका हुन्छन्, जसले गर्दा समाचार विभिन्न प्रकारका बन्दछन्। मूलतः क्षेत्रका आधारमा, गुणगत स्वरूपका आधारमा, विषयका आधारमा अनि प्रकृतिका आधारमा समाचारको वर्गीकरण गर्न सकिन्छ।

**क) क्षेत्रका आधारमा समाचारका प्रकार** : समाजमा घटना भइरहन्छन्, तर कुन घटना कुन क्षेत्रमा भएको हो र त्यसले समाजलाई कुन रूपमा प्रभावित बनाउँछ, त्यो नै महत्त्वपूर्ण समाचार हो। अतः क्षेत्रका आधारमा पनि समाचारलाई **स्थानीय समाचार, क्षेत्रीय समाचार, राष्ट्रिय समाचार** अनि **अन्तर्राष्ट्रिय समाचार** गरी चार भागमा विभाजन गर्न सकिन्छ।

जुन स्थानबाट समाचारपत्र प्रकाशित हुन्छ, त्यही स्थान वरिपरिका समाचारलाई **स्थानीय समाचार** भनिन्छ र पाठक पनि त्यही स्थानका मानिस हुन्छन्। समाचारपत्रमा स्थानीय समाचारको महत्त्व अत्यधिक भएका कारण नै राष्ट्रिय समाचारपत्रले विभिन्न क्षेत्रगत संस्करण प्रकाशन गरेर स्थानीय समाचारलाई स्थान दिने गरेका छन्।

जुन राज्य, प्रान्त, अञ्चल वा क्षेत्रबाट समाचारपत्र प्रकाशित हुन्छन्, त्यसै क्षेत्रसम्बन्धित समाचार नै **क्षेत्रीय समाचार** हो। क्षेत्रीय समाचारलाई राज्य समाचार, प्रान्तीय समाचार, आञ्चालिक समाचार आदि नामले पनि चिनिन्छ। क्षेत्रीय समाचारको भूगोल स्थानीय समाचारको भन्दा ठुलो हुन्छ, जस्तै सिक्किम-दार्जिलिङ क्षेत्र, उत्तर बङ्गाल क्षेत्र, पूर्वोत्तर क्षेत्र आदि।

देशका सबै भूभाग, सबै राज्यसम्बन्धित समाचार नै **राष्ट्रिय समाचार** हो। राष्ट्रिय समाचारमा देशका सम्पूर्ण पाठकका लागि समान मूल्य र मान्यता राखिएको हुन्छ अनि राष्ट्रियहित, सुरक्षा, प्रगति, अर्थतन्त्र, राजनीतिलाई प्रमुखतासित स्थान दिइएको हुन्छ। राष्ट्रिय समाचारमा सरकारका निर्णय, न्यायालयका निर्णय, संसदका गतिविधिसितै राष्ट्रिय स्तरमा हुने वाद-विवाद, भ्रष्टाचार, अनियमितता, नीतिगत निर्णय आदि विविध विषयलाई राष्ट्रिय महत्त्वका साथ प्रस्तुत गरिएका हुन्छन्।

आफ्ना देशबाहेक विदेशका विभिन्न घटनाक्रमसित सम्बन्धित सबै समाचार अन्तर्राष्ट्रिय समाचारको वर्गमा पर्दछन्। साधारणतः संसारभरिकै समाचार **अन्तर्राष्ट्रिय समाचार** हो। अन्तर्राष्ट्रिय समाचारले राष्ट्र—राष्ट्रमाझ भावनात्मक, राजनीतिक, सांस्कृतिक, आर्थिक आदि विभिन्न पक्षमा सम्बन्ध स्थापित गर्न सहयोग गरिरहेको हुन्छ।

**ख) गुणात्मक स्वरूपका आधारमा समाचारका प्रकार** : स्वरूप अथवा गुणका आधारमा समाचारलाई **सामान्य समाचार** र **विशिष्ट समाचार** गरी दुई भागमा विभाजन गर्न सकिन्छ।

समाचारपत्रमा प्रकाशित हुने दैनन्दिनका घटना सामान्य समाचार हुन्। घटना-दुर्घटना, प्रदर्शन, अपराध, कार्यक्रम, सभा, गोष्ठी आदिसित सम्बन्धित साधारण समाचार नै **सामान्य समाचार** हुन्। यस्ता समाचारमा पत्रकारले सरल भाषामा तथ्यात्मक विवरण प्रस्तुत गरेका हुन्छन्। सामान्य समाचारले पाठकलाई बाँधेर राख्न महत् भूमिका निर्वाह गर्ने हुँदा समाचारपत्रले यस्ता समाचारलाई महत्त्वका साथ प्रकाशित गर्दछ।

दैनन्दिनका घटनाक्रम र गतिविधिभन्दा केही भिन्न समाचार **विशिष्ट समाचार** हो। विशिष्ट समाचार प्रायः गवेषणात्मक अथवा खोजपरक हुन्छन्। विशिष्ट समाचारका लागि पत्रकारले निकै श्रम खर्च गरेर गहिरो छानबीन गरी घटनालाई तथ्यसहित पूर्ण र व्यवस्थित रूपमा पाठकसमक्ष राखेको हुन्छ। विशिष्ट समाचारले समाचारपत्रका स्तरलाई माथि उठाउने काम गर्ने हुँदा त्यसले समाजमा गहिरो प्रभाव पार्दछ। पत्रकारले अत्यन्त गोप्य रूपमा आफ्ना समाचारपत्रका लागि मात्र खोजेको यस प्रकारको समाचारलाई विशेष महत्त्वका साथ प्रकाशित गरिन्छ।

**ग) विषयका आधारमा समाचारका प्रकार**: विषयवस्तुका आधारमा पनि समाचारका थुप्रै भेद हुन्छन्। राजनीति, अर्थतन्त्र, संस्कृति, कला, खेलकुद आदि धेरै विषयमा केन्द्रित समाचार नै विषयमा आधारित समाचार हुन्। विषयका आधारमा समाचारका प्रमुख प्रकार हुन् —राजनीतिक समाचार, अपराध समाचार, आर्थिक समाचार, खेल समाचार, सांस्कृतिक समाचार, कानुनी समाचार, शैक्षिक समाचार, संसद समाचार, युद्ध समाचार, पर्यावरण समाचार, पैरवी समाचार, विकास समाचार, ग्रामीण समाचार, विज्ञान समाचार, प्रशासनिक समाचार, बजेट समाचार, चुनाउ समाचार, साहित्यिक समाचार, कृषि समाचार, रोजगार समाचार, औद्योगिक समाचार, धार्मिक समाचार, चलचित्र समाचार, चिकित्सा समाचार, विचित्र समाचार, व्यापार समाचार आदि ।

**घ) प्रकृतिका आधारमा समाचारका प्रकार** : समाचारको आफ्नै विशेषता र प्रकृति हुन्छ। समाचारका शैली, प्रस्तुतिकरण, प्रमाणिकीकरण जस्ता विषयप्रति पत्रकार सँगसँगै पाठक पनि गम्भीर हुन्छन्। पाठकका विचार, भावना र चिन्तनलाई ध्यानमा राखेर तयार गरिएका यस्ता समाचारका आफ्नै महत्त्व र विशेषता हुन्छन्। प्रकृतिका आधारमा विचारप्रधान समाचार, भावप्रधान समाचार, शोधप्रधान समाचार, विवरणात्मक समाचार, विश्लेषणात्मक समाचार, सनसनीपूर्ण समाचार गरी सामान्यतः ६ प्रकारमा विभाजन गर्नसकिन्छ।

**विचारप्रधान समाचार**मा कुनै पनि महत्त्वपूर्ण व्यक्ति, संस्थान आदिद्वारा प्रस्तुत विचारका आधारमा समाचार प्रस्तुत गरिएको हुन्छ भने **भावप्रधान समाचार**मा मानवीय पक्ष र जीवनसम्बन्धित पक्षलाई मार्मिक रूपमा प्रस्तुत गरिएको हुन्छ र यस्तो समाचारले पाठकलाई भावुक बनाइदिन्छ। अनुसन्धानमा आधारित समाचारलाई **शोधप्रधान समाचार** भनिन्छ, जसमा कुनै विषयमाथि अनुसन्धान गरेर समाचारकथा तयार गरिएको हुन्छ। **विवरणात्मक समाचार**मा घटना अथवा विषयसम्बन्धित वस्तुनिष्ठ विवरण प्रस्तुत गरिएको हुन्छ भने **विश्लेषणात्मक समाचार**मा कार्यकारण सम्बन्धका आधारमा घटनाको विश्लेषण गरिन्छ। घटनालाई सनसनीपूर्ण बनाउने उद्देश्यले प्रस्तुत गरिएको समाचार **सनसनीपूर्ण समाचार** हो।

**२.४.३.४ समाचारलेखन** : समाचारलेखन विशिष्ट कला हो। पत्रकारले घटनासम्बन्धित अनेक पक्ष र तथ्य प्राप्त गरेका हुन्छन् र तिनलाई उचित रूपमा लेखेर पाठकसमक्ष पुऱ्याउने कला नै समाचारलेखन कला हो। सिर्जनात्मक समाचार नै श्रेष्ठ समाचार हुन्छ। पाठकले घटनाको यथातथ्य सही तरिकाले बुझ्न सकुन् भनी समाचारलेखनमा तथ्यलाई सही ढङ्गले प्रस्तुत गरिएको हुन्छ। सत्य, स्पष्ट, संक्षिप्त र

सुरूचिपूर्ण समाचार रोचक र प्रभावशाली हुन्छ।[२४१] साधारणतः दुई प्रकारका शैलीमा समाचारलेखन कार्य हुन्छ, १. स्तूपी (पिरामिन्ड) शैली र २. विलोम स्तूपी (इन्वर्ट पिरामिन्ड) शैली।

**क) स्तूपी शैली :** समाचारलेखनमा कम महत्त्वको विषयलाई पहिला राखिने र अन्तमा सबैभन्दा महत्त्वपूर्ण विषयलाई राखिने लेखनशैलीलाई स्तूपी शैली भन्दछन्।

**ख) विलोम स्तूपी शैली** : विलोम स्तूपी शैलीका समाचारलेखनमा पहिला महत्त्वपूर्ण विषयलाई राखिन्छ भने अन्तमा कम महत्त्वको विषयलाई राखिन्छ। यस किसिमको शैली स्तूपी शैलीको ठीक विपरीत हुन्छ।

**२.४.३.५ समाचारका अवयव** : समाचार एउटा शरीर हो जसका विभिन्न अङ्ग हुन्छन्। विश्वका विभिन्न पत्रकारिताका क्षेत्रमा सर्वाधिक प्रयोग हुने शैली नै विलोम स्तूपी शैली हो। यसैले विलोम स्तूपी शैलीमा लेखिने समाचारका विभिन्न अवयवको परिचय तल दिइएको छ।

**क) शीर्षक** : समाचार अथवा कुनै लेखको सार नै शीर्षक हो। समाचारको शीर्षक विश्वसनीय, उत्प्रेरक एवम् आकर्षक हुनुपर्दछ।समाचारपत्रमा शीर्षकको अत्यधिक महत्त्व हुन्छ। समाचारको शीर्षकीकरण रचनात्मक कला हो। मितव्ययी शब्दमा समाचारका मर्मलाई समेटेर प्रभावकारी र आकर्षक ढङ्गमा शीर्षकीकरण गर्नु चुनौतीपूर्ण कार्य हो। धेरजसो संवाददाताले समाचारकथा फाइल गर्दा शीर्षकसमेत दिएका हुन्छन्, तर समाचारको शीर्षक राख्ने दायित्व समाचार सम्पादक अथवा सहसम्पादकको हो। शीर्षकले समाचारपत्रको बिक्रीवितरणमा समेत प्रभाव पार्ने हुँदा शीर्षकीकरणलाई व्यावसायिक पत्रकारितामा महत्त्वपूर्ण कार्य मानिएको छ। समाचारपत्रमा मूलतः ब्यानर शीर्षक, रिबन शीर्षक, विलोमस्तूपी शीर्षक र स्टेपशीर्षक गरी चार प्रकारका शीर्षकको प्रयोग गरिने गरेको छ। विशेष एवम् अत्यन्त महत्त्वपूर्ण मानिएको समाचारमा समाचारपत्रको शीर्ष

---

[२४१] प्रियङ्का वधवा; पूर्ववत्, पृ.१४२ ।

भागमा अल्लोछेउदेखि पल्लोछेउसम्म ढाक्ने गरी प्रयोग गरिने शीर्षकलाई **ब्यानर शीर्षक** भन्दछन्। **रिबन शीर्षक**-को प्रयोग समाचारपत्रमा अत्यधिक मात्रामा गरिन्छ। समाचारको अल्लोछेउदेखि पल्लोछेउसम्म तीन वा चार कोलम ढाक्ने गरी लेखिएको शीर्षकलाई **रिबन शीर्षक** भन्दछन्। **विलोमस्तूपी शीर्षक**मा आरम्भका पङ्क्तिभन्दा तलका पङ्क्ति छोटो हुँदै गएका हुन्छन्। सिँढी आकारमा पङ्क्ति मिलाएर राखिएका शीर्षक **स्टेप शीर्षक** हो।

**ख) उपशीर्षक :** समाचारप्रति पाठकको ध्यानाकर्षित गर्नका लागि स-साना उपशीर्षक पनि दिइन्छ। घटनाका विभिन्न पक्षलाई समयोजित गरी तयार पारिएका समाचारमा उपशीर्षक दिएर समाचारलाई आकर्षक बनाइन्छ।साना अक्षरमा एक दुई कोलममा उपशीर्षक राखिने परम्परा छ।

**ग) नामपङ्क्ति :** समाचार सम्प्रेषण गर्ने पत्रकार अथवा समाचार एजेन्सीका नाम समाचारको शीर्षकको तल दिइएको हुन्छ। यसलाई नामपङ्क्ति, बाइलाइन, क्रेडिटलाइन पनि भन्दछन्। सबै समाचारमा पत्रकारको नाम प्रकाशित हुँदैन। समाचारपत्रले धेरैजसो समाचारमा निज संवाददाता, हाम्रो संवाददाता आदि मात्र लेखे तापनि कतिपय समाचारमा पत्रकारको नाम उल्लेख भएका हुन्छन्। पत्रकारको नाम महत्त्वपूर्ण समाचारमा मात्र प्रकाशित हुन्छ। कुन समाचार नाम पङ्क्तिसहित प्रकाशित हुनुपर्ने हो त्यसबारे समाचार सम्पादकले निर्णय गर्ने गर्छ। नाम पङ्क्तिसहित समाचार प्रकाशित हुनु पत्रकारका लागि गौरवको विषय हो।

**घ) मितिपङ्क्ति :** मितिपङ्क्ति अर्थात् डेटलाइनले समाचार बनेको स्थान र मितिलाई जनाउँछ। समाचारमा जुन स्थानबाट समाचार सङ्कलन गरिन्छ अथवा प्रेषित गरिन्छ त्यस स्थानको भौगोलिक नाउँ मितिसहित प्रस्तुत गरिन्छ। घटना भएको २४ घण्टामा नै समाचार प्रेषित गरिने र घटना भएको ३६ घण्टा नाघेका स्थितिमा मृत घटना (डेड इस्यु) मानिने परम्परा पत्रकारिता जगत्मा रहेको छ। मितिपङ्क्ति नामपङ्क्तिको मुनि लेखिन्छ।

**ङ) आमुख :** समाचारको पहिलो परिच्छेद अथवा थालनीको अंशलाई आमुख भन्दछन्। आमुखलाई इन्ट्रो अथवा लिड पनि भनिएको पाइन्छ। अङ्ग्रेजीको इन्ट्रोडक्सनको संक्षिप्त रूप इन्ट्रो हो।[२४२] आमुखमा नै समाचारको परिचय गराइएको हुन्छ अर्थात् समाचारको मुख्य कुरो नै इन्ट्रोमा हुन्छ। यसैले आमुखलाई समाचारको निचोड पनि भनिन्छ। आमुखमा छवटा क-को उत्तरको आउनु पर्दछ भन्ने मान्यता रहेको छ।आमुखले पाठकलाई समाचारको रहल भागतर्फ डोऱ्याउने हुँदा यो आकर्षक र प्रभावकारी हुनुपर्दछ।आमुख गुरुतापूर्ण वाक्यमा लेखिएको हुनुपर्दछ, जसमा समाचारको सारतत्त्व समाहित भई प्रवाहित बन्न सकोस्।[२४३]

**च) समाचारकथाको विकास :** समाचारको आमुख लेखिसकिएपछि संवाददाताले समाचारकथाको विकास गर्नुपर्दछ। आमुखमा समाचारको सार सन्देश मात्र दिइएको हुँदा रहल अंशमा विस्तृत विवरण प्रस्तुत गरिएको हुन्छ। वास्तवमा एउटा असल आमुखले नै संवाददातालाई समाचारकथाको विकासका निम्ति मार्ग प्रशस्त गरेको हुन्छ। यहाँ प्रमाण र तथ्य प्रस्तुत गर्दै समाचारलाई प्रामाणिकता प्रदान गर्ने कार्य गरिएको हुन्छ। विलोम स्तूपी समाचारकथाका विकासमा महत्त्वपूर्ण तथ्य र प्रमाणलाई घट्दोक्रम (अधोमुखी)-का आधारमा राखिएको हुन्छ।समाचारमा सबैभन्दा महत्त्वपूर्ण पक्ष अगाडि र कममहत्त्वपूर्ण पक्षलाई पछाडि राखिनेप्रक्रिया हुन्छ।समाचारकथामा समाचार वा घटनाका पृष्ठभूमिलाई पनि प्रष्ट पार्दै सन्तुलित रूपमा सबैपक्षका विचारलाई आवश्यकताअनुसार उद्धरण गर्दै लेखिएको हुनुपर्दछ। समाचारलेखनमा नयाँ विषयमा अनुच्छेद परिवर्तन गर्नु आवश्यक छ, जसद्वारा पाठकलाई नवीनताको अनुभव भइरहन्छ। समाचारमा भाषाशैलीको पनि महत्त्व हुन्छ र संवाददाताले सरल, स्पष्ट एवम् छोटा वाक्यमा विषयलाई राख्नु पर्दछ।

---

[२४२] बच्चन सिंह; पूर्ववत्, पृ.९९ ।

[२४३] Walter Fox; पूर्ववत्, पृ.१९ ।

**छ) बुँदा टिपोट :** समाचारको मुख्य अंशतर्फ पाठकलाई आकर्षित गर्न विशेष चिन्हको प्रयोग गरी कतिपय मुख्य बिन्दु दिइएका हुन्छन्, जसलाई क्रसर अथवा बुँदा टिपोट भनिन्छ।

## २.४.४ सम्पादकीय

समाचारपत्रको नीति दर्शाउने माध्यम नै सम्पादकीय हो। सम्पादकीय सम्पादकद्वारा लेखिएको विचारप्रधान लेख हो, जसमा समाचारपत्रको रीति-नीतिको झलक पाइन्छ। समाचारपत्रमा सम्पादकले समसामयिक विषयमाथि आफ्ना दृष्टिकोण सम्पादकीयमार्फत राख्दछन्।सम्पादकीय निष्पक्ष, दुराग्रहरहित, सन्तुलित, तार्किक, विश्लेषणात्मक, तथ्यपरक र वस्तुनिष्ठ हुनुपर्दछ। समाचारपत्र एउटा जिम्मेवार संस्थान हो र सम्पादकले आफ्ना उक्त जिम्मेवारी सम्पादकीयद्वारा पूर्ण गर्दछन्। माझिएको भाषामा लेखिएका सम्पादकीयले समाजमा गहिरो प्रभाव पार्दछ, यसले जनविचार पनि सिर्जना गर्नमा सहयोग गरिरहेको हुन्छ।

सम्पादकीय प्रायः तीन अनुच्छेदमा लेखिने परम्परा रहेको छ। पहिलो अनुच्छेदमा विषय परिचय, दोस्रो अनुच्छेदमा तार्किक विश्लेषण र अन्तिम अनुच्छेदमा निदान एवम् निष्कर्ष हुँदछ। सम्पादकीयलाई प्रकृति, प्रवृत्ति, स्वरूप, विषय अनि सामयिक आधारमा विभिन्न प्रकारमा विभाजन गर्नसकिन्छ। प्रकृतिका आधारमा उपदेशात्मक, विवेचनात्मक र विवरणात्मक गरी तीन प्रकारका सम्पादकीय हुन्छन्।प्रवृत्तिका आधारमा आलोचनात्मक, सकारात्मक र सन्तुलित गरी तीन प्रकारका सम्पादकीय लेखिन्छन्। स्वरूपका आधारमा लघु र बृहत्, सरल अनि शैलीका आधारमा जटिल सम्पादकीय हुन्छन्। सामयिक आधारमा तात्कालिक र सार्वकालिक सम्पादकीय लेखिन्छन् भने विषयका आधारमा आर्थिक, राजनीतिक, सामाजिक, वैज्ञानिक, आध्यात्मिक, खेलकुद, भौतिक विकास आदि धेरै प्रकारका सम्पादकीय लेखिन्छन्।

### २.४.५ उत्तरसम्पादकीय

सम्पादकीयका दायाँपट्टि राखिएका विभिन्न समसामयिक विषयसम्बन्धित चिन्तनपरक, विवेचनात्मक, विचारप्रधान, तार्किक लेखलाई उत्तरसम्पादकीय लेख अथवा अप-ईडी आर्टिकल (अपोजिट एडिटोरियल पेज आर्टिकल) भनिन्छ। यस्ता लेखमा सम्पादकलाई पत्र, पाठक प्रतिक्रया आदि पनि पर्दछन्।

### २.४.६ लेखरचना (फिचरलेख)

समाचारपत्रमा केवल समाचार मात्र हुँदैन। विभिन्न विषयका लेख पनि प्रकाशित हुन्छन् र यी लेखले पाठकलाई ज्ञान साथै मनोरञ्जन प्रदान गर्दछन्। यस्ता लेखलाई अङ्ग्रेजीमा फिचर अनि हिन्दीमा रूपक भन्दछन्। नेपालीमा लेखरचना भन्नु नै उपयुक्त देखिन्छ। लेखरचनामा लेखकका अनुभव, विचार, स्थानीय तथा समकालीन परिस्थितिका झलक पाइन्छन्। लेखरचना सिर्जनात्मक एवम् सहानुभूतिमूलक लेख हो भन्दै डेनियर आर विलियम्सले पाठकलाई सूचनासितै मनोरञ्जनप्रदान गर्ने उद्देश्यले घटना, स्थिति अथवा जीवनका कुनै पक्षसम्बन्धित लेखलाई फिचर भनेका छन्।[२४४] नवीनतम् जानकारी भएका लेखरचनाले पाठकलाई आकर्षित गर्छन्। समाचारले मेटाउन नसकेको भोक लेखरचनाले मेटाउने हुँदा फिचर समाचारपत्रका लागि अत्यन्त महत्त्वपूर्ण अङ्ग हो। फिचरको प्रयोग समाचारपत्रका साथै रेडियो र टेलिभिजन पत्रकारितामा पनि उत्तिकै महत्त्वका साथ गरिन्छ।

समाचारपत्रमा प्रकाशित लेखरचनालाई विभिन्न प्रकारमा विभक्त गर्न सकिन्छ, जस्तै- साक्षात्कार, चित्रात्मक, चलचित्र, व्यावहारिक, खेलकुद, यात्रा, साहित्य, विज्ञान, प्रेरणादायी, सांस्कृतिक, भावात्मक, ऐतिहासिक, पुरातात्विक, परिचयात्मक, समाचारमूलक, व्याख्यात्मक, वन्यप्राणी, कृषि, बागवाणी, लोककला, लोकसंस्कृति, लोकसाहित्य,

---

[२४४] पीके आर्य (सन् २००५); **फिचर लेखन**, नई दिल्ली : विद्याविहार, पृ. १६।

चिकित्सा, व्यक्तिगत अनुभवयुक्त, व्यङ्ग्य, औद्योगिक, प्राविधिक, ज्योतिष, वास्तुशास्त्र, पौराणिक, आध्यात्मिक, धार्मिक, दर्शन, वर्णनात्मक, रोजगारपरक, नीतिपरक, तार्किक, प्रकृतिपरक, पर्यटन, संस्थानमूलक, प्रतियोगितासम्बन्धी, बालविकास, विशिष्ट व्यक्तित्व, जीवनीमूलक, फेसन, महिला र युवा आदि।

### २.४.७ विज्ञापन

विज्ञापनलाई समाचारपत्रको जीवन-रक्त भन्दछन्।[२४५] क्रय अनि विक्रययोग्य वस्तुको जानकारी जनतासमक्ष पुऱ्याउने माध्यमलाई विज्ञापन भनिन्छ। पत्रकारितामा विज्ञापनका लागि समाचारको स्थान बिक्री गरिन्छ। विज्ञापन समाचारपत्रको सबैभन्दा ठुलो आर्थिक स्रोत भएका हुँदा यसको महत्त्व अत्यधिक हुन्छ। समाचारपत्र विज्ञापनबाट प्राप्त राजस्वबाट नै संवृद्ध बन्ने गरेका छन्। भारतमा समाचारपत्रलाई आर एन आई (समाचारपत्र पञ्जीकरण कार्यालय)-ले ६० प्रतिशत पाठ्यसामग्री र ४० प्रतिशत विज्ञापन प्रकाशन गर्न मार्गनिर्देशन गरेको छ।[२४६] विज्ञापनमा पाठकका ध्यानाकर्षण गर्ने क्षमता, मौलिक रूपसज्जा, सुबोध, तर्कपूर्ण प्रस्तुति, गतिशीलता, चित्रात्मकता, प्रभावकारिता र रूचिकर हुनुपर्दछ। समाचारपत्रमा विज्ञापन प्रकाशन गर्दा पाठ्यसामग्री र विज्ञापन स्पष्टसँग छुटिनु पर्दछ।

समाचारपत्रमा प्रकाशित विज्ञापनलाई **स्थानीय विज्ञापन**, **राष्ट्रिय विज्ञापन**, **वर्गीकृत विज्ञापन** र **प्रदर्शन विज्ञापन** गरी चार प्रकारमा विभाजन गरिन्छ। समाचारपत्र प्रकाशन भएका स्थान वरिपरिका पाठकका लागि विभिन्न सूचना, सिनेमा, होटल, मनोरञ्जन, उत्सव, कार्यक्रमका निमन्त्रणा, खेलकुद, व्यवसाय, उद्योग-धन्धा आदिसम्बन्धित विज्ञापनलाई **स्थानीय विज्ञापन** भन्दछन्। स्थानीय विज्ञापनको दर अन्यको भन्दा कम गरिने परम्परा पत्रकारिता जगत्मा रहेको छ। राष्ट्रका सम्पूर्ण बजारलाई ध्यानमा राखेर

[२४५] HVD Prasad (2006); **Newspaper Management**, Kochi : Watchman Publishers,pg. 47.

[२४६] www.rni.nic.in (२५ दिसम्बर, २०१६)।

दिइएका विज्ञापनलाई **राष्ट्रिय विज्ञापन** भनिन्छ। बोलपत्र सूचना, कम्पनीका सूचना, सरकारी सूचना, रोजगार सूचना, वैवाहिक सूचना आदि पाठ्यसामग्री भएका विज्ञापनलाई **वर्गीकृत विज्ञापन** भन्दछन् भने कुनै सिद्धान्त, नीति, कार्यक्रम, संस्थानको सन्देश दिने, विशेष अवसरमा सरकारद्वारा जारी सूचनात्मक सन्देश, राष्ट्रियताका भावना सिर्जना गर्ने किसिमका चित्रात्मक विज्ञापनलाई **प्रदर्शन विज्ञापन** भन्दछन्।

## २.५. प्रेस कानुन र आचारसंहिता

पत्रकारितासित सम्बन्धित आ-आफ्नै देशका आ-आफ्नै कानुन हुन्छन् भने पत्रकारिता जगत् स्वयम्ले आफूलाई नियन्त्रण गर्ने प्रक्रिया नै आचारसंहिता हो।

### २.५.१ व्यावसायिक पत्रकारिता र कानुन

व्यावसायिक पत्रकारले पत्रकारितासम्बन्धित कानुनबारे जानकारी राखेको हुनुपर्छ। भारत राष्ट्रका पत्रकारितासम्बन्धित कानुन र विधिबारे यहाँ परिचय दिइएको छ।

**२.५.१.१ भारतीय संविधानमा प्रेस :** भारतीय संविधानको धारा १९ मा मौलिक अधिकारअन्तर्गत वाक् स्वतन्त्रता अनि अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गरिएको छ।[२४७] यसले लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउँदै देशका राजनीतिक, सामाजिक, आर्थिक, प्रशासनिक आदि सबै प्रकारका नीति सन्दर्भमा नागरिकलाई आफ्ना विचार अभिव्यक्त गर्ने अधिकार प्रदान गरेको छ। यो अधिकार भारतीय नागरिकलाई दिइए तापनि छुट्टै प्रेस स्वतन्त्रता अधिकारको भने उल्लेख गरिएको छैन। सन् १९५० मा मद्रास र दिल्ली उच्च न्यायालयले धारा १९ (१) मा नै प्रेस स्वतन्त्रता समाविष्ट भएको निर्णय दिएको थियो।[२४८]

यसरी नै संविधानको धारा ३६१ (क)-मा संसद एवम् राज्य विधान मण्डलका कार्वाही प्रकाशनको संरक्षण सम्बन्धित नियम रहेको छ भने धारा १०४ अनि १०५ —मा

---

[२४७] अनिलकुमार सलिल (सन् २००७); **भारत का संविधान,** नईं दिल्ली : प्रभात पेपरबैक्स, पृ.९३।

[२४८] नन्दकिशोर त्रिखा (सन् २०१२), **प्रेस विधि,**( सा. सं.), वाराणसी : विश्वविद्यालय प्रकाशन, पृ.२।

संसद एवम् विधानमण्डलका विशेषाधिकार तय गरिएका छन्। धारा २१ मा भने भारतका नागरिकलाई प्रत्याभूत जीवन अनि स्वतन्त्रताका मौलिक अधिकार एवम् एकान्तताको अधिकार सुनिश्चित गरिएको छ।[२४९]

**२.५.१.२ प्रेस अनि पुस्तक पञ्जीकरण अधिनियम १८६७ :** प्रेस अनि पुस्तक पञ्जीकरण अधिनियम १८६७ भारतमा मुद्रण अनि प्रकाशन सम्बन्धमा प्रेस कानुनमध्ये सबैभन्दा पुरानो कानुन हो। यो कानुनअनुसार भारतमा समाचारपत्र प्रकाशन गर्न कुनै लाइसेन्सको आवश्यकता पर्दैन तर मेजिस्ट्रेडसमक्ष घोषणापत्र प्रस्तुत गरेपछि आर एन आई कार्यालयबाट पञ्जीकृत प्रमाणपत्र लिन आवश्यक पर्दछ।यस कानुनले समाचारपत्रको प्रकाशनसम्बन्धित विभिन्न नियमलाई परिभाषित गरेको छ।

**२.५.१.३ प्रशासनिक गोपनीयता अधिनियम १९२३ :** प्रशासनिक गोपनीयता अधिनियम १९२३ कानुनका दुईवटा पक्ष छन्, पहिलो पक्ष जासुसीसम्बन्धित छ भने दोस्रो पक्ष सरकारले गोप्य मानेका विषयको प्रकटीकरणसम्बन्धित छ। दोस्रो पक्ष प्रेसविरूद्ध देखिए तापनि यसको सर्वाधिक प्रभाव पत्रकारितामा पर्दछ। सरकारका तीनवटा अङ्ग न्यायपालिका, कार्यपालिका अनि विधायिकामध्ये न्यायपालिका र विधायिकाले प्रायः सबै कार्य सार्वजनिक रूपमा गर्दछन् भने कार्यपालिकाले धेरैजसो निर्णय गोप्य राख्दछ।[२५०] यद्यपि यस्ता सूचना जान्ने अधिकार नागरिकमा रहेको हुन्छ। तर देशका राष्ट्रिय सुरक्षा, विदेश नीतिजस्ता विषयमा प्रशासकीय गोपनीयता अनिवार्य हुन्छ। प्रस्तुत कानुनले कुन विषय सार्वजनिक गर्न मिल्छ र कुन विषय मिल्दैन त्यो स्पष्ट गरेको छ।

**२.५.१.४ भारतीय प्रतिलिपि अधिकार अधिनियम १९५७ :** प्रतिलिपि अधिकार (कपिराइट) कानुनको व्यवस्था राष्ट्रिय स्तरमा मात्र होइन अन्तर्राष्ट्रिय स्तरमा नै रहेको छ। पहिले प्रतिलिपि अधिकार प्रकाशकको अधिकार थियो भने आज कृतिका रचयिताको

---

[२४९] भारतीय प्रेस परिषद् (सन् २०१०), **पत्रकारिता के आचरण के मानक**, नई दिल्ली : भारतीय प्रेस परिषद्, पृ.११०।

[२५०] नन्दकिशोर त्रिखा ; पूर्ववत, पृ.२९।

अधिकार बनेको छ।[२५१] भारतमा यो कानुन सबैभन्दा पहिला सन् १८४७ मा बनेको थियो। तर सन् १९१२ मा आएर भारतमा इङ्गलिस कपिराइट अधिनियम लागू गरियो। सन् १९१४ मा भारतकै कपिराइट अधिनियम बनाइयो। सन् १९५७ मा भारतको संसदले वर्तमान भारतीय प्रतिलिपि अधिकार अधिनियम १९५७ पारित गऱ्यो।[२५२] यस कानुनका विभिन्न पक्ष छन्, तर कुनै साहित्यिक, नाट्य, सङ्गीतात्मक अथवा कलात्मक कृति (फोटोग्राफलाई छोडेर)-मा प्रतिलिपि अधिकार रचयिताको मृत्यु भएको ५० वर्ष पछिसम्म रहन्छ। यदि कृतिका एकभन्दा धेरै रचयिता छन् भने जुन रचयिताको सबैभन्दा ढिलो मृत्यु हुन्छ त्यसको ५० वर्ष पछिसम्म यो कानुनले अधिकार दिन्छ। तर कुनै कृति प्रकाशन हुनुभन्दा अघि नै लेखकको मृत्यु भइसकेको छ भने प्रकाशनको तिथिदेखि ५० वर्षसम्म लागू हुन्छ। छद्म नाममा प्रकाशित कृतिमा प्रतिलिपि अधिकारको अवधि कृति प्रकाशन भएको ५० वर्षसम्म रहन्छ तर रचयिताको वास्तविक परिचय यो अवधि समाप्त हुनुभन्दा अघि नै ज्ञान भयो भने रचयिताको मृत्यु भएको ५० वर्षसम्म यो अधिकार कायम रहन्छ। सरकारी तथा अन्तर्राष्ट्रिय सङ्गठनबाट प्रकाशित कृतिमा प्रतिलिपि अधिकार प्रथमपल्ट प्रकाशन भएको तिथिदेखि ५० वर्षसम्म रहन्छ। फोटोमा भने प्रतिलिपि अधिकारको अवधि फोटो बनाएको समयदेखि ५० वर्षसम्म हुन्छ। तर प्रतिलिपि अधिकारको पञ्जीकरण प्रतिलिपि अधिकार कार्यालयमा अनिवार्य रूपमा गर्नुपर्ने प्रावधान कानुनमा रहेको छ।यो अधिकारप्राप्त व्यक्तिबाट अवधिभित्रै अथवा प्रतिलिपि अधिकार पञ्जीकरण कार्यालयबाट अनुमति नलिइकन कसैले उक्त कृतिको नकल वा प्रयोग गर्छ भने प्रतिलिपि अधिकारको उल्लङ्घन मानिन्छ। यो कानुनको उल्लङ्घन गर्ने व्यक्तिलाई जरिमाना र जेल सजाय अथवा दुवैको प्रावधान रहेको छ।[२५३]

---

[२५१] पूर्ववत्, पृ.१३७।

[२५२] पूर्ववत्, पृ. १३७-१३८।

[२५३] पूर्ववत्, पृ. १४१-१४९।

**२.५.१.५ भारतीय प्रेस परिषद् अधिनियम १९७८:** समाचारपत्र, समाचार समिति अथवा पत्रकारद्वारा पत्रकारिता आचारसंहिताको उल्लङ्घन भयो भने सरकार अथवा कुनै बाह्य अधिकृत अङ्गका अतिरिक्त स्वयम् प्रेसले आफैमाथि आवश्यक कार्वाही गर्नुपर्छ भन्ने अवधाराणामा भारतीय प्रेस परिषद् कानुन बनिएको हो। कार्वाही गर्ने अधिकार सरकारसित रह्यो भने सरकारले त्यसको लाभ उठाई प्रेसमाथि नियन्त्रण गर्नसक्छ। प्रेस स्वतन्त्रता भनेको प्रेसको मनपरी होइन। यसैले कुनै समाचारपत्र अथवा पत्रकारले मनपरी पत्रकारिता आचारसंहिता भङ्ग हुने गरी अनि पत्रकारिताको स्तर झार्ने किसिमले लेख्नथाल्यो भने त्यसमाथि प्रेससम्बद्ध अधिनियम लागु गर्न आवश्यक हुन्छ। पत्रकारिता सिद्धान्तको उल्लङ्घन गर्ने पत्रकार, समाचारपत्र, समाचार समितिमाथि अधिनियम लागु गर्नका लागि प्रेसबाटै हुनुपर्ने यस्तो तन्त्रको आवश्यकता अनुभव गरी सन् १९७९ मा भारतीय प्रेस परिषद्को गठन भएको हो।

यस अधिनियमअन्तर्गत भारतीय प्रेस परिषद्मा एकजना सभापति अनि २८ जना अन्य सदस्य रहन्छन्। यसका सभापति अवकाशप्राप्त न्यायाधीश हुन्छन् भने सदस्यमा ६ जना श्रमजीवी सम्पादक (यस्ता सम्पादक जो मालिक अथवा प्रबन्धक होइनन्), ७ जना श्रमजीवी पत्रकार, ६ जना समाचारपत्रका मालिक अथवा प्रबन्धक, एकजना समाचार समितिका प्रबन्धक, तीनजना शिक्षा अनि विज्ञान, विधि अनि साहित्य तथा संस्कृतिका विशेषज्ञ, तीनजना लोकसभा सांसद, दुईजना राज्यसभा सांसद, विश्वविद्यालय अनुदान आयोग र भारतीय बार परिषद्का एक-एकजना सदस्य अनि एकजना साहित्य अकादमीद्वारा विशेष अनुभवी व्यक्तित्वलाई मनोनित गरिन्छ। यिनीहरूमध्ये श्रमजीवी पत्रकारमा तीनजना सम्पादक र चारजना अन्य श्रमजीवी पत्रकार भारतीय भाषाका समाचारपत्रबाट मनोनित हुनुपर्छ। यसरी नै बृहत्, मध्यम र लघु तीनवटै वर्गबाट मालिक

अथवा प्रबन्धकमध्ये दुई-दुईजना हुनुपर्छ। सभापतिलगायत सबै सदस्यका कार्यकाल तीन वर्षको हुन्छ।[२५४]

भारतीय प्रेस परिषद्को उद्देश्य भारतमा प्रेस स्वतन्त्रता अनि समाचारपत्र तथा समाचार समितिको स्तर कायम राख्नु तथा तिनको सुधार गर्नुमा निहित रहेको छ। परिषद्ले सरकार, सार्वजनिक निकाय, निजी सङ्गठन, सङ्घ-संस्था, समूह, व्यक्ति, प्रेससम्बद्ध मानिस यदि कसैले पनि प्रेसको स्वतन्त्रता हनन् गर्छ भने त्यस विषयमा विचार गरी उचित कार्वाही गर्दछ।

भारतीय प्रेस परिषद्को अधिनियममा कुनै पनि समाचारपत्र, पत्रकार अथवा अन्य कसैलाई दण्ड दिने अधिकारको उल्लेख छैन, तर पत्रकारितासम्बन्धी सदाचारको उल्लङ्घन गर्नेमाथि चेताउनी भने दिनसक्ने, भर्त्सना गर्नसक्ने, निन्दा गर्नसक्ने प्रावधान भने छ। तर लोकहितसम्बन्धित विषयमा दोषी ठहरिएका कुनै पनि समाचारपत्र, समाचार समिति, पत्रकारका विरुद्ध लिइएको निर्णयलाई शिरोपर गरी ती दोषी समाचारपत्र, समाचार समिति, सम्पादक अथवा पत्रकारले निर्देशनअनुसार दोष स्वीकार गरी खेदप्रकटसहित संशोधन गरी उक्त सामग्री प्रकाशित गर्नुपर्दछ। यस निर्णयलाई कुनै पनि दोषी ठहर भएका समाचारपत्र, समाचार समिति, सम्पादक अथवा पत्रकारले न्यायालयमा गएर चुनौती दिन सक्दैनन्।यसरी नै परिषद्का निर्णयमा सरकार, प्राधिकरण आदि जसले प्रेस स्वतन्त्रताको हनन गर्छ तिनीहरू विरुद्ध परिषद्ले आफ्नो निर्णय, आलोचना अथवा कुनै प्रकारको प्रतिकूल टिप्पणी गर्न सक्छ।[२५५]

भारतीय प्रेस परिषद्ले कसैलाई पनि समन जारी गरी आफूसमक्ष हाजिर गराउन सक्छ अनि उनीहरूका शपथपत्रको जाँच गर्नसक्छ। परिषद्द्वारा गरिएका प्रत्येक जाँचलाई भारतीय दण्ड संहिताको धारा १९३ अनि २२८ को अर्थमा न्यायिक कार्वाही

---

[२५४] पूर्ववत्, पृ.१५१-१५२।

[२५५] पूर्ववत्, पृ १५७।

मानिन्छ।[२५६] कानुनमा नलेखिएको भए तापनि परिषद्को कार्य अर्द्धन्यायिक प्रकृतिमा हुँदछ।

**२.५.१.६ श्रमजीवी पत्रकार अनि अन्य समाचारपत्रसम्बद्ध कर्मचारी (सेवा सर्त) तथा विविध व्यवस्था अधिनियम १९५५ :** प्रथम प्रेस आयोग १९५४ को सिफारिसमा अनि देशका पत्रकारका मागमा भारतीय संसदले सन् १९५५ मा **श्रमजीवी पत्रकार अनि अन्य समाचारपत्रसम्बद्ध कर्मचारी (सेवा सर्त) तथा विविध व्यवस्था अधिनियम १९५५** - पारित गऱ्यो। यस कानुनको उद्देश्य समाचारपत्र अनि समाचार एजेन्सीमा कार्यरत श्रमजीवी पत्रकार तथा अन्य कर्मचारीका लागि कतिपय सेवा सर्त निर्धारित गरी पालन गर्न लगाउनु हो। यस कानुनले समाजमा पत्रकारका विशिष्ट कार्य अनि स्थान तथा गरिमालाई मान्यता दिँदै पत्रकारका हितमा विशेष प्रावधान सुनिश्चित गरेको छ। यस कानुनले पत्रकारका वेतन, कर्मचारी भविष्य निधि, सेवा निवृत्ति, सेवाकालमा मृत्यु अनि दशवर्षसम्म काम गरेर राजिनामा दिएका स्थितिमा एक मुष्ट रकम (ग्रेच्युटी) दिनुपर्ने प्रावधान सुनिश्चित गरेको छ। यसका साथै चार हप्तामा १४४ घण्टामात्र काम गर्नुपर्ने, हप्तामा एकदिन बिदा दिनुपर्ने, अन्य प्रकारका बिदा, श्रम अथवा वेतन निर्धारण आदि विषयमा सम्बोधन गरेको छ।

**२.५.१.७ भारतीय दण्ड संहिता १८६० र दण्डविधान संहिता १९७३ :** सन् १८६०-मा भारतीय विधिलाई संहिताबद्ध गरिएको हो। यसमा कतिपय धारा यस्ता छन्, जसले पत्रकारितालाई प्रत्यक्ष अथवा परोक्ष रूपमा प्रभावित गर्दछन्। भारतीय दण्ड संहिताका धाराहरू १२४ (क), १५३ (क), १५३ (ख), १७१ (छ), २९२, २९३, २९४ (क),० २९५ (क), ४९९-५०२ अनि ५०५ प्रेससित सम्बन्धित छन्। दण्डविधान संहिताका धाराहरू ९१, ९३, ९५, ९६, १०८, १४४, १९६, ३२७, ३४५, ३४९, ३५० —ले प्रेसलाई प्रभावित गर्दछन्। यी धारामा राजद्रोह, समूह अथवा

---

[२५६] पूर्ववत्।

समुदायमाझ शत्रुता फैलाउनु, मिथ्याकथन, अश्लीलता, धार्मिक भावनालाई आहत गर्नु, मानहानि पुऱ्याउनु, तलासी वारेन्ट, कर्फ्यू जस्ता संवेदनशील विषय रहेका छन्, जसबारे व्यावसायिक पत्रकारले जानकारी लिएको हुनुपर्दछ।

**२.५.१.८ सूचनाको अधिकार अधिनियम २००५ :** सन् २००५ मा भारतको संसदले सूचनाको अधिकार अधिनियम पारित गरी भारतीय नागरिकलाई सरकारी कामकाजको लेखाजोखाबारे जानकारी लिने अधिकार सुनिश्चित गऱ्यो। भारतको सर्वोच्च न्यायालयले सूचनाको अधिकारलाई मौलिक अधिकारको अंश बताएको छ।[२५७] यस कानुनअनुसार सरकारी कार्यालयबाट भारतीय नागरिकले सूचनाको माग गर्न सक्दछन्। सूचनाको माग गरेका तीस दिनभित्रमा सूचना सम्बन्धित कार्यालयले उपलब्ध गराउनु पर्छ। सम्बन्धित कार्यालयका सूचना अधिकारीले यदि निर्धारित समयभित्रमा सूचना उपलब्ध गराउन नसकेका स्थितिमा प्रतिदिन २५० रुपियाँ अथवा अधिकतम २५ हजार रुपियाँसम्म जरिमाना भुक्तान गर्नुपर्ने हुन्छ। यस कानुनको कार्यान्वयनका लागि केन्द्रमा केन्द्रीय सूचना आयोग र राज्यमा राज्य सूचना आयोगका गठन गरिएका छन्। यस कानुनले देशमा भ्रष्टाचार नियन्त्रण गर्न तथा सरकारी कार्यप्रणालीमा पारदर्शिता ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। पत्रकारले यस अधिकारको प्रयोगद्वारा विभिन्न सरकारी निकायबाट आवश्यक सूचना र जानकारी प्राप्त गर्न सक्छन्।

**२.५.१.९ मानहानि :** मानिसका निम्ति उसको मान, सम्मान तथा प्रतिष्ठा महत्त्वपूर्ण सम्पत्ति हो। प्रतिष्ठा रक्षा उसको प्राकृतिक अधिकार हो। कसैले यस महत्त्वपूर्ण सम्पत्तिमाथि क्षति पुऱ्याउँछ भने ऊ दण्ड भोग्न र क्षतिपूर्तिका निम्ति उत्तरदायी हुनुपर्छ भन्ने सोचसितै मानहानिको अवधारणा विकसित भएको हो। पत्रकारिता एउटा यस्तो पेसा हो, जसमा कसैको प्रतिष्ठामाथि घात हुनसक्ने आशङ्का धेरै हुन्छ। यस्तो स्थितिमा पत्रकारले मानहानिको मामिला झेल्नु गर्नुपर्ने हुन्छ। भारतीय दण्ड संहिताको

[२५७] आबिद रिजबी (सम्पा.)(सन् २००८); **सूचना का अधिकार**, मेरठ: तुलसी साहित्य पबलिकेसन, पृ.५।

धारा ४९९ मा मानहानिलाई परिभाषित गर्दै कुनै बोलिएको अथवा पढिने अपशब्दद्वारा अथवा सङ्केतद्वारा अथवा दृश्यद्वारा कुनै व्यक्तिबारे उसका प्रतिष्ठामा हानि पुऱ्याउने उद्देश्यले कुनै लाञ्छना लगाइन्छ अथवा प्रकाशित गरिन्छ भने त्यो मानहानि हुन्छ।[२५८] साधारणतः कुनै प्रतिष्ठित व्यक्तिको प्रतिष्ठालाई होच्याउने उद्देश्यले बोलिएका अथवा लेखिएका विषय मानहानिको विषय बन्नसक्छ। यसैले व्यावसायिक पत्रकारले मानहानिका विषयमा विशेष ध्यान दिन आवश्यक छ।

**२.५.१.१० न्यायालयका आदेशको अवज्ञा :** न्यायालयका आदेशको अवज्ञा भन्नाले न्यायालयका आदेशविरुद्ध जानु भन्ने बुझिन्छ। यो कानुनले न्याय प्रशासनको व्यवस्थित सञ्चालनलाई रक्षा गर्दै न्यायालयका निष्पक्षता, योग्यता अनि न्यायप्रियतामा सबैको विश्वास रहोस् भन्ने अवधारणा बोकेको हुन्छ। मानिस दोषी प्रमाणित नभएसम्म न्यायको दृष्टिकोणमा निर्दोष ठहरिन्छ र उसलाई आफू निर्दोष भएको प्रमाणित गर्ने पूर्ण अधिकार छ अनि उसले फेयर ट्रायलको पूर्ण अवसर पाउनुपर्छ। यस न्यायिक प्रक्रियामा कुनै प्रकारको बाधा हुनुहुँदैन। यदि कसैले न्यायिक प्रक्रियामा बाधा पुऱ्याउँछ भने त्यो न्यायालयका आदेशको अवज्ञा हुन्छ। साधारण अर्थमा जब कुनै मामिलाको न्यायिक प्रक्रिया थालिन्छ त्यसमाथि टीकाटिप्पणी गर्नु न्यायालयका आदेशको अवज्ञा हो। न्यायालयका निर्णय, निर्देश, आदेश अथवा कुनै अन्य प्रक्रियालाई जानिबुझी अवज्ञा गर्नु, उल्लङ्घन गर्नु न्यायालयका आदेशको अवज्ञा हो। न्यायालयलाई कलङ्कित पार्ने किसिमका, न्यायिक प्रक्रियालाई प्रतिकूल प्रभाव पार्ने किसिमका अथवा न्यायालयका क्रियाकलापमा हस्तक्षेप हुने किसिमका लेखन, प्रकाशन, प्रसारणलाई न्यायालयका आदेशको अवज्ञा मानिन्छ। न्याय प्रशासन, न्याय प्रक्रिया, न्यायाधीशका आचरण, उनीहरूका निर्णय आदिका विषयमा मानहानि हुने किसिमले लेखेका खण्डमा पत्रकार

---

[२५८] नन्दकिश्वर त्रिखा; पूर्ववत्, पृ.४०।

न्यायालयका आदेशको अवज्ञामा पर्दछन्। न्यायालयका आदेशको अवज्ञाको दोषीलाई जेल तथा जरिमानासहितको दण्ड दिने प्रावधान रहेको छ।

**२.५.१.११ संसदीय विशेष अधिकार :** भारत लोकतान्त्रिक राष्ट्र भएको हुँदा लोकतन्त्रको सर्वोच्च संस्था संसद अथवा विधानमण्डललाई भारतको संविधानको धारा १०५ र १९४ मा विशेष अधिकार दिइएको छ। संसदमा भएका गतिविधिलाई उचित तरिकाले जनतासमक्ष पुऱ्याउने उत्तरदायित्व पत्रकारको हो। संसदको कार्वाहीको रिपोर्ट प्रकाशित गर्दा अनि सदनका अधिष्ठाता अथवा सदस्यविरुद्ध टिप्पणी गर्दा संसदका गरिमामा घात लाग्न सक्ने आशङ्का विषय पत्रकारले विशेष ध्यान दिनुपर्ने हुन्छ। यसमा संसदका विशेष अधिकारको अवज्ञा हुन्छ। यस अवस्थामा पत्रकार दण्डित हुनुपर्ने हुन्छ।

साधारण रूपमा पत्रकार अनि समाचारपत्रले कार्वाही विषयक गलत विवरण प्रकाशित गर्दा, गोपनीय बैठकको रिपोर्ट छाप्दा, अध्यक्षले कार्वाहीमा अन्तर्भुक्त नगर्ने आदेश दिएका विषय प्रकाशित गर्दा, कुनै सदस्यको भाषण लुकाउँदा, संसदीय समितिका रिपोर्ट सदनमा प्रस्तुत गरिनु अघि नै प्रकाशित गर्दा, अध्यक्षद्वारा स्वीकृत गर्नुभन्दा अघि नै कुनै प्रश्न, प्रस्ताव अथवा सङ्कल्प प्रकाशित गर्दा, संसद, सांसद अनि समितिका गरिमामा चोट लाग्नसक्ने विषय प्रकाशित गर्दा, अध्यक्ष अथवा विशेष अधिकार समितिसमक्ष विचाराधीन कुनै मामिलामा टिप्पणी गर्दा, अध्यक्षविरुद्ध अपमानजनक लेखन, संसद अथवा कुनै समितिको कार्वाहीलाई प्रभावित पार्ने किसिमको लेखन, पत्रकारद्वारा सदनका कार्वाहीमा बाधा सिर्जना गर्नु, अभद्र आचरण गर्नु, अशान्ति सिर्जना गर्नु अथवा अध्यक्षका आदेश पालन नगर्नु जस्ता विषय संसदीय विशेषाधिकारभित्र पर्दछन् र यसका लागि दण्डको भागी बन्नु पर्दछ।

**२.५.१.१२ सूत्रको गोपनीयता :** पत्रकारितामा पत्रकारका जानकारीका स्रोतलाई सूत्र भनिन्छ। सूत्रको गोपनीयता कायम गर्नुपर्ने नैतिक र व्यावहारिक आधार हुन्छन्। कसैले पत्रकार अथवा समाचारपत्रलाई आफ्ना नाम र परिचय नखुलाउने वाचासहित

विश्वास राखेर उपलब्ध गराएका महत्त्वपूर्ण सूचना प्रकाशित गर्दा पत्रकार अनि समाचारपत्रले सूत्रलाई गोप्य राख्नु नैतिक जिम्मेवारी हुन्छ। कुनै स्रोतसित पत्रकार अनि समाचारपत्रले विश्वासघात गर्छन् भने यस्ता स्रोत सधैंका लागि मौन हुन्छन्। यस्तो विश्वासघात धेरै हुनथाल्यो भने महत्त्वपूर्ण समाचार समाचारपत्रले पाउन छोड्छ, यसैले सूत्रको नाम गोपनीय राख्नुपर्ने पत्रकारिताको व्यावहारिक पक्ष हो। सूत्रको गोपनीयता भन्नाले समाचारको स्रोत बताउँदै नबताउनु भन्ने होइन, किनभने स्रोतको उल्लेख गर्नु समाचारको एउटा नियम हो। तर कतिपय परिस्थितिमा अपवादका रूपमा स्रोत खुलाउन मिल्दैन। स्रोतको गोपनीताको विषयमा विश्वभरि नै चर्चा परिचर्चा भइरहेका छन् र लोकहितलाई ध्यानमा राखेर परिस्थितिवश न्यायालयसमक्ष पत्रकारले स्रोत खुलाउन सक्छ। यद्यपि सूत्रको प्रामाणिकतामाथि पत्रकार आफै विश्वस्त हुन आवश्यक हुन्छ।

**२.५.१.१३ भुक्तान गरिएका समाचार (पेड न्युज) :** पेड न्युज सन् २०१० —को दशकमा देखापरेको नयाँ अवधारणा हो। भारतीय चुनाउ आयोगलाई कतिपय राजनीतिक दल र सञ्चारकर्मीले भुक्तान गरिएका समाचार (पेड न्युज)-का विरुद्ध कठोर कार्वाही गर्न आग्रह गरेपछि चुनाउ आयोगले ४ अक्टुबर, २०१० र ९ मार्च, २०११ —मा सर्वदलीय बैठक बोलाएर पेड न्युजलाई रोक्न ठोस् पाइला चाल्ने निर्णय गरेपछि पेड न्युज अपराध सिद्ध भएको हो।[२५९]

राजनीतिक दल, व्यक्ति विशेष, उम्मेदवार, संस्थान, सङ्गठन आदि कसैले पनि प्रचारका लागि सञ्चारगृह (विद्युतीय एवम् छापा)-लाई रुपियाँ अथवा अन्य कुनै पनि माध्यमद्वारा भुक्तान गरेको छ भने त्यस्तो समाचारलाई पेड न्युज भन्दछन्। भारतीय प्रेस परिषद्को मार्गनिर्देशनमा समाचारपत्रले विज्ञापन प्रकाशन गर्दा अन्य सामग्रीभन्दा छुट्टै रूपमा गर्नुपर्दछ[२६०] भनी निर्देशनसमेत गरिएको छ। पेड न्युज विज्ञापन नै हो, तर

---

[२५९] ceodelhi.nic.in/WriteReadData/TrgMaterial/PaidNews.ppt (२५ दिसम्बर, २०१६)।

[२६०] पूर्ववत्।

यसलाई विज्ञापनका रूपमा नभई समाचारका रूपमा प्रकाशन गरिएमा त्यस्ता सामग्रीलाई पेड न्युज भन्दछन्। पेड न्युजले जनतालाई दिग्भ्रमित पार्दछ र विचार गर्ने क्षमतामा नकारात्मक प्रभाव पार्दछ। यसले मतदातालाई प्रभावित बनाउँदछ साथै सूचनाको अधिकारमाथि पनि घात गर्दछ। पेड न्युजले चुनावी गतिविधि, कानुन र चुनावी प्रक्रियामाथि नै प्रभाव पार्ने हुँदा यो लोकतन्त्रका निम्ति पनि घातक सिद्ध हुन्छ। सन् २०१० देखि नै चुनाउ आयोग र भारतीय प्रेस परिषद्ले पेड न्युजलाई रोक्नका लागि महत्त्वपूर्ण निर्णय लिँदै पदक्षेप चालेका छन्।

### २.५.२ पत्रकारिता आचारसंहिता

कुनै पनि व्यवसायलाई मर्यादित र व्यवस्थित बनाउन आचारसंहिताले नैतिक अनुशासनको भूमिका निर्वाह गरेको हुन्छ। सञ्चार माध्यमका विकाससँगै सञ्चारकर्मीले प्रेस स्वतन्त्रताको दुरुपयोग गरी पत्रकारिताका धर्मविरुद्ध कार्य गर्न थालेपछि पत्रकारिता र पत्रकारलाई जिम्मेवारी बोध गराउन पत्रकारिता जगत्मा आचारसंहिताको आवश्यकता अनुभव गरिएको हो। पत्रकारितामा आचारसंहिता राज्यद्वारा निर्मित कानुन नभई पत्रकारका लागि नैतिक बन्धन हो। पत्रकारले यसलाई स्वेच्छाले पालन गर्नुपर्दछ। सन् १९१६ मा स्वीडेनमा प्रेस काउन्सिलको अवधारणा आएपछि पत्रकारिता आचारसंहिताको विचार उत्पन्न भएको हो। सन् १९२२-मा अमेरिकी समाचारपत्रका सम्पादक समाजद्वारा निर्माण गरिएका आचारसंहिता नै पहिलो पत्रकारिता आचारसंहिता हो।[२६१] पत्रकारिता आचारसंहितालाई **कोर्ड अफ् कन्डक, इथिक्स अव् जर्नालिज्म, केनोन अफ् जर्नालिज्म, डिक्लेरेसन अफ् राइट एन्ड अब्लिगेसन** जस्ता नामले पनि सम्बोधन गरिएका पाइन्छन्।

पत्रकारितासम्बन्धित विभिन्न सङ्घ-संस्था, सम्मेलन, विभिन्न राष्ट्रका प्रेस परिषद्, संयुक्त राष्ट्र सङ्घलगायतका संस्थानले पत्रकारिता आचारसंहिता तयार गरेका छन्। यसका साथै प्रत्येक सञ्चारगृहले आफ्ना कर्मचारी पत्रकारका लागि मार्गनिर्देश तथा

---
२६१ श्रीराम खनाल (२०६३); पूर्ववत्, पृ.१८४।

जिम्मेवारीबोध गराउन निर्देशिका, म्यानुअल, शैली निर्देशिका आदि बनाएका हुन्छन्, जस्तै **बीबीसी म्यानुअल, न्युयोर्क टाइम्स इथिकल जर्नालिज्म** आदि। यस्ता निर्देशिका पनि आचारसंहिता नै हुन्, जसमा आफ्ना कर्मचारीलाई के गर्नु हुन्छ, के गर्नु हुँदैन भन्ने विषयमा मार्गनिर्देशन गर्दै स्पष्ट पारिएको हुन्छ।

**२.५.२.१ अन्तर्राष्ट्रिय पत्रकारिता आचारसंहिता :** अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (The International Federation of Journalists)- एक सयभन्दा धेरै राष्ट्रका ४.५ लाखभन्दा धेरै सदस्य भएका अन्तर्राष्ट्रिय सङ्गठन हो, जसका माध्यमबाट विश्वमा लोकतान्त्रिक संस्कृतिको विकास र सम्बर्द्धन गर्नमा व्यावसायिक पत्रकारले महत् भूमिका निर्वाह गर्दछन्। महासङ्घले पहिलोपल्ट सन् १९५४-को महासम्मेलनमा विश्वभरिका पत्रकारका साझा एवम् समान विचारलाई लिएर पत्रकारिता आचारसंहिता बनायो, जसलाई १९८६ -को महासम्मेलनले केही संशोधन गऱ्यो।अन्तर्राष्ट्रियस्तरमा अन्तर्राष्ट्रिय पत्रकार महासङ्घद्वारा जारी पत्रकारिता आचारसंहितालाई मान्यता दिइएको छ, जसलाई यहाँ प्रस्तुत गरिन्छ-

१. सत्यको सम्मान गर्नु अनि जनताको अधिकारका लागि सत्यताको पालन नै पत्रकारको पहिलो कर्तव्य हो।

२. आफ्ना कर्तव्य पालनका क्रममा पत्रकारले इमान्दारपूर्वक समाचार सङ्कलन अनि प्रकाशन गर्दै स्वतन्त्रता सिद्धान्तको रक्षासहित असल टिप्पणी एवम् आलोचना गर्नुपर्दछ।

३. पत्रकारले घटनाको उचित ज्ञानका आधारमा तथ्यअनुसार विवरण प्रस्तुत गर्नुपर्छ र आवश्यक सूचना र जानकारी लुकाउन कहिले पनि दस्तावेजमा हेरफेर गर्नु हुँदैन।

४. समाचार, फोटो अनि दस्तावेज प्राप्तिका लागि पत्रकारले उचित तरिका अवलम्बन गर्नुपर्दछ।

५. पत्रकारले समाज अहितकारी बोध भएका सूचनामा आवश्यक सुधार ल्याउनसक्छ।

६. विश्वासमा लिइएका सूचनाका स्रोत सन्दर्भमा पत्रकारले सदैव व्यावसायिक गोपनीयता पालन गर्नु पर्दछ।

७. मिडियाद्वारा विस्तारित हुनसक्ने भेदभावका आशङ्काप्रति सचेत हुँदै पत्रकारले जाति, लिङ्ग, भाषा, धर्म, राजनीति तथा अन्य विचार अनि राष्ट्रिय अथवा सामाजिक उद्‌गमका आधारमा कसैमाथि भेदभाव हुने किसिमका सामग्री प्रकाशित गर्नुहुँदैन अनि यस्तो गर्नका लागि प्रोत्साहित गर्नु हुँदैन।

८. साहित्यिक चोरी, विषय बङ्ग्याउनु, मिथ्या आरोप, मानहानि, निन्दात्मक प्रस्तुति, निराधार दोषारोपण आदिको प्रकाशन अथवा विषय दमनका निम्ति कुनै पनि रूपको प्रलोभनमा पर्ने क्रियाकलापलाई पत्रकारले व्यावसायिक पत्रकारितामा गम्भीर आरोप मान्नु पर्दछ।

९. पत्रकारिता सम्मानित कार्य हो भन्ने बुझेर पत्रकारले माथि उल्लिखित सिद्धान्तलाई शिरोपर गरी आफ्ना कर्तव्यको निर्वाहन इमान्दारपूर्वक गर्नुपर्दछ। आ-आफ्ना देशका नियम कानुन पालना गर्दै कार्य गर्नुपर्दछ अनि सरकारी तन्त्र अथवा अन्य कसैले पनि कुनै पनि प्रकारले हस्तक्षेप गरेको खण्डमा त्यसको प्रतिकार गर्न सक्नुपर्दछ।

**२.५.२.२ भारतीय प्रेस परिषद्द्वारा जारी आचारसंहिता :** भारतीय प्रेस परिषद्‌ले सन् २०१० मा जारी गरेको पत्रकारिता आचारसंहिता[२६२] -लाई संक्षेपमा प्रस्तुत गरिन्छ —

१. **सटीकता अनि औचित्य** : भुल तथा भ्रामक, निराधार, अशिष्ट, विकृत सूचनालाई प्रेसद्वारा प्रकाशित गरिनु हुँदैन, मूल मुद्दाका सर्व पक्ष प्रस्तुत हुनुपर्छ। अफवाह र अडकलवाजीलाई तथ्यका रूपमा प्रस्तुत गरिनु हुँदैन। जनसहभागिताका

[२६२] भारतीय प्रेस परिषद्; पूर्ववत्।

वित्तीय संस्थानलाई प्रभावित गर्ने प्रकारका अफवाहको निराकरणमा सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ। अखण्डनीय तथ्य र साक्ष्यका आधारमा समाचारलाई प्रकाशमा ल्याउनु प्रेसको उत्तरदायित्व हो।

२. **प्रकाशन पूर्व सत्यापन** : जनहित अथवा अन्य विषयका समाचार प्रकाशन गर्नुअगि आवश्यक दस्तावेज, सम्बन्धित पक्षका विचार, प्रामणिकता आदिलाई सम्पादकले जाँच गरी सत्यापन गर्नुपर्दछ। सम्बन्धित दस्तावेज थोरैमा पनि छ महिनासम्म सुरक्षित राखिनु आवश्यक छ।

३. **मानहानि हुने लेखप्रति सावधानी** : समाचारपत्र अथवा पत्रकारले व्यक्ति विशेष, संस्था, सङ्गठन, दल, निकाय आदि कसैका पनि प्रतिष्ठामा घात लाग्ने किसिमका सामग्री प्रकाशन गर्नअगि सत्यतथ्य एवम् ठोस प्रमाण जुटाउनु पर्दछ। अशिष्ट भाषा, व्यङ्ग्यात्मक लेख अथवा अन्य माध्यमद्वारा कसैका प्रतिष्ठामा आघात पुग्ने किसिमका सामग्री प्रकाशन गर्नअगि विशेष सावधानी अवलम्बन गर्नु पर्दछ।

४. **सरकारी कर्मचारीका कृत्य अनि आचरणप्रति टिप्पणी** : सरकारी निकायका अधिकारी एवम् कर्मचारीका क्रियाकलापमाथि आलोचना एवम् नकारात्मक टिप्पणी गर्नअगि उचित तथा सही कुरा पत्ता लगाउनु अनि ठोस प्रमाण जुटाउनु पर्दछ।

५. **लोकप्रिय व्यक्तित्वको आलोचना एवम् समीक्षा** : लोकप्रिय व्यक्तित्वका विषयमा लेख्दा उनीहरूको मानसम्मानमा ठेस नपुग्ने भाषाको प्रयोग गर्नुपर्दछ।

६. **एकान्तपनको अधिकार**: प्रेसले कसैको पनि एकान्तपनको अधिकार एवम् निजी जीवनमाथि अतिक्रमण गर्नु हुँदैन। विशेषगरी यौन उत्पीडित महिला, युवतीका समाचार प्रकाशन गर्दा नाम, तस्वीर र पहिचान हुने किसिमको विवरण प्रकाशन गर्नु हुँदैन।

७. **लोकप्रिय व्यक्तित्वको एकान्तपन** : प्रेसले लोकप्रिय व्यक्तित्वका एकान्तपनको अधिकारलाई हनन गर्नु हुँदैन।

८. **भेटवार्ता एवम् रेकर्ड** : पत्रकारले कुनै पनि व्यक्तिसितको भेटवार्ता एवम् कुराकानीलाई उसका अनुमतिबिना रेकर्ड गर्नु हुँदैन।

९. **अडकलबाजी, तथ्यहीन टीका अनि तथ्य** : समाचारपत्रले कुनै पनि अडकलबाजी, तथ्यहीन टीका, कल्पनालाई तथ्यका रूपमा प्रकाशित गर्नु हुँदैन।

१०. **सङ्केतात्मक दोष :** अपराधका दोषीका परिवार, साथीभाइ, सम्बन्धीका नाम दोषीसित जोडेर उल्लेख गर्नु हुँदैन, किनभने उनीहरू निर्दोष हुन्छन्। विवादमा एक पक्षलाई प्रश्रय दिएर समाचार प्रकाशित गर्नु हुँदैन।

११. **संसदीय रिपोर्टिङ :** समाचारपत्रले संसद एवम् विधानमण्डलका कार्वाहीका रिपोर्ट प्रकाशन गर्दा इमान्दार र सावधानी पूर्वक गर्नु पर्दछ।

१२. **न्यायिक क्रियाका आलोचना :** समाचारपत्रले न्यायिक प्रक्रियाका समाचार प्रकाशन गर्दा विशेष ध्यान दिनुपर्दछ। न्यायालयको अवज्ञा हुने किसिमका कुनै पनि समाचार, लेख आदि प्रकाशन गर्नुहुँदैन। सार्वजनिक गर्नु हुने नहुने विषय उचित निक्यौंल गर्नुपर्दछ।

१३. **भूल सुधार :** तथ्यात्मक भूल भएको थाहा पाउनसाथ समाचारपत्रले भूल सुधारलाई प्राथमिकता दिनुपर्छ। गम्भीर भूल भएको छ भने क्षमा याचना एवम् खेद प्रकट पनि गर्नु पर्दछ।

१४. **उत्तर दिने अधिकार** : कुनै विषय, आरोप आदिका सन्दर्भमा सम्बन्धित पक्षले आफ्नो स्पष्टीकरण, उत्तर, प्रतिक्रिया, खण्डन आदि गर्न चाहे समाचारपत्रले यथोचित स्थान दिनुपर्दछ।

१५. **सम्पादकलाई पत्र**: समाचारपत्रमा सम्पादकका नाममा आएका विवादास्पद पत्र प्रकाशन गर्नुपर्छ भन्ने छैन, सम्पादकले आवश्यक सम्पादनपछि विशेष विशेष पत्र मात्र प्रकाशन गर्नसक्छन्।

१६. **सम्पादकीय** : सम्पादकीय लेख्दा शिष्ट भाषामा कानुन र पत्रकारिता आचारसंहिताको उल्लङ्घन नगरी विषयलाई प्रस्तुत गर्नु पर्दछ।

१७. **अश्लीलता एवम् अशिष्टता** : अश्लील, अशिष्ट विज्ञापन, चित्र र सामग्री समाचारपत्रले प्रकाशित गर्नुहुँदैन।

१८. **सामाजिक कुरीतिलाई प्रोत्साहित नगर्नु** : पत्रकार एवम् समाचारपत्रले सामाजिक कुरीति, अन्धविश्वास, अमानवीय थितिलाई प्रोत्साहित गर्नु हुँदैन।

१९. **हिंसालाई प्रोत्साहित नगर्नु** : समाचारपत्र एवम् पत्रकारले आतङ्कवाद, साम्प्रदायिक हिंसा, दुर्घटना आदिका चित्र छाप्दा क्षतविक्षत शवका चित्र प्रकाशित गर्नुहुँदैन, डकैती, आतङ्की आक्रमण, हिंसा आदिका समाचार छाप्दा अपराधकर्मीले समाजमा सम्मान पाउने किसिमले प्रकाशित गर्नु हुँदैन।

२०. **साम्प्रदायिक विवाद** : साम्प्रदायिक एवम् धार्मिक विवाद, सङ्घर्ष आदि विवादास्पद विषयमा समाचार, लेख आदि प्रकाशन गर्नअगि समाचारपत्रले पूर्ण रूपमा सत्यापन गर्नुपर्ने हुन्छ। यस्ता विषयमा समाचार एवम् लेखादि प्रकाशन गर्दा शान्ति, साम्प्रदायिक सद्भावना एवम् मैत्री भाव बढाउनमा सहायक बन्नसक्ने प्रकारले प्रस्तुत गरियोस्। यस्ता विषयलाई सनसनीपूर्ण, उत्तेजक र हिंसात्मक रूपमा पत्रकारले प्रस्तुत गर्नु हुँदैन।

२१. **शीर्षक** : समाचारको शीर्षक बनाउँदा सनसनीपूर्ण बनाउनु हुदैन अनि शीर्षकअनुरूप पाठमा दिइएका विषयवस्तु प्रतिविम्बित र युक्तिसङ्गत हुनुपर्दछ।

२२. **जाति, धर्म एवम् समुदायको उल्लेख**: समाचारपत्रमा व्यक्ति विशेषका वर्ग एवम् जातिलाई हेयका दृष्टिमा प्रकाशित गर्नु हुँदैन। सबै जाति, धर्म एवम् समुदायप्रति

आदरका साथ समभाव राखिएको हुनुपर्छ। अनुसूचित जाति, तल्लो जाति, अछुत जस्ता शब्दको प्रयोग नगरी, कुनै धर्मलाई महान् र कुनैलाई निकृष्ट तुल्याएर समाजलाई गलत सन्देश दिनु हुँदैन।

२३. **राष्ट्रहित** : समाचारपत्रले राष्ट्र र समाजहितलाई ध्यानमा राखेर समाचार तथा अन्य सामग्री प्रकाशन गर्नुपर्दछ। वैदेशिक सम्बन्धमा फाटो ल्याउने किसिमका समाचार पनि प्रकाशन गर्नु हुँदैन।

२४. **खोजी पत्रकारिता** : खोजी पत्रकारले आफूले अनुसन्धान गरेर प्राप्त गरेका विषय मात्र सार्वजनिक गर्नुपर्दछ, उडन्ते कुरालाई समाचारको विषय बनाउनु हुँदैन। प्रकाशनपूर्व तथ्यलाई सत्यापन गर्न अनिवार्य हुन्छ।

२५. **विश्वास कायम राख्नु** : पत्रकारले समाचार सामग्री गोपनीय स्रोतबाट प्राप्त गरेका खण्डमा स्रोतको विश्वासलाई कायम राख्नुपर्दछ। स्रोत एवम् सूत्र खोलाउन पत्रकार बाध्य छैन।

२६. **अस्वस्थ्य व्यापारीकरण :** समाचारपत्रले आफ्ना बिक्रीवितरण बढाउनका लागि अस्वस्थ्य व्यापारिक क्रियाकलाप, अन्य समाचारपत्रसित प्रतियोगिता आदि गर्नुहुँदैन।

२७. **कपटपूर्ण गतिविधि :** समाचारपत्रले विशेष घटनाका समाचार लुकाउनका लागि सम्बन्धित कसैसित चन्दा एवम् मूल्य लिएर समाचारपत्र उपलब्ध नगराउनु, प्रकाशन बन्द गर्नु जस्ता अनैतिक क्रियाकलाप गर्नुहुँदैन।

२८. **व्यावसायिक दूराचार** : समाचारपत्रद्वारा दुर्नाम गर्ने अथवा डरधम्की देखाएर भयादोहन गर्नु तथा धन-सम्पत्ति दोहन गर्नु पत्रकारिता आचारसंहिताको उल्लङ्घन हो।

२९. **व्यावसायिक प्रतिस्पर्धा** : व्यावसायिक प्रतिद्वन्द्विताका निम्ति एकाअर्काका निजी द्वेष समाचारपत्रमार्फत निकाल्नु हुँदैन।

३०. **साहित्यिक चोरी** : स्रोत उल्लेख नगरिकन कुनै रचना एवम् विचार आफ्नै हो भनी प्रयोग गर्नु साहित्यिक चोरी हो, जो आचारसंहिताको घोर उल्लङ्घन हो। कपिराइटको उल्लङ्घन पनि पत्रकारले गर्नु हुँदैन। अन्य समाचारपत्रबाट समाचार लिएर आफ्नो हो भनी प्रकाशित गर्नु पनि अपराध हो।

३१. **अवैध नकल** : प्रेसले प्रतिबन्धित पुस्तकबाट आपत्तिजनक अंश उद्धृत गरी प्रयोग गर्नु हुँदैन।

३२. **आयतित सामग्री** : प्रकाशनका लागि आएका सामग्री फर्काउन समाचारपत्र बाध्य छैन, तर प्रकाशित नभएका खण्डमा सहमतिका आधारमा भने फर्काउन सक्नेछ।

३३. **विज्ञापन** : समाचारपत्रले विज्ञापन प्रकाशन गर्दा अन्य सामग्रीभन्दा छुट्टै रूपमा प्रकाशन गर्नुपर्दछ। समाचारपत्रमा प्रत्यक्ष एवम् परोक्ष रूपमा चुरोट, तम्बाकू, खैनी, जाँडरक्सी, मदमदिरा तथा अन्य मादक पदार्थका उत्पादन, बिक्री एवम् सेवनलाई प्रोत्साहित हुने विज्ञापन प्रकाशन गर्नु हुँदैन।समाजहित, जातीय भावना, धार्मिक भावनालाई ठेस लाग्ने, चमत्कारी उपचार एवम् औषधिसम्बन्धी अवैध एवम् गैरकानुनी किसिमका विज्ञापन प्रकाशनमा ल्याउनु हुँदैन। विज्ञापनमा अशिष्ट भाषा एवम् अश्लील सामग्री पनि हुनु हुँदैन। समाजलाई गलत सन्देश दिने विज्ञापनले प्रकाशन गर्नअगि सम्पादक सचेत हुनुपर्दछ।

३४. **आन्तरिक विवाद** : समाचारपत्रका मालिक, प्रबन्धक, प्रकाशक आदिले सम्पादकलाई स्वतन्त्रता दिएको हुनुपर्दछ। व्यावसायिक पत्रकारिताको उच्च आदर्श कायम गर्न प्रकाशन हुने सामग्रीका लागि प्रबन्धनपक्षले सम्पादकलाई स्वतन्त्रता प्रदान गरेको हुनु पर्दछ।

३५. **ज्योतिषसम्बन्धी भविष्यवाणी** : समाचारपत्रमा अन्धविश्वास तथा ज्योतिषसम्बन्धी भविष्यवाणीलाई प्रोत्साहित गर्नु हुँदैन।

३६. **आपदासम्बन्धी रिपोर्ट** : कुनै पनि महामारी, प्राकृतिक आपदासम्बन्धी समाचारकथा प्रकाशन गर्दा पत्रकार एवम् समाचारपत्रले विशेष ध्यान दिनुपर्दछ। आधिकारिक स्रोतबाट जानकारी र तथ्य सङ्कलन गरी अत्यन्त संयमतासित प्रकाशित गर्नुपर्दछ, जसमा सनसनीपूर्ण, उत्तेजक, काल्पनिक एवम् अपुष्ट तथ्य हुनु हुँदैन।

३७. **एचआईभी एड्स** : एचआईभी एड्ससम्बन्धी समाचार प्रकाशन गर्दा प्रेसले मानिसलाई सूचित एवम् शिक्षित गर्नु पर्दछ, भय एवम् त्रास फैलाउनु हुँदैन।

३८. **मिडियाद्वारा परीक्षण** : मिडिया र न्यायपालिका एकार्काका पूरक हुन्। अतः न्यायालयले पनि मिडियालाई कतिपय जानकारी दिनुपर्दछ। यस्ता जानकारी प्रकाशन गर्दा मिडियाले अभियुक्तलाई अपराधसिद्ध नभएसम्म निर्दोष मान्नु पर्दछ, न्यायप्रकियामा प्रभाव पर्ने किसिमको तथ्य सार्वजनिक गर्नु हुँदैन, जाँच प्रक्रियामा प्रतिकूल प्रभाव पर्नु हुँदैन, साक्षीलाई सार्वजनिक गर्नु हुँदैन अनि न्यायालयको अवज्ञा पनि हुनु हुँदैन।

३९. **गुप्त कार्वाही (स्टिङ अपरेसन)** : पत्रकारद्वारा गरिने गुप्त कार्वाही वास्तविक एवम् सदाशयी हुनु आवश्यक छ, यसका विभिन्न चरणका लिखित समवर्ती प्रतिवेदन हुनुपर्दछ अनि विषय जनहित र कानुनअनुरूप हुनुपर्दछ।

४०. **फोटो पत्रकारिता** : फोटो यथार्थ एवम् बोधगम्य तथा सही सन्दर्भ प्रस्तुत गर्ने हुनु आवश्यक छ, फोटोलाई सम्पादन गरी भिन्न रूपमा प्रस्तुत गर्नु हुँदैन, क्षतविक्षत शवका फोटो प्रकाशित गर्नु हुँदैन।

**२.५.२.३ फोटो पत्रकारिताको आचारसंहिता** : केही प्रमुख अन्तर्राष्ट्रिय फोटो पत्रकारिताका मूल्य, मान्यता र आचारसंहिता यसप्रकार रहेका छन्-

१. फोटो पत्रकारिताका माध्यमद्वारा सटीक अनि विषयगत प्रतिनिधित्व हुनुपर्दछ।

२. प्राप्त अवसरका लाभ लिँदै फोटोमा कुनै प्रकारका छेडखानी गरिनु हुँदैन।

३. फोटो पत्रकारितामा फोटो विषय लेख्दा व्यक्तिगत एवम् सामुहिक पूर्वाग्रहद्वारा फोटोको सत्यतालाई परिवर्तन गर्नु हुँदैन।

४. फोटो पत्रकारले सबै विषयलाई सम्मान अनि गरिमाले हेर्नुपर्दछ। अपराध एवम् त्रासदी पीडितका विषयमा करुणालाई विशेष ध्यान दिनुपर्दछ। सर्वसाधारणका पीडाका घडीलाई न्यायोचित व्यवहार गर्नुपर्छ, कसैलाई पीडा दिने काम गर्नु हुँदैन।

५. सहयोगका अपेक्षामा घटनाको प्रभाव फेर्ने कार्य फोटोग्राफरले गर्नु हुँदैन।

६. सम्पादन गर्दा फोटोका सामग्री अनि सन्दर्भलाई यथावत् राखिनु पर्दछ। फोटोमा परिवर्तन गरिनु हुँदैन, जसले पाठक एवम् दर्शकलाई दिग्भ्रमित पार्दछ।

७. कुनै प्रकारका आर्थिक लाभ हुने किसिमले पुरस्कार दिएर सूचना एवम् सहभागिताका लागि फोटो लिनु हुँदैन।

८. कसैबाट पनि उपहार, सहायता, एवम् क्षतिपूर्तिका लागि फोटो पत्रकारले राशि स्वीकार गर्नु हुँदैन।

९. जानीजानी अन्य पत्रकारका प्रयासलाई विफल बनाउने काम गर्नु हुँदैन।

१०. कुनै पनि कार्यक्रममा जान अघि फोटो पत्रकारले उक्त कार्यक्रममा पत्रकारलाई प्रवेशको अनुमति छ छैन त्यो सुनिश्चित गर्न आवश्यक हुन्छ।

११. फोटो पत्रकारले अद्वितीय दृष्टि अनि प्रस्तुति विकसित गर्न मनोविज्ञान, समाजशास्त्र, राजनीति अनि कलाको अध्ययन गर्नुपर्दछ। ताजा घटनाक्रम एवम् गतिविधि तथा समकालीन दृश्यका लागि उसले भोकाएको बाघले शिकार खोजेजस्तै कार्य गर्नुपर्दछ।

१२. राजनीतिक, नागरिक एवम् व्यापारिक सहभागिता सुनिश्चित पार्दै कुनै प्रकारका लाभ एवम् रोजगार प्राप्त गर्ने उद्देश्यमा पत्रकारिताको स्वतन्त्रतासित सम्झौता गर्नुहुँदैन।

१३. सदैव विनीत एवम् विनम्र भएर कार्य गर्नु पर्दछ।

१४. फोटो लिँदाको त्यो पलको सत्यतालाई सदैव सम्मान गर्नु पर्दछ।

## २.६ उपसंहार

मानिसले आफ्नो भाव, विचार र जानकारी अरूसम्म पुऱ्याउनका लागि सञ्चार माध्यमको प्रयोग गर्दछ। जनसञ्चारका विकासले सूचनाका आदान-प्रदान सहज र सुलभ बनाएका हुनाले नै विश्व एउटा ग्राममा परिणत भइसकेको छ। विद्युतीय सञ्चार र छापा सञ्चारका विकासले संसारभरिका खोजखबर मानिस इच्छाअनुसार प्राप्त गर्नमा सक्षम बन्दछ। पत्रकारिता जनसञ्चारले विकसित गरेको वर्तमान विश्वको सशक्त विद्या हो।

पत्रकारिता एउटा सामाजिक क्रियाकलाप हो, जसले समाजलाई सदैव सचेत र सुसूचित राख्ने काम गर्दछ। विश्वमा भइरहने दैनिक घटनाक्रमलाई सर्वव्यापीकरण गरेर सर्वसाधारणसमक्ष पुऱ्याउने एउटा सशक्त सञ्चार माध्यम पत्रकारिता हो। विज्ञान र प्रविधिका विकासले पत्रकारितालाई सँगसँगै गतिशीलता प्रदान गरिरहेको छ।

समयका गति र मानव समाजको विकास तथा सभ्यता सँगसँगै पत्रकारिता विभिन्न प्रकार-भेदमा विकास भइरहेको छ। पत्रकारितालाई सञ्चालन प्रकृति, प्राविधिक, अवधिगत, विषयवस्तुगत र भौगोलिक आधारमा विभाजन गरिन्छ। सञ्चालन प्रकृतिका आधारमा व्यावसायिक पत्रकारिता र अव्यावसायिक पत्रकारिता पर्दछन्। बीसौँ शताब्दीको आरम्भदेखि नै पत्रकारिताको व्यवसायिकीकरण थालिएको हो। दक्ष मानव संसाधनद्वारा सञ्चालित व्यवसायमा आधारित पत्रकारिता नै व्यावसायिक पत्रकारिता हो। व्यावसायिक पत्रकारिताको आगमनसँगै पत्रकारिता जगत्मा निष्पक्षता र स्वतन्त्रता सुनिश्चित भएको

हो। व्यावसायिक पत्रकारिताले नै पत्रकारिता जगत्मा मालिकको हस्तक्षेप रोकेर पत्रकारहरूलाई स्वतन्त्र रूपमा काम गर्ने परिवेश निर्माण गरिदिएको हो।

मुद्रण अथवा छापा पत्रकारिता, विद्युतीय पत्रकारिता र डिजिटल पत्रकारिता गरी प्राविधिक आधारमा पत्रकारिताका तीन भेद रहेका छन्। मुद्रण अथवा छापा पत्रकारिताअन्तर्गत विभिन्न समाचारपत्र, पत्रिका पर्दछन् भने विद्युतीय पत्रकारितामा रेडियो पत्रकारिता र टेलिभिजन पत्रकारिता पर्दछन्। डिजिटल पत्रकारिताभित्र अनलाइन तथा सूचना प्रविधिद्वारा विकसित मोबाइल आदि सञ्चार सामग्रीमा प्रयोग गरिने पत्रकारिता समाहित छन्। रेडियो, टेलिभिजन र डिजिटल पत्रकारिता श्रव्य-दृश्यात्मक रूपमा रहेको पत्रकारिता हो। रेडियो र टेलिभिजन जस्ता क्रान्तिकारी वैज्ञानिक उपकरणको आविष्कारसितै रेडियो र टेलिभिजन पत्रकारिताको विकास बीसौँ शताब्दीको दोस्रो दशकदेखि भएको हो भने डिजिटल पत्रकारिताको विकास बीसौँ शताब्दीको अन्तिम दशकमा भएको हो।

समयका आधारमा अर्थात् अवधिका आधारमा पत्रकारितालाई दैनिक, अर्द्धसाप्ताहिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वयमासिक, त्रैमासिक, चौमासिक, अर्द्धवार्षिक, वार्षिक र सामयिक गरी विभाजन गरिएको छ। आधुनिक पत्रकारिताको सबैभन्दा सशक्त पक्ष नै दैनिक समाचारपत्रको प्रकाशन हो। प्रत्येक दिन नयाँ अनि विभिन्न ताजा घटनाक्रमका समाचार, सूचना, जानकारी आदि लिएर जनसाधारणसमक्ष सञ्चारित हुने माध्यम नै दैनिक समाचारपत्र हो।

विषयवस्तुका आधारमा पत्रकारिताका धेरै प्रकार छन्, जसमध्ये फोटो पत्रकारिता, खोजी पत्रकारिता, पर्यावरण एवम् वातावरण पत्रकारिता, नागरिक पत्रकारिता, पैरवी पत्रकारिता, विकास पत्रकारिता, ग्रामीण पत्रकारिता, खेलकुद पत्रकारिता, साहित्यिक पत्रकारिता, पीत पत्रकारिता, आर्थिक पत्रकारिता, विज्ञान पत्रकारिता, चलचित्र पत्रकारिता, बाल पत्रकारिता, संसदीय पत्रकारिता, विधि पत्रकारिता, अपराध पत्रकारिता आदि प्रमुख

हुन्। यसरी नै भौगोलिक आधारमा पत्रकारिताका प्रकारमध्ये स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रकारिता हुन्।

व्यावसायिक पत्राकारिताका प्रमुख अङ्ग व्यावसायिक पत्रकार, समाचारपत्र, समाचार, सम्पादकीय, उत्तरसम्पादकीय र विज्ञापन हुन्। व्यावसायिक पत्रकार भन्नाले त्यस्तो व्यक्ति विशेष हो, जसले समाचारपत्र, रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यमका निम्ति कुनै पनि ताजा जानकारी र सूचना सङ्ग्रह गर्दछ, लेख्दछ अनि सबैलाई सुसूचित गर्न प्रकाशन एवम् प्रसारसमेत गर्दछ अनि पत्रकारिता व्यवसायलाई अपनाएर आफ्नो जीविका उपार्जन पनि गर्ने काम गर्दछ।

कार्य प्रकृति एवम् क्षेत्रका आधारमा व्यावसायिक पत्रकारका पनि प्रकार छन्। समाचार सङ्ग्रह गर्ने पत्रकार संवाददाता, समाचारको सम्पूर्ण जिम्मेवारीसहित सम्पादन गर्ने पत्रकार सम्पादक, सम्पादकलाई सहयोग गर्ने पत्रकार प्रबन्ध अथवा कार्यकारी सम्पादक, समाचार शाखाका प्रमुख पत्रकार समाचार सम्पादक, समाचारको पाण्डुलिपिको सम्पादन गर्ने पत्रकार  पाण्डुलिपि सम्पादक तथा विभिन्न विषय, क्षेत्र, पृष्ठ आदिका जिम्मेवारी लिएको पत्रकार सहसम्पादक हुन्।

समाचारपत्र जनसञ्चार एवम् व्यावसायिक पत्रकारिताको अभिन्न अङ्ग हो। समाचारपत्रलाई न्युजपेपर, अखबार, खबरकागज, खबरपत्रिका पनि भन्दछन्। छापा पत्रकारिताको यो सबैभन्दा सशक्त एवम् प्रभावकारी सञ्चार माध्यम हो। ताजा जानकारी लिएर आफूलाई निरन्तर अपडेट गराउन समाचारपत्रले पाठकलाई सहयोग गर्दछ। समाचारपत्रका दैनिक, अर्द्धसाप्ताहिक, साप्ताहिक, पाक्षिक, मासिक आदि प्रकार हुन्छन् भने बिक्रीवितरणका आधारमा बृहत्, मध्यम र लघु  समाचारपत्र गरी समाचापत्रलाई तीन वर्गमा विभाजन गरिएको छ।

एकल स्वामित्व, साझेदारी स्वामित्व, मिश्रित पुजी कम्पनी स्वामित्व, गुठी स्वामित्व, सहकारी स्वामित्व तथा सङ्घसंस्था स्वामित्व गरी स्वामित्वका आधारमा

समाचारपत्रलाई वर्गीकरण गरिन्छ। कार्य दायित्वका आधारमा समाचारपत्रका विभिन्न विभाग हुन्छन्। ती हुन्- सम्पादकीय विभाग, प्रबन्धन विभाग, विज्ञापन विभाग, बिक्रीवितरण विभाग र मुद्रण विभाग।

व्यावसायिक पत्राकारिताको प्रमुख अङ्ग समाचार हो। यसका 'छवटा क'- जस्तै के, कहाँ, कहिले, कसले, किन र कसरीलाई नै समाचारका तत्त्व मानिए तापनि नवीनता, समसामयिक, मानवीय रूचि, विश्वसनीयता, सामीप्य, असाधारण, महत्त्व, सङ्घर्ष र सन्तुलन एवम् निष्पक्षतालाई पनि समाचारका तत्त्व मानिएका पाइन्छन्। समाचार विभिन्न क्षेत्र, विषय, भावबाट आएका हुन्छन्, फलस्वरूप समाचारका प्रकार विभिन्न हुन्छन्। क्षेत्रका आधारमा (स्थानीय, क्षेत्रीय, राष्ट्रिय अनि अन्तर्राष्ट्रिय समाचार), स्वरूपका आधारमा (सामान्य समाचार र विशिष्ट समाचार), विषयका आधारमा (राजनीतिक समाचार, अपराध समाचार, आर्थिक समाचार, खेल समाचार, सांस्कृतिक समाचार, कानुनी समाचार, शैक्षिक समाचार, संसद समाचार, युद्ध समाचार, पर्यावरण समाचार, पैरवी समाचार, विकास समाचार, ग्रामीण समाचार, विज्ञान समाचार, प्रशासनिक समाचार, बजेट समाचार, चुनाउ समाचार, साहित्यिक समाचार, कृषि समाचार, रोजगार समाचार, औद्योगिक समाचार, धार्मिक समाचार, चलचित्र समाचार, चिकित्सा समाचार, विचित्र समाचार, व्यापार समाचार) अनि प्रकृतिको आधारमा (विचारप्रधान समाचार, भावप्रधान समाचार, शोधप्रधान समाचार, विवरणात्मक समाचार, विश्लेषणात्मक समाचार, सनसनीपूर्ण समाचार) समाचारका वर्गीकरण गरिएका छन्।

समाचारलेखन एउटा विशिष्ट भाषिक कला हो। पत्रकारले घटनासम्बन्धित अनेक पक्ष र तथ्य प्राप्त गरेका हुन्छन् र त्यसलाई सूचनाप्रद शैलीमा लेखेर पाठकसमक्ष पुऱ्याउने कला नै समाचारलेखनको कला हो। समाचारलेखनका प्रमुख दुई प्रकारका शैली हुन्छन्, एक- स्तूपी (पिरामिन्ड) शैली र दुई- विलोम स्तूपी (इन्वर्ट पिरामिन्ड) शैली।

समाचार एउटा शरीर हो, जसका विभिन्न अवयव हुन्छन्, ती हुन्- शीर्षक, उपशीर्षक, नामपंक्ति, मितिपंक्ति, आमुख, समाचारकथाको विकास र बुँदा टिपोट।

सम्पादकीय कलम सम्पादकद्वारा लेखिएको विचारप्रधान लेख हो, जसमा समाचारपत्रको रीति-नीतिको झलक पाइन्छ भने सम्पादकीयका छेउमा प्रकाशित हुने समसामयिक विषयसित सम्बन्धित चिन्तनपरक, विवेचनात्मक, विचारप्रधान, तार्किक लेखलाई उत्तरसम्पादकीय भन्दछन्। विज्ञापन समाचारपत्रको जीवन-रक्त हो। विज्ञापन समाचारपत्रको सबैभन्दा ठुलो आर्थिक स्रोत भएका हुँदा यसका महत्त्व अत्यधिक छ। समाचारपत्रमा प्रकाशित विज्ञापनलाई स्थानीय विज्ञापन, राष्ट्रिय विज्ञापन, वर्गीकृत विज्ञापन र प्रदर्शन विज्ञापन गरी चार प्रकारमा विभाजन गरिएको छ।

पत्रकारितासम्बन्धित संसारका विभिन्न देशका आ-आफ्नै कानुन छन्। भारतमा पत्रकारितासम्बन्धित विभिन्न कानुन छन्। भारतीय संविधानको धारा १९ मा मौलिक अधिकारअन्तर्गत वाक् स्वतन्त्रता अनि अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गरिएको छ। यस धारामा संविधानले नागरिकलाई आफ्ना विचार अभिव्यक्त गर्ने अधिकार प्रदान गरेको छ। भारतीय संविधानमा छुट्टै प्रेस स्वतन्त्रताको उल्लेख नगरिए तापनि धारा १९ (१) मा नै प्रेस स्वतन्त्रता समाविष्ट छ। यसरी नै संविधानको धारा ३६१ (क) -मा सांसद एवम् राज्यविधानमण्डलका कार्वाहीका प्रकाशनको संरक्षण सम्बन्धित नियम रहेको छ भने धारा १०४ अनि १०५-मा संसद एवम् विधानमण्डलका विशेषाधिकार तय गरिएको छ। धारा २१ मा भने भारतका नागरिकलाई प्रत्याभूत जीवन अनि स्वतन्त्रताका मौलिक अधिकार एवम् एकान्तपनको अधिकार सुनिश्चित गरिएको छ। भारतमा मुद्रण अनि प्रकाशन सम्बन्धमा *प्रेस अनि पुस्तक पञ्जीकरण अधिनियम १८६७* प्रेस कानुनमध्ये सबैभन्दा पुरानो कानुन हो। *प्रशासनिक गोपनीयता अधिनियम १९२३, भारतीय प्रतिलिपि अधिकार अधिनियम १९५७, भारतीय प्रेस परिषद् अधिनियम १९७८, श्रमजीवी पत्रकार अनि अन्य समाचारपत्रसम्बद्ध कर्मचारी (सेवासर्त) तथा विविध व्यवस्था अधिनियम १९५५,*

पत्रकारिता जगत्सित जोडिएका प्रमुख कानुन हुन्। *भारतीय दण्ड संहिता १८६० र दण्डविधान संहिता १९७३, सूचनाको अधिकार अधिनियम २००५* जस्ता कानुनमा पनि पत्रकारितासित जोडिएका विभिन्न पक्षहरू समाविष्ट छन्। मानहानि, न्यायालयको अवज्ञा, संसदीय विशेष अधिकार, सूत्रको गोपनीयता आदि विषयमा पनि पत्रकारका निम्ति कानुनी सीमारेखा तोकिएको छ। पत्रकारिता जगत्मा भ्रष्टाचारका रूपमा विकसित भुक्तान गरिएको समाचारलाई रोक्न भारतको चुनाउ आयोगले विभिन्न नियम निर्धारण गरेको छ।

पत्रकारिता आचारसंहिता पत्रकारका लागि नैतिक बन्धन हो, तर राज्यद्वारा निर्मित कुनै कानुन होइन। यसलाई पत्रकारले स्वेच्छाले पालन गर्नु पर्दछ। स्वतन्त्रताको दुरुपयोग गरी पत्रकारिताको धर्मविरुद्ध कार्य नहोस् भनी पत्रकारलाई जिम्मेवारी बोध गराउनका लागि पत्रकारिता आचारसंहिताको पालन आवश्यक ठहरिएको हो। अन्तर्राष्ट्रिय पत्रकार महासङ्घले सन् १९५४-को महासम्मेलनमा विश्वभरिका पत्रकारको साझा एवम् समान विचारलाई लिएर पत्रकारिता-आचारसंहिता बनायो, जसमा १९८६ -को महासम्मेलनले केही संशोधन गरेको छ। अन्तर्राष्ट्रिय स्तरमा अन्तर्राष्ट्रिय पत्रकार महासङ्घद्वारा जारी गरिएका पत्रकारिता-आचारसंहितालाई मान्यता दिइएको छ भने भारतमा भारतीय प्रेस परिषद्द्वारा जारी गरिएका मार्गनिर्देशनलाई नै आचारसंहिताका रूपमा मान्यता प्रदान गरिएको छ। यही परिप्रेक्ष्यमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताका विभिन्न पक्षको सविस्तार अध्ययन र विश्लेषण गर्नु सान्दर्भिक हुनेछ।

# तेस्रो अध्याय

# शोधक्षेत्र सिक्किमको परिचय, परिवेश र पृष्ठभूमि

## ३.१ सिक्किमको परिचय

सिक्किम भारत राष्ट्रको एउटा हिमाली राज्य हो।भारतवर्षको पूर्वोत्तर क्षेत्रको पूर्वी हिमाली शृङ्खलामा अवस्थित सिक्किम राज्य चीन, नेपाल र भुटानको अन्तर्राष्ट्रिय सिमानासँग जोडिएको छ।कुल ७०९६ वर्गकिलोमिटर क्षेत्रफलमा विस्तारित सिक्किम एउटा सानो पहाडी राज्य हो। सिक्किमको उत्तर सीमा चीन (तिब्बत)-सित जोडिएको छ भने पश्चिम सिमाना नेपाल, पूर्वी सिमाना भुटान र तिब्बत (चीन) सित अनि दक्षिणमा भारतको पश्चिम बङ्गाल राज्यसित जोडिएको छ।विश्व मानचित्रमा सिक्किम २७.५ डिग्रीदेखि २८.१० डिग्री उत्तर अक्षांश अनि ८८.४ डिग्रीदेखि ८८.५८ डिग्री पूर्व देशान्तरमा अवस्थित छ।

प्रशासनिक सुविधाका दृष्टिले सिक्किम राज्यलाई पूर्व, पश्चिम, उत्तर र दक्षिण गरी चार जिल्लामा र १६ वटा महकुमाहरूमा विभाजित गरिएको छ। पूर्व जिल्लामा गान्तोक, रङ्गेली, पाकिम र रम्फू महकुमा, पश्चिम जिल्लामा गेजिङ, देन्ताम, सोरेङ र योक्सोम महकुमा, उत्तर जिल्लामा मङ्गन, चुङ्थाङ, कवि र जङ्गु महकुमा अनि दक्षिण जिल्लामा नाम्ची, राभाङ्ला, जोरथाङ र याङगाङ महकुमा रहेका छन्। सिक्किमको राजधानी गान्तोक पूर्व जिल्लाको मुख्यालय हो भने पश्चिम को गेजिङ, उत्तरको मङ्गन र दक्षिणको नाम्ची सहर जिल्लाका मुख्यालय हुन्। ६,१०,५७७ जनसङ्ख्या भएको सिक्किम राज्यमा ८१.४२ प्रतिशत मानिसहरू साक्षर छन्।[१]

सिक्किम सन् १९७५-सम्म एउटा स्वतन्त्र राष्ट्र थियो।१६ मई १९७५-मा सिक्किम भारतीय महासङ्घमा अन्तर्भुक्त भएको हो। यसभन्दा अघि १४ अप्रेल १९७५-को दिन जनमत सङ्ग्रहमा भारत राष्ट्रमा सामेल हुने जनमत प्राप्त भएपछि भारतको संसदले २६

---

१ http://**www.census2011.co.in**/census/state/sikkim.html (५ .१०.२०१५)।

अप्रेल १९७५ मा ३८ औं संविधान संशोधन विधेयकलाई पारित गरी सिक्किमलाई भारतीय महासङ्घमा अन्तर्भुक्त गराएको हो। उक्त संविधान संशोधनसँगसँगै सिक्किम भारतको २२ औं राज्य बन्न पुगेको हो।[२]

जैवविविधताको धनी सिक्किम विश्वको तेस्रो सर्वोच्च शिखर कञ्चनजङ्घाको काखमा अवस्थित छ। यहाँ विभिन्न प्रजातिका वनस्पति, जीवजन्तु पाइन्छन्। ४५०० प्रजातिका पुष्प वनस्पति, ५५० प्रजातिका सुनाखरी, ३६ प्रजातिका गुराँस, १६ प्रजातिका धुप्पी, २८ प्रजातिका बाँस, ३६२ प्रजातिका झारपात, ९ प्रजातिका वृक्षरूपी झारपात, ३० प्रजातिका प्रिमुला (वसन्ती गुलाफ), ११ प्रजातिका ओखर, ४२४ प्रजातिका औषधीय वनस्पति, १४४ भन्दा धेरै प्रजातिका स्तनधारी जीव, ५५२ प्रजातिका पक्षी, ६०० प्रजातिका पुतली, ४८ प्रजातिका माछा, २८ वटा हिमाल एवम् शिखर, ८४ हिमनदी, २२७ पोखरी एवम् सिमसार, १०४ खोला एवम् झरना आदिले सिक्किमको जैवविविधतालाई सम्पन्न बनाएका छन्।[३] सिक्किमको ४७.६९ प्रतिशत भूभाग वन्य रुखपातले भरिएको छ।[४]

**मानचित्र -१- सिक्किम**




*स्रोतः निर्वाचन विभाग, सिक्किम सरकार (मानचित्रको बाह्य एवम् आन्तरिक सीमारेखा)*

[२] Shefali Raizada(2012); **Merger of Sikkim-A New Perspective**, Delhi: Swati Publication, pg. 250-251

[३] http://www.sikkimforest.gov.in/Biodiversity.htm. (५ .१०.२०१५)।

[४] पूर्ववत् । (५ .१०.२०१५)।

## ३.२. सिक्किमको नामकरण

वर्तमान सिक्किमको प्राचीन नाम इन्द्रकील थियो।[५] वेदव्यासप्रणीत **महाभारत**-मा इन्द्रकीलको उल्लेख गरिएको पाइन्छ।**महाभारत**-को **वनपर्व**-को ***कैरातपर्व***-अन्तर्गत ३७, ३८, ३९ र ४० अध्यायमा अर्जुन इन्द्रकील पर्वतमा पुगेको, इन्द्रदेवलाई भेट गरेको, इन्द्रको परामर्शमा भगवान् शिवको तपस्या गरेको, तपस्यादेखि भयभीत भई ऋषिमुनीहरूले भगवान शिवलाई गुहार मागेको, भगवान शिवले किरातको रूप धारण गरेको, सुँगुरको रूप धारण गरी आएको मुक नामक राक्षसले अर्जुनलाई मार्न खोजेको र अर्जुनले वाण चलाउँदा किरातले रोकेको, अर्जुनले किरातको कुरा नसुनी वाण छोडेको र किरातले पनि छोडेपछि दुवैको वाणले उक्त राक्षसको मृत्यु भएको, राक्षस मुकको मृत्यु कसले गरेको भन्ने विषयमा किरात र अर्जुनमाझ विवाद भएको, अर्जुनले किरातसित युद्ध गर्दा उसका सबै वाण नष्ट भएको र किरातलाई कुनै प्रभाव नपरेको, अर्जुनले तरवारले आक्रमण गरेको, तर तरवार टुक्राटुक्रा भएपछि रुखपात र ढुङ्गामुढाले आक्रमण गर्दा किरातले त्यो पनि पचाएको, दुई घढी वाहुयुद्ध भएको, अर्जुन अचेत भएर जमिनमा लडेको, चेतमा आएपछि अर्जुनले भगवान शिवको माटाको वेदी बनाएर आराधना गरेको, वेदीमा चढाएको माला नै किरातको गलामा सुशोभित भएको देखेपछि किरात रूपमा आएका भगवानलाई चिनेको र शरणमा परेको, शिवले अर्जुनलाई पाशुपातास्त्र दिएको, शिवले अर्जुनलाई स्वर्गलोक जाने आज्ञा दिएको आदि प्रसङ्ग इन्द्रकील पर्वतसँग जोडिएको उल्लेख पाइन्छ।[६]

**महाभारत**-मा इन्द्रकील पर्वतको उल्लेख निम्न श्लोकमा यसरी गरिएको छ —

**हिमावन्त्यमतिक्रम्य गन्धमादनमेव च।**
**अत्याक्रामत् स दुर्गाणि देवरात्रमतन्द्रितः।। ४१।।**
**इन्द्रकीलं समासाद्य ततोऽतिष्ठद् धनंजयः।**
**अन्तरिक्षेऽतिशुश्राव तिष्ठेति स वचस्तदा।।४२।।**[७]

---

[५] पुष्प शर्मा (सन् २०१२); **सिक्किमका नेपाली कविता : विश्लेषण र मूल्याङ्कन**, गान्तोक : साहित्य सिर्जना सहकारी समिति लिमिटेड, पृ.३।

[६] पण्डित रामनारायण र शास्त्री पाण्डेय राम (अनु.) (सन् १९२२) ; **श्रीमन्महर्षि वेदव्यासप्रणीत महाभारत** (द्वितीय खण्ड), गोरखपुरः गीताप्रेस, पृ.१०५२-१०६६।

[७] पूर्ववत्, पृ.१०५५।

अर्थात् - हिमालय अनि गन्धमादन पर्वत नाघेपछि अर्जुनले अल्छी नमानी दिन-रात हिँडेर यस्ता थुप्रै जटिल अनि दुर्गम स्थान पार गरे। कालन्तरमा इन्द्रकील पर्वत पुगे त्यतिखेर *तिष्ठ* भनेर आकाशवाणी भयो। संस्कृतमा *तिष्ठ* भनेको यही बिसाउ भनेको हो। अर्जुनले यो सुनेपछि त्यहीँ बिसाए।

यहाँ प्रयुक्त **तिष्ठ** शब्दबाट नै **टिस्टा** नदीको नामकरण भएको हुनसक्ने सम्भावना देखिन्छ। तर यसको हालसम्म पुष्टि भने हुन सकेको छैन। इन्द्रकीललाई शान्त स्थल[८], देवताहरूको भ्रमण गर्ने स्थान[९] तथा गिरी श्रेष्ठका रूपमा[१०] **महाभारत**-मा वर्णन गरिएको छ।

सिक्किम इन्द्रकील नै हो भन्ने अर्को प्रमाण **महाभारत**-को *सभापर्व*-मा भीमसेनको दिग्विजय यात्राका क्रममा पाइन्छ। *सभापर्व*-को ३० औँ अध्यायको १५औँ श्लोकमा विदेह देशमा नै बसेर कुन्तीपुत्र भीमले इन्द्रपर्वत वरिपरिका सात किरात राजाहरूलाई जिते भनी तलका श्लोकमा लेखिएको छ-

**वैदेहस्थस्तु कौन्तेय इन्द्रपर्वतमन्तिकात्।**

**किरातानामधिपतीनजयत् सप्त पाण्डवः।।**[११]

**महाभारत**-मा उल्लेख गरिएको इन्द्रकील नै सिक्किम हो भन्ने तथ्यलाई पुष्टि गर्नका लागि अर्जुनले गन्धमादन पर्वत (वर्तमान बिहार राज्य) पार गर्दै इन्द्रकील पुगेकाले यो पूर्वी हिमालय पर्वत शृङ्खलालाई नै सङ्केत गर्दछ। अर्जुनको भेट किरात रूपधारी भगवान शिवसित हुनाले यस इन्द्रकीलमा किरात जनजातिको रसोबासो प्राचीनकालदेखि नै थियो भन्ने कुरो बुझिन्छ। प्राचीन भारतमा किरातहरूको अध्ययन गर्ने क्रममा जी.पी. सिंहले प्राचीनकालमा *सिक्किमका किरातहरूले चीनसँग व्यापार गरेको विश्वास गरी गान्तोकको*

---

[८] पूर्ववत्।

[९] पूर्ववत्; पृ.१०५९।

[१०] पूर्ववत्; पृ.१०६१।

[११] पूर्ववत्, पृ.७५३।

*छेउमा मालबाथुम पनि बिक्री गरिन्थ्यो* [१२] भनेका छन्। संस्कृत कवि भारविको **किरातार्जुनियम्** महाकाव्यमा **महाभारत-**को किरात रूपका शिव र अर्जुनको इन्द्रकील पर्वतमा भएको युद्धलाई विषयवस्तु बनाइएको छ। यस महाकाव्यको सम्पादित संस्करणमा सम्पादक गुरुनाथ विद्यानिधि भट्टाचार्यले भूमिकामा इन्द्रकील पर्वतलाई वर्तमान सिक्किम नै भनेका छन्।[१३] हरप्रसाद शास्त्रीले उत्तराखण्डको प्रान्तिक प्राचीन नामहरूको अनुसन्धान गर्ने क्रममा इन्द्रकील पर्वत नै वर्तमान सिक्किम हो भनेका छन्।[१४] इमानसिंह चेम्जोङले **महाभारत-**को उक्त प्रसङ्गलाई छैटौं किरात राजा हुमाति हाङका समयमा भएको उल्लेख गर्दै इन्द्रकील पर्वतलाई पूर्वी किरात प्रदेश भनेका छन्।[१५]

वर्तमानमा प्रचलित सिक्किम नाउँ अङ्ग्रेजहरूद्वारा राखिएको नाउँ हो।[१६] यहाँसम्म आइपुग्न अघि ब्रेजियन, ब्रमासोन, ब्रास्मा इ जोङ, ब्रास इ जोङ, ब्रासजी सोङ, ब्रामासेजोङ, नेमायल ल्याङ, रेन्ज्योङ, रेन्ज्योङ ल्याङ, डेन्जोङ, डेमोजोङ, डेमोसोङ, सुहिम, सुखिम, सुक्खिम, सिखिम आदि नामले सिक्किम राज्य चिनिएको र सुखिमबाट सिखिम हुँदै सिक्किम नाम भएको तथ्य स्वीकार्य छ।

एक जिउ यात्री होरेन्स डेला पेन्नाले सिक्किमलाई **ब्रेजियन** अथवा **ब्रमासोन** (**Bregion or Bramashon)** भनी उल्लेख गर्दै उत्तरमा तजाङ, दक्षिणमा मोन अल्टीबारी र ब्रुक्पा अथवा लालटोपिवलस्, पूर्वमा काको अनि कोम्बो र पश्चिममा मोरङ्ग र नेपालले घेरिएको राज्य भनी उल्लेख गरेका छन्।[१७]

---

[१२] जी पी सिंह (सन् १९९०); **प्राचीन भारतमा किराँतहरू**, टी.बी. राई (अनु.), नाम्ची: निर्माण प्रकाशन, पृ.१६६।

[१३] गुरुनाथ विद्यानिधि भट्टाचार्य (सम्पा.) (सन् १९७६); *भूमिका*, **किरातार्जुनियम्**, वाराणासी: चौखम्बा संस्कृत संस्थान, पृ.२-३।

[१४] शिवनाथ मिश्र र तुलसीबहादुर छेत्री (सम्पा.)(सन् १९९०); *प्रथम संस्करणको भूमिका,* **इन्द्रकील पुष्पाञ्जलि** (दो. सं), गान्तोक: आकाशदीप प्रकाशन, पृ.ख।

[१५] Iman Shing Chemjong (2003) ; **History and Culture of the Kirat People**, Parts 1-2, Khatmandu: Kirat Yakthung Chumlung, pg.6.

[१६] ओ.टी. लेप्चा (सन् २००८); **विकृतिका रूपमा बाँचेका लेप्चा नामकरणहरू**, गान्तोक: ओ.टी लेप्चा, पृ.३।

[१७] Sunita Kharel and Jigme Wangchuk Bhutia (Edit.)(2013) ; **Gazetteer of Sikkim**, Gangtok: Home Depepartment, pg. 71.

ब्रास्मा इ जोङ, ब्रास इ जोङ, ब्राससोङ आदि नाम तिब्बतीहरूले सिक्किमका निम्ति प्रयोग गर्ने नाम हुन्। यी सबैको अर्थ धान फल्ने ठाउँ भन्ने बुझिन्छ।[१८] यसरी नै सिक्किमलाई लेप्चाहरूले नेमायल ल्याङ, रेन्ज्योङ, रेन्ज्योङ ल्याङ भन्छन् भने सिक्किमे भोटियाले डेन्जोङ, डेमोजोङ, डेमोसोङ भन्ने गरेको पाइन्छ। नेमायल ल्याङको अर्थ पवित्र भूमि हो। रेन्ज्योङको अर्थ नमनीय आत्माहरूको वासभूमि हो भने भोटियाद्वारा भनिने डेन्जोङको अर्थ धानको देश हो।

लिम्बू जातिद्वारा **सुखिम** नामकरण गरिएको हुँदा कालान्तरमा सिक्किम नाम हुनआएको र लिम्बू भाषामा **सुखिम**को अर्थ **नयाँ घर** भन्ने बुझिन्छ। लिम्बू भाषामा *सु*-को अर्थ **नयाँ** अनि **खिम**(को अर्थ *घर* हो।[१९] सिक्किमका प्रथम छोग्याल फुन्सो नामगेलले राबदेञ्ची दरवारमा नयाँ दरवार बनाएको र त्यो दरवारलाई सिक्किमका लिम्बूहरूले **सुखिम** अर्थात् **नयाँ घर** भन्न थालेपछि यो ठाउँको नाम **सुखिम** भएको हो भन्ने मत पाइन्छ।[२०] अर्का मतानुसार लेप्चा मुखियाले लिम्बूवानकी स्त्रीसित बिहे गरेर ल्याएकाले उक्त लिम्बू स्त्रीका निम्ति यो ठाउँ सुखिम भएकाले यसको नाम सुखिम भएको हो।[२१] सोही प्रकारले सिक्किमका दोस्रो छोग्याल तिनसुङ नामगेलका तीन रानीमध्ये एउटी लिम्बूवानकी छोरी थिइन्।छोग्याल तिनसुङ नामगेलले अरूण तम्बरको एउटा सानो गाउँका मुखिया योहोहाङलाई जितेर उनकी छोरीसित बिहे गरेको अनि तिनै रानीसित साथमा आएका लिम्बूहरूले यो देशलाई सुखिम भनेको कारण नै यस ठाउँको नाउँ सुखिम भएको हो भन्ने मत पाइन्छ।[२२] यही **सुखिम** शब्दबाट **सुक्खिम** र **सिखिम** हुँदै **सिक्किम** शब्दको निर्माण भएको हो।[२३] १९औं शताब्दीसम्म सिक्किमको नाम सुखिम र सिखिम रहेको र बीसौं शताब्दीमा अङ्ग्रेजहरूको जोब्रोबाट सिक्किम भएको तथ्यपरक जानकारी पाइन्छ। एच एच रिस्लेले सन् १८९४ मा प्रकाशित गरेको आफ्ना पुस्तकको नाम पनि **ग्याजेटर अफ् सिखिम**

---

[१८] तुलसीराम शर्मा 'कश्यप' (सन् १९९६); **सिक्किम हिजोदेखि आजसम्म,** गान्तोक : आँकुरा प्रकाशन, पृ.४।

[१९] पूर्ववत्, पृ.५ ।

[२०] पूर्ववत् ।

[२१] पूर्ववत् ।

[२२] पूर्ववत् ।

[२३] पूर्ववत् ।

राखेका छन्। बीसौं शताब्दीमा स्थापित भएको सिक्किम नामलाई नै अहिले मान्यता दिइएको छ।

## ३.३. ऐतिहासिक पृष्ठभूमि

सिक्किमको लिखित इतिहास १७ औं शताब्दीदेखि यता मात्र पाइने हुनाले सिक्किमको प्राचीन इतिहास जान्नका निम्ति लोकइतिहासलाई बुझ्नु आवश्यक छ। आज सिक्किम भारतीय गणतन्त्रको एक राज्यको रूपमा चिनिएको भए तापनि सन् १९७५ सम्म सिक्किम एक स्वतन्त्र राष्ट्र थियो। यहाँ राजतन्त्र थियो र विभिन्न राजवंशका राजाले राज्य चलाएका थिए। सिक्किमका लेप्चालाई यहाँको आदिम जनजाति मानिन्छ र सिक्किममा सर्वप्रथम लेप्चाकै राज थियो भन्ने उल्लेख पनि पाइन्छ।

सिक्किमका इतिहासविद् सुनिता खरेलका अनुसार सिक्किममा ईशापूर्व ८५०० वर्ष अघिदेखि मानिसको रस्तिबस्ती थियो। भारतीय भूतात्विक सर्वेक्षणले पूर्व सिक्किमका कतिपय स्थानबाट नवपाषण युगका भनी अनुमानित नमुनाहरू सङ्ग्रह गरेका कारणले सिक्किममा मानिसहरू प्राचीनकालदेखि नै थिए भन्ने बुझिन्छ।[२४] नवपाषण युगमा सिक्किममा थुप्रै स-साना शासक राजाको राज रहेको र यसै समय यहाँ खेतीबाली लगाउन थालिएको अनुमान गर्न सकिन्छ। किरात मुन्दुमअनुसार यहाँ किरातहरूले सर्वप्रथम भटमासको खेती गरेका थिए।[२५]

लेप्चालाई सिक्किमको आदिम जनजाति मानिन्छ भने सिक्किममा बस्ने लिम्बूलाई दोस्रो जनजाति मानिन्छ। खेबुम्सा र थेकुङथेकमाझ भातृत्वको सन्धि भएपछि सिक्किममा भोटिया जातिको आगमन भएको उल्लेख पाइन्छ। खेबुम्सा र थेकुङथेकमाझ भातृत्वको सन्धि कहिले भएको हो भन्ने प्रामाणिक तिथिमिति नपाइए तापनि इतिहासविद् जे.आर. सुब्बाले सन् १२७५-मा सो सन्धि भएको उल्लेख गरेका छन्।[२६] तर सिक्किमका प्रथम राजा फुन्सो नामगेलका वंशावलीलाई हेर्दा उक्त सन्धि १५ औं शताब्दीमा नै भएको हुनुपर्दछ। महाराज

---

[२४] Sunita Kharel and Jigme Wangchuk Bhutia (Edit.) ; पूर्ववत्, पृ.७१।

[२५] J R Subba, (2011) ; **History, Culture and Customs of Sikkim**, New Delhi: Gyaan Publishing House, pg. 1-2.

[२६] पूर्ववत्, पृ.२।

थुतुब नामगेल र महारानी हिसे डोल्माले जनश्रुतिका आधारमा उनीहरूका राजवंशको परम्परा **सिक्किमको इतिहास-** मा लेखेका छन्, जसअनुरूप सिक्किमको प्रथम राजा फुन्सो नामगेलको जन्म सन् १६०४-मा गान्तोकमा भएको हो।[२७] फुन्सो नामगेलका पिता गुरु तेञ्जिङ, गुरु तेञ्जिङका पिता जाओ अफाग, जाओ अफागका पिता जाओ नाङपो, जाओ नाङपोका पिता गुरु टाशी, गुरु टाशीका पिता मिपोन राप र मिपोन रापका पिता ज्यो भो खेबुम्सा थिए।[२८] यी नामबाट फुन्सो नामगेलको सात पुस्ताको वंशपरम्परा थाहा लाग्छ। औसत ३०-३० वर्षका अन्तरालको आधारमा वंशावलीलाई हेर्दा नामगेल वंशको सातपुस्ते वंशावलीको अनुमानित समय २१० वर्ष हुनआउँछ। यसरी हेर्दा खेबुम्साको जन्म सन् १३९४-का छेउछाउमा भएको मान्न सकिन्छ। त्यसो हुँदा सन् १४२४ पछि मात्र उक्त सन्धि भएको हुनसक्ने सम्भावना देखिन्छ।

सिक्किममा शासन चलाउने विभिन्न लेप्चा राजाहरू, जसलाई लेप्चाहरू पनु भन्ने गर्छन्, को नामावली तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका सङ्ख्या-३.१**

**सिक्किमका लेप्चा पनु**

| **क्र.सं** | **वर्ष** | **लेप्चा पनु** |
|---|---|---|
| १ | ७-८ औं शताब्दी | थेकोङ अदेक |
| २ | ९- १० औं शताब्दी | थुप अथाक |
| ३ | १३ औं शताब्दी | थेकुङथेक |
| ४ | १३५३-१४१० | रुजो पनु / अथिङ |
| ५ | १४२५-१४५४ | तरभे पनु |
| ६ | १४५४-१४८१ | तारसोङ पनु |
| ७ | १४८१-१५२० | तार एङ पनु |
| ८ | १५२०-१५६४ | तारजेयी पनु |
| ९ | १५६४-१५९५ | तारएक पनु |
| १० | १५९५-१६४१ | थेकोङ मुङसोलोङ पनु |

*स्रोत- J R Subba, 2011, History, Culture and Customs of Sikkim, New Delhi, Gyaan Publishing House, pg.3.*

सिक्किममा नामगेल वंशको राजपरम्परा थालनी हुँदा यहाँ मगरका स-साना राज्यहरू रहेका थिए भन्ने उल्लेख पनि पाइन्छ। सिक्किमका विभिन्न स्थानमा यी मगर राजाहरूले

[२७] Thutob Namgyal & Yeshey Dolma (1908); **History of Sikkim**, Translated by Kazi Dousandup, Pg. 14.

[२८] पूर्ववत्, पृ.१०-१५।

किल्ला (मगरजोङ) निर्माण गरेका थिए। यस्ता मगरजोङहरूमा माङसारी मगरजोङ, सुलदुङ गढी मगरजोङ, कामराङ मगरजोङ, कटेङ मगरजोङ, मगरदलम, फामताम मगरजोङ, सुदुङलाखा मगरजोङ, किताम गढी मगरजोङ, बरथाङ-बरफोक मगरजोङ, मगरथाङहरूको निर्माण गरिएका पाइन्छन्, जुन ठाउँहरू सिक्किम राज्यमा अद्यावधि छन्।[२९]

मङसारी मगरजोङको निर्माण सन् १६०० मा मगर राजा सिन्तुपति सेनले गरेका थिए।[३०] सन् १६४१ मा नामगेल राजाको आक्रमणमा उनको राज्य समाप्त भएको मानिन्छ। सन् १६४१ मा सिक्किमका प्रथम छोग्याल राज्याभिषेकका निम्ति योक्सोमतर्फ जाँदा याङगाङमा मगर र लेप्चाहरूसित भेट भएको उल्लेख महाराजा र महारानीले आफ्नो इतिहासमा उल्लेख गरेका छन्।[३१] यसबाट नामगेल वंशको शासन थालनी हुनुभन्दा अघि लेप्चाहरूसितै सिक्किमका कतिपय ठाउँमा मगरहरूको पनि राज रहेको थियो भन्ने प्रमाण पाइन्छ।

यसरी नै सिक्किमका कतिपय भूभागमा लिम्बूहरूको पनि राज रहेको उल्लेख पाइन्छ, यद्यपि सिक्किममा लिम्बू राजाको राजधानी नरहे तापनि मध्यपूर्व हिमालयमा रहेको लिम्बूवानको सिमाना पूर्वमा टिस्टा नदीसम्म रहेकाले पश्चिम सिक्किमसम्मको भूभागमा लिम्बू राजाहरूको शासन व्यवस्था रहेको थियो।[३२] सन् १६०९ मा मकवानपुरका सेन राजा लोहाङ सेनले विजयपुर जितेपछि पूर्वको सिमाना टिस्टा नदीसम्म सुनिश्चित गरेका थिए।[३३] लोहाङ सेनका समयमा लिम्बू राज्यहरूमाझको एकता हराउँदै गयो र दस लिम्बू थुममध्ये केहीले मात्र सेनलाई समर्थन गर्न थाले।यसै समय सिक्किममा सन् १६४१ मा नामगेल वंशको राजशासनको स्थापना भएपछि सिक्किमका महाराजा फुन्चो नामगेलसित तमबर, योङरूप, पान्थर र इलामले मित्रताको सम्बन्ध गाँसे, जसले गर्दा लिम्बूवानको शक्ति घट्दै

---

[२९] सन्तोष आले (सन् २००३); **मगर जातिको इतिहास अनि संस्कृति**, गान्तोक : असल थापा र अन्य, पृ.२३।

[३०] पूर्ववत्, पृ.५०।

[३१] Thutob Namgyal & Yeshey Dolma; पूर्ववत्, पृ.१८।

[३२] https://en.wikipedia.org/wiki/**History_of_Limbuwan** (9/10/2015)

[३३] प्रसाद थेबे; **HISTORICAL CHRONOLOGY OF LIMBUWAN**, http://www.thuppokothebe.com/HISTORICAL%20CHRONOLOGY%20OF%20LIMBUWAN.pdf (9/10/2015)

गयो।[३४]

सिक्किमका दोस्रो राजा तेन्सोङ नामगेलले आफ्ना तीन रानीमध्येमा कान्छी रानीको रूपमा योङरूकका राजा योयोहाङकी छोरी थुङ्वा मुक्मालाई बिहे गरेर ल्याए। यसरी लिम्बू रानीले सिक्किमलाई नयाँ घर ठानेर सुखिम भनेपछि सिक्किमको नामकरण यसैबाट भएको मानिन्छ।[३५]

**तालिका सङ्ख्या — ३.२**

**नामगेल राजवंशको परम्परा**

| क्र. सं. | राजाको नाम | जन्म | मृत्यु | कार्यकाल |
|---|---|---|---|---|
| १ | फुन्सो नामगेल | १६०४ | १६७० | १६४१-१६७० |
| २ | तेन्सोङ नामगेल | १६४४ | १७०० | १६७०-१७०० |
| ३ | छ्याग्दोर नामगेल | १६८६ | १७१७ | १७००-१७१७ |
| ४ | ग्युर्मेद नामगेल | १७०७ | १७३३ | १७१६-१७३३ |
| ५ | फुन्सो नामगेल (नामगे पिन्छो) | १७३३ | १७८० | १७३७-१७८० |
| ६ | तेन्जिङ नामगेल | १७६९ | १७९३ | १७८०-१७९३ |
| ७ | सुफुत नामगेल | १७८५ | १८६३ | १७९३-१८६३ |
| ८ | सिद्क्योङ नामगेल | १८१९ | १८७४ | १८६३-१८७४ |
| ९ | थुटुब नामगेल | १८६० | ११.२.१९१४ | १८७४-११.२.१९१४ |
| १० | सिद्क्योङ टुल्कु नामगेल | १८७९ | ५.१२.१९१४ | ११.२.१९१४ देखि ५.१२. १९१४ |
| ११ | टाशी नामगेल | २६.१०.१८९३ | २.१२.१९६३ | १९.२.१९१५-२.१२.१९६३ |
| १२ | पाल्देन थोन्डुप नामगेल | ४.४.१९२३ | २९.१.१९८२ | ५.१२.१९६३— १५.५.१९७५ |

सन् १६४१ मा सिक्किममा स्थायी राजशासन व्यवस्थाको थालनी गर्ने उद्देश्यले पश्चिम सिक्किमको यक्सोममा भेला भएका तीनजना लामा ल्हासुन छेन्पो, काथोक कुन्तु जाङपो र ङाडाक सेम्पाको निर्देशनमा गान्तोकमा गाई दुहिरहेका युवक फुन्सो नामगेललाई

[३४] Thutob Namgyal & Yeshey Dolma; पूर्ववत्, पृ.१९

[३५] पूर्ववत्।

योक्सोम लगेर विधिपूर्वक राज्याभिषेक गरी राजा घोषित गरेपछि सिक्किममा नामगेल वंशको राजपरम्परा थालनी भएको हो। उनले योक्सोमलाई राजधानी बनाए भने ल्होपा, मेन्पा र चोङका प्रतिनिधि मिलाएर *ल्होमेनचोङ* (भोटे, लाप्चे र लिम्बू)-को मन्त्री परिषद् गठन गरेका थिए।[३६] उनका समयमा नै पूर्वी नेपालमा रहेका लिम्बूवानका कतिपय राज्यसित सिक्किमको सम्बन्ध राम्रो बनिएको थियो।[३७] उनकै समयदेखि महाराजा अर्थात् छोग्याललाई धर्मराजा पनि मान्न थालियो।[३८]

लिम्बूवानको उत्तरी भागमा पर्ने तम्वर, याङरोक, उत्तरी पाँचथर, इलाम र फाकफोकका किरात मुखियाहरूले फुन्सोङ नामगेललाई नै आफ्ना राजासमेत मानेका थिए[३९] र मगरका मगरजोङहरूमाथि आक्रमण गरी उनले राज्यविस्तार गर्दै बृहत सिक्किम अभियान चलाएको देखिन्छ। त्यस समय सिक्किमको सिमाना उत्तरमा दिबदाला, पश्चिम मा अरूण र दुधकोशी नदीसम्म, दक्षिणमा महानदी, नक्सलबारी र तितालियासम्म अनि पूर्वमा तागोङला र ताङलासम्म फैलिएको थियो।[४०]

दोस्रो छोग्याल तेनसोङ नामगेलले तीनवटी रानी विवाह गरी तिब्बत र नेपालसँगको सम्बन्ध बलियो बनाएका थिए। जेठी रानी भुटानकी नामबी ओङमो, माइली रानी तिब्बतको तिनकेजोङ निवासी देबाजाम्सारकी छोरी र कान्छी रानी लिम्बूवान अरूणका राजा योङ याहाङकी छोरी तुङवा मुक्मा थिइन्। नामबी ओङमोबाट पहिलो सन्तान छोरी पेण्डेवाङमो, माइली रानीबाट दोस्रो सन्तान छोरो छोग्दार नामगेल र तुङवा मुक्माबाट छोरो गुरुको जन्म भएको थियो।[४१] तेन्सोङ नामगेलको मृत्युपछि सन् १७०० मा छ्याग्दोर नामगेल राजा भए पनि दिदी पेण्डीवाङमोले विरोध गरेपछि राजकलहको बीज रोपियो। पेण्डेवाङमोले भुटानको सहयोग माग्दै सिक्किममाथि आक्रमण गर्दा राजा छ्याग्दोर नामगेल भागेर तिब्बत

---

[३६] तुलसीराम शर्मा 'कश्यप'; पूर्ववत्, पृ.२९।
[३७] पूर्ववत् ।
[३८] पूर्ववत्।
[३९] पूर्ववत्।
[४०] J R Subba (2011); पूर्ववत्, पृ.१८-२२।
[४१] Thutob Namgyal & Yeshey Dolma; पूर्ववत्, पृ.२४।

लाह्सा जानुपरेको थियो।[४२] दलाई लामाको हस्तक्षेप भएपछि भोटानले टिस्टा नदीको पश्चिमपट्टिको भाग मात्र छोडेर दामसाङगढी, कालेबुङ र तेगुङलासम्मको भू-भाग भने आफ्नै अधीनमा राख्यो।[४३] चौथो छोग्याल ग्युर्मेत नामगेलको कुनै सन्तान नभएका कारण एकजना भिक्षुनीको सन्तान नामगेल फुन्सोकलाई राजा बनाउने प्रयास गर्दा छाङजोद टाङढिङले आफूलाई ग्याल्पो घोषणा गरी १७४१ सम्म सिक्किमको राजकाज चलाएका थिए। पछि लेप्चाहरूको सहयोगमा नामगेल फुन्सोकलाई राजसिंहासनमा राखिएको थियो।[४४]यिनको राज्यकालमै अर्थात् सन् १७७० मा भुटानले अनि त्यसपछि सन् १७७४ मा नेपालले सिक्किममाथि आक्रमण गरेका थिए। सन् १७८० मा राजा भएपछि तेन्जिङ नामगेलले नेपालमाथि आक्रमण गर्दा अरूण नदीसम्म सिक्किमको सेना पुगेको थियो। तर १७८८ मा गोर्खा फौजले प्रतिआक्रमण गरेर टिस्टा नदीका दक्षिणी र पश्चिमी भू-भाग हत्याएपछि सिक्किमे राजा तिब्बत पसे र त्यहीँ उनको मृत्यु भयो।

सन् १७९३ मा ७ वर्षका सुम्फुद नामगेल सिक्किमका छ्योग्याल बने, जसलाई तिब्बत र भुटानका प्रतिनिधिले सहयोग पुऱ्याए। राजालाई मञ्जुश्रीको अवतार पनि मानिन थालियो।[४५] उनलाई गोर्खालीहरूसित भय रहेको हुँदा भारतस्थित ब्रिटिस सरकारसित गुहार मागे र सन् १८१४ मा सिक्किमे फौजले नागरी किल्लामा आक्रमण गरी गोर्खा सेनालाई दक्षिण पश्चिमबाट पन्साउन सफल भयो।[४६] १५ मार्च, १८१७ मा भएको तितलिया सन्धिअनुसार पहिला नेपाल र पछि सुगौली सन्धिअनुसार इस्ट इन्डिया कम्पनीको प्रभुत्वमा रहेका पश्चिमतिरको मेची नदी र पूर्वतिरको टिस्टा नदीद्वारा सीमाबद्ध जमिन सिक्किमलाई फर्काइयो। यसरी नेपालद्वारा अतिक्रमित भूभाग सिक्किमलाई फिर्ता दिएपछि तराईका मेची र कनका नदी तथा हिमालको सिंहलीलासम्मको भूमि सिक्किम अधीनस्थ भयो, तर पनि सिक्किमका धेरै भूभाग नेपाललाई छोड्नुपरेको तथा तितालिया वरिपरिका जमिन गोर्खालीबाट फिर्ता लिए तापनि सिक्किमलाई हस्तान्तरण नगरी कम्पनी सरकारले आफैसित राखेको

---

[४२] J R Subba (2011); पूर्ववत्, पृ.२९।

[४३] तुलसीराम शर्मा 'कश्यप'; पूर्ववत्, पृ.२५।

[४४] J R Subba (2011); पूर्ववत्, पृ.३१।

थियो।[४७]

सन् १८३५ मा अनेकौं षडयन्त्र गरी ब्रिटिस सरकारले सिक्किमको ठुलो भूभाग दार्जिलिङ आफ्नो बनायो र सन् १८४१ को सम्झौताअनुसार दार्जिलिङको वार्षिक तिरो ३००० (तीन हजार) रुपियाँ ब्रिटिस सरकारले सिक्किमलाई दिन थाल्यो, जो १८४६ देखि ६००० (छ हजार) रुपियाँमा बढोत्तरी भयो।[४८] सन् १८५० को फरवरी महिनामा ब्रिटिसले फेरि सिक्किममाथि आक्रमण गऱ्यो र सिक्किमलाई दिँदै आएको तिरो रु ६००० पनि दिन बन्द गऱ्यो। त्यस आक्रमणमा उत्तरमा रमाम नदी, पूर्वमा बढा रङ्गीत र टिस्टा अनि पश्चिममा नेपालको सिमानाले घेरिएको सम्पूर्ण भूभाग ब्रिटिसले आफ्नो अधीनस्त पारी तत्कालीन दार्जिलिङका सुप्रिटेन्डेनसमक्ष सुम्पियो।[४९] २८ मार्च, १८६१ मा तुम्लुङमा भएको सन्धिअनुसार वर्तमान सिक्किमको सिमाना निर्धारण गरियो। त्यसपछि भने सिक्किमले युद्ध गर्नु परेन।[५०] सन् १८६८ देखि महाराजा सिद्क्योङ नामगेलका प्रयासमा सिक्किमले ब्रिटिस सरकारद्वारा बन्द गरिएको दार्जिलिङको वार्षिक तिरो सन् १८५० देखि रू, ९००० र १८७३ देखि रू. १२००० फेरि पाउन थाल्यो।[५१] सिद्क्योङ नामगेलकै पालादेखि नेपालीहरूलाई सिक्किममा जमिनदारी हक र स्थायी बसोबासोको अधिकार पनि प्राप्त भयो।[५२]

सन् १८७४ मा थुटुब नामगेल सिक्किमका नवौं छोग्याल भएपछि उनका पिताका समयमा नेपालीहरूलाई स्थायी बसोबासका लागि दिइएको अधिकार राजा थुटुबले खोस्ने प्रयास गरे, तर १४ अप्रेल, १८८० मा ब्रिटिससित भएको सम्झौताअनुसार नेपालीको अधिकार सुरक्षित भएपछि राजा थुटुब निराश भएर छुम्बीमा गएर बस्न थालेको उल्लेख

---

[४५] पुष्प शर्मा ; पूर्ववत्, पृ. .३४।

[४६] पूर्ववत् ।

[४७] तुलसीराम शर्मा 'कश्यप' ; पूर्ववत्, पृ. ५१।

[४८] पुष्प शर्मा; पूर्ववत्, पृ. .३५।

[४९] तुलसीराम शर्मा 'कश्यप' ; पूर्ववत्, पृ. ५६।

[५०] पूर्ववत्, पृ. ५६-५७।

[५१] तुलसीराम शर्मा 'कश्यप' ; पूर्ववत्, पृ. ५९।

[५२] पुष्प शर्मा ; पूर्ववत्, पृ. ३७।

पाइन्छ।[५३] थुटुब नामगेलकै समयमा सन् १८८९ को जुन महिनादेखि ब्रिटिस सरकारले सिक्किमको प्रशासनिक मामिलामा हस्तक्षेप गरी जोहन क्लड ह्वाइडलाई राजनीतिक अधिकारी नियुक्त गरेर सिक्किमको प्रशासन चलाउन थाल्यो। सिक्किमको सम्पूर्ण प्रशासनिक अधिकार आफ्ना हातमा लिएर ह्वाइडले तत्कालीन राजालाई केवल नाम मात्रको राजा बनाइदिए। राजाको दैनिक खर्चका निम्ति राजकोषबाट मासिक पाँच सय रुपियाँ मात्र राजालाई दिने निर्णय गरियो। ब्रिटिस सरकारले ह्वाइडलाई उनको अध्यक्षतामा देवान, लामा र काजीहरूको एउटा काउन्सिल स्थापित गरेर सिक्किमको शासन व्यवस्था परिचालन गर्ने आदेश दियो। ह्वाइडले राजा-रानीलाई कालेबुङ लगेर राखे अनि आठजनाको मन्त्री परिषद् गठन गरी शासन चलाउन थाले। अप्रत्यक्षतः त्यसै समयदेखि सिक्किम ब्रिटिस भारतको संरक्षित राज्य बनिसकेको थियो। थुटुब नामगेलले अङ्ग्रेजको नजरबन्दी जस्तै भएर जीवन बिताउनु परेको थियो।[५४]

सन् १९१४ मा सिद्क्योङ टुल्कु सिक्किमका छोग्याल भए र राजा हुनेबित्तिकै उनले सर्वप्रथम जमिनदारी प्रथा हटाउने र आफ्नो देशलाई एउटा सर्वसम्पन्न देश बनाउने विचार गरे। यसो हुँदा उनका शत्रुहरू बढे र दिसम्बर महिनामा बिमार भएका राजालाई निको पार्ने निहुँमा धेरै रक्सी दिएर, सिरकका खापले शरीर छोपी खाटमुनिबाट आगोको राप लगाएर सुताइदिएपछि केही क्षणमै उनको मृत्यु भयो।[५५] इङ्ग्ल्यान्डस्थित अक्सफोर्ड विश्वविद्यालयमा पढेका राजाले सिक्किममा आधुनिक पाश्चात्य शिक्षालाई मान्यता दिने काम गरेका थिए।[५६]

दाजुको मृत्युपछि राजा बनेका टाशी नामगेलले राजा हुनेबित्तिकै सामाजिक एवम् आर्थिक सुधारसम्बन्धित विषयलाई गहन रूपमा ग्रहण गरे। उनले १९१६ मा निष्पक्ष न्याय प्रणालीका निम्ति चिफ कोर्डको स्थापना गरे। उनका शासनकालमा सन् १९२१ मा

[५३] पूर्ववत, पृ. ३७-३८।
[५४] तुलसीराम शर्मा 'कश्यप'; पूर्ववत्, पृ. ७०-७५।
[५५] पुष्प शर्मा ; पूर्ववत्, पृ. ३९।
[५६] तुलसीराम शर्मा 'कश्यप'; पूर्ववत्, पृ. ८१।

सार्वजनिक तासजुवालाई प्रतिबन्ध लगाइयो, १९२४ मा रोज नदिई श्रमिकहरूलाई काम लगाउने प्रथामा प्रतिबन्ध लगाइयो, सन् १९४५ मा झारलाङ्गी प्रथा, सन् १९४६ बेठी प्रथा, सन् १९४७ मा करूवा प्रथामाथि पनि प्रतिबन्ध लगाइयो। उनले नै सिक्किम राष्ट्रियकृत यातायात सेवाको स्थापना गरे भने सन् १९५२ मा भू-सर्वेक्षण गराएर जनतालाई जमिनको स्वामित्व औपचारिक रूपमा प्रदान गरे। सन् १९४५ मा उनले सिक्किमको विकासका निम्ति विकास योजनाको खेस्रा तयार पारे, सन् १९५७ मा बौद्धदर्शन अध्ययन केन्द्र **द नामगेल इन्स्टिटुड अफ टिबिटोलोजी**को स्थापना गरे अनि सन् १९६१ मा सिक्किमका नागरिकलाई सर्वप्रथम नागरिक प्रमाणपत्र **सिक्किम सब्जेट** प्रदान गरे। यिनको ५० वर्षीय शासनकाललाई सिक्किमको इतिहासमा स्वर्णयुग मानिन्छ। उनका शासनकालको अन्तिम दश वर्षमा आर्थिक, सामाजिक, राजनीतिक एवम् सांस्कृतिक सबै क्षेत्रमा ठोस उपलब्धि भएको देखिन्छ।[५७]

## ३.४. राजनीतिक पृष्ठभूमि

बीसौं शताब्दीको तेस्रो दशकदेखि सिक्किमका मानिसमा भारतीय स्वतन्त्रता सङ्ग्रामको प्रभाव पर्न थाल्यो र राजनीतिक सचेतनाको आरम्भ भयो।[५८] सिक्किममा राजनीतिक दलहरू र सङ्घ संस्थाहरूको स्थापना हुन थाले। अचाहिँदा व्यवस्था र जनविरोधी तत्त्वहरूको विरोध हुन थाल्यो। गान्तोकमा प्रजा सुधारक समाज, तिमीतार्कुमा प्रजा सम्मलेन र च्याखुङमा प्रजा मण्डलको स्थापना भयो। प्रजा सुधारक समाजको नेतृत्व टाशीछिरिङ, सोनामछिरिङ र केजाङछिरिङले गरेका थिए, प्रजा सम्मेलनको नेतृत्व गोवर्धन प्रधान र धनबहादुर तिवारीले गरेका थिए भने प्रजा मण्डलको नेतृत्व काजी ल्याण्डुप दोर्जीले गरेका थिए। ७ दिसम्बर, १९४७ का दिन प्रजा सुधारक समाजको पहिलो जनसभा गान्तोकस्थित पोलो ग्राउन्डमा बस्यो। सभाले सिक्किममा जमिनदारी प्रथा निर्मुल गर्नुपर्ने, लोकप्रिय सरकार बनिनुपर्ने, सिक्किमलाई भारतमा सामेल गराइनुपर्ने, सिक्किमका भोटिया,

---

[५७] J R Subba (2011); पूर्ववत्, पृ.४७-४८।

[५८] तुलसीराम शर्मा 'कश्यप'; पूर्ववत्, पृ. ८२-९४।

लेप्चा, नेपाली रैतीमा कुनै प्रकारको भेदभाव नराखिनुपर्ने, खजनाको दर एउटै हुनुपर्ने, काउन्सिल तथा सरकारी काममा भोटिया, लेप्चा, नेपाली रैतीले समान वा बराबरको हक पाउनुपर्ने, जग्गा जमिनको लेनदेनमा कुनै प्रकारको भेदभाव नहुनुपर्ने जस्ता महत्त्वपूर्ण प्रस्ताव पारित गरिएका थिए। सिक्किमको इतिहासमा उक्त जनसभा नै कुनै पनि राजनीतिक दलद्वारा आयोजित पहिलो जनसभा थियो। यस सभामा कालोभारीको विरोध गरिएको थियो।[५९]

यी तीनवटा संस्था मिलेर ९ दिसम्बर, १९४७ मा सिक्किम स्टेट कङ्ग्रेस नामक राजनीतिक दल गठन गरी महाराजा टाशी नामगेलसमक्ष तीनवटा माग राखेका थिए। ती मागमा जमिनदारी प्रथाको उन्मुलन, प्रजातान्त्रिक सरकारको स्थापना गरी अन्तरिम सरकारको गठन अनि सिक्किमलाई भारतसित गाब्नु रहेको थियो। महाराजाले जमिनदारी प्रथा बिस्तारै उन्मुलन गर्ने अनि कङ्ग्रेसले छानेर पठाएका तीनजना प्रतिनिधिलाई सरकारमा सामेल गर्ने वचन दिए। सिक्किम स्टेट कङ्ग्रेसले रघुवीरसिंह बस्नेत, दीमिकसिंह लेप्चा र सोनामछिरिङलाई आफ्ना प्रतिनिधिका रूपमा पठायो र १ मार्च, १९४८ मा महाराजाले टाशीडाडुल देन्सापा र मानवीरसिंह रसाइलीलाई मनोनित गरी सल्लाहाकार समिति गठन गरे।[६०]

सिक्किम स्टेट कङ्ग्रेसले आफ्ना गतिविधिलाई तीव्र बनाउँदै ४-६ फरवरी, १९४९ का दिन रम्फूमा सम्पन्न द्वितीय वार्षिक अधिवेशनमा अबउसो जमिनको खजना नतिर्ने प्रस्ताव पारित गऱ्यो। यसै अवधिमा ११ फरवरी, १९४९ का दिन सिक्किमका जम्मै बजारमा हडताल पालन गर्ने निर्णय लिएपछि कङ्ग्रेसका केही नेतालाई थुनामा पनि राखिएको थियो, जसलाई छुटाउनका निम्ति सिक्किमका धेरैजसो क्षेत्रबाट प्रायः दश हजारभन्दा धेर मानिस राजधानी गान्तोक आई जुलुस निकालेका थिए।[६१]

---

[५९] पूर्ववत्, पृ. ९५-९६।
[६०] पूर्ववत्, पृ. ९६-९७।
[६१] पूर्ववत्, पृ. ९८-९९।

३० अप्रेल १९४८ का दिन दरवारको समर्थनमा सोनामछिरिङ र अन्यले मिलेर सिक्किम नेसनल पार्टीको स्थापना गरे। २९ अप्रेल, १९४९ देखि जनता गान्तोकमा भेला हुनथाले र जनविरोधी नीतिहरूको विरोध र कङ्ग्रेसको मागमा अहिंसात्मक सत्याग्रह आन्दोलन थालियो। १ मई, १९४९ को दिन प्रायः दश हजारभन्दा धेरै कङ्ग्रेसी कार्यकर्ताले राजकुमारलाई घेराबन्दी गरेर नारा जुलुस गरेपछि महाराजले राजनीतिक अधिकारीको सल्लाह लिएर जनप्रतिनिधिको सरकार स्थापित गरिदिने वचन दिए र ९ मई, १९४९ का दिन सिक्किमको इतिहासमा टाशीछिरिङको मुख्यमन्त्रित्वमा सर्वप्रथम जनप्रिय सरकार गठन भयो। यसमा राजाका प्रतिनिधि रश्मीप्रसाद आले र दोर्जीडाडुल काजी अनि कङ्ग्रेसका प्रतिनिधि चन्द्रदास राई, टाशीछिरिङ र दिमिकसिंह लेप्चा सामेल भए। दरवारको हस्तक्षेप बढेकाले यो सरकार पनि २९ दिनपछि ६ जुन, १९४९ मा विगठन भयो।[६२]

११ अगस्त, १९४९ मा भारत सरकारको सल्लाहानुसार जेएस लाल सिक्किमका देवान नियुक्त भए र प्रशासनिक दायित्व पोल्टिकल अफिसरबाट देवानमा सर्‍यो। देवान लाललाई महाराजा टाशी नामगेलले नै नियुक्त गरेकाले उनी धेरै शक्तिशाली थिए। सन् १९५० को ५ दिसम्बरमा भारत-सिक्किम सन्धि भयो, जसअन्तर्गत सिक्किम भारतको पूर्णतः संरक्षित राज्य बन्न पुग्यो अनि सिक्किमको रक्षा र विदेश नीति, आबकारी र सञ्चार भारत सरकार अधीनस्त भयो।[६३]

सन् १९५० को दिसम्बर महिनामा सिक्किममा पञ्चायत चुनाउ सम्पन्न भयो भने सन् १९५१ मा प्यारिटी फर्मुलाद्वारा स्टेट काउन्सिलका चुनिने सिटहरूमा भोटिया-लेप्चा र नेपाली दुई समुदायमाझ बराबरीको हिसाबले बाढिने र त्यसमाथि महाराजले आफै पाँचजनालाई मनोनित गर्ने नीति निर्धारित थियो, जसअनुसार सन् १९५२ को जनवरी महिनामा चुनाउ भयो। यस चुनाउमा पूर्णतः भेदभावपूर्ण नीति अवलम्बन गरियो। २१ वर्षभन्दा माथिकाले मतदानको अधिकार पाए भने ३० वर्ष भन्दामाथिकाले चुनाउमा

[६२] पूर्ववत्, पृ. १०४-१०७।

[६३] पूर्ववत्, पृ. १०७-११४।

उम्मेदवार हुनेसक्ने अधिकार पाए। यसमा प्यारेटी फर्मुलाअनुसार सिटको वितरण सँगसँगै अर्को महत्त्वपूर्ण प्रावधान के थियो भने प्रत्येक नेपाली सिटका निम्ति निर्धारित समष्टिका सबै मतदाताले भोट हालेर निर्वाचित गर्नुपर्ने, तर भोटिया, लेप्चा उम्मेदवारलाई भने सम्बन्धित समष्टिका भोटिया-लेप्चा मतदाताले पहिला मतदान दिएपछि मात्र फेरि सबै मतदाताले मतदान गर्नुपर्ने नियम बनाइयो। यसो गर्दा भोटिया-लेप्चाले दुईपल्ट र नेपालीले एकपल्ट मात्र मतदान गर्न पाउने भए। २३ मार्च, १९५३ मा महाराजाले संवैधानिक घोषणापत्र जारी गरी स्टेट काउन्सिल गठनको नियम, कार्यकारी परिषद्, परिषद्को अधिकार, कार्य सञ्चालनका नियमहरू तय गरे, जसमा महाराजाको भिटो अधिकार सुरक्षित राखिएको थियो। यसै वर्ष चुनाउ सम्पन्न भयो र भोटिया-लेप्चा सिटमा नेसनल पार्टी अनि नेपाली सिटमा कङ्ग्रेस पार्टी विजयी भए, जसले गर्दा सिक्किममा साम्प्रदायिक सद्भावनामा बिथोलो पऱ्यो। ७ अगस्त, १९५३ मा काउन्सिलको गठन भयो र देवान अध्यक्ष घोषित भए।[६४]

त्यसपछि १९५८ र १९६० मा काउन्सिलका चुनाउहरू सम्पन्न भइरहे भने सन् १९६० मा काजी लेण्डुप दोर्जीको नेतृत्व नेसनल कङ्ग्रेसको स्थापना भए। सन् १९६१ मा महाराजाबाट सिक्किम सब्जेट अधिनियमको घोषणा भएपछि सिक्किम सब्जेट प्रमाणपत्र जारी हुन थाल्यो। सन् १९६३ मा राजकुमार पालदेन थुण्डुप नामगेलले अमेरिकी महिला होपकुकसित विवाह गरे र ५ दिसम्बर, १९६३ देखि बाह्रौं छोग्यालको कार्यभार सम्हाले। १९६७ र १९६९ को चुनाउले सिक्किमको राजनीतिक परिवेशलाई अझ सक्रिय बनायो र १९७२ मा जनता कङ्ग्रेसको स्थापना भयो। १९७३ मा चुनाउ हुने तय भए पनि राजाले काउन्सिलको गठन गरेपछि जनाक्रोश अझ बढेर गयो र १ अप्रेल, १९७३ देखि जनआन्दोलन थालियो। ८ मई, १९७३ का दिन राजनीतिक दल, महाराजा र भारत सरकारका प्रतिनिधिले महत्त्वपूर्ण त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गरेपछि अप्रेल १९७४ मा पहिलोपल्ट प्रजातान्त्रिक पद्धतिअनुसार चुनाउ सम्पन्न भयो र एल डी काजी सिक्किमका

---

[६४] पूर्ववत्, पृ. ११४-११९।

मुख्यमन्त्री बने। सरकारलाई सञ्चालन गर्नका निम्ति छोग्यालले सिक्किम सरकार अधिनियम जारी गरे।[६५]

सन् १९५० को भारत-सिक्किम सन्धि, सन् १९७३ को जनआन्दोलन, सन् १९७३ को त्रिपक्षीय सम्झौता र सन् १९७४ को छोग्यालकै हस्ताक्षरमा घोषणा भएको सिक्किम सरकार विधेयकले अधिनियमको रूप लिएर सहराज्यको दर्जा पाएपछि सिक्किम पूर्णतया भारतमा सामेल हुने मार्गमा अघि बढिसकेको थियो। १४ अप्रेल, १९७५ मा सिक्किममा विशेष जनमत सङ्ग्रह भएपछि २१ अप्रेल, १९७५ को दिन ३८औँ भारतीय संविधान संशोधन विधेयक लोकसभामा प्रस्तुत गरियो, जसलाई २३ अप्रेलको दिन लोकसभाले अनि २६ अप्रेलको दिन राज्यसभाले पारित गरेपछि १६ मई, १९७५ का दिन सिक्किम भारतीय महासङ्घको २२औँ राज्य बनेपछि ३३४ वर्ष लामो राजतन्त्रको समाप्ति एवम् एक स्वतन्त्र राष्ट्रको विलुप्ति भयो।[६६]

अप्रेल १९७४ का चुनाउमा गठन भएको विधासभालाई नै सिक्किमको पहिलो विधानसभा मानियो भने काजीलाई नै पहिलो मुख्यमन्त्री घोषित गरियो। भारतीय गणतन्त्रमा अन्तर्भुक्त भएपछिको सिक्किमका गठित सरकार एवम् मुख्यमन्त्रीहरूको सूची निम्न तालिकामा प्रस्तुत छ —

**तालिका सङ्ख्या — ३.३**

**सिक्किमको विधानसभा चुनाउ र मुख्यमन्त्रीहरूको कालक्रमिक विवरण**

| क्रस. | निर्वाचनको मिति | विधानसभा | मुख्यमन्त्री | सत्तारूढ दल | कार्यकाल |
|---|---|---|---|---|---|
| १ | १३.४. १९७४ | पहिलो | काजी ल्याण्डुप दोर्जी खाङसार्पा | १) सिक्किम नेसनल कङ्ग्रेस<br>२) भारतीय राष्ट्रिय कङ्ग्रेस | १) २३.७.१९७४ — १५.५.१९७५<br>२) १६.५.१९७५-१७.८.१९७९ |

[६५] पूर्ववत्, पृ. ११९-२१८।
[६६] पूर्ववत्, पृ. २१८-२२८।

| | | | | | |
|---|---|---|---|---|---|
| २ | राष्ट्रपति शासन | | | | १८.८.१९७९ - १७.१०.१९७९ |
| ३ | १२ अक्टुबर १९७९ | दोस्रो | नरबहादुर भण्डारी | सिक्किम जनता परिषद् | १८.१०.१९७९ — ११.५.१९८४ |
| ४ | - | दोस्रो | बीबी गुरूङ | भारतीय राष्ट्रिय कङ्ग्रेस | ११.५.१९८४ — २४.५.१९८४ |
| ५ | राष्ट्रपति शासन | | | | २५.५.१९८४-८.३.१९८५ |
| ६ | मार्च १९८५ | तेस्रो | नरबहादुर भण्डारी | सिक्किम सङ्ग्राम परिषद् | ८.३.१९८५-१९८९ |
| ७ | २२ नोभेम्बर १९८९ | चौथो | नरबहादुर भण्डारी | सिक्किम सङ्ग्राम परिषद् | १२.१९८९-१७.५.१९९४ |
| ८ | - | चौथो | सञ्चमान लिम्बू | सिक्किम सङ्ग्राम परिषद् (एस)<br>२) भारतीय राष्ट्रिय कङ्ग्रेस | १८.५.१९९४-११.१२.१९९४ |
| ९ | १६ नोभेम्बर १९९४ | पाँचौं | पवन चामलिङ | सिक्किम डेमोक्रेटिक फ्रन्ट | १२.१२.१९९४-१०.१०.१९९९ |
| १० | ३ अक्टुबर १९९९ | छैटौं | पवन चामलिङ | सिक्किम डेमोक्रेटिक फ्रन्ट | ११.१०.१९९९-२१.५.२००४ |
| ११ | १० मई, २००४ | सातौं | पवन चामलिङ | सिक्किम डेमोक्रेटिक फ्रन्ट | २२.५.२००४-१९.५.२००९ |
| १२ | ३० अप्रेल २००९ | आठौं | पवन चामलिङ | सिक्किम डेमोक्रेटिक फ्रन्ट | २०.५.२००९-२०.५.२०१४ |
| १३ | १२ अप्रेल २०१४ | नवौं | पवन चामलिङ | सिक्किम डेमोक्रेटिक फ्रन्ट | २१.५.२०१४ देखि हालसम्म |

## ३.५. सामाजिक-आर्थिक पृष्ठभूमि

सिक्किममा भारतका विभिन्न राज्यबाट व्यापार र रोजगारका निम्ति सिक्किम आएका बङ्गाली, बिहारी, झारखण्डेली, उडियाली, मारबाडी, पञ्जाबी, गढवाली, कश्मिरी, असमिया, मणिपुरी, तमिल, मराठी, कन्नड, मुसलमान आदि समुदायको पनि रासोबासो पाइन्छ। यसरी नै सिक्किममा तिब्बती शरणार्थीहरू र नेपालबाट मजदुरीका साथै जमिन कमाउन

पाखुरेका निम्ति आएका पनि छन्, तथापि सिक्किममा लेप्चा, भोटिया र नेपालीलाई नै मूल निवासी मानिन्छ। यी तीन जातिको रासोबासो सिक्किममा प्राचीनकालदेखि नै रहेको हो र सन् १८९१ मा भएको सिक्किमको पहिलो जनगणनामा पनि यी तीनै जातिको वर्चस्व रहेको तलको तालिकाले स्पष्ट पार्दछ-

**तालिका सङ्ख्या — ३.४**

**सन् १८९१ मा सिक्किममा पहिलो पल्ट भएको जनगणनाको विवरण**

| जात / जाति | पुरुष | स्त्री | बालबालिकाहरू | जम्मा |
|---|---|---|---|---|
| लेप्चा | २३६२ | २३९९ | १००१ | ५७६२ |
| भोटिया | १९६६ | १९६० | ९६८ | ४८९४ |
| लिम्बू | १२५५ | ११५९ | ९४२ | ३३५६ |
| गुरूङ | ११०८ | १०४७ | ७६६ | २९२१ |
| मुरमी | ८०१ | ७७८ | १२८८ | २८६७ |
| राई, जिम्दार आदि | ७७२ | ६९१ | ५८७ | २०२० |
| खम्बू | ७२६ | ६४८ | ५८९ | १९६३ |
| कामी | ६२६ | ४६४ | ५८० | १६७० |
| ब्राह्मण | ५२१ | ३७२ | ५२१ | १४१४ |
| मगर | ३६३ | ३४६ | १९२ | ९०१ |
| छेत्री | ३०३ | २५३ | २७३ | ८२९ |
| नेवार | २४० | १८३ | ३०४ | ७२७ |
| कमारा — कमारी | १२४ | ९९ | १०१ | ३२६ |
| दर्जी | १०२ | ९२ | ९३ | २८७ |
| अन्य फौजी लगायत | ३५० | ७२ | ९९ | ५२१ |
| जम्मा | ११,५८९ | १०,५६३ | ८,३०६ | ३०,४५८ |

*स्रोत — ग्याजेटर अफ् सिक्किम*

यस तालिकामा रहेका लिम्बू, गुरूङ, मुरमी, राई, जिम्दार, खम्बू, कामी, ब्राह्मण, मगर, छेत्री, नेवार, कमरा-कमारी र दर्जी सबै नेपाली समुदायका उपजातिहरू हुन् ।

सिक्किमका यी तीन जातिका आ-आफ्नै धार्मिक आस्था र विश्वास रहेका छन्। नेपालीमा हिन्दू, बौद्ध, इसाई एवम् युमा धर्मको प्रभाव पाइन्छ भने लेप्चामा बौद्ध र इसाई

धर्मको प्रभाव पाइन्छ। यसरी नै भोटियामा धेरै जसो बौद्ध र थोरैमा इसाई धर्मको प्रभाव पाइन्छ।

सिक्किममा हिन्दू धर्मअन्तर्गत सनातन धर्म, शैव, वैष्णव, शाक्त, जैन, प्रणामी, आर्य समाज, कबीर पन्थी, जोसमनी सम्प्रदाय, मानव उत्थान सेवा समिति, श्री सत्य साई सेवा समितिजस्ता धार्मिक सम्प्रदाय र मतहरूको प्रभाव पाइन्छ। यहाँ हिन्दू धर्मका विभिन्न मठ-मन्दिरको निर्माण भएका छन्, जसअन्तर्गत पश्चिम सिक्किमको लेकसेपस्थित केदारेश्वर शिवमन्दिर, दक्षिण सिक्किमको नाम्चीनजिकैको सोलोफोकस्थित सिद्धेश्वर धाम, पूर्व सिक्किमको गान्तोकस्थित गणेश टक र हनुमान टक, कुपुकस्थित बाबा मन्दिर, उत्तर सिक्किमअन्तर्गत गुरूदोङमार पोखरी नजिकस्थित मन्दिर प्रमुख रहेका छन्।यसरी नै बौद्ध धर्मअन्तर्गत पश्चिम सिक्किमको पेमायाङची गुम्पा, टाशीडिङ गुम्पा, पूर्व सिक्किमको रूम्तेक गुम्पा, इञ्चे गुम्पा, छोर्तेन गुम्पा, दक्षिण सिक्किमको राभाङलास्थित तथागत स्थल, सामडुप्चेस्थित गुरू पद्मसम्भवको मूर्ति, उत्तर सिक्किमअन्तर्गत फुदुङ गुम्पा, लाचेन गुम्पा र लाचुङ गुम्पा प्रमुख धार्मिक केन्द्र हुन्। यसरी नै नेपाली जातिभित्रका उपजातिले पनि सिक्किमका विभिन्न गाउँमा देवालय निर्माण गरेका छन् भने सिख धर्मावलम्बीको गुरुद्वारा, इसाईहरूको गिर्जाघर, मुसलमानहरूको मस्जिद आदि पनि सिक्किममा पाइन्छन्।

सिक्किममा विभिन्न जातिले आफ्नो जातीय, धार्मिक, सांस्कृतिक मूल्य र मान्यता कायम राख्न आ-आफ्ना परम्परा र चाढ-पर्वहरूको पालना गर्दै आएका छन्। नेपाली तथा हिन्दूहरू बैशाखी, बसन्त पञ्चमी, होली, रामनवमी, असार पन्ध्र, साउने सङ्क्रान्ति, रक्षाबन्धन, छट पूजा, कृष्ण जन्माष्टमी, शिवरात्री, नाग पञ्चमी, इन्द्रजात्रा, साकेवा, तीज, सोह्र श्राद्ध, दशैं, तिहार, माघे सङ्क्रान्ति, बाराहीमिजोङ आदि चाढ-पर्व हर्षोल्लाससित पालन गर्छन्। भोटिया, लेप्चा एवम् शेर्पा बौद्ध धर्मावलम्बीहरू पाङल्हाब्सोल, टेन्डोङ लो रूमफात्, सागादावा, लोसुङ, नामसुङ, लोसार, काग्यात नाच, डुक्पाछेसी आदि चाड-पर्व हर्षोल्लाससित मनाउँछन्। सोही प्रकारले सिक्किममा बसोबास गर्ने भारतका अन्य राज्यका निवासीहरू पनि यहाँ छट पूजा, विश्वकर्म पूजा, दुर्गा पूजा, सरस्वती पूजा, हनुमान जयन्ती,

गणेश चतुर्थी, होली, रक्षाबन्धन आदि पर्वहरू आफ्नै प्रकारले मनाउँछन्। मुसलमानहरू ईद र इदउल जुहा अनि इसाईहरू गुडफ्राइडे र क्रिसमस धुमधामसँग मनाउँछन्।

यी चाढ-पर्वहरू मनाउँदा लोकसांस्कृतिक परम्परा, महत्त्व र विशेषतालाई विशेष रूपमा संरक्षण गरिएको पाइन्छ, जस्तै नेपालीहरू दशैंमा दही अक्षताको टीका लगाउँछन्, जमरा सिउरिन्छन्, तिहारमा देउसी-भैली खेल्छन्, मारुनी नाँच्छन्, तीजमा सङ्गीनी गाउँछन्, दर खान्छन्, असार पन्ध्रमा दही-चिउरा खान्छन्, माघे सङ्क्रान्तिमा तरुल र खिचडी खान्छन्, पिङ खेल्छन्, लिम्बूहरू मङ्गसिरमा धाननाच गर्छन्, राईहरू साकेवामा वाचिपा खान्छन्, गुरूङहरू घाटु नाच्छन्, भेडाको मासु खान्छन्, नेवारहरूले क्वाँटी खान्छन्, इन्द्रजात्रा मनाउँछन्, भोटिया-लेप्चाहरू सागादावामा पुस्तक बोकेर नगर परिक्रमा गर्दछन्, जेरो, खाब्जे खान्छन् आदि।

यी जातिहरूमा कुलपूजा एवम् धार्मिक कर्मकाण्डका निम्ति पुरोहित, कुलको धामी, धामी-झाँक्री, धर्म गुरू, बिजुवा, फेदाङ्बा, मेनबोङ, बुङथिङ, लामा, रिम्पोछे आदिको व्यवस्था छ। राई-लिम्बू, लेप्चा, शेर्पा आदि जातिका आ-आफ्नै आचार-विचार एवम् धार्मिक कर्मकाण्डका विधानहरू मुन्धुम, थुथुरी वेद आदिमा पाइन्छन्।

यसरी नै नेपालीहरू पानी नपर्दा एवम् गाउँमा अनिकाल लाग्दा संसारी पूजा गर्छन्, लामाहरू मठमा गएर पूजा अर्चना गर्दछन्। यी सबै जातिमा कुनै नयाँ अऩ्न-बाली पाकेपछि देउतालाई चढाउने अथवा न्वागी खाने चलन पनि रहेको छ।

सिक्किमको जनसङ्ख्याको ठुलो भाग खेतीपाती एवम् पशुपालनमा निर्भर रहेको पाइन्छ।सिक्किमलाई जैविक राज्य घोषणा गरी जैविक खेतीको अवलम्बन गरिएको छ। आर्थिक दृष्टिले सिक्किमको जमिन पानीखेत, सुक्खाबारी, अलाइँचीबारी, पाखाबारी र वन-जङ्गलअन्तर्गत विभाजित गर्नसकिन्छ।जनसङ्ख्याको ७० प्रतिशत मानिस गाउँमा बस्ने हुँदा खेतीपाती र पशुपालन नै यहाँका मानिसको जीविकोपार्जनको मुख्य स्रोत हो। सिक्किममा धान, मकै, गहुँ, कोदो, तोरी, सुन्तला, अदुवा, हर्दी, तरुल, दाल, साग-सब्जी, अलाइँची,

फल-फुल आदिको खेती गरिन्छ। पशुपालनअन्तर्गत गाई, बाख्रा, भेडा, कुखुरा, चौंरी, सुङ्गुर, हाँस, माछा आदिको पालन गरिन्छ।

कृषि र पशुपालनबाहेक राज्यका विभिन्न स्थानमा रहेका उद्योग तथा कल-कारखाना, जलविद्युत परियोजना एवम् निर्माण परियोजनाहरूमा पनि सिक्किमका मानिसहरू रोजगारी गर्दछन्। यसरी नै सरकारका विभिन्न विभागमा कर्मचारी र शिक्षण पेसामा संलग्न छन्।

समयसँगसँगै फस्टाएको पर्यटन व्यवसायसित पनि यहाँका मानिसहरू संलग्न छन् र ग्रामीण पर्यटन, पर्यापर्यटन, टुर एन्ड ट्राबल्सजस्ता व्यवसायलाई पनि अवलम्बन गर्न थालेका छन्।सोही प्रकारले यातायातअन्तर्गत यात्रुवाहक वाहन र मालवाहक वाहन चलाउने चालक पेसालाई पनि यहाँका मनिसहरूले अङ्गालेका छन् भने होटल व्यवसाय, कुटीर उद्योग, छापाखाना, सौन्दर्यशाला, औषधालय, रासिन दोकान, मनिहारी दोकान, लुगाफाटा दोकान तथा अन्य विभिन्न प्रकारका दोकान, आवश्यकीय सामग्री वितरण सेवा, कम्प्युटर एवम् सूचना प्रणाली सेवा, अचार एवम् संलग्न घरेलु उद्योग, बेकरी उद्योग आदि व्यवसायलाई पनि जीविकोपार्जनका स्रोतका रूपमा अङ्गालेका छन्।यसअतिरिक्त ठेकादारी, पुष्पखेती, रेशमखेती, मौरीपालन, जैविकखेती, हस्तकला उद्योग, निजी शैक्षिक संस्थान्, मदिरा उद्योग एवम् व्यवसाय, खाद्य सेवा, पत्रकारिताजस्ता व्यवसायहरूमा पनि सिक्किमेको संलग्नता पाइन्छ।

सन् १६४१ मा नामगेल राजवंशको स्थापना भएपछि मात्र सिक्किमको लिखित इतिहास पाइन्छ।त्यस समय राजपरिवारले सिक्किमका मूल निवासी लेप्चाको सम्पन्न परिवारसित समझदारी र मित्रता कायम गरे तापनि जनसाधारण लेप्चा, लिम्बू एवम् मगरहरू सदैव शोषित रहेको उल्लेख पाइन्छ। उनीहरूको खेतीयोग्य जमिन खोसियो अनि उनीहरूलाई आफ्ना परम्परागत धर्मपालन गर्न दिइएन।लेप्चालाई बौद्धधर्म पालन गर्न बाध्य तुल्याइयो, तर लामाको श्रेष्ठ शृङ्खलाक्रममा उनीहरूलाई माथि राखिएन। लिम्बूहरूलाई युमा धर्मपालन गर्न दिइएन। उनीहरूको सामाजिक स्तर होच्याइयो र सदैव

भोटियाहरूको दयामा बाँच्ने बनाइयो।[६७] नामगेल वंशको ३३४ वर्षको शासनकालमा लेप्चा र नेपाली जनसाधारणको सामाजिक एवम् आर्थिक स्थिति दयनीय रहेको पाइन्छ, तथापि ल्होमेन्चोङ सम्झौताअनुसार सन् १९७३ सम्म लेप्चा र लिम्बूहरूलाई काउन्सिलमा आरक्षण प्राप्त थियो तथापि राजनीतिक एवम् प्रशासनिक अधिकारबाट यी पार्षद्हरू वञ्चित नै रहेको देखिन्छ।

जनतामाथि लगाइएको करको भारी बोक्न सर्वसाधारणलाई चर्को पर्थ्यो। काजी, जमिनदार, ठेकादार, मण्डल एवम् कारबारीहरूले जनतालाई बाध्य गराएर जसरी भए पनि धुरी खजना र जमिन खजना उठाउँदथे। धुरी खजना र जमिन खजना तिर्न नसक्नेले आफ्ना घरबारी र जमिन उनीहरूलाई सुम्पनु पर्थ्यो। जमिनदारहरूले धुरी खजना १ रुपियाँ उठाउँथे अनि आफूसित १० आना राखेर ६ आना सरकारलाई करका रूपमा बुझाउँदथे। सोही प्रकारले ६.७५ रुपियाँ जमिन खजना सङ्ग्रह गर्थे अनि ५.७५ रुपियाँ आफूसित राखेर १ रुपियाँ मात्र सरकारलाई बुझाउँदथे।[६८] सन् १८९८ देखि भोटिया-लेप्चालाई एक पाथी बिउको खेती हुने जमिनको खजना आठ आना अनि नेपालीलाई १४ आना कर लगाउन थालियो।यति मात्र होइन भोटिया-लेप्चाले तीनवटा गाई राख्न पाउँथे भने नेपालीले एउटा गाईको आठ आना कर तिर्नु पर्थ्यो।[६९]

काजी जमिनदार एवम् ठेकादारहरूले कालोभारी, कुरुवा, ठेकीबेठी, झार्लाङ्गी प्रणालीहरूबाट नेपालीको प्रशस्त मात्रामा शोषण गरेर धनार्जन गरे। कालोभारी अङ्ग्रेजहरूसित सिक्किमको सम्बन्ध गाँसिएपछि विकसित भएको श्रमिक व्यवस्था हो। यसमा अङ्ग्रेजहरूले तिब्बतलाई अस्त्रशस्त्र बिक्री गर्दथे र प्रतिकुल मौसमबाट जोगाउनका निम्ति ती अस्त्रशस्त्रलाई कालो रङ्गले छोपिएको हुन्थ्यो। प्रत्येक भारीको औसत ओजन ४० किलोग्राम हुने गर्थ्यो। कहिलेकाँही अङ्ग्रेजहरू यातुङ र छुम्बीमा बस्न जाँदा आफूलाई चाहिने सामग्रीहरू यसरी नै लिएर जान्थे। यताबाट अङ्ग्रेजहरूले कालोभारीका रूपमा

[६७] J R Subba (2011); पूर्ववत्, पृ.६१ ।

[६८] पूर्ववत्, पृ.६३।

[६९] पूर्ववत्, पृ.६३।

अस्त्रशस्त्र तिब्बत पुऱ्याउथे भने फर्किंदा सुन लिएर आउँथे। यस्तो कालो भारी बोक्न काजी ठिकादारलाई प्रतिश्रमिक २ रुपियाँ प्रतिदिनका दरले दिने गरे पनि काजी ठिकादारले कि त सबै रुपियाँ आफूसित राख्थे, कि त ६ आना मात्र श्रमिकहरूलाई दिन्थे।[७०] अधिकांश कालोभारी बोक्नेले आफ्नो ज्याला नपाएको सुन्न पाइन्छ। तिब्बतको विकट भूमिमा कतिले त ज्यान नै गुमाउनु परेको तथ्य पाइन्छ।

तिब्बतसितको आफ्नो व्यापार यथावत् राख्न अङ्ग्रेजले सडकको निर्माण र व्यवस्थापनलाई निकै महत्त्व दिएका थिए। प्रतिकुल मौसमका कारण बाटो सदैव बिग्रने हुँदा यसलाई प्रयोगयोग्य राख्नका लागि निर्माण कार्य उच्च हिमाली मार्गमा गरिरहनु पर्थ्यो।यसका लागि काजी ठेकादारहरूलाई श्रमिकहरू ल्याउने ठिका दिइएको हुन्थ्यो र काजी ठेकादार, मण्डलले आफ्ना जमिनमा रहेका अथवा क्षेत्रका कसैलाई पनि कुनै पनि समयमा मनपरी काममा खटाउँदथे। यो आदेश नमान्नेलाई दण्डित गरिने हुँदा सर्वसाधरणले आदेशको पालन बाध्यतावश गर्नै पर्थ्यो। यसका लागि उनीहरूले अधिकांश श्रमिकलाई ज्याला दिँदैन थिए। यस्ता श्रमिकहरूलाई झार्लाङ्गी श्रमिक भनिन्थ्यो, तथापि सरकारद्वारा भने झार्लाङ्गी श्रमिकहरूका लागि ज्याला तोकिएको थियो[७१] तर त्यो रुपियाँ काजी ठेकादारबाट श्रमिकका हातमा पर्दैन थियो।

काजी ठेकादार र जमिनदारदेखि तलका मण्डल र कारबारीहरूले आफ्ना क्षेत्रका सर्वसाधारणबाट चाडपर्वमा उपहार लिने गर्थे। यस्ता उपहारहरूमा मासु, दही, केरा तथा अन्य फल-फुल, अन्न आदि हुन्थ्यो। यसलाई ठेकी भनिन्थ्यो र यो मण्डल एवम् कारबारीहरूलाई चढाउनु पर्थ्यो।यस्तै प्रकारले चाडपर्वका बेला मण्डल, जमिनदार, काजीहरूलाई गाउँका मान्छेले गएर उनीहरूका घरमा बिना ज्याला काम गरिदिनु पर्थ्यो।यस प्रथालाई बेठी भनिन्थ्यो।

---

[७०] पूर्ववत्, पृ.६४-६५।

[७१] *Sikkim State General Department Notification No.1 O6O/G*, 16th July, 1943, **Old law of Sikkim**, **Sikkim Code**, Vol. IV, Gangtok : Law Department, Government of Sikkim, pg. 5-7.

जनसाधारणलाई शोषण गर्ने यस्तै अर्को प्रथालाई कुरुवा भनिन्थ्यो। यस प्रथामा कालोभारी बोक्नका निम्ति गएका श्रमिकहरूले प्रतिकुल मौसम, पैह्रो आदिका कारण समयमा माल नआइपुगुन्जेलसम्म कुरेर बस्नु पर्थ्यो। यसरी कुरेर बस्दा श्रमिकले खाने र बस्ने व्यवस्था आफैले गर्नु पर्थ्यो। यसैलाई कुरुवा प्रथा भन्ने चलन रह्यो।

कालोभारी, झार्लाङ्गी, ठेकीबेठी एवम् कुरुवा प्रथामा सदैव सर्वसाधारण जनता नै शोषित हुनु पर्थ्यो। सामन्ती व्यवस्थाका कारण काजी ठेकादारले श्रमिकको ज्यालासमेत आफैले राखेर बिना रोज काममा लगाई गरीबको शोषण गरिरहे। यी प्रथाका अन्त्य सन् १९४० का दशकमा भए तापनि लामो समयसम्म अन्य समान्ती व्यवस्थाबाट सिक्किमे सर्वसाधारण जनता पिल्सिनु परिरह्यो।

सिक्किममा स-साना व्यापार-वाणिज्य गर्नका निम्ति सन् १९३३ मा सर्वसाधरण सिक्किमेलाई अनुमति प्राप्त भए पनि दरवारलाई लाइसेन्स शुल्कका रूपमा बुझाउनु पर्ने रकम धेरै भएकाले दोकानपाट खोल्ने क्षमता सर्वसाधारणमा थिएन। २८ जुन, १९५० मा जारी भएको सरकारी आदेशअनुसार सिक्किमका बजारहरूमा दोकान खोल्नका निम्ति निम्नलिखित लाइसेन्स शुल्क तय गरिएको थियो —

**तालिका सङ्ख्या -३.५**

**दोकानका लागि अधिसूचित शुल्क**

| **क्रस.** | **दोकान** | **शुल्क प्रतिवर्ष** |
|---|---|---|
| १ | कपडा दोकान | रु. १५ |
| २ | रासिन दोकान | रु. १९ |
| ३ | आरामदायक सामग्री एवम् मनिहारी | रु. ७ |
| ४ | पान दोकान | रु. ५ |
| ५ | सुन चाँदी तथा हाडवेयर | रु. १० |

*स्रोत- Notification No. 831-600/ (B) - 28th June, 1950,* ***SIKKIM CODE****, Volume IV, pg. 28.*

यसरी नै व्यापारीहरूमाथि तोकिएको आयकर पनि धेरै थियो, जसलाई तलका तालिकामा प्रस्तुत गरिन्छ —

**तालिका सङ्ख्या -३.६**

**दोकानहरूका लागि अधिसूचित आयकर**

| **क्र सं.** | **वार्षिक व्यापार** | **आयकर दर** |
|---|---|---|
| १ | रु.१,९९९ सम्म | लाग्दैन |
| २ | रु. २,००० देखि रु. ४,९९९सम्म | रु.४ प्रति हजार |
| ३ | रु. ५,००० देखि रु. ९,९९९ सम्म | रु. ६ प्रति हजार |
| ४ | रु. १०,००० देखि माथि | रु. १० प्रति हजार |

*स्रोत- Notification No. 70 - 600 /1 .T.,NO.3, August, 1955, SIKKIM CODE, Vol. V, pg. 68.*

यसरी स-साना व्यापार गर्नका लागि अत्यधिक लाइसेन्स शुल्क र आयकर बुझाउनु सर्वसाधारण सिक्किमेका निम्ति चर्को विषय थियो भने भारतका अन्य प्रान्तबाट आएका व्यापारी समुदायका मानिसका निम्ति भने दरवारले सिक्किमका बजारहरूमा व्यापार गर्ने अनुमति प्रदान गरेको थियो। सन् १९३३ मै गैरसिक्किमे व्यापारीहरूलाई गाउँबस्ती पस्नबाट रोक्दै उनीहरूलाई व्यापारको केन्द्र बजारमा बस्ने अनुमति सरकारले प्रदान गरेको थियो।[७२] यसरी सिक्किमको व्यापार एवम् आर्थिक केन्द्रहरूमा मारवाडी, बिहारी एवम् अन्य भारतीय मूलका नागरिकको वर्चस्व कायम भयो।

नामगेल राजवंशका शासनकालमा शासकहरूको सम्बन्ध अङ्ग्रेज सँगसँगै तिब्बत, भुटानसित पनि राम्रो रहेका कारण उनीहरूको आर्थिक स्थिति सदैव बलियो रह्यो भने सर्वसाधारण जनताको स्थिति भने सोचनीय नै थियो।

## ३.६. शैक्षिक पृष्ठभूमि

सिक्किममा आधुनिक शिक्षाले प्रवेश पाएको १९ औं शताब्दीको उत्तरार्द्धदेखि मात्र हो। सन् १८८० का दशकमा सिक्किममा आएका स्कटिस, फिनिस र स्विडिस मिसनरीले सर्वप्रथम सिक्किममा आधुनिक युरोपीय शिक्षाको बीजारोपण गरेको पाइन्छ।

---

[७२] *Sikkim State General Department Notice No.794-94/ G.*, 13th May,1933, **Sikkim Code**, Vol. V, Gangtok: Law Department, Government of Sikkim, pg. 13.

सिक्किममा लामो समयसम्म पारम्परिक मौखिक लोकशिक्षा, अनौपचारिक शिक्षा, गुम्पा शिक्षाको परम्परा रहेको थियो। सिक्किमका आदिम जनजाति लेप्चा समुदायमा मुन र बुङथिङद्वारा मौखिक परम्परागत लोकशिक्षा प्रदान गरिन्थ्यो। लेप्चा समुदायको आफ्नो कुनै धार्मिक संस्थान नभएका कारण उनीहरूको ज्ञान र बुद्धिको केन्द्रविन्दु भनेकै बुङथिङ र मुनहरू थिए, जसद्वारा कुनै धार्मिक कार्य एवम् उत्सवलाई सम्पन्न गराइन्थ्यो भने लोकचिकित्सा पद्धतिद्वारा मानिसहरूको स्वास्थ्य उपचार गर्ने काम पनि हुन्थ्यो। लेप्चा लिपिको आविष्कार अन्तिम लेप्चा राजा थेकोङ मुङसोलोङ पनुले गरेका हुन् भन्ने लेप्चा लोकविश्वास पाइन्छ। १८ औँ शताब्दीमा तेस्रो छोग्याल छ्यादोर नामगेलका शासनकाल (सन् १७०० देखि १७१६)-मा यस लिपिको पुनर्रुद्वार गरिएको थियो।[७३]

सिक्किमे भोटिया समुदायमा गुम्पा नै शिक्षाको केन्द्र थियो। सन् १६४१ मा सिक्किममा नामगेल वंशको राजपरम्पराको थालनी गर्ने तीनजना लामा ल्हासुन छेन्पो, काथोक कुन्तु जाङपो र ङाडाक सेम्पा थिए।[७४] ल्हासुन छेन्पोले सिक्किममा लामावादलाई संस्थागत गराउने कार्यसितै यसलाई विस्तारित गरे।[७५] केही वर्षमा नै लामावाद सिक्किमको राज्यधर्मका रूपमा स्थापित भई धार्मिक शक्तिकेन्द्र समेत बन्यो।[७६] नामगेल राजवंशको उदयसितै सिक्किममा बौद्ध गुम्पाहरूको निर्माण कार्य पनि थालियो। सर्वप्रथम फुन्सो नामगेलले दुब्धी गुम्पाको निर्माण गरेपछि क्रमैले ङाडाक सेम्पाले ल्हाखाङ मार्पो गुम्पा र काथोक कुन्तु जाङपोले काथोक गुम्पाको निर्माण गरे।[७७] गुम्पाहरूको निर्माणसितै गुम्पामा बौद्धदर्शन शिक्षाको प्रारम्भ पनि भयो। सन् १८९४ सम्ममा सिक्किमका ३५ वटा गुम्पामा गुम्पा शिक्षा प्रदान गरिएको उल्लेख लोरेन्स अस्टिन वाड्डेल (Lawrence Austine

---

[७३] Dick B. Dewan, (2012); **Education In Sikkim, An Historical Retrospect : Pre-Merger and Post-Merger Period**, Kalimpong : Tender Buds' Society, Page-126.

[७४] तुलसीराम शर्मा 'कश्यप' ; पूर्ववत्, पृ. २७।

[७५] Dick B. Dewan, (2012);पूर्ववत्, पृ. १३१ ।

[७६] पूर्ववत्।

[७७] तुलसीराम शर्मा 'कश्यप' ; पूर्ववत्, पृ. २२८।

Waddell)-ले गरेका छन्।[७८] साङ्गाछोलिङ गुम्पामा २५ जना, दुब्दी गुम्पामा ३० जना, पेमायाञ्ची गुम्पामा १०८ जना, सिङ्ताम गुम्पामा ६ जनाले लामा शिक्षा लिएको तथ्य पनि उनले उल्लेख गरेका छन्।[७९]

नेपाली जातिमा भने शिक्षाको विकास लोकशिक्षा एवम् अनौपचारिक दुवै रूपमा भएको पाइन्छ। लोकशिक्षाअन्तर्गत धामी, झाँक्री, फेदाङबा, बिजुवा इत्यादिले लोकसंस्कार, उत्सव, पूजापाठ आदि थुतुरी वेद, मुन्दुम, धामीझाँक्री विद्या, झारफुक आदिका माध्यमद्वारा गराउँदथे भने अर्कोतिर संस्कृत शिक्षाको अनौपचारिक एवम् स्वअध्ययनद्वारा कर्मकाण्ड, व्रत, पूजा, पुराण आदि ब्राह्मण पुरोहित र पण्डितहरूले गर्दथे। यसका साथै **रामायण, महाभारत, देवीभागवत, स्वस्थानीव्रत कथा** आदिको अध्ययन गर्ने, सिलोक भन्ने लोकपरम्परा पनि नेपाली समाजमा रहेका कारण धार्मिक एवम् नैतिक शिक्षाको प्रचार यस्तै धार्मिक प्रवृत्तिका काव्यबाट नेपाली समाजमा हुने गर्थ्यो। सन् १९४३ मा सर्वप्रथम संस्कृत पाठशालाको स्थापना पूर्व सिक्किमको रिनाकमा भएको थियो।[८०] तर संस्कृत भाषामा औपचारिक शिक्षा भने सन् १९०७ देखि नै नेपाली बोर्डिङ स्कुलमा हुने गरेको तथ्य पाइन्छ।[८१]

सन् १८५८ मा क्रिस्चियन भर्नाकुलर एडुकेसन सोसाइटी फर इन्डिया, बङ्गाल शाखाको स्थापना भएपछि दार्जिलिङ पहाडमा इसाई मिसनरीको आगमन भयो।[८२] स्कटिस मिसनरीको नेतृत्व गर्दै विलियम म्याक्फार्लेले दार्जिलिङमा मात्र होइन छिमेकी देश सिक्किम र भुटानमा पनि बुनियादी शिक्षाको जग बसाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। सबैभन्दा पहिला उनले दार्जिलिङमा सन् १८७०-मा स्कुलहरू स्थापना गर्ने काम गरे, साथसाथै शिक्षकलाई तालिम दिने व्यावस्था पनि गरे।[८३] सन् १८८३-मा स्कटिस

---

[७८] Dick B. Dewan, (2012);पूर्ववत्, पृ. १३६।
[७९] पूर्ववत्, पृ. १३६-१३७।
[८०] पूर्ववत्, पृ. १६३।
[८१] Annual Administration Report for the year 1922-23.
[८२] Dick B. Dewan, (2012);पूर्ववत्, पृ. १७३।
[८३] पूर्ववत्, पृ. १७४।

युनिवर्सिटी मिसन एसोसिएसनले सिक्किममा कार्य गर्ने निश्चय गरी स्कुलहरू स्थापना गर्न थाल्यो। यसरी नै फिनिस मिसन र स्विडिस मिसन पनि स्कुल स्थापना गर्ने उद्देश्यले सिक्किम आएका तथ्य पाइन्छ।[८४]

सन् १८८३-मा म्याक्फार्लेले गान्तोकमा एउटा स्कुल स्थापना गरेको थाहा लाग्छ, तर महाराजाले इसाई मिसनरीहरूलाई गान्तोकमा बस्ने अनुमति नदिएका कारण उनीहरू गान्तोकबाहिर बसेर कार्य गर्न बाध्य बने र दक्षिण सिक्किमको तिमी भन्ने ठाउँलाई आफ्नो मुख्यालय बनाएर कार्य गरे।[८५] सिक्किम सरकारको पहिलो वार्षिक प्रतिवेदन सन् १९२२-२३ अनुसार ३१ मार्च, १९२३ सम्ममा सिक्किममा १३ वटा मिसनरी स्कुल सञ्चालित भइसकेका थिए, जसमा ११ वटा स्कटिस मिसनरी र २ वटा स्केनडाभियन मिसनरीद्वारा सञ्चालित थिए।[८६] सन् १९३० का दशकसम्ममा सिक्किमका विभिन्न स्थानमा चर्चहरूद्वारा सञ्चालित स्कुलहरूको सङ्ख्या थोरैमा पनि २० पुगेको थियो।[८७]

सन् १९२४ मा चर्च अफ् नर्दन इन्डिया मिसनको प्रबन्धनमा गान्तोकमा एउटा कन्या पाठशाला (हालको पाल्जर नामगेल कन्या स्कुल) को स्थापना भयो। थालनीकालमा दुईजना मात्र कन्या विद्यार्थी रहेको यस विद्यालयमा सन् १९२६ मा सो सङ्ख्या बढेर ४५ पुगेको थियो।तीमध्ये केही छात्र पनि थिए। दरवारले मिस मेरीस्कटलाई राजधानीमा बसेर स्कुल खोल्ने अनुमति दिएका कारण नै गान्तोकमा स्कुलको स्थापना गर्न सम्भव भएको थियो। सन् १९४४ मा यस स्कुलको नाम परिवर्तन गरी पाल्जर नामगेल कन्या विद्यालय नाम राखियो।[८८]

एकातिर मिसनरीद्वारा स्कुल स्थापना हुनु, अर्कोतिर ब्रिटिस इन्डियाले सिक्किमको प्रशासनिक अधिकार आफ्नो हातमा लिई सन् १८८९-मा जेसी ह्वाइटलाई सिक्किमको राजनीतिक अधिकारी नियुक्त गर्नु जस्ता कार्यले दरवारलाई पनि स्कुलहरू खोल्न बाध्य

---

[८४] पूर्ववत्, पृ. १७५-१७६।

[८५] पूर्ववत्, पृ. १७६।

[८६] Annual Administration Report for the year 1922-23.

[८७] Dick B. Dewan, (2012);पूर्ववत्, पृ. १७६।

[८८] पूर्ववत्, पृ. १७७ and 213।

बनायो।[८९]अझ १० औँ छोग्याल सिक्योङ टुल्कु अक्सफोर्ट विश्वविद्यालयबाट शिक्षा ग्रहण गरेर स्वदेश फर्किनुले पनि दरवारका लागि स्कुलहरू खोल्ने अनुकुल वातावरण तयार पारेको देखिन्छ।

सन् १८९४-मा राजनीतिक अधिकारी जेसी ह्वाइटको पहलमा राजधानी गान्तोकमा हिन्दी स्कुल रामधनी पाण्डेको प्रधानाध्यापकत्वमा थालिएको थियो, जसलाई सन् १८९७-मा दरवारले मान्यता दिई नाम परिवर्तन गरेर *स्टेट स्कुल* नामकरण गरिएको थियो।[९०] सन् १९०६-मा सर्वप्रथम दरवारले गान्तोकमा *भोटिया बोर्डिङ स्कुल* खोलेर पारम्परिक गुम्पा स्कुलसितै आधुनिक शिक्षाको क्षेत्रमा प्रवेश गरायो।[९१] सन् १९०७-मा सरकारले गान्तोकमै *नेपाली बोर्डिङ स्कुल* पनि खोल्यो।सन् १९०९-मा राजकुमार सिक्योङ टुल्कुले इञ्चे गुम्पामा नै आधुनिक स्कुलको स्थापना गरेर उदाहरणीय कार्य गरे।[९२] सन् १९२६ मा दरवारले भोटिया बोर्डिङ स्कुल र नेपाली बोर्डिङ स्कुललाई मिलाएर सर *टाशी नामगेल हाई स्कुल*को स्थापना गऱ्यो र यस स्कुललाई कलकत्ता विश्वविद्यालयद्वारा मान्यता प्राप्त भयो।फलस्वरूप सन् १९३१मा दुईजना विद्यार्थीले म्याट्रिकुलेसनको परीक्षा दिएका थिए।[९३]

सिक्किम सरकारको सन् १९२२-२३ को वार्षिक प्रशासनिक प्रतिवेदनअनुसार शिक्षा र धर्म विभाग न्यायिक सचिवका अधीनमा रहेको थियो र यसको सञ्चालन उनले *बोर्ड अफ् एडुकेसन सिक्किम स्टेट*-को सहयोगमा गर्दथे। ३१ मार्च, १९२३ सम्ममा सिक्किममा स्कुलको कुल सङ्ख्या ३० वटा पुगेको र त्यसमा ७ वटा राज्य स्कुल थिए, जसको सञ्चालन दरवार एवम् सरकारबाट हुन्थ्यो।[९४] भोटिया बोर्डिङ स्कुल र नेपाली बोर्डिङ स्कुल राजधानी गान्तोकका दुईवटा प्रमुख स्कुल थिए। भोटिया बोर्डिङ स्कुलमा अङ्ग्रेजी,

---

[८९] पूर्ववत्, पृ. १८२-१८३।

[९०] रश्मीप्रसाद आले, (सन् २००४); *सुख्खिममा आधुनिक शिक्षाको सूत्रपात तथा प्रचार,* पवन चामलिङ 'किरण' (सम्पा.) **निर्माण,** वर्ष २६, अङ्क ४०, नाम्ची: निर्माण प्रकाशन, पृ. १३१ ।

[९१] Dick B. Dewan, (2012);पूर्ववत्, पृ. १८३ ।

[९२] पूर्ववत्, पृ. १८४।

[९३] पूर्ववत्, पृ. १८४-१८५।

[९४] Annual Administration Report for the year 1922-23.

गणित, शास्त्रीय तिब्बती भाषा, इतिहास, भूगोल, जिम्नास्टिक्स् र शारीरिक व्यायामका कक्षाहरू सञ्चालन हुन्थे भने नेपाली बोर्डिङ स्कुलमा अङ्ग्रेजी, गणित, हिन्दी, संस्कृत, तिब्बती, इतिहास, भूगोल, जिम्नास्टिक्स् र शारीरिक व्यायामका कक्षाहरू सञ्चालन हुने गर्दथे। भोटिया बोर्डिङ स्कुलमा १७ जना र नेपाली बोर्डिङ स्कुलमा ११ जना विद्यार्थी थिए।[९५]

सरकारले एउटा कन्या विद्यालय पनि सञ्चालन गरेको प्रतिवेदनमा उल्लेख छ। उक्त कन्या विद्यालय पाल्जोर नामगेल कन्या पाठशाला नभएर अर्कै हुनसक्छ, किनभने पाल्जोर नामगेल कन्या पाठशालाको स्थापना काल सन् १९२४ मानिएको छ। सरकारले सञ्चालन गरेको उक्त कन्या पाठशाला कहाँ थियो र यसको स्थापना कहिले भयो भन्ने तथ्याङ्क कुनै सूत्रबाट पनि प्राप्त हालसम्म हुनसकेको छैन। प्रतिवेदनमा केवल कन्या पाठशालामा हिन्दी, तिब्बती, सजावट सामग्री निर्माण र सिलाई-बुनाई पढाइने गरेको अनि यस विद्यालयमा पढ्ने धेरजसो विद्यार्थी काजी खलकका छोरीहरू रहेका उल्लेख पाइन्छ।[९६]

प्रतिवेदनमा उत्तर सिक्किमको लाचेन र लाचुङमा पनि स्कुल सञ्चालन भएको र यी स्कुललाई ग्रामीण विद्यालयका श्रेणीमा राखिएको थियो। लाचेन स्कुलमा तिब्बती मात्र अनि लाचुङ स्कुलमा अङ्ग्रेजी, हिन्दी र तिब्बती पढाइने गरेको जानकारी दिइएको छ।[९७]

सन् १९०५ मा पूर्व सिक्किमको डुगा बस्तीमा स्थानीय गाउँलेद्वारा स्कुलको स्थापना गरिएको थियो। स्थानीय बासिन्दा चामुनारायण प्रधान, लक्ष्मीनारायण प्रधान, गोविन्दनारायण प्रधान, महावीर प्रधान, खुसनारायण प्रधान, कृष्णलाल प्रधान, गौरीनारायण प्रधान आदिको सत्प्रयासमा मार्च १९०५ मा उक्त स्कुलको स्थापना भएको थियो र यसलाई सिक्किमे जनताको प्रयासमा खोलिएको पहिलो स्कुल मानिन्छ।[९८]

---

[९५] पूर्ववत्।

[९६] पूर्ववत्।

[९७] पूर्ववत्।

[९८] पारसमणि शम (सन् २००५); *डुगा स्कूलको सय वर्षको यात्रा : एक सूक्ष्मावलोकन,* डी बी छेत्री (सम्पा.) **शतवार्षिकी स्मारिका**, डुगाः सरकारी माध्यमिक विद्यालय, डुगा, पृ.२८।

यसपछि सन् १९२० का दशकका उतरार्द्धदेखि गाउँले जनताद्वारा सिक्किमका विभिन्न स्थानमा स्कुलको स्थापना हुन थाले। यसक्रममा रङ्गेली स्कुल (सन् १९२९), नाम्ची स्कुल (सन् १९३५), सामदोङ स्कुल (सन् १९३५), पदम्चे स्कुल (सन् १९३५), गेजिङ स्कुल (सन् १९३६), याङगाङ स्कुल (सन् १९३७), आसाम लिङ्जे स्कुल (सन् १९३७-३८), बेन-बस्ती स्कुल (सन् १९३८-३९), पाकिम डिकलिङ स्कुल (सन् १९४०), टिम्बुरबुङ (सन् १९४१), च्याखुङ (सन् १९४२), सेन्ट्रल पाण्डाम (सन् १९४२), सोरेङ (सन् १९४२), तुरुक स्कुल (सन् १९४३), कलुक स्कुल (सन् १९४३-४४), पेमाछोडेन स्कुल रङ्गेली पूर्व सिक्किम (सन् १९४५), घट्टे डाँडा स्कुल रानीपुल (सन् १९४६), छुजाचेन स्कुल (सन् १९४७), साक्योङ स्कुल (सन् १९४७) आदि[९९] स्कुल प्रमुख हुन्।

सन् १९२० सम्म सिक्किमका स्कुलहरूमा शिक्षाको माध्यम हिन्दी थियो। सन् १९२० मा रश्मीप्रसाद आलेलाई नेपाली बोर्डिङ स्कुलको प्रधान अध्यापक बनाएपछि सन् १९२१ देखि आलेका प्रयासमा नेपाली भाषामा पनि शिक्षा दिने काम प्रारम्भ भयो।[१००] सन् १९२४ मा नेपाली विद्यार्थीहरूले नेपाली भाषामै पढ्न पाउनुपर्ने माग राख्न थालेपछि पाठ्यक्रमबाट हिन्दी विषय हटाइएको थियो।[१०१]

## ३.७ भाषिक पृष्ठभूमि

सिक्किमका मूल रैथाने लेप्चा, भोटिया र नेपाली हुन् र नेपाली जातिभित्रका अनेकौं उपजाति यहाँ शताब्दियौं अघिदेखि बस्दै आएका हुन्। सिक्किमका आदिम जनजाति लेप्चा जातिको आफ्नै भाषा छ र यस भाषाको प्रयोग उनीहरूले गर्दै आएका छन्। भोटिया जातिले प्रयोग गर्ने भाषा भोटिया भाषा तिब्बती भाषाको एउटा भाषिकाबाट विकसित भएको भाषा हो। सिक्किममा नामगेल राजवंशको शासन थालनी भएपछि यो भाषाले प्रशस्त फष्टाउने अवसर पायो, तर यसको लिपि चाहिँ तिब्बती साम्बोटा नै सञ्चालनमा रहेको पाइन्छ।

---

[९९] Dick B. Dewan, (2012);पूर्ववत्, पृ. १९१-२०८।

[१००] रश्मीप्रसाद आले (सन् २००४); पृ.१२८ ।

[१०१] Dick B. Dewan, (2012); पूर्ववत्, पृ. १८९-९०।

लिम्बू भाषा पनि सिक्किममा उत्तिकै प्राचीन रहेको पाइन्छ। जर्ज कुट्रिनले १८९४ मा प्रकाशित **द हिमालयन गेट वे**-मा लेखेका छन् — *कञ्चनजङ्घाको दक्षिण पाटामा लेप्चाहरूका साथमा लिम्बूहरू पनि बस्तथे। उनीहरू बसोबासो गरेको भूमि लिम्बूवानभित्र पर्थ्यो जो प्राचीनकालमा सिक्किमको थियो र अहिले नेपालमा छ। यसर्थ लिम्बूहरूलाई सिक्किमका आदिवासी मान्नुपर्छ।*[१०२] यसरी सिक्किममा लिम्बू भाषा सन् १६४१ भन्दा अघिदेखि नै प्रचलनमा रहेको स्पष्ट हुन्छ। अझ सिक्किमको नामकरण लिम्बू भाषाको **सुखिम**बाट भएकाले पनि लिम्बू भाषाको प्राचीनता प्रमाणित हुन्छ ।

सिक्किममा नेपालीहरूको रसोबासो नामगेल वंशको शासनको थालनी हुनुभन्दा अघिदेखि नै रहेका कारण यहाँ नेपाली भाषा प्राचीनकालदेखि नै प्रचलन रहिआएको थाहा लाग्छ। कुमार प्रधान र पुष्प शर्माले सिक्किममा नेपाली भाषा ११ औँ शताब्दीभन्दा केही अघिदेखि नै प्रमुख भाषा रहेको उल्लेख गरेका छन्।[१०३] सन् १८९१को सिक्किमको पहिलो जनगणनाअनुसार नेपाली जातिभित्रका विभिन्न उपजातिहरूको उपस्थिति सबैभन्दा धेरै रहेकाले पनि यहाँ नेपाली भाषा अघिबाटै सम्पर्क भाषा थियो भन्ने प्रमाण पाइन्छ। यसका साथै सिक्किमका छोग्याललाई महाराजा, सिक्किमपति, दरवार, जमिनदार, ठेकेदार, कुरुवा, ठेकीबेठी, खजाना, धुरी खजाना, मण्डल, कारबारी, बस्तीवाला, सरकार, साहेब, चट्टिवाला, बजारजस्ता अनेकौँ शब्दहरूको प्रयोग सिक्किमका पुराना कानुन, नियम एवम् सरकारी दस्तावेजहरूमा पाइने गरिएकाले नेपाली भाषाको प्रचलन राजकीय रूपमा पनि भएको पुष्टि हुन्छ। यसका साथै सिक्किमका सिक्कामा पाइएका नेपाली भाषाले पनि सिक्किममा नेपाली भाषालाई सरकारी कामकाजको भाषाका रूपमा लिइएको स्पष्ट हुन्छ। यसका अतिरिक्त सिक्किममा नेपाली जाति बहुसङ्ख्यक भएको कारण आज सिक्किममा नेपाली भाषा जनसम्पर्क भाषाका रूपमा स्थापित छ।

## ३.८. साहित्यिक पृष्ठभूमि

---

[१०२] गोपालप्रसाद दाहाल (सन् २०१३); **भाषाविविधा**, गान्तोक: हिमालयन प्रेस एण्ड पब्लिकेसन, पृ.८७-८८।

[१०३] पुष्प शर्मा ; पूर्ववत्, पृ.६१।

सिक्किममा नेपाली भाषा-साहित्यको सम्बर्द्धन एवम् विकासको कार्य नेपाली साहित्यको प्राथमिककालको अन्तिम चरणतिर भएको पाइन्छ। १९ औं शताब्दीको उतरार्द्धमा जब जोसमनी सन्त परम्पराका सशक्त सन्त कवि ज्ञानदिलदास सिक्किम आए, त्यसै बेला (सन् १८७७ - सन् १८८३)- देखि यहाँ साहित्यिक सिर्जनात्मक कार्य आरम्भ भएको थियो। पुष्प शर्माद्वारा सिक्किममा नेपाली भाषा साहित्यको विकासका निम्ति गरिएका प्रयासलाई ६ चरणमा विभाजित गरिएको छ। उनका अनुसार-

१. धार्मिक सम्प्रदायहरूद्वारा नेपाली भाषा-साहित्यको विकासका निम्ति गरिएका कार्यहरू।

२. सङ्घ-संस्थाबाट नेपाली भाषा-साहित्यको विकासका निम्ति गरिएका कार्यहरू।

३. मुद्रण व्यवस्था र पत्रपत्रिका एवम् पुस्तकहरूको प्रकाशनका कार्यहरू।

४. नेपाली नाटकको रङ्गमञ्चीय प्रस्तुतिको प्रारम्भ ।

५. पाठ्यपुस्तक निर्माण र प्रकाशनका कार्यहरू ।

६. अन्य विविध कार्यहरू।[१०४]

सन् १८८३ मा स्वर्गारोहण हुने सन्त ज्ञानदिलदास सन् १८७७ तिर सिक्किम आएका थिए।[१०५] उनको आगमनसँगसँगै सिक्किमेली नेपाली साहित्यको श्रीगणेश भएको हो। उनले दार्जिलिङमा रहँदा **उदयलहरी** लेख्न थालेको र सिक्किममा आएर सो पूर्ण गरेको अनुमानित छ। सन्त ज्ञानदिलदासले नेपाल, सिक्किम र दार्जिलिङका गाउँ-गाउँमा डुलेर जनसाधारणलाई धार्मिक-आध्यात्मिक ज्ञान दिँदै जोसमनी मत प्रचार गरेका थिए। धेरजसो विद्वान्हरूले **उदयलहरी** काव्यको रचना दार्जिलिङमा नै भएको माने तापनि *सिक्किम र दार्जिलिङको नेपाली साहित्यको आदि जन्मदाता ज्ञानदिलदास नै हो। ज्ञानदिलदासको* ***उदयलहरी*** *रङ्गबुल धाम दार्जिलिङमा शुरू गरेर सिक्किम गेलिङधाममा समाप्त भएको*

---

[१०४] पुष्प शर्मा ; पूर्ववत्, पृ. ६४-६५।

[१०५] पारसमणि शम; **सन्त कवि ज्ञानदिल दास**, www.mahjheri .com (१५.१०.२०१५)।

*थियो। वि. सं. १९४० मा ज्ञानदिलको स्वर्गारोहण पनि गेलिङमै भयो*[१०६] भन्ने मत स्वामी प्रपन्नाचार्यले अघि सारेका छन्।

श्रीकृष्ण लामिछाने वास्तविक नाम भएका ज्ञानदिलदासको जन्म सन् १८११ मा नेपालको इलाम जिल्लाको आमचोक गाउँमा भएको थियो।[१०७] उनले श्यामदिलदासबाट जोसमनी मतको दीक्षा पाएर जोसमनी मतको प्रचार-प्रसार गर्दै सन् १८७६ मा दार्जिलिङ आएका थिए।[१०८] यहाँबाट उनी धर्म प्रचारकै क्रममा सन् १८७७ मा सिक्किम आए। उनका **उदयलहरी** काव्य, **झ्याउरे भजन** र **टुङना भजन-**का अतिरिक्त ५६ वटा भजन पाइएका छन्। यसका अतिरिक्त गेलिङधामबाट गद्यरचना **यमगीता** र एउटा नेपाली र हिन्दी मिश्रण भएको सधुक्कडी भाषामा **भजन** प्राप्त भएको छ, जसलाई सर्वप्रथम वत्स गोपालले **निर्माण** पत्रिकाको सिक्किम वाङ्मय विशेषाङ्क (सन् २००४) मा प्रकाशित गरेका छन्। अतः ज्ञानदिलदासबाटै सिक्किमेली नेपाली पद्य र गद्य साहित्यको आरम्भ भएको स्पष्ट हुन्छ।

सन् १८८३ मा ज्ञानदिलदासको गेलिङधाममा मृत्यु भएपछि जोसमनी परम्पराका एकजना तेजस्वी विद्वान्, दार्शनिक तथा नेपाली साहित्यका प्रतिभाशाली कविको युग समाप्त हुन्छ। **सिक्किमको नेपाली साहित्यिक इतिहासका परम्परा, स्वरूप र प्रवृत्ति** नामक पुस्तकमा दीपक तिवारीले ज्ञानदिलको **यमगीता** र सधुक्कडी **भजन**लाई मात्र सिक्किममा रचना गरिएको मानेका छन्।तिवारीका अनुसार *सिक्किमको सन्दर्भ र वस्तुस्थितिसित मेलखाने दासको उक्त भजनलाई नै सिक्किमको लेख्य नेपाली वाङ्मयको सबैभन्दा पुरानो साक्ष्य मान्न सकिन्छ।*[१०९]

ज्ञानदिलदासको मृत्यु भएको पाँच वर्षपछि पूर्व सिक्किमको मध्य पाण्डामको भुरुङ

---

[१०६] स्वामी प्रपन्नाचार्य (जनवरी-फरवरी १९९५); *संन्यासी र जोसमुनी समप्रदायमा भेद,* केदार गुरुङ उपमान बस्नेत (सम्पा.), **स्रष्टा**, वर्ष १६, अङ्क ३७, गेजिङ: पश्चिम सिक्किम साहित्य प्रकाशन,पृ. ६९।

[१०७] स्वामी प्रपन्नाचार्य; पूर्ववत्, पृ. ६९।

[१०८] गुप्त प्रधान (सन् २००८); **धुमिल पृ.ष्ठहरू**, (दो. सं.),दार्जिलिङ :गामा प्रकाशन, पृ.३६।

[१०९] दीपक तिवारी, (सन् २०१३); **सिक्किमको नेपाली साहित्यिक इतिहास परम्पराः स्वरूप र प्रवृत्ति**, नाम्ची :रमा तिवारी, पृ. २८।

गाउँमा भवानीशङ्कर दङ्गालले लेखेको **गीतासार-**को पाण्डुलिपि के एन शर्मा र पारसमणि शमले फेला पारेका छन्। यो **गीतासार-**लाई हालसम्म सिक्किमको दोस्रो गद्यसाहित्य मानिएको छ। यस गद्य रचनामा भवानीशङ्कर दङ्गालले समस्त सृष्टि र ब्रह्माण्ड तथा परमात्मा तत्त्वको विवेचना गरेका छन्।[११०] **गीतासार श्रीमद्भागवतगीता**को सार नभएर **पद्मपुराण** जस्तो विशाल संस्कृत ग्रन्थको सारानुवाद जस्तो देखिन्छ।[१११] प्रस्तुत गद्यरचनामा भवानीशङ्कर दङ्गालले आफ्नो वंशपरम्पराको संक्षिप्त परिचय दिँदै रचनास्थल र रचनाकालको स्पष्ट उल्लेख गरेर आफूभित्रका साहित्यिक प्रतिभा र दक्षतालाई प्रमाणित गरेका छन्-

> **श्री सम्वत १८(१८०९शक संवत् ) ९.।१९४४ (१९४४विक्रम संवत् )साल वैसाकावदि ) दसि१२(वैशाखवदि)द्वादशी नक्षेत्र (शतभिषा) रोज सतभिषा ( पुत्र (पहिलो) पैलो (रामनारायणको) गोत्र रामनरांक (गौतम) गौतमा (नक्षत्र) (श्यामलाल) पुत्र स्यामुलाल (दोस्रो) दुउतिये (धर्मानन्द) छविलाल धर्रमांन तृितिये (गौतम) गौउतमा (गणपति)गनपति (शिवलाल) पुत्र सिलाल (तेस्रो) भवानीश) भनिसरंष् (श्यामलाल) स्यामुलाल (गोत्री) गोतिङ्कर (दङ्गाल) दगाल ( (साम्राज्य) सावराज्य (सिक्किम) सुषिंम (गीतासार) गीतासार्र (लिखिते) लिषिते ) भोटं (जोडका) जोर्रका (टिस्टा रम्फू) टिस्टारंफुभुटान गाउ (भुरुङ) भुरु ( पुत्र भनिसरंष् (दोस्रो) दुतीये (रामनारयणका) रामनारायेनका (बस्ने) वस्ने (गाउँ) भवानीश)ङ्कर लछिमि (विष्णु) विस्नु (कृष्ण)राम कृस्नु (लिखितम्) लिषितम्ः ( ॥(कार) ॐ कार्र (गर) ल चुक माफ गुरुव्रह्मामा भु (देवता) दे (लक्ष्मी)**[११२]

ज्ञानदिलदास धर्मप्रचारका निम्ति सिक्किम आएका थिए भने भवानीशङ्कर दङ्गाल सिक्किमकै रैथाने थिए।आज पनि दङ्गालको वंश पाण्डामको भुरुङ गाउँमा

---

११० पारसमणि शम र के.एन.शर्मा (सम्पा.) (सन् २०१२); **भवनीशङ्कर दङ्गालकृत गीतासार,** मध्य पाण्डाम: पारसमणि शम पृ.१।

१११ पूर्ववत्-पृ.३ ।

११२ पूर्ववत्-पृ.९ ।

पाइन्छ। ज्ञानदिलदास र भवानीशङ्कर दङ्गालले सिक्किमेली नेपाली साहित्यको घडेरी बसाल्ने कार्य गरे। दुवैले आध्यात्मिक दर्शनलाई नेपाली भाषामा प्रस्तुत गर्नु तत्कालीन परिवेशअनुसार सहज कार्य देखिन्न।

ज्ञानदिलदास र भवानीशङ्कर दङ्गालले तयार पारेको साहित्यिक पृष्ठभूमिले निरन्तरता पाउनका लागि प्रायः तीन दशक पर्खनु पर्ने हुन्छ। सन् १९१९-मा गान्तोकबाट प्रसादसिंह नेचाली राईको **प्रीति लहरी** प्रकाशित भएको मानिए तापनि दीपक तिवारीले **प्रीति लहरी**-लाई सिक्किमको मान्न अस्वीकार गरेका छन्। उनी भन्छन्-

> **... सन् १९१९-मा प्रसादसिंह नेचाली राईले गान्तोकबाट प्रीति लहरी नामक लहरीकाव्य लेखी प्रकाशित गरेको कुरा कतिपय साहित्यकारहरूले यदाकदा उल्लेख गर्ने गरेका छन्। तथापि, उक्त लहरीकाव्य गान्तोकबाट प्रकाशित नभएर गान्तोकको प्रसङ्गरमा आधारित रहेको देखिन्छ। उक्त काव्यमा वर्णित प्रसङ्गाअनुसार कविको जन्म मिरिक दार्जिलिङमा भएको तर बसाइँ सरी गान्तोक आएको, त्यहीं बस्दा माइली नामक कुनै मगरनी युवतीसित प्रेम बसेको र आफू चकला छाउनीमा हुँदा उक्त काव्यको रचना गरेको बुझिन्छ। त्यस आधारमा राईको उक्त रचनालाई पूर्णतः सिक्किमको काव्यात्मक उपलब्धि मान्नप सकिँदैन।** [११३]

प्रसादसिंह नेचाली राईले सन् १९१९-मा **प्रीति लहरी** चकला छाउनीमा रचना गरेको र काशीबाट प्रकाशित भएको हो[११४] भन्ने मत **सवाई र लहरी काव्य सङ्ग्रह**-का सम्पादक भीमकान्त उपाध्यायको रहेको छ। अतः **प्रीति लहरी**-लाई सिक्किमेली नेपाली साहित्यको काव्य मान्न सकिन्न।

सन् १९२५-मा मानवीरसिंह रसाइलीद्वारा लेखिएको काव्यकृति **विश्व ब्राह्मण वर्णन-**

---

[११३] दीपक तिवारी ;पूर्ववत् पृ.२८ ।

[११४] भीमकान्त उपाध्याय (सम्पा.)(सन् १९९९); **सवाई र लहरी काव्य सङ्ग्रह**, नयाँ दिल्ली : साहित्य अकादमी, पृ.१३६ ।

ले नै सिक्किमेली नेपाली कविता साहित्यको जग बसाल्ने कार्य गरेको पाइन्छ। मानवीरसिंह रसाइलीको जातपात विरोधी विचार निश्चय नै क्रान्तिकारी थियो। महाराजाका वित्तीय सचिव रहेका रसाइलीले सिक्किमको इतिहासमा पहिलो गैरसरकारी संस्था अगम सभाको स्थापना गरी नेतृत्व गरेका थिए।[११५] सिक्किमका प्रथम कवि भनी सन्तवीर लिम्बूलाई उपाधि दिनु सर्वदा मानवीरसिंह रसाइलीको दूरदर्शिता, क्रान्तिकारी एवम् सुधारवादी भावनाको अवमूल्याङ्कन गरेजस्तो देखिन्छ।

मानवीरसिंह रसाइलीको जन्म कर्मी स्टेट (बिजनबारी नजिक)- मा १२ अक्टुबरको १८८८-मा पिता रविलाल रसाइली र माता सीतादेवी रसाइलीको पुत्रका रूपमा भएको थियो। यिनले **विश्व ब्राह्मण वर्णन**-लाई *अनुभाव* र *निवेदन* गरी दुई खण्डमा विभाजन गरेका छन्। मूलतः नेपाली समाजमा छुवाछुत परम्पराको विरोध गर्दै विश्वकर्म अर्थात् कामीहरू पनि शास्त्रअनुसार ब्राह्मण नै हुन्, तर पनि समाजमा उनीहरूलाई अछुत किन मानिन्छ भनी प्रश्न गर्दै समाजमा व्याप्त छुवाछुत प्रथालाई निर्मूल पार्ने आग्रह गरेका छन्।

यसरी नै मानवीरसिंह रसाइली सिक्किमका पहिलो निबन्धकार पनि हुन्। उनको **बाल शिक्षा प्रबन्ध** शीर्षक रहेको निबन्धात्मक फिचरलेख ३० नोभेम्बर, १९२६-मा देहरादूनबाट ठाकुर चन्दनसिंहको सम्पादनमा प्रकाशित **गोर्खा संसार** पत्रिकामा प्रकाशित भएको थियो। यस लेखमा उनले शिक्षाको महत्त्वलाई बुझाउँदै बालक-बालिकालाई पढाउन अतिआवश्यक रहेको र यसका लागि सरकारसमक्ष विभिन्न व्यवस्थापन गर्न आग्रहसहित सुझाउ दिएका छन्। नेपाली समाज शिक्षाको अभावको कारण पछि पर्नुपरेको उल्लेख गर्दै उनले बालक-बालिकालाई विशेष गरी ५ देखि १५ वर्षसम्मका उमेरमा अनिवार्य शिक्षाको व्यवस्थापन गर्नुपर्ने, स्कुलहरू खोल्नुपर्ने तथा विभिन्न तालिमद्वारा कौशल विकास गर्नुपर्ने जस्ता गहन सल्लाह दिएको पाइन्छ।[११६] उनको अर्को एउटा लेख *श्री ३ सर्कार महाराज*

---

[११५] प्रणय लामिछाने (सन् २००८); *मानवीर सिंह रसाइली,* टीबी चन्द्र सुब्बा (सम्पा.), **इतिहास निर्माताः सिक्किमका प्रमुख दिवङ्गत स्रष्टा र द्रष्टाहरू**, गान्तोक : किनार प्रकाशन पृ.९७ ।

[११६] मानवीरसिंह रसाइली (सन् १९२६); *बाल शिक्षा प्रबन्ध,* ठाकुर चन्दनसिंह (सम्पा.), **गोर्खा संसार**, वर्ष १, किरण ४, देहरादून : गोर्खालीग, पृ. १२।

*कलकत्ता सवारी भयेका सुअवसरमा विश्वकर्म जातीय प्रतिनिधि-*शीर्षकमा ६ मार्च १९२८-को **गोर्खा संसार-**मा छापिएको थियो। यो निबन्धभन्दा पनि समाचारकथाका रूपमा रसाइलीले नेपालका प्रधानमन्त्री चन्द्र शमशेरलाई कलकत्तामा विश्वकर्म समाजका प्रतिनिधिले भेट्न नपाएको समय पण्डित मदनमोहन मालवियाले सहयोग गरेको रोचक प्रसङ्ग व्यक्त गरेका छन्। उनको अर्को लेख *ब्राह्मण तथा क्षत्रीय जाती वाचक नाम रचना भयेको मूल तत्व-* **गोर्खा संसार**-कै १५ जुन, १९२८-को वर्ष २, किरण २४-मा प्रकाशित भएको छ। यस लेखमा उनले मानसरोवर शब्दबाट नै मानव, मनुष्य, मानिस, मैन, ब्राह्मण आदि शब्दको विकास भएको र **क्षेत्र**बाट **क्षत्रीय** शब्द निर्माण भएको तर्क अघि सारेका छन्।[११७]

रसाइलीको कविता *कामी जातीको महत्त्व* शीर्षकमा **गोर्खा संसार-**को वर्ष २, किरण २२ (१ जुन १९२८) —मा प्रकाशित भएको छ। यस कवितामा छुवाछुतका कारण निच मानिएका कामी जातिको परिचय दिँदै सम्पूर्ण मानव जाति नै कामी हुन् भन्ने धारणा अघि सारेका छन्—

**कामी ब्रह्म कामी विश्नु कामी सिव संकर।**

**कामी राम कामी कृश्न विश्व रूपी गिरिधर।।**

**कामी इन्द्र कामी चन्द्र राजा रंक नागर।**

**कामी गज कामी अश्व पशुपंशी जलचर।।**[११८]

सन् १९२८-को १३ अप्रेलमा प्रकाशित **गोर्खा संसार-**को वर्ष २, किरण १५-मा सिक्किमे कवि छविलाल सिंह सिनच्युरीको कविता *कर्तव्य* प्रकाशित भएको छ। यस कवितामा गोर्खा जातिको गौरवशाली इतिहासको उल्लेख गर्दै अशिक्षाका कारण पछिपर्नु परेको कविको मत प्रकट गरेका छन्।यसमा कविले चन्द्रशमशेरको प्रशंसासितै **गोर्खा संसार**

---

[११७] मानवीरसिंह रसाइली (सन् १९२८); *ब्राह्मण तथा क्षत्रीय जाती वाचक नाम रचना भयेको मूल तत्व,* ठाकुर चन्दनसिंह (सम्पा.), **गोर्खा संसार**, वर्ष २, किरण २४, देहरादून : गोर्खालीग, पृ. ९।

[११८] मानवीर सिंह रसाइली (सन् १९२८); *कामी जातीको महत्व,* ठाकुर चन्दनसिंह (सम्पा.), **गोर्खा संसार**, वर्ष २, किरण २२, देहरादून : गोर्खालीग, पृ. ५।

र **गोर्खा लीग**-को भूमिकालाई प्रकाश पार्दै घर-घरमा पुगेर शिक्षाको ज्योति फिँजाउने र जातीय एकताका लागि कार्य गर्ने आग्रह गरेको पाइन्छ। यसरी नै उनको अर्को *भजन* शीर्षकको कविता **गोर्खा संसार** (४ मई, १९२८, वर्ष २, किरण १८)-मै प्रकाशित भएको छ। नारी जातिलाई शिक्षा दिन आग्रह गरिएको यस कवितामा जातीय एकता र उन्नतिका निम्ति हार्दिक काव्यिक आग्रह रहेको छ।

**तर प्रेम विना संगठन हुँदैन,**
**संगठन विना एकता रहँदैन,**
**एकता विना जातीय उन्नति हुँदैन,**
**उन्नति विना गौरव रहँदैन।।**[११९]
**आफनु पुत्रिलाइ विद्या पढाउ।**
**सच्चा माता उनलाई तुल्याउ।।**
**कस्लाइ सीता बनाउ सावित्री।**
**शिक्षित माता विना पुत्र कतिनजेलसम्म।।**[१२०]

सन् १९२७-मा पुलिस जवानहरूका लागि दिशानिर्देश गरिएको एउटा सरकारी दस्तावेज प्राप्त भएको छ। **पुलिसका कर्माचारीहरूका पथदर्शक** शीर्षक रहेको यस दस्तावेजको भाषा निकै खारिएको पाइन्छ।

सन् १९३२-मा स्वामी श्यामदासले **जोष्मनी पद्धति** शीर्षकको लेख लेखेका थिए। यस लेखमा जोसमनी सम्प्रदायका प्रमुख सन्त शशिधरका विषयमा विशद् चर्चा गरिएको छ। स्वामी श्यामदास जोसमनी सम्प्रदायका अन्तिम प्रमुख सन्त मानिन्छन्। स्वामी श्यामदासको नामले चिनिएका श्यामदास राईको जन्म वि.सं. १९१० साउन १७ गते शनिवारका दिन माता कर्मानन्दी र पिता सन्तपुरा राईको सन्तानका रूपमा नेपालको

---

[११९] छविलाल सिंह सिनच्युरी (सन् १९२८); *कर्तव्य,* ठाकुर चन्दनसिंह (सम्पा.), **गोर्खा संसार**, वर्ष २, किरण १५, देहरादून : गोर्खालीग, पृ. ३।

[१२०] छविलाल सिंह सिनच्युरी (सन् १९२८); *भजन,* ठाकुर चन्दनसिंह (सम्पा.), **गोर्खा संसार**, वर्ष २, किरण १८, देहरादून : गोर्खालीग, पृ. १०।

पाँचथरको सभाउ गाउँमा भएको थियो।[१२१] दार्जिलिङका विभिन्न स्थानमा जोसमनी मतको प्रचार गरी उनी सन् १९२६-मा ७३ वर्षका उमेरमा रेसिहाटबाट सिक्किम पसेका थिए। उनले धेरै पुस्तक लेखेको पाइए तापनि उनले सिक्किममा कुन कुन पुस्तक लेखे त्यो प्रमाणित हुन बाँकी नै छ।उनका प्रायः ७० वटा पुस्तक सुम्बुकका कुमारसिंह राईले सङ्कलन गरेको थाहा लाग्छ।[१२२] उनको **जोष्मनी पद्धति**-को अन्तमा *इति ओम तत्सत् ओम संबत् १९८९ मार्गशिरगते २२ बुधवासरे सौरवोटे कुटी रों बस्ती*[१२३] लेखिएको हुँदा यो लेख उनले सन् १९३२-मा दक्षिण सिक्किमको सौरबोटे रोङ बस्तीस्थित कुटीमा रचना गरेको स्पष्ट हुन्छ।यसपछि उनले मार्च १९४०-मा **अद्धैतदर्शन** नामको ५६ पृष्ठको पुस्तिका प्रकाशित गरेका थिए।[१२४]

सन् १९४० को दशकारम्भसितै सिक्किमेली नेपाली साहित्यले गति लिएको थाहा लाग्छ। यसक्रममा सन् १९४७-मा अपतन साहित्य परिषद्को गठनले सिक्किमेली नेपाली साहित्येतिहासमा नयाँ मार्ग खोलिदिन्छ अनि साहित्यिक गतिविधिले संस्थागत, व्यक्तिगत तथा विधागत रूपमा विविधता प्राप्त गर्न थाल्छ। अपतन साहित्य परिषद्पूर्वका साहित्यिक प्रतिभाहरूमा सन्तवीर लिम्बू, चन्द्रदास सापकोटा र मनोरथ दाहालको नाम उल्लेखनीय रहेको छ।

९ नोभेम्बर, १९२३ —मा पश्चिम सिक्किमको साँखू गाउँ, देन्तामममा माता फिपमोती लिम्बू र पिता वीरबल लिम्बूका सन्तान सन्तवीर लिम्बूका रचनाहरू बनारसको **उदय,** कालेबुङको **गोर्खा**, काठमाडौंको **शारदा**, दार्जिलिङको **भारती, पुकार, हाम्रो कथा** आदि पत्र-पत्रिकामा प्रकाशित भएका छन्।

पश्चिम सिक्किमको टिम्बुरबुङ निवासी चन्द्रदास सापकोटाको **ज्ञानविनोद** खण्डकाव्य

---

[१२१] हेमन्त गिरी (सन् २००८); *सन्त श्यामदास राई,* टीबी चन्द्र सुब्बा (सम्पा.), **इतिहास निर्माताः सिक्किमका प्रमुख दिवङ्गत स्रष्टा र द्रष्टाहरू**, गान्तोक: किनार प्रकाशन, पृ. ५९।

[१२२] हेमन्त गिरी; पूर्ववत् पृ. ६**५** ।

[१२३] स्वामी श्यामदास (सन् २००४); *जोष्मनी पद्धति,* पवन चामलिङ 'किरण' (सम्पा.), **निर्माण**, वर्ष २६ अङ्क ४०, नाम्चीः निर्माण प्रकाशन, पृ. २९ ।

[१२४] पूर्ववत्, पृ.४०।

सन् १९४४-मा प्रकाशित हुनसाथ सिक्किमेली नेपाली साहित्यमा खण्डकाव्य रचनाको परम्परा पनि थालिन्छ। यिनको जन्म सन् १८७८-मा नेपालको ताप्लेजुङ जिल्लाको तामराङ्ग गाउँमा भएको थियो।[१२५] ९० श्लोकको **ज्ञानविनोद** खण्डकाव्य ६ सर्गमा विभाजित छ। यस कृतिमा पौराणिक आख्यानका आधारमा सृष्टि, स्थिति र प्रलयको वर्णन गरिएको छ।[१२६] यिनका अन्य प्रकाशित कृतिहरू हुन् **योग सागरको सवाई** (सन् १९४६) र **वैराग्य पुष्पाञ्जली** (रचना १९४६-र प्रकाशन सन् १९८४)। सापकोटाले **श्रीमद्भागवत् गीता** र **श्री प्राणनाथकृत तारतम सागर** पनि लेखेको पुष्प शर्माद्वारा उल्लेख गरिएको छ।[१२७]

पश्चिम सिक्किमको दोदक गाउँमा सन् १८९८- मा जन्मिएका टिम्बुरबुङ निवासी मनोरथ दाहालको **उदेस्य भाषा श्लोक** सन् १९४६-मा रचित एवम् प्रकाशित काव्यिक कृति हो।कुल २७ श्लोकको यस काव्यिक रचना स्थानीय स्कुलका लागि चन्दा सङ्ग्रह गर्ने उद्देश्यले लेखिएको थियो।[१२८]

राजकविको उपाधि पाएका[१२९] भवानीशङ्कर पोखरेलको **पुत्र शिक्षा** नामक सवाई लोकछन्दमा लेखिएको काव्यिक कृति सन् १९४७-मा प्रकाशित भएको हो। पोखरेलको जन्म सन् १९१८-को मई महिनामा पूर्व सिक्किमको पाचेखानीमा माता लक्ष्मीमाया पोखरेल र पिता देवीप्रसाद पोखरेलको सन्तानका रूपमा भएको थियो। विलक्षण प्रतिभाका धनी पोखरेलको **पुत्र शिक्षा**-मा १२ वटा कविता सङ्गृहीत छन्।**पुत्र शिक्षा**-लाई लोकलयात्मक कविता सङ्ग्रह[१३०] मानिन्छ।पोखरेलका अन्य अप्रकाशित कृति पनि रहेको उल्लेख मुना बरालद्वारा गरिएको छ।

---

[१२५] पुष्प शर्मा ; पूर्ववत्, पृ.१२७।

[१२६] चन्द्रदास सापकोटा (सन् २००४); *ज्ञान विनोद,* पवन चामलिङ 'किरण' (सम्पा.), **निर्माण**, वर्ष २६ अङ्क ४०, नाम्ची : निर्माण प्रकाशन, पृ. ४७ ।

[१२७] पुष्प शर्मा; पूर्ववत् पृ.१२८ ।

[१२८] मनोरथ ब्राह्मण दाहाल (सन् २००४); *उदेस्य भाषा श्लोक,* पवन चामलिङ 'किरण' (सम्पा.), **निर्माण**, वर्ष २६ अङ्क ४०, नाम्ची : निर्माण प्रकाशन, पृ. ५७ ।

[१२९] मुना बराल (सन् २००८); *पण्डित भवानीशङ्कर पोखरेल,* टीबी चन्द्र सुब्बा (सम्पा.), **इतिहास निर्माताः सिक्किमका प्रमुख दिवङ्गत स्रष्टा र द्रष्टाहरू**, गान्तोक : किनार प्रकाशन, पृ. २७७।

[१३०] पुष्प शर्मा; पूर्ववत् पृ.२४८ ।

बरालका अनुसार पोखरेलका अप्रकाशित कृतिहरू हुन्- **पञ्चतत्वको स्तुति, भगवान्मा दुःख पुकार, गरीबको पीर, बलिराजा र वामनको संवाद, पिताको गुणगान, सबैमा प्रार्थना, देवीभागवत (अनुवाद), श्रीमद्भगवत् गीता (अनुवाद), राधीगाइको वर्णन, महाराज पीटी नाम्ग्यालको विवाह वर्णन, सासू-ससुराको गुणगान, वेस्ट पोइन्ट स्कुलको उद्घाटन, महात्मा गान्धीको आत्मकथा (अनुवाद), विरक्तको सवाई, देवी देवताको प्रार्थनाको सवाई, रामको गुणगान, भानुभक्त, कुलचन्द्र गौतमको जीवनी, तुलसी अपतनलाई पत्र, काशीमा कुलचन्द्र गौतम** अनि **पण्डित बालकृष्ण सँगको भेटवार्ता** आदि प्रमुख छन्।[१३१] उनको *भारती बन्दना* शीर्षकको कविता **भारती-**मा प्रकाशित छ।[१३२]

१५ अप्रेल १९४७-मा[१३३] सिक्किमको गोप्य रूपमा पहिलो साहित्यिक संस्था अपतन साहित्य परिषद्को गठन भएपछि सिक्किममा संस्थागत साहित्यिक गतिविधिमा तीव्रता आउँदछ। अगमसिंह तामाङ, पदमसिंह सुब्बा, तुलसीबहादुर छेत्री र निमावाङ्दी तार्गेन लेप्चाको सत्प्रयासमा गठन भएको यस संस्थाको नामकरण संस्थापक सदस्यकै नामको अघिल्लो अक्षर मिलाएर ***अपतन***-को गठन गरिएको हो। एक वर्षसम्म यो संस्था गोप्य रूपमा कार्यरत रहेपछि रश्मीप्रसाद आलेको सभापतित्वमा सार्वजनिक भयो।[१३४] पछिबाट यस संस्थामा रश्मीप्रसाद आले, भूपाल लामिछाने, लक्ष्मण छेत्री, सन्तबीर लिम्बू, रामदत्तलाल ठाकुर, पण्डित शिवनाथ मिश्र, चन्द्रदास राई, वृजानन्द सिंह र हरिप्रसाद प्रधान आदि साहित्यकार सामेल भएका हुन्। यस संस्थाका सबै सदस्यले आफ्ना नामको पछि *अपतन* उपनाम जोडेर नेपाली साहित्यमा नयाँ क्रान्ति नै ल्याएका थिए।

अपतन साहित्य परिषद्ले नेपाली, भोटिया र लेप्चा भाषा तथा साहित्यको उत्थान गर्ने लक्ष्य राखेर कार्य प्रारम्भ गरेको थियो अनि नेपाली, भोटिया र लेप्चाबाहेक हिन्दी तथा मैथिलीभाषीहरू समेत सदस्य थिए। यस संस्थाको तिब्बती विभागमा रिन्जिङ लामा, दोर्जे

[१३१] मुना बराल; पूर्ववत् पृ.२७६ ।

[१३२] पूर्ववत् पृ.२७५ ।

[१३३] चन्द्रदास राई (सन् १९४९); *अपतन साहित्य परिषद्*, रूपनारायण सिंह (सम्पा.), **भारती**, वर्ष १, सङ्ख्या ६, दार्जिलिङ : नरेन्द्रमणि प्रधान, पृ.२।

[१३४] पूर्ववत् ।

भोटिया अनि लेप्चा विभागमा निमावाङ्दी लेप्चाजस्ता सक्रिय सदस्य कार्यरत थिए।[१३५]

अपतन साहित्य परिषद्को प्रतिनिधि कविता सङ्ग्रह **इन्द्रकील पुष्पाञ्जलि-**मा बाहेक **गोर्खा, साथी, भारती, उदय** तथा अन्य पत्र-पत्रिकामा पनि सदस्यहरूका रचना प्रकाशमा आउन थाले।

तुलसीबहादुर छेत्री अपतन साहित्य परिषद्का प्रमुख साहित्यिक प्रतिभा थिए। यिनले फुटकर कवितादेखि लिएर खण्डकाव्यका साथै केही नाटक लेखेका छन्। आज अपतन साहित्य परिषद्को मूल प्राप्तिका रूपमा मानिएको **इन्द्रकील पुष्पाञ्जलि-**मा यिनकै सबैभन्दा धेर रचना समावेश पाइन्छ भने **बापू बन्दना** (कविता सङ्ग्रह) र **कमल** (नाटक) यिनी एक्लैको योगदान थियो। अपतन साहित्य परिषद्का संस्थापक सदस्यका रूपमा रहेका निमावाङ्दी तार्गेन लेप्चाको अपतन संस्थामा साहित्यिक योगदान उति नरहे पनि यिनी यस संस्थाका कर्मठ व्यक्तित्व ठानिन्छन्।

अपतन साहित्य परिषद्को गठनपछि सिक्किममा सक्रिय रूपमा साहित्यिक गतिविधि सञ्चालन भएको पाइन्छ। सिक्किमेलाई साहित्य-लेखन तथा सिर्जनाका निम्ति एउटा प्रेरणाका रूपमा यो संस्था सक्रिय रह्यो। आफ्नो नामको पछाडि 'अपतन' उपनाम जोडेर आफूसितै साहित्यमा आफ्नो संस्थालाई पनि उपस्थित राख्ने क्रान्तिकारी पहल यसका सदस्यहरूले गरेका थिए।

यस संस्थाका विषयमा उदय छेत्री लेख्छन् -

**अपतन साहित्य परिषद्ले सिक्किममा आफ्नो सक्रियता रहेको समयमा बोल्ने र लेख्न जान्नेलाई मात्र बोल्ने ठाउँ दिएको होइन, नजान्नेलाई पनि जान्ने गराई एउटा नौलो लहर नै फिँजाएको थियो। अपतन सक्रिय रहेको समय एउटा राजतन्त्रको डरलाग्दो परिस्थिति थियो, जसमा बग्नु एकातिर खतराको कुरा थियो भने अर्कातिर सिक्किममा साहित्यिक बीजारोपण र विकासको बेला पनि थियो। असङ्गतिका बीचबाटै सङ्गतिका बलिया सूत्रहरू जन्मन्छन् भन्ने सत्य त्यसताक सिक्किममा राजतन्त्रको शासनकालमा**

---

[१३५] पूर्ववत् ।

**अपतन साहित्य परिषद् गठनबाट सिद्ध हुन्छ। निश्चय नै यसको गठन ऐतिहासिक कुरा सिद्ध भएको छ। अपतन साहित्य परिषद्ले सिक्किममा साहित्यिक चेतना जगाउने काममा मात्र नभएर सिक्किमलाई नेपाली साहित्यको मूलधारमा सम्मिलित गराउने कार्यमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा निर्विवाद छ। अतः अपतन साहित्य परिषद् सिक्किम तथा नेपाली साहित्यकै इतिहासमा एउटा विशिष्ट ऐतिहासिक संस्था हो।** [१३६]

अपतन साहित्य परिषद्का सदस्यहरू प्रत्येक सप्ताह शनिवारका दिन कोही एकजना सदस्यका घरमा भेला भएर समस्यापूर्ति किसिमका छोटा-छोटा कविताहरू रचना गर्थे। कविता गोष्ठी आयोजन गर्दा सर्वप्रथम निम्नलिखित गीतबाट कार्यक्रम प्रारम्भ हुन्थ्यो-

**अब जागी उठ्यो आशा**

**सद् साहित्यिक अभिलाषा**

**आमा, आमा, आमा, पूरण गर्नेछौं**

**त्यो तिम्रो अभिलाषा**

......................

**अब भाषा फुलोस् फलोस्**

**अनि परिमल मृदु छरोस्**

**साहित्य सुधा छर्की**

**खोलोस् प्रेमको परिभाषा**

**अब जागी ।।**[१३७]

परिषद्ले सिक्किमको राजधानी गान्तोकमा सर्वप्रथम सन् १९४८ मा भानु जयन्ती धुमधामले मनायो अनि सिक्किममा नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती मनाउने परम्पराको थालनी गऱ्यो।[१३८]सन् १९४९-५० तिर गान्तोकको

---

१३६ उदय छेत्री (सन् १९९९); **नेपाली साहित्यको विकासमा सिक्किमका सङ्घ-संस्थाको योगदान**, गान्तोक : सिक्किम साहित्य परिषद्, पृ.१९।

१३७ पदमसिंह सुब्बा "अपतन"; पूर्ववत्, पृ.७।

१३८ पूर्ववत्।

सार्वजनिक पुस्तकालयमा साहित्यकार एवम् भाषाविद् महानन्द सापकोटा, सन् १९५०-५१ तिर साहित्यिक एवम् इतिहासकार बालचन्द्र शर्मा, सन् १९५२-मा महाकवि लक्ष्मीप्रसाद देवकोटा र नाट्य शिरोमणि बालकृष्ण समका सम्मानमा भव्य रूपमा स्वागत एवम् अभिनन्दन कार्यक्रम परिषद्ले आयोजन गऱ्यो।[१३९] यसै अवसरमा परिषद्ले गान्तोकमा **हरिश्चन्द्र तारामति** र **मुकुन्द इन्दिरा** नाटक मञ्चन गरेको थियो।[१४०]

प्रत्येक सप्ताहमा पाठ गरिएका राम्रा रचनाहरू भूपाल लामिछानेको सुन्दर हस्ताक्षरमा **अमूल्य रत्न** नामक हस्तलिखित पुस्तकमा सङ्ग्रह गरिन्थ्यो।[१४१] **अमूल्य रत्न** सङ्ग्रह-बाट केही कविता झिकी **इन्द्रकील पुष्पाञ्जलि** नामक अर्को कविता सङ्ग्रह सन् १९५० मा शिवनाथ मिश्र र तुलसीबहादुर छेत्रीको सम्पादकत्वमा परिषद्ले प्रकाशित गऱ्यो। अपतन साहित्य परिषद्ले तुलसीबहादुर छेत्री 'अपतन' रचित **बापू-बन्दना** (कविता सङ्ग्रह, सन् १९५१) र **कमल** (नाटक, सन् १९५३) पनि प्रकाशनमा ल्यायो।

अपतन साहित्य परिषद्को ठोस कार्यका रूपमा उल्लेख गर्नुपर्दा **इन्द्रकील पुष्पाञ्जलि-**मा त्यसताकका कविहरूले ओजपूर्ण शैलीमा कविताहरू लेखेका पाइन्छन्। जागरण, प्रकृति-प्रेम र परिवेशप्रतिको अभिव्यक्ति नै कविताका मूल स्वर थियो। छन्द-अलङ्कार एवम् शृङ्गार रसको गहिरो प्रभाव रहेको तथ्य तिनताकका कविहरूका रचनामा पाइन्छन्। **इन्द्रकील पुष्पाञ्जलि**मा जम्मा ४३ वटा कविता समाविष्ट छन्। परिषद्का सदस्य कविमध्ये कसैका धेरै र कसैका थोरै अनि कतै अपतन समूहकै सामूहिक कविता पनि छन् भने कतै प्रहेलिकाहरू राखिएका छन्। **इन्द्रकील पुष्पाञ्जलि-**मा प्रकाशित रचनाहरूको विवरण निम्नप्रकार छ-

---

१३९ पूर्ववत्।

१४० मोहन पी दाहाल (सन् १९९३); **हाम्रा संस्था एक परिचय**, सिलगढी : नेपाली भाषा प्रचारिणी समिति, पृ.१८

१४१ पदमसिंह सुब्बा अपतन (सन् १९९३); पूर्ववत्, पृ.७)।

## तालिका सङ्ख्या ३.७

## *इन्द्रकील पुष्पाञ्जलि*-मा प्रकाशित रचनाहरूको विवरण

| क्रसं | कवि | वास्तविक नाम | कविताको शीर्षक | कुल सङ्ख्या |
|---|---|---|---|---|
| १. | श्री तुलसी | तुलसीबहादुर छेत्री (तुलसी अपतन) | *ईश वन्दना, अ प त न, मातृभाषा, घडी, फाटेको जुत्ता, हर्षित पुष्प, वनश्री, प्रेम, पुकार, परिवर्तन, अदृष्ट छांगु, गीता जयन्ती, साहित्यिक होली, ल, सिक्किम, निराशा* र *कर्तव्य* | १६ |
| | | | *प्रहेलिका* न.१,३,४ | ०३ |
| २ | श्री अगम | अगमसिंह तामाङ | *निवेदन, राष्ट्रीय पथिक, भिखारी* | ०३ |
| ३ | श्री पदम | पदमसिंह सुब्बा | *साहित्य-मार्ग* | ०१ |
| | | | *प्रहेलिका* न. ५ | ०१ |
| ४ | श्री शिव | शिवनाथ मिश्र | *भारती बन्दना, सिक्किमको पुरावृत्त, शुभाशंसा, अमूल्य निधि, ईश ठुलो, न हुन्थ्यो, कर्तव्य पालन* | ०७ |
| | | | *प्रहेलिका* न.२ | ०१ |
| ५ | श्री राम | रामदत्तलाल ठाकुर (राम "अपतन") | *प्रभात* | ०१ |
| ६ | श्री चन्द्र | चन्द्रदास राई | *बापू* | ०१ |
| ७ | श्री सन्त | सन्तवीर लिम्बू | *कविप्रति* | ०१ |
| ८ | श्री मन | मनबहादुर सुब्बा | *नामनांग डाँडाको स्मरण, गान्तोक रीज* | ०२ |
| ९ | श्री भूपाल | भूपाल लामिछाने | *मित्रप्रति* | ०१ |
| १० | सामूहिक | | *भानु-श्रद्धाञ्जलि, स्वागतम्, प्रेम, ईश ठुलो, नहि पेट ठुलो, स्वदेशका निम्ति, नानी कसोरी भनूँ ?* | ०६ |
| | | | *प्रहेलिकाहरूका उत्तर* | ०५ |
| कुल | ०९ जना | | कविता | ३९ |
| | | | प्रहेलिकाहरू | १० |

*स्रोतः* **इन्द्रकील पुष्पाञ्जलि**, १९९०, गान्तोक : आकाशदीप प्रकाशन

अपतन साहित्य परिषद्का अगमसिंह तामाङको असामायिक मृत्यु भयो भने तुलसीबहादुर छेत्री र निमावाङ्दी लेप्चा सिक्किम छोडी दार्जिलिङ पसे। लक्ष्मी प्रधानले **फूलबारी** पत्रिकामा अपतनबारे लेखेको कविताले यसलाई अझ पुष्टि गर्दछ।

**अ-लागे अघिल्तिर**

**प-लागे पढाउनतिर**

**त-लागे तुक्का जोड्नतिर**

**न-लागे नाफातिर ।।**[१४२]

उक्त तथ्यलाई विचार्दा अपतन साहित्य परिषद्सँग सम्बन्धित व्यक्तिहरूमाझ व्यावसायिक कारणले दूरी आउन थाल्यो तथा सम्पर्कका कमीका कारणले अपतन साहित्य परिषद्मा शिथिलता आउँदै गयो। अपतन साहित्य परिषद्का संस्थापक सदस्य पदमसिंह सुब्बाले सन् १९५५ सालको मध्यावधिदेखि यसको गतिविधि बन्द भएको र वर्तमानमा यसको नाममात्र शेष रहेको बताएका छन्।[१४३]

अपतन साहित्य परिषद्का प्रमुख साहित्यकार तुलसी अपतनले सन् १९४० देखि १९५३[१४४] सम्म सिक्किममा रहेर नेपाली भाषा-साहित्यको सेवा गरेका थिए।

अपतनको *अ* अर्थात् अगमसिंह तामाङ पनि उत्तिकै प्रभावशाली कविका रूपमा परिचित छन्। उनका प्रकाशित कविताका बारेमा समालोचक प्रेम थुलुङले आफ्नो पुस्तक **कवि अगमसिंह तामाङ र उनका कृति**-मा विवरण दिएका छन्।[१४५]

सन् १९४७ देखि सन् १९५७ **कञ्चनजङ्घा** पत्रिकाको प्रकाशनपूर्वका अवधिमा सिक्किममा नेपाली साहित्यको जग बसाउने अन्य साहित्यिक प्रतिभामध्ये रश्मीप्रसाद आले प्रमुख हुन्। सन् १९२२ देखि नै सिक्किमलाई कर्मभूमि बनाउने आलेले सिक्किममा नेपाली

---

[१४२] उदय छेत्री (सन् २०१०);*अपतन साहित्य परिषद् र पदमसिंह सुब्बा अपतन,* उदय छेत्री र अन्य (सम्पा.), **कनका**, गान्तोक : नेपाली साहित्य परिषद्, वर्ष १५, अङ्क १६, पृ.३।

[१४३] पूर्ववत्।

[१४४] दीपक तिवारी ; पूर्ववत्, पृ.२९।

[१४५] प्रेम थुलुङ; पूर्ववत्, पृ.३२।

भाषा-शिक्षणमा दिएको योगदान महत्त्वपूर्ण छ। अपतन साहित्य परिषद्को अध्यक्ष रहेर उनले नेपाली साहित्यको पनि उत्तिकै सेवा गरेका छन्। उनले सन् १९५३-मा प्रकाशित तुलसी अपतनको **कमल** नाटकको प्रकाशकीय *दुइ वचनः कमल नाटकबारे*-मा आफ्नो समालोचकीय दृष्टिकोण प्रस्तुत गरेका छन्।

२५ जुन, १९२०-मा पश्चिम सिक्किमको टिम्बुरबुङमा जन्मिएका कृपाशल्याण राईले सन् १९५० र १९६०-को दशकमा नेपाली भाषा साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। गद्य र पद्य दुवैमा कलम चलाउने कृपाशल्याण राईका साहित्यिक कृतिहरू हुन्- **आफै भावी** (सन् १९४९), **सबै धर्मको सार** (सन् १९५४), **शाल्याण योग** (सन् १९५४), **नित्याचार** (सन् १९५६), **वि.सं. २०१८-२० सालसम्मको सवाई र नित्यकर्म** (सन् १९६४), **छुवाछुत निर्णय** (सन् १९६४), **राई अक्षरको वर्णमाला** (सन् १९६९), **नेपाली कुलुङ राई शब्दकोश** (प्रकाशनकाल सन् २००१) पुस्तकाकारका रूपमा प्रकाशित कृतिहरू हुन्। उनका केही फूटकर रचनाहरू पनि विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका पाइन्छन्।

सन् १९४९-मा प्रकाशित पण्डित हिमकर उपाध्यायको **एकता विज्ञानवाटिका** यस कालको अर्को प्रमुख कृति हो। रत्नकमल देवानको *बाँसुरीको धुन* कथा **गोर्खा** पत्रिकामा सन् १९४४-मा र *बोज्यूको माया* कथा **उदय** पत्रिकामा सन् १९४७-मा प्रकाशित भएका थिए।[१४६]

सिक्किममा भाषा-साहित्यलाई जनमानसको रूचिको विषय बनाउने अर्को प्रमुख माध्यम रङ्गमञ्च हो। सिक्किमका विभिन्न माघे मेलामा प्रदर्शन हुने नाट्य अभिनय, सर्कस साथसाथै समय-समयमा लाग्ने रामलीला आदिले नाटकको जग बसाउने काम गर्दै आएका पाइन्छ। अर्कातिर मारुनी, बालुन, रत्यौली, घाटु आदि लोक नाटकहरूको प्रदर्शन पनि हुने गर्दथ्यो। औपचारिक नाट्य मञ्चन सन् १९२० कै दशकमा थालनी भएको भए तापनि यसले निरन्तरता भने सन् १९४०-को दशकदेखि मात्र पाएको तथ्य पाइन्छ।

---

[१४६] दीपक तिवारी; पूर्ववत्, पृ. ४६४।

आरम्भकालमा एकाध नाट्यमण्डलीद्वारा सिक्किमका विभिन्न स्थानमा **रामलीला, रूक्मणीहरण, प्रह्लाद भक्ति, होलिका दहन** जस्ता पौराणिक नाटकहरूको मञ्चन भएको थाहा लाग्छ।[१४७] सन् १९२५-२६ तिर रश्मीप्रसाद आलेका प्रयासमा सर टाशी नामगेल हाई स्कुलमा पहलमानसिंह सुवारको **अटलबहादुर** नाटक र लेखनाथ पौड्यालको **पिँजराको सुगा** कवितालाई नाट्य रूपान्तर गरी मञ्चन गरेर महाराज सर टाशी नामगेललाई स्कुलको पुरस्कार वितरण समारोहमा देखाइएको थियो।[१४८] सन् १९४२ मा पूर्व सिक्किमको पाकिमका केही उत्साही युवाले म्युच्यूअल ड्रामाटिक क्लब स्थापित गरेर **हरिश्चन्द्र, ध्रुव, भक्त प्रह्लाद, अटलबहादुर** जस्ता नाटकहरू मञ्चन गरेको उल्लेख पाइन्छ।[१४९] अपतन साहित्य परिषद्को गठनपछि सन् १९४९-मा गान्तोकको ह्वाइट हलमा बालकृष्ण समको **मुकुन्द इन्दिरा** मञ्चन भएको थियो। यसपछि **हरिश्चन्द्र, तारामति** (सन् १९५२), तुलसी अपतनको **कमल** (२६ सितम्बर, १९५०)[१५०], गुरुप्रसाद मैनालीको **परालको आगो** (सन् १९५६), रवीन्द्रनाथ ठाकुरको **डाकघर** (सन् १९५६), भीमनीधि तिवारीको **साढे** (सन् १९५८) गान्तोकमा मञ्चन भएका थिए। अगमसिंह तामाङको नाटक **कुणाल** (सन् १९५५) र रत्नकमल देवानको **ग्यान्सीको जलप्रलय** (सन् १९५५)- गान्तोकमा मञ्चन भएका उल्लेखनीय नाटक हुन्। तुलसीबहादुर छेत्रीको **विजय** (सन् १९५५) र **जमाना बद्लियो** (सन् १९५६)- पनि प्रकाशन भएपछि सिक्किमका विभिन्न ग्रामीण क्षेत्रमा मञ्चन भएको उल्लेख पाइन्छ।[१५१] सन् १९५०-का दशकमा रिनाकका सुन्दरकुमार प्रधान, मनिकुमार प्रधान, गोविनदास प्रधान, मोहनप्रसाद प्रधान, दलबहादुर प्रधान, वाणीप्रसाद थापा, गोपाल दर्जी, गौरीशङ्कर खाती, तुलसीप्रसाद प्रधान, हर्कलाल प्रधान आदि उत्साही युवा

---

[१४७] पूर्ववत्, पृ. ८२।

[१४८] हरिभक्त नेउपाने (सन् २००४); *सिक्किममा नेपाली भाषा र साहित्य,* पवन चामलिङ 'किरण' (सम्पा.), **निर्माण** वाङ्मय विशेषाङ्क, वर्ष २६, अङ्क ४०, नाम्ची : निर्माण प्रकाशन, पृ.१५५।

[१४९] सुवास तामाङ (सन् २०१२); *सिक्किममा नाट्य गतिविधिः एक चर्चा,* चुनिलाल घिमिरे (सम्पा.), **कला अनि कलाकार,** गान्तोक: च्यानल एसीई प्रोडक्सन, पृ. २४।

[१५०] रश्मीप्रसाद आले (सन् २००४); *दुइ वचनःकमल नाटकबारे,* पवन चामलिङ 'किरण' (सम्पा.), **निर्माण** वाङ्मय विशेषाङ्क, वर्ष २६, अङ्क ४०, नाम्ची : निर्माण प्रकाशन, पृ.११४।

[१५१] सुवास तामाङ (सन् २०१२); पूर्ववत् पृ. २४।

चन्द्र ड्रामाटिक क्लब स्थापना गरी नाटकहरू मञ्चन गरेको तथ्य गणेशकुमार प्रधानले उनका सङ्ग्रहित वस्तुमार्फत दिएका छन्।

सन् १९५०-मा अपतन साहित्य परिषद्द्वारा कविता सङ्ग्रह **इन्द्रकील पुष्पाञ्जलि** प्रकाशित गरिएको लगतै एक वर्षपछि सन् १९५१-मा सीबी राई र मानवीर सुब्बाको सम्पादनमा **फूलबारी**[१५२] हस्तलिखित पत्रिका निस्किए तापनि लामो समयसम्म निस्किएन।[१५३] केही इतिहासकारले अपतन साहित्य परिषद्द्वारा **अमूल्यरत्न** नामक हस्तलिखित पत्रिका[१५४] निकालेको उल्लेख गरेका छन्।दीपक तिवारीले **इन्द्रकील पुष्पाञ्जलि**-लाई पनि पत्रिका नै मानेका छन्।[१५५] **अमूल्यरत्न** हस्तलिखित पत्रिका नभएर यो एउटा रचनाहरू सङ्ग्रह गर्ने बहीखाता थियो। अपतन साहित्य परिषद्का विभिन्न गोष्ठी एवम् कार्यक्रममा पठन गरिएका रचनाहरूलाई यस बहीखातामा सारिन्थ्यो र सुरक्षित गरिन्थ्यो भन्ने संस्थापक पदमसिंह सुब्बाले स्पष्ट पारेका छन्।[१५६] उनका अनुसार **अमूल्यरत्न** रचनाहरू सारेर सुरक्षित राख्ने एउटा बही थियो र यसमा सन् १९४७ देखि सन् १९५५ सम्मका सबै पठित रचनालाई सुरक्षित राखिएको थियो।यो हस्तलिखित दस्तावेजलाई सर्वसाधारण पाठकका लागि सार्वजनिक गरिएको थिएन।यसैले **अमूल्यरत्न**लाई पत्रिका भन्न सकिन्न।यसरी नै **इन्द्रकील पुष्पाञ्जलि**-का सन्दर्भमा यसको भूमिकामा सभापति हरिप्रसाद प्रधानले *जनताले पनि यिनै कवितामा मधुर रसपान गरून् भनी यस संस्थाबाट कतिपय कविताहरू सङ्ग्रह गरी समय समयमा पुष्पमालाका रूपमा लिपिबद्ध गराई जनताको सेवामा टक्र्याउने उद्देश्यले यो अपतन साहित्य परिषद्ले प्रथम पुष्प प्रकाश*

---

[१५२] हरिभक्त नेउपाने; पूर्ववत्, १५६।

[१५३] पूर्ववत् १५६।

[१५४] दीपक तिवारी, पूर्ववत्, पृ.२८५।

[१५५] पूर्ववत्, पृ.३१६।

[१५६] पदमसिंह सुब्बा अपतन (सन् २००४); *अपतन साहित्य परिषदः संक्षिप्त इतिहास,* पवन चामलिङ 'किरण' (सम्पा.), **निर्माण,** वाङ्मय विशेषाङ्क, वर्ष २६, अङ्क ४०, नाम्ची : निर्माण प्रकाशन, पृ.१४०।

*गर्ने साहस गरेको थियो*[१५७] भनी लेखेबाट पनि यो पत्रिका नभएर विशुद्ध कविता सङ्ग्रह हो भन्ने स्पष्ट हुन्छ।

**फूलबारी** विषयमा पनि भ्रम यथावत् छ। **फूलबारी**लाई अपतन साहित्य परिषद्कै पत्रिका हो भन्ने ठानी तुलसीबहादुर छेत्रीको सम्पादनमा सन् १९४८-मा निस्किएको कतिपय इतिहासकार मान्छन्।[१५८] अपतन साहित्य परिषद्का संस्थापक पदमसिंह सुब्बाले आफ्नो लेखमा अपतन साहित्य परिषद्का सबै प्रमुख बिन्दुहरूलाई छोए तापनि उनले कतै पनि **फूलबारी-**को उल्लेख गरेका छैनन्।[१५९] यसरी नै अर्का सदस्य चन्द्रदास राईले पनि आफ्नो लेखमा **फूलबारी-**को उल्लेख नै गरेका छैनन्।[१६०] हरिप्रसाद नेउपानेअनुसार **फूलबारी** हस्तलिखित पत्रिका सीबी राई र मानवीर सुब्बाको सम्पादनमा सन् १९५१-मा निस्किए र केही अङ्क निस्किएपछि बन्द भएको थियो।[१६१] अतः सिक्किमबाट निस्किएको पहिलो हस्तलिखित पत्रिका **फूलबारी** (सन् १९५१) नै हो भन्ने स्पष्ट हुन्छ। सन् १९५२-मा दक्षिण सिक्किमको नाम्चीबाट गणेशमान राईको सम्पादनमा **मानवनिर्वोध** नामक हस्तलिखित पत्रिकाका केही अङ्क निस्किएका थिए।[१६२]

सन् १८८०-को दशकदेखि सन् १९५० को दशकसम्म आइपुग्दा सिक्किममा नेपाली साहित्यको विकासका लागि व्यक्तिगत, संस्थागत, प्रकाशनगत एवम् रङ्गमञ्चीय नाट्यगत रूपमा प्रयास भएको पाइन्छ। ज्ञानदिलदास, भवानीशङ्कर दङ्गाल, मानवीरसिंह रसाइली, सन्तवीर लिम्बू, तुलसी अपतन, पदमसिंह सुब्बा, अगमसिंह तामाङ, कृपाशल्याण राई आदि प्रमुख साहित्यिक व्यक्तित्वहरूको निरन्तर प्रयासबाट सिक्किममा नेपाली साहित्यको

---

१५७ हरिप्रसाद प्रधान (सन् १९९०); *प्रथम संस्करणको भूमिका,* **इन्द्रकील पुष्पाञ्जलि**, (ते. सं.), गान्तोक : आकाशदीप प्रकाशन, पृ.ङ ।

१५८ हीरा छेत्री (सन् २०११); **भारतेली नेपाली पत्र-पत्रिकाको शताब्दी**, (दो. स.), कालेबुङ: चरित्र प्रकाशन, पृ.९२

१५९ पदमसिंह सुब्बा अपतन, पूर्ववत्, पृ. १४२ ।

१६० चन्द्रदास राई (सन् २०१५); *अपतन साहित्य परिषद,* **नेपाली साहित्यको फूलबारीमा चन्द्रदास राईको एउटा फूल**, गान्तोक: लेखक आफै पृ.१-२५।

१६१ हरिभक्त नेउपाने (सन् २००४); पूर्ववत् १५६।

१६२ गोपालप्रसाद दाहाल (सन् १९८४); *सिक्किममा नेपाली साहित्यिक पत्रकारिताको थालनी र विकास परम्परा,* रामलाल अधिकारी (सम्पा), **दियालो,** वाङ्मय विशेषाङ्क, वर्ष २२ हाँगो १००, **दार्जिलिङ** : नेपाली साहित्य सम्मेलन, पृ.१६७।

विकासका लागि पृष्ठभूमि तयार भएको र अझ परिप्रेक्ष्यमा **गोरखा संसार, गोर्खा, उदय, भारती** आदि पत्रिकाहरूको पनि उल्लेखनीय भूमिका रहेको देखिन्छ।

## ३.९. पत्रकारिता पृष्ठभूमि

सिक्किममा व्यावसायिक अथवा अखबारी पत्रकारिताको थालनी सन् १९५७ मा **कञ्चनजङ्घा** पत्रिकाको प्रकाशन भएपछि मात्र भएको हो। यसभन्दा अघि सन् १९०१-मा दार्जिलिङबाट पादरी गङ्गाप्रसाद प्रधानको सम्पादनमा **गोर्खे खबर् कागत्,** काठमाडौंबाट नेपाल सरकारको **गोरखापत्र**, सन् १९२४-मा कलकत्ताबाट गोपालसिंहको सम्पादनमा **गोर्खा मित्र**, सन् १९२६-मा देहरादूनबाट ठाकुर चन्दनसिंहको सम्पादनमा **गोर्खा संसार**, सन् १९३५ मा शिलोङबाट मणिसिंह गुरूङको सम्पादनमा **गोर्खा सेवक**, दार्जिलिङबाट सन् १९४० मा रूपनारायण सिंहको सम्पादनमा **खोजी,** सन् १९४४ —मा नयाँ दिल्लीबाट **गोर्खा समाचार**, सन् १९४५-मा कालेबुङबाट रणधीर सुब्बाको सम्पादनमा **गोर्खा** जस्ता केही समाचारप्रधान पत्रिकाको प्रकाशन भइसकेका थिए। यसका अतिरिक्त कालेबुङबाट **नेबुला** (सन् १९३५), **भारती** (सन् १९४९) र बनारसबाट **उदय** (सन् १९३७) जस्ता साहित्यिक पत्रिकासित पनि सिक्किमका पाठक परिचित थिए। **गोर्खे खबर कागत्, गोर्खा मित्र, गोर्खा संसार, गोर्खा सेवक, खोजी, गोर्खा समाचार** र **गोर्खा** पत्रिका समाचारप्रधान थिए भने **नेबुला, भारती, उदय** आदि साहित्यिक पत्रिकामा पनि केही समाचारलाई स्थान दिइएको पाइन्छ।यी पत्रिकाहरूमा सिक्किमका केही लेखक, कविका कविता, कथा, निबन्धहरूसितै सिक्किमका केही समाचार पनि प्रकाशन भएको पाइन्छ।

३० नोभेम्बर, १९२६-का दिन **गोर्खा संसार**-(वर्ष १, किरण ४) मा प्रकाशित मानवीरसिंह रसाइलीको ***बाल शिक्षा प्रबन्ध*** शीर्षकको फिचरलेखबाट सिक्किमको पत्रकारिताको इतिहास आरम्भ हुन्छ।यस फिचरलेखमा लेखक मानवीरसिंह रसाइलीले समसामयिक विषयलाई उठान गर्दै समकालीनता अँगालेका छन् भने सरकारलाई आवश्यक

सुझाउ पनि दिएका छन्। नेपाली समाजको अवस्था एवम् वस्तुस्थितिलाई औँल्याउँदै भविष्यमा गरिनुपर्ने कार्यसितै सरकारले गर्नुपर्ने कार्यतर्फ ध्यानाकर्षण गराएका छन्।

*गोर्खालीहरूमा जाति भेद अर्थात् फुट अधिक भयाको मुँख्य कारण चाहीं विद्याको प्रचार कम हुनाले बुझिन्छ*[१६३] भनी समाजमा व्याप्त जातीय भेदभाव, छुवाछुत तथा आर्थिक असमानता, गरिबी एवम् अनेकताको मूल कारण शिक्षा नै हो भन्ने विचार व्यक्त गरेका छन्। यस लेखमा उनले आर्थिक सङ्कटका कारण नेपाल राष्ट्रबाट मानिसहरू भारतलगायत अन्य मुलुकतिर पलायन भइरहेको उल्लेख गरेका छन्।संसारका जुनै कुनामा गए पनि नेपालीहरू श्रमिकबाहेक अन्य कुनै काम गर्न असक्षम भएको र यसको मूल कारण पनि अशिक्षा हो भन्दै यस लेखका माध्यमबाट उनले तत्कालीन शासकवर्गलाई सचेत गराएको देखिन्छ।त्यसबेला सिक्किममा केही स्कुल सञ्चालनमा थिए भने गाउँगाउँमा स्कुलहरू खोल्न गाउँले सर्वसाधारण अग्रसर भइरहेका थिए। यस्तो विषयमा सामाजिक परिवेशको दिग्दर्शन गराउँदै शिक्षाको महत्त्वलाई समाजका अघि सार्न सक्नु उनको क्रान्तिकारी सोचको प्रतिफल हो। तत्कालीन समाजको सामाजिक-आर्थिक परिवेशलाई केलाउनु र वस्तुस्थितिलाई उदाङ्गो पार्नु नै उनमा रहेको समकालीनताप्रतिको सचेतना हो।

*...विद्याको प्रचार गर्नका निमित्त श्री सर्कारबाट कोई नियम, जस्तो कि अब उप्रान्त राज्य भरमा ५ वर्षदेखी १२ या १५ वर्षसम्म बालखहरूले अवस्य विद्याभ्यास गर्लान भन्ने बकल भया सो हुकुम दुनियाँले अवस्य पालन गर्ने थिये..*[१६४] भनी एक सचेत नागरिकको रूपमा मात्र होइन एक पत्रकार, एक बुद्धिजीवीको रूपमा पनि उनले सरकार अर्थात् महाराजलाई कानुन बनाउन र ५ देखि १५ वर्षका बालक-बालिकाका निम्ति निशुल्क अनिवार्य शिक्षा सुनिश्चित गर्न आग्रह गरेका थिए। त्यसबेला महाराज टाशी नामगेलका शासनकालको सिक्किममा प्रशासनिक रेखदेख अङ्ग्रेज पोलिटिकल अफिसरको हातमा थियो। काजी, ठेकेदारी एवम् जमिनदारी प्रथाले समाजलाई निलेको थियो, भारतमा अङ्ग्रेज

---

[१६३] मानवीर सिंह रसाइली (सन् १९२६); *बाल शिक्षा प्रबन्ध,* ठाकुर चन्दनसिंह (सम्पा), **गोर्खा संसार**, वर्ष १, किरण ४, देहरादून: गोर्खा लीग, पृ.१२

[१६४] पूर्ववत् पृ.१२।

शासनविरुद्ध जनान्दोलन भइरहेको थियो भने नेपालमा अङ्ग्रेजको सहयोगमा राणातन्त्रको जगजगीमा मानिसहरू पिसिल्टी रहेका थिए। एकातिर अङ्ग्रेजको साम्राज्यवादी नीतिले सम्पूर्ण दक्षिण एसियाकै शासन व्यवस्थालाई अस्तव्यस्त बनाएको परिस्थितिमा पत्रकार मानवीरसिंह रसाइलीले दूरगामी दृष्टिकोण राखेर अनिवार्य शिक्षाको प्रसङ्गलाई अघि सार्नसक्नु एउटा सहासी कदम थियो। गाउँगाउँमा मिडल स्कुल र जिल्लाहरूमा हाइ स्कुलहरू स्थापना गरिदिन, जाति भेद हटाई मातृभाषाको उन्नतिका निम्ति मातृभाषाकै माध्यमबाट शिक्षा प्रचार गर्नका साथै दुनियाँमा प्रचलित अङ्ग्रेजी भाषामा पनि पढाउने र सैनिक शिक्षा पनि दिने व्यवस्था गरिदिन सरकारसमक्ष आग्रह गरेका थिए..।[१६५] यसो गर्दा सरकारलाई धनको प्रयोजन पर्ने हुनाले करमा केही वृद्धि गरी राजस्व बढाउन सकिने सल्लाह पनि उनले सरकारसमक्ष राखेका थिए ।[१६६]

अतः सिक्किममा आधुनिक पत्रकारितालाई भित्र्याउने कार्य मानवीरसिंह रसाइलीबाट भएको कुरो स्पष्ट हुन्छ। ३१ जनवरी, १९२८ को **गोर्खा संसार** (वर्ष २, किरण ८) **-**मा छापिएको ***श्री ३ सर्कार महाराजा कलकत्ता सवारी भयेका सुअवसरमा विश्वकर्म जातीय प्रतिनिधि*** शीर्षकको समाचार नै सिक्किमे पत्रकारद्वारा प्रेषण गरिएको पहिलो प्रकाशित समाचार हो। यसमा नेपालका राणा प्रधानमन्त्री चन्द्र शमशेर राणा दिसम्बर १९२७-मा कलकत्ता आएका समय विश्वकर्म समाजका प्रतिनिधिहरू कलकत्तामा भेला भई चन्द्र शमशेरलाई एउटा ज्ञापन दिने निर्णय गरेको समाचारको नमुना यस प्रकार छ-

**श्री ३ सर्कार महाराजा कलकत्ता सवारी भयेका सुअवसरमा विश्वकर्म जातीय प्रतिनिधि**

**(ले० मानवीर सिंह रसाइली सीकीम)**

**श्री ३ सर्कार महाराजा नेपाल ताराधीस ता० २९ दिसम्बर १९२७ मा कलकत्ता सवारी हुने खबर सन्देश पत्र द्वारा बुझदा र सज्जन मित्रहरू बाट अघीनै सूचना पाइयेका छंदा**

---

[१६५] मानवीर सिंह रसाइली (सन् १९२६); पूर्ववत् पृ.१२।

[१६६] पूर्ववत् पृ.१२।

**सर्कार का दर्शन को भिखारी भै ता० १९ दिसम्बर बिहानै गान्तक बाट प्रस्थान भै कलकत्ता को गमन गरीयो। जांदा कालेबुं दार्जिलिंग, खरसांग भै कलकत्ता पुगौला भन्ने विचार थियो तर कालेबुं पुग्दा महाराजको सवारी २२ ता० मा नै हुन्छ भन्ने खबर सुन्दा सिधै कलकत्ता जाने अवसर पर्न यो। ता० २२ बिहान सहर्ष कलकत्ता पुग्दा सँगोसवस श्री कपतान धीर समशेर राणाजी के दर्शन भै सर्कार को सवारी तेस दिन न हुने खबर पाइयो र सज्ज मित्रहरूको दर्शन औ स्वजाती भाई हरूको सगत गर्दै ४ ५ दिन व्यतित भयो। यस अवसरमा कलकता शहर मै हाम्रा जात भाई कती रहेछन भनी सोध खोज गर्दा पहिला दिन ३ ४ सौ छन भन्ने सुनियो दोसरा दिन ४ ५ हजार छन भन्ने खबर पाइयो औ तेसरा दिन सबै जम्मा ७ ८ हजार हुनन भन्ने खबर हुंदा विश्वकर्म जातीका कइएक स्थानीय अग्रहरू र सीकीम दार्जिलिंग कालेबुँ औ खरसाँगका प्रतिनिधि हरू २७ २८ सज्जन जम्मा भै सभा हुंदा श्री ३ सर्कार महाराज का हजुरमा हाम्रा जातीको धार्मिक सुधार औ समाजिक उत्थान का निमित्त बिन्ती पत्र चढाइयोस भन्ने प्रस्ताव पास हुन गयो।**

स्रोतः **गोर्खा संसार** (वर्ष २, किरण ८), ३१ जनवरी १९२८, पृ. ६

यसै अङ्कमा प्रधानमन्त्री चन्द्र शमशेरलाई बुझाइएको ज्ञापनपत्र र विश्वकर्म जातिको धार्मिक औ सामाजिक उत्थान हुनसक्ने प्रमाणहरू ८ बुँदामा प्रस्तुत गरिएको छ।[१६७]

मानवीरसिंह रसाइलीद्वारा **गोर्खा संसार** वर्ष २ किरण १३-मा *श्री ३ सर्कार महाराजा कलकत्ता सवारी भयेका सुअवसरमा विश्वकर्म जातीय प्रतिनिधि-* शीर्षकमा अर्को समाचार पनि प्रेषण गरिएको छ। पहिलो समाचारभन्दा केही लामो यस समाचारकथामा २६ दिसम्बरका दिन चन्द्र शमशेर कलकत्ता आएको भए तापनि विश्वकर्म समाजले दर्शनभेट गर्ने अवसर नपाएको अनि पण्डित मदनमोहन मालवीयले सहयोग गर्ने सहमति दिएको जानकारीसितै मालवीयसितको अन्तरक्रियालाई समाचारकथाको विषयवस्तु बनाइएको छ।

---

[१६७] ठाकुर चन्दनसिंह(सम्पा.)(सन् १९२८); **गोर्खा संसार**, वर्ष २, किरण ८, देहरादून : गोर्खा लीग, पृ.७

मालवीयले *जातिको उत्थान चाहन्छौ भने कर्म सुधार। तिम्रा पुर्खा ब्राह्मण रहेछन् त ब्राह्मणको कर्म गर अनी तिम्रा जातीको सुधार हुन्छ*[१६८] भनी दिएको सुझाउ नै समाचारको केन्द्र हो।

६ जुलाई, १९२८-को **गोर्खा संसार** (वर्ष २ किरण २७)-मा प्रकाशित **हर्षको समाचार** शीर्षकमा सिक्किमका महाराजले गाल्सेन काजीलाई रायसाहबको उपाधि दिइएको समाचारकथा **एक मित्र, गान्तोक**को नाममा प्रकाशित गरिएको छ। **गोर्खा संसार**सित रसाइलीको सम्बन्धलाई ध्यानमा राख्दा उक्त *एक मित्र* रसाइली नै हुनसक्ने सम्भावना देखिन्छ।

**गोर्खा संसार**मा प्रकाशित यी लेख, समाचारकथाहरूले नै सिक्किमेली पत्रकारिताको घडेरी बसाउने कार्य गरेको स्पष्ट हुन्छ। मानवीरसिंह रसाइलीले सिक्किमेली पत्रकारिताको आधारशीला राखेर यस क्षेत्रको प्रारम्भिक इतिहास निर्माण गरेका छन्। **गोर्खा संसार**पछि कालेबुङबाट प्रकाशित हुने **नेबुला** पत्रिकाले पनि सिक्किमका समाचारहरू प्रकाशित गरेको पाइन्छ। १ मार्च, १९३५ मा प्रकाशित नेबुला (वर्ष १, सङ्ख्या २)-मा ***भोटान र*** *सिक्किम* ***समाचार*** शीर्षकअन्तर्गत सिक्किमका तीनवटा समाचार यसमा प्रकाशित भएका छन्। पहिलो समाचारमा १५ फरवरी, १९३५-को पेलोङमा सम्पन्न उत्सव, दोस्रो समाचारमा १७ फरवरी, १९३५-का दिन ह्वाइट हलमा महाराजको उपस्थितिमा भुटान र सिक्किमका खेलाडीमाझ आर्चेरी खेल सम्पन्न भएको र भुटानले जितेको उल्लेख छ। दोस्रो समाचार खेलकूदसित सम्बन्धित भएकाले यो महत्त्वपूर्ण छ। तेस्रो समाचारमा गान्तोकबाट महाराजको सवारी फिरेको उल्लेख भए तापनि गन्तव्य स्थानको उल्लेख गरिएको छैन।[१६९] कालेबुङबाट प्रकाशित हुने **गोर्खा** पत्रिकाको १ मार्च, १९४५ को वर्ष १, किरण ५- मा ***राय साहेब हरिप्रसाद प्रधान, एमः एः, बीः एलः झेल बाट १७ फरवरीको दिन मुक्त भई***

---

[१६८] मानवीर सिंह रसाइली (सन् १९२८); *श्री ३ सर्कार महाराजा कलकत्ता सवारी भयेका सुअवसरमा विश्वकर्म जातीय प्रतिनिधि,* ठाकुर चन्दनसिंह (सम्पा.), **गोर्खा संसार**, वर्ष,२ किरण १३, देहरादून : गोर्खा लीग, पृ.७।

[१६९] के डी प्रधान (सम्पा.) (सन् १९३५); **नेबुला**, कालेबुङ: मदनकुमार प्रधान, वर्ष १, सङ्ख्या २, पृ.४२।

***सिकिम जानु भयो***[१७०] भनी सानो समाचार प्रस्तुत गरिएको छ।

**नेबुला** र **गोर्खा**-पछि **भारती** पत्रिकाले पनि सिक्किमेली पत्रकारिताको जग बलियो बनाउनमा सहयोग गरेको पाइन्छ। **भारती** वर्ष १, सङ्ख्या ४ मा ***विविध समाचार*** शीर्षकअन्तर्गत *सिक्किमका राजनैतिक भारतीय एजेण्ट श्री एच. दयाल ता ७ सेप्टेम्बर ४९ का दिन श्रीमती दयाललाई साथमा लिई ल्हासा हिड्नु भयो* किसिमको संक्षिप्त समाचार प्रकाशित भएको छ।[१७१] यसरी नै **भारती**को वर्ष २, सङ्ख्या १२-जुन १९५१-मा ***सिक्किम सोल्जर बोर्डको धर्मशाला*** शीर्षकमा फोटोसहित समाचार प्रकाशित भएको छ। यो सिक्किम सोल्जर बोर्डद्वारा जारी विज्ञप्तिबाट प्रेषण गरिएको समाचार थियो। **भारती** पत्रिकामा संवाददाताका रूपमा कार्य गर्ने पत्रकार भीमराज प्रधान थिए। उनीद्वारा नामसहित प्रेषित दुइवटा समाचार **भारती**मा प्रकाशित भएको पाइन्छ। **भारती**को वर्ष ४, सङ्ख्या ७, जनवरी १९५३-मा *अपतन साहित्य परिषद्को नयाँ कार्यकारिणी समितिको गठन* अनि वर्ष ४ सङ्ख्या ८, फरवरी १९५३-मा ***अपतन साहित्य परिषद्को चतुर्थ वार्षिक अधिवेशन*** शीर्षकका समाचारहरू प्रकाशित भएका थिए।

सिक्किममा जनतालाई सूचनाद्वारा सुसूचित गर्नका लागि यहाँबाट सन् १९५० सम्म कुनै पत्रिका प्रकाशन नभएको अनि सिक्किमबाहिरका पत्र-पत्रिकामा प्रकाशित समाचार र सूचनाहरू पनि जनसाधारणको पहुँचदेखि टाढा रहेका कारण सिक्किमे जनता खबर पढ्नबाट वञ्चित नै थिए। राजतन्त्र सिक्किमका केही खबरहरू भारतीय समाचारपत्रहरू जस्तै **हिन्दू, हिन्दुस्तान टाइम्स, अमृता बजार पत्रिका, इस्टेटमेन्टस्, टाइम्स अफ् इन्डिया** लगायत युरोप र अमेरिकाका समाचारपत्रहरूमा पनि यदाकदा प्रकाशित हुनेगरेका थाहा लाग्छ। तर यी पत्रिकाहरू जनसाधारणका हातमा पर्ने कुरा नै भएन। यसैले सिक्किमका जनता समाचारजगत्देखि एक प्रकारले ओझेलमा नै थिए।[१७२]

---

[१७०] रणधीर सुब्बा (सम्पा.) (सन् १९४५); **गोर्खा,** वर्ष १, किरण ५, कालेबुङ: गोर्खा लीग, पृ.११।

[१७१] रूपनारायण सिंह (सम्पा.)(सन् १९४९); **भारती,** वर्ष १, सङ्ख्या ४, दार्जिलिङ : नरेन्द्रमणि प्रधान, पृ.४१।

[१७२] तादोङ, डाँडा गाउँ निवासी पत्रकार सीडी राई (उमेर ९२ वर्ष)-बाट प्राप्त जानकारी।

राजतन्त्र सिक्किममा राजाले कुनै घोषणा गर्नु पर्‍यो भने दरवारमा घोषणा जारी गर्नु पर्थ्यो। राजाले यदि कुनै जानकारी जनतालाई दिन चाहे ग्याजेट प्रकाशन गर्नुपर्थ्यो। सबै प्रकारका राजघोषणा, अधिसूचना, सूचना आदि ग्याजेटमा प्रकाशन गरिन्थ्यो। त्यस समय ग्याजेट मात्र सूचनाको स्रोत थियो। सिक्किम भारतीय महासङ्घमा सामेल नभएसम्म सिक्किममा राजघोषणाका रूपमा ग्याजेटलाई अत्यन्त्य महत्त्वपूर्ण सञ्चारको माध्यम मानिन्थ्यो।[१७३]

सन् १९५६-मा भारतको सूचना सेवाको गान्तोक कार्यालयले राजनीतिक अधिकारीको कार्यालयबाट अङ्ग्रेजी भाषामा साप्ताहिक **बुलेटिन** अनि सरकारको छापाखाना (इन्डिया प्रेस)-मा नेपाली भाषामा **आधिकारिक विज्ञप्ति** प्रकाशित गर्न आरम्भ गर्‍यो। यी दुई विज्ञप्ति रूपको पत्रिकामा समाचारकथा तथा स्वतन्त्रतापछि भारतमा भएका विकासीय गतिविधिको जानकारी हुन्थ्यो।[१७४]

सन् १९१३-मा सिक्किममा सरकारी छापाखानाको स्थापना भए पछि यस छापाखानाबाट तिब्बती भाषाका पुस्तकहरू प्रकाशन गरिन्थ्यो।[१७५] सन् १९३०-का दशकपछि यस छापाखानाले अङ्ग्रेजी र नेपाली भाषामा पनि कार्य गर्न थाल्यो।[१७६]

सन् १९२६ मा **गोर्खा संसार**-मा प्रकाशित लेखद्वारा सिक्किमेली नेपाली पत्रकारिताको पृष्ठभूमि तयार गर्ने कार्य मानवीरसिंह रसाइलीद्वारा भयो भने सन् १९५७ काशीराज प्रधानको सक्रियतामा अनि नहकुल प्रधानको प्रकाशन एवम् सम्पादनमा सिक्किमको पहिलो व्यावसायिक समाचारप्रधान पत्रिका **कञ्चनजङ्घा**-को प्रकाशन हुन थालेको पाइन्छ।

## ३.१० उपसंहार

पूर्वी हिमालयको ७०९६ वर्ग किलोमिटर क्षेत्रफल, चारवटा जिल्ला, ६१०५७७ जनसङ्ख्या भएको र २७.५ डिग्रीदेखि २८.१० डिग्री उत्तर अक्षांश अनि ८८.४ डिग्रीदेखि

---

१७३ Pooja Basnett & , Dr. Silajit Guha, (October 2014); **Kanchenjunga and Sikkim Press: How Media Started Its Practice in Sikkim**, IOSR Journal Of Humanities And Social Science (IOSR-JHSS), Volume 19, Issue 10, Ver. VI, PP 20-24.

१७४ Pooja Basnett & , Dr. Silajit Guha; पूर्ववत् ।

१७५ Subash Deepak (Ed) (2004); **Sikkim Study Series, Language and Literature**, Vol.V, Gangtok, IPRD, GOS, pg. 110

१७६ पूर्ववत्, पृ.१११ ।

८८.५८ डिग्री पूर्व देशान्तरमा अवस्थित एउटा सानो स्वतन्त्र राष्ट्र सिक्किम १६ मई, १९७५-मा भारतीय महासङ्घमा औपचारिक रूपमा विलय भएको हो। महाभारतकालमा इन्द्रकील नाम रहेको सिक्किमको ब्रास्मा इ जोङ, ब्रास इ जोङ, ब्रासजोङ, नेमायल ल्याङ, रेन्ज्योङ, रेन्ज्योङ ल्याङ, डेन्जोङ, डेमोजोङ, डेमोसोङ, सुखिम, सिखिम, सुखिम नाम हुँदै सिक्किम नाम भएको हो। सिक्किम लिम्बू भाषाको सुखिमबाट व्युत्पन्न नाम हो।

१७ औं शताब्दीदेखि यताको मात्र सिक्किमको लिखित इतिहास पाइए तापनि सिक्किममा लेप्चा, लिम्बू, मगर जाति प्राचीनकालदेखिका निवासी हुन् भन्ने प्रमाण पाइन्छ। ८ औं शताब्दीमा सिक्किमलाई बौद्ध धर्मगुरु गुरु पद्मसम्भवले आशीर्वाद दिएका थिए भन्ने लोकविश्वास रहेको छ। सिक्किममा भोटिया जातिको आगमन १५औं शताब्दीदेखि भएको हो। सिक्किममा लामो समय लेप्चा मुखिया पनु र मगर मुखियाहरूले राज गरे तापनि सन् १६४१-देखि भोटिया नामगेल वंशको राजशासनको थालनी भयो। फुन्सो नामगेलले पश्चिम सिक्किमको योक्सोममा सिंहासनमा आरुढ भएपछि पाल्देन थोन्डुप नामगेलसम्म आइपुग्दा कुल ३३४ वर्षमा १२ जना नामगेल वंशका राजहरूले सिक्किममा शासन गरे।

नामगेल राजशासनमा सिक्किममा लामावादको प्रभुत्वसितै लेप्चा र नेपाली जातिलाई सामाजिक, आर्थिक एवम् राजनीतिक रूपमा शोषण र दमन गरी सत्ताको नजिकमा रहेका काजी, ठेकेदार जस्ता सामन्ती व्यवस्थाको आडमा सर्वसाधारण नागरिकलाई राजनीतिक हक र अधिकारबाट बञ्चित राखिएको थियो।

सन् १८१४ —मा सिक्किमको अङ्ग्रेजसित सम्बन्ध स्थापित भएपछि नामगेल राजाले पनि आफ्नो स्वाभिमान र अधिकार विस्तारै गुमाउँदै राजनीतिक अधिकारीलाई शासनको अधिकार सुम्पिनु परेको देखिन्छ। सन् १९१४ मा सिद्क्योङ टुल्कु सिक्किमका छोग्याल बने, तर उनको षडयन्त्रपूर्ण मृत्यु भयो र टाशी नामगेल राजा हुनेबित्तिकै उनले सामाजिक एवम् आर्थिक सुधारको विषयलाई गम्भीरतासित लिए। उनको समयमा चिफ कोर्डको स्थापना, सार्वजनिक तासजुवामा प्रतिबन्ध, रोज नदिई श्रमिकहरूलाई काम लगाउने प्रथामा प्रतिबन्ध, झारलाङ्गी प्रथा, बेठी प्रथा, करूवा प्रथामाथि प्रतिबन्ध, राष्ट्रियकृत यातायात सेवा,

भू-सर्वेक्षण, विकास योजनाको खेस्रा तयार, द नामगेल इन्स्टिटुड अफ टिबेटोलोजीको स्थापना, सिक्किम सब्जेट प्रदान जस्ता उल्लेखनीय कार्य उनको राजकालमा भएको देखिन्छ।

सिक्किमका रैतीहरूमा भारतमा भइरहेको स्वतन्त्रता सङ्ग्रामको प्रभाव पर्दै गयो र सिक्किमे जनतामा राजनीतिक सचेतना आयो। सिक्किममा राजनीतिक दलहरूको स्थापना, सङ्घ-संस्थाहरूको स्थापना हुन थाल्यो र अचाहिँदा एवम् जनविरोधी व्यवस्थाहरूको विरोध हुन थाले, लोकतान्त्रिक व्यावस्थाको पक्षमा आवाज उठ्न थालेपछि विभिन्न चरणमा आन्दोलनहरू भएपछि १ अप्रेल १९७३ देखि जनआन्दोलन आरम्भ भयो। ८ मई १९७३ को दिन राजनीतिक दलहरू, महाराजा र भारत सरकारका प्रतिनिधिहरूले महत्त्वपूर्ण त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गरेपछि अप्रेल १९७४ मा पहिलोपल्ट प्रजातान्त्रिक पद्धतिअनुसार चुनाउ सम्पन्न भयो र एल डी काजी सिक्किमका मुख्यमन्त्री बने।१४ अप्रेल १९७५ मा सिक्किममा विशेष जनमत सङ्ग्रह भएपछि ३८ औँ भारतीय संविधान संशोधन गरेर १६ मई १९७५ को दिन सिक्किम भारतीय महासङ्घको २२औँ राज्य बन्न पुग्यो।

लेप्चा, भोटिया र नेपालीलाई सिक्किमका तीन मूल निवासी मानिन्छन्। यसका अतिरिक्त भारतका विभिन्न राज्यबाट व्यापार र रोजगारका निम्ति सिक्किम आएका अन्य समुदायको पनि सिक्किममा रासोबासो पाइन्छ। सिक्किममा हिन्दू, बौद्ध, इसाई, युमा, इस्लाम, सिख, जैन धर्म साधारणतः मान्ने गरिन्छ।यसरी नै विभिन्न जातिले आफ्नो जातीय, धार्मिक, सांस्कृतिक मूल्य र मान्यता कायम राख्न आ-आफ्ना परम्परा र चाड-पर्व पालना गर्दै आएका छन्।सिक्किमको जनसङ्ख्याको ठुलो भाग खेतीपाती एवम् पशुपालनमा निर्भर रहेको छ। कृषि र पशुपालनबाहेक राज्यका विभिन्न स्थानमा रहेका विभिन्न उद्योग एवम् कल-कारखाना, पर्यटन, परियोजना, सरकारी तथा गैरसरकारी सेवामा संलग्न छन्।

सिक्किममा लामो समयसम्म पारम्परिक मौखिक लोकशिक्षा, अनौपचारिक शिक्षा, गुम्पा शिक्षा रहेको थियो।सन् १८८० को दशकमा आएका स्कटिस, फिनिस र स्विडिस मिसनरीहरूले सर्वप्रथम सिक्किममा आधुनिक युरोपेली शिक्षाको बीजारोपण भएको

पाइन्छ। सन् १९२३ सम्ममा सिक्किममा कुल ३० वटा स्कुल सञ्चालनमा थिए, जसमा १३ वटा मिसनरी स्कुलहरू, ७ वटा राज्य स्कुल थिए र १० वटा गाउँलेद्वारा सञ्चालित थिए। यसपछि स्कुल खोल्नेक्रम बढ्दै गयो।

सिक्किमका लेप्चाले लेप्चा, भोटियाले भोटिया र नेपालीले नेपाली भाषाको प्रयोग शुरुदेखि नै गर्दै आएका हुन्। यसरी लिम्बू, मगर, राई आदि भाषा पनि सिक्किममा उत्तिकै प्राचीन रहेको पाइन्छ। सिक्किममा नेपालीहरूको रसोबासो नामगेल वंशको शासन शुरू हुनुभन्दा अघिदेखि नै रहेको कारण यहाँ नेपाली भाषा प्राचीनकालदेखि नै प्रयोगमा थियो । दरवारमा भोटिया भाषा कामकाजको भाषा भए तापनि सम्पर्क भाषा भने नेपाली नै थियो।

सिक्किममा नेपाली भाषा-साहित्यको सम्बर्द्धन एवम् विकासको कार्य नेपाली साहित्यको प्राथमिककालको अन्तिम चरणमा भएको पाइन्छ। १९ औं शताब्दीको उतरार्द्धमा जब जोसमनी सन्त परम्पराका सशक्त सन्त कवि ज्ञानदिलदास सिक्किम आए, त्यसै बेलादेखि यहाँ साहित्य सिर्जनाको कार्य थालिएको थियो। नेपाली भाषा-साहित्यको विकासका निम्ति धार्मिक सम्प्रदायहरू, सङ्घसंस्थाहरू, छापाखाना, पत्रपत्रिका एवम् पुस्तकहरूको प्रकाशन, नाटक एवम् रङ्गमञ्च, पाठ्यपुस्तकको निर्माण र प्रकाशन आदि प्रयासहरू भएको पाइन्छ।

सिक्किममा व्यावसायिक अथवा अखबारी पत्रकारिताको थालनी सन् १९५७ मा **कञ्चनजङ्घा** पत्रिकाको प्रकाश भएपछि मात्र भएको हो। ३० नोभेम्बर, १९२६-को दिन प्रकाशन भएको **गोर्खा संसार**- (वर्ष १, किरण ४) मा मानवीरसिंह रसाइलीको **बाल शिक्षा प्रबन्ध** लेख नै सिक्किमको पत्रकारिताको इतिहासको आरम्भ बिन्दु हो। मानवीरसिंह रसाइलीले **गोर्खा संसार**-मा केही समाचार प्रेषण गरेर प्रकाशित भएपछि उनलाई सिक्किमको आदिपत्रकारका रूपमा चिन्नसकिन्छ। **गोर्खा संसार**-पछि कालेबुङबाट प्रकाशित हुने **नेबुला** र **गोर्खा** अनि **भारती** पत्रिकाले पनि सिक्किमका समाचारहरू प्रकाशित गरेका थिए।

सन् १९५७ मा काशीराज प्रधानको सक्रियतामा अनि नहकुल प्रधानको प्रकाशन एवम् सम्पादनमा सिक्किमको पहिलो व्यावसायिक समाचारप्रधान पत्रिका **कञ्चनजङ्घा**-को प्रकाशन भएदेखि सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको आरम्भ भएको हो।

# चौथो अध्याय

# नेपाली व्यावसायिक पत्रकारिताको थालनी र विकास प्रक्रिया

## ४.१ कञ्चनजङ्घा मासिक पत्रिकापूर्व नेपाली पत्रकारिताको स्थिति

सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको आरम्भ १९५७-मा **कञ्चनजङ्घा**-मासिक पत्रिकाको प्रकाशनसितै भएको हो, तथापि **कञ्चनजङ्घा** पत्रिकाको प्रकाशन हुनुभन्दा अघिको समग्र नेपाली पत्रकारिताको स्थिति के कस्तो रहेको थियो तत्सम्बन्धी पृष्ठभूमिस्वरूप अध्ययन गर्नु प्रासाङ्गिक हुनेछ।

### ४.१.१ छापाखानाको स्थापना

आधुनिक छापाखानाको आविष्कार हुनुभन्दा अघिदेखि नै भारतमा मुद्रण प्रविधिको प्रयोग हुन्थ्यो।पाँचहजार वर्षअघि सिन्धुघाटीको सभ्यतामा पाइएका कलात्मक चित्रअङ्कित छाप्ने मोहरहरूको प्रयोग, स्वर्णमुद्रा छापेर चलसम्पत्तिका रूपमा प्रयोग गरिनु आदिले भारतमा प्राचीनकालदेखि नै मुद्रण प्रविधि विद्यमान रहेको प्रमाणित हुन्छ।[१]

चीनमा सातौं-आठौं शताब्दीमा बौद्धग्रन्थ र सूत्रहरूको छपाई, सन् १३१४-मा कोरियाको वाङचाङले काठको टङ्कन ब्लगको निर्माण गरे भने सन् १३९२ मा कोरियामा धातुको टङ्कन ब्लगको निर्माण गरी महाराज यीद्वारा मुद्रणको थालनी भयो र १४०९-मा कोरियामा काष्ठ टङ्कनमा पुस्तक प्रकाशन भएको पाइन्छ।[२] सन् १४४०-मा जर्मन नागरिक जोहानेस गुटेनबर्गले छाप्ने यन्त्रको आविष्कार गरेर विश्वमा मुद्रण क्रान्ति ल्याउने

---

१ Anant Kakba Priolkar (1958); **The Printing Press in India,** Bombay : Marathi Samshodhana Mandala, pg.1.

२ पूर्ववत्, पृ. १-२ ।

काम गरे।[३] सन् १४५७-मा फोस्ट एन्ड स्चोइफरद्वारा पहिलो मुद्रित पुस्तक प्रकाशन गरिएको थियो।त्यसपछि इटाली (सन् १४६५), फ्रान्स (सन् १४७०), स्पेन (सन् १४७४), इङ्ग्ल्यान्ड (सन् १४७७), डेनमार्क (सन् १४८२), स्वीडेन (सन् १४८३), पोर्तुगल (सन् १४९५), रूस (सन् १५५३) हुँदै सन् १५५६-मा भारतमा पनि छापाखानाको प्रवेश भयो।[४]

६ सितम्बर, १५५६-मा इसाई धर्म प्रचारका लागि पुस्तक छाप्ने उद्देश्यले भारतको गोवामा छापाखानाको स्थापना गरिएको थियो।[५] सन् १५५७-मा गोवाबाट सन्त जेभियरको **डाउटरिना क्रिस्टा** नामक पुस्तक प्रकाशित भएको थियो, जसलाई भारतमा आधुनिक मुद्रणयन्त्रद्वारा प्रकाशित पहिलो पुस्तक मानिन्छ।[६] गोवामा छापाखानाको स्थापना भएपछि विभिन्न पुस्तकको प्रकाशन भए अनि एक शताब्दीपछि भारतका अन्य स्थानमा पनि छापाखानाको स्थापना हुनथाले। यस क्रममा सन् १६७४-७५ मा बम्बईमा, सन् १७१२ मद्रासमा, सन् १७७८-मा कलकत्ता नजिक हुगलीमा छापाखानाहरू स्थापना भए। सन् १७८०-मा कलकत्ताबाट जेम्स अगस्टस हिकीले भारतको पहिलो समाचारपत्रको रूपमा **बेङ्गाल ग्याजेट**-को प्रकाशन गरेपछि भारतमा पत्र-पत्रिका र समाचारपत्रहरूको प्रकाशन प्रारम्भ भएको हो।[७]

सन् १८२० मा कलकत्ताको हिन्दोस्तानी प्रेसबाट फिलिप परेराद्वारा कलकत्ताको फोर्ट विलियम कलेजका अरबी अनि फारसी भाषाका सहायक प्राध्यापक जेए एटनद्वारा

---

[३] भानुभक्त आचार्य र घमराज लुइँटेल, (वि स २०६९), **नेपाली पत्रकारिता**, (दो. सं.), काठमाडौं: प्रधान बुक हाउस, पृ.३०।

[४] Anant Kakba Priolkar; पूर्ववत्, पृ. २ ।

[५] पूर्ववत्-पृ. ३ ।

[६] पूर्ववत्-पृ. ८।

[७] पूर्ववत्-पृ. १०५ ।

अङ्ग्रेजी र नेपाली देवनागरी लिपिमा लेखिएको नेपाली भाषाको व्याकरण **ए ग्रामर अव् द नेपालीस् ल्याङ्वेज**- प्रकाशित भयो।[८] अहिलेसम्मको प्राप्त तथ्याङ्कअनुसार उक्त पुस्तक नै नेपाली भाषामा प्रकाशित पहिलो पुस्तक हो।[९] सन् १८२१-मा सेरामपुरको छापाखानाबाट क्यारेद्वारा नेपाली भाषामा तयार गरिएको **बाइबल** प्रकाशित भएको थियो।[१०] सन् १८२० र १८२१ मा नै अङ्ग्रेज नागरिकहरूको प्रयासमा नेपाली भाषामा पुस्तक प्रकाशन हुने क्रम प्रारम्भ भएको हो।

सन् १८५१-मा नेपालका प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायत भ्रमणबाट फर्केर आउँदा एउटा हाते प्रेस र त्यससंलग्न सामान साथमा ल्याएका थिए। उनले नै नेपालमा छापाखानाको स्थापना गरेको र त्यस छापाखानालाई *गिद्धे प्रेस*-को नामले चिनिएको थियो। नेपालमा स्थापना गरिएको पहिलो छापाखाना पनि यही नै थियो।[११] त्यसपछि सन् १८६० तिर मनोरञ्जन छापाखानाको स्थापना भएको पाइन्छ। यस छापाखानाले सन् १८६२ भन्दा अघि नै पुस्तक छाप्ने काम गरेको विषय **मोक्षसिद्धि** नामक पुस्तकमा प्रकाशित विज्ञापनले[१२] स्पष्ट पार्दछ। सन् १९०० सम्ममा नेपालमा दुई-तीनवटा छापाखानाको स्थापना भइसकेको सम्बन्धमा *नेपाल प्रेस कमिसनको रिपोर्ट २०१५*-मा उल्लेख गरिएको छ।[१३]बीसौं शताब्दीको थालनी सँगसँगै नेपालमा छापाखानाहरूको स्थापना हुने क्रम बढ्दै गयो। यी छापाखानाबाट हुलाकपत्र, लिफा, टिकट, सरकारी कागतपत्र, पुस्तकहरूको प्रकाशन सँगसँगै पत्रिकाहरूसमेत प्रकाशित हुनथाले।

---

८ JA Ayton, (1820); **A Grammar of the Nepalese Language**, Culcutta : Hindoostanee Press, Pg.Title Pg.

९ Kumar Pradhan, (1992); **Modren Nepali Litrature, Modern Indian Literature, an Anthology**, Vol I, Surveys and poems, New Delhi : Sahitya Akademi. pg 285.

१० Anant Kakba Priolkar; पूर्ववत्, पृ.-६६.

११ ग्रीष्मबहादुर देवकोटा (वि.स २०५९); **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास**, (ते. सं.) ललितपुरः साझा प्रकाशन, पृ. १८।

१२ पूर्ववत्, पृ. १९।

१३ पूर्ववत् ।

### ४.१.२ नेपाली पत्र-पत्रिकाको प्रकाशन

भारतको बनारसमा अध्ययनका निम्ति नेपालबाट आएका मोतीराम भट्टले भारत जीवन नामक प्रेसका मालिक बाबु रामकृष्ण वर्मासँग मिलेर सन् १८८७ मा **गोरखा भारत जीवन** नामक पत्रिका प्रकाशनमा ल्याएको कुरो थाहा लाग्छ,[१४] यद्यपि यस पत्रिकाको एउटै प्रति पनि हालसम्म उपलब्ध नहुँदा यसमा के कस्ता सामग्री प्रकाशित हुन्थे भन्ने कुरो गम्भीर खोजको विषय बनेको छ। हिन्दी भाषामा प्रकाशित **भारत जीवन** पत्रिकाको एक अङ्कमा प्रकाशित विज्ञापन अनि **गोर्खा हास्यमञ्जरी**-को आवरण पृष्ठमा प्रकाशित विज्ञापनले[१५] **गोरखा भारत जीवन** प्रकाशित भएको तथ्य पुष्टि गर्दछ।

**गोरखा भारत जीवन** पत्रिकाको विषयमा विभिन्न मत पाइन्छन्, जसलाई तल प्रस्तुत गरिन्छ:

१) तिनताक काशीबाट **भारत जीवन** भन्ने हिन्दी पत्रिका निस्कँदै थियो। यिनले त्यस पत्रिकाको नेपाली संस्करण **गोरखा भारत जीवन** प्रकाशित गराए। यसरी नेपाली पत्रिका जगत्मा पहिलो पत्रकार र सम्पादक पनि मोतीराम हुनपुगे।[१६]

२) यो हिन्दीको **भारत जीवन** पत्रमै गाँसिएर निस्केको थियो। यसको प्रति काशी विद्यापिठमा उपलब्ध छ भन्ने उल्लेख पाइन्छ।[१७]

---

[१४] हीरा छेत्री (सन् २०१२); **भारतीय नेपाली पत्रपत्रिकाको शताब्दी**, (दो. सं.), कालेबुङ : चरित्र प्रकाशन, पृ. २९।

[१५] पूर्ववत्, पृ.३०।

[१६] कृष्णप्रसाद पराजुली (वि स २०४३); **पन्ध्र तारा र नेपाली साहित्य**, (छै. सं.), ललितपुर : साझाप्रकाशन, पृ.१०।

[१७] हीरा छेत्री; पूर्ववत्, पृ.३०।

३) बनारसका तीनवटै विश्वविद्यालयहरू (काशी हिन्दू विश्वविद्यालय, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय र महात्मा गान्धी काशी विद्यापीठ) र कर्माइकल लाइब्रेरी तथा काशी नागरी प्रचारिणी सभाका पुस्तकालयमा समेत उक्त पत्रिका सुलभ हुनसकेको छैन।[१८]

**गोरखा भारत जीवन**-को प्रकाशनकाललाई लिएर पनि विद्वान्‌हरूमा मत भिन्नता पाइन्छ। उदाहरणार्थ, रामराज पौड्यालका अनुसार वि.सं १९५० (सन् १८९३), कमल दीक्षित वि.सं १९५० को छेउछाउ (सन् १८९३), ईश्वर बराल वि.सं १९५२ तिर (सन् १८९५), कुमार प्रधान सन् १८९५ र सन् १८८६, ग्रीष्मबहादुर देवकोटा वि.सं. १९४३ (सन् १८८६), रामलाल अधिकारी वि.सं. १९४३ (सन् १८८६), अभि सुवेदी सन् १८८६ र ८७, हीरा छेत्री सन् १८८७, के एम जर्ज सन् १८८६[१९] आदि मतहरू पाइन्छन्।

सन् १८९८ मा **सुधासागर** नामक मासिक पत्रिकाको प्रकाशनबाट सर्वप्रथम नेपालमा नेपाली पत्र-पत्रिकाको प्रकाशनको आरम्भ भएको थाहा लाग्छ। यो पत्रिका सन् १८९३ मा काठमाडौंको ठँहिटीमा स्थापना भएको *पशुपत प्रेस*-बाट प्रकाशित भएको थियो भन्ने उल्लेख पाइन्छ,[२०] तर आजसम्म यसको एक प्रति पनि फेला पर्नसकेको छैन, तथापि **नलोपाख्यान** नामक पुस्तकको कबर पृष्ठमा प्रकाशित तलको विज्ञापनले **सुधासागर** पत्रिका साउन महिनादेखि मासिक रूपमा प्रकाशन भएको पुष्टि गर्दछ —

> **यो बढो खुशीको बाद भयाको छ की हाम्रा गोर्खा भाषामा पनि ५५ सालका श्रावण मैना देखीन सुधासागर भन्या मासीकपत्र निस्क्याको छ जस्मा अनेक तरहका विघ्न आनन्द दिन्या श्लोककथाहरू समेत हाली प्रकाश हुन्छ।...**[२१]

---

[१८] पूर्ववत् ।

[१९] K M George(1992); **Modern Indian Literature, an Anthology: Surveys and poems**, Delhi: Sahitya Akademi, pg. 287

[२०] ग्रीष्मबहादुर देवकोटा ; पूर्ववत्, पृ.२८।

[२१] पूर्ववत्, पृ.२८।

**गोरखा भारत जीवन** र **सुधासागर** दुवै पत्रिका अप्राप्य रहेकाले नेपाली पत्रकारिताका यी दुई प्रारम्भिक पत्रिकापछि भारतको दार्जिलिङबाट प्रकाशित **गोर्खे खबर् कागत्**-लाई नै आजसम्मको प्राप्तिअनुसार नेपाली पत्रकारिताको पहिलो नेपाली समाचारपत्र मान्नुपर्ने देखिन्छ।

दार्जिलिङबाट पादरी गङ्गाप्रसाद प्रधानले सन् १९०१-को पहिलो जनवरीदेखि[२२] **गोर्खे खबर् कागत्** (मासिक खबरकागत) को प्रकाशन थालेर १ जुन, १९३० सम्म[२३] अर्थात् आफ्ना जीवनकालभरि नै सो पत्रिका प्रकाशित गरिरहे। उनले यो समाचारपत्र दार्जिलिङस्थित गोर्खा प्रेसबाट प्रकाशित गरेका थिए।[२४] अर्कातिर यस पत्रिकाका धेरैवटा अङ्कमा *यो कागत् सन् १९०१ ई. देखि निक्लनु थाल्येको। थाल्ने - सम्पादक, अधिपति, श्री गं.प्र.प्रधान (पादरी)*[२५] भनी सूचना छापिएकाले पनि यो पत्रिकाको प्रकाशन सन् १९०१ देखि नै भएको तथ्य स्पष्ट हुन्छ। यस समाचारपत्रमा समाचारलगायत साहित्यिक एवम् साहित्येत्तर विषयका विभिन्न सामग्री प्रकाशित हुन्थे। यस पत्रिकामा समाविष्ट विषय सम्बन्धमा तारानाथ शर्माले लेखेको आलोचनात्मक टिप्पणीको एउटा अंश तल प्रस्तुत गरिन्छः

> ***दार्जिलिङबाट नेपाली पादरी गङ्गा प्रधानको सम्पादनमा गोरखापत्र निस्केकै सालदेखि निस्केर चालिस वर्षसम्म चल्ने गोर्खे खबर् कागत्-को कुनै साहित्यिक महत्त्व छैन। बोलचालको अपरिष्कृत भाषामा छापिने स्थानीयताको छाप भएको***

---

[२२] सलोन कार्थक (सन् २०१२); *गोर्खे खबर् कागत्-को उबारु खबर*, नरबहादुर दाहाल र एडोन रोङगोङ (सम्पा.), **अजम्बरी गंगाप्रसाद प्रधान केदार गुरुङ र उपमान बस्नेत (सम्पा.) स्रष्टाहरूको दृष्टिमा**, सिलगडी : एकता बुक हाउस प्रा.लि. पृ. १७१।

[२३] पारसमणि प्रधान (सन् २०१२); *पादरी गंगाप्रसाद प्रधानबारे*, नरबहादुर दाहाल र एडोन रोङगोङ (सम्पा.), **अजम्बरी गंगाप्रसाद प्रधान केदार गुरुङ र उपमान बस्नेत (सम्पा.) स्रष्टाहरूको दृष्टिमा**, पूर्ववत्, पृ. १०।

[२४] पूर्ववत्।

[२५] सलोन कार्थक; पूर्ववत्, पृ.१७१।

*यो पत्रिका जीजस क्राइष्टका धार्मिक अर्तीहरू प्रचार गर्नमै सीमित रह्यो।*[२६]

यति हुँदाहुँदै पनि सलोन कार्थकलाई प्राप्त भएका कुल १३ वटा अङ्कमा मात्र *स्थाने, दिहाते, देसान्तरे* (स्थानीय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय) गरी कुल ४६९ वटा समाचार प्रकाशित भएको तथ्य फेला परेपछि यो पत्रिका समाचारपत्रकै रूपमा प्रकाशित भएको तथ्य प्रमाणित हुन्छ।[२७] **गोर्खे खबर् कागत्**-ले पारसमणि प्रधानका रचना तथा गजलहरू, मनबहादुर छेत्रीको कविता, उनकै मौलिक तथा अनूदित आख्यानहरू प्रकाशित गरेकाले यसको साहित्यिक महत्त्व अवश्यै रहेको स्पष्ट हुन्छ।[२८]

पादरी गङ्गाप्रसाद प्रधानले यस पत्रिकालाई व्यावसाहिक पत्रिकाका रूपमा प्रकाशन गर्ने प्रयास गरेको बारेमा यस पत्रिकाका निम्नलिखित नियमले स्पष्ट पार्दछन् -

१. प्रत्येक नयाँ वर्षमा वर्षभरिको पत्रिकाको मूल्य बुझाउनुपर्ने।

२. एक प्रतिको मूल्य एक आना, वार्षिक मूल्य एक रुपियाँ रहेको थियो।

३. ग्राहक हुन चाहनेले अग्रिम रुपियाँ पठाउनुपर्ने।

४. ठेगाना परिवर्तन भए नयाँ ठेगाना लेखाउनुपर्ने र ठेगाना ठिकसित लेख्नुपर्ने।

५. पत्रिका डाक सेवाबाट पठाउने व्यवस्था।

६. सेतो रङ्गको कागजको मूल्य १ रुपियाँ ५० पैसा र बदामी रङ्गको कागजमा १ रुपियाँ।

७. पत्रिकामा विज्ञापनहरूको प्रकाशन।[२९]

**गोरखापत्र** पत्रिकाको पहिलो अङ्क ३०, अप्रेल १९०१ (१९५८ वैशाख २४ गते) मा काठमाडौं नेपालबाट प्रकाशित भएको थियो।[३०] संवत् १९५८ ज्येष्ठ वदी ३ सोमबार'

---

[२६] ताना शर्मा (वि स २०२७); **नेपाली साहित्यको इतिहास**, ललितपुर : साझा प्रकाशन, पृ. ९०।

[२७] सलोन कार्थक; पूर्ववत्, पृ.१७५।

[२८] हीरा छेत्री; पूर्ववत्, पृ. २९-३०।

[२९] सलोन कार्थक; पूर्ववत्, पृ.१७२।

भनेर लेखिएको गोरखापत्रको पहिलो अङ्कको मितिका आधारमा दीक्षितले १९५८ वैशाख २४ गते सोमबार हो भनेर पत्ता लगाएपछि गोरखापत्रले वार्षिकोत्सव मनाउँदै आएको छ।[३१] **गोरखापत्र** पहिले साप्ताहिक रूपमा प्रकाशित हुने गर्थ्यो। सन् १९०१ मा उच्च शासकको रेखदेखमा प्रकाशित हुने **गोरखापत्र** गैरसरकारी स्तरमा स्थापना भएको पाशुपत छापाखानामा छापिन्थ्यो। पण्डित नरदेव पाण्डे यसका मुद्रक र प्रथम व्यवस्थापक थिए। तर सन् १९३४ अर्थात् **गोरखापत्र** प्रकाशित हुन थालेको ३३ वर्षपछि मात्र यसका सम्पादकको नाम छापिन थाल्यो। यस पत्रिकामा पहिलो पटक सम्पादकको नाम प्रकाशित हुने प्रथम सम्पादक प्रेमराज थिए। हप्ताको एकपटक प्रकाशित हुने **गोरखापत्र** सन् १९४३ अक्टुबरदेखि हप्ताको दुई पटक, सन् १९४६ को दिसम्बरदेखि हप्ताको तीनपटक र सन् १९६० को फरवरीदेखि दैनिक रूपमा प्रकाशित हुन थाल्यो।

राणा प्रधानमन्त्री देवशमशेरको प्रयासमा थालिएको **गोरखापत्र**ले राणाकालीन नेपालमा एउटै पनि पत्रिका नभएका बेला एकातिर सरकारी समाचारसितै नेपालमा जनचेतना विकसित गर्नमा र  सिर्जनधर्मीलाई मञ्च प्रदान गर्नमा महत् भूमिका निर्वाह गरेको थियो। हालसम्म पनि यस पत्रिकाले नेपाली भाषाको विकास सँगसँगै साहित्यको विकासमा पनि ठुलो योगदान दिँदै आइरहेको छ। देवशमशेरलाई पद्च्युत गराएर प्रधानमन्त्री बनेका चन्द्र शमशेरको कठोर शासन व्यवस्थामा यस पत्रिकाले नेपालका साधारण नागरिकलाई सुसूचित गर्न ठुलो भूमिका निर्वाह गरेको देखिन्छ।

सन् १९०२ मा भारतको बनारसबाट सदाशिव शर्माको सम्पादनमा उपन्यासप्रधान साहित्यिक पत्रिका **उपन्यास तरङ्गिनी,** सन् १९०६-मा देवीदत्त पराजुली र सोमनाथ

---

[३०] पूर्णप्रसाद मिश्र (सन् १९१६); *गोरखापत्रका पुरेत,* http://thahakhabar.com/news/7647

[३१] पूर्ववत्।

सिग्द्यालको सम्पादनमा बनारसबाटै **सुन्दरी** नामक साहित्यिक पत्रिकाको प्रकाशन प्रारम्भ भयो। यी दुवै पत्रिका मासिक रूपमा प्रकाशित भए तापनि **उपन्यास तरङ्गिनी** दुई अङ्क र **सुन्दरी** १३ अङ्कसम्म प्रकाशित भएपछि बन्द भए।

सन् १९०२ मा बनारसबाट सदाशिव शर्माद्वारा सम्पादित **उपन्यास तरङ्गिनी** हालसम्मको प्राप्तिअनुसार नेपाली भाषाको पहिलो साहित्यिक पत्रिका हो। यस पत्रिकामा सदाशिव शर्माको **महेन्द्रप्रभा** अनि **लाक्षारञ्जितस्फटिकस्तम्भ** उपन्यास (दुवै अपूर्ण उपन्यास) प्रकाशित भएका थिए। दुई अङ्क प्रकाशन भएको **उपन्यास तरङ्गिनी** मासिक भनेर थालिएको तापनि ग्राहकको अभावमा बन्द भएको थियो। त्यसको दोस्रो अङ्कमा *त्राही त्राही त्राही* शीर्षकमा ग्राहकको अभावमा पत्रिकालाई जोगाउन कठिन परिरहेको उल्लेख गरिएको छ —

> **आज हाम्री मातृ (गोर्खा) भाषा जगत्मा आधार नपाई रुमदिछिंदी घर २ सरण माग्दै फिर्दछिन् तापनि श्रीमानहरूबाट यीन्को एक पुछारितक नगरी नगरी लाई लाई नै सर्व गुण आगरी तरूण कामिनीका तुल्य आनन्द दायिनी जानी सेवन गर्न लाग्नु भयाको देखी त्राहि ! त्राहि ! त्राहि ! भगवन भन्दी आफ्ना दुई हात आकाशतिर उठाई तपोवनका वायुमा लीन हुन आंटेकी छंदी कौरवका सभामा द्रुपदराजाले उस परब्रम्म परमात्माको स्मरण गरि विलाप गरे झैं गरी ई पनि प्रभुको स्मरण गरी विलाप् गर्दी छंदी प्रभुको चरणमा शरण परेकी छन् प्रभु जो दया।** [३२]

सन् १९०६ को जुन-जुलाई महिनादेखि गङ्गादत्त शर्माद्वारा रसिक समाजको नाममा हितचिन्तक प्रेसमा छापिएर **सुन्दरी** मासिक पत्रिकाको प्रकाशन थालिएको थियो। नेपालबाट

---

[३२] ग्रीष्मबहादुर देवकोटा; पूर्ववत्, पृ. ४३।

बनारसमा अध्ययन गर्न आएका सोमनाथ सिग्द्याल, देवीदत्त पराजुली, चक्रपाणि चालिसे, विष्णुप्रसाद भण्डारी आदिको सत्प्रयासमा प्रकाशन हुनथालेको **सुन्दरी** पत्रिका वर्ष २ अङ्क २ सम्म प्रकाशित भएपछि बन्द भयो।[३३] **सुन्दरी**-का कुल १३ वटा अङ्क प्रकाशित भएको पाइन्छ।[३४] **सुन्दरी**-मा पद्य अथवा शृङ्गार भावका कविताहरू बढी मात्रामा प्रकाशित भएका थिए, तथापि यसमा केही गद्यात्मक रचना तथा रामप्रसाद सत्यालका *मधुवाला, कलावती* र *लिलावती,* रसिकको *विलासिनी,* सदाशिव शर्माको *सुन्दरीभुषण* आदि उपन्यास पनि धारावाहिक रूपमा प्रकाशनमा आएका थिए।[३५] **सुन्दरी** पत्रिकाले युगानुकूल शृङ्गारिक धारालाई प्रधानता दिएको कारण नीतिवादी साहित्यकारहरूले यसलाई *भडुवी* भनेर पनि विरोध गरिएको पाइन्छ।[३६] **सुन्दरी**ले नेपाली साहित्यलाई कविता, काव्य, समस्यापूर्ति, प्रहसन, उपन्यास, चर्चा-परिचर्चा, धार्मिक श्लोकहरू दिएर अल्पकालमा नै महत् योगदान पुऱ्याएको ठानिन्छ।

पण्डित मातृकाप्रसाद शर्मा अधिकारीको छद्मनाममा बनारसबाटै राममणि आ. दी. ले कार्तिक पूर्णिमा सन् १९०८ देखि **माधवी** नामक पत्रिकाको प्रकाशन आरम्भ गरे। *हामरी नेपाली भाषामा न कोइ बेस व्यकर्ण छ, न कोइ बेस कोस छ, न कोइ विशेश उपयोगी विषयका पुस्तकहरू छापिएका छन्। ती सब अभावको पनि यथा सम्भव पूर्ति गर्ने विचार गर्दछु . . .*[३७] भनी यसको पहिलो अङ्कको सम्पादकीयमा राममणि आ. दी. ले लेखेका छन्। यसले एकातिर पद्यलाई भन्दा गद्यलाई बढी महत्त्व दिएको थियो भने यस पत्रिकाका

---

[३३] पूर्ववत्, पृ. ४३-४४।

[३४] हीरा छेत्री; पूर्ववत्, पृ. ३६।

[३५] पूर्ववत्, पृ. ३८।

[३६] शरद्चन्द्र शर्मा (भट्टराई) (सन् १९८१); **नेपाली साहित्यको इतिहास** (माध्यमिककाल), कीर्तिपुर : पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय, पृ. ८८।

[३७] ग्रीष्मबहादुर देवकोटा; पूर्ववत्, पृ. ४४।

माध्यमबाट *हलन्त बहिष्कार* जस्तो भाषिक आन्दोलन पनि चलाइएको थियो।[३८] आठ अङ्कसम्म प्रकाशित भएर बन्द भएको **माधवी**-मा शम्भुप्रसाद ढुङ्गेल, लेखनाथ पौड्याल, राममणि आ.दी. का पद्य, तारानाथ शर्मा, राममणि आ. दी., रामप्रसाद सत्याल, धर्मदत्त शर्मा, सदाशिव शर्मा आदिका गद्य रचनाहरू प्रकाशित भएका पाइन्छन्।**माधवी** पत्रिकाले शृङ्गारधाराको विरोध गर्दै समाजलाई नैतिक, धार्मिक एवम् आध्यात्मिक शिक्षा दिने चेष्टा गरेको थियो।[३९]

सन् १९१२ मा कलकत्ताबाट हरिसिंह थापाको सम्पादनमा **गोर्खा साथी** नामक पत्रिका प्रकाशित भएको थियो।**गोर्खा साथी**को प्रकाशनकालका सन्दर्भमा कुमार प्रधान र हीरा छेत्रीको मत भिन्नता पाइन्छ।हीरा छेत्रीले यसको प्रकाशनकाल सन् १९१२ बताएका छन् भने कुमार प्रधानले सन् १९०७ बताएका छन्।[४०]

सन् १९१४ को सितम्बर महिनादेखि बनारसबाट माधवप्रसादको सम्पादनमा **चन्द्र** मासिक पत्रिकाको प्रकाशन थालियो। १२ अङ्कसम्म[४१] प्रकाशित भएर अगस्त १९१५[४२] मा बन्द भएको यस पत्रिकाका सम्पादक गैरनेपाली (बिहारी)[४३] थिए। **चन्द्र** पत्रिकाले पद्यभन्दा गद्य साहित्यलाई महत्त्व दिएको हुँदा यसलाई गद्यप्रधान पत्रिका पनि भन्न सकिन्छ भन्ने मत पाइन्छ।[४४] नेपाली साहित्यमा यस पत्रिकाले केही महत्त्वपूर्ण कोशेढुङ्गो स्थापित गरेको अनुभव गर्न सकिन्छ। यस पत्रिकाले जीवनी साहित्यलेखनको विकासमा पनि

---

[३८] शरदचन्द्र शर्मा (भट्टराई); पूर्ववत्, पृ. ८९।
[३९] पूर्ववत्, पृ. ८९।
[४०] हीरा छेत्री; पूर्ववत्, पृ. ४०।
[४१] शरदचन्द्र शर्मा (भट्टराई); पूर्ववत्, पृ. ९०।
[४२] हीरा छेत्री; पूर्ववत्, पृ.४०।
[४३] शरदचन्द्र शर्मा (भट्टराई); पूर्ववत्, पृ. ९०।
[४४] हीरा छेत्री; पूर्ववत्, पृ. ४१।

महत्त्वपूर्ण योगदान दिएको छ।[४५] यसले महिला स्रष्टालाई साहित्यलेखनतर्फ प्रोत्साहित गर्ने काम गरेको छ।[४६] यसका माध्यमबाट सुकेशी, नवीनादेवी, अनसूयाजस्ता नारी हस्ताक्षरको साहित्यिक आगमन भएको पाइन्छ।

सन् १९१५ को सितम्बर (वि.स. १९७२ अशोज ११ गते) देखि माधवप्रसाद रेग्मी र सूर्यविक्रम ज्ञावलीको प्रयासमा बनारसको हिमालय प्रेसबाट साप्ताहिक पत्रिकाका रूपमा **गोर्खाली** पत्रिकाको प्रकाशन थालियो। ग्राहकका अभावमा वर्ष २ अङ्क ३ सम्म निस्किएर केही समय स्थगित भई फेरि १९१७ को फरवरी महिनादेखि एल. पी. शर्माको प्रकाशनमा वर्ष २ अङ्क ७ सम्म निस्किएर यसको प्रकाशन पुनः बन्द भयो।[४७] यस पत्रिकाले भाषाको शुद्धतालाई महत्त्व दिएको थियो भने नेपालका राणा शासकहरूको विरोधसमेत गरेको थियो।[४८] यस पत्रिकामा जातिसम्बन्धी सुधारपरक लेख र कविताबाहेक नेपालका शासकहरूका कुनीति दर्शाउने सामग्री पनि छापिन्थे। यसका नियमित लेखकहरूमा सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, रामचन्द्र अधिकारी, जीतबहादुर राणा, लक्ष्मीप्रसाद सापकोटा, दीनानाथ सापकोटा, लेखनाथ पौड्याल, शम्भुप्रसाद ढुङ्गेल आदि थिए।[४९] यस पत्रिकाको योगदानको प्रशंसा गर्दै **चन्द्रिका** पत्रिकाले लेखेको छ -

> **काशीबाट गोर्खाली नामक एक उत्तम साप्ताहिक पत्रले जन्मग्रहण गरेको आज दुई वर्ष हुँदैछ।हाम्रो तुच्छ बुद्धिमा ता यस पत्रले गोर्खा**

---

[४५] पूर्ववत्, पृ. ४१।

[४६] शरदचन्द्र शर्मा (भट्टराई); पूर्ववत्, पृ. ९०।

[४७] ग्रीष्मबहादुर देवकोटा; पूर्ववत्, पृ. ४५-४६।

[४८] शरदचन्द्र शर्मा (भट्टराई); पूर्ववत्, पृ. ९०।

[४९] पूर्ववत्,पृ. ९१।

**भाषाको उन्नतिको लक्ष्य लिई सारा गोर्खालीलाई जतिको साहस दियो उत्तिको आजसम्म कुनै गोर्खाली पत्र-पत्रिकाले दिएको छैन।**[५०]

वर्ष २ अङ्क ७ सम्म प्रकाशित भई बन्द भएको यस पत्रिकालाई नेपाली ट्रेडिङ एन्ड पब्लिसिङ कम्पनीको निम्ति मणिसिंह गुरूङले हिमालय प्रेसमै छपाई **गोर्खाली** नामबाटै अर्को सासाहिक पत्रिका निकालेको ग्रीष्मबहादुर देवकोटाले उल्लेख गरेका छन्।[५१] तर शरदचन्द्र शर्मालेे चोला फेरेर प्रकाशन भएको[५२] अनि हीरा छेत्रीले यसै नामको अर्को सासाहिक पत्रिका उसै प्रेसबाट चार वर्षपछि प्रकाशित भएको[५३] भनी उल्लेख गरेका छन्।

१४ जनवरी, १९१८ देखि खरसाङको हरि प्रिन्टिङ प्रेसबाट पारसमणि प्रधानको सम्पादनमा **चन्द्रिका** मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो र कुल २० अङ्क प्रकाशित भएपछि पाठक तथा ग्राहकका अभावका कारण १९ अगस्त, १९१९ मा यो पत्रिकाको प्रकाशन बन्द भयो।[५४] भाषा-साहित्यको सेवाका अतिरिक्त यस पत्रिकाले युगानुकूल चेतना छर्ने काम पनि गरेको थियो।[५५] भाषिक एकरूपता यस पत्रिकाको मूल उद्देश्य थियो —

**संपूर्ण नेपाली भाषा एक प्रकारका हऊन् तथा सारा नेपाली जाति एक्यता देवीका मन्दिरमा एकत्र भै, अनेक बलीका उन्नति रूपी मूर्तिहरूका दर्शन गरून् भन्ने अभिप्राय ली यस 'चन्द्रिका'-ले जन्म ग्रहण गर्ने इच्छा गरेकी हुन्।**[५६]

**चन्द्रिका**ले नेपाली भाषाको एकरूपताका लागि आफ्नो प्रकाशन अवधिभरि हेमराज

---

[५०] पूर्ववत्।

[५१] ग्रीष्मबहादुर देवकोटा, पूर्ववत्, पृ.४६।

[५२] शरदचन्द्र शर्मा (भट्टराई); पूर्ववत्, पृ. ९१।

[५३] हीरा छेत्री; पूर्ववत्, पृ.४७।

[५४] पूर्वतत् पृ.१८-१९।

[५५] शरदचन्द्र शर्मा (भट्टराई); पूर्ववत्, पृ. ९२।

[५६] पूर्वतत् ।

शर्माको **चन्द्रिका व्याकरण**अनुरूप भाषाको आदर्शलाई अँघाल्ने चेष्टा गरिरह्यो।[५७] **चन्द्रिका**-को भाषामाथि टिप्पणी गर्दै पादरी गङ्गाप्रसाद प्रधानले *काशीभाषे बोली* भनी संस्कृतमुखी भएको आरोप पनि लगाएका थिए।[५८]

२० अङ्कसम्म प्रकाशित भएर बन्द भएको **चन्द्रिका** पत्रिकामा जम्मा १४० वटा विभिन्न रचना प्रकाशित भएका थिए। यसमा लेखनाथ पौड्याल, शम्भुप्रसाद शर्मा, धरणीधर शर्मा, रामप्रसाद सत्याल, तारानाथ शर्मा, दीनानाथ सापकोटा आदिका पद्य रचना अनि मणिनारायण प्रधान, शेषमणि प्रधान, मणिसिंह गुरूङ, बैजनाथ जोशी, प्रतिमानसिंह लामा, सूर्यविक्रम ज्ञवाली, शम्भुप्रसाद शर्मा आदिका गद्य रचना प्रकाशित भएका पाइन्छ। **चन्द्रिका**मा नेपाल र भारत दुवैतर्फका लेखक-कविलाई समान अवसर प्रदान गरिएको भए तापनि यसमा काशीका लेखक-कविलाई प्राथमिकता दिइएको र स्थानीय कवि-लेखक कोही नजन्माएको आरोप पाइन्छ।[५९] तर यसमा कालेबुङका शेषमणि प्रधान, श्रीमती श्रीमती कुमुदिनी, दार्जिलिङका मोदनीप्रसाद उप्रेती, खरसाङका मणिनारायण प्रधान र प्रतिमानसिंह लामा, शिलोङका मणिसिंह गुरूङ, बम्बईकी दुर्गादेवी आ. दी., कलकत्ताका वैद्यगुरू लक्ष्मीकान्त आर्याल, अच्युतानन्द श्रेष्ठ आदिका रचनाहरू विभिन्न अङ्कमा प्रकाशित भएकाले यसले भारतका विभिन्न स्थानका लेखकलाई समेट्ने प्रयास गरेको बुझिन्छ।

[५७] पूर्वतत् ।

[५८] हीरा छेत्री; पूर्ववत्, पृ. ५३।

[५९] पूर्ववत्, पृ. ५४

**चन्द्रिका**-मा पद्यभन्दा गद्य धेर, गद्यमा पनि निबन्ध र प्रबन्धले धेरै फस्टाउने अवसर प्राप्त गरेको थियो।[६०] नेपाली भाषा-साहित्यको विकासमा **चन्द्रिका**-ले महत्त्वपूर्ण योगदान दिँदै भाषिक शुद्धता, एकरूपता र स्तरीयतालाई प्राथमिकता दिएको थियो।

सन् १९२२-को जुन महिनादेखि काशीबाट सूर्यविक्रम ज्ञवालीको सम्पादनमा **जन्मभूमि** मासिक पत्रिका चार अङ्कसम्म प्रकाशित भएको पाइन्छ।[६१] पत्रिका बन्द भएकै कारण ज्ञवाली दार्जिलिङ आएका थिए। **जन्मभूमि**-मा सामाजिक जागरण र उन्नयनविषयक लेखले प्रधानता पाएका थिए।[६२]

सन् १९२४ देखि कलकत्ताबाट गोपालसिंहको सम्पादनमा **गोर्खा मित्र** नामक पाक्षिक पत्रिका प्रकाशित भयो।[६३] **गोर्खा मित्र** विषयक *विविध समाचार* शीर्षकअन्तर्गत ३० नोभेम्बर, १९२६ को **गोर्खा संसार**-को चौथो अङ्कमा प्रकाशित समाचार निम्नप्रकार रहेको छ-

**गोर्खा मित्र**

**श्रीमान गोपालसिंह जी का सम्पादकत्वमा**

> **'गोर्खा मित्र' नामक पाक्षिक पत्र नेपाली भाषामा ११५ मछुवा बजार स्ट्रीट पो. बाउ बजार, 'गोर्खा मित्र' प्रेस कलकत्ताबाट प्रकाशित हुन्छ।पत्रको वार्षिक मूल्य रू १) रुपिया मात्र छ। पत्रको नीति कला कौशलको प्रचार गर्नू मुख्य निर्दिष्ट छ। स्वदेशी समाचार पनि यथा समय प्रकाशित हुँदै**

---

[६०] पूर्ववत्, पृ. ५३ ।
[६१] पूर्ववत्, पृ. ५६।
[६२] पूर्ववत्।
[६३] पूर्ववत्।

**गर्दछन्। आशा छ गोर्खाली बन्धु यसका ग्राहक भै यसलाई उन्नति अवश्य दिनु होला।** [६४]

माथिको उद्धरणले **गोर्खा मित्र** पाक्षिक पत्रिका र यसका सम्पादक गोपालसिंह नै रहेको पुष्टि गर्दछ। सन् १९२६-को अन्तिम महिनातिर प्रकाशित यस पत्रिकामा आएको देशी समाचारहरू पनि प्रकाशित हुने गरेको थियो भन्ने स्पष्ट हुन आउँछ। अर्कोतिर गणेशकुमार प्रधानले **गोर्खा मित्र** पत्रिकाको सम्पादक हरिसिंह थापा रहेको उल्लेख गर्दै सन् १९१२-मा हरिसिंह थापाको सम्पादनमा कलकत्ताबाट **गोर्खासाथी** नामक अर्को पत्रिका पनि प्रकाशन भएको उल्लेख गर्नका साथै **गोर्खासाथी**-लाई चाहिँ कलकत्ताको प्रथम नेपाली पत्रिका मानेका छन्। [६५] **गोर्खासाथी** प्रकाशन हुन्थ्यो भन्ने पुष्टि १५ मार्च १९२७ को **गोर्खा संसार**-मा प्रकाशित एउटा *मनको तरंग* शीर्षकको पत्रात्मक लेखमा पनि गरिएको छ। [६६]

४ नोभेम्बर, १९२६ देखि देहरादूनबाट ठाकुर चन्दनसिंहको सम्पादनमा गोर्खा लीगको मुखपत्रका रूपमा **गोर्खा संसार** साप्ताहिक पत्रिकाको प्रकाशन थालियो। नेपाली गद्य साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएको **गोर्खा संसार**-ले नेपाली आधुनिक कथा साहित्यको घडेरी बसाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। यसको पहिलो अङ्कमा नै *लाहुरे* उपनाममा सूर्यविक्रम ज्ञवालीको *देवीको बली*[६७] शीर्षकको कथा प्रकाशित भएको थियो। त्यसपछि ठाकुर चन्दनसिंह, रूपनारायण सिंह, लावण्यमयी देवीजस्ता कथाकारका कथा क्रमशः प्रकाशित भएका पाइन्छन्। नेपाली कथा साहित्यका प्रथम

---

[६४] ठाकुर चन्द्रसिंह (सम्पा)(३० नोभेम्बर, १९२६), **गोर्खा संसार**, देहरादून: गोर्खालीग, वर्ष १, किरण ४, पृ. १३ ।

[६५] गणेशकुमार प्रधान (सन् २००७); **कलकत्ता, हामी र हाम्रो समाज**, कोलकाता: साहित्य चिन्तन प्रकाशन, पृ. १८।

[६६] ठाकुर चन्द्रसिंह (सम्पा) (सन् १९२७); **गोर्खा संसार**, देहरादून: गोर्खालीग, वर्ष १, किरण १८, पृ.-१३।

[६७] हीरा छेत्री; पूर्ववत्, पृ.-५७।

आधुनिक कथाकार मानिएका रूपनारायण सिंहका *परिवर्तन* र *अन्नपूर्णा* पनि यसै पत्रिकामा प्रकाशित भएका थिए। १५ फरवरी, १९२७ को **गोर्खा संसार**-को १४औं अङ्कमा प्रकाशित *परिवर्तन* कथा रुपनारायण सिंहको पहिलो कथा हो भने यसै पत्रिकाको १६औं अङ्कमा प्रकाशित *अन्नपूर्णा* दोस्रो कथा हो।

**गोर्खा संसार**को ३० नोभेम्बर १९२६ मा प्रकाशित चौथो अङ्कमा सिक्किमका मानवीरसिंह रसाइलीको *बाल शिक्षा प्रबन्ध* शीर्षकको लेख प्रकाशित भएको पाइन्छ। हालसम्मको प्राप्तिअनुसार यही लेखलाई सिक्किमतर्फको पहिलो लेख मान्न सकिन्छ। यसैका माध्यमबाट सिक्किममा नेपाली साहित्य र पत्रकारिता विधा छापामा आएको हो।

**गोर्खा संसार**ले साहित्यका प्राय: सबै विधालाई समेट्ने प्रयास गरेको थियो। यसमा कविता, काव्य, निबन्ध, नियात्रा, एकाङ्की, समीक्षा, कथाका अतिरिक्त अनूदित लेख र कथालाई पनि स्थान दिइएको थियो। यसमा भारत, नेपाल, पाकिस्तान, बर्मा, सिक्किमका रचनाकारका रचनाहरू प्रकाशित भएका थिए, जसबाट यसको लोकप्रियताबारे अनुमान लगाउन सकिन्छ। **गोर्खा संसार** वर्ष २ र अङ्क ४३ सम्म प्रकाशित भएर बन्द भयो।

यस पत्रिकामा समाचार तथा प्रतिवेदनहरू पनि धेरै मात्रा प्रकाशित भएका थिए। गोर्खा लीगको मुखपत्र भएको हुँदा जातिको सुधार यस पत्रिकाको मूल लक्ष्य रहेको थियो।

**गोर्खा संसार** बन्द हुनुका मूल कारण गोर्खा लीगभित्रको कलह रहेको ठाकुर चन्दनसिंहको निम्न कथनबाट स्पष्ट हुनआउँछ-

> **गोर्खा संसार भन्ने साप्ताहिक समाचार पत्रको संचालन गरेको थियो जसको लगभग दुई वर्षसम्म मैले अनरेरी एडिटर भई सम्पादन गरें। तर लीगमा जति मुख उति कुरा भएको देख्दा र नाना प्रकारको मथमतान्तर उठेको**

**देख्दा मैले यो निश्चय गरें कि जो प्रचार स्वतन्त्र पत्रद्वारा हुनसक्छ उ गोर्खा समाजको वर्तमान अवस्थामा लीगद्वारा पनि हुन सक्दैन।** [६८]

सन् १९२७ देखि बनारसबाट **राजभक्ति** नामक साप्ताहिक पत्रिकाको प्रकाशन भएको थियो। १५ फरवरीमा प्रकाशित **गोर्खा संसार**-को १४औं अङ्कमा राजभक्ति प्रकाशन हुने सङ्केत दिइएको पाइन्छ। [६९]

ठाकुर चन्दनसिंहको सम्पादनमा प्रकाशित भएको **गोर्खा संसार** बन्द भएपछि उनकै सम्पादनमा सन् १९२८ को अगस्त महिनादेखि **तरूण गोर्खा** नामक पत्रिकाको प्रकाशन हुन थाल्यो। साप्ताहिक रूपमा थालिए तापनि यो मासिक रूपमा २९ अङ्कसम्म प्रकाशित भएर बन्द भएको थियो। [७०] यो पत्रिका नवीन गोर्खा मण्डलको मुखपत्रका रूपमा प्रकाशित भएको थियो र राजनीतिक सुधार नै यसको लक्ष्य थियो। [७१] **तरूण गोर्खा**-मा एकाङ्कीहरू प्रकाशित भएका र एकाङ्की साहित्यको विकासमा यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ।

**गोर्खा संसार** र **तरूण गोर्खा** बन्द हुनुमा नेपालको राणा शासनको कुटनैतिक षडयन्त्र रहेको बुझिन्छ। यी दुवै पत्रिकाले राणा शासनको विरोध गरेको हुँदा त्यस बेलाका राणा प्रधानमन्त्री चन्द्र शमशेरले देव शमशेरका छोरा हेम शमशेरलाई यी दुई पत्रिका बन्द गराउन खटाएको तथा अङ्ग्रेज सरकारलाई बिन्ति चढाएर पत्रिका बन्द गराएको र यी दुवै पत्रिकाले ब्रिटिस-भारत सरकार र राणा शासनको नीतिको विरोध गरेको हुँदा अङ्ग्रेजले पनि यी पत्रिका बन्द गराएको बुझिन्छ। [७२]

---

[६८] पूर्ववत्, पृ.४८।

[६९] ठाकुर चन्द्रसिंह (सम्पा)(सन् १९२७); **गोर्खा संसार**, देहरादून, गोर्खालीग, वर्ष १, किरण १४, पृ.-१३।

[७०] हीरा छेत्री; पूर्ववत्, पृ.६०।

[७१] ग्रीष्मबहादुर देवकोटा; पूर्ववत्.पृ. ४७।

[७२] पूर्ववत्, पृ.४८।

जनवरी १९३० देखि कालेबुङबाट शेषमणि प्रधानको सम्पादनमा **आदर्श** मासिक पत्रिकाको प्रकाशन हुन थाल्यो। ८ अङ्कसम्म निस्केर अगस्त १९३० मा बन्द भएको **आदर्श** पत्रिकामा साहित्य तथा कृषि, व्यापार वाणिज्यजस्ता साहित्येत्तर सामग्री पनि प्रकाशित हुन्थे।

२५ मई, १९२४ का दिन स्थापना भएको दार्जिलिङको नेपाली साहित्य सम्मेलनले जनवरी १९३२ देखि पद्मप्रसाद प्रधानको सम्पादनमा सम्मेलनको मुखपत्रका रूपमा **नेपाली साहित्य सम्मेलन पत्रिका**-को त्रैमासिक प्रकाशन गर्न थाल्यो। यस पत्रिकाको पहिलो अङ्कमा सम्मेलनका विवरणहरू प्रकाशित भएका थिए। सम्मेलनकै कार्यकलापको विवरण आफ्ना सदस्यलाई दिने उद्देश्यले प्रकाशन गर्न थालिएको यस पत्रिकामा सम्मेलनको कार्यविवरण छापी बाँकी रहेका खाली ठाउँमा साहित्यिक रचना प्रकाशित गरिन्थ्यो।[७३] त्रैमासिक रूपमा थालिए पनि यो पत्रिका ६ वर्षमा ७ अङ्क मात्र प्रकाशित भएर बन्द हुन पुग्यो।[७४] यसमा २९ वटा गहकिला साहित्यिक रचना प्रकाशित भएका पाइन्छन्।[७५] **नेपाली साहित्य सम्मेलन पत्रिका**-मा पारसमणि प्रधान, धरणीधर शर्मा, रूपनारायण सिंह, लेखनाथ पौड्याल, दीननाथ सापकोटा, सूर्यविक्रम ज्ञवाली, गोपालसिंह नेपालीजस्ता स्थापित लेखक-कविका रचनाहरू प्रकाशित छन्।

सन् १९३३ को दिसम्बरमा दार्जिलिङबाट अगमसिंह गिरीको सम्पादनमा **गोर्खाली रवि** नामक पत्रिका प्रकाशित भयो, तर यो पत्रिका पनि लामो समयसम्म चल्न सकेन।

९ फरवरी १९३५ देखि दार्जिलिङ जिल्लाभरि छरिएका बसेका नेपाली, भोटे, लाप्चे जातिलाई एकताको सूत्रमा बाँध्ने उद्देश्य लिएर कालेबुङबाट के. डी. प्रधानको सम्पादनमा

---

[७३] पूर्ववत्, पृ. ६३।
[७४] पूर्ववत् ।
[७५] पूर्ववत् ।

**नेबुला** मासिक पत्रिकाको प्रकाशन भएको थियो। १ वर्षमा १२ वटा अङ्क प्रकाशित भएपछि **नेबुला** परिवारमा उत्पन्न अन्तरकलहका कारण जनवरी १९३६ पछि यो पत्रिकाको प्रकाशन पनि बन्द भयो।[७६] यसमा पारसमणि प्रधान, ए.बी गुरूङ, एच.एस गहतराज, शेषमणि प्रधान, हायमानदास राई किरात, देवकुमारी भण्डारी आदिका गहकिला रचना प्रकाशित भएका थिए। सन् १९३५ देखि थालिएको **नेबुला** पत्रिका १९३६ मा बन्द भएपछि सन् १९३७ मा यसको नाम फेरिएर **परिवर्तन** शीर्षकमा प्रकाशित भयो। तर यो पनि १२ अङ्कसम्म प्रकाशित भएर बन्द भयो।[७७]

नेपाली साहित्यिक पत्रकारिताका क्षेत्रमा आफ्ना छुट्टै एवम् महत्त्वपूर्ण स्थान बनाएर नेपाली साहित्यका प्राय: सबै विधामा आधुनिकता भित्र्याउने श्रेय काठमाडौंबाट प्रकाशित हुने **शारदा** मासिक पत्रिकालाई दिन सकिन्छ। काठमाडौंबाट ऋद्धिबहादुर मल्लको सम्पादनमा फरवरी १९३५[७८] देखि यस पत्रिकाको प्रकाशन थालिएर २८ वर्ष निरन्तर प्रकाशित भई १९६३[७९] मा यसको प्रकाशन बन्द भयो। **गोरखापत्र**-को प्रकाशन थालिएको भएको प्रायः ३५ वर्षपछि मात्र **शारदा**-को प्रकाशन भएको थियो। **गोरखापत्र** राणा प्रधानमन्त्री देव शमशेरको उदारवादी नीतिको परिणाम थियो तर उनलाई आफ्नै भाइचन्द्र शमशेरले षड्यन्त्र गरी सत्ताच्युत गराएर प्रधानमन्त्री बनेपछि नेपालमा चेतना र जागृतिका मार्गहरू बन्द हुँदै गए। चन्द्र शमशेरको ३१ वर्षीय शासनकालमा नेपालमा कुनै पनि पत्रिकाले जन्मने अवसर पाएन।[८०] **शारदा**-को प्रकाशनसितै नेपाली कथा, कविता, निबन्ध, एकाङ्की, समालोचना

---

[७६] पूर्ववत्, पृ.६७।

[७७] पूर्ववत्, पृ. ६८।

[७८] प्रकाश ए राज (विं स२०६३), *शारदाको पुनः प्रकाशन र पेनको बर्लिन सम्मेलन*, **शारदा**, काठमाडौं: शान्तबहादुर मल्ल, वर्ष १, नवाङ्क (१) माघ २०६३, पृ. ५५।

[७९] पूर्ववत्, पृ. ५५।

[८०] ग्रीष्मबहादुर देवकोटा; पूर्ववत्, पृ. ३०।

आदि महत्त्वपूर्ण साहित्यिक विधामा प्रतिभाशाली लेखकहरूको आगमन भयो। लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौड्याल, विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, शिवकुमार राई, रामकृष्ण शर्मा, गोपालप्रसाद रिमाल, विजय मल्ल, गोविन्दबहादुर मल्ल गोठाले आदि लेखक कविलाई **शारदा**-ले नै जन्माएको हो। यस पत्रिकालाई थालनीकाल सरकारद्वारा आर्थिक सहयोग प्राप्त भए पनि २० वर्षपछि आर्थिक सङ्कटकै कारण पत्रिका बन्द हुन पुग्यो।[८१]

सन् १९३५ मा शिलोङबाट मणिसिंह गुरूङको सम्पादनमा **गोर्खा सेवक** नामक पत्रिकाको प्रकाशन आरम्भ भयो, तीन वर्षमा ३७ वटा अङ्क प्रकाशित भएर यो बन्द भयो। साप्ताहिक रूपमा थालिएको यस पत्रिकामा धनबहादुर राई, सूर्यविक्रम ज्ञवाली, धरणीधर शर्मा, हरिप्रसाद गोर्खा राई, छविलाल उपाध्याय, रामप्रसाद उपाध्याय, भीष्मप्रसाद उपाध्याय, गङ्गाधर खतिवडा, रामप्रसाद ज्ञवाली आदिका साहित्यिक रचना प्रकाशित भएको पाइन्छन्। सम्पादक मणिसिंह गुरूङको अस्वस्थताका कारण यो पत्रिका बन्द भएको थियो।[८२]

सितम्बर १९३६ देखि काठमाडौंबाट **उद्योग** नामक पाक्षिक पत्रिकाको प्रकाशन प्रारम्भ भई पछिबाट मासिक बनेको यो पत्रिका पनि १४ वर्षपछि बन्द भएको थियो।[८३]

फरवरी १९३७ देखि बनारसबाट काशीबहादुर श्रेष्ठको सम्पादनमा **उदय** मासिक पत्रिकाको प्रकाशन थालनी भएको थियो। ३१ वर्षसम्म चलेको यो पत्रिका सन् १९६८ - मा बन्द भएको थियो, तर हाल उनका छोरो दुर्गाप्रसाद श्रेष्ठले यस पत्रिकाको प्रकाशनलाई निरन्तरता दिइरहेका छन्। त्यस बेला यस पत्रिकाले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण

---

[८१] पूर्ववत्, पृ.३०-३१।
[८२] पूर्ववत्, पृ. ४८।
[८३] पूर्ववत्, पृ. ३१।

योगदान दिएको थियो र यसमा भारतलगायत नेपाल, बर्मा एवम् मलायाका साहित्यिक स्रष्टाका रचनाहरू प्रकाशित हुन्थे। **उदय**-मा शिवकुमार राई, अच्छा राई रसिक, नरबहादुर दाहाल, प्रकाश कोविद, मोहनराज शर्मा, परशुराम रोका, हृदयचन्द्रसिंह प्रधान, हरिप्रसाद गोर्खा राई, भाइचन्द्र प्रधान, काजीमान कन्दबा, सन्तवीर लिम्बू, लैनसिंह वाङ्देल, रामकृष्ण शर्मा, गोकुल सिन्हा, ईश्वर बराल, महानन्द शर्मा आदिका रचनाहरू प्रकाशित भएका थिए। यस पत्रिकाले कथा, कविता, निबन्ध, व्यङ्ग्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको थियो। त्यस समयमा **उदय** पत्रिका **गोरखापत्र**पछिको दोस्रो दीर्घावधिसम्म चलेको पत्रिका थियो।

जुन १९३९ देखि कालेबुङबाट शेषमणि प्रधानको सम्पादनमा **गाउँ सुधार पत्रिका** मासिक रूपमा प्रकाशित हुन थाल्यो। यो पत्रिका १२ अङ्कसम्म प्रकाशित भई मई १९४० मा बन्द भएको थियो। नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित हुने यस पत्रिकाले गाउँको विकास, साहित्यको सेवा र आर्थिक अवस्थाको सुधारको लक्ष्य राखेको थियो। सन् १९४० मा काशीबाट तेजबहादुर गुभाजूको सम्पादनमा **सर्वहितैषी** मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो र यो पनि ३ अङ्कसम्म प्रकाशित भई बन्द भएको थियो।[८४]

दार्जिलिङमा ३ जुन १९३२ मा शुद्ध मानव कल्याणार्थ, जात, धर्मको विभेद नगरी आफन्तहीन, बेसहारा र दुःखीजनको सेवा गर्ने उद्देश्य लिएर गठन भएको संस्था *गोर्खा दुःख निवारक सम्मेलन* हो।[८५] यस सम्मेलनले दीन-दुःखीजनको सेवा, आफन्तहीन शवहरूको अन्तिम संस्कार, अनाथ आश्रम सञ्चालन, दैविक प्रकोपका समय राहत तथा सहयोग कार्य, निरक्षरता निर्मूल अभियान, शिक्षाको प्रसार, स्वरोजगारका निम्ति प्रेरणा दिने जस्ता सामाजिक

[८४] हीरा छेत्री, पूर्ववत्, पृ. ७१।

[८५] सदीप प्रधान (सन् २०१२); **गोर्खा दुःख निवारक सम्मेलन दार्जीलिङ**, दार्जिलिङ: गामा प्रकाशन, पृ. ३६।

कार्य सँगसँगै साहित्यिक, सांस्कृतिक गतिविधिलाई पनि निरन्तर रूपमा अघि बढाएको पाइन्छ। सम्मेलनले सितम्बर १९४० देखि रूपनारायण सिंहको सम्पादनमा **खोजी** मासिक पत्रिकाको प्रकाशन आरम्भ गऱ्यो।[८६] तर अक्टुबर १९४१ मा यो पत्रिका संयुक्त अङ्कसमेत गरी १३ अङ्कसम्म निस्किएर बन्द भयो।[८७] बन्द भएको २९ वर्षपछि अप्रेल १९७० देखि त्रैमासिक रूपमा **खोजी** पत्रिका पुनः प्रकाशित हुन थाल्यो। १० अङ्कसम्म निस्किएर यो फेरि बन्द भएर सन् १९९८ को दिसम्बर महिनादेखि सामयिक पत्रिकाका रूपमा पुनः प्रकाशित हुँदै आएको छ।[८८] यस पत्रिकामा रूपनारायण सिंह, पारसमणि प्रधान, रामकृष्ण शर्मा, इन्द्र सुन्दास, सुशिला प्रधान, लैनसिंह वाङ्देल, विश्वेश्वरप्रसाद कोइराला, विष्णुमती गहतराज आदिका साहित्यिक रचनाहरू प्रकाशित भएका पाइन्छन्। यसका साथै **खोजी** पत्रिकामा स्थानीय समाचार, शोक समाचार, विज्ञापन, सूचना, पाठकीय विचार, ठट्याउली, निरूपण, विचित्र कुरा, सम्पादकलाई चिट्ठी, उपदेश आदि स्तम्भ रहेका थिए।[८९]

५ फरवरी १९४४ देखि ब्रिटिस सेनामा रहेका गोर्खा सैन्यलाई मनोरञ्जन दिन तथा उनीहरूको साहसिक कार्यलाई जनमानससमक्ष पुऱ्याउने उद्देश्य राखेर नयाँ दिल्लीस्थित सैनिक मुख्यालयबाट साप्ताहिक पत्रिका **गोर्खा समाचार**-को प्रकाशन शुरू हुन्छ। यो ७ अप्रेल, १९४७ सम्म प्रकाशित भएर बन्द भएको थियो। अङ्ग्रेजी र नेपाली भाषामा यसको प्रकाशन हुन्थ्यो।[९०]

कालेबुङबाट जनवरी १९४५ मा रणधीर सुब्बाको सम्पादनमा अखिल भारतीय गोर्खा लीग नामक राजनीतिक दलको मुखपत्रका रूपमा **गोर्खा** साप्ताहिक पत्रिकाको प्रकाशन

---

[८६] पूर्ववत्, पृ. ७०।
[८७] पूर्ववत् ।
[८८] पूर्ववत्, पृ. ७१-७४।
[८९] पूर्ववत्, पृ. ७४।
[९०] पूर्ववत्, पृ. ७७।

थालिन्छ। समय समयमा प्रकाशन बन्द रहेको पाइए तापनि **गोर्खा** पहिले पाक्षिक रूपमा र जनवरी १९४८ देखि साप्ताहिक रूपमा निस्किएको पाइन्छ।[९१] यसको प्रकाशनमा अनियमितता आउनुका मुख्य कारण समय समयमा सम्पादकहरूको फेरबदल, दलको मुख्यालयको स्थान परिवर्तन अनि दार्जिलिङ पहाडमा व्याप्त राजनीतिक अस्थिरता नै थिए।[९२] राजनीतिक विषयवस्तुलाई उठान गर्ने लक्ष्य लिएर निस्किएको भए तापनि **गोर्खा**-ले नेपाली साहित्यको सेवामा पनि महत् योगदान दिएको थियो। यसमा विचारात्मक, गहन, चिन्तनयुक्त बौद्धिक लेखका साथसाथै रोचक कथा, कविता, व्यङ्ग्य, लोकसंस्कृतिसम्बन्धित रचना आदि प्रकाशित हुन्थे।[९३] **गोर्खा-**मा निरन्तर कलम चलाउने साहित्यकारहरूमा भाइचन्द्र प्रधान, महानन्द पौड्याल, नरेन्द्रप्रसाद कुमाई, महेन्द्रप्रसाद कुमाई, रामकृष्ण शर्मा, सानुमति राई, नरबहादुर दाहाल, प्रेम थापा, निलम प्रधान, वीरविक्रम गुरूङ, देवप्रकाश राई, अगमसिंह गिरी, देवकुमारी थापा, हरिप्रसाद गोर्खा राई, लीलबहादुर छेत्री, हायमनदास राई किरात, हर्कमान राई, हृदयचन्द्रसिंह प्रधान, पारसमणि प्रधान, ईश्वर बराल, अच्छा राई रसिक आदि प्रमुख छन्। यस पत्रिकामा प्रकाशित भाइचन्द्र प्रधान, महानन्द पौड्याल, नरेन्द्रप्रसाद कुमाई र अच्छा राई रसिकका कविताहरू, प्रेम थापा, निलम प्रधान, वीरविक्रम गुरूङ, अच्छा राई रसिक र देवप्रकाश राईका कथाहरू, रामकृष्ण शर्मा, भाइचन्द्र प्रधान, अच्छा राई रसिकका निबन्धहरूले नेपाली साहित्यलाई धनी बनाउने काम गरेका छन्।

अप्रेल १९४७ मा काठमाडौंबाट हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा **साहित्य स्रोत** पत्रिकाको प्रकाशनक्रम थालिएर भएर सन् १९४९ मा यसको प्रकाशन बन्द भयो। यसमा नयाँ-नयाँ साहित्यिक रचना देखापरे, यी रचनाद्वारा जनचेतना ल्याउनमा सहयोग प्राप्त हुन्थ्यो।

---

[९१] पूर्ववत्, पृ. ७८।

[९२] पूर्ववत् ।

[९३] पूर्ववत्, पृ. ७९।

यो एक प्रकारले साहित्यिक ढङ्गको हुँदाहुँदै पनि राजनीतिक रङ्गमा लेपिएको पत्रिका थियो। यसै वर्ष नेपाल सरकारको तत्त्वावधानमा काठमाडौंबाट आर्थिक विषयक पाक्षिक पत्रिका **घरेलु इलम पत्रिका** अनि शिक्षासम्बन्धी पत्रिका **शिक्षा** निस्किएका थिए। यसरी नै काठमाडौं म्युनिसिपल समितिद्वारा **काठमाडौं म्युनिसिपल** पत्रिका पनि प्रकाशित भएको थियो।

१५ अक्टुबर १९४७ देखि जुलाई १९४८ सम्म कलकत्ताबाट एस.पी प्रधानको सम्पादनमा **उत्थान** मासिक पत्रिकाको प्रकाशन भएको थियो। यसमा हुशियारसिंह गुरूङ, विरेन्द्र, अच्छा राई रसिक, सूर्यविक्रम ज्ञवाली, रामप्रसाद ज्ञवाली, सुभद्रा सुब्बा आदिका रचनाहरू प्रकाशित भएका पाइन्छन्। बौद्धधर्म, साहित्य, संस्कृति सम्बन्धित रचनाहरू सँगसँगै यसमा समाचार पनि प्रकाशित हुने गर्थे।[९४] यसैगरी सन् १९४७ मा **जवान** (१५ अप्रेल, १९४७ देखि २२ जुन, १९४८ सम्म) र **गोर्खा समाचार** (१९४७) नामक दुईवटा पत्रिका भारत सरकारको रक्षामन्त्रालयबाट सेनामा कार्यरत जवानलाई मनोरञ्जन दिनहेतु प्रकाशित गरिएका पाइन्छन्।

सन् १९४८ को जनवरी महिनादेखि कालेबुङबाट नरेन्द्रप्रसाद कुमाईको सम्पादनमा असहाय सहायक दल नामक संस्थाद्वारा गीति कविताप्रधान **पुकार** पत्रिका प्रकाशनमा आएको र ४ अङ्कसम्म प्रकाशित भएर यो पत्रिका बन्द भएको थियो।[९५]

नेपालबाट शिक्षा आर्जन गर्न तथा राणाहरूको राजनीतिक दबाउ र प्रकोपबाट बाँच्न बनारसवासमा रहेका सिर्जनशील साहित्यिक व्यक्तित्वहरूको प्रयासमा फरवरी १९४८ देखि थालिएको **युगवाणी** साप्ताहिक पत्रिका थियो। यसका सम्पादकहरू क्रमैले लक्ष्मीप्रसाद देवकोटा, नारायणप्रसाद उपाध्याय, बालचन्द्र शर्मा, कृष्णप्रसाद उपाध्याय अनि पछिबाट

---

[९४] हीरा छेत्री; पूर्ववत्, पृ.९०।

[९५] भाइचन्द्र प्रधान (सन् २००४); **नरेन्द्रप्रसाद कुमाईः संक्षिप्त परिचय, कवि नरेन्द्रप्रसाद कुमाई कृतित्व एवं मूल्याङ्कन**, नाम्चीः निर्माण प्रकाशन, पृ. ७।

बटुकप्रसाद उपाध्याय थिए।[९६] **युगवाणी**-मा विशेष राजनीतिले ओतप्रोत रचना सँगसँगै राष्ट्रप्रेम, जातिप्रेमले भरिएका लेख, निबन्ध, कथा, कविता प्रकाशित भएका पाइन्छन्। यसमा लक्ष्मीप्रसाद देवकोटा, भाइचन्द्र प्रधान, सूर्यविक्रम ज्ञवाली, अच्छा राई रसिक, नरपति उपाध्याय, रूद्रराज पाण्डे, शिवकुमार राई, इन्द्र सुन्दास, विश्वेश्वरप्रसाद कोइराला, लीलबहादुर छेत्री, तारानाथ शर्मा, गणुसिंह गुरूङ, दलबहादुर लामा आदिका रचनाका साथै राजनीतिक घटनाक्रमका समाचार पनि प्रकाशित हुन्थे।यो नेपाली कङ्ग्रेसको मुखपत्रका रूपमा प्रकाशित हुन्थ्यो र सन् १९५२ मा यसको प्रकाशन स्थगित हुन पुग्यो।[९७] गुहाटी, असमबाट सन् १९४८ को जुन महिनादेखि नरसिंह थापाको सम्पादनमा **हिमाद्री** मासिक पत्रिका पनि प्रकाशन भएको पाइन्छ।[९८]

सन् १९४८ को अक्टुबर महिनादेखि काठमाडौंबाट स्कुलका विद्यार्थीलाई भाषा साहित्यप्रति रुचि बढाउने उद्देश्य लिएर देवीप्रसाद रिमालको सम्पादनमा **आँखा** मासिक पत्रिकाको प्रकाशन आरम्भ गरिन्छ। यो पत्रिका वर्ष २ अङ्क ७ सम्म निस्किएर बन्द भएको थियो।[९९] सन् १९४८ मा कलकत्ताबाट हिमालय छात्र सङ्घ[१००] (हमाली छात्र सङ्घ[१०१]) द्वारा प्रकाशित वार्षिक पत्रिका **हिमाचल**[१०२] (**हिमाञ्चल**[१०३]) नेपाली तथा अङ्ग्रेजी भाषामा प्रकाशित भएको थियो।

---

[९६] हीरा छेत्री; पूर्ववत्, पृ. ९१।
[९७] पूर्ववत्, पृ. ९२।
[९८] पूर्ववत्।
[९९] ग्रीष्मबहादुर देवकोटा; पूर्ववत्, पृ. ३२।
[१००] गणेश कुमार प्रधान; पूर्ववत्, पृ. १९।
[१०१] हीरा छेत्री ; पूर्ववत्, पृ., ९२।
[१०२] गणेश कुमार प्रधान; पूर्ववत्, पृ. १९।
[१०३] हीरा छेत्री ; पूर्ववत्, पृ., ९२।

सन् १९४८ मा नै कालेबुङको हिमालयन हव्बी होमबाट नेपाली अङ्ग्रेजी द्वैभाषिक **हव्बी पोष्ट** नामक पत्रिका आरम्भ भएको थियो। यो द्वैमासिक रूपमा प्रकाशित हुने भनिए पनि नियमित बन्न सकेन। नोभेम्बर १९४८ मा काशीबाट बुद्धि सागर, भेषराज शर्मा र ऋषभदेवको सम्पादनमा **पुरूषार्थ** नामक पत्रिका प्रकाशित भएको उल्लेख पाइन्छ। पछिबाट यो पत्रिका दिसम्बर १९४९ देखि काठमाडौंबाट मासिक रूपमा प्रकाशित भएर सन् १९५४ सम्म निस्किएको थियो।[१०४]

जुन १९४९ देखि दार्जिलिङको मणि प्रिन्टिङ प्रेसबाट रूपनारायण सिंह र पारसमणि प्रधानको सम्पादनमा **भारती** मासिक पत्रिकाको प्रकाशन आरम्भ हुन्छ। नेपालमा **शारदा** पत्रिकाले दिएको साहित्यिक योगदानसरह **भारती**-ले पनि भारतमा विशिष्ट योगदान दिएको पाइन्छ। यस पत्रिकाका वर्ष ६, अङ्क ६ सम्म रूपनारायण सिंह प्रधान सम्पादक रहेका थिए। उनको मृत्युपछि रहल वर्षका सम्पादन पारसमणि प्रधानले गरेका थिए।[१०५] **भारती** प्रकाशन गर्नुको औचित्य पहिलो अङ्कको प्रकाशकीय पृष्ठमा यसरी लेखिएको छ-

> **नेपाली भाषामा पत्र-पत्रिका निस्के, निस्कँदा छन् औ निस्कलान् तर आजसम्म नेपाली भाषा र साहित्यको भने जस्तो सेवा र उन्नती भएको हामीलाई थाहा छैन। नेपाली भाषाका पत्र-पत्रिकाहरू कयौं जन्मे, धेरै जस्ता मरे, कोही मर्न आँटेका छन् औ कसैकसैको बाँच्ने आशा छैन। पत्र-पत्रिका चलाउनका निम्ति चाहिने सामग्री हामीले जुटाएका छौं तर ग्राहकहरूको प्रबन्ध हामीले आजसम्म मिलाएका छैनौ। यो कामको निम्ति जनताको कृपामा हामी निर्भर गर्छौं। भारती-**

[१०४] ग्रीष्मबहादुर देवकोटा; पूर्ववत्, पृ. ३२-३३।
[१०५] हीरा छेत्री; पूर्ववत्, पृ.९३।

**को यो पहिलो अङ्क हेरेर प्रत्येक नेपाली भाषा-भाषीले ग्राहक भई भाषा र साहित्यको सेवा गर्नु आफ्नो पवित्र कर्तव्य ठान्नु हुनेछ। जो निगाह।**[१०६]

९ वर्षसम्म निरन्तर प्रकाशित भएर जम्मा १०८ वटा अङ्क दिएको **भारती**-ले नेपाली साहित्यलाई २४६ कथा, ८३५ कविता, ३७८ लेख-निबन्ध, ३६ जीवनी, ९ नाटक, १४ संस्मरण, २ उपन्यास (अपूर्ण), १ अन्तर्वार्ता, ६६ पाठक प्रतिक्रियालगायत समाचार, पुस्तक परिचय, विज्ञापन आदि प्रकाशित गरी नेपाली साहित्यको सेवा गरेको थियो। यसमा ३६ वटा प्रकाशकीय लेख र १२१ वटा सम्पादकीय लेख प्रकाशित भएका पाइन्छन्।[१०७] **भारती**-मा पारसमणि प्रधान, रूपनारायण सिंह, भाइचन्द्र प्रधान, इन्द्रबहादुर राई, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, हर्कजङ्गसिंह छेत्री, परशुराम रोका, शिवकुमार राई, विरेन्द्र सुब्बा, सानुमती राई, जी. छिरिङ, रामकृष्ण शर्मा, एम.एम गुरूङ, देवकुमारी सिन्हा, निलम प्रधान, अगमसिंह गिरी, गणुसिंह गुरूङ, रूपनारायण दाहाल, नरबहादुर दाहाल, महानन्द पौड्याल, शान्ति प्रधान, तारानाथ शर्मा, बालकृष्ण पोखरेल, ईश्वर बल्लभ, कमल दीक्षित, कृष्णचन्द्रसिंह प्रधान, राधिका राया, चन्द्रदास राई, सन्तवीर लिम्बू, अच्छा राई रसिक, बी.बी लोहार, लक्खीदेवी सेवा आदिका रचनाहरू प्रकाशित छन्। नेपाली साहित्यको विकासमा **भारती**-को योगदान महत्त्वपूर्ण हुँदाहुँदै पनि ग्राहक तथा आर्थिक अभावका कारण ९ वर्षसम्म प्रकाशित भई बन्द भयो। यसलाई बन्द गर्नुको कारण उल्लेख गर्दै **भारती**-को अन्तिम अङ्कमा प्रकाशकको निवेदन यस्तो छ-

**यो बाह्रौं अङ्कले भारतीको नवौं वर्ष समाप्त हुन्छ। दशौं वर्षको भारती न्यूजप्रिण्ट पेपर नपाइने भएकाले छापिँदैन। यस कारण सहृदय ग्राहकहरूले दशौं**

---

[१०६] नरेन्द्रमणि प्रधान (सन् १९९१); **डा. पारसमणिको जीवनयात्रा**, दार्जीलिङ: डा. पारसमणि प्रकाशन, पृ.२७०।

[१०७] हीरा छेत्री; पूर्ववत्, पृ. ९३।

**वर्षका निम्ति चन्दा पठाउने काम नगर्नु होला। अहिलेको परिस्थितिमा भारतीको प्रकाशन स्थगित राख्न नै हामीले उचित ठहऱ्यायौं।प्रकाशक**

(वर्ष ९, सङ्ख्या १२)[१०८]

सन् १९४९ को अगस्तमा **भारती** नामको अर्को पत्रिका पनि दार्जिलिङ सुकेपोखरीबाट प्रकाशित भएको उल्लेख पाइन्छ।मासिक भनिएको यस पत्रिकाका सम्पादक लक्ष्मण तामाङ थिए।[१०९]

अक्टुबर १९४९ देखि नेपालको शिक्षा विभागद्वारा जितेन्द्रबहादुर शाह र अन्यको सम्पादनमा **नेपाल शिक्षा** मासिक पत्रिकाको प्रकाशन आरम्भ हुन्छ।

नोभेम्बर १९४९ देखि कालेबुङबाट सुनकेशरी प्रधानको सम्पादनमा **शिक्षा** नामक मासिक पत्रिकाको प्रकाशन थालिएको थाहा लाग्छ। ८ अङ्कसम्म निस्किएर १९५० को जुन महिनामा यो पत्रिका बन्द भएको थियो।[११०] यस पत्रिकालाई प्रमोद प्रधानले पहिलो बालपत्रिका भनेका छन्।[१११] यसमा बाल उपयोगी र शिक्षाप्रद रचनाहरू प्रकाशित हुन्थे।

सन् १९४९ मा कलकत्ताबाट **कम्युनिष्ट, नेपाल पुकार** र **हिमालयन बौद्ध** गरी तीनवटा पत्रिका प्रकाशित भएको पाइन्छ। कम्युनिष्ट पार्टीको मुखपत्र **कम्युनिष्ट** पाक्षिक रूपमा प्रकाशित हुन्थ्यो, यसका सम्पादक पुष्पलाल श्रेष्ठ थिए जुन चाहिँ पछिबाट पटनाबाट प्रकाशित हुन थाल्यो।[११२] नेपाल डेमोक्रेटिक कङ्ग्रेस पार्टीको मुखपत्र **नेपाल पुकार** साप्ताहिक पत्रिकाका सम्पादक बी. लाल मोक्तान थिए। यसको प्रकाशन पनि पटनाबाट नै

---

[१०८] नरेन्द्रमणि प्रधान;पूर्ववत्, पृ. २७१।

[१०९] हीरा छेत्री ;पूर्ववत्,पृ.१०२।

[११०] पूर्वतत् ।

[१११] प्रमोद प्रधान (विं. सं.२०६१); **नेपाली बाल साहित्यको इतिहास,** (दो. सं.) काठमाडौं: विवेक सिर्जनशील प्रकाशन, पृ. २५४।

[११२] हीरा छेत्री;पूर्ववत्, पृ. १०२।

भएको थाहा लाग्छ। यी दुवै पत्रिका नेपालको राणा शासनको विरोध गर्ने र नेपालका जनतामा क्रान्तिको बीजारोपन गर्ने एवम् राजनीतिक सचेतना ल्याउने उद्देश्यले प्रकाशित गरिएका थिए।[११३] धर्मादित्य आचार्यको सम्पादनमा बौद्ध धर्मसित सम्बन्धित **हिमालयन बौद्ध** पत्रिकामा आध्यात्मिक रचनाहरू प्रकाशित हुन्थे। सन् १९५० को जुलाईदेखि दिल्लीबाट गोर्खा सैनिकका सुख-दुःखका सन्देश तथा अभिव्यक्ति बोकेर **फौजी खबर** साप्ताहिक पत्रिका प्रकाशनमा आएको थियो।

सितम्बर १९५० देखि कलकत्ताबाट लैनसिंह वाङ्देलको सम्पादनमा **प्रभात** मासिक पत्रिकाको प्रकाशन थालिएर १२ अङ्क प्रकाशित भएर सन् १९५१ मा बन्द भएको यस पत्रिकामा अच्छा राई रसिक, निलम प्रधान, जे. बी तामाङ, देवकुमारी सिन्हा, गणुसिंह गुरूङ, चन्द्रवीर प्रधान, इन्द्र सुन्दास, भाइचन्द्र प्रधान आदिका रचनाहरू प्रकाशित हुन्थे। सन् १९५० मा बनारसबाट निस्कन थालेको वार्षिक पत्रिका **छात्र** वर्ष ११ अङ्क ५सम्म प्रकाशित भएको थियो। पहिलो अङ्कका सम्पादक भरतमुनी शर्मा र तेजबहादुर प्रसाई थिए। यो पत्रिका बनारसमा अध्ययन गरिरहेका विद्यार्थीको सङ्गठन नेपाली छात्र सङ्घको मुखपत्र थियो। यसरी नै गोर्खा स्टुडेन्ट युनियनले पनि सूचना पत्रिकाका रूपमा मगन पथिकको सम्पादनमा **मासिक रिपोर्ट** नामक पत्रिका प्रकाशित गरेको थियो। मार्च १९५१ देखि दार्जिलिङबाट देवकुमारी सिन्हाको सम्पादनमा मासिक रूपमा बालपत्रिका **हिमालकिशोर**-को प्रकाशन भएको अनि यसको २४ वटा अङ्क निस्किएको थाहा लाग्छ।[११४] ४ अप्रेल, १९५१ मा सिलगढीबाट कमलकुमार थापा र आई.बी लामाको सम्पादनमा **प्रवासी नेपाली** नामको पाक्षिक पत्रिका प्रकाशित भएको थियो।

---

[११३] पूर्ववत् ।

[११४] हीरा छेत्री; पूर्ववत्, पृ. १०४।

सन् १९५१ मा नेपालमा भएको जनक्रान्ति (जसलाई नेपालको इतिहासमा २००७ सालको क्रान्ति पनि भनिन्छ) पछि आएको प्रजातन्त्रको न्यानो प्रभातसितै पत्र-पत्रिकाको प्रकाशनमा पनि तीव्रता आएको देखिन्छ। १५ फरवरी १९५१ मा हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा निस्किएको पहिलो राजनीतिक दृष्टिकोणको साप्ताहिक समाचारपत्र **जागरण**को प्रकाशन आरम्भ भयो। १९ फरवरी १९५१ देखि सिद्धिचरण श्रेष्ठको सम्पादनमा दैनिक समाचारपत्र **आवाज** पनि प्रकाशन भयो। **आवाज**ले चाँडै लोकप्रियता पाउन थालेको भए तापनि समाचारपत्रमा हुनुपर्ने स्वतन्त्रता र निष्पक्षता यसले हराउँदै सरकार र नेपाली कङ्ग्रेस पार्टीको गुणगान गाउन थालेपछि यसको लोकप्रियतामा ह्रास आउँदै गएको र सरकारी आर्थिक सहयोग पाएर पनि वर्ष २ सङ्ख्या १०७ सम्म निस्किएर पत्रिका बन्द भयो।[११५] अगस्त १९५१ देखि वीरगञ्जबाट श्यामप्रसाद शर्माको सम्पादनमा **सेवा** मासिक पत्रिका प्रकाशन भएको पाइन्छ।

सन् १९५२ मा दार्जिलिङबाट देवदास राईको सम्पादनमा **आदर्श**, प्रयागबाट रामबहादुर रावलको सम्पादनमा नेपाली छात्र सङ्घको पत्रिका **आरती**, गोरुबथान कालेबुङबाट हायमनदास राई किरातको सम्पादनमा बौद्ध धर्मसित सम्बन्धित त्रैमासिक पत्रिका **नयाँ बाटो**का दुई अङ्क, दार्जिलिङबाट विरेन्द्र सुब्बाको सम्पादनमा त्रैमासिक पत्रिका **सुस्केरा** आदि प्रकाशनमा आएका थिए। यसै वर्ष बनारसबाट बालचन्द्र शर्माको सम्पादनमा **नव नेपाल** नामक साप्ताहिक पत्रिका, भवानीप्रसाद शर्मा, चिन्तामणि ज्ञवाली र सूर्यमोहनको सम्पादनमा **जनयुग** पाक्षिक पत्रिकाको पनि प्रकाशन देखा पऱ्यो। **जनयुग** कुल ११अङ्कसम्म प्रकाशनमा आएको थियो।

[११५] ग्रीष्मबहादुर देवकोटा; पूर्ववत्, पृ. ३४-३५।

सन् १९५३ मा देहरादुनबाट ठाकुर चन्दनसिंहको सम्पादनमा **स्वतन्त्र नेपाली** नामक पत्रिकाको प्रकाशन भई सन् १९५६ मा बन्द भएको थियो। १७ मई, १९५३ देखि दरभङ्गाबाट श्यामप्रसादको सम्पादनमा **जनमत** साप्ताहिक पत्रिकाको आरम्भ भएको थियो। यही वर्ष भाग्सु हिमाचल प्रदेशबाट मगन पथिकको सम्पादनमा गोर्खा विद्यार्थी सङ्गठनको मुखपत्र **उज्यालो** २ अङ्कसम्म प्रकाशित भएको थियो।

जनवरी १९५४ देखि कालेबुङबाट सानुमती राई र महानन्द पौड्यालको सम्पादनमा **नवप्रभात** द्वैमासिक पत्रिकाको प्रकाशन थालिएर चारवटा अङ्कसम्म प्रकाशित भएका थिए। यसै वर्षको नोभेम्बर महिनादेखि दार्जिलिङबाट अग्निराज श्रेष्ठको सम्पादनमा **अञ्जली** नामक पत्रिका प्रकाशित भएको थियो। सन् १९५४ मा पश्चिम बङ्गाल सरकारको कृषि विभाग दार्जिलिङद्वारा कृषकका निम्ति **खेतीपाती** नामक मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो। अशोककुमार, बी. एल. भौमिक र पद्मकुमारको सम्पादनमा प्रकाशित भएको यो पत्रिका सन् १९७३ सम्म नियमित रूपमा निस्किएको पाइन्छ। सन् १९५४-मा नै दार्जिलिङबाट आनन्दप्रसाद पाठकको सम्पादनमा **अग्रदुत** नामक पत्रिकाको पनि प्रकाशन प्रारम्भ भयो।

सन् १९५४ देखि प्रकाशनमा आएका अन्य भारतीय नेपाली पत्रिकाहरू हुन् — मुज्जफरपुरबाट ज्ञानरत्न बज्राचार्यको सम्पादनमा **क्रान्तिकारी,** भारत सरकारको रक्षा मन्त्रालय, नयाँ दिल्लीबाट साप्ताहिक **सैनिक समाचार**, कृष्णचन्द्र देवकोटाको सम्पादनमा **सोपान** पाक्षिक पत्रिका आदि।

९ सितम्बर १९५४ देखि मणिराज उपाध्यायको सम्पादनमा काठमाडौंबाट **समाज** दैनिक समाचारपत्रको प्रकाशन भयो। पत्रकारिताको धर्मलाई यसले पूर्ण गर्न नसके पनि यसले पत्रकारिताको आदर्शलाई पालन गर्ने भरमग्दुर चेष्टा भने गरेको देखिन्छ। अनेकौं

राजनीतिक अतिक्रमण झेल्न परे तापनि यसले थुप्रै स्तम्भद्वारा आफूलाई सशक्त बनाउने कार्य गऱ्यो।

भारतको संवैधानिकअन्तर्गत नेपाली भाषालाई मान्यता दिनुपर्छ भन्ने आवाजको शङ्खघोष गर्दै १५ अगस्त, १९५५ मा आनन्दसिंह थापा, वीरसिंह भण्डारी र नरेन्द्रसिंह राणाको सम्पादनमा **जाग्रत गोर्खा** नामक पत्रिका प्रकाशनमा आयो। यो पत्रिका ३ अङ्क मात्र प्रकाशित भएर बन्द भयो।[११६] सन् १९५५ मा चिलाउने चियाबारी डुवर्सबाट सी. बी प्रधान, मणिकुमार थापा, एस. एन छेत्री र तारा नारायण श्रेष्ठको सम्पादनमा **डुवर्सवाणी** पत्रिका प्रकाशित भएको थियो। यसका छवटा अङ्क लिथो प्रेसबाट निस्किएका थिए।[११७] कालेबुङको पैयुङ जुनियर हाई स्कुलबाट नन्दकुमार कुमाई र अन्यको सम्पादनमा **किरण** नामक मासिक पत्रिकाको पनि प्रकाशन भएको थियो।

नेपाली साहित्यमा आएको झर्रोवादी आन्दोलनलाई अँगालेर सन् १९५५ देखि बनारसमा अध्ययनरत बालकृष्ण पोखरेल र तारानाथ शर्माको सम्पादनमा त्रैमासिक **नौलो पाइलो** नामक पत्रिकाको प्रकाशन आरम्भ हुन्छ। यसका चारवटा अङ्कमा हिन्दी र संस्कृत भाषाका अचाहिँदा शब्दहरूको प्रयोगविरुद्ध खाँटी अर्थात् झर्रा नेपाली शब्दको प्रयोग गर्ने आह्वान गरिएको थियो।[११८] यसरी नै सन् १९५५ मा भारतबाट प्रकाशित भएका पत्रिकाहरूमा डी. एन प्रधानको सम्पादनमा इसाई धर्मसित सम्बन्धित **सङ्गती,** बनारसबाट रघुवीर सिंह थापाको सम्पादनमा अर्द्धवार्षिक **बिहान** अनि शिलोङबाट ध्रुवनाथ जोशीको सम्पादनमा **फिलिङ्गो** त्रैमासिक आदि प्रकाशित भएका थिए। मई १९५६ देखि मिरिकबाट पनि नव प्रतिभालाई परिचित गराउने एउटा माइलखुट्टीका रूपमा **दीयो** मासिक पत्रिका

---

[११६] हीरा छेत्री; पूर्ववत्, पृ. १०६-१०७।

[११७] पूर्ववत्, पृ. १०७।

[११८] पूर्ववत्, पृ. १०८।

प्रकाशित भएको थियो। यस पत्रिकाका सम्पादकहरूमा - जगपाल सुब्बा, एच. बी थापा, आर्नोल्ड रोङगोङ, एफ मुखिया, जोनाथान थापा, निर्मलचन्द्र प्रधान, दिनेश खालिङ, एल. बी. राई आदि थिए।[११९] नव प्रतिभालाई साहित्यिक प्रेरणादिने **दीयो**-ले थुप्रै साहित्यिक प्रतिभालाई स्थापित गराउने काम गरेको छ।प्रत्येक १५ अगस्तको दिन विशेषाङ्क प्रकाशित गर्ने *दीयो*-का प्रमुख विशेषाङ्कहरूमा *पुरानो दार्जिलिङ विशेषाङ्क, आधुनिक दार्जिलिङ विशेषाङ्क, गोर्खा सैनिक विशेषाङ्क, स्थानीय विशिष्ठ व्यक्ति विशेषाङ्क, दार्जिलिङप्रति अनेपालीहरूको देन विशेषाङ्क अनि दार्जिलिङमा कलाको विकास विशेषाङ्क* प्रमुख हुन्। **दीयो**मा प्रेम खेवा, बिनिता सिंह, भगवती शर्मा, जेम्स कार्थक, नरबहादुर दाहाल, निलम प्रधान, महानन्द पौड्याल, नन्द हाङ्खिम, इन्द्रबहादुर राई, जोनाथान थापा, राजनारायण प्रधान, रामलाल अधिकारी, समीरण छेत्री प्रियदर्शी, ईश्वर वल्लभ, मनबहादुर मुखिया, आइ. के सिंह, जस योञ्जन प्यासी, रामकृष्ण शर्मा, जय धमला, सलोन कार्थक, देव भण्डारी, प्रकाश कोविद आदिका रचनाहरू प्रकाशित भएका पाइन्छन्।

नारायणप्रसाद भट्टराईको सम्पादनमा मई १९५६ देखि आरम्भ भएर ४१ अङ्कसम्म प्रकाशित भई १९६० मा बन्द भएको अर्को महत्त्वपूर्ण मासिक पत्रिका **दीपक** हो। यसमा रामलाल अधिकारी, नरबहादुर दाहाल, धर्मराज थापा, मोहनराज शर्मा आदिका रचना प्रकाशित भएका पाइन्छन्। **दीपक**-ले नेपाली निबन्ध साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएको थियो। यसका साथै यो पत्रिकाले नवोदित प्रतिभालाई पनि प्रशस्त मात्रामा परिचित गराउने काम गऱ्यो।[१२०]

सन् १९५६ मा निस्किएका अन्य पत्र-पत्रिकामध्ये मुख्यतः बम्बईबाट मणिराज शर्माको सम्पादनमा निस्कने द्वैभाषिक पत्रिका **बागमती,** दार्जिलिङबाट महानन्द सुब्बाको

[११९] पूर्ववत्।

[१२०] पूर्ववत्, पृ. ११०।

सम्पादनमा **ऐना**, शिलोङबाट भोलानाथ गुरूङको सम्पादनमा साप्ताहिक पत्रिका **आसाम गोर्खा** अनि पश्चिम बङ्गाल सरकारको मुखपत्र **पश्चिम बङ्गाल** आदि हुन्।१९५७ सम्ममा **आसाम गोर्खा**-का जम्मा १९ वटा अङ्क प्रकाशित भएका थिए।पश्चिम बङ्गाल सरकारको विकास तथा अन्य गतिविधिको जानकारी जनसाधारणलाई दिने उद्देश्यले प्रकाशित भएको **पश्चिम बङ्गाल** पत्रिकाका सम्पादक नगेन्द्र शर्मा, र तिलक राई थिए।यसले समाचार तथा प्रतिवेदनहरूको प्रकाशन सँगसँगै साहित्यिक रचना कथा, कविता, निबन्ध आदि पनि प्रकाशित गरेको पाइन्छ।

१३ नभेम्बर १९५६ देखि काठमाडौंबाट दाताराम शर्माको सम्पादनमा **हालखबर** दैनिक समाचारपत्र निस्कियो। सन् १९५७ मा नेपालमा जम्मा १४ वटा दैनिक, एउटा त्रिसाप्ताहिक, ७ वटा साप्ताहिक, ५ वटा पाक्षिक, ८ वटा मासिक, एउटा त्रैमासिक, एउटा अर्धवार्षिक र २ वटा वार्षिक पत्रिका गरी ३९ वटा पत्रिका प्रकाशित भएका थिए।[१२१]

१५ सितम्बर, १९५७ देखि हिमाली राष्ट्र (वर्तमान राज्य) सिक्किमबाट नहकुल प्रधानको सम्पादनमा पहिलो पत्रिकाका रूपमा **कञ्चनजङ्घा** पत्रिकाको प्रकाशन आरम्भ भयो।तत्कालीन सिक्किमका शिक्षा मन्त्री काशीराज प्रधानको प्रयासमा यो पत्रिका निस्किएको भए तापनि यस पत्रिकाका सम्पादक र प्रकाशकको नाम भने नहकुल प्रधान नै रहेको छ।१३ वर्षसम्म निस्किएको यस पत्रिकाले नै सर्वप्रथम सिक्किममा व्यावसायिक पत्रकारिताको बीजारोपण गरेको हो।यस पत्रिकाले समाचार सँगसँगै साहित्यिक रचना पनि प्रशस्त मात्रामा प्रकाशित गरेर नेपाली भाषा-साहित्य एवम् पत्रकारिताको विकासमा सेवा र टेवा दुवै पुऱ्याएको कुरा अविस्मरणीय छ। यस सम्बन्धी आगामी अध्यायमा अझ विस्तृत चर्चा गरिनेछ।

---

[१२१] ग्रीष्मबहादुर देवकोटा; पूर्ववत्, पृ. ४०-४१।

## ४.२ सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको कालविभाजन

सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको थालनी सन् १९५७ मा **कञ्चनजङ्घा** पत्रिकाको प्रकाशन सँगसँगै भएको हो। तर यसभन्दा अघि सिक्किममा पुस्तक प्रकाशन तथा सिक्किमे लेखकहरूका रचनाहरू पत्र-पत्रिकामा प्रकाशित भइसकेका हुँदा यसले पनि पत्रकारिताका निम्ति पृष्ठभूमि तयार पार्ने काम गरेको थियो।

सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको सर्वेक्षणात्मक अध्ययन गर्दा सन् १९५७ देखि सन् २०१७ सम्मको यात्राक्रममा नेपाली व्यावसायिक पत्रकारिताको जम्मा ६० वर्षको कालखण्ड देखा पर्छ। यस कालखण्डलाई निम्नलिखित प्रकारले कालविभाजन गरेर अध्ययन गर्न सकिन्छ—

### ४.२.१ कालविभाजन

क) राजतन्त्रकाल - आरम्भदेखि सन् १९७४ सम्म।

अ) पृष्ठभूमिकाल — आरम्भदेखि सन् १९५७ सम्म।

आ) कञ्चनजङ्घाकाल — सन् १९५७ देखि सन् १९७५।

ख) लोकतन्त्रकाल — सन् १९७५ देखि हालसम्म।

अ) पहिलो चरण — सन् १९७५ देखि सन् १९९९ सम्म।

आ) दोस्रो चरण — सन् २००० देखि हालसम्म



शुरूदेखि १९५७ सम्म  १९५७ -१९७४  १९७५-१९९९ २०००-हालसम्म

### ४.२.२ कालविभाजनको आधार

१६ मई, १९७५ मा सिक्किम भारतीय महासङ्घमा विलय भएको ऐतिहासिक घटनाक्रमलाई आधार मानेर सिक्किमको नेपाली पत्रकारिताको कालविभाजन गरिएको हो। १५ मई, १९७५ सम्म सिक्किम विश्वमानचित्रमा एउटा स्वतन्त्र राष्ट्र थियो। यहाँ राजतन्त्र भएको हुँदा त्यस बेलाको प्रशासनिक, राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक आदि सम्पूर्ण व्यवस्था भिन्नै थियो भने १६ मई, १९७५-देखि ती सबै व्यवस्थामा परिवर्तन आउँदै गयो र सिक्किममा नामगेलवंशीय राजतन्त्रको अन्त्यपछि भारतीय लोकतन्त्रअनुसार प्रशासनिक, राजनीतिक, सामाजिक, शैक्षिक, आर्थिक आदि सम्पूर्ण व्यवस्था लागू भयो। प्रजा राजाका रैतीबाट लोकतान्त्रिक राष्ट्रका नागरिक बन्न पुगे। भारतको संविधान र कानूनअन्तर्गत राज्य प्रमुखको दायित्व राज्यपालले लिए। लोकतान्त्रिक परिपाटीमा सम्पन्न चुनाउद्वारा गठित राज्य विधानसभाले कानून बनाउन थाल्यो अनि जनताद्वारा चुनिएका जनप्रतिनिधिहरू सरकारमा पुगे, जसको नेतृत्व मुख्यमन्त्रीले गर्न थाले। यस ऐतिहासिक घटनाक्रमले सिक्किममा लोकतान्त्रिक परिवेश स्थापना गऱ्यो, जसको परिणामस्वरूप पत्र-पत्रिकाको प्रकाशनका निम्ति सहज एवम् सुबोध मार्ग एवम् अनुकुल परिवेश सिर्जना भयो। अतः १६ मई, १९७५ अघिको कालखण्डलाई **राजतन्त्रकाल** र पछिको कालखण्डलाई **लोकतन्त्रकाल** भन्नु नै युक्तिसङ्गत देखिन्छ।

राजतन्त्रकाललाई पनि दुई चरण (क) पृष्ठभूमिकाल र (ख) कञ्चनजङ्घाकाल-मा छुट्याएर अध्ययन गर्नु उचित हुनेछ। लोकपत्रकारिताको युगदेखि **कञ्चनजङ्घा** (सन् १९५७) पत्रिकाको प्रकाशनपूर्वको समयलाई पृष्ठभूमिकाल मानिनु उचित हुनेछ। यस अवधिमा लोकपत्रकारितासितै राज्यमा डाकसेवा, टेलिग्राफ, राज्यबाहिरका समाचारपत्रहरूको

आगमन, ती समाचारपत्रहरूमा सिक्किमका विभिन्न समाचारको प्रकाशनले सिक्किममा पत्रकारिताको पृष्ठभूमि बनाउनमा अहम् भूमिका निर्वाह गरेका छन्। सन् १९५७ —मा **कञ्चनजङ्घा** पत्रिकाको प्रकाशन आरम्भ भएपछि यहाँ अन्य पत्र-पत्रिकाको पनि प्रकाशन हुन थाले । तर सबैजसो पत्रिका अल्पायुमा बन्द भए तापनि **कञ्चनजङ्घा** पत्रिकाले भने सन् १९७३-सम्म आफ्नो प्रकाशन यथावत राखी सिक्किमे जनतालाई खबर दिइरह्यो। अतः राजतन्त्रकालभरि **कञ्चनजङ्घा** पत्रिकाले सिक्किमे पत्रकारिताजगत्लाई नेतृत्व गरेको हुँदा यस चरणलाई कञ्चनजङ्घाकाल भनिएको हो।

लोकतन्त्रकाललाई पनि दुई चरणमा छुटयाएर अध्ययन गर्नु उचित ठहर्छ। पहिलो चरणलाई सन् १९७५-१९९९ का अवधिभित्र राखेर हेर्न सकिन्छ। यस अवधिमा एकाध दैनिक समाचारपत्रले मात्र प्रकाशनको उज्यालो देख्न सके तापनि पछिबाट ती सबै दैनिक समाचारपत्र साप्ताहिक समाचारपत्रमा परिवर्तन भएका कारण त्यति बेला साप्ताहिक समाचारपत्रकै प्रभुत्व रहेको हुनाले यस अवधिको कालखण्डलाई पहिलो चरण मानिएको हो। सन् २००० पछि सिक्किममा साप्ताहिक समाचारपत्रहरूको लोकप्रियता घट्नु अनि दैनिक समाचारपत्रहरूको प्रकाशनको क्रम बढ्नु आदि कारणले पनि दैनिक समाचारपत्रहरूको वर्चस्व रहेको यस अवधिलाई दोस्रो चरण मानिएको हो।

### ४.३ सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको कालक्रमिक विकासक्रम

सिक्किममा नेपाली पत्रकारिताको आरम्भबिन्दु सन् १९२६ पाइएका हुनाले त्यहाँदेखि सन् २०१७ सम्मको ९ दशकीय कालखण्डलाई विस्तारपूर्वक अध्ययन गर्न आवश्यक हुन्छ र तल विभिन्न कालखण्डमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको इतिहासलाई विवेचन गरिन्छ।

### ४.३.१ राजतन्त्रकाल (आरम्भदेखि १९७४ सम्म)

१५ सितम्बर, १९५७ मा सिक्किमको पहिलो समाचारपत्र **कञ्चनजङ्घा** मासिक पत्रिका प्रकाशन हुनुभन्दा अघिका समय र पछिका समयलाई दुईवटा छुट्टाछुट्टै चरणमा विभाजन गरेर अध्ययन गर्नु प्रासाङ्गिक हुनेछ।

**४.३.१.१ पृष्ठभूमिकाल (आरम्भदेखि सन् १९५६ सम्म)** : सिक्किममा **कञ्चनजङ्घा** पत्रिकाको प्रकाशनअघि सूचना एवम् खबरका लागि लोकपत्रकारिता नै प्रभावकारी सञ्चार माध्यम थियो। सिक्किम जमिनदारी व्यवस्थामा अडिएको एउटा राजतान्त्रिक राष्ट्र थियो। अतः सिक्किममा आधुनिक सञ्चार माध्यमको विकास ढिलोगरी भएको हो। लोकपत्रकारिता भन्नाले परम्परागत रूपमा मानिसहरूले आफू र आफ्नो समाजलाई सूचना, खबर एवम् महत्त्वपूर्ण जानकारी दिनका लागि प्रयोग गरिने परम्परागत सञ्चार माध्यम बुझिन्छ। लोकपत्रकारिताका विभिन्न रूपमध्ये लोकनाटक, लोकगीत, लोककथा, कटुवालप्रथा, दूतप्रथा, गाइने आदि प्रमुख हुन्।

राजतन्त्रकालीन सिक्किममा जनतालाई सरकारी सूचना दिने काम काजी-जमिनदार, मण्डल, कारबारी र कटुवालहरूले गर्दथे। दरवारको सूचना अथवा आदेशलाई गाउँ-गाउँमा भएका काजी र जमिनदारहरूले मण्डलहरूलाई दिन्थे र मण्डलले ती सूचनाहरू कारबारी र कटुवालहरूका माध्यमबाट सर्वसाधरणलाई पुऱ्याउने गर्दथे।[१२२] कटुवालप्रथा नेपालमा बढी प्रचलनमा रहेको भए तापनि नेपालको सीमानासँग जोडिएको पश्चिम सिक्किमका कतिपय स्थानमा कटुवाल प्रथा राजतन्त्रकालसम्म कायमै रहेको थियो।[१२३] सिक्किमका अन्य भागमा भने काजी, मण्डल र कारबारीबाट नै सरकारी सूचना जनतासमक्ष पुऱ्याउने काम भएको देखिन्छ। यसका साथै एक समयमा सिक्किमका बजारहरूमा झ्याली पिट्ने प्रथा पनि

[१२२] बीबी गुरुङ, सिक्किमका पूर्व मुख्यमन्त्री एवम् पत्रकारसँगको भेटवार्ताबाट प्राप्त जानकारी।
[१२३] पूर्ववत् ।

थियो। झ्याली पिटेर मानिसहरूलाई एकत्र गरी महत्त्वपूर्ण सूचना दिइन्थ्यो। यसका अतिरिक्त अड्डाकोटहरूमा पनि सर्वसाधारणलाई महत्त्वपूर्ण सूचनाहरू सुनाइन्थ्यो।[१२४] यसरी नै दरवार छापाखानाबाट प्रकाशित भएका सूचना, अधिसूचना, राजपत्र आदिका माध्यमबाट पनि सर्वसाधारणले सरकारका कार्यक्रम, गतिविधि, नियम र आदेशको जानकारी पाउने गर्दथे।

सर्वसाधारणले गाउँमा अशुभ खबर दिनुपर्दा कुनै प्रायः अग्लो डाँडामा गएर उच्च स्वरमा सूचना दिने परम्परा सिक्किममा सन् १९९० को दशकसम्म विद्यमान थियो। यसरी नै शङ्ख फुकेर कसैको मृत्युको समाचार दिइने लौकिक स्तरको सञ्चार परम्परा आज पनि सिक्किमका धेरजसो जातिमा यथावत् रहेको पाइन्छ।

सिक्किममा अङ्ग्रेजहरूको आगमनसितै सन् १८८० को दशकमा डाकसेवा थालनी भएको हो। सन् १८८० को दशकमा भारतको अङ्ग्रेज सरकारले सिक्किम र तिब्बतको सीमाक्षेत्रमा सेनाको टुकडी ब्रिटिस फिल्ड फोर्स राखेको थियो। ब्रिटिस फिल्ड फोर्सका अधिकारी एवम् सेनालाई सञ्चार सुविधा पुऱ्याउन हेतु अङ्ग्रेजहरूले डाक केन्द्रहरूको स्थापना गरेका थिए।[१२५] पछिबाट यस डाककेन्द्रलाई सिक्किमका राजपरिवारले पनि प्रयोगमा ल्याए। एवम् प्रकारले बीसौं शताब्दीको थालनी सँगसँगै सिक्किममा टेलिग्राम सेवा, भारतीय समाचारपत्रहरूको आगमन एवम् रेडियो सेवा, टेलिभिजन सेवा, टेलिफोन सेवा, मोबाइल सेवा, इन्टरनेट सेवाजस्ता आधुनिक सञ्चार सेवाका सुविधाहरू क्रमबद्ध रूपमा स्थापित हुँदै आए। अर्कोतिर दरवारबाट प्रकाशित भएका सूचना, अधिसूचनाहरूद्वारा पनि सरकारका आदेश, निर्देशहरू जनसाधारणमा जाँदथ्यो।

३० नोभेम्बर, १९२६-का दिन देहरादुनबाट प्रकाशित **गोर्खा संसार-** (वर्ष १, किरण ४) मा सिक्किमका मानवीरसिंह रसाइलीको एउटा फिचरलेख *बाल शिक्षा प्रबन्ध*

---

[१२४] पूर्ववत्।

[१२५] सिक्किमका इतिहास विशेषज्ञ सितल प्रधानसँगको भेटवार्ताबाट प्राप्त जानकारी।

शीर्षकमा प्रकाशन भएपछि सिक्किमको पत्रकारिताको इतिहास आरम्भ भएको हो। यसपछि **गोर्खा संसार** (वर्ष २, किरण ८) —मा ३१ जनवरी, १९२८- मा *श्री ३ सर्कार महाराजा कलकत्ता सवारी भयेका सुअवसरमा विश्वकर्म जातीय प्रतिनिधि* शीर्षकमा प्रकाशित समाचार नै सिक्किमे पत्रकारद्वारा प्रेषण गरिएको तथा प्रकाशित पहिलो समाचार हो। सोही शीर्षकमा **गोर्खा संसार** वर्ष २ किरण १३-मा पनि अर्को समाचार प्रकाशन भएको छ। यसरी नै ६ जुलाई, १९२८-को **गोर्खा संसार** (वर्ष २ किरण २७)-मा प्रकाशित *हर्षको समाचार,* १ मार्च, १९३५ मा प्रकाशित **नेबुला** (वर्ष १, सङ्ख्या २)-मा *भोटान र सिक्किम समाचार*अन्तर्गत प्रकाशित सिक्किमका तीनवटा समाचारहरू, अनि कालेबुङबाट प्रकाशित **गोर्खा** पत्रिका (१ मार्च, १९४५ को वर्ष १, किरण ५)- मा *राय साहेब हरिप्रसाद प्रधान, एमः एः, बीःएलः झेल बाट १७ फरवरीको दिन मुक्त भई सिकिम जानु भयो* [१२६] भन्ने समाचार प्रकाशित भएको थियो। दार्जिलिङबाट प्रकाशित हुने **भारती** पत्रिकाले पनि सिक्किमका केही समाचार प्रकाशित गरेको पाइन्छ।

सिक्किमका पूर्व मुख्यमन्त्री एवम् पत्रकार बीबी गुरुङले दिएको जानकारीअनुसार सन् १९४४-मा गान्तोकका थोरै ठाउँमा समाचारपत्रहरू आउँदथे अनि थोरै मानिसले पढ्दथे। राजदरवार, देवान, राजनीतिक अधिकारीका कार्यालयमा समाचारपत्रहरू आउँदथे अनि यसका अतिरिक्त लक्ष्मी बाबु, काशीराज प्रधान, मानवीरसिंह रसाइली, अटलबहादुर देवान अनि कोर्ट दरोगा बलबहादुर राईले समाचारपत्र पढ्दथे। [१२७]

सन् १९४७ मा अपतन साहित्य परिषद् गठन भएपछि गोष्ठीहरूमा पठन गरिएका रचनाहरूलाई बहीखातामा उतारेर राख्ने परम्परा आरम्भ भयो। उक्त बहीखातालाई

[१२६] रणधीर सुब्बा (सन् १९४५); **गोर्खा,** वर्ष १, किरण ५, कालेबुङ : अखिल भारतीय गोर्खा लीग, पृ. ११।

[१२७] बीबी गुरुङ सिक्किमका पूर्व मुख्यमन्त्री एवम् पत्रकारसँगको भेटवार्ताबाट प्राप्त जानकारी।

अपतनहरूले **अमूल्यरत्न** नाम दिएका थिए। यसैगरी सन् १९५१ मा गान्तोकबाट **फूलबारी** नामक हस्तलिखित पत्रिका निस्कियो। यस पत्रिकाका सम्पादकहरू सी.बी राई, मानवीर सुब्बा, नरमाया मोक्तान र हेमलक्ष्मी देवान रहेका थिए। यस पत्रिकासित सुश्री मेरी, श्रीमती राई, निर्मल कुमारी, रिपबम लेप्चा र तुलसी शर्मा पनि सम्बन्धित थिए। यो पत्रिका बहुभाषी पत्रिका रहेको गोपालप्रसाद दाहालले उल्लेख गरेका छन्।[१२८] यसपछि नाम्ची दक्षिण सिक्किमबाट गणेशमान राईको सम्पादनमा **मानव निर्बोध** हस्तलिखित पत्रिका निस्किएको थियो। सन् १९५६-मा भारतको सूचना सेवाको गान्तोक कार्यालयले राजनीतिक अधिकारीको कार्यालयबाट **बुलेटिन** नामक साप्ताहिक अङ्ग्रेजी भाषामा अनि **आधिकारिक विज्ञप्ति** नेपाली भाषामा प्रकाशित गरेको थियो।

पृष्ठभूमिकालमा सिक्किममा लोकसञ्चार प्रणाली नै प्रभावकारी सञ्चार माध्यम रहेको थियो। सरकारी अधिसूचनाहरू सरकारी कार्यालय, कर्मचारी, काजी, ठेकेदार, मण्डल र कारबारीबाट जनता पुग्दथ्यो भने डाक सेवा, टेलिग्राम तथा विदेशी समाचारपत्रको प्रयोग दरवार र उच्च पदस्त अधिकारीहरूमा सीमित थियो। मिसिनेरीहरूका प्रयासमा स्कुलहरूको स्थापनाले राज्यमा शिक्षाको ज्योति विस्तारित हुने काम भइरह्यो भने मानिसहरूले लेख्न र पढ्न पनि थाले। यसैबीच सन् १९२६-मा देहरादुनबाट प्रकाशित हुने पत्रिका **गोर्खा संसार**-मा मानवीरसिंह रसाइलीको लेख र समाचार प्रकाशन हुनु आफैमा एउटा ऐतिहासिक घटना हो। रसाइलीले सिक्किमलाई आधुनिक पत्रकारिताको क्षेत्रमा प्रवेश गराएका थिए। यसैबीच अपतन साहित्य परिषद्को गठनपछि सिक्किममा साहित्यिक गतिविधि, गोष्ठी, सम्मेलन, सभा आदि हुने क्रम पनि आरम्भ भयो, जसले पत्रिका प्रकाशनका लागि अनुकुल वातावरण तयार गर्ने कार्य गर्दै हस्तलिखित पत्रिका निष्कासनमा प्रोत्साहन दियो। यसैकालमा सिक्किम

---

[१२८] गोपालप्रसाद दाहाल (सन् १९८५); *सिक्किमको नेपालीसाहित्यमा कविता विधा : एक सर्वेक्षण,* केदार गुरुङ र उपमान बस्नेत (सम्पा.) **स्रष्टा,** वर्ष ६, अङ्क १८, पृ. १३।

सरकारले छापाखानाको स्थापना गरेर मुद्रण कार्यको थालनी गऱ्यो भने भारत सरकारको सूचना सेवा केन्द्रले छापाखानाको स्थापनासितै **बुलेटिन** र **आधिकारिक विज्ञप्ति** नामक पत्रिकाको प्रकाशनसमेत गरेर सूचनालाई मुद्रित रूपमा जनतासमक्ष पुऱ्याउने कार्य गरेर पत्रिका प्रकाशनको निम्ति आधारशीला राख्ने कार्य गऱ्यो।

**४.३.१.२ कञ्चनजङ्घाकाल (सन् १९५७ देखि १९७४ सम्म)** : १५ सितम्बर १९५७ देखि गान्तोकबाट काशीराज प्रधानको व्यवस्थापनमा नहकुल प्रधानको सम्पादनमा **कञ्चनजङ्घा** समाचारप्रधान नेपाली मासिक पत्रिकाको प्रकाशन आरम्भ भएदेखि नै सिक्किममा पत्र-पत्रिका प्रकाशनको इतिहास थालनी भएको हो। कालेबुङको मणि प्रिन्टिङ प्रेसबाट मुद्रित यस पत्रिकाको थालनीकालका सातवटा अङ्कमा नहकुल प्रधान प्रकाशक र सम्पादक रहेका थिए। आठौं अङ्कदेखि प्रधान सम्पादकको दायित्व काशीराज प्रधानले स्वयम्ले लिएका थिए। काशीराज प्रधानकै घर लक्ष्मी निवास गान्तोकमा नै मुख्य कार्यालय रहेको भए तापनि काशीराज प्रधान थालनीकालमा मुख्य कार्यकारी पार्षद् रहेको हुँदा आफ्नो नाम पत्रिकामा उल्लेख गर्न नचाहेकाले उनले आफ्ना भानिज नहकुल प्रधानलाई सम्पादक बनाएका थिए।[१२९]

**कञ्चनजङ्घा** दुई वर्ष निरन्तर प्रकाशित भई सितम्बर, १९५९ मा २४ औं अङ्क निस्किएपछि आर्थिक कारणले अचानक बन्द भयो। यसमा वर्ष २ अङ्क ९-१० र ११-१२ संयुक्त अङ्क निस्किएकाले कुल २२ वटा पुस्तकाकारमा यो पत्रिकाले विभिन्न समाचार, घटनाक्रम, अन्तर्राष्ट्रिय जगत्का जानकारीमूलक सूचना, सिक्किममा भइरहेका विकास गतिविधिका जानकारीलगायत ६५ वटा कविता, ९ वटा कथा र ३८ वटा लेख-निबन्ध,

---

[१२९] Pooja Basnett & , Dr. Silajit Guha (2014); *Kanchenjunga and Sikkim Press: How Media Started Its Practice in Sikkim*, **IOSR Journal Of Humanities And Social Science** (IOSR-JHSS), Volume 19, Issue 10, Ver. VI (Oct. 2014), Pg..20.

संस्मरण, जीवनी इत्यादि प्रकाशन गरेर यस पत्रिकाले नेपाली पत्रकारिता र भाषा-साहित्यको सेवा गरेको थियो।

दुई वर्ष एघार महिना पन्ध्र दिनपछि पुनः ३१ अगस्त, १९६२ मा काशीराज प्रधानको सम्पादनमा **कञ्चनजङ्घा** पाक्षिक पत्रिकाको प्रकाशन वर्ष ३, सङ्ख्या १ का रूपमा भएपछि यो सन् १९७३ सम्म निरन्तर प्रकाशित भई राजतन्त्रकालीन सिक्किमका विभिन्न घटनाक्रम र समाचार सँगसँगै साहित्यिक सामग्रीसमेत लिएर देखापऱ्यो। यस अवधिमा **कञ्चनजङ्घा**-ले ५१८ वटा कविता, ४७ वटा कथा र १४० वटा लेख-निबन्ध आदिका साथै केही विशेषाङ्कहरू पनि प्रकाशन गर्नमा सफलता पायो। **कञ्चनजङ्घा**-ले सिक्किमका धेरै साहित्यिक प्रतिभालाई जन्माएर स्थापित हुने अवसर प्रदान गऱ्यो भने ती स्थापित साहित्यकारहरूलाई पनि सिक्किमे पाठकसमक्ष चिन्हाउने काम पनि गऱ्यो।

मार्च १९५९ देखि सिक्किम सरकारको सरकारी समाचार पत्रिका **सिक्किम हेराल्ड**-को प्रकाशनक्रम प्रारम्भ भयो। थालनीकालमा मासिक र पछिबाट साप्ताहिक रूपमा प्रकाशित हुने यस समाचारपत्रका माध्यमबाट सिक्किम सरकारका विभिन्न विकासमूलक कार्यक्रम, नीति तथा सूचनाहरू प्रकाशित गरेर जनतालाई सूचित गराइन्थ्यो। सिक्किम सरकारको सूचना सेवा निर्देशालयद्वारा प्रकाशित तथा सिक्किम दरवार छापाखानामा मुद्रित **सिक्किम हेराल्ड** सिक्किम सरकारको विकास विभागले प्रकाशित गरेको थियो। आरम्भमा २२ पृष्ठ रहेको यस मासिक पत्रिकाका सम्पादक जे. टी. देनसापा थिए भने सम्पादक मण्डलीमा टी. एस ग्यालछेन र एम. पी प्रधान थिए। **सिक्किम हेराल्ड** आजपर्यन्त निरन्तर रूपमा प्रकाशन भइरहेको छ।

भारत सरकारको सूचना सेवा विभागले सन् १९५९-मा **हिमालय सन्देश** र सन् १९६०-मा **प्रगति** नामक दुईवटा समाचारप्रधान पत्रिका प्रकाशन गरेर भारतमा भइरहेका विकासीय गतिविधिलाई प्रकाशमा ल्याउने कार्य गरेको देखिन्छ।

सन् १९६१ देखि **सिक्किम हेराल्ड**-को अङ्ग्रेजी संस्करण पनि आरम्भ भयो, जसले आजपर्यन्त अङ्ग्रेजी भाषामा सरकारी समाचारलाई जनसमक्ष प्रस्तुत गर्दै आएको छ। यसरी नै सन् १९६६ मा अङ्ग्रेजी भाषामा केसरबहादुर थापाको सम्पादनमा प्रकाशित **सिक्किम** पाक्षिक पत्रिकाले पनि व्यावसायिक पत्रकारितालाई विकसित गराउनमा महत्त्वपूर्ण योगदान दिएको छ। **सिक्किम** पाक्षिक पत्रिका सन् १९७३ सम्म प्रकाशनमा आएर बन्द भयो।[१३०]

**कञ्चनजङ्घा**सितै प्रकाशित अन्य पत्रिकाहरूमा विशेषरूपले साहित्यिक पत्रकारिताहरूको भूमिका उल्लेखयोग्य रहेको छ। यसकालमा प्रकाशित समाचारइत्तर साहित्यिक पत्र-पत्रिका हुन्- अखिल सिक्किम विद्यार्थी सङ्घ, गान्तोकद्वारा महानन्द पौड्यालको सम्पादनमा **सम्मेलन बुलेटिन** (सन् १९५७), गान्तोकबाट नयनछिरिङ लेप्चाको सम्पादनमा **तीनतारा** (सन् १९५८), लाल देवसा, रामदत्तलाल ठाकुर, गायत्री देवी गुरुङ, लक्ष्मी प्रधान र बुद्धिमाया सिंहको सम्पादनमा **सुनाखरी** (सन् १९५८), गेजिङ, पश्चिम सिक्किमबाट महानन्द पौड्यालको सम्पादनमा **ध्रुवतारा** (सन् १९६१), नाम्चीबाट नरबहादुर भण्डारीको सम्पादनमा **हाम्रो पुकार** (सन् १९६३), पेलिङ पश्चिम सिक्किमबाट प्रकाशित गिर्मी शेर्पा र अन्यको सम्पादनमा **मुक्त स्वर** (सन् १९६४), सार्वजनिक पुस्तकालय, गान्तोकबाट शोभाकान्ति थेगिमको सम्पादनमा **उषा** (सन् १९६६), युथ लाइब्रेरी, गान्तोकबाट कर्ण बस्नेत, सन्तोष बर्देवा, जीवन थिङ र अन्यको सम्पादनमा **नवज्योति** (सन् १९६६), डेञ्जोङ एमोच्युर म्युजिकल क्लब, गान्तोकबाट किरण रसाइलीको सम्पादनमा

---

[१३०] Subas Deepak, (Ed.) (2004), **Sikkim Study series**, Vol. V, Gangtok : IPR Dept. Govt. of Sikkim, pg. 105.

**मुनाल** (सन् १९६७), गान्तोकबाट नूरवीर लक्समको सम्पादनमा **झटारो** (सन् १९६८), गेजिङबाट केदार गुरुङ र अन्यको सम्पादनमा **झिल्का** (सन् १९६८) सिक्किम विद्यार्थी सङ्घको मुखपत्रका रूपमा छत्रबहादुर तामाङको सम्पादनमा **त्रिवेणी** (सन् १९६९), नाम्चीबाट नरबहादुर भण्डारीको सम्पादनमा **अर्चना** (सन् १९७३), सुम्बुक, दक्षिण सिक्किमबाट शैलेशचन्द्र प्रधान र उदयचन्द्र राईको सम्पादनमा **चाँप गुराँस** (सन् १९७३), गेजिङबाट केदार गुरुङको सम्पादनमा **विस्फोटन** (सन् १९७३), गान्तोकबाट दिलु मास्के, शान्ति छेत्री, कुवेरचन्द्र दाहालको सम्पादनमा **ससुराली** (सन् १९७३) अनि भानु स्मारक सङ्घ, दलपचन्दबाट भानु राई र प्रदीप गुरुङको सम्पादनमा **सिन्दुर पोते** (सन् १९७४)।

सन् १९५७-१९७४ को कालखण्डमा प्रमुख समाचारपत्रका रूपमा **कञ्चनजङ्घा**-कै वर्चस्व रहेको थियो। सिक्किम सरकारले सरकारी सूचना र खबर दिन **सिक्किम हेराल्ड**-को नेपाली र अङ्ग्रेजी संस्करण अनि भारत सरकारको **हिमालय सन्देश** र **प्रगति**जस्ता पत्रिकाले सरकारी खबरहरू र विकास प्रतिवेदन मात्र दिएका कारण सर्वसाधारणको खबरका लागि केवल **कञ्चनजङ्घा** मात्र सशक्त सञ्चारमाध्यम र विश्वसनीय पत्रिकाका रूपमा लोकप्रिय भएको देखिन्छ। अर्कातिर सन् १९६६ मा अङ्ग्रेजी भाषामा केसरबहादुर थापाको सम्पादनमा प्रकाशित **सिक्किम** पाक्षिक समाचारपत्रको प्रकाशनले एक्लो **कञ्चनजङ्घा**को सर्वोपरितालाई थप ऊर्जा प्रदान गरेको थियो। **कञ्चनजङ्घा** र **सिक्किम**बाहेक अन्य **सिक्किम हेराल्ड, हिमालय सन्देश, प्रगति** जस्ता पत्रिका सरकारका मुखपत्रका रूपमा रहेका थिए। **कञ्चनजङ्घा** र **सिक्किम** जस्ता पत्रिकामा पनि स्वतन्त्र अभिव्यक्तिको परिवेश सहज थिएन। दरवार, देवान र राजनीतिक अधिकारीका कार्यालयबाट आउने प्रशासनिक दवाउ र आमजनताको चापका बीच यी पत्रिकाले मध्यम मार्ग अवलम्बन गरेर प्रकाशनको उज्ज्यालोमा आउने प्रयास गर्थे। **कञ्चनजङ्घा**-का सम्पादक एवम् प्रकाशक काशीराज

प्रधान स्वयम् एकजना राजनीतिक व्यक्तित्व भएका हुँदा **कञ्चनजङ्घा**-लाई जनताको समाचारपत्र बनाउने चेष्टा गरे तापनि दरवारप्रतिको झुकाउ पनि **कञ्चनजङ्घा**-मा पाइन्छ। समाचार सँगसँगै साहित्यिक रचनालाई पनि प्रधानता दिएर पूर्ण समाचारपत्रका रूपमा प्रकाशन गर्नु त्यस बेला **कञ्चनजङ्घा** पत्रिकाका निम्ति अनुकूल स्थिति नभएको स्पष्ट हुन्छ। लोकतान्त्रिक परिवेशको अभावमा पनि **कञ्चनजङ्घा**ले महत्त्वपूर्ण खबर जनसाधारणमा पुऱ्याउने जुन सहासिक कार्य गरेको थियो, त्यो पत्रकारिताको इतिहासमा स्तुत्य रहेको छ।

### ४.३.२ लोकतन्त्रकाल — सन् १९७५ देखि यता हालसम्म

१६ मई १९७५-को ऐतिहासिक घटनापछि सिक्किममा लोकतन्त्रको उदय हुन्छ। लोकतन्त्रको उदयसितै सिक्किमबाट अङ्ग्रेजी भाषामा **सिक्किम एक्सप्रेस** र नेपाली भाषामा **हिमालीबेला, दैनिक आवाज, विचार, आजको सिक्किम, दर्पण, गान्तोक**जस्ता दैनिक तथा साप्ताहिक समाचारपत्रहरूको प्रकाशन पनि आरम्भ हुन्छ, जसले सिक्किममा पत्रकारिताको दरिलो आधारशीला राख्ने काम गर्दछन्। अध्ययनको सुविधालाई ध्यानमा राख्दै लोकतन्त्रकालका पत्रकारिताको इतिहासलाई निम्नलिखित दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ।

अ) पहिलो चरण — सन् १९७५ देखि १९९९ सम्म।

आ) दोस्रो चरण — सन् २००० देखि हालसम्म।

**४.३.२.१ पहिलो चरण — सन् १९७५ देखि १९९९ सम्म** : पहिलो चरण अर्थात् सिक्किम भारतीय महासङ्घमा विलय भएपछि सन् १९९९ सम्मको समयावधि लोकतान्त्रिक परिवेशको आरम्भिक चरण हो। राजतन्त्रदेखि लोकतन्त्र, राष्ट्रबाट राज्यमा परिणत भएको सिक्किमको प्रशासनिक, राजनीतिक व्यवस्थामा एकाएक परिवर्तन आयो। त्यस परिवर्तनपछि

मानिसहरू राजनीतिक रूपमा स्वतन्त्र भए, अभिव्यक्तिको स्वतन्त्रतालाई संविधानले नै मान्यता दियो, जनताले मौलिक अधिकार प्राप्त गरे। दरवारको भय, काजी, ठेकेदारहरूको निरङ्कुशता समाप्त भएर एकाएक लोकतान्त्रिक परिवेश बहाली भयो। पत्र-पत्रिका प्रकाशनका लागि अनुकुल वातावरणको सिर्जना हुनथाल्यो भने भारतका अन्य राज्यहरूमा प्रकाशित समाचारपत्रहरूको प्रभाव पनि सिक्किममा पर्दै गयो।

सन् १९७७-को १३ नोभेम्बरका दिनदेखि गान्तोकबाट हिमाल इन्डिया पब्लिकेसन प्रा.लि.को प्रकाशनमा राम पात्रोको सम्पादनमा **हिमालीबेला** साप्ताहिक समाचारपत्रको प्रकाशनसितै व्यावसायिक पत्रकारिताको नयाँ युगको प्रारम्भ भयो। सन् १९७७ को अगस्त महिनादेखि हिमाल इन्डिया पब्लिकेसन प्रा. लि. बाट अङ्ग्रेजी भाषामा अर्द्धसाप्ताहिक समाचारपत्र **सिक्किम एक्सप्रेस**को प्रकाशन हुनु एउटा महत्त्वपूर्ण प्रयास थियो। **हिमालीबेला**-ले विभिन्न स्तम्भहरूसितै लोकप्रियता कमाउँदै गयो र १५ अगस्त १९७८ देखि दैनिक समाचारपत्रका रूपमा प्रकाशित हुनथाल्यो। दैनिक समाचारपत्र बनेपछि **हिमालीबेला**का सम्पादक र प्रकाशकको दायित्व मालाराणा पात्रोले वहन गर्न थालिन्। सन् १९७५-१९८४ को अवधिमा **हिमालीबेला** सिक्किम तथा दार्जिलिङ जिल्लाकै लोकप्रिय समाचारपत्र बनेको थियो।

६ मई, १९७८ शनिबारका दिनदेखि गान्तोकबाट नै भारतकै पहिलो नेपाली दैनिक समाचारपत्र **दैनिक आवाज** को प्रकाशनक्रम आरम्भ भयो। आवाज प्रकाशनको तत्परतामा वाईएन भण्डारी प्रकाशक अनि जीत रैका सम्पादक रहेको दुर्गा प्रिन्टिङ वर्कस् गान्तोकमा मुद्रित **दैनिक आवाज**ले पहिलोपल्ट दैनिक रूपमा विभिन्न समाचार लिएर पाठकसमक्ष पुग्ने आँट गरेको थियो। **दैनिक आवाज**ले पनि सिक्किमलगायत दार्जिलिङमा लोकप्रियता प्राप्त गर्न

थालेको भए तापनि आर्थिक कमजोरीका कारण सन् १९८० दशकको उत्तरार्द्धसम्म आइपुग्दा **दैनिक आवाज** शिथिल बन्दै गयो र साप्ताहिक रूपमा यसको प्रकाशन हुनथाल्यो।

यस चरणमा **हिमालीबेला** र **दैनिक आवाज**-ले दैनिक रूपमा आफूलाई प्रस्तुत गर्ने जमर्को गरे तापनि अनेकौं कारणले गर्दा यी पत्रिकाले नियमितता दिन नसकेपछि साप्ताहिक रूपमा नै प्रकाशन हुन बाध्य बने। अतः यस चरणमा साप्ताहिक समाचारपत्रहरूको वर्चस्व रह्यो। यस चरणका समाचारपत्रहरूको विवरण परिशिष्टमा प्रस्तुत तालिका सङ्ख्या ७.११-मा देखाइएको छ।

परिशिष्टमा प्रस्तुत तालिका सङ्ख्या ७.११-को विवरणअनुसार यस चरणमा कुल ८२ वटा समाचारपत्रहरू प्रकाशित भए। **दैनिक आवाज** (सन् १९७८) र **हिमालीबेला** (सन् १९७७) केही वर्ष दैनिक रूपमा प्रकाशित भएपछि साप्ताहिक बने भने **खबरपत्रिका** (सन् १९९८) केही महिना दैनिक रूपमा प्रकाशित भएर बन्द भयो। अशोक प्रशान्तको **छाँया** (सन् १९९७) नामक समाचारपत्रिका पनि मासिक रूपमा तीन वर्षसम्म मात्र प्रकाशनमा आउन सक्यो। अन्य केही समाचारपत्रहरू कहिले अर्द्धसाप्ताहिक, पाक्षिक र कहिले साप्ताहिक रूपमा नै प्रकाशित भएका पाइन्छन्।

शिव प्रधानको सम्पादनमा **गान्तोक** (सन् १९७८), समीरण छेत्रीको **झिल्का** (सन् १९७८), धर्म बस्नेत, विजय बान्तवा र पुण्यप्रसाद शर्माको संयुक्त सम्पादनमा प्रकाशित **झिल्काहरू** (सन् १९७८), दिलकुमारी भण्डारीको सम्पादनमा प्रकाशित **आजको सिक्किम** (सन् १९७८), गङ्गाबहादुर राईद्वारा सम्पादित **दर्पण** (सन् १९७९), पीबी याताको सम्पादनमा प्रकाशित**नयाँ परिपाटी** (सन् १९७९), एन जोशी र जीत रैकाको सम्पादनमा निस्कने **फ्रण्टियर समाचार** (सन् १९८०), विष्णु प्रताप कँडेलको सम्पादनमा प्रकाशित हुने **कञ्चनजङ्घा टाइम्स** (सन् १९८१), सुवास दीपकको सम्पादनमा निस्कने **विचार** (सन्

१९८१), आर मोक्तान र चर्चिल सुब्बाद्वारा प्रकाशित **टिस्टा रङ्गीत** (सन् १९८४), प्रणय लामिछानेको सम्पादनमा प्रकाशित **हिमाली पूर्वसन्देश** (सन् १९८४), मोहन प्रधान सहाराको **सिक्किम आवाज** (सन् १९८५), विजय बान्तवाको सम्पादनमा प्रकाशित **हिमगिरी** १९८५, पुण्यप्रसाद शर्माको सम्पादनमा प्रकाशित **जनपक्ष** (सन् १९८५), जीत रैकाको सम्पादनमा रहेको **सिक्किम समाचार** (सन् १९८६), पी खालिङको सम्पादनमा निस्कने **साझा समाचार** (सन् १९८७), गोपाल गाउँलेको सम्पादनमा प्रकाशित **सिक्किम बोल्छ** (सन् १९८८), जीपी शर्मा अनाथको सम्पादनमा प्रकाशित **स्वतन्त्र समाचार** (सन् १९८८), सीबी छेत्रीको सम्पादनमा प्रकाशित **साप्ताहिक सिक्किम** (सन् १९८९), अमर कटुवालको सम्पादनमा निस्कने **हाम्रो आवाज** (सन् १९८९), किशोर मोक्तानद्वारा सम्पादित **हिमाली आवाज** (सन् १९९०), धिरज बान्तवाको सम्पादनमा प्रकाशित **नयाँ क्षीतिज** (सन् १९९३), जोसेफ लेप्चाको सम्पादनमा प्रकाशित **युगधारा** (सन् १९९३) र जेभियर सुब्बाको सम्पादनमा प्रकाशित हुने **प्रतिध्वनि** (सन् १९९७) आदि साप्ताहिक समाचारपत्रहरू यस चरणका उल्लेखनीय लोकप्रिय समाचारपत्रहरू हुन्।

यस चरणमा प्रकाशित अधिकांश साप्ताहिक समाचारपत्र नियमित बन्न सकेनन्। कतिपय समाचारपत्रहरू त एकाध महिनामा नै बन्द भएर गए, तथापि राजधानी गान्तोकबाहेक सिक्किमका अन्य जिल्लाबाट पनि केही समाचारपत्रहरू प्रकाशित भएको देखिन्छ, जसमा धर्म बस्नेत, विजय बान्तवा र पुण्यप्रसाद शर्माको सम्पादनमा रम्फू पूर्व सिक्किमबाट प्रकाशित **झिल्काहरू** (सन् १९७८), रम्फूबाटै समीरण छेत्रीको सम्पादनमा **हिमाली आभा** (सन् १९८३), सिङ्ताम पूर्व सिक्किमबाट मोहन प्रधान सहाराको सम्पादनमा **सिक्किम आवाज** (सन् १९८५), गेजिङ पश्चिम सिक्किमबाट केदार गुरुङको सम्पादनमा

**चियाभञ्जयाङबाट चियाउँदा** (सन् १९९०), प्रवीण राई जुमेलीको सम्पादनमा जोरथाङ दक्षिण सिक्किमबाट **जोरथाङ समाचार** (सन् १९९७) आदि प्रमुख छन्।

यस चरणका केही साप्ताहिक समाचारपत्र चुनाउका अवधिमा मात्र प्रकाशित भएर बन्द भए। कतिपय समाचारपत्र पार्टी र संस्थाका समाचारपत्र बनेर पनि प्रकाशित भए।[१३१] राजनीतिक संरक्षणमा प्रकाशित यस्ता समाचारपत्र दिगो रहनसकेनन्। यस चरणावधिमा सिक्किममा सन् १९७९, सन् १९८५, सन् १९८९, सन् १९९४ र सन् १९९९ गरी कुल पाँचवटा विधानसभा चुनाउ सम्पन्न भए। सन् १९७४-को चुनाउमा मुख्यमन्त्री बनेका एलडी काजीसहित नरबहादुर भण्डारी, बीबी गुरुङ, सञ्चमान लिम्बू र पवन चामलिङ गरी पाँचजना मुख्यमन्त्रीको सरकार सिक्किमले पायो। १८ अगस्तदेखि १८ अक्टुबर, १९७९ सम्म अनि २५ मई, १९८४ देखि ८ मार्च, १९८५ सम्म सिक्किममा राष्ट्रपति शासन लागेको थियो। ११ मई, १९८४-मा नरबहादुर भण्डारीको सरकारले विधानसभामा बहुमत गुमाउँदा बीबी गुरुङ १३ दिनका लागि मुख्यमन्त्री बनेका थिए भने १७ जुन, १९९४-मा फेरि नरबहादुर भण्डारीको सरकारले विधानसभामा विश्वास गुमाउँदा सञ्चमान लिम्बू ६ महिना मुख्यमन्त्री बनेका थिए। अर्कातिर यस अवधिमा लोकसभाका निम्ति यसरीनै सन् १९७७, सन् १९८०, सन् १९८४, सन् १९८९, सन् १९९१, सन् १९९६, सन् १९९८ र सन् १९९९ गरी ८ वटा चुनाउ भएकाले राजनीतिक अस्थिरता अनि २४ वर्षको कालावधिमा ११ पल्ट राज्यमा चुनाउको भएका कारणले पत्रकारहरू राजनीतिक दलहरूको प्रभावमा आउनु स्वाभाविक देखिन्छ। अर्कातिर, २५ मई, १९८४-मा बीबी गुरुङको कङ्ग्रेस सरकारलाई केन्द्र सरकारले बखास्त गरेको थियो। त्यस विषयलाई राज्यका समाचारपत्रले मुख्य समाचार बनाई गुरुङको सरकार असंवैधानिक तौरले बर्खास्त भएको

[१३१] विजय बान्तवा (सन् १९९६); **पत्रकारिताका पक्षहरू**, नाम्ची: निर्माण प्रकाशन, पृ.-१४।

समाचार छापिँदा त्यसप्रति प्रधानमन्त्रीको ध्यानाकार्षित भयो र त्यसै निहुँमा सिक्किमे पत्रकारितामा केन्द्रको हस्तक्षेप भएको थियो। तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले सिक्किमको स्वच्छ पत्रकारितालाई दूषित पार्ने प्रयास गरेको आरोप विजय बान्तवाले लगाएका छन्।[१३२]

मूलतः यस चरणका समाचारपत्रहरू सिक्किमे जनतालाई नयाँ लोकतान्त्रिक परिवेशबारे जानकारी दिन साथै नेपाली भाषा मान्यताको सङ्घर्ष एवम् छिमेकी राज्य पश्चिम बङ्गालको दार्जिलिङ पार्वत्य क्षेत्रमा भएको छुट्टै राज्य गोर्खाल्यान्डको मुद्दामा केन्द्रित देखिन्छन्। सन् १९९० को दशकमा भने सिक्किमे समाचारपत्रहरू राज्यमा व्याप्त राजनीतिक आरोह-अवरोहमा नै केन्द्रित बन्न पुग्छन्।यस दशकमा बीबी सुब्बाको सम्पादनमा प्रकाशित **अधिवक्ता** (सन् १९९३)-लगायतका केही समाचारपत्र चुनाउकेन्द्री रूपमा राजनीतिक दलका पृष्ठपोषक भई देखापरे। यस दिशामा सन् १९९४ देखि भीम दाहालको सम्पादनमा प्रकाशित सिक्किम डेमोक्रेटिक फ्रन्टको मुखपत्र **परिवर्तन** र भीम ठटालको सम्पादनमा १९९६-देखि प्रकाशित मार्क्सवादी कम्युनिष्ट पार्टीको मुखपत्र **दिव्यदृष्टि** प्रमुख हुन्।

यस चरणमा **दैनिक आवाज, हिमालीबेला, विचार, हिमगिरी** लगायतका केही समाचारपत्रले छिमेकी राज्य पश्चिम बङ्गालसम्म आफ्ना पाठक सङ्ख्या वृद्धि गर्न सक्षम बनेका देखिन्छन् भने सुवास दीपकको **विचार** पूर्वोत्तर भारतमा समेत लोकप्रिय बनेको अनुभव **विचार**-मा प्रकाशित पाठक प्रतिक्रियाले स्पष्ट गर्दछ।

पहिलो चरणको अन्त्यतिर सन् १९९८-मा हर्कबहादुर छेत्रीको सम्पादनमा गान्तोकबाट **खबरपत्रिका** नामक दैनिक समाचारपत्रको प्रकाशन भयो।अपसेट छापाखानामा

---

[१३२] पूर्ववत्।

मूद्रित **खबरपत्रिका** तीन महिनाको अल्पायुमा नै रहस्यमय रूपले बन्द हुनपुग्यो। आधुनिक प्रविधिको सुविधा उपयोग गर्दै **खबरपत्रिका** प्रकाशित भए तापनि यसले नियमित हुनसकेन। तर यस चरणमा सिलगढीबाट प्रकाशित हुने **सुनचरी समाचार, अब, आजभोलि र हिमालय दर्पण**जस्ता दैनिकले सिक्किममा पाठक बनाइसकेको हुँदा राज्यमा दैनिक समाचारपत्रको महत्त्व स्पष्ट भइसकेको थियो। यस्तो अनुकुल परिवेशमा निस्किएको **खबरपत्रिका**-ले आफ्नो छाप छोड्न नसकी बन्द भएको घटना रहस्यमय हो।

प्राविधिक असुविधा, प्रतिकुल परिस्थिति, आर्थिक अभाव, बिक्रीवितरणको समस्या, राजनीतिक हस्तक्षेप, पाठकमा पठन संस्कृतिको अभाव, तालिमप्राप्त पत्रकारको कमीका अवस्था झेल्दै पनि **विचार, हिमालीबेला**लगायतका केही समाचारपत्रले अर्द्धसाप्ताहिक रूपमा पनि प्रकाशित हुने प्रयास गरेका छन्। समाचार प्रसारणका अतिरिक्त नेपाली भाषा-साहित्यको विकासका सन्दर्भमा समेत यस चरणका साप्ताहिक समाचारपत्रको योगदान सराहनीय रहेको छ।

**४.३.२.२ दोस्रो चरण —सन् २००० देखा हालसम्म**: नयाँ स्रहसाब्दीको आगमनसितै सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताका क्षेत्रमा पनि परिवर्तन र विकासको नयाँ गति देखा पऱ्यो। राज्यमा अफ्सेट एवम् रङ्गीन छापाखानाको सुविधासहित इन्टरनेट, डिजिटल केमेरालगायत कम्प्युटरको सहज उपलब्धताको प्रभाव समाचारपत्रको कलेवरमा स्पष्ट देखा पर्न थाल्यो। सन् १९८०-को दशकमा देखापरेका अनेकन असुविधा र अभाव समाप्त भएर नयाँ सुविधाले भरिएको यस स्रहसाब्दीमा युवा पुस्ताको झुकाउ पत्रकारिताका क्षेत्रमा बढ्न थालेपछि दैनिक समाचारपत्र प्रकाशित गर्ने अनुकुल परिस्थिति बनियो।

यस चरणमा प्रकाशित समाचारपत्र र पत्रिकाहरूको विवरण परिशिष्टमा समाविष्ट तालिका सङ्ख्या ७.१२ मा प्रस्तुत गरिएको छ।

दोस्रो चरणमा कुल ८५ वटा समाचारपत्र र पत्रिकाहरू प्रकाशित भएको पाइन्छ, जसमा १० वटा दैनिक, ३ वटा खबरपत्रिका र ७२ वटा साप्ताहिक समाचारपत्र रहेका छन्।

पहिलो चरणको अन्तिमतिर सन् १९९८-मा हर्कबहादुर छेत्रीको सम्पादनमा गान्तोकबाट **खबरपत्रिका** नामक दैनिक समाचारपत्रको प्रकाशनसितै दैनिक समाचारपत्र प्रकाशनको अभ्यास भइसकेको थियो। यस्तै परिवेशमा अञ्जन उपाध्यायको सम्पादनमा सन् २००० देखि साप्ताहिक रूपमा प्रकाशित भएर लोकप्रिय बनिसकेको **हाम्रो प्रजाशक्ति** सन् २००२ देखि दैनिक रूपमा पाठकसमक्ष आउनु व्यावसायिक पत्रकारिकाका क्षेत्रमा एउटा माइलखुट्टी प्रमाणित भयो। यसपछि पदम छेत्रीको सम्पादनमा **समय दैनिक** (सन् २००४), खगेन्द्रमणि प्रधानको सम्पादनमा **आजको सिक्किम** (सन् २००४), चन्द्र खालिङको सम्पादनमा **हाम्रो पहाड** (सन् २००६), मालाराणा पात्रोको सम्पादनमा **हिमालीबेला** (सन् २००७), डुकनाथ नेपालको सम्पादनमा **साङ्ग्रीला टाइम्स** (सन् २००८), गङ्गाबहादुर राईको सम्पादनमा **सिक्किम दर्पण** (सन् २०१०), किशोर मोक्तानको सम्पादनमा **दैनिक मिरमिरे** (सन् २०१०), रतन गुरुङको सम्पादनमा **हाम्रो वार्ता** (सन् २०१४), सिलगढीबाट प्रकाशित हुने दर्पण पब्लिकेसनले **हिमालय दर्पण**-को सिक्किम संस्करण दिसम्बर २०१६-मा आरम्भ गर्‍यो, जोसँग गरी दसवटा दैनिक समाचारपत्रहरू प्रकाशित हुन पुगे। यीमध्ये **आजको सिक्किम. हिमालीबेला, सिक्किम दर्पण** अनि **हाम्रो वार्ता** साप्ताहिकबाट दैनिक बनेका हुन्। **आजको सिक्किम, हाम्रो पहाड र हाम्रो वार्ता** केही समय प्रकाशित भएर बन्द भए भने अन्य नियमित बन्ने प्रयत्नमा छन्।

यस चरणमा आएर जीपी अनाथको सम्पादनमा **दिव्य भारती** (सन् २००२), चन्द्र खालिङको सम्पादनमा **नयाँ सिक्किम** (सन् २००४) र रोबिन साङपाङ राईको सम्पादनमा

**अनावरण** (सन् २०१२) खबरपत्रिकाका रूपमा प्रकाशित भए तापनि ती नियमित बन्न सकेनन्।

दोस्रो चरणमा ७० वटा साप्ताहिक समाचारपत्रको प्रकाशन भए तापनि दैनिक समाचारपत्रसितको व्यापारिक प्रतिस्पर्धा गर्न असक्षम बनेपछि अधिकांश साप्ताहिक समाचारपत्रहरू क्रमशः बन्द हुँदै गए। पाठकको सङ्ख्यामा आएको कमीका कारण साप्ताहिक समाचारपत्रहरूले आफ्नो अस्तित्व सुरक्षाका निम्ति सङ्घर्ष गर्न बाध्य बनेको देखिन्छ। लोकतन्त्रकालका दुई चरणको सर्वेक्षण गरेर हेर्दा २०१७-सम्ममा प्रायः २०० नेपाली समाचारपत्रहरू प्रकाशनमा आएको भए तापनि सूचना तथा जनसम्पर्क विभाग, सिक्किम सरकारका अनुसार कुल ८१ वटा मात्र समाचारपत्र नियमित रूपमा प्रकाशित भइरहेका छन्, जसमा नेपाली ७४ वटा, हिन्दी २ वटा र अङ्ग्रेजी ६ वटा रहेका छन्।

यस चरणमा आएर पत्रकारिताको विषयगत विविधताले पनि प्रवेश पायो। फोटो पत्रकारिता, खोजी पत्रकारिता, खेलकूद पत्रकारिता, चलचित्र पत्रकारिता, आर्थिक पत्रकारिता, साहित्यिक पत्रकारिता, पर्यावरण पत्रकारितालगायतका विविध विषयगत पत्रकारिताले सञ्चारको अभ्यास गर्नथाले। सन् २००२-मा प्रेस क्लब अफ् सिक्किमको स्थापनासितै यस क्लबले समय-समयमा पत्रकारहरूलाई तालिम दिने व्यवस्था पनि गरेको देखिन्छ। राज्य सरकारको विज्ञापन नीतिमा आएका परिवर्तनले दैनिक समाचारपत्रहरूलाई सशक्त हुने अवसर प्रदान गर्‍यो भने भारत सरकारको विज्ञापनसमेत राज्यका कतिपय समाचारपत्रले पाउन थाले, जसको परिणामस्वरूप समाचारपत्र उद्योगमा प्रतिस्पर्धाको परिवेश सिर्जना भएर गयो। समाचारपत्रमा सुदूर ग्रामीण क्षेत्रका समाचारदेखि राज्यका सबै महत्त्वपूर्ण खबरले प्राथमिकता पाउन थाले।

लोकतन्त्रकालका यी दुई चरणमा अन्य कतिपय साप्ताहिक समाचारपत्रहरू पनि प्रकाशन भएर अल्पावधिमा नै बन्द भएका कारण यथेष्ट विवरण पाउन नसकिएका केही समाचारपत्रहरूको विवरण परिशिष्टअन्तर्गत तालिका सङ्ख्या ७.१३ मा राखिएको छ। यी समाचारपत्रहरू प्रायः चुनाउका अवधिमा मात्र प्रकाशित हुने भएकाले छिट्टै बन्द पनि भएका कारणले यथेष्ट विवरण पाउन सकिएन।

समग्रमा लोकतन्त्रकालमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता फस्टाएको पाइन्छ, यद्यपि आजको स्थितिसम्म आइपुग्नका लागि यसले निकै सङ्घर्ष गर्नुपरेको कुरो स्पष्ट छ। **दर्पण** साप्ताहिकका सम्पादक गङ्गाप्रसाद राई भन्दछन्- *१९८० को दशकमा सिक्किममा पत्र-पत्रिकाहरूको सङ्ख्या कम थियो भने त्यस अनुपातमा पत्रकारहरूको सङ्ख्या पनि कम थियो। सरकारको तर्फबाट समाचारपत्रहरूलाई कुनै प्रकारको सहयोग प्राप्त नहुने त्यो समयमा पत्रकारिता गर्नु वा समाचारपत्र प्रकाशित गर्नु आर्थिक रूपमा ठूलै साहसको विषय थियो*।[१३३] अतः विभिन्न प्रतिकुल परिस्थितिमाझ पनि सिक्किमको नेपाली पत्रकारिताले आफ्नो छुट्टै चिन्हारी बनाउनमा सफलता प्राप्त गरेको छ।

## ४.४ उपसंहार

भारतमा प्राचीनकालदेखि नै मुद्रण प्रविधि विद्यमान रहेको भए तापनि विश्वमा आधुनिक मुद्रणयन्त्रको आविष्कार सन् १४४०-मा जर्मनीका जोहानेस गुटेनबर्गले गरेपछि मुद्रणक्रान्ति आएको हो। सन् १५५६-मा भारतको गोवामा पहिलो छापाखानाको स्थापना भयो भने सन् १७८० मा कलकत्ताबाट जेम्स अगस्टन हिकीले भारतको पहिलो समाचारपत्र **बेङ्गाल ग्याजेट**-को प्रकाशन गरेपछि भारतमा पत्र-पत्रिका र समाचारपत्रहरूको प्रकाशनक्रम प्रारम्भ भएको हो।यसै क्रममा सन् १८२० मा कलकत्ताको फोर्ट विलियम कलेजका

---

[१३३] गङ्गा राई (सन् २०१४); *तीन दशकको पत्रकारितामा मेरा अनुभवहरू*, **अभिव्यक्ति**, गान्तोक : सिक्किम पत्रकार सङ्घ, पृ.२१ ।

प्राध्यापक जेए एटनद्वारा अङ्ग्रेजी र देवनागरी लिपिमा लेखिएको नेपाली भाषाको व्याकरण **ए ग्रामर अव् द नेपालीस् ल्याङवेज** प्रकाशित भयो, जो नेपाली भाषामा मुद्रित र प्रकाशित पहिलो पुस्तक हो। सन् १८५१-मा नेपालमा गिद्धे प्रेसको स्थापना भएपछि पुस्तकहरूको मुद्रण र प्रकाशन पनि थालिएको हो।

सन् १८८७ मा भारतको बनारसबाट मोतीराम भट्टले **गोरखा भारत जीवन** नामक पत्रिका प्रकाशनमा ल्याएको कुरो थाहा लाग्छ।यसपछि सन् १८९८ मा **सुधासागर** नामक मासिक पत्रिकाको प्रकाशनबाट नेपालमा पनि नेपाली पत्र-पत्रिकाको प्रकाशन आरम्भ भएको थियो।यी दुवै पत्रिका अप्राप्य रहेका छन्।सन् १९०१-मा दार्जिलिङबाट पादरी गङ्गाप्रसाद प्रधानले **गोर्खे खबर् कागत्** नामक मासिक खबरपत्रिका प्रकाशन गर्न थाले। त्यही सालदेखि नेपालको काठमाडौंबाट पनि **गोरखापत्र** नामक समाचारपत्रको प्रकाशन हुनथाल्यो।**गोर्खे खबर् कागत्** र **गोरखापत्र-**बाट नै नेपाली समाचार पत्रकारिताको आरम्भ भएको हो।

सन् १९०२ देखि सन् १९५७ सम्मको अवधिमा भारत तथा नेपालका विभिन्न क्षेत्रबाट साहित्यिक, साहित्येत्तर एवम् समाचारप्रधान पत्र-पत्रिका प्रकाशन हुन थाले, यी मध्ये केही प्रमुख पत्र-पत्रिका हुन्- **उपन्यास तरङ्गिनी** (सन् १९०२), **सुन्दरी** (सन् १९०६), **माधवी**(सन् १९०८), **चन्द्रिका** (सन् १९१८), **गोर्खा संसार** (सन् १९२६), **नेबुला** (सन् १९३५), **शारदा** (सन् १९३५), **उदय** (सन् १९३७), **गोर्खा** (सन् १९४५), **युगवाणी** (सन् १९४८), **भारती** *(सन्* १९४९),**समाज** (सन् १९५४), **दीयो** (सन् १९५६) आदि। सन् १९५७ मा नेपालमा जम्मा १४ वटा दैनिक, एउटा त्रिसाप्ताहिक, ७ वटा साप्ताहिक, ५ वटा पाक्षिक, ८ वटा मासिक, एउटा त्रैमासिक, एउटा अर्धवार्षिक र २ वटा वार्षिक पत्रिका गरी ३९ वटा पत्रिकाहरू प्रकाशित भएका थिए। १५ सितम्बर १९५७ देखि हिमाली राष्ट्र (वर्तमान राज्य) सिक्किमबाट नहकुल प्रधानको सम्पादनमा पहिलो

पत्रिकाका रूपमा **कञ्चनजङ्घा** मासिक पत्रिकाको प्रकाशन हुन थालेपछि सिक्किममा पनि व्यावसायिक पत्रकारिता आरम्भ भएको हो।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको इतिहासलाई दुईवटा कालखण्डमा विभाजन गर्न सकिन्छ-१. **राजतन्त्रकाल** (आरम्भदेखि सन् १९७४ सम्म) र २. **लोकतन्त्रकाल** (सन् १९७५ देखि हालसम्म)।यी दुई काललाई पनि अझ दुई-दुई चरणमा विभाजित गरेर अध्ययन गरिएको छ।

सिक्किममा **कञ्चनजङ्घा** पत्रिकाको प्रकाशनअघि सूचना एवम् खबरका लागि लोकपत्रकारिता नै सिक्किममा सूचना सञ्चारको प्रभावकारी माध्यम थियो। सिक्किममा सन् १८८० को दशकमा मिसिनेरीहरूको आगमनसितै आधुनिक शिक्षाले प्रवेश पायो र अङ्ग्रेजहरूको आगमनसितै डाकसेवा पनि आरम्भ भएको पाइन्छ भने बीसौं शताब्दीको थालनी सँगसँगै सिक्किममा टेलिग्राम सेवा, भारतीय समाचारपत्रहरूको आगमन एवम् रेडियो सेवा, टेलिभिजन सेवा, टेलिफोन सेवा, मोबाइल सेवा, इन्टरनेट सेवाजस्ता आधुनिक सञ्चार सेवाको सुविधाहरू क्रमबद्ध रूपमा सुनिश्चित हुँदै आए।

३० नोभेम्बर, १९२६-को दिन देहरादुनबाट प्रकाशित **गोर्खा संसार** (वर्ष १, किरण ४) मा सिक्किमका मानवीरसिंह रसाइलीको एउटा लेख *बाल शिक्षा प्रबन्ध* शीर्षकमा प्रकाशन भएपछि सिक्किमको पत्रकारिताको इतिहास आरम्भ भएको तथ्य फेला पर्दछ। सन १९४७ मा अपतन साहित्य परिषद् गठन, सन् १९५१ मा गान्तोकबाट **फूलबारी** र नाम्ची दक्षिण सिक्किमबाट **मानव निर्बोध** नामक हस्तलिखित पत्रिका निस्किएका थिए भने सन् १९५६-मा भारतको सूचना सेवा गान्तोक कार्यालयले राजनीतिक अधिकारीको कार्यालयबाट अङ्ग्रेजी भाषामा **बुलेटिन** अनि नेपाली भाषामा **आधिकारिक विज्ञप्ति** प्रकाशित भएको पाइन्छ।

१५ सितम्बर, १९५७ देखि गान्तोकबाट काशीराज प्रधानको व्यवस्थापन र नहकुल प्रधानको सम्पादनमा **कञ्चनजङ्घा** समाचारप्रधान नेपाली मासिक पत्रिकाको प्रकाशन आरम्भ भएपछि सिक्किममा व्यावसायिक पत्रकारिताको औपचारिक रूपमा थालनी हुन्छ। मार्च १९५९ देखि सिक्किम सरकारको सरकारी समाचार पत्रिका **सिक्किम हेराल्ड,** भारत सरकारको सूचना सेवा विभागले सन् १९५९-मा **हिमालय सन्देश** र सन् १९६०-मा **प्रगति** दुइवटा समाचारप्रधान पत्रिका प्रकाशन गरेको तथ्य पाइन्छ। सन् १९६१ देखि **सिक्किम हेराल्ड**को अङ्ग्रेजी संस्करण पनि निस्कन थाल्यो। सन् १९६६ मा अङ्ग्रेजी भाषामा केसरबहादुर थापाको सम्पादनमा प्रकाशित **सिक्किम** पाक्षिक पत्रिकाले पनि व्यावसायिक पत्रकारितालाई विकसित गराउनमा महत्त्वपूर्ण योगदान दिएको छ।

१६ मई, १९७५-को ऐतिहासिक घटनापछि सिक्किममा लोकतन्त्र आयो। लोकतन्त्रको आगमनसितै सिक्किमबाट अङ्ग्रेजी भाषामा **सिक्किम एक्सप्रेस** र नेपाली भाषामा **हिमालीबेला, दैनिक आवाज, विचार, आजको सिक्किम, दर्पण, गान्तोक**जस्ता दैनिक तथा साप्ताहिक समाचारपत्रहरूको प्रकाशन पनि आरम्भ हुन्छ। सन् १९७७-को १३ नोभेम्बरको दिनदेखि राम पात्रोको सम्पादनमा प्रकाशन हुन थालेको **हिमालीबेला** साप्ताहिक समाचारपत्र १५ अगस्त, १९७८ देखि दैनिक समाचारपत्रको रूपमा प्रकाशित भयो।यसभन्दा अघि ६ मई, १९७८ शनिबारको दिनदेखि गान्तोकबाट नै भारतकै पहिलो दैनिक समाचारपत्र **दैनिक आवाज** को प्रकाशन पनि आरम्भ भएको थियो।लोकतन्त्रकालको पहिलो चरणमा कुल ८२ वटा समाचारपत्रहरू प्रकाशन भए। लोकतन्त्रकालको दोस्रो चरणमा कुल ८५ वटा समाचारपत्र र पत्रिका प्रकाशित भएका तथ्य पाइन्छ। यस चरणमा साप्ताहिक समाचारपत्र दैनिक समाचारपत्रसितको व्यापारिक प्रतिस्पर्धा गर्न असक्षम बनेपछि अधिकांश साप्ताहिक समाचारपत्रहरू बन्द हुँदै गएको देखिन्छ।

# पाँचौं अध्याय

# सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषणात्मक अध्ययन

## ५.१ सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषणका आधारहरू

सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषणात्मक अध्ययनका लागि निम्नलिखित आधार उपयुक्त हुने ठहरिन्छ-

क) सञ्चालन प्रकृतिका आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण,

ख) प्राविधिक पक्षको आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण,

ग) विषयवस्तुगत आधारमा सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताका प्रकार,

घ) भौगोलिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण,

ङ) ऐतिहासिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण,

च) भाषिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण,

छ) सामाजिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण,

ज) राजनीतिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण,

झ) आर्थिक आधारमा आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण,

ञ) सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको वर्तमान स्थिति।

### ५.१.१ सञ्चालन प्रकृतिका आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण

सञ्चालन प्रकृतिका आधारमा सिक्किमेली पत्रकारितालाई व्यावसायिक पत्रकारिता र अव्यावसायिक पत्रकारिता गरी दुई श्रेणीमा विभाजन गर्न सकिन्छ।

**५.१.१.१ सिक्किममा व्यावसायिक पत्रकारिताको सञ्चालन प्रकृति :** व्यावसायिक पत्रकारिता भनेको दक्ष मानव संसाधनद्वारा सञ्चालित व्यवसायमा आधारित पत्रकारिता हो। व्यावसायिक भन्नाले एउटा निश्चित कार्यक्षेत्रमा प्रशिक्षित भएर दक्षता प्राप्त गर्नु हो। सिक्किममा **कञ्चनजङ्घा** पत्रिका (सन् १९५७) बाट नै व्यावसायिक पत्रकारिताको बीजारोण भएको हो।**कञ्चनजङ्घा**-का सम्पादक काशीराज प्रधानले अघिबाट भारतका विभिन्न समाचारपत्रमा संवाददाताका रूपमा कार्य गरिसकेको अनुभवबाट प्राप्त दक्षताका आधारमा उनले आफ्नो समाचारपत्रलाई व्यावसायिक स्वरूप दिने प्रायास गरेको देखिन्छ। **कञ्चनजङ्घा**-मा प्रकाशित विभिन्न व्यावसायिक सूचना र विज्ञापनमार्फत यस पत्रिकालाई व्यावसायिक रूप दिनमा सम्पादक प्रधानको भूमिका स्मरणीय रहेको छ, यद्यपि आर्थिक सङ्कटसितै राजतन्त्रकालीन परिवेशमा प्रशासनको हस्तक्षेपबाट सम्पादकीय विभागलाई स्वतन्त्र राख्ने प्रयास गर्दा उनलाई मुद्दासमेत परेको तथ्यले यसलाई स्पष्ट गर्दछ। सन् १९७०-का दशकसम्ममा आइपुग्दा **कञ्चनजङ्घा**-ले पाक्षिक रूपमा प्रकाशनक्रमलाई निरन्तरता दिँदै व्यावसायिकतालाई समेत सुरक्षित राख्ने प्रयास गरेको पाइन्छ।

लोकतन्त्रकालमा आएर प्रकाशन हुनथालेका **हिमाली बेला, दैनिक आवाज, गान्तोक, दर्पण** आदि समाचारपत्रमा **हिमाली बेला** र **दैनिक आवाज**-ले व्यावसायिक

स्वरूपलाई अवलम्बन गरेको थाहा लाग्छ। **हिमाली बेला**-का सम्पादक राम पात्रोले विभिन्न राष्ट्रिय समाचार एजेन्सीहरूमा संवाददाताको रूपमा कार्य गरिसकेको हुँदा उनी एकजना दक्ष पत्रकारका रूपमा स्थापित थिए। **हिमाली बेला**-ले तत्कालीन परिवेशमा युवा पत्रकारहरूलाई पत्रकारिताको आधारभूत प्रशिक्षण प्रदान गर्दै उनीहरूलाई दक्ष बनाउने प्रयास गरेको थियो भने **दैनिक आवाज**-ले समेत पत्रकारहरूलाई आधारभूत पत्रकारिता तालिम एवम् प्रशिक्षण प्रदान गरेको तथ्यलाई विर्सन सकिँदैन। सन् १९८० र १९९० का दशकमा प्रकाशित भएका साप्ताहिक समाचारपत्रले व्यावसायिक स्वरूप लिन त्यति सकेनन्। मूलतः यी समाचारपत्र एक व्यक्तिको प्रयासमा प्रकाशित हुने भएकाले संवाददाता, सम्पादक, प्रकाशक एवम् वितरकसम्मको दायित्व एकजना व्यक्तिले वहन गर्नु पर्ने बाध्यता भएको कारण तत्कालीन सिक्किममा समाचारपत्र प्रकाशन गर्ने कार्य कठिन थियो।

सन् २०००-का दशकपछि दैनिक समाचारपत्रहरूको प्रकाशन हुनथालेपछि व्यावसायिक पत्रकारहरूको आवश्यकता परिपूर्ति गर्न अल्पावधिको प्रशिक्षणका साथसाथै पत्रकारितामा डिप्लोमा एवम् स्नातकसमेत गर्ने पत्रकारलाई समाचारपत्रहरूले नियुक्त गर्न थाले। सन् २००२-मा प्रेस क्लब अफ् सिक्किमको स्थापना भएपछि पत्रकारका निम्ति विभिन्न विषयमा प्रशिक्षण कार्यशालाको आयोजना गर्नु, दक्ष मानव संसाधन तयार पार्नु जस्ता कार्य हुन थाल्यो। यसका साथै समय-समयमा समाचारपत्रगृहहरूले समेत आफ्ना पत्रकारलाई विविध विषयमा दक्ष पार्न अभिमूखी कार्यहरू सञ्चालन गर्न थाले। सन् २००७-मा **समय दैनिक**-ले आफ्ना पत्रकारलाई पत्रकारितामा उच्च शिक्षा प्राप्त गराउन तथा व्यावसायिक प्रशिक्षण प्रदान गर्न *समय दैनिक उच्च शिक्षा योजना* नै आरम्भ गरेको

थियो, जसबाट पत्रकारहरूले पत्रकारितामा डिप्लोमा एवम् विशेष प्रमाणपत्रसमेत प्राप्त गरे।

राज्यको सूचना तथा जनसम्पर्क विभागले पनि राज्यका पत्रकारका निम्ति समय समयमा प्रशिक्षण कार्यक्रम, कार्यशालागोष्ठी आदिको आयोजना गरी प्रशिक्षण तथा तालिम प्रदान गर्ने कार्य गरेको छ।[१] केन्द्र सरकारको पत्रसूचना कार्यालय (प्रेस ब्यूरो अफ् इन्डिया) ले पनि यस्ता प्रशिक्षण कार्यक्रम र अध्ययन भ्रमणहरूको आयोजना गर्दै आएको छ।[२]

दैनिक समाचारपत्रमा कार्यरत पत्रकारले आफ्नो पत्रकारिताको शिक्षा र दक्षताका लागि  पत्रकारितासम्बन्धी विभिन्न पुस्तकको पठन गरी व्यक्तिगत रूपमा पनि आफूलाई व्यावसायिक पत्रकारका रूपमा तयार गर्ने प्रयास गरेको देखिन्छ। यी सबै प्रयासद्वारा सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको विकास गर्ने प्रयत्न भएको देखिए तापनि अपेक्षाकृत व्यावसायिक पत्रकारको अभाव रहेको अनुभव राज्यको पत्रकारिता जगत्ले गरेको छ।

व्यावसायिकीकरणका सन्दर्भमा राज्यका कतिपय समाचारपत्रले राज्य सरकारको विज्ञापनसमेत नलिईकन आफ्नो व्यापार र लोकप्रियतालाई कायम राख्ने प्रयास समेत गरेको देखिन्छ। सम्पादक प्रभागलाई प्रकाशकको हस्तक्षेपबाट जोगाउने दिशामा भने राज्यको पत्रकारिता अझै पछि परेको देखिन्छ, तथापि सम्पादक प्रभागलाई स्वतन्त्र इकाईका रूपमा स्थापित गर्ने प्रयास भने निरन्तर भइरहेको हुन्छ।

---

१ सूचना तथा जनसम्पर्क विभाग, सिक्किम सरकारबाट प्राप्त जानकारी।

२ पत्रसूचना कार्यालय, भारत सरकारबाट प्राप्त जानकारी ।

दैनिक समाचारपत्रहरूको व्यावसायिक प्रतिस्पर्धामाझ राज्यमा साप्ताहिक समाचारपत्रहरूले आफूलाई त्यस दिशामा परिवर्तन गर्न असक्षम बनेपछि कतिपय साप्ताहिक समाचारपत्रहरूको अवस्था दयनीय बन्न पुग्यो भने कतिपय समाचारपत्रहरू बन्द नै भए।

पत्रकारको वेतनवृद्धिसितै राज्यका कतिपय समाचारपत्रले व्यावसायिक पत्रकारितालाई प्रोत्साहित गर्नका लागि पुरस्कारहरूको स्थापना समेत गरेका छन्।[३] यस दिशामा पत्रकारहरूको निम्ति कतिपय कल्याण योजना एवम् भविष्यनिधि कोष समेत लागु गरिएको पाइन्छ।[४]

समाचारपत्रहरूले व्यावसायिक पत्रकारितालाई अवलम्बन गर्दै खेलकुद पत्रकार, फोटो पत्रकार, राजनीतिक पत्रकार, आर्थिक पत्रकार, कानुनी पत्रकार, अपराध पत्रकारजस्ता कतिपय विषय विशेषज्ञलाई समेत पत्रकारका रूपमा नियुक्त गरेका छन्। अतः सिक्किममा सन् १९५७ देखि २०१७ सम्ममा व्यावसायिक पत्रकारिता निरन्तर रूपमा विकासोन्मुख दिशातर्फ अग्रसर भइरहेको छ, यद्यपि अन्य भारतीय भाषाका पत्रकारिताको तुलनामा सिक्किममा व्यावसायिक पत्रकारिता टाक्सिएकै स्थितिमा छ। प्रशिक्षित एवम् दक्ष मानव संसाधनको सन्दर्भ, प्रशिक्षण कार्यक्रम, पाठ्यक्रम, अध्ययन, अध्यापन एवम् कार्यशालाको निरन्तर आयोजनाले सिक्किमको नेपाली पत्रकारितालाई व्यावसायिक बनाउँदै लगेको कुरो स्पष्ट हुन्छ।

---

३ रामपात्रो स्मृति पुरस्कारको स्थापना **सिक्किम एक्सप्रेस** र **हिमाली बेला**-ले गरेका हुन्।

४ **समय दैनिक** कार्यालयबाट प्राप्त जानकारी।

**५.१.१.२ सिक्किममा अव्यावसायिक पत्रकारिता :** अव्यावसायिक पत्रकारितालाई मुनाफारहित पत्रकारिता पनि भन्दछन्।[५] लोकहित एवम् जनकल्याणार्थ जनसरोकारका विषयलाई कुनै प्रकारको आर्थिक लाभको कामना नगरी जनसेवाका लागि गरिने पत्रकारिता नै अव्यावसायिक पत्रकारिता हो।

सिक्किमबाट प्रकाशित हुने साहित्यिक पत्रिका, समसामयिक पत्रिका तथा विभिन्न शैक्षिक संस्थानबाट प्रकाशित हुने पत्रिका, स्मारिका, जर्नल आदिलाई अव्यावसायिक पत्रकारिताको श्रेणीमा राख्न सकिन्छ।यी पत्रिकाका माध्यमबाट समाजलाई दिशाबोध गराउने प्रयास गरिन्छ।यस्ता पत्रिकाहरूमा **नवपथ, सूधा, हिमाली सन्देश, अर्चना, निर्माण, बालदर्पण, पूर्णिमा, कनका, चिन्तन, अनुसन्धान, इन्द्रकील, अकादेमी जर्नल, बार्दली** आदि अनेकन पत्रिका पर्दछन्। सिक्किम सरकारको सूचना तथा जनसम्पर्क विभागबाट नियमित प्रकाशित हुने **सिक्किम हेराल्ड**-लाई पनि अव्यावसायिक पत्रकारिता मान्न सकिन्छ।अपितु सिक्किममा अव्यावसायिक पत्रकारिताको विकास सन् १९५८ देखि नै भएको हो, जस अन्तर्गत विभिन्न समयअन्तरालमा आजसम्ममा २०० भन्दा धेरै पत्र-पत्रिकाको प्रकाशन भएको पाइन्छ।

---

[५] क. Jason Stverak (April 27th, 2011); *Think Tank Journalism: The Future of Investigative Reporting*, **Franklin Center for Government and Public Integrity**, Alexandria, Virginia : (http://franklincenterhq.org/2376/think-tank-journalism-the-future-of-investigative-reporting/). (२२ जनवरी, २०१५)

ख. Carol Guensburg (2008); *Nonprofit News*, ***American Journalism Review***, University of Maryland : Philip Merrill College of Journalism, February/March 2008, (http://ajrarchive.org/article.asp?id=4458). (२२ जनवरी, २०१५)

ग. Charles Lewis (2007); *The Nonprofit Road*, **Columbia Journalism Review**, Columbia University : Graduate School of Journalism, September /October 2007 (http://www.cjr.org/feature/the_nonprofit_road.php). (२२ जनवरी, २०१५)

### ५.१.२ प्राविधिक पक्षको आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण

दुईवटा हस्तलिखित पत्रिका निकाल्ने अभियान भएको थियो। **कञ्चनजङ्घा** पत्रिकाको प्रकाशनपछि मात्र सिक्किममा समाचारप्रधान तथा साहित्यिक पत्र-पत्रिकाको प्रकाशनक्रम प्रारम्भ भएको हो।सन् १९७५ -मा सिक्किम भारतीय महासङ्घमा विलय भएपछि विद्युतीय पत्रकारिताको विकासमा **अल इन्डिया रेडियो** गान्तोक केन्द्रको स्थापना अनि राजधानी गान्तोकमा केबल टेलिविजन नेटवर्कको थालनी भयो र रेडियो अनि टेलिभिजन पत्रकारिताको पनि आरम्भ भयो। बीसौं शताब्दीको अन्तिम दशकदेखि सिक्किमले बिस्तारै डिजिटल पत्रकारिताका क्षेत्रमा पनि प्रवेश गरेको पाइन्छ। यसरी प्राविधिक आधारमा सिक्किमको नेपाली पत्रकारितालाई मुद्रण तथा छापा पत्रकारिता, विद्युतीय पत्रकारिता र डिजिटल पत्रकारिता गरी तीन खण्डमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ।

**५.१.२.१ सिक्किममा मुद्रण तथा छापा पत्रकारिता :** सन् १९१३ —मा तत्कालीन महाराजकुमार सिद्क्योङ्ग टुल्कुले राजधानी गान्तोकमा छापाखानाको स्थापना गरेपछि सिक्किममा पुस्तक तथा सरकारी कागजपत्र छापिन थाले। यस छापाखानाबाट आरम्भकालमा सरकारी उपयोगका लागि आवश्यकीय कागजपत्र, त्यसपछि तिब्बती भाषाका पुस्तकहरू र पछिबाट नेपाली भाषाका पाठ्यपुस्तक पनि छापिन थाले।[६] तत्कालीन समयमा ३५००.०० रुपियाँ निवेश गरेर छापाखानाको स्थापना गरिएको थियो र यसमा तीनजना कर्मचारी नियुक्त गरिएको थियो।[७] सन् १९३० का दशकदेखि यस

---

६ J R Subba (2011); **History, Culture and Customs of Sikkim**, New Delhi: Gyaan Publishing House, pg. 168.

७ Subas Deepak (2004); **Sikkim Study Series**, Vol –V, Gangtok : IPRD, Govt. of Sikkim, pg. 110.

छापाखानामा अङ्ग्रेजी र नेपाली भाषामा पनि काम हुनथालेको र सन् १९४० का दशकमा छापाखानामा दुईवटा मसिन थपेर सरकारी क्यालेन्डर एलमेनक छाप्न थालिएको थियो।[८] यो सरकारी छापाखानाबाट सन् १९४९ मा भवानीशङ्कर शर्मा पोखरेलको काव्य **पुत्र शिक्षा** पहिलो नेपाली साहित्यिक कृतिका रूपमा मुद्रित भएको थियो।[९] राज्यको पहिलो समाचारपत्र **कञ्चनजङ्घा** भने कालेबुङको मणि प्रिन्टिङ प्रेसमा मुद्रित भएकोले सिक्किममै समाचारपत्रलगायत पत्रिका छापिनेक्रम भने सन् १९५९ देखि मात्र भएको हो। दरवार छापाखानामा छापिएको नेपाली मासिक पत्रिका **सिक्किम हेराल्ड** राज्यमा छापिएको पहिलो पत्रिका थियो।

**(क) सिक्किमका समाचारपत्र :** विश्वका विभिन्न घटनाक्रम, राष्ट्रको उत्थान-पतन एवम् क्षेत्र विशेषका ज्वलन्त समस्याहरूबारे सर्वसाधारणलाई जानकारी दिन निश्चित समयमा निश्चित स्थानबाट नियमित रूपमा प्रकाशित हुने पत्रिका विशेषलाई समाचारपत्र भनिन्छ। समाचारपत्रको विकासलाई पण्डित विष्णुदत्त शुक्लले निम्न प्रकारले देखाएका छन्-

> **पहिला पहिला समाचारपत्रहरूको जन्म विशेष कर्मचारी अथवा संवाददाताहरूद्वारा अधिकारीहरू समक्ष पठाउने पत्रहरूद्वारा भयो। यी पत्रहरू एक ठाउँ बाँधेर सार्वजनिक रेकर्डका रूपमा राखिन्थ्यो जसलाई न्युजबुक अथवा समाचार ग्रन्थ भनिन्थ्यो। फेरि जब संवाददाताहरूले धेरै अधिकारीहरू समक्ष न्युज लेटर पठाउन थाले तब यसको नाम न्युज लेटर बन्यो।**

---

८ पूर्ववत्, पृ. ११।

९ पुष्प शर्मा (सन् २०१२); **सिक्किमका नेपाली कविता विश्लेषण र मूल्याङ्कन**, गान्तोक : साहित्य सिर्जना सहकारी समिति लि., पृ. २३७।

**कालन्तरमा यसको नाम न्युजसिड बन्न पुग्यो। यसपछि बिस्तारै समाचारपत्रहरूको विकास भयो र न्युज पेपर (समाचारपत्र) नाम बस्यो।**[१०]

एडविन एमरीले पनि यसरी लेखेका छन्-

> **समाचारपत्र थोरैमा सप्ताहमा एकपल्ट प्रकाशन हुने, हस्तलिखित पत्रिकाभन्दा छुट्टै रूपमा यान्त्रिक माध्यमद्वारा मुद्रण हुने, कुनै वर्ग अथवा रुचि विशेषलाई ध्यान नराखी सबै किन्न चाहनेहरूका निम्ति सुलभ, धार्मिक एवम् व्यापारिक प्रकाशनहरूका अपेक्षा जनसाधारणको रुचिअनुरूप तथ्यहरूले पूर्ण भएको, साक्षर मानिसको रुचिलाई प्रभावित गर्ने किसिमको नियमित समयमा प्रकाशित हुने अनि प्रकाशनमा स्थायित्व जस्ता गुणले भरिएको हुनुपर्छ।**[११]

एमरीले दिएको समाचारपत्रको मानदण्ड अमेरिकामा प्रचलित पत्रकारिताको मानदण्ड हो, जहाँ सप्ताहमा एकपल्ट छापिने पत्रलाई समाचारपत्र मानिन्छ, तर भारतमा समाचारपत्रको मान्यताका सन्दर्भमा छुट्टै मान्यता स्थापित छ। भारतमा समाचारपत्रअन्तर्गत दैनिक, अर्द्धसाप्ताहिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रयमासिक पत्र-पत्रिकाहरू पर्दछन्। यी समाचारपत्रमा आयुर्वेद, आदिवासी कल्याण, ज्योतिषदेखि लिएर जीवनरहस्यसम्मका सामग्री छापिन्छन्। प्रकाशन अवधि वर्गीकरणका आधारमा दैनिक, अर्द्धसाप्ताहिक, साप्ताहिक, पाक्षिक, मासिक आदि प्रकारका समाचारपत्र-पत्रिकाहरू

---

१० अर्जुन तिवारी (सन् २०१०); **आधुनिक पत्रकारिता**, वारणसी : विश्वविद्यालय प्रकाशन, छै.सं., पृ. ४७।

११ प्रियङ्का वधवा (सन् २०१०); **समाचार सङ्कलन एवम् प्रकाशन**, नयाँ दिल्ली : युनिभर्सिटी पब्लिकेसन, पृ. ११।

प्रकाशित हुन्छन्।

**अ) सिक्किमका दैनिक समाचारपत्र** : एक दिन अथवा २४ घण्टाका विभिन्न गतिविधिलाई प्रत्येक दिन पाठकसमक्ष पुऱ्याउने पत्रिका हो दैनिक समाचारपत्र। दैनिक समाचारपत्रमा समाचारका अतिरिक्त अन्य विभिन्न रोचक सामग्री जस्तै सम्पादकीय, उत्तर-सम्पादकीय, समसामयिक विषयसम्बन्धी लेखरचना, साहित्य, सङ्गीत, खेलकुद, चलचित्र, ज्ञानविज्ञान एवम् व्यापार जगत्का पाठ्यसामग्रीसहित विज्ञापन पनि प्रकाशित हुने गर्दछन्।

सिक्किममा नेपाली दैनिक समाचारपत्रको थालनी ६ मई, १९७८ मा **दैनिक आवाज**को प्रकाशनसितै भएको हो। **दैनिक आवाज** पछि **हिमाली बेला** (सन् १९७८), **खबरपत्रिका** (सन् १९९८), **हाम्रो प्रजाशक्ति** (सन् २०००), **समय दैनिक** (सन् २००४), **आजको सिक्किम** (सन् २००४), **हाम्रो पहाड** (सन् २००६), **हिमाली बेला** (सन् २००७), **साङ्ग्रीला टाइम्स** (सन् २००८), **सिक्किम दर्पण** (सन् २०१०), **दैनिक मिरमिरे** (सन् २०१०), **हाम्रो वार्ता** (सन् २०१४) र **हिमालय दर्पण** (सन् २०१६) गरी तेह्रवटा दैनिक समाचारपत्र प्रकाशित भइसकेका छन्।

यी पत्रिकामध्ये **खबरपत्रिका** र **हाम्रो वार्ता** अल्पायुमा बन्द भए भने **हिमाली बेला** सन् १९७८ देखि १९८३ सम्म दैनिक रूपमा प्रकाशन भएपछि साप्ताहिक पत्रिकाका रूपमा प्रकाशित भएको र फेरि २००७ देखि दैनिक बनेको देखिन्छ। **दैनिक आवाज** सन् १९८२ देखि साप्ताहिक बनेको र सन् १९८९ सम्म साप्ताहिक रूपमै प्रकाशित भएको पाइन्छ। **हाम्रो पहाड** राजधानी गान्तोकबाहिर नाम्चीबाट प्रकाशित एक मात्र दैनिक समाचारपत्र रहे तापनि दीर्घकालसम्म नियमित बन्न नसकेको देखिन्छ। **हाम्रो**

**प्रजाशक्ति** २००२ मा सन्ध्या दैनिकका रूपमा केही महिना प्रकाशन भएको एक मात्र समाचारपत्र हो भने गान्तोक संस्करणसितै असम संस्करण पनि एकैसाथ प्रकाशित हुने नेपाली दैनिक समाचारपत्र पनि **हाम्रो प्रजाशक्ति** नै हो। सन् २०१६ —को दिसम्बर महिनादेखि सिलगढीको **हिमालय दर्पण**ले आफ्नो सिक्किम संस्करण गान्तोकबाट प्रकाशन गर्ने अभ्यास गऱ्यो।

**तालिका सङ्ख्या ५.१**

**सिक्किमका नेपाली दैनिक समाचारपत्रको तालिकागत विवरण**

| **क्र. सं** | **समाचारपत्र** | **सम्पादक** | **प्रकाशन स्थान** | **प्रकाशक** | **पञ्जिकरण** | **वर्ष (सन् मा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| १ | **दैनिक आवाज** | गीता भण्डारी, जीत रैका, वाई एन भण्डारी | गान्तोक | वाई एन भण्डारी | **WB/SKM-475** | १९७८ | अनियमित |
| २ | **हिमाली बेला** | राम पात्रो, माला राणा पात्रो | गान्तोक | राम पात्रो | **WB/SKM-478** | १९७८ | अनियमित |
| ३ | **खबरपत्रिका** | हर्कबहादुर छेत्री | गान्तोक | हर्कबहादुर छेत्री | अपञ्जीकृत | १९९८ | अनियमित |
| ४ | **हाम्रो प्रजाशक्ति** | अञ्जन उपाध्याय | गान्तोक | अञ्जन उपाध्याय | **SIKNEP/2000/ 03113** | २००० | नियमित |
| ५ | **समय दैनिक** | पदम क्षेत्री, जेभियर सुब्बा, पारसमणि | गान्तोक | एस के प्रधान | **SIKNEP/2004/ 13930** | २००४ | नियमित |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दङ्गाल, डिल्लीराम दुलाल | | | | | |
| ६ | **आजको सिक्किम** | दिलकुमारी भण्डारी | गान्तोक | दिलकुमारी भण्डारी | **40828/86** | २००४ | अनियमित |
| ७ | **हाम्रो पहाड** | चन्द्र खालिङ | नाम्ची | चन्द्र खालिङ | **SIKNEP/2005/16446** | २००५ | अनियमित |
| ८ | **हिमाली बेला** | माला राणा पात्रो | गान्तोक | अमित पात्रो | **SIKNEP/2007/21386** | २००७ | नियमित |
| ९ | **साङ्ग्रीला टाइम्स** | डुकनाथ नेपाल | गान्तोक | डुकनाथ नेपाल | **SIKNEP/2006/17628** | २००६ | नियमित |
| १० | **सिक्किम दर्पण** | गङ्गाबहादुर राई | गान्तोक | गङ्गाबहादुर राई | **SIKNEP/2007/22395** | २००७ | अनियमित |
| ११ | **दैनिक मिरमिरे** | किशोर मोक्तान | गान्तोक | किशोर मोक्तान | **SIKNEP/2006/17646** | २००६ | नियमित |
| १२ | **हाम्रो वार्ता** | डीबी चौहान, रतन गुरुङ | गान्तोक | डीबी चौहान | **SIKNEP/2013/50972** | २०१३ | अनियमित |
| १३ | **हिमालय दर्पण (सिक्किम संस्करण)** | शिबु छेत्री | गान्तोक | दर्पण पब्लिकेसन | सिक्किम संस्करणको पञ्जीकरण भएको छैन | २०१६ | अभ्यासका रूपमा |

सिक्किमका यी तेह्रवटा दैनिक समाचारपत्र प्रत्येक नै एकल स्वामित्वमा सञ्चालित अनि कुनै पनि समाचारपत्रका निम्ति व्यवस्थागत ठुलो लगानी नगरिएको देखिन्छ। व्यक्तिगत प्रयास र लगानीका भरमा चलेका यी समाचारपत्रहरू आर्थिक समस्याहरूको समाधान समाचारपत्र गृहले गर्ने प्रयास गर्दागर्दै पनि समस्या जटिल र समाधानहीन बनेपछि बन्द हुन बाध्य भएको देखिन्छ। **दैनिक आवाज**-देखि **हाम्रो वार्ता**-सम्म आइपुग्दा सबै समाचारपत्रहरू कुनै न कुनै समय अल्प अवधिका निम्ति भए पनि बन्द भएका देखिन्छन्। **दैनिक आवाज** र **हिमाली बेला**-ले तत्कालीन प्रतिकूल परिस्थितिमा दैनिक समाचारपत्र बनेर पाठकसमक्ष जाने साहसिक कार्य गरे तापनि परिवेश अनुकूल नभएकाले केही वर्षमै साप्ताहिक रूप लिन बाध्य भए। एकातिर आर्थिक समस्या गम्भीर चुनौतीका रूपमा उभिएको थियो भने अर्कातिर समाचारको अभाव, प्राविधिक कमजोरी, प्रविधिको अनुपलब्धता, अनुभवी पत्रकारको कमी, बिक्री वितरणका निम्ति यातायात तथा अन्य असुविधाजस्ता समस्याका कारण सन् १९७०-८० का दशकमा दैनिक समाचारपत्र प्रकाशन गर्नु सिक्किम जस्तो अविकसित तथा पूर्वाधारहीन पहाडी राज्यमा प्रायः असम्भव नै हुन्थ्यो। यस सन्दर्भमा **दैनिक आवाज**-का प्रकाशक तथा सम्पादक वाईएन भण्डारी भन्छन् — *त्यति बेला हामीले पेपरमा फोटो छाप्नुपर्दा ब्लक बनाउन कलकत्ता पठाउनु पर्थ्यो*।[१२]

त्यस बेला लेटर प्रेसमा प्रुफ हेर्नु, हेडलाइन मिलाउनु जस्ता समस्याका निम्ति दक्ष व्यक्तिको अभाव भएकाले सम्पादक आफै नै रातभरि प्रेसमा बस्नुपर्ने र भोलिपल्ट

---

[१२] गान्तोक निवासी पत्रकार एवम् **दैनिक आवाज**का प्रकाशक सम्पादक वाई एन भण्डारीसँगको साक्षात्कारबाट प्राप्त जानकारी।

फेरि समाचारपत्रको बिक्री वितरणदेखि, विज्ञापन, समाचार सबै सङ्कलन गरी बेलुकी समाचार पनि बनाउनुपर्ने स्थिति थियो।[१३]

तक्निकी असुविधा, बिजुलीको अनियमितता तथा थोरै पाठकले मात्र पत्र-पत्रिका पढ्ने तथा आयस्रोतको बलियो आधार मानिएको विज्ञापन उपलब्धता पनि न्यून थियो। केवल सरकारी विज्ञापनका भरमा समाचारपत्र चलाउनु पर्थ्यो। यस्तो परिस्थितिमा धेरैपल्ट समाचारपत्रमा लगानी थप्दै जानु पर्ने हुँदा पनि पाठकले अपेक्षा गरेजस्तो खबरकागज दिन नसकेका कारण समाचारपत्रको लोकप्रियतामा ह्रास आउने नित्य आशङ्का बनिरहन्थ्यो।[१४]

**दैनिक आवाज** र **हिमाली बेला**ले दैनिक रूपमा प्रकाशन हुने प्रयास गरे तापनि विभिन्न समस्याका कारण यी पत्रिकाले नियमित हुन सकेनन्। सन् १९९८ मा निस्किएको **खबरपत्रिका**-ले केवल तीन महिनामा नै बन्दको मार खप्नुपर्‍यो। सिलगढीबाट प्रकाशित हुने **सुनचरी समाचार**, **आजभोलि** र **अब**-का प्रभावमा आएर कालेबुङका हर्कबहादुर छेत्रीले गान्तोकबाट दैनिक समाचारपत्र निकाल्ने प्रयास गरे, तर आन्तरिक कारणले यो बन्द भएको थियो।[१५]

साप्ताहिक समाचारपत्रबाट थालिएको **हाम्रो प्रजाशक्ति** सन्ध्या दैनिकको प्रायोगिक प्रयासपछि पूर्णतः दैनिक समाचारपत्रका रूपमा सन् २००२ देखि प्रकाशन हुन थाल्यो। सन् २००३ मा केही समयका निम्ति बन्द भएर सिलगढीमा कार्यालय स्थापित गरी पुनः यसको प्रकाशन भयो, पछि गान्तोकमा कार्यालय सार्ने क्रममा यो केही समयका निम्ति

[१३] पूर्ववत्।

[१४] पूर्ववत्।

[१५] गान्तोक निवासी पत्रकार सुवास राईसँगको साक्षात्कारबाट प्राप्त जानकारी ।

बन्द भएको थियो। आर्थिक समस्यासित सङ्घर्ष गर्दै यो समाचारपत्र नियमित हुने प्रयास गरेको देखिन्छ। सत्ताविरोधी स्वरका कारण यस समाचारपत्रमा राज्य सरकारको विज्ञापन प्रकाशित नभए पनि स्थानीय विज्ञापन, केन्द्र सरकारको प्रदर्शन विज्ञापन र वर्गीकृत विज्ञापन अनि राष्ट्रिय विज्ञापन तथा बिक्री वितरणबाट प्राप्त आर्थिक स्रोतकै बलबुतामा यो समाचारपत्र आजसम्म नियमित रूपमा प्रकाशित भइरहेको छ।

सन् २००४ मा थालिएको भएको **समय दैनिक**-ले नियमित हुने प्रयास गरे पनि आन्तरिक कलहका कारण सन् २०१५ मा यो तीन महिना बन्द भएको थियो। सत्तापक्षको सामिप्यमा रहेर पनि **समय दैनिक**-ले आर्थिक समस्याबाट आफूलाई जोगाउन सकेको देखिँदैन।[१६]

**आजको सिक्किम** र **हाम्रो पहाड** पनि आर्थिक समस्याकै कारण बन्द भएका हुन् भने **साङ्ग्रीला टाइम्स**, **सिक्किम दर्पण** र **दैनिक मिरमिरे** पनि यस्ता समस्याबाट जोगिन सकेका छैनन्।**हिमाली बेला**को दोस्रोपल्ट दैनिक बनेपछि नियमित देखिए पनि सहप्रकाशनको रूपमा निस्कने **सिक्किम एक्सप्रेस**-को आयस्रोतमा यो निर्भर रहने गरेको छ।[१७]

यी समाचारपत्रमध्ये **हाम्रो प्रजाशक्ति**, **समय दैनिक**, **हिमाली बेला**, **साङ्ग्रीला टाइम्स** भारत सरकारको विज्ञापन एवम् दृश्य प्रसार निर्देशालय (डीएभीपी)-मा पञ्जीकृत समाचारपत्र हुन्, जसलाई भारत सरकारका विज्ञापन प्राप्त हुन्छन्। बिक्री वितरण

---

[१६] **समय दैनिक**-का प्रबन्धक टी पी भट्टराईसँगको साक्षात्कारबाट प्राप्त जानकारी ।

[१७] **सिक्किम एक्सप्रेस**-का सम्पादक अमित पात्रोबाट प्राप्त जानकारी।

सङ्ख्याका आधारमा डीएभीपीले समाचारपत्रको विज्ञापन दर तय गर्दछ। तलको तालिका सङ्ख्या-५.२-मा समाचारपत्रको आधिकारिक बिक्री वितरणको सङ्ख्या देखाइएको छ।

**तालिका ५.२**

**सिक्किमका समाचारपत्रका बिक्री वितरण सङ्ख्या**

| क्रसं | **समाचारपत्र** | **बिक्री वितरण** | | | |
|---|---|---|---|---|---|
| | | **२०१२-२०१३** | **२०१३-२०१४** | **२०१४-२०१५** | **२०१५-२०१६** |
| १ | **समय दैनिक** | ५५२२४ | ५८६५२ | ५७०५२ | ५७०५२ |
| २ | **हाम्रो प्रजाशक्ति** | ५४२१५ | ५६७४९ | ५६११९ | ५६११९ |
| ३ | **हिमाली बेला** | ३०२४५ | ३८२२५ | ३७७४२ | ३७७४२ |
| ४ | **साङ्ग्रीला टाइम्स** | २२१४५ | ३२४३८ | २७४४७ | २७४४७ |
| ५ | **दैनिक मिरमिरे** | ३२१५४ | ३९५८६ | ३९७३५ | ३९७३५ |
| ६ | **सिक्किम दर्पण** | २००० | २५०० | ३००० | ३००० |

स्रोतः डीएभीपी

यी सबै दैनिक समाचारपत्रलाई सिक्किम सरकारको सूचना तथा जनसम्पर्क विभागले विज्ञापनका निम्ति सूचीबद्ध गरेको छ, तर २००६ देखि **हाम्रो प्रजाशक्ति**-लाई सिक्किम सरकारबाट विज्ञापन प्राप्त भएको देखिँदैन। तलको तालिका सङ्ख्या ५.२-मा भारत सरकारको डीएभीपीबाट प्राप्त विज्ञापन दर प्रस्तुत गरिएको छ।

**तालिका ५.३**

**डीएभीपी विज्ञापन दर**

| क्रसं | समाचारपत्र | डीएभीपी सङ्ख्या | वितरण प्रति (सी ए) | विज्ञापन दर (रुपियाँ प्रति वर्ग सेमी) |
|---|---|---|---|---|
| १ | **समय दैनिक** | ५१००२३ | ५७०५२ | २४.६४ |
| २ | **हाम्रो प्रजाशक्ति** | ५१००२२ | ५६११९ | २४.६४ |
| ३ | **दैनिक मिरमिरे** | ५१००३२ | ३९७३५ | २०.६८ |
| ४ | **हिमाली बेला** | ५१००२९ | ३७७४२ | २०.६८ |
| ५ | **साङ्ग्रिला टाइम्स** | ५१००२५ | २७४४८ | १७.१२ |

स्रोतः डीएभीपी

बिक्री वितरणका आधारमा सिक्किमका सबै नेपाली दैनिकहरू मझौला वर्गमा पर्ने समाचारपत्रहरू हुन्। माथिका तालिकाअनुसार सिक्किममा समाचारपत्रका पाठकको सङ्ख्यामा क्रमिक वृद्धि भइरहेको देखिन्छ।

**आ) सिक्किमका अर्द्धसाप्ताहिक/साप्ताहिक समाचारपत्र** : सिक्किममा अर्द्धसाप्ताहिक समाचारपत्र प्रकाशनको दीर्घ परम्परा पाइँदैन। सप्ताहमा दुईपल्ट प्रकाशन हुने समाचारपत्र थोरै मात्रामा अल्प समयका निम्ति प्रकाशन भएका पाइन्छन्। **आजको सिक्किम, विचार, दैनिक आवाज, हिमाली बेला, गान्तोक** आदि केही समाचारपत्र अल्पावधिका निम्ति अर्द्धसाप्ताहिक रूपमा प्रकाशित भएको देखिन्छ।

सिक्किम भारतीय महासङ्घमा विलय भएपछि सिक्किममा साप्ताहिक समाचारपत्र प्रकाशनको परम्पराले निरन्तरता पाएको देखिन्छ, यद्यपि राजतन्त्रकालदेखि नै **सिक्किम हेराल्ड** (वर्तमानमा नेपाली, अङ्ग्रेजीलगायत ११ वटा राज्यभाषामा प्रकाशित हुँदै आएको

सिक्किम सरकारको मुखपत्र) साप्ताहिक रूपमा प्रकाशन भएको पाइन्छ। साप्ताहिक समाचारपत्रले सन् १९९० का दशकसम्म सिक्किममा सूचनाको संवाहक बनेर सर्वसाधारणलाई सुसूचित गर्ने महत्त्वपूर्ण जिम्मेवारी वहन गरेका थिए। यस दिशामा **गान्तोक** (सन् १९७८), **झिल्का** (सन् १९७८), **दर्पण** (सन् १९७९), **फ्रण्टियर समाचार** (सन् १९८०) आदि समाचारपत्रले समाचारसँगसँगै विविध विषयका जानकारी पाठकसमक्ष पुऱ्याएर सिक्किममा लोकतन्त्रको चौथो स्तम्भलाई बलियो बनाउन महत् जिम्मेवारी पालन गरे।

राजतन्त्रकालीन सिक्किममा भारत सरकारको छापाखाना इन्डिया प्रेसबाट सन् १९६०- ७० का दशकमा **हिमालय सन्देश** र **प्रगति** नामका दुईवटा साप्ताहिक समाचारपत्र प्रकाशन भएका थिए भने सिक्किम भारतमा विलय भएपछि **हिमाली बेला**-ले पत्रकारिताका विशेषताहरू अङ्गाल्दै विभिन्न स्तम्भसहित प्रकाशित भएर महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। यी साप्ताहिक समाचारपत्रमा सिक्किमका विकासशील गतिविधिका समाचारबाहेक राजनीतिक तथा सामाजिक विषयवस्तुका समाचार निरन्तर प्रकाशित भएका पाइन्छन्। सन् १९७९ को राज्यको दोस्रो विधानसभा चुनाउदेखि प्रत्यक्ष रूपमा आफ्नो भूमिका निर्वाह गर्दै आएका साप्ताहिक समाचारपत्रहरू विविध विषयलाई पाठकसमक्ष पुऱ्याउनमा सफल देखिन्छन्।[१८]

सन् १९७९मा सिक्किममा प्रकाशित साप्ताहिक र अर्द्धसाप्ताहिक समाचारपत्रको सङ्ख्या केवल १२ रहेको थियो भने यो सङ्ख्या सन् १९८४-मा २५ पुगेको थियो।

---

[१८] हेमन्त गिरी (सन् २०१३); *सिक्किममा साप्ताहिक समाचारपत्रहरूको अवस्था*, रूपेश शर्मा र अन्य (सम्पा.) **संवाहक**, गान्तोक : प्रेस क्लब अफ सिक्किम, पृ. ८७।

यसरी नै सन् १९८९-सम्ममा सिक्किमबाट प्रकाशित हुने साप्ताहिक र अर्द्धसाप्ताहिक समाचारपत्रको सङ्ख्या ४४, सन् १९९४-मा ६२ अनि सन् १९९९-मा ८२ पुगेको देखिन्छ। नयाँ शताब्दीमा साप्ताहिक समाचारपत्रलाई दैनिक समाचारपत्रले चुनौती दिए तापनि सन् २००४-मा ९८, सन् २००९-मा १४४ र सन् २०१४ सम्ममा कुल १५६ भन्दा धेरै साप्ताहिक समाचारपत्रको प्रकाशन सिक्किमबाट भइसकेका छन्। यस किसिमको साप्ताहिक र अर्द्धसाप्ताहिक समाचारपत्रको सङ्ख्या वृद्धिको निरन्तरताले सिक्किममा नेपाली पत्रकारिताको भविष्य उज्जवल देखाएको लक्ष्य गर्न सकिन्छ।

सन् १९८० र सन् १९९० का दशकमा गोर्खाल्यान्ड आन्दोलन र नेपाली भाषा मान्यता आन्दोलनजस्ता दुईवटा महत्त्वपूर्ण ऐतिहासिक घटना भएका थिए। यी दुई घटनाक्रमसित सम्बन्धित विभिन्न समाचार, विचारप्रधान लेखले साप्ताहिक समाचारपत्रलाई लोकप्रिय बनाउने काम गरेका थिए। सन् १९८० का दशकको गोर्खाल्यान्ड आन्दोलनका समाचारहरू पाठकका निम्ति रुचिको विषय बनेका थिए। सन् १९८० का दशकमा गोर्खा बासभूमिको सङ्घर्ष भारतमा एउटा यस्तो ऐतिहासिक घटना थियो, जसले भारतमा गोर्खा बासभूमिको निर्धारण यद्यपि नगरे तापनि गोर्खा जातिको चिन्हारीमाथि सहीछाप लगाइदिएको थियो। सन् १९८६ देखि सन् १९८९ सम्मका अवधिमा यस आन्दोलनबारे सिक्किमका प्रायः सबै समाचारपत्रले समाचार र अन्य पाठ्यसामग्री प्रकाशन गरेका थिए।

नेपाली भाषालाई संवैधानिक मान्यता दिलाउनका लागि सन् १९५०-का दशकदेखि नै भारतका विभिन्न प्रान्तलगायत सिक्किमबाट पनि भाषिक आन्दोलन भइरहेकै थियो। सन् १९७८ देखि सिक्किमबाट साप्ताहिक समाचारपत्रको नियमित प्रकाशन

हुनथालेपछि अधिकांश समाचारपत्रले भाषालाई मान्यता दिलाउने सङ्कल्पसहित अभियानमुखी पत्रकारिता नै गरेको अनुभव हुन्छ। देशका कुनै पनि स्थानमा भइरहेका भाषा सङ्घर्ष विषयक कुनै पनि समाचार सिक्किमका समाचारपत्रमा प्रकाशन हुनुले यसको पुष्टि गर्दछ।

सन् १९८० र १९९०-का दशकमा सिक्किम राज्यको राजनीतिक उथुलपुथुल र चुनाउ, नरबहादुर भण्डारी सरकारको पतन र पवन चामलिङ सरकारको उदयजस्ता राजनीतिक घटनाक्रम पनि साप्ताहिक समाचारपत्रका प्रमुख चासोका विषय थिए।

सन् २००० पछि दैनिक समाचारपत्रको प्रकाशन एवम् विद्युतीय तथा डिजिटल सञ्चार माध्यमको विकासले साप्ताहिक समाचारपत्रको लोकप्रियतामा कमी आउन थाल्यो अनि समाचारपत्रहरू क्रमैले बन्द हुनथाले। सन् १९९०-का दशकमा साप्ताहिक समाचारपत्रको जुन किसिमको लोकप्रियता र प्रभाव थियो त्यसमा शिथिलता आउन थाल्यो। यसक्रममा **आजको सिक्किम, हिमाली बेला, दर्पण**जस्ता केही साप्ताहिक पत्रिकाले आफूलाई समयको मागअनुरूप दैनिक बनाए तापनि **हिमाली बेला**बाहेक **आजको सिक्किम** र **दर्पण**-को स्थिति भने सोचनीय देखिन्छ।

**इ) सिक्किमका पाक्षिक समाचारपत्र** : सिक्किममा पाक्षिक समाचारपत्रको परम्परा **कञ्चनजङ्घा**-ले थालेको हो। १५ सितम्बर, १९५७ देखि थालिएको भएको **कञ्चनजङ्घा** पत्रिका दुई वर्ष प्रकाशित भएर स्थगित भयो। यसको प्रकाशन दुई वर्ष नौ महिनासम्म स्थगित रहेर ३१ अगस्त, १९६२ मा यो पुनः पाक्षिक रूपमा प्रकाशित भयो।[१९]

[१९] सुवास दीपक (सन् २००५); *सिक्किमे पत्रकारिताको विकासमा कञ्चनजङ्घाको भूमिका र योगदान,* पवन चामलिङ 'किरण' (सम्पा.) **निर्माण**, नाम्ची, निर्माण प्रकाशन, अङ्क ४२, पृ. २२।

**कञ्चनजङ्घा**लाई पुनः थालनी गराउने सन्दर्भमा यसका सम्पादक काशीराज प्रधानलाई चाप आएको प्रधानको निम्न कथनले स्पष्ट गर्दछ —

> **पछि फेरि सिक्किम, दार्जिलिङ, आसाम, नेपाल आदिका पुराना ग्राहक, लेखक, कवि, संवाददाताहरूको आग्रहबाट उत्साहित भएर औ नेपाल नरेश (स्व.) श्री ५ म.वी.विक्रम शाहदेव, (स्व.) सिक्किमपति श्री ५ महाराज साहेब टाशी नामगेल औ सिक्किम स्थित भारतीय राजनैतिक अधिकारी श्री आई.जे बहादुर सिंहका सन्देशबाट उत्साहित भएर ३१ अगस्त १९६२ देखि सिक्किमको प्रथम औ एक मात्र पाक्षिक रूपमा सिक्किम, भोटान, नेपाल, आसाम, दार्जिलिङ, देहरादून आदिमा छरिएर बसेका नेपाली र नेपाली भाषीको पत्रिकालाई भाषा-भाषाप्रेमीहरूका समीपमा टक्राउने साहस गरिएको थियो।**[२०]

यसरी १ अक्टुबर, १९७२ सम्ममा लगभग १३ वर्षको अवधि नेपाली भाषा-साहित्य एवम् पत्रकारिताको सेवामा अर्पण गरी **कञ्चनजङ्घा** सदाका लागि बन्द भएको थियो।

यसपछि अन्य समाचारपत्रमा केही समाचारपत्र पाक्षिक रूपमा प्रकाशित भएका देखिन्छन्, तर ती पत्रिकाले पनि पाक्षिक स्वरूपलाई नियमितता दिन सकेनन् र साप्ताहिक स्वरूपमा नै प्रकाशित भए। यी समाचारपत्रमा **विचार, हिमाली बेला, गान्तोक, हिमगिरी, खैलोबैलो** आदि पर्दछन्।

**ई) सिक्किमका मासिक पत्रिका** : सिक्किममा मासिक पत्रिका प्रकाशनको परम्परा पनि **कञ्चनजङ्घा**बाट नै थालिएको हो। १५ सितम्बर १९५७ देखि आरम्भ भएको

---

[२०] पूर्ववत्, पृ. १२।

**कञ्चनजङ्घा** मासिक पत्रिकाले दुई वर्षसम्म पाठकलाई समाचारलगायत साहित्यिक सामग्री प्रेषण गर्‍यो। **कञ्चनजङ्घा** पछि केही साहित्यिक पत्रिकाले मासिक रूपमा प्रकाशित हुने प्रयास गरे तापनि ती नियमित बन्न सकेनन्।समाचारप्रधान मासिक पत्रिकाहरूमा **छाँया** (सन् १९९७), **पूर्वोत्तर दिव्य भारती** (सन् २००२), **नयाँ सिक्किम** (सन् २००४), **अनावरण** (सन् २०१२) आदि प्रमुख हुन्।

**कञ्चनजङ्घा**-ले मासिक रूपमा प्रकाशित भई राजतन्त्रकालमा सिक्किमका विविध विषयक खबरलाई जनमानससमक्ष पुर्‍याउने चेष्टा गरेको थियो। **कञ्चनजङ्घा**-मा मूलतः सिक्किमका विकासोन्मुख गतिविधिसितै विभिन्न सामाजिक मुद्दालाई पाठकसमक्ष राख्ने प्रयास पनि भएको देखिन्छ। सन् १९९७ मा अशोक प्रशान्तको **छाँया** मासिक पत्रिकाले सामाजिक, आर्थिक, राजनीतिक, कला आदि विषयका पाठ्यसामग्री प्रस्तुत गर्ने प्रयास गरेको थियो भने **पूर्वोत्तर दिव्य भारती** (सन् २००२)-ले पनि विविध समसामयिक विषयवस्तुलाई पाठकसमक्ष पुर्‍याउने काम गरेको पाइन्छ। चन्द्र खालिङको **नयाँ सिक्किम** (सन् २००४) पत्रिकाले समसामयिक विषय, समस्या र मुद्दामाथि चिन्तनपरक एवम् विश्लेषणात्मक विवरण प्रस्तुत गरेको थियो भने रोबिन राईको **अनावरण** (सन् २०१२)-मा मासिक घटनाक्रमहरूको विश्लेषणात्मक प्रस्तुति पाइन्छ।

सिक्किमेली पत्रकारिता जगत्मा खबरप्रधान मासिक पत्रिका निकाल्ने धेरै प्रयास भए तापनि कुनै पनि पत्रिका नियमित हुन नसक्नुका मूलकारण आर्थिक समस्या, पाठकको अभाव तथा पत्र-पत्रिकाको बिक्री वितरणको कमीकमजोरीजस्ता कारकतत्त्व रहेका छन्।

**उ) सिक्किमका अन्य पत्र-पत्रिका** : भौगोलिक क्षेत्रफलका आधारमा सिक्किम एउटा सानो राज्य भए तापनि यस राज्यमा पत्र-पत्रिका प्रकाशनको सन्दर्भमा भने उत्साहजनक प्रयास भएको देखिन्छ। सिक्किमबाट अधिकांश साहित्यिक पत्र-पत्रिकाको प्रकाशन भएको पाइन्छ। यस दिशामा केही साहित्येत्तर पत्र-पत्रिका पनि प्रकाशन भएका छन्। साहित्यिक पत्रिकाहरूमा **अर्चना** (सन् १९७३), **नवज्योति** (सन् १९७६), **स्रष्टा** (सन् १९७८), **निर्माण** (सन् १९७८), **प्रक्रिया** (सन् १९८६), **कनका** (सन् १९८६), **पूर्णिमा** (सन् १९९६), **सन्धान** (२००५), **अनुसन्धान** (सन् २०१६) आदि साहित्यिक पत्रिकाले सिक्किमेली साहित्यिक गतिविधिलाई अघि लगाएका छन्। अधिकांश साहित्यिक पत्रिकाहरू सामयिक रूपमा नै प्रकाशन हुँदै आएका छन्। यस दिशामा **निर्माण, स्रष्टा, प्रक्रिया, अर्चना, कनका, पूर्णिमा, अनुसन्धान** आदि केही पत्रिकाले नियमितता दिने प्रयास गरे तापनि ती पत्रिकाहरू विफल नै रहे। एकाध अङ्क प्रकाशित भएका सिक्किमका पत्रिकाहरूको सङ्ख्या २०० भन्दा धेरै नै भएको अनुमानित छ।

यी पत्र-पत्रिकाले सिक्किमका लेखक-साहित्यकारलाई लेखन-प्रकाशनका लागि मञ्च प्रदान गर्नमा महत् भूमिका निर्वाह गरेका छन्। व्यक्तिगत एवम् संस्थागत रूपमा थालिएका यहाँका कतिपय पत्र-पत्रिकाले लेखक साहित्यकारहरूलाई प्रोत्साहन दिन पुरस्कारहरूको समेत स्थापना गरेका छन्। यस दिशामा पश्चिम सिक्किम साहित्य प्रकाशनको **स्रष्टा** (सन् १९७८) र निर्माण प्रकाशनको **निर्माण** (सन् १९७८) उल्लेखनीय रहेका छन्। सिक्किमका यी साहित्यिक पत्र-पत्रिकाले नेपाली भाषा-साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिँदै आएका छन्।

**५.१.२.२ सिक्किममा विद्युतीय पत्रकारिता** : सिक्किममा विद्युतीय पत्रकारिताको आरम्भ सन् १९८२-मा आकाशवाणी गान्तोक केन्द्रको स्थापनासितै भएको हो। विद्युतीय पत्रकारिताभित्र पर्ने रेडियो पत्रकारिता, टेलिभिजन पत्रकारिता र डिजिटल पत्रकारिताको सिक्किममा शनैःशनैः विकास हुँदै गइरहेका छन्।

आकाशवाणीको स्थापनासितै २ अक्टुबर, १९८२ देखि आकाशवाणी गान्तोक केन्द्रले प्रत्येक दिन बेलुकी ६:४० बजी प्रादेशिक समाचार बुलेटिन प्रसारण गर्न थाल्यो। आकाशवाणी गान्तोकले आफ्नो *बहुजन हिताय बहुजन सुखाय*को केन्द्रीय भावसहित सूचना, शिक्षा तथा मनोरञ्जन श्रोतासमक्ष प्रस्तुत गर्न थाल्यो। प्रादेशिक समाचार नेपाली, लेप्चा र भोटिया भाषामा प्रसारण गर्नका साथै आकाशवाणीले *प्रणाम सिक्किम, सिक्किम परिक्रमा*जस्ता कार्यक्रमसितै विभिन्न समसामयिक विषयमा वार्ताहरू प्रस्तुत गरेर आफ्ना श्रोतालाई सूचना, शिक्षा र मनोरञ्जन प्रदान गरिरहेको छ।

सिक्किममा टेलिभिजन पत्रकारिताको थालनी सन् १९९०-का दशकदेखि मात्र प्रारम्भ भएको हो। सन् १९९०-का दशकको थालनीमा राजधानी गान्तोकमा चारवटा केबल टेलिभिजन रहेका थिए, ती हुन् - युनिभर्सल केबल टीभी, ग्यालेक्सी टीभी, सिटी केबल र सङ्ग्राम केबल।[२१] सन् १९९३ —मा पहिलोपल्ट दुईवटा केबल टिभी युनिभर्सल केबल टीभी र ग्यालेक्सी टीभीमा साप्ताहिक समाचारमूलक कार्यक्रम *दृष्टिकोण* प्रसारण गर्न थालियो।[२२] दृष्टिकोण कार्यक्रममा सप्ताहभरिका विभिन्न गतिविधिको विवरण प्रस्तुत गरिन्थ्यो। पत्रकार सामसोन गुरुङद्वारा सञ्चालित कार्यक्रम *दृष्टिकोण*ले

---

[२१] सुमन गजमेर (सन् २०१३); *सिक्किममा इलेक्ट्रोनिक मिडियाको वर्तमान स्थिति र भावी सम्भावना,* रूपेश शर्मा र अन्य (सम्पा.) **संवाहक**, पूर्ववत्, पृ. ९७।

[२२] पूर्ववत्।

पहिलोपल्ट राजधानी गान्तोकवरिपरिका गतिविधिलाई समाचारका रूपमा टेलिभिजनको पर्दामा ल्याउने प्रयास गरेको थियो। सन् १९९८-मा भने सिटी केबलमा *त्रिवेणी साप्ताहिक* नामक साप्ताहिक समाचारको प्रसारण गर्न आरम्भ भयो। सन् १९९८-मा सङ्ग्राम केबल टीभीको नाम परिवर्तन भएर सिक्किम केबल टिभी भइसकेको र यसले १५ अगस्त, १९९८ देखि *साप्ताहिक गतिविधि* नामक नेपाली र अङ्ग्रेजी समाचार प्रसारण गर्न थाल्यो। चुनिलाल घिमिरे, खगेन्द्रमणि प्रधान र किशोर मोक्तानको प्रयासमा थालिएको भएको साप्ताहिक गतिविधि २ अक्टुबर, १९९८ देखि *दैनिक गतिविधि*का रूपमा प्रसारण हुनथाल्यो।[२३] सिक्किमले सन् १९९३ देखि टेलिभिजन पत्रकारितामा प्रवेश गरे पनि सन् १९९८ देखि मात्र नियमित रूपमा सिक्किमका विभिन्न गतिविधिलाई दैनिक टेलिभिजनका पर्दामा प्रसारण गर्न थालेको हो। सन् २००२-मा नयुमा केबल टेलिभिजनको आगमनसितै सिक्किम टीभीको अस्तित्व समाप्त भएर गयो र नयुमा टीभीले दैनिक समाचार बुलेटिन *नयुमा समाचार* प्रसारण गर्न आरम्भ गर्‍यो, जो आजसम्म यथावत रूपमा प्रसारण भइआएको छ। *नयुमा समाचार* राज्यका अन्य प्रमुख सहरबजारका केबल टेलिभिजनबाट पनि प्रसारण हुँदछ। राज्यभरि नै टेलिभिजन पत्रकारितालाई विस्तार गर्ने कार्य *नयुमा समाचार*ले गर्दै आएको छ।

सिक्किमको राजधानी गान्तोकमा प्रसारभारतीले सन् २००४-मा १०० मिटर अग्लो टावरसहितको दूरदर्शन केन्द्रको स्थापना गर्‍यो[२४] जसमा राज्यमा भएका विभिन्न गतिविधिलाई समेटेर सन् २००४-देखि महिनामा दुईपल्ट पाक्षिक रूपमा आधा घण्टाको

---

२३ पूर्ववत्।

२४ https://**www.telegraphindia.com**/1100512/jsp/siliguri/story_12438422.jsp. (24.12.2017)

*सिक्किम राउन्ड अप* —समाचारमूलक कार्यक्रमको प्रसारण हुन थाल्यो। यसरी दूरदर्शन गान्तोकबाट नै *गाउँको सेरोफेरो* (कृषि कार्यक्रम), *कल्याणी* र *स्वस्थ्य भारत* (दुवै स्वास्थ कार्यक्रम), चर्चा परिचर्चा आदि कार्यक्रम प्रसारण हुँदै आएका छन्।[२५] दूरदर्शन गान्तोकले *डीडी न्युज* र *पूर्वोत्तर समाचार*का लागि राज्यका प्रमुख गतिविधिलाई कवरेज गरी प्रसारणका लागि पठाउने गरेको पनि छ। यसका अतिरिक्त देशका प्रमुख समाचार च्यानल जस्तै *आजतक, हेडलाइन टुडे, जी न्युज, एबीपी न्युज* जस्ता च्यानलले पनि सिक्किमका केही प्रमुख समाचारहरूलाई स्थान दिने गरेको पाइन्छ। *नर्थइस्ट टीभी, नेपाल वान* र *एबीएन नेटवर्क*मा भने सिक्किमका समाचारहरू प्रसारण हुने गरेका छन्।

सिक्किममा डिजिटल पत्रकारिता सन् २००६ देखि मात्र आरम्भ भएको हो। सन् २००६ मा साहित्य सिर्जना सहकारी समिति लिमिटेडले **टिस्टारङ्गीत** नामक अनलाइन पत्रिकाको थालनी गरी सिक्किमका दैनिक गतिविधिलाई अनलाइनमार्फत् प्रसारण गर्न थाल्यो। यसपछि सन् २००७ देखि **भोइज अफ् सिक्किम**ले मोबाइलबाट सर्वप्रथम समाचार एसएमएस गरी डिजिटल पत्रकारितालाई विस्तार गर्ने काम गरेको थियो। यसपछि सिक्किममा पनि समाचारपत्रहरू बिस्तारै अनलाइन हुने क्रम बढ्दै गयो। **समय दैनिक, सिक्किम एक्सप्रेस, हाम्रो प्रजाशक्ति** आदि समाचारपत्रले आफ्ना वेभसाइडमार्फत् दैनिक प्रकाशित समाचारलाई ई पेपरको रूपमा अनलाइन गर्न थाले। सन् २००४-मा **फेसबुक**जस्तो सामाजिक सञ्जालको स्थापना भए तापनि सिक्किममा यसको प्रयोग सन् २००६ देखि मात्र हुन थालेको हो। आज सिक्किमका हजारौं मानिसले आ-आफ्ना फेसबुक एकाउन्टद्वारा विभिन्न गतिविधिलाई सार्वजनिक गरिरहेका छन्। सोही प्रकारले २०१६-

[२५] सुमन गजमेर; पूर्ववत्, पृ.९९।

देखि **भोइस अफ् सिक्किम**ले **सिक्किम न्युज टप टेन** नामक समाचार एकाउन्ट र सन् २०१७-मा केही उत्साही युवा पत्रकारले **सिक्किम क्रोनिकल** नामक एकाउन्टद्वारा दृश्यात्मक समाचार प्रसारण गर्न थालेका छन्, जो डिजिटल पत्रकारिताको क्षेत्रमा देखापरेको उत्साहजनक प्रयास हो।

सिक्किममा विद्युतीय पत्रकारिताको विकास सन् १९८०-का दशकदेखि भए तापनि यो आजपर्यन्त बाल्य अवस्थामा नै रहेको स्पष्ट छ। रेडियो पत्रकारिताअन्तर्गत आकाशावाणीको समाचार प्रभागले प्रादेशिक समाचारमा मात्र आफूलाई केन्द्रित गरेको पाइन्छ। आकाशवाणी गान्तोकबाट प्रसारण हुने पाँच मिनटको प्रादेशिक समाचारबाहेक केही समाचारमूलक कार्यक्रममा नै रेडियो पत्रकारिता सीमित रहेको छ भने टेलिभिजन पत्रकारिता केबल टेलिभिजनमा नै सीमित देखिन्छ। यद्यपि केही प्रमुख राष्ट्रिय चासोका घटनाक्रम राष्ट्रिय समाचार च्यानलहरूमा प्रसारित भए तापनि राष्ट्रिय टेलिभिजन च्यानलले *टार्गेट रेटिङ पोइन्ट* (टीआरपी)-का कारण सिक्किमजस्ता साना राज्यका समाचारलाई थोरै महत्त्व दिँदै आएका छन्। सिक्किमको आफ्नै सेटेलाइट च्यानल नभएका कारण राज्यबाहिरका टेलिभिजन च्यानलमा भर पर्नुपर्ने स्थिति रहेको छ। दूरदर्शनले गान्तोक केन्द्रको स्थापना गरे तापनि पूर्ण च्यानल आरम्भ नगरेको स्थिति रहेको हुँदा टेलिभिजन पत्रकारिता टाक्सिएको स्थितिमा रहेको छ। न्यु मिडियाका रूपमा विकसित डिजिटल पत्रकारिताअन्तर्गत **भोइस अफ् सिक्किम**-को प्रयास उल्लेखनीय रहेको छ भने **सिक्किम एक्सप्रेस**-को समाचार एप्प (एप्लिकेसन)-लगायत सिक्किम **न्युज टप टेन** र **सिक्किम क्रोनिकल**जस्ता प्रयासले यसलाई नयाँ गति प्रदान गरेको छ।

### ५.१.३ विषयवस्तुगत आधारमा सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताका प्रकार

विषयवस्तुगतका आधारमा पत्रकारिताका निम्नलिखित प्रकार विशेष चर्चायोग्य छन् :

**५.१.३.१ फोटो पत्रकारिता :** पत्रकारिता जगत्‌मा विभिन्न घटना तथा व्यक्तिको सप्रमाण वैध तथ्य प्रस्तुत गर्नका लागि क्यामेरा यन्त्रको प्रयोग गरिन्छ। विभिन्न घटना-दुर्घटना, कार्यक्रम, व्यक्ति र ऐतिहासिक स्थलहरूको विवरण प्रस्तुत गर्नमा पनि क्यामेराको प्रयोग वाञ्छनीय देखिन्छ।पत्रकारितामा क्यामेराको आफ्नै भाषा हुने हुँदा यसको विशेषता र भूमिकालाई उच्च महत्त्वका साथ हेर्नु उचित हुनेछ। घटना तथ्यलाई सप्रमाण प्रस्तुत गर्नका लागि क्यामेराले विभिन्न कोणबाट दृश्य तथा दृश्यांशलाई समाचारको रूपमा प्रस्तुत गरेको हुन्छ। यसो हुँदा घटना सम्बद्ध फोटो पनि आफैमा एउटा विषय हो।

सन् १९५७-देखि **कञ्चनजङ्घा** पत्रिकाका माध्यमबाट सिक्किममा फोटो पत्रकारिताको थालनी भएको हो। सितम्बर, १९५७ को **कञ्चनजङ्घा** पत्रिकाको पहिलो अङ्कमा महाराज टाशी नामगेल, खिदमद सुब्बा र हरिप्रसाद प्रधानका तीनवटा पोट्रेट फोटो प्रकाशित भएका थिए। त्यसपछि उही पत्रिकाको वर्ष १, अङ्क ५ (जनवरी १९५८)-मा प्रकाशित नैनितालको विडला विद्यामन्दिरमा अध्ययनरत ११ जना सिक्किमे विद्यार्थीको सामूहिक फोटोको प्रकाशन नै सिक्किममा फोटो पत्रकारिताको थालनी बिन्दु हो। यद्यपि यो फोटो लिने फोटो पत्रकारको नाम उल्लेख नभए पनि यस सामूहिक फोटोले नै फोटोग्राफीतर्फ पाठकको चासो बढेको देखिन्छ। यसै क्रममा सोही पत्रिकाको वर्ष १ अङ्क ८ (अप्रेल १९५८)-मा प्रकाशित सिक्किम सरकारको एक्जिक्युटिभ

काउन्सिलको फोटोले पनि फोटो पत्रकारितालाई निरन्तरता दिएको पाइन्छ। त्यसपछि मार्च १९५९ मा थालिएको भएको **सिक्किम हेराल्ड** नामक सरकारी समाचार पत्रिकामा प्रकाशित ८ वटा फोटोले फोटो पत्रकारितालाई अझ सशक्त बनायो। यसमा महाराजकुमारले नाम्ची कोर्टको उद्‌घाटन गरेको, गौपालन, कुखुरा पालन, सुँगुर पालनका सरकारी फार्मका फोटो, उत्तर सिक्किममा सिक्किमका दिवान एन. के रुस्तमजीले गहुँ वितरण कार्य हेरिरहेको फोटो, काठ मिलको फोटो, सिक्किमको पुरानो तथा नयाँ यातायात अनि **सिक्किम हेराल्ड**-को छापाखाना भवनको फोटो प्रकाशित भएबाट सिक्किमको व्यावसायिक पत्रकारितामा फोटो पत्रकारिताले ठोस रूपमा परिचित हुने अवसर पायो।

यसपछि १ जनवरी, १९७० को **कञ्चनजङ्घा**-को सिक्किम अङ्कमा *सिक्किममा गान्धी* शीर्षक दिएर महात्मा गान्धीको निधनसित सम्बन्धित चारवटा फोटो इन्फर्मेसन सर्विस अफ् इन्डिया गान्तोकको सौजन्यले प्रकाशित गरिएको पाइन्छ। सोही अङ्कमा प्रकाशित पश्चिम सिक्किमको राथुङ्गचु अनि पूर्व सिक्किमको डिक्चुमा टिस्टा नदीमाथि निर्माण भएका दुईवटा पुल अनि सन् १९५५ मा मामरिङमा टिस्टा नदीमाथि बनाइएको पुलको फोटो, सन् १९५८ मा साङ्खलनमा उद्‌घाटन गरिएको नयाँ पुलको फोटो प्रकाशित भएका छन्। यी प्रारम्भिक चरणका प्रकाशित फोटोहरूले नै सिक्किममा फोटो पत्रकारिताको बीजारोण गरेका हुन्।

सन् १९७५-मा सिक्किम भारतीय महासङ्घमा विलय भएपछि प्रकाशनमा आउन थालेको **हिमाली बेला** साप्ताहिक समाचारपत्रले आरम्भदेखि नै विविध घटना तथा व्यक्तिसम्बन्धित फोटो प्रकाशन गर्ने काम गऱ्यो। यस पत्रिकाको वर्ष १, अङ्क ६ (२५ दिसम्बर १९७७)-मा नयाँ दिल्लीमा आयोजित एग्री एक्सपो ७७ मा सिक्किमको

पण्डालले प्राप्त गरेको प्रथम पुरस्कारको फोटो समाचारसहित प्रकाशित अनि समाचारसित सम्बन्धित फोटो रहेको हुँदा यो नै फोटो पत्रकारिताको पहिलो नमुना हो। त्यसपछि क्रमशः **दैनिक आवाज** (सन् १९७८), **गान्तोक** (सन् १९७८), **आजको सिक्किम** (सन् १९७८), **दर्पण** (सन् १९७९), **विचार** (सन् १९८१) आदि समाचारपत्रले समाचारसहित श्यामश्वेत फोटो प्रकाशित गर्न थाले।

सन् १९८० -का दशकसम्म समाचारपत्रमा फोटो प्रकाशित गर्ने कार्य चुनौतीपूर्ण थियो। क्यामेराद्वारा खिँचिएको फोटोलाई ब्लक बनाउनु पर्थ्यो र ब्लक निर्माण गर्ने प्रविधि सिक्किममा उपलब्ध थिएन।[२६] यसर्थ कलकत्ता, बनारस, दिल्ली जस्ता सहरमा फोटोको ब्लक निर्माण गर्नका लागि पठाइन्थ्यो। यस कार्यमा लामो समय खर्च हुने हुँदा विशेषतः प्रमुख व्यक्तित्वको पोट्रेटको ब्लक बनाएर त्यसैलाई बारम्बार प्रयोग गरिन्थ्यो। समाचारपत्रमा असाधारण फोटो प्रकाशित गर्न प्रायः असम्भव थियो।

सन् १९९०-का दशकमा कम्प्युटर सेवा उपलब्ध हुन थालेपछि मात्र फोटो पत्रकारिताको पनि विकास तीव्र गतिमा भएको पाइन्छ। सन् १९९० पछि प्रकाशित साप्ताहिक समाचारपत्रले समाचारसित सम्बन्धित फोटोहरू पनि प्रकाशित गर्न थाले। अझ सन् २०००-का दशकको प्रारम्भिक चरणमा डिजिटल क्यामेराको आगमनसितै फोटो पत्रकारिताले नयाँ गति लिएको पाइन्छ। डिजिटल क्यामेराको सहयोगमा समाचारपत्रमा ताजा तस्वीर प्रकाशन गर्न द्रूतगति सहयोग प्राप्त हुनथाल्यो।

सन् २००० का दशकमा प्रकाशन हुने **हाम्रो प्रजाशक्ति, समय दैनिक, आजको सिक्किम, हिमाली बेला, दर्पण** आदि समाचारपत्रमा समाचारसँग सम्बन्धित फोटो प्रकाशित

---

[२६] श्री वाई एन भण्डारी, सम्पादक-प्रकाशक **आजको सिक्किम**-बाट प्राप्त जानकारी।

हुनथाले। अझ असाधारण एवम् अपारम्परिक फोटो (अफ् बीट फोटो) पनि प्रकाशित हुनथाले।यस दिशामा सिक्किमका केही पत्रकारले आफूलाई फोटो पत्रकारका रूपमा पनि स्थापित गर्न थाले। यस दिशामा जोसेफ लेप्चा, विशाल सिञ्चुरी, रञ्जित सिंह, विजय गुरुङ, प्रवीण खालिङ, अर्जुन राई, सी सामलिङ आदि पत्रकारले आफूलाई फोटो पत्रकारका रूपमा परिचित गराए।

सिक्किमका समाचारपत्रमा राजनीतिक सभा, जनसभा, जुलुस, प्रदर्शन, राजनीतिक नेता, सरकारी कार्यक्रम, सामाजिक, साहित्यिक कार्यक्रम, प्रकृति, असाधारण घटना, आगलागी, पैह्रो, भूकम्प, खेलकुद, चुनाउजस्ता विषयलाई फोटोका माध्यमद्वारा जनसाधारणसमक्ष पुऱ्याउने कार्य आरम्भ भयो। समाचारपत्रहरू सन् २००७ पछि रङ्गीन कलेवरमा प्रकाशन हुनथालेपछि फोटो प्रकाशनमा नयाँ क्रान्ति नै आएको देखिन्छ।

अतः सिक्किममा औपचारिक फोटो पत्रकारिताको आरम्भ सन् १९५७ देखि भए तापनि यसले प्राविधिक विकाससितै आफूलाई पनि विकसित गर्दै लगेको पाइन्छ।सिक्किमका समाचारपत्रका लागि फोटो पत्रकारहरूले पारम्परिक फोटोसितै असामान्य र अपारम्परिक फोटोहरू पनि प्रेषण गर्दै आएका छन्। विशेषतः फोटो पत्रकारिताले युवा पत्रकारलाई आकर्षित गरेको देखिन्छ र आजका सन्दर्भमा फोटो पत्रकारिता नै पत्रकारिताको वैध र प्रामाणिक आधार पनि मानिन्छ।

**५.१.३.२ खोजी पत्रकारिता :** व्यावसायिक पत्रकारितामा खोजी पत्रकारितालाई महत्त्वपूर्ण अङ्गका रूपमा मानिन्छ। खोजी पत्रकारिता अनुसन्धानात्मक एवम् शोधमूलक कार्य हो।अत्यधिक परिश्रमद्वारा पत्रकारले विभिन्न स्रोत व्यक्तिसँग भेटवार्ता, अन्तर्वार्ता,

स्थलगत अवलोकन, दस्तावेजहरूको निरीक्षण गरी सही तथ्य सङ्कलन गरेर समाचारकथा तयार गरेका हुन्छन् र सो समाचारकथा सार्वजनिक महत्त्व र चासोको हुने गर्दछ। खोजी पत्रकारिताको विषय वा जानकारी गोप्य (कसैले लुकाएको वा लुकाउन चाहेको) हुनुपर्छ।[२७] हुन त पत्रकारितामा समाचार बनाउन कुनै न कुनै रूपमा नयाँ विषय खोज्ने प्रयास गरिन्छ, तथापि खोजी पत्रकारितालाई सामान्य एवम् परम्परित पत्रकारिताभन्दा भिन्न मानिएको छ। खोजी पत्रकारितामा खबर प्रभावशाली बनाउन हेतु विषयको गहन सत्यापन गरिन्छ। कुनै पनि लुकाउन खोजिएको तथ्य, प्रशासनिक लापरवाही, अनियमितता, भ्रष्टाचार अथवा अनाचारलाई सार्वजनिक गर्ने किसिमका समाचारलाई खोजी पत्रकारिताको मुख्य अङ्ग मान्न सकिन्छ।

सिक्किममा खोजी पत्रकारिताको बलियो परम्परा भेटिँदैन। यदाकदा समाचारपत्रहरूले अनुसन्धानात्मक समाचार सम्प्रेषणको प्रयास गरेको देखिए तापनि पूर्णतः अनुसन्धानात्मक समाचारकथाको अभाव देखिएकाले ती समाचारलाई खोजी पत्रकारिताको श्रेणीमा राखिहाल्न मिल्दैन।

प्रारम्भिक चरणका सिक्किमका समाचारपत्रहरू जस्तै **कञ्चनजङ्घा, हिमाली बेला, दैनिक आवाज, विचार, गान्तोक, झिल्का, आजको सिक्किम, दर्पण, चेतना, फ्रण्टियर समाचार, खैलोबैलो, जनपक्ष, सिक्किम दर्शन, हिमाली पूर्व सन्देश, सिक्किम आवाज, हिमगिरी, लोकमत, साझा समाचार, स्वतन्त्र समाचार, हाम्रो आवाज, जनचेतना, मन्दाकिनी, अधिवक्ता, अचेल, दिव्यदृष्टि** आदिमा खोजी पत्रकारिताको आभास पाइँदैन।

[२७] मोहन मैनाली (सन् २०१३); **खोजी पत्रकारिताका लागि सूचनाको हक**, काठमाडौं : संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को); काठमाडौं कार्यालय पृ. २।

खोजी पत्रकारिताको प्रारम्भिक प्रयास भने दैनिक समाचारपत्रहरूको आगमनसितै लोकतन्त्रकालको दोस्रो चरण (सन् २००० देखि यता)- का समाचारपत्रमा केही मात्रमा भएको पाइन्छ।विशेषतः यस दिशातर्फ **हाम्रो प्रजाशक्ति** र **समय दैनिक**-ले केही प्रयास गरेको देखिन्छ।

४ मई, २००५-मा **समय दैनिक**-मा प्रकाशित *विदेशी वेभसाइटमा सिक्किमका वनस्पतिहरूको कालोबजार* शीर्षकको समाचारकथामा खोजी पत्रकारिताका लक्षण देखापरेको छ। उक्त समाचारकथामा सिक्किमका कूल ८८ वटा वनस्पतिको बिजनलाई युरोपीय राष्ट्र चेक गणराज्यका एकजना नागरिक भोजटेक होलुबेकले वेभसाइट *डब्लुडब्लुडब्लु डट डेलोनिक्स डट कम*-का माध्यमद्वारा बिक्रीमा राखिएको जानकारी खुलासा गरिएको छ।उक्त समाचारकथामा कतिपय आवश्यक दस्तावेजद्वारा सिक्किमका वनस्पतिका बिजनहरूको चोरी भएको प्रमाणित गर्दै यस सम्बन्धमा राज्यको वन विभागलाई कुनै प्रकारको ज्ञात नभएको स्पष्ट पारिएको छ।[२८] राज्यका दुर्लभ उद्भिदको चोरी विषयमा प्रकाशित उक्त समाचार राज्यको जैवविविधताको संरक्षणका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मान्नसकिन्छ।सो समाचारमाथि राज्यको वन विभाग एवम् राज्य सरकारले कुनै प्रकारको प्रतिक्रिया नदिए तापनि कतिपय सङ्घ-संस्थाले वनविभागको मौनतामाथि प्रश्न उठाउँदै विभागले स्पष्टीकरण दिनुपर्ने अनि उच्च स्तरीय जाँच हुनुपर्ने मागसमेत राखेका थिए।[२९]

---

[२८] जेभियर सुब्बा (सम्पा.) (४ मई,२००५); *वेभसाइटमा सिक्किमका वनस्पतिहरूको कालोबजार,* **समय दैनिक**, वर्ष २, अङ्क १०६, पृ. १ अनि ६।

[२९] जेभियर सुब्बा (सम्पा.)(९ मई, २००५); *सिक्किमे वनस्पतिको कालोबजारीमा विभागले स्पष्टिकरण दिनुपर्ने माग,* **समय दैनिक**, वर्ष २, अङ्क १११, पृ. १ अनि ६।

**समय दैनिक**-ले खोजी पत्रकारिताको दिशामा अघि बढ्दै ३१ जुलाई, २००७-मा *डीएफओलाई मार्किङ अर्डर चाहिएन* शीर्षकमा अर्को समाचारकथा प्रकाशित गरेको थियो। सो समाचारकथामा राज्यका एकजना वनअधिकारी (खण्डीय वन अधिकारी)-आरसी निरौलाले पश्चिम सिक्किमको सोमबारेस्थित लुङयाम-लुङखिममा आफ्नै बारीका कुल २९ वटा रुख सरकारी अनुमति (मार्किङ अर्डर) बिनै काटेको विषयलाई सप्रमाण खुलासा गरिएको थियो।[३०] उक्त समाचारकथा प्रकाशित भएपछि राज्यको वनविभागले उच्चस्तरीय जाँचबुझ समिति गठन गरेर छानबीन गरेको र समाचार सही पाएको प्रतिवेदन सरकारलाई बुझाएको पनि थियो।[३१]

त्यस अतिरिक्त **समय दैनिक**-ले २००५ देखि २०१४-सम्म लगातार दसौँ र बाह्रौं श्रेणीका निम्ति केन्द्रीय माध्यमिक शिक्षा बोर्डको परीक्षा फलसहित सम्बन्धित समाचारकथा प्रकाशित गर्दै आएको थियो, जसलाई खोजी पत्रकारिताको श्रेणीमा राख्न सकिन्छ।**समय दैनिक**-मा २५ जुन, २००७-मा प्रकाशित *विलुप्तिको सँघारमा सिक्किमका डोकपा समुदाय* —शीर्षकमा संवाददाता होमनाथ दवाडीको समाचारकथा पनि खोजी पत्रकारिताको श्रेणीमा पर्न आउँछ। यसमा उत्तर सिक्किमको उच्च हिमाली क्षेत्र छोलामू, लोनाक भेल्ली र लासर भेल्लीमा रहेका २४ परिवार डोकपा जनजातिको जीवन सङ्घर्ष र विलुप्तिको स्थितिलाई सार्वजनिक गरिएको छ।[३२]

---

[३०] पारसमणि दङ्गाल (सम्पा.)(३१ जुलाई, २००७); *डीएफओलाई मार्किङ अर्डर चाहिएन,* **समय दैनिक**, वर्ष ४, अङ्क १७६, पृ. १ अनि २ ।

[३१] पारसमणि दङ्गाल (सम्पा.) (३ अगस्त, २००७); *वन विभागद्वारा व्यापक छानबीन,* **समय दैनिक**, वर्ष ४, अङ्क १७९, पृ. १।

[३२] होमनाथ दवाडी (सन् २००७); *विलुप्तिको सँघारमा सिक्किमका डोकपा समुदाय,* पारसमणि दङ्गाल (सम्पा.) **समय दैनिक**, वर्ष ४, अङ्क १४२, २५ जुन, पृ. १।

यसबाहेक पनि **हाम्रो प्रजाशक्ति, हिमाली बेला** आदि दैनिक समाचारपत्रहरूमा प्रकाशित एकाध समाचारकथालाई खोजी पत्रकारिताको श्रेणीमा राख्न सकिन्छ। यद्यपि खोजी पत्रकारिताको सन्दर्भमा राज्यका पत्रकारहरू त्यति सजग नरहेको प्रतीत हुन्छ। खोजी पत्रकारिताका निम्ति समाचारपत्र गृहले संवाददाताका निम्ति अनुकूल परिवेशको निर्माण गर्न नसकेको अनि संवाददाताहरूमा पनि दैनिक क्रियाकलाप र सहजै प्राप्त समाचारहरू सङ्कलन गर्ने प्रवृत्तिका कारण सिक्किममा खोजी पत्रकारिता विकसित हुन नसकेको देखिन्छ।

आफ्नो समाजका विषयमा जान्ने अधिकार जनसाधारणको हुन्छ। यदि सत्तामा बसेका मानिसले कुनै सूचना गोप्य राखे त्यस्ता गोप्य विषयबारे जान्ने अधिकार जनताको हुन्छ। खोजी पत्रकारिताका माध्यमबाट समाचारपत्रले गोप्य राखिएका सूचनालाई सार्वजनिक गर्ने गरेका छन्। यस दिशा **हाम्रो प्रजाशक्ति**-ले निकै साहस गरी कतिपय विषयलाई सार्वजनिक गरेको पाइन्छ। सत्ता र शक्तिमा भएका मानिसले सत्ता र शक्तिको दुरूपयोग गरेका विषयमा पनि सो समाचारपत्रले उनीहरूको क्रियाकलाप, गतिविधि र अयोग्यतालाई उदाङ्गो गर्ने प्रयास गरेको देखिन्छ। विशेषतः निर्धाका आवाज र लुकाएर राखिएका कुरा बाहिर प्रकाशमा ल्याउनका लागि **हाम्रो प्रजाशक्ति**-मा प्रकाशित कतिपय समाचारकथा सफल भएका देखिन्छन्। सामाजिक-राजनीतिक दिशा परिवर्तनमा समेतमा यी समाचारकथाले अहम् भूमिका निर्वाह गरेका छन्।

समाजमा विद्यमान मानवीय दुर्व्यवहार, जातीय भेदभाव, छुवाछुत, नशालु पदार्थ सेवन, दुर्व्यवसन आदि हानिकारक अभ्यासहरूको अन्त्यका लागि जनमत तयार पार्ने काम

पनि राज्यका समाचारपत्रले गरेका देखिन्छन्। **समय दैनिक, हाम्रो प्रजाशक्ति, आजको सिक्किम, हिमाली बेला, मिरमिरे कञ्चनजङ्घा** आदि समाचारपत्रले यस दिशामा पहल गर्दै अनुसन्धनात्मक समाचारकथा प्रकाशित गरेका छन्। सर्वसाधारणका लागि शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवामा सरकारी क्षेत्रको भूमिका अहम् हुन्छ। यस्ता सेवा निजी क्षेत्रले पनि प्रदान गर्छन्, तर ती सेवाहरू समाजका निमुखावर्गमा पुगेका हुँदैनन्। सरकारी क्षेत्रले प्रदान गर्ने यस्ता सेवाहरू प्रभावकारी नहुनाको मुख्य कारण नै समाजका तल्लोवर्ग त्यस्ता सेवाबाट वञ्चित हुनु हो। यस प्रसङ्गमा राज्यका समाचारपत्रले जनसाधारणहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन उल्लेखनीय भूमिका पालन गरेका छन्।

खोजी पत्रकारिता परम्परागत पत्रकारिताभन्दा गहन, अनुसन्धानात्मक, परिश्रमयुक्त, सत्यतथ्यपरक, उत्तरदायित्वपूर्ण एवम् जवाबदेही तथा जोखिमपूर्णसमेत हुने गर्दछ। यस दिशामा सिक्किमका समाचारपत्रले प्रारम्भिक प्रयास मात्र गरेको देखिन्छ।खोजी पत्रकारितामा पूर्णतः संलग्न रहने पत्रकारको अभाव राज्यको पत्रकारितामा विद्यमान छ। समाचारपत्रले समेत आफ्ना पत्रकारहरूलाई खोजी पत्रकारिताका लागि अनुकूल परिवेश नबनाइदिएको स्थिति छ।पत्रकारका व्यक्तिगत प्रयासमा कतिपय समाचार सङ्कलन गर्ने गरेको र यस्ता समाचारमध्ये कतिपय समाचार खोजी पत्रकारिताको श्रेणीमा दरिन सकिने देखिएका छन्। विशेषतः आर्थिक अभावका कारण पनि राज्यमा खोजी पत्रकारिता विकसित हुन नसकेको स्थिति बोध गर्न सकिन्छ। अतः खोजी पत्रकारिताका सन्दर्भमा सिक्किमका नेपाली समाचारपत्रहरूको स्थिति सोचनीय रहेको तथ्य स्पष्ट छ।खोजी पत्रकारिताको महत्त्वलाई राज्यका पत्रकारहरूले बुझे तापनि यसलाई व्यवहारमा

ल्याउन भने नसकेको स्थिति रहेको छ।

**५.१.३.३ पर्यावरण एवम् वातावरण पत्रकारिता :** पर्यावरण र प्रकृतिसित सम्बन्धित विभिन्न विषयवस्तुको अध्ययन, अनुसन्धान गरेर सत्यतथ्य जनसमुदायसम्म पुऱ्याउने पत्रकारिता नै पर्यावरण पत्रकारिता हो। पर्यावरणको रक्षा अनि पर्यावरणप्रति जनसमुदायलाई सचेत र सर्तक गराउने उद्देश्य पर्यावरण पत्रकारिताको हुन्छ। पर्यावरण भन्नाले परितन्त्र (जैविक), भौतिक (प्राकृतिक एवम् मानव निर्मित), सामाजिक, राजनीतिक, वाणिज्य, सौन्दर्यपरक अनि आर्थिक पर्यावरण बुझिन्छ।

सिक्किमको नेपाली पत्रकारितामा पर्यावरण पत्रकारिताको थालनी लोकतन्त्रकाल (सन् १९७५ यता) देखि मात्र भएको पाइन्छ। लोकतन्त्रकालका प्रारम्भिक समाचारपत्र **हिमाली बेला, दैनिक आवाज, विचार, गान्तोक, दर्पण** आदिमा पर्यावरणसम्बन्धी केही समाचार प्रकाशित भएका छन्, जसलाई पर्वावरण पत्रकारिताको आरम्भबिन्दु मान्न सकिन्छ।

२२ दिसम्बर, १९७८-को **हिमाली बेला**-मा प्रकाशित *इकोलोजी अफ् ईस्टर्न हिमालयास् सेमिनार* शीर्षकको समाचार नै पर्यावरण पत्रकारिताको सन्दर्भमा प्रकाशित पहिलो समाचारकथा हो। उत्तर बङ्गाल विश्वविद्यालयमा आयोजित एउटा सङ्गोष्ठी विषयक उक्त समाचारकथामा हिमाली क्षेत्रको पर्यावरण र प्रकृतिका सन्दर्भलाई उठान गरिएको छ।[३३] सन् १९८०-का दशकमा भने पर्यावरणसम्बन्धी समाचारहरूको प्रकाशन न्यून नै देखिन्छ, तथापि **हिमाली बेला**-ले *हात्तिको सङ्ख्या बढ्नुको सट्टा घट्दै गाइरहेको*

---

[३३] माला राणा पात्रो (सम्पा.) (सन् १९७८); **हिमाली बेला**, वर्ष २, अङ्क ११४, पृ. ३ ।

*छ*[३४] र *अवैध ढङ्गमा रूखहरू कटानमा ठूला बडाहरूको हात छ*[३५] जस्ता समाचारकथा प्रकाशित गरेर पर्यावरण पत्रकारितालाई निरन्तरता दिने प्रयास गरेको देखिन्छ।

सन् १९८०-का दशकमा **हिमाली बेला, गान्तोक, झिल्का, झिल्काहरू, आजको सिक्किम, दर्पण, नयाँ परिपाटी, चेतना, फ्रण्टियर समाचार, कञ्चनजङ्घा टाइम्स, युगदूत, विचार, खैलोबैलो, वाहक, जनावाज, टिस्टा रङ्गीत, निवेदन प्रतिवेदन, सिक्किम दर्शन, हिमाली पूर्वसन्देश, सिक्किम आवाज, सिक्किम संवाद, हिमगिरी, जनपक्ष, आज, गाँठी कुरा, जनपुकार, जनमञ्च, लोकमत, सन्देश, सिक्किम टाइम्स, सिक्किम समाचार, साझा समाचार, सिक्किम बोल्छ, स्वतन्त्र समाचार, जनशक्ति, साप्ताहिक सिक्किम, हाम्रो आवाज**लगायतका समाचारपत्रमा पर्यावरण सम्बन्धी केही सामान्य समाचार प्रकाशित भएका देखिन्छन्। सन् १९८०-का दशकको उत्तरार्द्धमा **विचार** साप्ताहिक समाचारपत्रमा पर्यावरणसम्बन्धी केही विचारप्रधान लेख प्रकाशित भएको पाइन्छ।[३६]

सन् १९९०-का दशकमा भने पर्यावरण पत्रकारिताको विकासमा तीव्रता आएको देखिन्छ। मूलतः **हिमाली बेला, गान्तोक, झिल्का, झिल्काहरू, आजको सिक्किम, दर्पण, नयाँ परिपाटी, चेतना, फ्रण्टियर समाचार, कञ्चनजङ्घा टाइम्स, युगदूत, विचार, हिमाली पूर्वसन्देश, सिक्किम आवाज, सिक्किम संवाद, हिमगिरी, जनपक्ष, लोकमत, साझा समाचार, सिक्किम बोल्छ, स्वतन्त्र समाचार, जनशक्ति, साप्ताहिक सिक्किम, हाम्रो आवाज, प्रजातन्त्र, मन्दाकिनी, हिजोआज, हिमाली आवाज, जनचेतना, पहाड, आजभोलि, परिदर्शन, सप्ताहिक समीक्षा, सिक्किम झिल्का,**

---

[३४] राम पात्रो (सम्पा.) (१२-१८ जनवरी, १९८६); **हिमाली बेला**, वर्ष ९ अङ्क १, पृ.१।

[३५] राम पात्रो (सम्पा.) (१७-२४ मार्च, १९८६); **हिमाली बेला**, वर्ष ९ अङ्क ७, पृ.१।

[३६] सुवास दिपक, **विचार**-का सम्पादकबाट प्राप्त जानकारी।

**अचेल, नयाँ क्षीतिज, युगधारा, वज्र, नयाँ हलचल, वसुन्धारा, साप्ताहिक निर्माण, सिक्किम राजधानी, चक्रव्यूह, प्रतिध्वनि, स्मरणीय, त्रिवेणी** आदि पत्रिकामा पर्यावरण प्रभावका कारण उत्पन्न प्राकृतिक प्रकोप र समस्या, जस्तै वनविनाश, खडेरी, भलपैह्रो, सरुवा रोग, औद्योगिकीकरणले ल्याएका विभिन्न समस्याहरू, स्वच्छता अभावका कारण उत्पन्न रोग अनि समस्या, पर्यावरणका कारण हुने विभिन्न स्वास्थ्य समस्या, कुपोपण, कृषि, वागवाणी, जनसङ्ख्या वृद्धिका कारण उत्पन्न समस्या, खाद्यान्नमा विकार, खाद्यान्नमा हुने मिसावटी, वैज्ञानिक विकासका कारण प्रकृतिमा हुने क्षति, फोहोर व्यवस्थापन, जैवविविधतासित सम्बन्धित विषय, कृषिमा रासायनिक मल र कीटनाशकको प्रयोगद्वारा मानव स्वस्थ्यमा पर्ने प्रतिकूल प्रभाव, पेशागत जोखिम, रासायनिक एवम् परमाणु हतियार, भू-जल संरक्षण, जल वितरण, खाद्यान्न समस्या, विभिन्न घातक रोग, भैतिक विकासद्वारा हुने प्रकृतिक्षय आदि विषय सँगसँगै राज्यमा हुने बिरुवा रोपन कार्यक्रमका समाचारहरूको प्रकाशन हुनथालेको देखिन्छ।

सन् २००० देखि यता राज्यमा दैनिक समाचारपत्रको प्रकाशनमा व्यापकता आउन थाल्यो। दैनिक समाचारपत्रहरूले पर्यावरण सम्बन्धी सामान्य समाचारसितै विभिन्न लेखरचनाहरूलाई प्रकाशनका निम्ति महत्त्व दिन थाले। यस दिशामा **हाम्रो प्रजाशक्ति, समय दैनिक, हिमाली बेला, आजको सिक्किम, हाम्रो पहाड, दर्पण** आदि दैनिक समाचारपत्रमा यस्ता लेखरचना प्रकाशित हुने क्रम निरन्तर भयो। विशेषतः यस्ता लेख मौलिक अनुसन्धानमूलक नरहेर अनूदित रहेका पाइन्छन्। त्यस्ता लेखमध्ये कतिपय लेखहरू भारत सरकारको पीआईबी फिचरहरू रहेका छन् भने कतिपय लेखहरू राष्ट्रिय समाचारपत्र अनि अनलाइन पत्रिकामा प्रकाशितलाई अनुवाद गरिएका छन्।

पर्यावरण अध्ययन एउटा व्यापक विषय हो र यससम्बन्धी नयाँनयाँ समस्या आइरहन्छन्। पर्यावरण रिपोर्टिङका माध्यमद्वारा सिक्किमको नेपाली पत्रकारिताले सर्वसाधारणलाई पर्यावरणसम्बन्धी ज्ञान, नयाँ जानकारी दिनका साथै जनसाधारणमा पर्यावरणको संरक्षणबाट हुने लाभ अनि पर्यावरण विनाशबाट हुने हानि विषयमा सजग गराउन सफल भएको देखिन्छ। फलस्वरूप सर्वसाधारणमा जैवविविधता, भूपरितन्त्र, वन, वनस्पति, वन्यप्राणी संरक्षणजस्ता विषयमा चाख बढेर गएको देखिन्छ भन्ने प्रमाण राज्यमा बिरूवा रोपण, सफाई अभियान जस्ता कार्यक्रममा जनसहभागिता बढेको तथ्याङ्कबाट स्पष्ट हुन्छ।

पर्यावरण पत्रकारिता एकै स्थानमा बसेर गरिने पत्रकारिता होइन। यसका लागि पत्रकारले विभिन्न पर्यावरण विनाशका घटनास्थल, सरकारी निकाय, पर्यावरण सङ्गठन, गैरसरकारी सङ्गठन, वन्यप्राणी संरक्षण संस्थाजस्ता निकायमा गएर अध्ययन-अनुसन्धान गर्नुपर्दछ भने वैज्ञानिक, भूगोलविद्, पर्यावरणविद्, पर्यावरण कार्यकर्ता तथा पर्यावरण विनाशका कारण प्रभावित मानिससित अन्तर्क्रिया गर्नका साथै विभिन्न सत्यतथ्यको खोज गर्न क्षेत्रगत अध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ, जसको अभाव सिक्किमको पर्यावरण पत्रकारितामा खड्किएको छ। अतः सिक्किममा पर्यावरण पत्रकारिताको अवस्था प्रारम्भिक चरणको प्रयासकालीन स्थितिमा नै रहेको प्रतीत हुन्छ। राज्यका पत्रकारहरूमा पर्यावरण सम्बन्धी नवीन सोच र उत्साह त्यति देखिएको छैन भन्ने प्रमाण अनुसन्धानात्मक कार्य, वैज्ञानिक ज्ञान र दृष्टिकोणको अभावबाट स्पष्ट हुन्छ। सिक्किमको नेपाली पत्रकारितामा पर्यावरण पत्रकारिता घटना विवरणमा सीमित रहेको छ। यसमा खोजी, शोध र अन्वेषणका अभावले यसको गुणमानमा विकास हुन सकेको छैन।

**५.१.३.४ नागरिक एवम् जन पत्रकारिता :** समाचार अनि सूचना सङ्कलन, रिपोर्टिङ, विश्लेषण अनि वितरण प्रक्रियामा नागरिकले सक्रिय भूमिका निर्वाह गर्नु नै नागरिक पत्रकारिता हो।[३७] व्यावसायिक पत्रकारिताको तालिम नलिएका र व्यावसायिक पत्रकारिताको ज्ञानसमेत नभएका नागरिकले जब सञ्चार माध्यममा खबरहरू सञ्चार गर्दछन् भने त्यस्तो पत्रकारितालाई नागरिक पत्रकारिता भन्दछन्। उनीहरूले आफ्ना खबर समाचारपत्र, अनलाइन अथवा डिजिटल सञ्चार माध्यमद्वारा सञ्चार गर्दछन्।

सिक्किममा नागरिक पत्रकारिताको थालनी **कञ्चनजङ्घा** पत्रिकाबाट नै भएको हो।**कञ्चनजङ्घा**-को पहिलो अङ्क (१५ सितम्बर, १९५७)-मा नै गान्तोकका एकजना नागरिक टेकबहादुर राईले *सम्पादकलाई चिट्ठी* स्तम्भमा *कालिम्पोंगमा संगीत प्रतियोगिता* शीर्षकमा पत्राचार गरी नागरिक पत्रकारिता आरम्भ गरेको पाइन्छ।[३८] यस पत्रका माध्यमद्वारा टेकबहादुर राईले स्वाधीनता दिवसको अवसरमा कालेबुङमा आयोजित सङ्गीत प्रतियोगितामा सिक्किमका युवा सङ्गीतकार रत्नकमल देवानको नेतृत्वमा सिक्किमका कलाकारले आधुनिक एवम् लोकगीत प्रतियोगितामा सहभागिता जनाएको अनि लोकगीतमा प्रथम पुरस्कार प्राप्त गरेको समाचार प्रेषित गरिएको छ।[३९]

यसरी नै **कञ्चनजङ्घा**-को वर्ष २, अङ्क २-मा डिक्चु निवासी के.बी राईले सम्पादकलाई पत्र पठाएर चुनाउका समयमा दुईवटा दललाई एकै दिन सभा गर्न दिएको र त्यसबाट उत्पन्न समस्यामाथि प्रशासन र राजनीतिक दलहरूको ध्यानाकर्षण गराएका

---

[३७] http://**www.hypergene.net**/wemedia/weblog.php. (११ जनवरी २०१५)।

[३८] नहकुल प्रधान (सम्पा.)(सन् १९५७); **कञ्चनजङ्घा**, वर्ष १, अङ्क १, पृ.१० ।

[३९] पूर्ववत्।

छन्।[४०] उक्त पत्रलाई पनि एकजना साधारण नागरिकद्वारा सर्वसाधारणको हक-अधिकारको विषयलाई उठान गरिएको एउटा सशक्त नागरिक पत्रकारिताको उदाहरण मान्नसकिन्छ। सो पत्रमा राईले लेखेका छन्-

**कुनै हाट वा बजारमा एकै दिन दुइ पार्टीले भाषण दिनुछ भने प्रथमतः दुवै पार्टीका मानिसले पहिल्यै भेटघाट गरी, समय बाँडी काम गर्नुपर्छ। जनतालाई यथार्थमा सबैको भनाई सुन्न दिने मौका दिनुपर्छ। मिचाहा गरेर नीतिले पार्टी पोलिटिक्स चल्दैन। यो सबै पार्टीले ध्यानमा राखून्।**[४१]

**कञ्चनजङ्घा**-मा सिक्किमका विभिन्न स्थानबाट समाचार दिने संवाददाताहरू पनि साधारण नागरिक नै थिए। उनीहरूले दुःखसुख गरेर खबर सङ्ग्रह गरेर **कञ्चनजङ्घा** कार्यालयमा प्रेषित गरेपछि त्यसको आवश्यक सम्पादनपछि मात्र समाचारका रूपमा प्रस्तुत गरिन्थ्यो। *कञ्चनजङ्घाको निमयावली*मा स्पष्ट गरिएको छ- *ठाउँ ठाउँमा जो जो सज्जनवर्गले गाउँको, बजारको साँचो समाचारहरू पठाउनुहुन्छ सकेसम्म त्यस्ता समाचारहरूलाई स्थान दिने कोशिस गरिनेछ।*[४२] अतः **कञ्चनजङ्घा** पत्रिकामा प्रकाशित भएका अधिकांश समाचार व्यावसायिक पत्राकारका साटो नागरिक पत्रकारबाट नै प्रेषित हुन्थे। **कञ्चनजङ्घा**-ले सिक्किममा जनसाधारणलाई सचेत गराउँदै पत्रकारिताको महत्त्व र विश्वसनीयता कायम गर्दै एक दशकभन्दा धेरै समयसम्म सिक्किमबासीलाई सूचना प्रदान गऱ्यो, जसको परिणामस्वरूप सिक्किममा पत्रकारिताप्रति जनचासो बढेर गएको देखिन्छ।

---

[४०] काशिराज प्रधान (सम्पा.) (सन् १९५८); **कञ्चनजङ्घा,** वर्ष २, अङ्क २, पृ.४२-४३ ।

[४१] पूर्ववत्।

[४२] नहकुल प्रधान (सम्पा.) पूर्ववत्, आवरण पृ. (पछिल्लो)

**कञ्चनजङ्घा**पछि **हिमाली बेला**-ले पनि *जनआवाज* स्तम्भ राखेर नागरिक पत्रकारितालाई प्रोत्साहित गरेको देखिन्छ। **हिमाली बेला**-को वर्ष १, अङ्क ५-मा दुईवटा बेनामी पत्र प्रकाशित भएका छन् जसलाई नागरिक पत्रकारिताको श्रेणीमा राख्न सकिन्छ। प्रथम पत्रमा टीबी अस्पताल र मुर्दा घरका कारण उत्पन्न समस्याको उल्लेख गरिएको छ भने दोस्रो पत्रमा पाण्डाम गाउँमा सडक निर्माणमा भइरहेको ढिलाइप्रति जनगुनासो प्रकट गर्दै शीघ्र सडक निर्माण पूर्ण गर्ने माग सरकारसित गरिएको छ।[४३] सोही प्रकारले **हिमाली बेला**को वर्ष २ अङ्क ८-मा प्रकाशित गान्तोक निवासी गिरिश चौलागाईंको पत्र पनि यही श्रेणीमा पर्दछ। उनले सो पत्रमा २१ सितम्बर, १९७७-मा पश्चिम सिक्किमको खोरोङ, सरदुङ र लिङ्गचोममा गएको भीषण पैह्रोले ६०-७० परिवार प्रभावित भएको, उनीहरूका खेतबारीमा क्षति पुगेको, तर राहत एवम् उद्धार कार्यको व्यवस्थापन नभएको विषय जानकारी दिँदै लेखेका छन्-

> **गत नोभेम्बर महीनामा आन्ध्र प्रदेशमा तूफानले बिगार गर्दा हजारौं रुपियाँ चन्दा जमाहुनु औ कसैले हरीष्चन्द्रको अभिनय पनि गरी हातको घडी सम्म फुकालेर दिए तर आफ्नै जग्गामा पहिरोले बिल्लीबाठ हुँदा त्यो उदारता कहाँ गएको थियो। यसतर्फ सिक्किम सरकार र त्यस क्षेत्रका एमएलए श्रीमती हेमलता छेत्रीको ध्यान आकर्षण गर्न चाहान्छु।**[४४]

[४३] राम पात्रो (सम्पा.)(११ दिसम्बर, १९७७); **हिमाली बेला**, गान्तोक, हिमाल इन्डिया पब्लिकेसन, वर्ष १, अङ्क ५, पृ. ३।

[४४] पूर्ववत्।

उक्त पत्र पैह्रो गएको ५ महिनापछि १९ फरवरी, १९७८-मा प्रकाशित भएको थियो। आफ्ना ठाउँमा आपद आएको पाँच महिनामा पनि कुनै प्रकारको सरकारी सहयोग प्राप्त नहुनु, तर यसैबिच टाढा आन्ध्रप्रदेशमा आएको तुफानले प्रभावितहरूलाई राज्यबाट सहयोग जानु जस्ता विषयप्रति उनी निकै गम्भीर देखिएका छन्।

**हिमाली बेला**ले नागरिक पत्रकारितालाई *जनआवाज* स्तम्भअन्तर्गत निरन्तर प्रोत्साहित गरेको देखिन्छ। दैनिक बनेपछि पनि यस पत्रिकाले *जनआवाज* स्तम्भअन्तर्गत विभिन्न समस्या, माग, विवरण, जानकारी, सूचना, समाचार आदि विषयक सर्वसाधारणका पत्र प्रकाशित गरेर नागरिक पत्रकारितालाई अझ सशक्त बनाएर लगेको देखिन्छ।

**कञ्चनजङ्घा** र **हिमाली बेला**बाहेक लोकतन्त्रकालको प्रथम चरणका अन्य समाचारपत्रले पनि *पाठक प्रतिक्रिया, सम्पादकलाई पत्र, चिट्ठी पत्र, प्रतिक्रिया सुझाउ* जस्ता स्तम्भ राखी जनताका पत्र प्रकाशन गरेको अनि ती पत्रमध्ये कतिपय पत्र नागरिक पत्रकारिताको श्रेणी पर्दछन्।

सन् २००० पछि लोकतन्त्रकालको दोस्रो चरणमा एकातिर दैनिक समाचारपत्रहरूको युग प्रारम्भ भयो भने अर्कोतिर डिजिटल मिडियाको आगमनले नागरिक पत्रकारितालाई अझ विकसित र सशक्त पार्दै लग्यो। दैनिक समाचारपत्रमा **हाम्रो प्रजाशक्ति, समय दैनिक, हिमाली बेला, आजको सिक्किम, हाम्रो पहाड, दर्पण, दैनिक मिरमिरे** आदिले सम्पादकलाई पत्रका माध्यमद्वारा नागरिक पत्रकारितालाई विकसित गराउने कार्य गरेका छन्।

सन् १९९०-का दशकमा मात्र डिजिटल मिडियाको विकाससितै विश्वमा नागरिक पत्रकारिताको अवधारणा विकसित भएको हो। तर उक्त अवधारणासित मेलखाने

किसिमको अभ्यास सिक्किममा सन् १९५७ देखि नै हुँदै आएको हुँदा यहाँ नागरिक पत्रकारिता सुसुप्त रूपमा भए तापनि अङ्कुरित भई विकसित भइसकेको देखिन्छ।

हुनत परम्परित सञ्चार माध्यम समाचारपत्रमा भन्दा पनि डिजिटल मिडियाको युग प्रारम्भ भएदेखि यता नागरिक पत्रकारिताको छिटो विकास भएको पाइन्छ। डिजिटल सञ्चार माध्यमको विकाससितै नागरिक पत्रकारिता विकसित भएको हो। सिक्किममा सन् १९९० का दशकको उतार्द्धमा अनलाइन सेवाले प्रवेश गऱ्यो, तर डिजिटल मिडियामा नागरिक पत्रकारिताको प्रवेश सन् २००५-पछि मात्र भएको देखिन्छ। विभिन्न व्यक्ति विशेषले विभिन्न सामाजिक मिडियामार्फत आफ्ना वरिपरिका घटनाक्रमलाई अनलाइन सञ्चार गर्न थाले। यसमा स-साना घटनाक्रमदेखि लिएर ठुलै घटनाक्रमसम्मका फोटो, भिडियो अनि पाठ्यसामग्री अपलोड गरेर जनसाधारणलाई सूचना दिने काम गर्न थाले। विशेषगरी फेसबुक, ट्युटर, गुगल प्लस, लिङदिन, ब्लग, वाट्सएप आदि सामाजिक सञ्जालद्वारा जनमानसले आफू वरिपरिका घटनाक्रमलाई सार्वजनिक गर्दै नागरिक पत्रकारिता गरिरहेका छन्। यस दिशामा **भोइज अफ् सिक्किम, सिक्किम क्रोनिकल्स, भिजन विकास टिभी, वेस्ट पाण्डाम हालखबर, राजनीतिक दलका आ-आफ्ना फेसबुक पेज**लगायतका सोसियल मिडिया साइटहरूले उल्लेख्यनीय योगदान दिँदै नागरिक पत्रकारिताको दह्रो गरिरहेका छन्।

जनसाधारणले क्यामेरा, स्मार्ट फोन बोक्न थालेपछि एउटा पत्रकारजस्तै सर्वसाधारण नागरिक पनि साधन स्रोतले सम्पन्न बनेका छन्। प्रायः नागरिक अहिले जहाँ पुग्दा, जे गर्दा, जे देख्दा वा सुन्दा उनीहरूले त्यसलाई मोबाइल तथा क्यामेरामा रेकर्ड गर्ने गर्दछन्। उनीहरूले जे देख्छन् त्यो लेख्छन् र सामाजिक सञ्जालमार्फत

प्रसारण गर्छन्। एक दशक अघिसम्म नागरिकसँग यस्ता उपकरण र प्रविधिको ज्ञान तथा उपलब्धता थिएन, हरेक घटनाको प्रत्यक्ष साक्षी पत्रकार मात्र बन्नुपर्थ्यो, तर अहिले पत्रकार नपुग्ने ठाउँमा पनि नागरिकको उपस्थिति छ, पत्रकारले लेख्ने नसकेका र नभ्याएका विषयलाई नागरिकले विभिन्न माध्यममार्फत् प्रकाशन तथा प्रसारण गर्नसक्छन्। तर नागरिक पत्रकारले उपलब्ध गराएका कतिपय सूचना प्रयोग गर्दा विश्वसनीयतामा भने शङ्काको ठाउँ रहन्छ। कतिपय सूचनाको स्रोत खुलेको हुन्न, कुन सूचना दिने वा कुन सूचना सार्वजनिक नगर्ने भन्ने ज्ञानको अभाव रहेका कारण प्रतिकूल परिस्थितिसमेत सिर्जना भएको पाइन्छ। नागरिकले कतिपय स्थितिमा अनेक थरीका सूचना सम्प्रेषण गरेर भ्रमसमेत सिर्जना गरिरहेका स्थिति सर्वजनित छ।

अतः सिक्किममा सन् १९५७ देखि नै सुसुप्त रूपमा भए तापनि नागरिक पत्रकारिताको अभ्यास भइरहेको र यसमा परम्परित तथा गैरपरम्परित (डिजिटल मिडिया) दुवैको उपभोग नागरिकले गर्दै आएका छन्। विशेषगरी परम्परित मिडिया समाचारपत्रमा सम्पादकलाई पत्रका रूपमा नागरिकले विभिन्न समस्या, माग, विचार, अवधारणासितै घटना, कार्यक्रमको विवरण समाचारका रूपमा दिने गरेका पाइन्छन्। डिजिटल मिडियाका माध्यमद्वारा पनि ताजा घटना, सूचना, सभा, कार्यक्रम, समस्या, सरकारी उदासिनताको पोलखोल्नु आदि विषयमा फोटो र भिडियोसहित नागरिकले सूचनाको सम्प्रेषण गर्ने गर्दछन्।

**५.१.३.५ पैरवी पत्रकारिता :** पैरवी पत्रकारिता भनेको *एड्भोकेसी जर्नालिज्म* हो। यसलाई *वकालती पत्रकारिता, सिविक जर्नालिज्म, पब्लिक जर्नालिज्म, कम्युनिटी*

*जर्नालिज्म* अनि *कम्युनिटेरियन जर्नालिज्म पनि* भनिएको पाइन्छ।[४५] पैरवी अर्थात् एड्भोकेसी पत्रकारिताले कुनै मुद्दाको स्थितिलाई प्रोत्साहित गर्दछ अथवा एकनिष्ठ तरिकाले मुद्दालाई अघि बढाउन प्रोत्साहन दिँदछ। यसमा कुनै सामाजिक अथवा राजनीतिक उद्देश्यका लागि जानीबुझी अथवा स्पष्ट रूपमा गैरवस्तुनिष्ठ दृष्टिकोण अवलम्बन गरिएको हुन्छ। सर्वसाधारणका जीवनसित सरोकार राख्ने अथवा प्रभावित पार्ने किसिमका मुद्दालाई कुनै पनि परिस्थितिमा प्रोत्साहित गरेर जननीति अनि राजनीतिक, आर्थिक र सामाजिक प्रणाली एवम् संस्थान र जनतालाई सजग गर्ने काम पैरवी पत्रकारिताद्वारा गरिन्छ। विशेष स्थितिमा जनताको आवाज बनेर कतिपय विषयवस्तु प्रचार गरी सामाजिक परिवर्तनसितै जनताको जीवनस्तरमा सुधार ल्याउने उद्देश्य पनि यसमा अन्तर्निहित हुन्छ।[४६] यसको मूल उद्देश्य जनताको आवाज बनेर सामाजिक परिवर्तनका लागि कार्य गर्नु हो। यसले समाजमा जनमत सिर्जना गर्न पनि अहम् भूमिका निर्वाह गर्दछ।

सिक्किममा पैरवी पत्रकारिताको बीजारोपण सन् १९७८-मा **हिमाली बेला** र **दैनिक आवाज** समाचारपत्रबाट भएको पाइन्छ। सन् १९८०-का दशक यी दुवै समाचारपत्रले नेपाली भाषालाई भारतको संविधानको आठौं अनुसूचीमा अन्तर्भुक्त गराउनका लागि भाषिक आन्दोलनलाई समर्थन गर्दै देशका विभिन्न स्थानमा भएका आलोन्दन, सभा, विचार, राजनीतिक गतिविधि, विभिन्न व्यक्तित्वको समर्थन आदि विषयसित सम्बन्धित

---

४५ Multimedia Traning Kit (2015); **Introduction to Advocacy Journalism Handout**, Developed by: Highway Africa, Pg. 2. (http://www.itrainonline.org/itrainonline/mmtk/mmtk_advocacy_journ_handout.doc) (२३ जनवरी, २०१५)

४६ पूर्ववत् ।

समाचार प्रकाशन गर्ने अनि जनसाधारणमा सचेतना ल्याउने जुन अभियान चलाएका थिए, त्यसलाई पैरवी पत्रकारिताको प्रारम्भिक बिन्दु मान्नसकिन्छ। यस दिशामा साप्ताहिक समाचारपत्रमा **विचार, गान्तोक, हिमगिरी** आदिको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ।

नेपाली भाषालाई संवैधानिक मान्यता दिलाउनका निम्ति भारतवर्षका विभिन्न राज्यमा सङ्घर्ष र आन्दोलन भए। सिक्किमका नेपाली समाचारपत्रले भाषा मान्यताका निम्ति भएका सङ्घर्षका विवरण जनतासमक्ष पुऱ्याउने अनि आन्दोलनको समर्थनमा जनमत तयार गर्न अहम् भूमिका निर्वाह गरे। समाचारपत्रले भाषा मान्यता आन्दोलनसित सम्बन्धित विभिन्न समाचार, लेख, अन्तर्वार्ता र सम्पादकीय प्रकाशन गर्दै आन्दोलनको समर्थन मात्र होइन वकालती पनि गरेको देखिन्छ। यो क्रम सन् १९९२ सम्म निरन्तर रहिरह्यो। प्रायः एक दशकभन्दा धेर समयसम्म एउटै मुद्दा समाचारपत्रको प्रमुख मुद्दा बन्नु र त्यस्ता मुद्दाले महत्त्वका साथ स्थान पाउनुबाट भाषा मान्यता आन्दोलनसित सम्बन्धित समाचारहरू पैवरी पत्रकारिताका उत्कृष्ट उदाहरण बन्न पुगेका छन्। फलस्वरूप, २० अगस्त, १९९२ बिहिबारका दिन भारतको संसदको दुवै सदन (लोकसभा र राज्यसभा)-ले संविधानको ७१औँ संशोधन विधेयक पारित गरी नेपालीसितै मणिपुरी र कोंकणी भाषालाई भारतको संविधानको आठौँ अनुसूचीमा अन्तर्भुक्त गराएको थियो।

सन् २००० पछि लोकतन्त्रकालको दोस्रो चरणमा प्रकाशित दैनिक समाचारपत्र **हाम्रो प्रजाशक्ति, समय दैनिक, हिमाली बेला** आदिले पनि पैरवी पत्रकारिताका गुणलाई अङ्गाल्दै कतिपय समाचार प्रकाशित गरेका देखिन्छन्। मूलतः सन् २००८-मा सिक्किम

विश्वविद्यालयमा राज्यका महाविद्यालयहरूलाई आबद्ध गराउने दिशामा प्रकाशित समाचारलाई पैरवी पत्रकारिताका रूपमा राख्न सकिन्छ। यी समाचारमा राज्य सरकारले राज्यस्थित सबै सरकारी महाविद्यालयलाई उत्तर बङ्ग विश्वविद्यालयसितै आबद्ध गराउने जुन निर्णय लिएको थियो, त्यसको विरोध गर्दै सिक्किम विश्वविद्यालयसित आबद्ध गराउने दिशामा **समय दैनिक, हाम्रो प्रजाशक्ति** आदि समाचारपत्रमा प्रकाशित समाचारको भूमिका महत्त्वपूर्ण मान्नसकिन्छ।

राज्य प्रशासनमा देखिएका कतिपय अनियमिता, भ्रष्टाचार एवम् जनाकांक्षा विरोधी निर्णय र कार्यक्रम, कतिपय राजनीतिक, सामाजिक मुद्दा अथवा विषयमाथि जनताका पक्षमा उभिएर भएर कतिपय स्थानमा **हाम्रो प्रजाशक्ति**-ले पैरवी पत्रकारिताको धर्मलाई अवलम्बनको पाइन्छ। जनाकांक्षाको समर्थन गर्दै पत्रकारिता गर्दा पूर्वाग्रहसहित पत्रकारिता गर्नुपर्ने हुँदा पैरवी पत्रकारितालाई निष्पक्ष पत्रकारिता मान्नसकिन्न। यसमा एकपक्षको अडान र विषयलाई मात्र प्रमुखता दिइएको पाइन्छ भने प्रतिपक्ष अथवा दोस्रो पक्षका विचारलाई महत्त्व दिइँदैन, यिनै कारणले गर्दा **हाम्रो प्रजाशक्ति** सरकारविरोधी पत्रिका हो भन्ने जनभ्रम सिर्जना भएको छ।

अतः सिक्किमको नेपाली पत्रकारितामा लोकतन्त्रकालको प्रारम्भदेखि नै पैरवी पत्रकारिता विद्यमान देखिन्छ। कुनै मुद्दा, विषयवस्तु, नीतिसम्बन्धी विषय, राजनीतिक, सामाजिक, आर्थिक आदि पक्षलाई लिएर समाचारपत्रमा पत्रकारले पैरवी पत्रकारिता गरिरहेका पाइन्छन्। पैरवी पत्रकारितालाई अवलम्बन गर्दा वस्तुनिष्ठता र निष्पक्षतालाई बेवास्ता गरी सम्बन्धित मुद्दा वा विषयमा जनधारणा सिर्जना गर्ने अभीष्ट राखेर कलम चलाइएको हुन्छ। यस्तो किसिमको पत्रकारिता गर्दा सदैव मुद्दा वा विषयका पक्षगत

सकारात्मक स्थितिलाई सत्यताको रूपमा प्रस्तुत गरिएको देखिन्छ।

**५.१.३.६ विकास पत्रकारिता :** राष्ट्र अनि मानव समाजको समग्र विकासका निम्ति गरिने पत्रकारितालाई विकास पत्रकारिता भनिन्छ। समाजमा विद्यमान समस्यालाई उदाङ्गो पारी सामाजिक जनमत निर्माण गर्न, सर्वसाधारणलाई सुसूचित गराउन, विकास निर्माणप्रक्रियामा जनसहभागिता गराउन तथा स्वावलम्बी बन्न उत्प्रेरणा प्रदान गर्नु नै विकास पत्रकारिताको उद्देश्य हो। यसले विकासमूलक गतिविधिलाई निरन्तरता दिन सर्वसाधारणको सहभागिताको अपेक्षा गर्दछ, त्यही माध्यमबाट उनीहरूलाई उत्प्रेरणा दिँदछ। सरकारद्वारा सञ्चालन गरिएका विकास कार्यक्रमका बारे सरकारद्वारा जारी समाचार विकास पत्रकारिता होइन, तर त्यसमा पत्रकारले अनुसन्धानात्मक समाचारकथा तयार गरेको छ भने त्यो विकास पत्रकारिता बन्दछ।

सिक्किममा विकास पत्रकारिताको आरम्भ सन् १९५७ मा प्रकाशित **कञ्चनजङ्घा-**को दोस्रो, चौथो र पाँचौं अङ्कमा प्रकाशित काशीराज प्रधानको *सिक्किम विकास योजना* शीर्षकको प्रतिवेदनबाट आरम्भ भएको हो। यस प्रतिवेदनमा प्रतिवेदक काशीराज प्रधानले सिक्किम सरकारले विभिन्न विभागद्वारा सन् १९५४ देखि १९५७ सम्म गरेका विकासमूलक कार्यको विवरण तयार पारी खोजीपूर्ण समाचारकथा प्रस्तुत गरेका छन्। यसमा सडक, पुल, अस्पताल, सहकारी समितिहरूको गठन, ग्रामीण डोरेटो-गोरेटो, गाई, गोरू र सुँगुर वितरण, कृषि विकास, घरेलु उद्योग तालिम, स्कुलहरूको स्थापना, प्रौढ शिक्षा, रोपवे, कर्मचारीहरूको तालिम आदिको विवरण प्रस्तुत गरिएको छ। सिक्किमे जनताको आर्थिक, सामाजिक एवम् मानसिक स्तरमा यी विकासमूलक कार्यले सुधार ल्याउने र विकासमूलक कार्यका निम्ति आर्थिक पक्ष बलियो हुनुपर्ने प्रतिवेदकको मन्तव्य

रहेको छ। उनले आफ्ना प्रतिवेदनमा भारतमा पहिलो पञ्चवर्षीय योजना पूर्ण भएर दोस्रो पञ्चवर्षीय योजना क्रियान्वयन भइरहेको उल्लेख गर्दै सिक्किमका निम्ति पनि यस्तै योजनाको निरन्तरता हुन आवश्यक छ भन्ने सुझाउ सरकारसमक्ष राखेका छन्।[४७]

सन् १९७५ मा सिक्किम भारतीय महासङ्घमा विलय भएपछि प्रकाशित **हिमाली बेला** समाचारपत्रले विकास पत्रकारितालाई निकै महत्त्व दिएको पाइन्छ। **हिमाली बेला**-का सम्पादकीय एवम् कतिपय समाचारकथा खोजमूलक एवम् विश्लेषणात्मक रहेका छन्। सिक्किममा भइरहेका विकासमूलक गतिविधिलाई यस समाचारपत्रले गम्भीरतापूर्वक अवलोकन पाइन्छ। विद्युत समस्या, सडक एवम् यातायात, पर्यटन विकास, शिक्षा विस्तार आदि कतिपय क्षेत्रमा **हिमाली बेला**-ले प्रस्तुत गरेका समाचारकथाद्वारा सरकार र सर्वसाधारण जनतालाई सचेत गराएर दुवैलाई जिम्मेवारी बोध गराउने प्रचेष्टा गरेको पाइन्छ।

लोकतन्त्रकालको पहिलो चरणका दैनिक समाचारपत्र **दैनिक आवाज** र **हिमाली बेला**सितै साप्ताहिक समाचारपत्र **गान्तोक, विचार, हिमगिरी, हिमाली पूर्व सन्देश, दर्पण, युगधारा, प्रतिध्वनि, फ्रण्ट्रियर समाचार, झिल्का** आदिमा विकासमूलक गतिविधिसित सम्बन्धित समाचार निरन्तर प्रकाशनमा आएका देखिन्छन्। यी समाचारपत्रले एलडी काजी, नरबहादुर भण्डारी र पवन चामलिङ सरकारमा सिक्किममा थालिएका गरिएका विकासमूलक कार्यक्रम र त्यसको क्रियान्वयनसित सम्बन्धित समाचार प्रकाशनमा ल्याएको पाइन्छ।

---

[४७] काशीराज प्रधान सन् १९५८); *सिक्किम विकास योजना,* **कञ्चनजङ्घा,** गान्तोक : (सम्पा./प्रका.)(नहकुल प्रधान, वर्ष १, अङ्क ५, पृ. ८४ ।

लोकतन्त्रकालको दोस्रो चरण सन् २००० पछि राज्यमा प्रकाशित दैनिक समाचारपत्र **हाम्रो प्रजाशक्ति, समय दैनिक, आजको सिक्किम, हिमाली बेला, सिक्किम दर्पण, दैनिक मिरमिरे, साङ्ग्रिला टाइम्स, हाम्रो पहाड**मा पनि विकासमूलक कार्यक्रम र गतिविधिका समाचारको प्रकाशन हुनेक्रम निरन्तर रह्यो। यस दिशामा **समय दैनिक**-ले विकास पत्रकारितालाई ध्यानमा राखेर राज्यभरिका विकासमूलक गतिविधिहरूको खोजी गरी महत्त्वका साथ समाचार प्रकाशित गरेको देखिन्छ।

**समय दैनिक**-ले विकास पत्रकारिताका सन्दर्भमा सर्वसाधारणलाई सरकारको नीति, कार्यक्रम, योजना आदिबारे जानकारी मात्र नदिएर त्यसको क्रियान्वयन सम्बन्धी पनि समाचार प्रकाशित गरेको छ। यसका साथै राज्यको विकासमा जनताको भूमिका र सहभागिता सुनिश्चित गराउने उद्देश्यले विकासमूलक गतिविधिको क्रियान्वयनलाई सूक्ष्म दृष्टिले हेरेको पाइन्छ। यस पत्रिकाले विकास सम्बन्धी योजना, परियोजना, नीति, समस्या र मुद्दाको समीक्षात्मक व्याख्या, मूल्याङ्कन र अवलोकन गरेको छ। यसले गरिबी निवारण, बेरोजगारी, औद्योगिक विकास, शिक्षा, स्वास्थ्य सेवा, यातायात, सञ्चार, विद्युत्, महिला सशक्तीकरण, रोजगारीका अवसरको सिर्जना, ग्रामीण विकास, व्यापार, कृषि एवम् वागवाणी विकास, जैविक खेती, आय वृद्धि, आधारभूत सामाजिक सेवाको समस्या र सुधार, पर्यटन उद्योग, क्षमता विकासजस्ता विविध विषयमा समाचार सम्प्रेषण गर्दै नागरिकलाई सुसूचित गर्न, उनीहरूलाई राज्य निर्माण प्रक्रियासित जोड्न र सचेत गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। यसका साथै मानवीय विकास, लैङ्गिक विकास, वातावरण व्यवस्थापन, निजी क्षेत्रको विकास आदिबारे पनि समाचार सम्प्रेषणसहित **समय दैनिक**-ले निगरानी राख्दै आएको देखिन्छ।

**हाम्रो प्रजाशक्ति**-ले समाजको पहरेदारका रूपमा विकासमूलक गतिविधि र कार्यन्वयनका दिशामा देखिएका अनियमिततालाई औँल्याउँदै विकास पत्रकारितालाई अङ्गालेको पाइन्छ। मूलरूपमा सर्वसाधारणका समस्या, भौतिक एवम् पूर्वाधार विकासमा भएका चुक एवम् सुस्तीपनामाथि आलोचनात्मक दृष्टि राखी **हाम्रो प्रजाशक्ति**-ले समाचारहरू सम्प्रेषित गर्दै आएको छ।

अतः सिक्किममा आरम्भदेखि नै विकास पत्रकारिता समाचारपत्रका निम्ति एउटा प्रमुख अङ्गका रूपमा रहेको छ। **कञ्चनजङ्घा**-ले स्वतन्त्र देशको विकासमूलक गतिविधिलाई समाचारका रूपमा प्रस्तुत गरेको थियो भने सन् १९७५ पछिका समाचारपत्रले राज्यका विकासमूलक कार्यक्रमहरूलाई सम्प्रेषित गरेका छन्। सिक्किमको समग्र विकासका मुद्दालाई आर्थिक तथा सामाजिक परिवर्तनका दिशामा रूपान्तरित गराउनमा सिक्किम राज्यका समाचारपत्र विकास पत्रकारितामार्फत सक्रिय रहेका प्रतीत हुन्छ।

**५.१.३.७ ग्रामीण पत्रकारिता :** प्रायः सबै समाचारपत्रको प्रकाशन स्थान सहरबजार नै हुने गर्दछ। यसैले समाचारपत्रमा ठुल्ठुला सहर, राजधानी, राज्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिले मात्र ठाउँ पाउने गरेका छन्। पत्रकारिता जगत्मा ग्रामीण क्षेत्र उपेक्षित नै देखिन्छ, तथापि गत केही दशकदेखि ग्रामीण पत्रकारिताको अवधारणा उदय भएपछि सञ्चार माध्यमले यसलाई निकै महत्त्व दिन थालेको छ।ग्रामीण क्षेत्रको विकाससित सरोकार भएका पत्रकारितालाई ग्रामीण पत्रकारिता भन्दछन्।गाउँका विविध गतिविधि जस्तै कृषि, ग्रामीण विकास, स्वास्थ्य, पर्यावरण, प्राविधिक विकास, रोजगार, ग्राम्य जनजीवन रहेका समस्या, व्यापार, जनजीवन, ग्राम्य पेयजल, कला, संस्कृति,

प्रतिभा, शिक्षा आदिसित सरोकार राख्ने व्यावसायिक समाचार सम्प्रेषण गर्नु नै ग्रामीण पत्रकारिता हो। ग्रामीण दृष्टिकोणसहित समाचार गाउँमा नै निर्माण हुन्छ अनि गाउँबाटै सम्प्रेषित पनि हुन्छ।

सिक्किम गाउँहरूको राज्य हो। सन् २०११-को जनगणनाअनुसार सिक्किममा सहरी जनसङ्ख्या तीव्र रूपमा वृद्धि भए तापनि ७४.८५ प्रतिशत मानिस ग्रामीण क्षेत्रमा नै बसोबासो गर्दछन्।[४८] यसैले गाउँको राज्य मानिने सिक्किमको नेपाली पत्रकारिताले पनि ग्राम्य जीवनलाई आफ्ना अङ्गका रूपमा प्रस्तुत गर्ने जमर्को थालनीकालदेखि नै गर्दै आएको छ। अन्य समाचारका तुलनामा ग्रामीण क्षेत्रका समाचारले महत्त्वपूर्ण स्थान नपाए तापनि ग्रामीण क्षेत्रका समाचार भने राज्यका समाचारपत्रमा निरन्तर प्रकाशित हुँदै आएका छन्।

सिक्किममा ग्रामीण पत्रकारिताको बीजारोण **कञ्चनजङ्घा** समाचारपत्रको प्रकाशनसितै भएको पाइन्छ। **कञ्चनजङ्घा-**को पहिलो अङ्कमा *सिंगताम अनि गेलिंग इलाखा प. सिक्किममा पशुरोग* शीर्षकमा प्रकाशित समाचारबाट ग्राम्य क्षेत्रको समस्या सञ्चार माध्यममा आउन थालेको हो। प्रस्तुत समाचार छोटो भए तापनि यसले ग्रामीण जीवनको मूल आर्थिक आधार गाई-बस्तुमा लाग्ने गौ गोटी रोग (रिन्डरपेस्ट)-बाट सिङ्ताम र गेलिङ क्षेत्रका गाई-बस्तुको मृत्यु भएको र यो सङ्ख्या २३ पुगेको विषयलाई गम्भीरतासित उठाएको छ।[४९] **कञ्चनजङ्घा-**ले अन्य अङ्कमा पनि ग्रामीण क्षेत्रका समाचारहरूलाई समुचित स्थान दिँदै प्रकाशन गरेको पाइन्छ। अक्टुबर १९६८-

---

[४८] http://**www.census2011.co.in**/census/state/sikkim.html

[४९] नहकुल प्रधान (सम्पा./प्रका.); सन् (१९५७); **कञ्चनजङ्घा**, वर्ष १, अङ्क १ पृ. ३-४।

मा सिक्किममा आएको विनाशकारी भलपैह्रोले ग्राम्यक्षेत्रमा पुऱ्याएको ज्यान-मालको क्षतिको विवरणसहित ग्रामीण क्षेत्रका मानिसले भोग्नुपरेका विकट समस्याबारे **कञ्चनजङ्घा**-को वर्ष ९, अङ्क ४ देखि १६ सम्मका विविध अङ्कमा प्रकाशित विभिन्न समाचारले स्पष्ट पार्दै ग्रामीण पत्रकारिता अङ्गालेको देखिन्छ। पत्रिकाले प्रतिकूल परिस्थितिमाझ पनि सिक्किमका गाउँगाउँको खबर दिने जुन प्रयास गरेको छ, त्यो सराहनीय छ।

**कञ्चनजङ्घा**-का समयमा सिक्किम एउटा स्वतन्त्र राष्ट्र थियो र यो सन् १९७५-मा भारतको एउटा राज्यको रूपमा विलय भएपछि सिक्किममा लोकतन्त्रको स्थापना भयो। लोकतन्त्रकालमा प्रकाशित **हिमाली बेला, दैनिक आवाज, गान्तोक, झिल्का, झिल्काहरू, आजको सिक्किम, दर्पण, नयाँ परिपाटी, चेतना, फ्रण्टियर समाचार, कञ्चनजङ्घा टाइम्स, युगदूत, विचार, खैलोबैलो, वाहक, जनावाज, टिस्टा रङ्गीत, निवेदन प्रतिवेदन, सिक्किम दर्शन, हिमाली पूर्वसन्देश, सिक्किम आवाज, सिक्किम संवाद, हिमगिरी, जनपक्ष, आज, गाँठी कुरा, जनपुकार, जनमञ्च, लोकमत, सन्देश, सिक्किम टाइम्स, सिक्किम समाचार, साझा समाचार, सिक्किम बोल्छ, स्वतन्त्र समाचार, जनशक्ति, साप्ताहिक सिक्किम, हाम्रो आवाज** आदि समाचारपत्रमा ग्रामीण क्षेत्रका समाचारलाई क्रमिक रूपमा प्रकाशन गरेको देखिन्छ। यस दिशामा सिक्किमको पहिलो दैनिक समाचारपत्र **दैनिक आवाज** र **हिमाली बेला**-ले ग्रामीण क्षेत्रका समाचारलाई निकै महत्त्वका साथ प्रकाशित गरेका पाइन्छन्। **हिमाली बेला**-ले जिल्ला समाचारको निम्ति छुट्टै पृष्ठ पनि राखेको छ।

सन् १९९०-का दशकसम्म समाचारपत्रमा ग्रामीण क्षेत्रको समाचार प्रकाशन गर्नका लागि कुनै व्यक्ति विशेष, सहयोगी, पाठक वा शुभचिन्तकले समाचारपत्रलाई

समाचार सामग्री लिखित अथवा मौखिक रूपमा उपलब्ध गराउनुपर्ने स्थिति रहेको थियो। कुनै पनि समाचारपत्रका संवाददाताले ग्रामीण क्षेत्रमा गएर समाचार सङ्कलन वा तयार गर्दैन थिए। तर सन् २००० पछि लोकतन्त्रकालको दोस्रो चरणमा दैनिक समाचारपत्रको प्रकाशन हुन थालेपछि राज्यका प्रमुख सहरबजारमा समाचारपत्रले संवाददाताहरूको नियुक्ति गर्न थाले। पश्चिम सिक्किमको गेजिङ र सोरेङमा, दक्षिण सिक्किमको नाम्ची, जोरथाङ, मल्ली र राभाङलामा, उत्तर सिक्किमको मङ्गनमा अनि पूर्व सिक्किमको रिनाक, रम्फू, सिङ्ताम, पाकिम, डिक्चु आदि स्थानमा **हाम्रो प्रजाशक्ति, समय दैनिक** र **हिमाली बेला**-ले संवाददाताको नियुक्ति गरेर जिल्लाबाट आउने समाचारलाई प्रधानता दिन आरम्भ गरे। **समय दैनिक**-ले *सिक्किम सेरोफेरो पृष्ठ* राखेर जिल्लाबाट प्रेषित समाचारलाई प्रमुखताका छाप्न थाल्यो। जिल्ला समाचारलाई प्रमुखता दिँदा जिल्लाका कुना कुना गाउँका गतिविधि, समस्या, विकास आदिले समाचारपत्रमा स्थान पाउन थाले, परिणामस्वरूप ग्रामीण जनतामा सचेतना युगको प्रादुर्भाव भएको देखिन्छ। राजधानीबाहिरका संवाददाताका माध्यमद्वारा समाचारपत्र सिक्किमका गाउँगाउँमा पुगेर जनताका समस्या, गुनासो, मागसितै त्यहाँका जीवनशैली, कृषि, अर्थतन्त्र, सामाजिक संरचना, लोककला, संस्कृति, प्रमुख पर्यटकीय स्थानजस्ता विषयलाई समाचारपत्रले प्रकाशनमा ल्याएका पाइन्छन्।

समाचारपत्रले उपयुक्त ग्रामीण विकासका लागि पूर्वाधार निर्माण गर्नु जस्ता विषयलाई सबैभन्दा महत्त्वपूर्ण विषय ठानेर समाचार सम्प्रेषण गरेका देखिन्छन्। सडक निर्माण, जलवितरण, पर्यटन पूर्वाधार, स्कुल निर्माण आदि जस्ता भौतिक विकासरहित ग्रामीण विकास सम्भव छैन। सडकले मानिसको पहुँच विस्तारमा सहयोग गर्छ।

ग्रामीणस्तरमा उत्पादित सामानलाई बजारसम्म पुऱ्याउन अर्थात् वस्तुको लेनदेनका लागि पनि सडक र अन्य पूर्वाधार आवश्यक छन्। सन् २००३ पछि सिक्किममा आरम्भ भएको जैविक खेती अभियानका सन्दर्भमा पनि समाचारपत्रले ग्रामीण जनतामाझ जैविक खेतीको महत्त्व र विशेषता बुझाउन अहम् भूमिका निर्वाह गरेको पाइन्छ। कृषिद्वारा पनि जीविकोपार्जन गर्न सकिन्छ, कृषि पनि आमदामीको प्रमुख स्रोत हो भन्ने उदाहरण प्रस्तुत दिँदै कतिपय सफल एवम् प्रगतिशील किसानका सफलताको कथालाई समाचारकथाका रूपमा समाचारपत्रले सम्प्रेषण गरेको देखिन्छ। यसका साथै पुष्प खेती, मौरी पालन, पशुपालन, कुखुरापालन, महात्मा गान्धी राष्ट्रिय रोजगार ग्यारेन्टी योजना (मनेगरा), गृह निर्माण, संस्कृति, ग्रामीण उत्सव आदिलाई पनि समाचारका विषयवस्तु बनाई प्रस्तुत गरिएको पाइन्छ।

सन् २०१२ देखि ग्रामीण पत्रकारितालाई प्रोत्साहित गर्न राज्यस्थित पत्रकारका निम्ति प्रेस क्लब अफ् सिक्किमले ग्रामीण पत्रकारिता पुरस्कारको पनि स्थापना गरेको छ, जसबाट राज्यका समाचारपत्रमा ग्रामीण पत्रकारिता अवलम्बन गर्ने एक किसिमको सकारात्मक विचारधाराको विकास भएको अनुभव हुन्छ।

अतः सिक्किममा **कञ्चनजङ्घा**-देखि वर्तमानसम्म ग्रामीण क्षेत्र समाचारपत्रको महत्त्वपूर्ण विषय बन्दै आएको स्पष्ट हुँदछ। ग्रामीण समाजको उन्नतिमा समाचारपत्रले आवश्यक सहयोग गर्दै परम्परागत लोककला-कौशल, लोकसंस्कृति, लोकसङ्गीतको संरक्षण गर्न तथा अन्धविश्वासबाट समाजलाई मुक्त पार्न सहयोग गरेको पाइन्छ। रचनात्मक सामाजिक कार्यक्रममा सहयोगको भावना जागृत गर्नका साथै ग्रामीण पुनर्निर्माण एवम् विकासमा सहयोगी भई कुटीर उद्योग एवम् ग्राम उद्योगलाई प्रोत्साहन,

ग्रामसभा, ग्राम पञ्चायत एवम् ग्रामविकास अधिकारीलाई गाउँ विकासका योजना र कार्यक्रमलाई सक्रिय बनाउन रचनात्मक मार्गदर्शन गर्दै आएको देखिन्छ। ग्रामीण स्वास्थ्य एवम् स्वच्छता कार्यक्रमलाई प्रोत्साहित गर्नु, शिक्षाको गुणमान रेखदेख गर्नु एवम् ग्रामबासीमा लोकतान्त्रिक भावनाको विकास गर्नु जस्ता महत्त्वपूर्ण कार्यद्वारा सामाजिक रूपान्तरण गर्दै आएको देखिन्छ। कृषि विकास, जैविक खेती, हरित अभियान तथा पर्यावरण संरक्षणमा ग्रामबासीको योगदानका लागि ग्रामीण पत्रकारिताले प्रेरित गर्दै आएको छ।

**५.१.३.८ खेलकुद पत्रकारिता :** खेलकुद सम्बन्धी प्रतियोगिता तथा खेलाडी विषयक समाचारपत्रमा समाचारकथा सम्प्रेषण गर्नु नै खेलकुद पत्रकारिताको मुख्य ध्येय हो। समाचारपत्रमा खेलकुदलाई विशेष महत्त्व दिइएको हुन्छ र सो लोकप्रिय पनि हुन्छ। खेलकुद पत्रकारिता अन्य पत्रकारिताभन्दा केही भिन्न हुन्छ, किनभने खेलकुद पत्रकारले एकैसाथ संवाददाता र समीक्षकको भूमिका निर्वाह गरेको हुन्छ। खेलकुद पत्रकारितामा संवाददाताले आफ्ना विचारसितै खेलका सम्पूर्ण विवरण समीक्षासहित प्रस्तुत गरेका हुन्छन्।

सिक्किममा खेलकुद सम्बन्धी सूचनात्मक समाचारहरू **कञ्चनजङ्घा**-देखि नै प्रकाशन हुनथालेको पाइन्छ। यस पत्रिकाको सातौं अङ्कमा *सुम्बुकमा खेल-कूद* शीर्षकमा सुम्बुक प्राथमिक पाठशालामा वार्षिक खेलकुद प्रतियोगिता सम्पन्न भएको सूचना मात्र दिइएको छ।[५०] **कञ्चनजङ्घा**-मा खेलकुद प्रतियोगिता भएका विषयलाई जानकारी दिने केही समाचार परवर्ती अङ्कमा पनि प्रकाशनमा आएका पाइन्छन्।

---

[५०] नहकुल प्रधान (सम्पा,/प्रका.); सन् १९५८, **कञ्चनजङ्घा**, वर्ष १, अङ्क ७, पृ. ११३।

सिक्किममा खेलकुद पत्रकारिताको थालनी सन् १९७८ देखि मात्र भएको हो। सन् १९७६-मा गान्तोक फुटबल एवम् खेलकुद सङ्घको स्थापना भएपछि राज्यमा खेलकुदले संस्थागत रूप लियो। उक्त सङ्घको नाम पछि गएर सिक्किम फुटबल सङ्घमा रूपान्तरित भएको हो।[५१] सिक्किम फुटबल सङ्घले सन् १९७९ देखि गान्तोकमा राज्यपाल स्वर्णकप फुटबल प्रतियोगिताको आयोजना गर्न थाल्यो।[५२] तर **हिमाली बेला**-ले सन् १९७८ देखि नै खेलकुद समाचारलाई प्रमुखता दिन थालेर खेलकुद पत्रकारिताको सूत्रपात गरेको थियो। **हिमाली बेला**-ले १७ अक्टुबर, १९७८-को आफ्नो अङ्कमा दार्जिलिङमा आयोजित गोर्खा गोल्डकप प्रतियोगितासम्बन्धी समाचार *गोल्ड कप फुटबल प्रतियोगिता दार्जीलिङमा*[५३] शीर्षकमा प्रमुख समाचारका रूपमा प्रकाशित गरेर सिक्किमको नेपाली पत्रकारितामा खेलकुद पत्रकारिताको शङ्खघोष गरेको हो।

सन् १९७९ को अगस्त महिनामा गान्तोकमा सिक्किम फुटबल सङ्घको तत्त्वावधानमा अखिल भारतीय स्वर्णकप फुटबल प्रतियोगिता प्रारम्भ भयो। यस प्रतियोगिता सम्बन्धित समाचार तत्कालीन दुवै दैनिक **दैनिक आवाज** र **हिमाली बेला**-ले प्रकाशित गरेर खेलकुदप्रति राज्यबासीको चासो बढाउने कार्य गरे। यसका साथै छिमेकी जिल्ला दार्जिलिङमा भएका अन्य फुटबल प्रतियोगिताका समाचारसितै सिक्किममा अन्य स्थानमा भएका खेलकुदसम्बन्धी समाचारलाई यी दुवै समाचारपत्रले स्थान दिँदै आएका छन्। लोकतन्त्रकालको प्रथम चरणमा खेलकुद पत्रकारितालाई विस्तारित गर्ने कार्य यी दुई

---

५१ http://sikkim.nic.in/sfa/aboutus.htm. (२२ जनवरी, २०१६)।

५२ पूर्ववत्।

५३ माला राणा पात्रो (सम्पा./प्रका.); सन् १९७८, **हिमाली बेला**, गान्तोक : हिमाल इन्डिया पब्लिकेसन, पृ. १।

समाचारपत्रले गरेको पाइन्छ भने दोस्रो चरणमा खेलकुद पत्रकारितालाई समाचारपत्रले अभिन्न अङ्गका रूपमा ग्रहण गरेको पाइन्छ।

**हाम्रो प्रजाशक्ति**-ले *खेलशक्ति*, **समय दैनिक**-ले *खेल सेरोफेरो*, *खेलजगत्*, **हिमाली बेला**-ले *खेलकुद समाचार* आदि स्तम्भ नाम दिएर दैनिक रूपमा स्थानीय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय खेलकुद समाचार छुट्टै एउटा पृष्ठमा प्रकाशित गर्ने गरेका छन्।

खेलकुदमा फुटबलबाहेक क्रिकेट, भलिबल, ताइक्वान्डो, कराते, बक्सिङ, आर्चेरी, किक् बक्सिङ, ब्याडमिन्टन, टेनिस, टेबल टेनिस, म्याराथन, एथलेटिक्स, चेस आदि विभिन्न खेलकुदसित सम्बन्धित समाचारहरू प्रकाशित हुनेक्रम पनि बढ्यो। यसका साथै राज्यका विभिन्न स्थानमा आयोजन हुने फुटबल, भलिबल, ताइक्वान्डो, कराते, ब्याड्मिन्टन, चेस तथा अन्य प्रतियोगिताका समाचारकथाले राज्यका खेलप्रतिभालाई प्रोत्साहित गरेका पाइन्छन्। राज्यका खेलाडीको व्यक्तिगत सफलतासित सम्बन्धित समाचार पनि दैनिक समाचारपत्रमा प्रकाशित हुनेक्रम निरन्तर छ।

यी समाचारपत्रका खेलकुद स्तम्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता जस्तै क्रिकेटमा एक दिवसीय, टेस्ट र टीट्वाइन्टी तीनै स्पर्धा, एसिया कप, विश्वकप आदि, फुटबलमा सन्तोष ट्रफी, नेहरू कप, विश्वकप, टेनिसमा अस्ट्रेलियन ओपन, फ्रेञ्च ओपन, अमेरिकन ओपन र ह्विम्बलडन, एसियाई खेलकुद, राष्ट्रमण्डल खेलकुद तथा ओलम्पिक खेलकुदजस्ता खेल महाकुम्भका समाचार पनि निरन्तर प्रकाशनमा आउन थालेका पाइन्छन्। सन् २००४-मा **समय दैनिक**-ले पारसमणि शम लिखित *ओलम्पिक खेलकुदको धारावाहिक इतिहास* प्रकाशित गऱ्यो भने एथेन्समा

सम्पन्न ओलम्पिकमा सिक्किमका खेलाडी तरूणदीप राईसम्बन्धी समाचारहरू पनि निरन्तर प्रकाशित गरेको देखिन्छ।

यस क्रममा दैनिक समाचारपत्रले खेलकुदसम्बन्धी प्रमुख घटनाक्रमलाई समाचारपत्रको मुख्य समाचारका रूपमा समेत प्रकाशित गरेर खेलकुद पत्रकारितालाई प्रमुखता दिने क्रमलाई अघि बढाएको देखिन्छ। खेलकुदका महत्त्वपूर्ण प्रतियोगिताका समाचार, अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रिय टोली एवम् खेलाडीको सहभागिता र उपलब्धि, खेलकुद पूर्वाधारका विकाससम्बन्धित समाचार, खेलाडीका समस्या आदि अनेकन विषयसम्बन्धित समाचार दैनिक समाचारपत्रका खेल स्तम्भमा प्रमुख आकर्षणको विषय बनेका छन्।

यी समाचारपत्रमा खेलकुद समाचारका दुई रूप रहेका छन्। पहिलो स्थानीय खेलकुद समाचार र दोस्रो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद समाचार। स्थानीय खेलकुद समाचार समाचारपत्रको मौलिक समाचारकथा हुन् भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद समाचार अनलाइनबाट उपलब्ध समाचारका आधारमा बनाइएको अथवा अङ्ग्रेजी तथा हिन्दी भाषाबाट अनूदित गरिएका समाचार हुन्, यद्यपि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा स्थानीय प्रतिभासित सम्बन्धित समाचारको सामग्री इन्टरनेटबाट सङ्ग्रह गरिएको भए तापनि स्थानीय रङ्ग पोतेर मौलिकता प्रदान गर्ने चेष्टा गरिएको हुन्छ।

अतः सिक्किमको नेपाली पत्रकारितामा सन् १९७८ देखि थालिएको खेलकुद पत्रकारिता गत डेढ दशकमा विकसित एवम् विस्तारित भएको देखिन्छ, तथापि दैनिक स्तम्भका आधारमा अझै पनि समाचारपत्रले खेलकुद संवाददाताको नियुक्ति नगरेका कारण अपेक्षाकृत गुणात्मकताको अभाव रहेको अनुभव गरिन्छ।

**५.१.३.९ साहित्यिक पत्रकारिता :** साहित्यिक पत्रकारितासम्बन्धी भारतीय अवधारणा र पाश्चात्य अवधारणामा पार्थक्य पाइन्छ। भारतीय अवधाराणाअनुसार पत्रकारिताका माध्यमद्वारा साहित्यको सेवा गर्नु नै साहित्यिक पत्रकारिता हो। पत्र-पत्रिकामा साहित्यका विभिन्न विधामा कलम चलाएर अथवा साहित्यिक पत्र-पत्रिका प्रकाशित गरेर साहित्यको विकासमा योगदान दिनु नै साहित्यिक पत्रकारिता हो। यसैले साहित्यिक पत्र-पत्रिकाको प्रकाशन तथा समाचारपत्रमा साहित्यिक रचनाहरू जस्तै कथा, कविता, निबन्ध, समालोचना, गीत, गजल आदि प्रकाशन गर्नु नै भारतमा साहित्यिक पत्रकारिता मानिन्छ। पाश्चात्य अवधारणाअनुसार शैलीगत विशिष्टतासहित इतिवृत्तात्मक तक्निकीमा तथ्यपरक सूचना समावेश गरिएको पत्रकारितालाई साहित्यिक पत्रकारिता मानिन्छ। साहित्यिक पत्रकारितामा शोधमूलक इतिवृत्तात्मक गद्यको सिर्जनालाई महत्त्व दिइएको हुन्छ। कथेतर साहित्यका माध्यमद्वारा सिर्जना हुने उपन्यास, कथा, निबन्ध, प्रबन्ध, अनुसन्धानात्मक लेख, पुस्तक निरूपण, समीक्षा आदिको प्रकाशनबाट पत्रकारिता गर्नु नै साहित्यिक पत्रकारिता हो।

साहित्यिक पत्रकारिताको पाश्चात्य अवधारणा सिक्किमको नेपाली पत्रकारितामा पाइँदैन। सिक्किमको नेपाली पत्रकारितामा भारतीय साहित्यिक पत्रकारिताको अवधारणा परम्परित रहेको पाइन्छ। सिक्किममा साहित्यिक पत्रकारिताको विकासक्रमको थालनी सन् १९५७-मा **कञ्चनजङ्घा**-बाट नै भएको हो। **कञ्चनजङ्घा**-को पहिलो अङ्कको सम्पादकीयमा भनिएको छ-

**... अक्षर-ज्ञानको साथसाथै असल साहित्यको दर्कार हरएक समाजलाई पर्दछ। भरखर अक्षर-ज्ञान भएको समाजलाई, या जुन सुकै अवस्थामा भए पनि प्रत्येक समाजलाई चाहिने असल साहित्यको काम गर्नुपर्छ - पहिले पाठ्यपुस्तकहरूले औ दोस्रो पत्र-पत्रिकाहरूले।**[५४]

उक्त सम्पादकीयले **कञ्चनजङ्घा** साहित्य सेवामा समर्पित भावनाले प्रकाशन भएको बुझिन्छ।

**कञ्चनजङ्घा**-को पहिलो अङ्कमा प्रकाशित चन्द्राको लेख *नेपाली आधुनिक गीत,*[५५] पारसमणि प्रधानको कविता *बीरू ड्राइभर* [५६] र खिदमद सुब्बाको कथा *मलाई उदेक लाग्छ*[५७] बाट नै सिक्किममा नेपाली साहित्यिक पत्रकारिता प्रारम्भ भएको हो।

सिक्किमको नेपाली साहित्यिक पत्रकारितालाई दुई भागमा विभाजन गर्न सकिन्छ - १, विशुद्ध साहित्यिक पत्रकारिता र २. समाचारपत्रमा समाविष्ट साहित्यिक पत्रकारिता।

**(क) विशुद्ध साहित्यिक पत्रकारिता :** विशुद्ध साहित्यिक पत्रकारिता भन्नाले त्यस्तो पत्रकारिता बुझिन्छ जो केवल साहित्य सेवाको उद्देश्यले अभिप्रेरित हुन्छ। साहित्यको विकास र सेवामा समर्पित भएर केवल साहित्यिक सिर्जना मात्र प्रकाशित गर्ने अनि साहित्यका विभिन्न विधाका रचना प्रकाशित गर्ने पत्र-पत्रिकालाई विशुद्ध साहित्यिक पत्रकारिताको श्रेणीमा राख्न सकिन्छ।

---

[५४] नहकुल प्रधान (सम्पा./प्रका.); (१५ सितम्बर, १९५७); *समाज र साहित्य* (सम्पादकीय); **कञ्चनजङ्घा,** गान्तोक, सिक्किम वर्ष १ अङ्क १, पृ.१।

[५५] पूर्ववत्, पृ. ६।

[५६] पूर्ववत्, पृ. ७।

[५७] पूर्ववत्, पृ. ८-९।

**तीनतारा** (सन् १९५८), **सुनाखरी** (सन् १९५८), **ध्रुवतारा** (सन् १९६१), **हाम्रो पुकार** (सन् १९६३), **मुक्त स्वर** (सन् १९६४), **उषा** (सन् १९६६), **नवज्योति** (सन् १९६६), **मुनाल** (सन् १९६७), **झटारो** (सन् १९६८), **झिल्का** (सन् १९६८) **अर्चना** (सन् १९७३), **चाँप गुराँस** (सन् १९७३), **ससुराली** (सन् १९७३), **सिन्दुर पोते** (सन् १९७४) जस्ता विशुद्ध साहित्यिक पत्रिकाको प्रकाशन राजतन्त्रकालमा भएका पाइन्छन्। यसरी नै **जमरा** (सन् १९७६), **प्रतिविम्ब** (सन् १९७७), **गोजिका** (सन् १९७८), **स्रष्टा** (सन् १९७८), **निर्माण** (सन् १९७९), **नव-पथ** (सन् १९८०), **सिद्धि** (सन् १९८१), **आकाशदीप** (सन् १९८२), **सम्मेलन पत्रिका** (सन् १९८२), **सञ्जीवनी** (सन् १९८३), **चिन्तन** (सन् १९८५), **बार्दली** (सन् १९८६), **प्रक्रिया** (सन् १९८७), **पूर्णिमा** (सन् १९९१), **कनका** (सन् १९९५), **युग** (सन् १९९५), **ज्वारभाटा** (सन् १९९६), **प्रदीपिका** (सन् १९९७), **अग्निशिखा** (सन् १९९८), **नागबेली** (सन् १९९९), **बालदर्पण** (सन् २०००), **सृष्टि** (सन् २००१), **अकादमी जर्नल** (सन् २००२), **चौरीडाँडा** (सन् २००२), **पूर्वाधार** (सन् २००३), **सन्धान** (सन् २००५), **नव प्रभात** (सन् २००७), **अभियान** (सन् २००७), **सृजन समय** (सन् २००८), **सुनाखरी** (सन् २०११), **बढ्दो पाइला** (सन् २०१३), **अनुसन्धान** (सन् २०१६) आदि लोकतन्त्रकालमा प्रकाशित प्रमुख साहित्यिक पत्र-पत्रिका हुन्।यी पत्र-पत्रिकाका अतिरिक्त पनि १०० भन्दा धेरै साहित्यिक पत्र-पत्रिकाको प्रकाशन लोकतन्त्रकालीन सिक्किममा भएको पाइन्छ।

यी सबै साहित्यिक पत्र-पत्रिकाको उद्देश्य नेपाली साहित्यको श्रीवृद्धि गर्नमा निहित रहेको छ। यीमध्ये नेपाली साहित्यको विकासमा **नवज्योति, अर्चना, स्रष्ट्रा, निर्माण, प्रक्रिया, कनका, पूर्णिमा, नागबेली, बालदर्पण, सृष्टि, अकादमी जर्नल, चौरी डाँडा, सन्धान,**

**अनुसन्धान** आदि पत्र-पत्रिकाको भूमिका महत्त्वपूर्ण छ। **स्रष्टा, निर्माण** र **प्रक्रिया** जस्ता पत्रिकाले समय समयमा विशेषाङ्क प्रकाशन गरेर नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन्। यसका साथै **अर्चना, कनका, पूर्णिमा, नागबेली, चौरीडाँडा, बार्दली** आदि पत्रिकाको योगदान पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ। **सन्धान, अकादमी जर्नल** तथा **अनुसन्धान**जस्ता पत्रिकाले अनुसन्धानात्मक प्राज्ञिक लेखलाई प्राथमिकता दिएको पाइन्छ। साहित्यका विविध विधा कथा, कविता, निबन्ध, समालोचना, एकाङ्की, संस्मरण आदिको विकासमा यी पत्र-पत्रिकाको योगदान अविस्मरणीय छ। **स्रष्टा** र **निर्माण** पत्रिकाले आफ्ना पत्रिकामा प्रकाशित रचनाका आधारमा साहित्यिक पुरस्कार प्रदान गरेर रचनाकारलाई प्रोत्साहित गर्ने कार्य पनि गर्दै आएका छन्। **बालदर्पण** पत्रिकाले बालसाहित्यको विकासमा आफ्नो छुट्टै योगदान दिँदै आएको छ।

समग्रमा भन्नुपर्दा सिक्किममा विशुद्ध नेपाली साहित्यिक पत्रकारिताको विकासमा विभिन्न पत्र-पत्रिकाको योगदान महत्त्वपूर्ण रहे तापनि स्थायित्व, नियमितता र निरन्तरताको अभाव भने स्पष्ट देखिन्छ। तीन दशकदेखि प्रकाशित **निर्माण** र **स्रष्टा** जस्ता स्थापित पत्रिका पनि यो समस्याबाट अछुतो छैनन्।

**(ख) समाचारपत्रमा समाविष्ट साहित्यिक पत्रकारिता :** समाचारपत्रमा समाविष्ट साहित्यिक पत्रकारिताको थालनी **कञ्चनजङ्घा**बाट भएको पाइन्छ। **कञ्चनजङ्घा**-को पहिलो अङ्कमा प्रकाशित *नेपाली आधुनिक गीत,*[५८] *बीरू ड्राइभर* [५९] र *मलाई उदेक लाग्छ* [६०] जस्ता साहित्यिक रचनाबाट नै सिक्किममा नेपाली साहित्यिक पत्रकारिता आरम्भ

---

[५८] पूर्ववत्, पृ. ६।

[५९] पूर्ववत्, पृ. ७।

[६०] पूर्ववत्, पृ. ८-९।

भएको मानिन्छ। **कञ्चनजङ्घा**ले आफ्नो प्रकाशन अवधिमा कूल ५८३ कविता, १७८ निबन्ध, लेख आदि र ५६ कथा प्रकाशित गरेर नेपाली साहित्यिक पत्रकारितालाई ठुलो टेवा पुऱ्याएको छ।

लोकतन्त्रकालको प्रथम चरणमा प्रकाशित दैनिक अनि साप्ताहिक समाचारपत्रमा **हिमाली बेला, विचार, गान्तोक, दर्पण, झिल्का, हिमगिरी, हिमाली पूर्वसन्देश, चेतना, क्षीतिज** आदि समाचारपत्रमा यदाकदा साहित्यिक रचनाहरू कविता, कथा, समीक्षा, निबन्ध आदि प्रकाशित भएका छन्।**गान्तोक** साप्ताहिक समाचारपत्रले सन् १९७९-मा छुट्टै साहित्यिक विशेषाङ्क प्रकाशन गरी समीक्षात्मक एवम् चिन्तनपरक साहित्यिक अनुसन्धानात्मक लेखहरू प्रकाशित गरेको पाइन्छ।

लोकतन्त्रकालको दोस्रो चरणमा **हाम्रो प्रजाशक्ति, समय दैनिक, हिमाली बेला, दैनिक मिरमिरे, सिक्किम दर्पण, हाम्रो पहाड**जस्ता दैनिक समाचारपत्रको प्रकाशनसितै साहित्यिक स्तम्भ समाचारपत्रमा राखेर साहित्यिक रचना प्रकाशन गर्ने क्रम पनि थालिएको पाइन्छ।विशेषतः प्रत्येक आइतबारको अङ्कमा साहित्यका विविध विधा जस्तै कविता, कथा, निबन्ध, समालोचना, पुस्तक निरूपण, जीवनी, पुस्तक समीक्षाजस्ता रचनाद्वारा साहित्यिक सेवा गर्दै साहित्यिक पत्रकारितालाई जगेरा गर्दै आएको देखिन्छ। १३ जुलाई भानुजयन्तीका दिन यी दैनिक पत्रिका साहित्यिक विशेषाङ्कका रूपमा प्रकाशित हुने गरेका पाइन्छन्। यसका साथै उत्तरसम्पादकीय लेखमा पनि कहिलेकाहीँ साहित्यिक लेख प्रकाशित भएको देखिन्छ।

सन् २००५ र २०१०-मा **समय दैनिक**-ले *समय दैनिक कथा प्रतियोगिता*को आयोजना गरेर नेपाली कथा साहित्यमा युवा लेखकहरूलाई प्रोत्साहित गरेको थियो। सन् २००५-को समय कथा प्रतियोगितामा डिल्लीराम दुलाल-को *होमगार्ड* अनि सन् २०१०-को कथा प्रतियोगितामा युवा बरालको कथा *पाइला पछिका पाइलाहरू* प्रथम भएका थिए।यी दुवै प्रतियोगितामा ५० जना नयाँ पुस्ताका कथाकारको सहभागिता रहेको पाइन्छ।यसरी समाचारपत्रले साहित्यतर्फ झुकाउ भएका नयाँ पुस्ताका प्रतिभाहरूको निम्ति मञ्चको काम गरेको पाइन्छ।यसरी नै सन् २००६-२००७-मा पारसमणि शमको धारावाहिक लेख *सिक्किमका कवि र कविता* ४१ भागमा प्रकाशित भएको थियो।

समग्रमा नेपाली साहित्यिक पत्रकारिताको विकासमा सिक्किमका समाचारप्रधान पत्र-पत्रिकाको महत्त्वपूर्ण भूमिका रहेको छ। राज्यमा विशुद्ध साहित्यिक पत्रिका नियमित नभएका कारण आफ्ना सिर्जनालाई समाचारपत्रकै माध्यमद्वारा पाठकसम्म पुऱ्याउन तथा साहित्यका विविध विचारधारा, नवीन प्रवृत्ति र दिशालाई बुझाउन र यससम्बन्धी जानकारी उपलब्ध गराउनमा दैनिक समाचारपत्रको भूमिका सराहनीय देखिन्छ।

**५.१.३.१० पीत पत्रकारिता :** समाचारपत्रमा समाचार र विचारलाई भिन्नै प्रकारले कपोलकल्पित रूपमा प्रस्तुत गरी पाठकलाई आकर्षित गर्न एवम् पाठकमा भ्रमको स्थिति सिर्जना गर्न जुन शैली अवलम्बन गरिएको हुन्छ त्यसलाई पीत पत्रकारिता भन्दछन्। समाचारपत्रको बिक्री-वितरण बढाउनका लागि सूचना र समाचारको सत्यताभन्दा परको विषयलाई कपोलकल्पित रूपमा प्रस्तुत गरी सनसनी सिर्जना गर्ने उद्देश्य लिएर सामग्री प्रकाशित गर्नुलाई पीत पत्रकारिता हो।

सिक्किममा पीत पत्रकारिताको प्रसङ्ग बेलाबखत उठ्ने गरेको पाइन्छ। कतिपय समाचारपत्रका समाचार केवल बजारलाई केन्द्र गरी प्रकाशन गर्ने परम्परा सन् १९९०-का दशकदेखि थालिएको हो। सन् १९९३-मा **अधिवक्ता** र केही अन्य साप्ताहिक समाचारपत्रले प्रकाशित गरेका कतिपय समाचार पीत पत्रकारिताका श्रेणीमा राख्न सकिन्छ। सन् १९९४, १९९९, २००४, २००९ र २०१४-का चुनाउका बेला प्रकाशित कतिपय समाचारपत्रका समाचार पनि पीत पत्रकारिताकै श्रेणीमा आउँदछन्। विशेषतः सिक्किममा चुनाउका बेला साप्ताहिक र केही दैनिक समाचारपत्रले राजनीतिक दलको चुनाउ प्रचारलाई लाभ पुऱ्याउने उद्देश्यले कपोलकल्पित समाचार बनाएर, विरोधी दलका नेताको चरित्र हनन गरेर एउटा दलको मात्र गुणगान गरी सत्यतादेखि धेरै परका समाचारकथा प्रकाशित गर्ने गरेको परम्परा बसेको छ।

सन् २००४-को चुनाउका बेला **समय दैनिक**-मा प्रकाशित कतिपय समाचार पनि पीत पत्रकारिताको श्रेणीमा राख्न सकिने किसिमका थिए। यसरी नै **हाम्रो प्रजाशक्ति**-मा प्रकाशित कतिपय समाचार पनि पीत पत्रकारिताको श्रेणीमा आउनसक्ने किसिमका छन्। **हाम्रो प्रजाशक्ति**-ले सत्तारूढ दल र सरकारलाई हानि पुऱ्याउने उद्देश्यले पनि कतिपय कपोलकल्पित समाचारहरू प्रकाशित गर्ने गरेको देखिन्छ।

समग्रमा अन्य भारतीय भाषाका पत्रकारिताको तुलनामा सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा पीत पत्रकारिता नगण्य नै रहेको भए तापनि एकाध समाचार पीत पत्रकारिताको श्रेणीमा दरिएका देखिएका हुनाले यस क्षेत्रको वर्तमान स्थितिलाई अझ सुधार्न पर्ने देखिन्छ।

**५.१.३.११ आर्थिक पत्रकारिता :** अर्थतन्त्रसम्बन्धी पत्रकारिता नै आर्थिक पत्रकारिता हो। आर्थिक पत्रकारिता व्यक्ति, संस्थान, राज्य अनि देशमाझ हुने कुनै पनि व्यापारिक एवम् आर्थिक कारोबारमा केन्द्रित हुन्छ। यसमा आर्थिक व्यवहार अथवा अर्थ व्यवस्थाको व्यापक गुण-दोषको समीक्षा अनि विवेचना गरिएको हुन्छ। अर्थ व्यवस्थाका प्रत्येक पक्षमा सूक्ष्म दृष्टिकोण राख्दै त्यसको विश्लेषण गर्नु अनि समाजमा पर्ने त्यसका प्रभावको अध्ययन गरी प्रचार-प्रसार गर्नु आर्थिक पत्रकारिताको उद्देश्य हो।

**कञ्चनजङ्घा** पत्रिका पाक्षिक बनेपछि वर्ष ३, अङ्क ९-मा प्रकाशित *सिक्किमको आर्थिक विकास* शीर्षकको सम्पादकीयबाट नै सिक्किममा आर्थिक पत्रकारिताको उद्‌भव भएको हो। उक्त सम्पादकीयमा सिक्किमको अर्थतन्त्रमा सिक्किमका जनताको न्यून उपस्थितिप्रति गम्भीर चिन्ता प्रकट गर्दै यसरी लेखिएको छ-

> **सिक्किमका प्रायः जम्मै व्यापार धन्धा भारतीय व्यापारीका हातमा छन्, विकास योजना र भारतको केन्द्रिय जनकार्य विभाग अन्तर्गत धेरै कामहरू भइरहेका छन् औ भारत तथा सिक्किम सरकारद्वारा लाखौं करोडौं रुपिया सालियाना ती कामहरूमा खर्च भइरहेका छन्, तर ती कामहरू धेरजसो सिक्किम बाहिरका सरदार, मिस्त्री, राज, मजदूरहरूले गरिरहेका छन्। हाम्रा सिक्किमबासीहरूले त्यसबाट उस्तो फायदा उठाउन सकेका छैनन्। हाम्रा कृषकहरू नगदी आउने कमाई केही सुन्तला, अलाइँची, आलुहरूको**

> **उत्पादन गरेर बेच-बिखन गर्दछन्। यी जिनिसहरूको पनि परिवहन र व्यापार फेरि धेरजसो सिक्किम बाहिरका मानिसका हातमा नै छन्।**[६१]

यस सम्पादकीयमा सिक्किमको व्यापार धन्धामा सिक्किमबासीको सहभागिता नरहेको तथा यहाँको अर्थतन्त्रमा सिक्किमबाहिरका व्यापारी, कामदार, मजदूरहरूको हातमा रहेको विषयलाई उल्लेख गर्दै राष्ट्रको अर्थतन्त्रमा व्यापक जनसहभागिता सुनिश्चित गराउन आवश्यक रहेको विषयमाथि प्रकाश पारिएको छ। यसका निम्ति सरकारलाई सिक्किममा 'आर्थिक बोर्ड' जस्तो संस्था स्थापना गरी व्यापार-वाणिज्यका क्षेत्रमा प्रवेश गर्न इच्छुक सिक्किमबासीलाई सहयोग गर्दै अनुकूल परिस्थिति सिर्जना गर्न आग्रह पनि गरिएको छ।[६२]

**कञ्चनजङ्घा**-को उक्त सम्पादकीयबाट राजतन्त्रकालमा सिक्किमको आर्थिक स्थिति कस्तो रहेको थियो अनि सिक्किमे राष्ट्रिय विकासमा सर्वसाधारणको अर्थनीतिक सहभागी कतिसम्म थियो भन्ने तथ्य स्पष्ट हुन आउँछ। यस सम्पादकीय लेखबाट सिक्किमको अर्थतन्त्रमा भारतीय मूलका अन्य मानिसको वर्चस्व रहेको र सिक्किमका जनताले चाहेर पनि आर्थिक सहभागिता दिन नसकेको बुझिन्छ र सरकारले समेत अनुकूल आर्थिक परिवेश सिर्जना गर्न नसकेको स्थिति प्रतीत हुन्छ। अतः सोही सम्पादकीय लेखले नै सिक्किममा आर्थिक पत्रकारिताको बीजारोपण गरेको हो भन्न सकिन्छ।

यसपछि **कञ्चनजङ्घा**-का अन्य परवर्ती अङ्कमा सामान्य आर्थिक विषयका समाचार यदाकदा प्रकाशनमा आएका पाइन्छन् भने लोकतन्त्रकालको पहिलो चरणमा **हिमाली बेला** र **दैनिक आवाज**-ले आर्थिक समाचारलाई प्रकाशित गर्ने क्रमलाई अघि

---

[६१] काशीराज प्रधान (सम्पा./प्रका.)(सन् १९७०); **कञ्चनजङ्घा**, गान्तोक: वर्ष १० सङ्ख्या ८-९, पृ. ९९-१००।

[६२] पूर्ववत्।

बढाएका छन्। **हिमाली बेला**-मा सिक्किमको व्यापारिक गतिविधिसितै राष्ट्रिय स्तरका आर्थिक गतिविधिसम्बन्धित समाचार पनि प्रकाशनमा आउन थाले। यस क्रममा कोइला, दाउरा, मट्टितेलको आपूर्ति समयमा हुन नसक्दा राजधानीवासीले भोग्नुपरेका समस्यासितै राज्यमा उत्पादित सुन्तला, अलाइँची, सागसब्जी आदिको व्यापारसम्बन्धित समाचारहरू पनि प्रकाशनमा ल्याउने क्रम बढेर गयो। यसका साथै राज्यको पर्यटन र कृषि व्यवसायसम्बन्धित समाचार पनि प्रकाशित हुन थाले। **दैनिक आवाज**-ले पनि स्थानीय व्यापारसम्बन्धित समाचारहरूलाई प्रकाशित गर्न थाल्यो भने साप्ताहिक समाचारपत्रले राज्यको अर्थतन्त्रसित सम्बन्धित समाचार प्रकाशनलाई त्यति महत्त्व दिएको पाइँदैन।

लोकतन्त्रकालको दोस्रो चरणमा प्रकाशित दैनिक समाचारपत्रमा आर्थिक समाचारले निकै महत्त्व पाउन थाल्यो। **समय दैनिक**-ले *समय कारोबार* भन्ने स्तम्भ राखेर आर्थिक जगत्सित सम्बन्धित लगभग आधा पृष्ठको समाचार प्रकाशनमा ल्याउन थाल्यो। **हाम्रो प्रजाशक्ति, समय दैनिक, हिमाली बेला, दैनिक मिरमिरे, हाम्रो पहाड** आदि समाचारपत्रमा पनि आर्थिक गतिविधिसम्बन्धित समाचारहरू प्रकाशित हुँदै आएका छन्। राज्यका प्रमुख व्यापारिक केन्द्र, साग-सब्जीको दर-भाउ, महँगाई, अदुवा, सुन्तला, अलाइँची आदिको व्यापार, पुष्प व्यापार, दूधको व्यापार, सहकारी समितिका व्यापारिक प्रदर्शन, राज्यको बजेटसम्बन्धित समाचार, राज्यका औद्योगिक केन्द्र, जलविद्युत परियोजनासम्बन्धित समाचारले यी दैनिक समाचारपत्रहरूमा स्थान प्राप्त गर्दै आएका छन्। सन् २००६ देखि यता नथुला भञ्ज्याङबाट भारत- चीन सीमा व्यापार खोलिएपछि सम्बन्धित समाचार पनि निरन्तर प्रकाशनमा आएको देखिन्छ। पर्यटन उद्योग, होटल व्यवसाय, पर्यटन यातायात व्यवसाय, भेल्यु एडेड ट्याक्स (भ्याट), वस्तु तथा सेवा कर

(जीएसटी) आदि करसम्बन्धी समाचारले पनि स्थान प्राप्त गरेका देखिन्छन्। यसका साथै राष्ट्रिय स्तरमा हुने प्रमुख आर्थिक गतिविधिले पनि सिक्किमका नेपाली समाचारपत्रमा स्थान पाउन थालेको देखिन्छ।

सिक्किमले गत तीन दशकमा आर्थिक क्षेत्रमा धेरै विकास गरेको छ। राज्यको आर्थिक उन्नतिमा निजी क्षेत्रको सहभागिताका कारण राज्यबासीका आयमा उल्लेखयोग्य विकास भएको छ। राज्यमा औद्योगिक इकाईका स्थापना, पूर्वाधार निर्माणका गतिविधिमा वृद्धि, पर्यटकका आगमनमा वृद्धि, ग्रामीण पर्यटन, गाउँगाउँमा गृहवास (होमस्टे) स्थापना, शिक्षाको विस्तार, जैविक खेती, ब्याङ्कलगायतका आर्थिक संस्थानहरूको स्थापना, सहकारी समितिका गतिविधिमा वृद्धि, सरकारद्वारा राज्यबासीलाई नयाँ नयाँ व्यापार-वाणिज्य आरम्भ गर्नका लागि उपलब्ध आर्थिक सहयोग एवम् ऋण आदिबाट राज्यमा आर्थिक उन्नतिका लागि अनेकौं अवसरहरू खोलिएका छन्। यी विषयलाई समेटेर राज्यका दैनिक समाचारपत्रले समय समयमा समाचारकथा प्रकाशन गर्दै आएका छन्।

यति हुँदाहुँदै पनि राज्यका नेपाली दैनिक समाचारपत्रहरूले आर्थिक विषयमा निपुण पत्रकार नियुक्त गर्न सकेका छैनन्। परिणामस्वरूप आर्थिक पत्रकारितामा हुनुपर्ने समीक्षात्मक टिप्पणी, विषयवस्तुको तहसम्म पुगेर समाचार प्रस्तुत गर्ने क्षमता अनि आर्थिक क्षेत्रमा भएका गुण-दोषहरूको सूक्ष्म अवलोलन, शोधमूलक समाचारको अभावजस्ता समस्याबाट सिक्किमको आर्थिक पत्रकारिता ग्रसित छ। अतः सङ्ख्यात्मक दृष्टिमा आर्थिक समाचारको प्रकाशनमा वृद्धि भए तापनि गुणात्मक दृष्टिका आर्थिक समाचार प्रकाशन गर्नमा भने सिक्किमको नेपाली आर्थिक पत्रकारिता पछि नै रहेको स्पष्ट छ।

समग्रमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा आर्थिक पत्रकारिता सामान्य आर्थिक एवम् व्यापारिक गतिविधिको विवरणात्मक प्रस्तुतिमा सीमित रहेको छ।

**५.१.३.१२ विज्ञान पत्रकारिता** : विज्ञानसम्बद्ध समाचार तथा फिचरहरू सर्वसाधारणसमक्ष सम्प्रेषित गर्नु नै विज्ञान पत्रकारिता हो। यसमा विज्ञान विषय, तत्सम्बन्धित पत्रकार तथा पाठकमाझ अन्तर्क्रिया हुन्छ। विज्ञानका विभिन्न आविष्कार, खोज, अनुसन्धान, प्रयोग, उपलब्धि, ज्ञानका सम्भावना आदि विषयलाई जनमानससमक्ष तथ्यपूर्ण एवम् प्रामाणिक रूपमा पुऱ्याउने पत्रकारिता विज्ञान पत्रकारिता हो।

सिक्किममा विज्ञान पत्रकारिताको स्थिति शून्यप्रायः छ, तथापि अन्य पत्र-पत्रिकाबाट साभार गरेर भए पनि कतिपय विज्ञान समाचार एवम् फिचर लेख सिक्किमका नेपाली समाचारपत्रहरूमा यदाकदा प्रकाशित हुँदै आइरहेका छन्। यो क्रम **हिमाली बेला**-बाट नै आरम्भ भएको हो र आजपर्यन्त पनि जारी छ। सिक्किम सानो हिमाली राज्य भएको हुँदा यहाँ विज्ञानसम्बन्धित त्यस्ता कुनै गहन गतिविधि हुने नगरेको र वैज्ञानिक अनुसन्धानसमेत न्यून रहेको अवस्थामा समाचारपत्रमा विज्ञानसम्बन्धित समाचारहरू त्यति नछापिने हुँदा सिक्किमका नेपाली व्यावसायिक समाचारपत्रले विज्ञान पत्रकारितालाई पूर्ण रूपमा अङ्गिकार गरेको स्थिति छैन।तर **हिमाली बेला**-ले भने आरम्भदेखि नै विज्ञान पत्रकारिताको एउटा पक्ष *स्वास्थ्य सल्लाह* स्तम्भ अन्तर्गत विभिन्न रोग र चिकित्सा पद्धतिहरूबारे जानकारी दिँदै आएको तथ्य स्पष्ट छँदैछ।

**५.१.३.१३ चलचित्र पत्रकारिता** : चलचित्रका विभिन्न पक्ष, गीत-सङ्गीत र नाटक-मञ्चसित सम्बन्धित विभिन्न समाचार र जानकारीलाई पाठकसमक्ष पुऱ्याउने पत्रकारिता चलचित्र पत्रकारिता हो। यसमा चलचित्र र नाटकको समीक्षा, निरूपण,

विकासका गतिविधि, छायाङ्कन, सम्पादन, अन्तर्वार्तासितै गीत-सङ्गीत र नृत्य आदि विषयलाई रोचक एवम् आकर्षक शैलीमा प्रस्तुत गरिएको हुन्छ।

सिक्किममा चलचित्र पत्रकारिताको थालनी **कञ्चनजङ्घा**-बाट नै भएको हो। **कञ्चनजङ्घा**-को पहिलो अङ्कमा प्रकाशित चन्द्राद्वारा प्रस्तुत *नेपाली आधुनिक गीत* शीर्षकको फिचर लेखबाट सिक्किमको नेपाली पत्रकारितामा चलचित्र पत्रकारिताले प्रवेश गरेको हो।यसमा उनले नेपाली आधुनिक गीतको खस्कँदो अवस्थाको समीक्षा गर्दै नेपाली आधुनिक गीतमा हिन्दी सिनेमाका गीतहरूको गहिरो प्रभाव परेको र नेपाली गीतले आफ्नो मौलिकता गुमाउँदै गएको विषयमा चर्चा गरेका छन्।[६३] **कञ्चनजङ्घा**-का परवर्ती अङ्कहरूमा एकाध गीत, सङ्गीतसित सन्बन्धित समाचार र फिचर लेखहरू प्रकाशित भएका छन्।

लोकतन्त्रकालको आगमनसित **हिमाली बेला**-ले चलचित्र पत्रकारितालाई निकै महत्त्व दिएको पाइन्छ। **हिमाली बेला**-ले *रङ्गमञ्च* नामक स्तम्भ राखेर नै चलचित्र, गीत, सङ्गीत एवम् नाट्य जगत्का समाचारहरूको प्रकाशनलाई अघि बढाएको हो। **हिमाली बेला**-को दोस्रो अङ्कमा *रङ्गमञ्च* स्तम्भ अन्तर्गत *मलाई सोध्नोस्* शीर्षकमा १५ नोभेम्बर, १९७७-को दिन गान्तोकको कम्युनिटी भवनमा भएको सांस्कृतिक विभागको सांस्कृतिक कार्यक्रमको सीमिक्षात्मक विवरण प्रस्तुत भएको छ। उक्त फिचरमा दिल्ली र गोवामा प्रदर्शन गर्नका निम्ति तयार गरिएको कार्यक्रमको समीक्षा गर्दै यसको

---

[६३] चन्द्रा (१५ सितम्बर, १९५७); *नेपाली आधुनिक गीत,* **कञ्चनजङ्घा,** गान्तोक, वर्ष १, अङ्क १, पृ. ६ ।

स्तरीयतामाथि पनि प्रश्न उठाइएको छ।[६४] तेस्रो अङ्कदेखि यसले *हाम्रा कलाकार* नामक अर्को स्तम्भ पनि चलाएको थियो। यस स्तम्भमा चन्द्रदास राईको फिचर लेख *सङ्गीतकार सिपाही राम सिंहमा* सङ्गीतकार रामसिंह ठकुरीको योगदान र प्रतिभाको चर्चा गरिएको छ।[६५] **हिमाली बेला**-का प्रारम्भिक केही अङ्कमा *नाटक पूजा-को समीक्षात्मक टिप्पणी* (२७ नोभेम्बर,१९७७), *गायक सङ्गीतकार रत्न कमल देवानको परिचय* (२७ नोभेम्बर,१९७७), *नाटककार मनबहादुर मुखियासितको अन्तर्वार्ता* (२५ दिसम्बर,१९७७), *सिक्किमको सांस्कृतिक टोली* (२५ दिसम्बर,१९७७), *नाटकको उपयोगिता* (२२ जनवरी,१९७८), *क्रेजी बोयज एट दार्जिलिङ* (१६ जुलाई,१९७८), *कलाकारको संगम* (३१ अगस्त,१९७८), *स्वागत छ दार्जिलिङका कलाकारवर्गलाई* (१४ सितम्बर,१९७८), *अरूणा-हीरा साँझ एक नजर* (२४ सितम्बर,१९७८), *फिल्मी कलाकार श्री तुलसी घिमिरेसित* (२९ अक्टुबर,१९७८), *नाटक मुनामदन छोटो नजरमा* (१६ नोभेम्बर,१९७८), *रातको प्रथम प्रहर निरूपण* (१६ नोभेम्बर,१९७८) आदि फिचरहरू प्रकाशनमा आएका छन्। तर यस पत्रिकाले *हाम्रा कलाकारहरू* र *रङ्गमञ्च* स्तम्भलाई नियमितता प्रदान गर्न नसकेको देखिन्छ। समाचारका रूपमा **हिमाली बेला**-ले पहिलोपल्ट डेनी डेञ्जोङपा सिक्किम आएको समयमा २२ दिसम्बर, १९७८-मा *म मेरो घरमा आएको छु, खुशी छुः डेनी* र २४ दिसम्बर, १९७८-मा *गान्तोकमा डेनी नाइट* शीर्षकमा समाचार प्रकाशित गरेको थियो। यसरी **हिमाली बेला**-ले आरम्भदेखि नै फिचर लेख अनि समाचारका रूपमा चलचित्र पत्रकारिताद्वारा स्थानीय प्रतिभालाई

[६४] राम पात्रो (सम्पा.) (२० नोभेम्बर,१९७७); **हिमाली बेला**, गान्तोक : हिमाल इन्डिया पब्लिकेसन, वर्ष १, अङ्क २, पृ. ५।

[६५] राम पात्रो (सम्पा.) (२७ नोभेम्बर,१९७७); **हिमाली बेला**, पूर्ववत्, वर्ष १, अङ्क ३, पृ. ६।

सर्वसाधारणसमक्ष चिनाउने अनि आलोचनात्मक दृष्टिकोण राख्ने प्रयास गर्दै आएको हो।**हिमाली बेला**-का परवर्ती केही अङ्कमा पनि यस किसिमका प्रयोग र अभ्यास पाइन्छन्। प्रथम चरणका अन्य साप्ताहिक समाचारपत्रमा पनि यस किसिमका अभ्यास छिटपुट रूपमा भएका देखिन्छन्। तर कुनै पनि समाचारपत्रले चलचित्र, गीत, सङ्गीत, नृत्य, नाटक आदि विषयका लेख एवम् समाचारको प्रकाशनलाई नियमितता दिन सकेका छैनन्।

लोकतन्त्रकालको दोस्रो चरणमा दैनिक समाचारपत्रहरूमा साप्ताहित स्तम्भद्वारा चलचित्र समीक्षा, निरूपण, गीत-सङ्गीत विषयक फिचर लेख, स्थानीय सङ्गीतकर्मीहरूको परिचय, गीति एल्बमको समीक्षा, गीतकारको परिचय सँगसँगै चलचित्र निर्माणसम्बन्धी फिचर लेख एवम् समाचार प्रकाशनमा आउने क्रम बढेर गएको छ। **समय दैनिक, हाम्रो प्रजाशक्ति, हिमाली बेला, हाम्रो पहाड, आजको सिक्किम, सिक्किम दर्पण, दैनिक मिरमिरे** आदि दैनिक समाचारपत्रमा यस किसिमका सामग्रीहरू निरन्तर रूपमा प्रकाशित भइरहेका छन्।

स्थानीय कलाकारलाई प्रोत्साहन दिन दैनिक समाचारपत्रहरूले महत्त्वपूर्ण पाइला चालिरहेका छन्। राष्ट्रिय स्तरमा हुने साङ्गीतिक प्रतियोगिता जस्तै *इन्डियन आइडल, डान्स इन्डिया डान्स, इन्डिया गट्स् टेलेन्ट* आदिमा सहभागिता जनाउने नेपाली एवम् सिक्किमे कलाकारलाई प्रोत्साहन दिन दैनिक समाचारपत्रले महत् भूमिका निर्वाह गर्दै आइरहेका छन्। प्रशान्त तामाङ, कपिल थापा, दीपराज राई, रेमन्ती राई, मिङ्गमा शेर्पा आदि कलाकारलाई यस्ता रियालिटी सोमा जिताउन दैनिक समाचारपत्रले विभिन्न समाचार प्रकाशित गरी उनीहरूको प्रतिभा विषय व्यापक प्रचार-प्रसार गर्ने काममा ठुलो

सहयोग पुऱ्याएका छन्। यसका साथै दैनिक समाचारपत्रमा कतिपय लोकगीत र लोकसङ्गीतसित सन्बन्धित फिचर लेख पनि प्रकाशनमा आएका छन्।

स्थानीय कलाकारलाई जनमानससमक्ष परिचित गराउनका साथै उनीहरूलाई नयाँनयाँ दिशाबोध गराउन दैनिक समाचारपत्रले महत्त्वपूर्ण भूमिका निर्वाहको गरेको पाइन्छ। चलचित्र पत्रकारिताले नेपाली चलचित्रका अतिरिक्त हिन्दी चलचित्रसित पनि आफ्ना पाठकलाई परिचित गराउने प्रयास गरेको देखिन्छ। यी पत्रिकाले स्थानीय प्रतीभाशाली कलाकारका कला प्रतिभाको मूल्याङ्कन गरी उनीहरूको सीप, कौशललाई संवृद्धशाली बनाएर दक्ष र व्यावसायिक बनाउने दिशामा रचनात्मक भूमिका निर्वाह गर्दै आएका पनि छन्।

समग्रमा सिक्किममा चलचित्र पत्रकारिताको स्थिति अपेक्षाकृत उत्साहजनक देखिएको छ। **कञ्चनजङ्घा**-देखि वर्तमान समयसम्म चलचित्र पत्रकारिता सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको अङ्गका रूपमा रहेर संस्कृति, लोकगीत-सङ्गीत, लोकनृत्य, आधुनिक गीत, सङ्गीत, नाटक तथा चलचित्र विषयमा जानकारी दिन सफल भएको देखिन्छ।

**५.१.३.१४ बाल पत्रकारिता :** बालक-बालिकाहरूको चारित्रिक एवम् मानसिक विकासका लागि विभिन्न रोचक एवम् ज्ञानवर्द्धक सामग्री प्रस्तुत गर्ने पत्रकारिता नै बाल पत्रकारिता हो। बाल साहित्यको विकासका लागि प्रकाशित हुने बालपत्रिका र समाचारपत्रमा बालक-बालिकाका निम्ति छुट्टै स्तम्भ राखेर उनीहरूका लागि पठनीय सामग्री प्रस्तुत गर्नु नै बाल पत्रकारिताको उद्देश्य हो।

सिक्किममा बाल पत्रकारिताको बलियो परम्परा पाइँदैन, तथापि दुईवटा बालपत्रिका यहाँबाट प्रकाशित भएका छन्। अन्य समाचारपत्रहरूमा पनि बालक-बालिकासम्बद्ध एकाध सामग्री प्रकाशित हुने गरेका पाइन्छन्। सिक्किम सरकारको शिक्षा विभागले सन् १९७६-मा **बालवाणी** नामक बालपत्रिका प्रकाशन गरेर सिक्किममा बाल पत्रकारिताको बीजारोपण गरेको हो। एन के वाङ्गीरा र अन्यको सम्पादनमा प्रकाशित **बालवाणी** मासिक रूपमा प्रकाशित हुने भनिएको भए तापनि यसले निरन्तरता पाउन सकेन।**बालवाणी**मा नेपाली र हिन्दी भाषामा बालक-बालिकाका निम्ति रोचक एवम् ज्ञानवर्द्धक सामग्री प्रकाशित हुन्थे।

सन् २००० देखि गान्तोकबाट भीम प्रधानको सम्पादनमा **बालदर्पण** नामक बालपत्रिका प्रकाशनमा आउन थालेको हो।१७ वर्षसम्म निरन्तर प्रकाशनमा आएको **बालदर्पण**-ले ९६ वटा अङ्क प्रकाशित गरिसकेको छ। आरम्भमा नेपाली भाषामा मात्र सामग्री प्रकाशित हुने यस पत्रिकामा पछिबाट अङ्ग्रेजी, हिन्दी, भोटिया, लेप्चा, लिम्बू आदि भाषाका रचना पनि प्रकाशित हुनथालेका पाइन्छन्।**बालदर्पण**-ले आफ्नो यात्राक्रममा विभिन्न स्कुल विशेषाङ्क प्रकाशन गर्दै आएको छ।यसमा बालक-बालिकाका निम्ति लेखिएका बाल साहित्यसितै बालक-बालिकाहरूका सिर्जनाले पनि छापिने गरेको पाइन्छ।बालक-बालिकाको मानसिकतामा अध्ययन गर्ने संस्कृति, लेखनकलाको वृद्धिका निम्ति **बालदर्पण**-को भूमिका महत्त्वपूर्ण देखिएको छ।

यी दुई पत्रिकाका अतिरिक्त विभिन्न स्कुलहरूबाट समय समयमा प्रकाशनमा आएका  पत्रिका एवम् स्मारिकामा पनि बाल साहित्यका सामग्री एवम् बालक-बालिकाका कलमद्वारा सिर्जना गरिएका रचना छापिएको पाइन्छ।

सिक्किमका समाचारपत्रहरूले बाल पत्रकारितालाई उति महत्त्व नदिएकाबारे ती नेपाली समाचारपत्रहरूमा बालक-बालिकाका निम्ति छुट्टै स्तम्भ नराखिएकाबाट पनि स्पष्ट हुन्छ। सिक्किममा यदाकदा समाचारपत्रले बालसाहित्यका सामग्री एकाध रूपमा प्रकाशन गर्नुबाहेक बाल पत्रकारिताका निम्ति कुनै ठोस पहल नगरेको स्थिति छ। अतः सिक्किममा बाल पत्रकारिताको स्थिति सोचनीय रहेको र यस दिशामा समाचारपत्रले विशेष ध्यान दिन आवश्यक देखिन्छ।

**५.१.३.१५ संसदीय पत्रकारिता** : संसद एवम् विधायिकाका विभिन्न विषयमा जानकारी उपलब्ध गराउने पत्रकारिता नै संसदीय पत्रकारिता हो। १६ मई, १९७५ मा भारतको संविधानको ३६ औँ संशोधनद्वारा सिक्किम भारतमा विलय भएको हो। संविधानले सिक्किमका निम्ति ३२ आसनको विधायिका अथवा विधानसभा सुनिश्चित गऱ्यो। सिक्किममा अप्रेल १९७४-मा नै चुनाउ भइसकेको हुँदा सोही चुनाउमा निर्वाचित सदस्यलाई नवगठित राज्य विधानसभाका सदस्य मनोनित गरिएको पाइन्छ।[६६]

सिक्किममा संसदीय पत्रकारिताको थालनी **दैनिक आवाज** र **हिमाली बेला**-बाट भएको हो। सर्वप्रथम २२-३१ मार्च १९७८-मा सम्पन्न विधानसभाको बजेट अधिवेशन कार्यवाहीको विवरण नै नेपाली समाचारपत्रमार्फत जनतासम्म पुगेको थियो। विधानसभाको उक्त बजेट अधिवेशनको समाचार सम्प्रेषणसितै राज्यमा संसदीय पत्रकारिताको सूत्रपात भएको हो। त्यसपछि प्रायः सबै समाचारपत्रले विधानसभाका तीनवटै अधिवेशन (बजेट अधिवेशन, वर्षाकालीन अधिवेशन र शीतकालीन अधिवेशन)-का समाचारको सम्प्रेषण गर्दै आएका छन्।

[६६] http://**www.sikkimassembly.org.in**/index.html. (२५ सितम्बर, २०१७)।

सन् २००० पछि दैनिक समाचारपत्रमा संसदीय पत्रकारिताले केही व्यापकता प्राप्त गरेको देखिन्छ। यी दैनिक समाचारपत्रमा विधानसभामा हुने विभिन्न गतिविधि, कार्यप्रणाली, कार्यव्यापार, सत्रहरूको विश्लेषण, प्रश्नकाल, बहस, विधेयक, विधेयक संशोधन, प्रस्ताव, वित्तीय विधेयक, बजेट सत्र, सरकारका आश्वासन, संसदीय समितिविषयक, संसदमा प्रस्तुत विधेयक, दलहरूको सक्रियता आदि विषयमा समाचारकथा तयार गर्ने काम थालियो।

अतः सिक्किम भारतीय महासङ्घमा विलय भएको तीन वर्षपछि मात्र सिक्किममा संसदीय पत्रकारिताको सूत्रपात भए तापनि नेपाली सञ्चार माध्यमले विधानसभाका प्रत्येक गतिविधिलाई पाठकसमक्ष पुऱ्याउने प्रयास गर्दै आएको देखिन्छ। संसदको विशेषाधिकारलाई ध्यानमा राख्दै संसदीय प्रणाली र भाषालाई समेत मनन गरी पत्रकारले संसदीय पत्रकारितालाई अघि बढाइरहेका छन्।

**५.१.३.१६ विधि पत्रकारिता** : न्याय प्रणालीसम्बन्धित पत्रकारितालाई विधि पत्रकारिता अथवा कोर्ट रिपोर्टिङ भन्दछन्। विधि पत्रकारितामा न्यायालयको अवमानना नगरी समाचारकथा सम्प्रेषण गरिनु पर्दछ। सिक्किममा न्यायालयसम्बन्धित समाचार सम्प्रेषण गर्ने क्रम **हिमाली बेला** र **दैनिक आवाज**-बाट नै आरम्भ भएको हो। **हिमाली बेला**-का सम्पादक राम पात्रो एकजना निपुण पत्रकार भएको हुँदा उनले विधि पत्रकारिताको महत्त्व र पद्धति जान्दथे। १० सितम्बर, १९७८-को अङ्कमा प्रकाशित *प्रहरीवर्ग विरुद्ध पिटिशन* शीर्षकको समाचार नै **हिमाली बेला**-ले प्रकाशित गरेको पहिलो कोर्ट रिपोर्टिङ हो। उक्त समाचारमा जिल्ला न्यायालयमा एकजना व्यापारीले पुलिसको

विरुद्ध दर्ता गरेको पिटिसनबारे जानकारी दिइएको छ।[६७] यसरी नै *खोलसा केसको सुनवाई शुरु* (३ दिसम्बर, १९७८), *जेठमल भोजराजको अपिल उच्च न्यायलयद्वारा स्विकृत* (१० दिसम्बर, १९७८), *एम एम रसाइली केस* (१६ दिसम्बर, १९७८) जस्ता त्यस समयका प्रमुख मामिलाहरूको अदालती कार्यवाहीलाई समाचारका रूपमा सम्प्रेषण गर्ने काम भयो। सन् १९८० र १९९० दशकमा विधि पत्रकारिताजस्तो जटिल र संवेदनशील विषयमा अन्य साप्ताहिक समाचारपत्रले चासो नलिएको देखिन्छ।

सन् २००० पछि सिक्किममा नेपाली दैनिक समाचारपत्रहरूको प्रकाशनसित **हाम्रो प्रजाशक्ति, समय दैनिक** र **हिमाली बेला** जस्ता एकाध दैनिक समाचारपत्रले विधि पत्रकारिताको अभ्यास गर्न थाले। यी समाचारपत्रमा पनि केवल महत्त्वपूर्ण न्यायिक प्रक्रिया र मामिलाका मात्र समाचार सम्प्रेषण हुनेगरेका पाइन्छन्। राज्यका न्यायालयमा दैनिक रूपमा विभिन्न मामिलामा कार्यवाही हुने गरे तापनि यदाकदा मात्र कोर्ट रिपोर्टिङ हुने गर्छ।

लोकतन्त्रकालको पहिलो चरणसम्म अदालती कार्यवाहीको रिपोर्टिङका लागि संवाददाताहरूसित विशेष शैक्षिक योग्यता अथवा आवश्यक पात्रता थिएन। त्यस समय सामान्य संवाददाताले नै जिल्ला न्यायालयसम्मको समाचार सम्प्रेषण गर्ने गर्थे र केही अनुभवी संवाददाता मात्र उच्च न्यायालयका मामिलासम्म पुग्ने गर्थे। तर वर्तमानका पत्रकारले भने न्यायालयको संरचनासितै न्यायालयका गतिविधि, प्रक्रिया, कार्यव्यापार आदि विषयमा जानकारी राख्न आवश्यक देखिन आएको छ।

---

[६७] माला राणा पात्रो (सम्पा.) (१० सितम्बर १९७८); **हिमाली बेला**, गान्तोक : हिमाल इन्डिया पब्लिकेसन, वर्ष २ अङ्क ५३-५४, पृ.१ ।

अतः सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा कोर्ट रिपोर्टिङको अवस्था सङ्ख्यात्मक एवम् गुणात्मक दुवै दृष्टिमा न्यून रहेको छ। पत्रकारहरूले न्यायप्रक्रियाको जटिलताप्रति चासो लिनका साटो अन्य सामान्य घटनाक्रमकै समाचार सङ्कलन गर्नमा रुचि देखाएको देखिन्छ। अर्कातिर समाचारपत्रले विधि पत्रकार नियुक्त नगरेका कारण पनि यस दिशातर्फ पत्रकारको झुकाउ कम भएको हो। समग्रमा भन्नुपर्दा सिक्किमको नेपाली पत्रकारितामा विधि पत्रकारिता प्रारम्भिक अभ्यासको अवस्थामा नै रहेको छ।

**५.१.३.१७ अपराध पत्रकारिता** : कुनै पनि दण्डनीय अपराधसित सम्बन्धित खबर सम्प्रेषण गर्नु नै अपराध पत्रकारिता अथवा क्राइम रिपोर्टिङ हो। अपराधलाई समाजविरोधी क्रिया मानिन्छ, समाजद्वारा निर्धारित आचरणको उल्लङ्घन अथवा त्यसको अवहेलना गर्नु नै अपराध हो। अपराध हरेक समाजमा हुने गर्दछ, तर त्यसको घनत्व कतिसम्म छ, त्यो महत्त्वपूर्ण हुन्छ। यही समाजविरोधी क्रियाकलापको समाचार सम्प्रेषण गर्ने पत्रकारितालाई अपराध पत्रकारिता भनिएको हो। अपराध पत्रकारिता अपराधको सामान्य जानकारी दिनुमा मात्र सीमित हुँदैन, यसको माध्यमद्वारा मानिसलाई कानून तथा अधिकारहरूबारे पनि जानकारी दिएर उनीहरूलाई सचेत गराइन्छ। क्राइम रिपोर्टिङ अत्यन्त गम्भीर अनि जिम्मेवारीपूर्ण कार्य पनि हो। यसमा पत्रकारले अपराधको केन्द्रसम्म पुग्नका लागि अनुसन्धान गर्न आवश्यक हुन्छ। क्राइम रिपोर्टिङ जति रोमाञ्चक हुन्छ उति नै साहसिक एवम् चुनौतीपूर्ण पनि हुन्छ।

सिक्किममा लोकतन्त्रकालमा मात्र अपराध पत्रकारिताको थालनी भएको हो। तर **कञ्चनजङ्घा**-का एकाध अङ्कहरूमा भने चोरीका केही समाचार प्रकाशित भएका पाइन्छन्। **हिमाली बेला**-को प्रकाशनसितै अपराधसम्बन्धी खबरले पनि महत्त्व पाउन

थालेको हो। **हिमाली बेला**-ले अपराधका घटनालाई प्रमुखतासित प्रकाशित गरेको देखिन्छ।

**हिमाली बेला**-को दोस्रो अङ्कमा नै *बरदाङ काण्ड- विभागीय अनुसन्धान जारी* शीर्षकमा बरदाङ काठ कारखानाका प्रबन्धकले सरकारी रुपियाँ हिनामिना गरेको विषयमा प्रकाशित समाचार नै आपराधिक गतिविधिसित सम्बन्धित पहिलो समाचार हो।[६८] यसरी नै *दार्जिलिङमा अपराध कण्डहरूको वृद्धि* (१२ फरवरी, १९७८), *पुलिस इन्सपेक्टरको आत्महत्या प्रयास* (१६ अप्रेल, १९७८), *अपहरण कन्या फेला पऱ्यो* (७ मई, १९७८), *ठेकादार पक्राउ* (२८ मई, १९७८), *बर्दाङ धाँधली एन्टी करपशनलाई सुम्पने ?* (१७ अगस्त, १९७८), *दार्जिलिङ ब्याँक लुट काण्ड* (५ सितम्बर, १९७८), *मंगन ब्याँकमा अनियमितता* (२ दिसम्बर, १९७८), *म्यानेजर, क्याशियर सस्पेण्डः क्याशियर टाप !!* (८ दिसम्बर, १९७८) आदि **हिमाली बेला**-मा प्रकाशित प्रारम्भिक अपराधका समाचारहरू हुन्।यसरी नै **दैनिक आवाज**लगायत केही साप्ताहिक समाचारपत्रहरूले अपराधका केही समाचारहरू सूचनामूलक रूपमा प्रकाशित गरेका पाइन्छन्।यस्ता अपराधका खबर पुलिसबाट प्राप्त सूचनाका आधारमा रहेका हुन्थे।

लोकतन्त्रकालको दोस्रो चरणमा आएपछि अपराधका खबरहरू दैनिक रूपमा जस्तो समाचारपत्रमा प्रकाशित हुनथाले।दैनिक समाचारपत्रले अपराधका स-साना घटनालाई समेत प्रमुखतासित प्रकाशित गर्न थाले ।**समय दैनिक, हाम्रो प्रजाशक्ति, हिमाली बेला, हाम्रो पहाड** आदि दैनिक समाचारपत्रमा प्रकाशित अपराधका खबर हेर्दा हत्या, चोरी, डकैती, ठगी, जालसाजी, धोखाधडी, भ्रष्टाचार, बलात्कार, आत्महत्याजस्ता

---

[६८] राम पात्रो (सम्पा.) (२० नोभेम्बर १९७७); **हिमाली बेला,** पूर्ववत्, वर्ष १, अङ्क २, पृ. १।

घटनाक्रमलाई प्रमुखतासित प्रकाशित गरेका देखिन्छन्। यस अतिरिक्त गत एक दशकमा नशालु पदार्थको दुर्व्यवसनसम्बन्धित समाचारहरू पनि प्रायः प्रकाशित भएको देखिन्छ। यसका साथै साइबर अपराधसम्बन्धित समाचारहरू पनि प्रकाशित हुँदै आइरहेका छन्।

अपराधका घटनाहरू जतिजति बढ्दै जान्छन् उतिउति नै अपराधमूलक समाचारको पनि सङ्ख्या बढ्दै जान्छन्। सिक्किममा पनि आपराधिक गतिविधि दैनन्दिन वृद्धि भइरहेकाबारे प्रकाशित समाचार एवम् पुलिस रिपोर्ट हेर्दा थाहा लाग्छ। यस्तो स्थितिमा अपराधका समाचारको सङ्ख्यामा वृद्धि हुनु स्वाभाविक हो। सिक्किमका नेपाली समाचारपत्रहरूमा अधिकांश अपराधका खबरहरू सूचनात्मक रूपमा मात्र प्रस्तुत भएका देखिन्छन्। यस्ता समाचारहरू पुलिसको दैनिक रिपोर्टका आधारमा सम्प्रेषित हुन्छन्। सिक्किमे व्यावसायिक पत्रकारितामा आपराधिक घटनाको तहसम्म पुगेर समाचारकथा प्रस्तुत अभ्यास नगण्य देखिन्छ। अपराध न्यूनीकरण गर्न तथा अपराध समाचारद्वारा जनमानसमा अपराध विषयक सचेतना ल्याउन एवम् उनीहरूलाई अपराधसम्बन्धित कानुन र सजाय विषयमा जागरूक गराउने किसिमले समाचारकथा तयार गर्न नसकिरहेको अवस्थामा सिक्किमको नेपाली पत्रकारितामा देखिन्छ।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा अपराध पत्रकारिता एउटा प्रमुख अङ्गका रूपमा विकसित भए तापनि यसको सङ्ख्यात्मक वृद्धि मात्र भएको, तर अपेक्षित गुणात्मकताको अभाव रहेको छ। अपराध पत्रकारमा अपेक्षित दक्षता, अनुभव र निपुणताको अभाव रहेको कुरा प्रकाशित समाचारबाट स्पष्ट बुझ्नसकिन्छ। अतः अपराध पत्रकारितामा अनुसन्धानको अभाव झल्किएको देखिन्छ।

### ५.१.४ भौगोलिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण

भौगोलिक आधारमा पत्रकारिता तीन प्रकारका हुन्छन्- स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रकारिता। सिक्किममा **कञ्चनजङ्घा**-देखि आजपर्यन्त प्रकाशित सबै समाचारपत्र स्थानीय पत्रकारिताका उदाहरण हुन्। यी समाचारपत्रले सिक्किम राज्य र छिमेकी दार्जिलिङ क्षेत्र वरिपरिका विविध विषय, समस्या, उपलब्धि, लोककला, साहित्य-कला-संस्कृति, भाषा, परम्परा-इतिहास, मुद्दा, राजनीति, अर्थतन्त्र, सामाजिक विषयवस्तु, खेलकुद, ग्राम्यजीवन, विकास, अपराध आदि विषयबारे स्थानीय मानिसहरूलाई सुसूचित गर्ने गरेका छन्।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता स्थानीय पत्रकारिता मानिए तापनि यसमा राष्ट्रिय पत्रकारिता र यदाकदा अन्तर्राष्ट्रिय पत्रकारिताको स्पर्श पनि रहेको पाइन्छ।यहाँका समाचारपत्रले राष्ट्रका प्रमुख गतिविधि, घटनाक्रम, खेलकुद, राष्ट्रिय उपलब्धि, राष्ट्रिय राजनीतिमा देखिएका परिवर्तन, प्राकृतिक आपदा आदि कतिपय विषयलाई प्रमुखतासित प्रकाशन गर्ने गरेका देखिन्छन्।अर्कातिर सिक्किमलाई राष्ट्रिय मूलधारामा समावेश गराउनका लागि यस्ता समाचारको प्रकाशनले महत् भूमिका निर्वाह गरेको देखिन्छ।राष्ट्रिय महत्त्वका समाचारका प्रकाशनले सिक्किमबासीमा राष्ट्रिय भावना जागृत गराउन पनि अहम् भूमिका सिर्जना गर्दछ।

अन्तर्राष्ट्रिय पत्रकारिता केवल विदेशको समाचार प्रकाशन गर्नु मात्र होइन, यसले संसारलाई जोड्ने काम गर्दछ। सिक्किमको नेपाली पत्रकारितामा नेपालका कतिपय प्रमुख घटनाक्रमका समाचार प्रकाशित हुने गरेका छन्, जसले भावनात्मक रूपमा सिक्किम र नेपाललाई जोड्ने काम गर्दछ।

### ५.१.५ ऐतिहासिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण

३० नोभेम्बर, १९२६-का दिन देहरादूनबाट प्रकाशित **गोर्खा संसार** (वर्ष १, किरण ४) मा सिक्किमका मानवीरसिंह रसाइलीको *बाल शिक्षा प्रबन्ध* शीर्षकको फिचर लेख र साथै सोही पत्रिकाको वर्ष २, किरण ८, (३१ जनवरी, १९२८)- मा सिक्किमे पत्रकार रसाइलीद्वारा प्रेषित *श्री ३ सर्कार महाराजा कलकत्ता सवारी भयेका सुअवसरमा विश्वकर्म जातीय प्रतिनिधि* शीर्षकको समाचार प्रकाशित भएपछि नै सिक्किमे पत्रकारिताको बीजारोपण भएको हो र त्यसैलाई आदिबिन्दु पनि मान्न सकिन्छ। तर त्यसको ठिक तीन दशकको लामो अन्तरालपछि मात्र सिक्किममा औपचारिक रूपमा पत्र-पत्रिकाको प्रकाशन आरम्भ भएको हो। सन् १९५७-मा काशीराज प्रधानको सम्पादन र प्रकाशनमा **कञ्चनजङ्घा**को प्रकाशन भएपछि मात्र यहाँ सचेत पत्रकारिता आरम्भ भएको मानिन्छ।

यसभन्दा अघि सिक्किमका विषयमा जे जति खोजी र अनुसन्धान भए त्यसमा अङ्ग्रेज लेखक एवम् अनुसन्धानकर्ताहरूले सिक्किमका विषयमा सङ्कथन नै तयार गर्ने काम गरेका छन्। सन् १८१४-१८१६ मा अङ्ग्रेज र नेपालमाझ युद्धका समयमा अङ्ग्रेजसित सिक्किमको सम्बन्ध स्थापित भयो।सन् १८१७ मा भएको तितलियाको सन्धिअनुसार नेपालले अतिक्रमण गरेको सिक्किमे भू-भाग सिक्किमलाई नै फर्काएपछि अङ्ग्रेजसित सिक्किमको सम्बन्ध अझ गाढा हुन पुग्यो।[६९] त्यसपछि सिक्किमका विषयमा खोजी र अनुसन्धान गर्न धेरै अङ्ग्रेज विद्वान्हरू सिक्किम आउन थाले। यस क्रममा सन् १८४८-१८४९ मा सिक्किमलगायत हिमाली क्षेत्रको अध्ययन गर्न आएका वनस्पतिशास्त्री

[६९] Julie G. Marshall (2005); **Britain and Tibet 1765-1947**, London: Routledge Curzon, pg. 159.

जोसेफ डाल्टन हुकर र दार्जिलिङका सुप्रिन्टेन्डेन्ट ए क्याम्बेललाई सिक्किमले पक्राउ गरेपछि[७०] अङ्ग्रेजसँग सिक्किमको सम्बन्ध बिग्रिएर गएको देखिन्छ। फलस्वरूप सिक्किममाथि अङ्ग्रेजले सन् १८६१ मा आक्रमण गरेपछि २८ मार्च १८६१ मा तुङलुङमा भएको सन्धिअनुसार सिक्किमको विदेश नीतिमा ब्रिटिस सरकारको नियन्त्रण, भारत र सिक्किममाझ खुल्ला व्यापार, अङ्ग्रेज यात्री तथा अनुसन्धानकर्तामाथि लगाइएको सिक्किम प्रवेशको प्रतिबन्ध निरस्त तथा अङ्ग्रेजलाई सिक्किममा सडक निर्माणको अनुमति आदि कुरामा सम्झौता भएको थियो।[७१] यसरी सन् १८६१ मा सिक्किम पूर्णतः ब्रिटिस साम्राज्यको संरक्षित राज्य बन्न पुग्यो।[७२] यसपछि सिक्किममा आएर खोजी तथा अनुसन्धान गर्नेका लागि सिक्किममा सहज मार्ग प्रशस्त बन्नपुग्यो। तिनीहरूमध्ये कोहीले सिक्किममै केन्द्रित भएर अनुसन्धान गर्न थाले भने कोहीले हिमाली क्षेत्र, नेपाल, भुटान, तिब्बत, भारत आदि क्षेत्रका अध्ययन गर्नेक्रममा सिक्किमसम्बन्धी विषयमा पनि अध्ययन गरेका पाइन्छन्। यूरोपीय विद्वान्हरूका प्राप्त प्रमुख खोजी एवम् अध्ययनका विषयलाई तलको तालिकामा प्रस्तुत गरिन्छ-

[७०] पूर्ववत्, पृ. १६७ ।
[७१] पूर्ववत्, पृ. १७१ ।
[७२] तुलसीराम शर्मा 'कश्यप' (सन् १९९६); **सिक्किम हिजोदेखि आजसम्म**, गान्तोक : आँकुरा प्रकाशन, पृ. ५७।

## तालिका सङ्ख्या ५.४

## यूरोपीय विद्वान्हरूद्वारा गरिएका सिक्किम विषयक प्रमुख खोजीको विवरण

| क्रसं | वर्ष | लेखक एवम् सम्पादक | पुस्तक | कैफियत |
|---|---|---|---|---|
| १ | १७२३ | गुइल्लाउमे डेलिस्ले Guillaume Delisle | **कार्टे द एसिए (एसिया)** Carte d'Asie | यसमा एसियाको मानचित्र बनाउने क्रममा डेलिस्लेले पहिलोपल्ट सिक्किमलाई ब्राम्सोन (Bramson) भनेर चिनाएका छन्। |
| २ | १७९३ | कर्नेल क्रक्पाट्रिक | **एन एकाउन्ड अफ् द किङडम अफ् नेपाउल (नेपाल)** | नेपालको सिमानाको चर्चा गर्दा सिक्किम र टिस्टा नदीको उल्लेख गरिएको छ। |
| ३ | १८५४ | जोसेफ डाल्टन हुकर | **हिमालयन जर्नल – भाग १ र २** | हिमालयको अध्ययन गर्नेक्रममा बङ्गाल, सिक्किम, नेपाल अनि खासी पर्वत आदिको मानचित्र र चित्रसहित ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, पर्यावरणीय, प्रकृति, जैवविविधता एवम् पारिस्थितिकीसम्बन्धी गहन अध्ययन। |
| ४ | १८८५ | कोलमेन मकाउले | **रिपोर्ट अफ् ए मिसन टु सिक्किम एन्ड द टिबेटन फ्रण्टियर** | सिक्किमका विभिन्न स्थानको भ्रमण गरी फोटोग्राफसहित लेखिएको भ्रमण विवरण |
| ५ | १८८७ | सर रिचार्ड टेम्पल | **जर्नल केप्ट इन हैदराबाद, कश्मीर,** | सन् १८७५-मा सिक्किमको इतिहास, संस्कृति, परम्परा, |

| | | | | |
|---|---|---|---|---|
| | | | **सिक्किम एन्ड नेपाल** | जैवविविधतामाथि प्रकाश पार्दै लेखिएको भ्रमण वृतान्त |
| ६ | १८८७ | एच जे एल्वेस | **डेस्क्रिब्सन अफ् सम न्यु लेपिडोप्रेट्रा फ्रम सिक्किम** | पुतलीसम्बन्धी खोजी |
| ७ | १८८९ | ई वरगोर्थ | **नोट्स अन टु क्यापसाइड एटाकिङ सिन्कोना प्लान्टेसन इन सिक्किम** | सिन्कोना बगान विस्तार गर्ने अङ्ग्रेजी प्रयास असफल भएकाबारे विवरण। |
| ८ | १८९१ | एल ए वाडेल | **प्लेस एन्ड रिवर नेम इन द दार्जिलिङ डिस्ट्रिक एन्ड सिक्हिम** | सिक्किमका विभिन्न स्थान, नदी, पर्वत, गुम्पा आदिको स्थाननाम परिचय |
| ९ | १८९४ | एच एच रिस्ले (सम्पा.) | **द ग्याजेटर अफ् सिक्हिम (सिक्किम)** | सिक्किमको बृहत् अध्ययन गरिएको पहिलो आधिकारिक पुस्तक। यसमा सिक्किमको परिचय, इतिहास, कानुन, कृषि, वनस्पति, भूगोल, पशु-पक्षीको अध्ययन, जैवविविधता एवम् पारिस्थितिकी, संस्कृति, लामावाद, गुम्पावाद, शिक्षा, रीति-थिति, परम्परा एवम् जनजीवन विषयक अध्ययन गरिएको छ। |
| १० | १८९५ | एल ए वाडेल | **लामाइज्म इन सिक्हिम** | बौद्ध सम्प्रदाय एवम् सिक्किममा लामावादको विकासमाथि गरिएको गहन अध्ययन |
| ११ | १९०० | कसान डब्लुएफ | **रुटस् इन सिक्किम** | सिक्किमको यातायात विषयक |

| | | | | |
|---|---|---|---|---|
| | | ओ'कोनोर | | पहिलो आधिकारिक पुस्तक। यसमा सिक्किमको सडक सम्पर्कसितै सम्बन्धित स्थानको विवरण पनि दिइएको छ |
| १२ | १९०० | कसान एच ए इगुलटन | **द सेकेन्ड बटालियन डरबेसेयर रेजिमेन्ट इन द सिक्किम एक्सपिडिसन अफ १८८८** | सिक्किममा तिब्बती आक्रमणलाई निरस्त गर्न सन् १८८८-मा सिक्किममा ब्रिटिस सैन्यको आगमन, क्रियाकलापसितै गोर्खा रेजिमेन्टको आगमन अनि सिक्किमको राजनीतिक एवम् वैदेशिक नीतिबारे  जानकारी। |
| १३ | १९०१ | ग्राम सेन्डबर्क | **एन इटिनेरेरी अफ् द रूट फ्रम सिक्किम टु लाह्सा** | सिक्किमदेखि लाह्सासम्मको भ्रमण वृतान्त |
| १४ | १९०७ | जेम्स मुरे | **सम टार्डिग्राडा अफ् दि सिक्किम हिमालय** | सिक्किममा पाइने कीटपतङ्गको अध्ययन |
| १५ | १९१६ | डब्लु जे बुच्चन | **नोटस् अन टुर्स इन दार्जिलिङ एन्ड सिक्किम** | सिक्किमको परिचयसितै यात्रा वृतान्त |
| १६ | १९१८ | काउन्ट दि लेसडेन | **पेकिङ टु सिक्किम** | भ्रमण वृतान्त |
| १७ | १९३० | केन्नेत मेसन(सम्पा) | **द हिमालयन जर्नल-भाग-२** | हिमाली क्षेत्रको अध्ययन |

माथिको तालिकाअनुसार सन् १७२३ मा विश्व समुदायले सिक्किमलाई पहिलोपल्ट ब्राम्सोन भनेर चिनेको थियो। फ्रान्सेली मानचित्रकार गुइल्लाउमे डेलिस्लेले एसियाको मानचित्र तयार पार्दा सिक्किमलाई ब्राम्सोन क्षेत्र भनेर तिब्बतको दक्षिणपट्टि र भारतको उत्तरपट्टि देखाएका छन्। उक्त मानचित्रमा ब्राम्सोन (सिक्किम) अङ्कित भएपछि सिक्किम

पहिलोपल्ट विश्व सञ्चारमाध्यममा आएको हो, यद्यपि पूर्वी विश्वका लागि सिक्किम अपरिचित थिएन, तर पश्चिमी विश्वका लागि तत्कालीन स्थितिसम्म भने सिक्किम अपरिचित नै थियो भन्न सकिन्छ। डेलिस्लेले तयार गरेको मानचित्र तल प्रस्तुत गरिन्छ-

**मानचित्र २ — डेलिस्लेद्वारा सन् १७२३ मा तयार गरिएको एसियाको मानचित्र**




स्रोत: *http://**www.davi dr umsey.com**/l una/ser vl et/detai l /RUMSEY~8~1~2900~300036:Car te- d- Asi e,- dr essee- pour - l - usage- 1/3 (29/6/2016).*

**मानचित्र ३ — डेलिस्लेद्वारा सन् १७२३ मा तयार गरिएको एसियाको मानचित्रमा ब्राम्सोन (सिक्किम)**




*स्रोतः http://**www.davi dr umsey.com**/l una/ser vl et/detai l /RUMSEY~8~1~2900~300036:Car te- d- Asi e,- dr essee- pour - l - usage- 1/3 (29/6/2016).*

१८ औँ शताब्दीको उत्तरार्द्धसम्म आइपुग्दा अङ्ग्रेजले भारतमा आफ्नो साम्राज्य विस्तार गरिसकेका थिए। सन् १६०० मा इस्ट इन्डिया कम्पनीको स्थापना भए तापनि कम्पनीले सन् १७६५ मा मात्र बङ्गालमाथि पूर्ण नियन्त्रण गरेर आफ्नो सिमाना हिमालयसम्म विस्तार गरेको थियो।[७३] प्रशासनिक सुविधाका लागि कलकत्तामा राजधानी बनाई भारतका विभिन्न प्रान्तमा अङ्ग्रेज सरकारले सम्पर्क र अधिकार कायम गर्ने कार्य

[७३] Julie G. Marshall; पूर्ववत्, पृ २८।

पनि बढाउँदै लग्यो। तर १६४१ मा स्थापित भएको नामगेलवंश शासित सिक्किमसित सम्पर्क बनाउने कार्य भने अङ्ग्रेजले १९ औं शताब्दीको दोस्रो दशकमा मात्र गरेको देखिन्छ, जुन बेला नेपालको आक्रमणलाई रोक्नका निम्ति सिक्किमले अङ्ग्रेजसँग गुहार मागेको थियो।

सिक्किमसम्बन्धी खोजी गरिएका विभिन्न विषयका लेख तत्कालीन पत्रिका एवम् जर्नलहरूमा प्रकाशित हुँदै गए। यी पत्रिका एवम् जर्नलमध्ये एसियाटिक सोसाइटी अफ् बङ्गालको **एसियाटिक जर्नल** लगायतका पत्र-पत्रिकामा यी लेखहरू प्रकाशित भएका थिए। यसरी सिक्किमलाई यी जर्नलहरूका माध्यमद्वारा अङ्ग्रेजले विश्वलाई परिचित गराउँदै गए। परिणामस्वरूप सिक्किम शोधको केन्द्र पनि बन्दै गयो।

सन् १९४७ मा एकातिर अङ्ग्रेजको शासनबाट भारत स्वतन्त्र भयो भने अर्कातिर सिक्किममा अपतन साहित्य परिषद्को स्थापनाले स्थानीयहरूलाई पत्र-पत्रिका प्रकाशन गर्न प्रेरणा दियो। यद्यपि सन् १९२६ देखि नै सिक्किमका समाचारहरू एवम् साहित्यिक रचना देहरादून, बनारस, कलकत्ता, दार्जिलिङ, कालेबुङ आदि स्थानबाट प्रकाशित हुने नेपाली पत्रिका जस्तै **गोरखा संसार, उदय, नेबुला, गोर्खा** आदिमा प्रकाशित हुनथालेका थिए। अर्कातिर अपतन साहित्य परिषद्को **अमूल्य रत्न** नामक बहीखातामा गोष्ठीमा पढिएका रचनाहरू सङ्कलन गर्ने क्रम पनि थालियो। कालेबुङबाट **गोर्खा** अनि दार्जिलिङबाट **भारती**जस्ता पत्रिकाको प्रकाशनसितै सिक्किममा सन् १९२० का दशकमा स्कुलहरूमा नेपाली विषयको पठनपाठन थालिएको हुँदा सन् १९५० सम्मका दशकमा आइपुग्दा सिक्किममा नेपाली भाषाका पाठ्यसामग्रीको आवश्यकता बोध हुँदै गयो। सन् १९५१ मा

सिक्किमको साक्षरता दर ६.५९ प्रतिशत पुगिसकेको थियो[७४] र यो क्रम बढ्दै गयो।

सन् १९५७ मा **कञ्चनजङ्घा** पत्रिकाको प्रकाशनसितै सिक्किममा पत्रकारिताको युग आरम्भ भयो। यसपछि क्रमशः **कञ्चनजङ्घा, सम्मेलन बुलेटिन, तीनतारा, सुनाखरी, सिक्किम हेराल्ड, हिमालय सन्देश, प्रगति, ध्रुवतारा, हाम्रो पुकार, बिनायो, मुक्त स्वर, सिक्किम** आदि पत्र-पत्रिका राजतन्त्रकालमा प्रकाशित भएका पाइन्छन्। सिक्किम भारतमा विलय भएपछि पत्रिका प्रकाशनको क्रममा अझ तीव्रता आयो अनि साप्ताहिक, पाक्षिक, दैनिक आदि पत्र-पत्रिका प्रकाशन हुनथाले। यस क्रममा लोकतन्त्रकालमा आएर **हिमाली बेला, सुधा, नवज्योति, मुनाल, झटारो, झिल्का, त्रिवेणी, नवपल्लव, विजन, चौबाटो, सिक्किम, अर्चना, चाँप गुराँस, विस्फोटन, ससुराली, सिन्दुर पोते, दैनिक आवाज, आजको सिक्किम, गान्तोक, झिल्काहरू, दर्पण, फ्रण्टियर समाचार, विचार, आवाज, हिमगिरी, आज, छायाँ, हाम्रो प्रजाशक्ति, दिव्य भारती, नयाँ सिक्किम, समय दैनिक, हाम्रो पहाड, खबरपत्रिका, साङ्ग्रिला टाइम्स, दैनिक मिर्मिरे, सिक्किम दर्पण** आदि पत्र-पत्रिकाको प्रकाशन भएको पाइन्छ।

यी पत्र-पत्रिका दीर्घ कालसम्म नियमित प्रकाशन हुन नसक्नु अनि बिक्री वितरणमा पनि भनेजस्तो पाठक सङ्ख्या पाउन नसक्नु, स्तरीयताका दृष्टिले भारतका अन्य भाषाका पत्र-पत्रिकामा जस्तो सामग्रीको अभाव, छपाई एवम् रूपसज्जा पनि त्यति आकर्षक हुन नसक्नु, सन् २००० पछि साप्ताहिक समाचारपत्रको अवस्था खस्किँदै जानु, दैनिक समाचारपत्रले कतिपय लेखहरू केही समयको अन्तरालमा बारम्बार प्रकाशन गर्नु, दैनिक समाचारपत्रले अन्य पत्र-पत्रिका र इन्टरनेटबाट सामग्री साभार गर्नु, साप्ताहिक समाचारपत्रले दैनिक समाचारपत्रका सामग्री सभार गर्नु, समाचारपत्र सहरी क्षेत्रहरूमा

---

[७४] J R Subba; पूर्ववत्, पृ. ९२

केन्द्रित रहनु, स्थानीय लेखक, बुद्धिजीवी एवम् साहित्यिक व्यक्तित्वका मौलिक, विश्लेषणात्मक, चिन्तनपरक, साहित्यिक आदि लेखरचनाहरू थोरै मात्रामा पत्र-पत्रिकामा प्रकाशन हुनु जस्ता विषयले सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता आफ्नो पचास वर्षको अवधिमा पनि समस्या ग्रसित नै देखिन्छ।

अर्कोतिर भारतमा सन् १७८० मा **बेङ्गाल ग्याजेट** नामक समाचारपत्र जेम्स अगस्टन हिकीले अङ्ग्रेजी भाषामा प्रकाशन गरेर पत्रकारिताको आरम्भ गरे।[७५] सोही प्रकारले सन् १८१८ मा कलकत्ताबाट बङ्गाली भाषामा **बङ्गाल ग्याजेट** साप्ताहिक समाचारपत्र[७६], सन् १८२२ मा मुम्बईबाट गुजराती भाषामा **बम्बे समाचार** [७७], सन् १८२६ मा कलकत्ताबाट हिन्दी भाषामा साप्ताहिक समाचारपत्र **उदन्त मार्तण्ड**[७८], सन् १८३१-मा तमिल भाषामा मद्रासबाट **तामिल पत्रिका**[७९], सन् १८३५-मा बेल्लरीबाट तेलगु भाषामा **सत्यदोता**[८०], सन् १८३७-मा कटकबाट उडिया भाषामा **कुजिबारा पत्रिका**[८१], १८४३-मा मेङ्गलोरबाट कन्नड भाषामा **मेङ्गलोरा समाचार**[८२], सन् १८४६-

---

[७५] Mohit Moitra (2010); **A History of Indian Journalism**, Calcutta : National Books Agency Pvt. Ltd, Third Edition, pg.-25.

[७६] पूर्ववत्, पृ. २४।

[७७] BN Ahuja (2009); **Theory And Practice of Journalism**, Delhi : Surjeet Publication, pg.-313.

[७८] अर्जुन तिवारी, (सन् २०१४); **सम्पूर्ण पत्रकारिता**, चौ. सं., वनारस : विश्वविद्यालय प्रकाशन, पृ. ७७।

[७९] **Mrinal Chatterjee,** http://madrasmusings.com/Vol%2023%20No%2011/a-history-of-tamil-journalism.html. (१ जुलाई, २०१६)।

[८०] Mrinal Chatterjee (2013); *History of Telugu Journalism,* http://www.pressinstitute.in/espousing-patriotic-and-social-causes/.(१ जुलाई, २०१६)।

[८१] http://www.historyofodisha.com/2016/01/history-of-press-journalism-in-odisha.html. (१ जुलाई, २०१६)।

[८२] *Mrinal Chatterji* (2014); **History of Kannada Journalism,** http://www.pressinstitute.in/history-of-kannada-journalism/. (१ जुलाई, २०१६)।

मा शिवसागरबाट असमीय भाषामा **अरूणोदय**[८३], सन् १८४८-मा ताभानकोर केरलबाट मलयालम भाषामा **जनानीकेसपम**[८४], १८८१ मा पुनेबाट मराठी भाषामा **केसरी**[८५], सन् १८८९-मा पुनेबाट कोणकणी भाषामा **उदेनतेचम सलोक**[८६] आदि भारतीय भाषामा समाचारपत्र अनि पत्रिकाहरूको प्रकाशन आरम्भ भइसकेको तथ्याङ्क पाइन्छ।

सोही प्रकारले नेपाली भाषामा पत्रकारिताको आरम्भ **गोर्खा भारत जीवन** र **सुधासागर** नपाइएको हुँदा नेपाली भाषाको पहिलो समाचारपत्र एवम् पत्रिका दार्जिलिङबाट सन् १९०१ मा प्रकाशित पादरी गङ्गाप्रसाद प्रधानको **गोर्खे खबर् कागत्**लाई नै मान्नुपर्ने हुन्छ।

सन् १९०१ मा नेपाली भाषाको पहिलो समाचारपत्र **गोर्खे खबर् कागत्**को प्रकाशनसितै भारत एवम् दार्जिलिङ जिल्लामा नेपाली पत्रकारिता आरम्भ हुन्छ। यसपछि भारतका विभिन्न ठाउँबाट प्रकाशित भएका पत्रिकामध्येका केही प्रतिनिधि पत्रिकाहरूको सूची यसप्रकार छ-सन् १९०२ मा बनारसबाट **उपन्यास तरङ्गिनी** र **सुन्दरी**, सन् १९१२ मा कलकत्ताबाट **गोर्खा साथी**, सन् १९१८ मा खरसाङबाट **चन्द्रिका**, सन् १९२६ मा देहरादूनबाट **गोर्खा संसार**, सन् १९३० मा कालेबुङबाट **आदर्श**, सन्

---

८३ *Mrinal Chatterji* (2014); http://**www.pressinstitute.in**/history-of-assamese-journalism. (१ जुलाई, २०१६)।

८४ *Mrinal Chatterji*; **History of Malayalam Journalism**, http://www.pressinstitute.in/in-the-land-of-manorama-and-mathrubhumi/. (१ जुलाई, २०१६)।

८५ चंचल सरकार (सन् २००५); **समचार पत्रौं की कहानी**, दो. सं, नई दिल्ली : नेशनल बुक ट्रस्ट, पृ. १२।

८६ J B Moraes, **A Brief History of Konkani Periodicals**, http://permalink.gmane.org/gmane.culture.region.india.goa/63636. (१ जुलाई, २०१६)।

१९३५ मा शिलोङबाट **गोर्खा सेवक**, सन् १९४४ मा नयाँ दिल्लीबाट **गोर्खा समाचार**, सन् १९५० मा डुवर्सबाट **जागृति** आदि।

सन् १७८० मा सर्वप्रथम भारतमा **बेङ्गाल ग्याजेट**-बाट पत्रकारिता आरम्भ भएदेखि यता **कञ्चनजङ्घा** नेपाली मासिकको प्रकाशन (सन् १९५७) सम्मको एक सय सतात्तर वर्षको लामो अन्तरालपछि मात्र सिक्किममा पत्रकारिताको बीजारोपण भएको हो भने नेपाली पत्रकारिताभन्दा (सन् १९०१ को **गोर्खे खबर कागत्**-को प्रकाशन) छप्पन्न वर्षपछि मात्र सिक्किमले पत्रिका प्रकाशनको जमर्को गरेको हो। भारतीय पत्रकारिता, भारतीय अन्य भाषाका पत्रकारिता र नेपाली पत्रकारिताभन्दा धेरै वर्षपछि मात्र सिक्किमबाट पत्र-पत्रिकाको प्रकाशन हुनु तथा प्रकाशित भएका पत्र-पत्रिकाको पनि उचित विकास र नियमितता नहुनको कारणले गर्दा सिक्किमको नेपाली पत्रकारिता टाक्सिएको प्रमाणित हुन्छ। सिक्किमका सर्वसाधारण जनतामा लोकतान्त्रिक परिवेश सिर्जना गर्न अनि सर्वसाधारणलाई सचेत गरी जिम्मेवारी बोध गराउने दिशामा भने सकारात्मक परिणाम दिनमा सिक्किमको नेपाली पत्रकारिताले सफलता प्राप्त गरेको अनुभव हुन्छ।

सिक्किममा नेपाली पत्रकारिता टाक्सिएको कारण बुझ्नका निम्ति यहाँको ऐतिहासिक पृष्ठभूमिलाई बुझ्न आवश्यक छ। नामगेलवंशको शासनकालमा काजी ठेकादारी प्रथा, कालो भारी प्रथा, झारलाङ्गी प्रथा, करुवा, ठेकी, बेठी जस्ता प्रथाहरू विद्यमान रहेको अवस्थामा सर्वसाधारण जनताले जुन सास्ती भोग्नुपरेको थियो, त्यस्तो अवस्थामा पत्रकारिता जस्तो गम्भीर विषयतर्फ सोच्ने सुगम स्थिति थिएन। सन् १८८० का दशकदेखि मिसिनेरीका प्रयासमा स्कुल खोलिन थालिए पनि शिक्षाबाट लामो समयसम्म सर्वसाधारण जनता वञ्चित नै थिए भन्ने पुष्टि सन् १९५१ को जनगणनाले

गर्दछ। सन् १९५१ मा सिक्किमको जनसङ्ख्या १३७७२५[८७] थियो भने त्यसको सापेक्षतामा साक्षरता दर ६.५८[८८] प्रतिशत मात्र थियो। अर्थात् सिक्किममा त्यस बेला अक्षर ज्ञान भएका कुल ९ हजार मानिस मात्र थिए। यस्तो स्थितिमा सर्वसाधारणमा शिक्षाको प्रचार प्रसार न्यून थियो भन्ने कुरो स्पष्ट हुन्छ।

अर्कोतिर सरकारले पत्रकारितालगायत सिर्जनात्मक कार्यका निम्ति अनुकूल परिस्थिति बनाउन सकिरहेको थिएन। काजी र ठेकादारी जस्तो सामन्ती प्रथामा सर्वसाधारण जनतालाई कुनै पनि विषयमा सचेत र सुसूचित गराउने दिशामा सरकारको कुनै योजना नै थिएन। यस्तै परिवेश र पृष्ठभूमिमा सन् १९१४ मा भने सिक्किमले एकजना उदार र सुधारवादी राजा सिद्क्योङ नामगेल टुल्कु प्राप्त गऱ्यो।[८९] अक्सफोर्ड विश्वविद्यालयबाट शिक्षा आर्जन गरी सन् १९०८ मा सिक्किम आएका टुल्कुले छोग्याल थुतुप नामगेललाई राजकाजमा सहयोग गर्न थाले। राजा थुतुप नामगेलको शासनका अन्तिम ४-५ वर्ष टुल्कुले नै राज्य प्रशासनमा सक्रियता देखाएका थिए।[९०] राजकुमार टुल्कुले १९१३ मा सिक्किममा छापाखानाको स्थापना गर्ने साहसिक कार्य गरे।[९१] यसरी नै टुल्कु फरवरी १९१४ मा सिक्किमका १०औँ छोग्याल बने। उनको प्रयासमा सन् १९१३ मा नै काउन्सिल (राजाको मन्त्रीमण्डल) -ले त्यस्ता कानुनहरू पारित गऱ्यो जसमा सरकारी ऋण तिर्न नसक्ने जनता जेल जानु नपर्ने, मधेसतिरबाट आएका

---

[८७] A. Mitra (1953); **Census of India 1951,** Vol. VI, Delhi : Manager of Publication, Govt. of India, Pg. 9.

[८८] पूर्ववत्, पृ. ३५२।

[८९] तुलसीराम शर्मा 'कश्यप'; पूर्ववत्, पृ. ८१ ।

[९०] पूर्ववत्, पृ. ८० ।

[९१] Subhas Deepak (2004); **Sikkim Study Series, vol-V**, Gangtok : IPRD, Govt. Of Sikkim, Pg. 110.

मानिसलाई सिक्किमभित्र स्थायी बसोबासो गर्न नदिने जस्ता महत्त्वपूर्ण र कतिपय सुधारवादी निर्णायक नियमहरू बनाइएका थिए। अर्कातिर आफू राजा हुने बित्तिकै उनले जमिन्दारी प्रथा हटाउने र ठेकादार र गुम्पाका लामालाई उचित काम मात्र गर्ने आदेश दिँदा त्यस क्षेत्रका धेरै मानिस उनका विरोधीहरू बन्दै गए।[९२] उनका क्रान्तिकारी र जनपक्षीय निर्णय सामन्ती व्यवस्थाको निम्ति बाधा बन्दै गए। अर्कातिर सिक्किममा पूर्ण रूपमा आफ्नो वर्चस्व कायम गरेका ब्रिटिस राजनीतिक अधिकारी चार्ल्स बेलसित पनि उनको सम्बन्ध राम्रो हुन सकेन।[९३] सन् १९१४ को दिसम्बर महिनामा राजा बिमार भए र उनको उपचारार्थ आएका ब्रिटिस डाक्टरले राजालाई सर्दी गाडिएको भन्ने निहुँमा गर्मी उत्पन्न गराउन भनी बरन्डी पिउन लगाएर अनि थुप्रै कम्बलहरू ओडाएर राजालाई सुताएपछि पलङमुनी आगोको राप लगाए र केही बेरमै राजाको मृत्यु भयो।[९४] उनको मृत्यु विषय आज पनि सिक्किमका इतिहासकारहरू मौन छन्। तर जुन किसिमले उनको मृत्यु भएको छ त्यो घटना एउटा सुनियोजित षड्यन्त्र नै थियो।

महाराजा टुल्कुको मृत्युले सिक्किमको राजनीतिक इतिहासमा एउटा सुधारवादी व्यक्तित्व गुमायो, जसले विश्वका धेरैवटा देशको भ्रमण गरी सिक्किमलाई पनि उत्तिकै विकसित बनाउने सोच बोकेका थिए। सिक्किमलाई एउटा उन्नत राष्ट्रका रूपमा परिणत गर्न विश्व भ्रमण गर्ने उनको विचार रहेको कुरालाई सन् १९०८-को RUSSIAN

---

[९२] तुलसीराम शर्मा; पूर्ववत्, पृ. ८१ ।
[९३] पूर्ववत्, पृ. ८१ ।
[९४] पूर्ववत्, पृ. ८१ ।

ORTHODOXY AND DISSENT नामक रूसी समाचारपत्रमा प्रकाशित समाचारले जनाउँछ।[९५]

महाराजा टुल्कुपछि उनका भाइ टाशी नामगेल सिक्किमका महाराजा बने र उनको शासनकालमा सामाजिक एवम् आर्थिक सुधारका केही पहल भए। उनले न्यायालयको स्थापना, सार्वजनिक स्थानमा तासजुवामाथि प्रतिबन्द, सित्तैमा काम लगाउने प्रथामाथि प्रतिबन्द, झार्लाङ्गी, बेठी, कुरुवा, कालोभारी, ठेकादारी र जमिनदारी जस्ता कुप्रथाहरू समाप्त गर्दै लगे।

सन् १९४०-का दशकमा आइपुग्दा भारतीय स्वतन्त्रता सङ्ग्रामको प्रभाव पनि सिक्किममे जनतामा पर्न थालेको थियो र राजनीतिक दलहरूको गठन पनि हुन थाल्यो, जसले लोकतन्त्रका लागि जनतालाई सचेत गराउन ठाउँ-ठाउँमा सभाहरूको आयोजन र जनचेतना कार्यक्रहरू पनि गर्न थाले। परिणामस्वरूप, सन् १९४९ मा टाशी छिरिङको मुख्यमन्त्रित्वमा पहिलो जनप्रतिनिधि सरकार गठन भयो।[९६] अर्कोतिर साहित्यिक गतिविधि पनि आरम्भ भयो र चन्द्रदास सापकोटाको **ज्ञान विनोद** (सन् १९४४), **योग सागरको सवाई** (सन् १९४६), **वैराग्य पुष्पाञ्जलि** (सन् १९४६), मनोरथ दाहालको **उद्देश्य भाषा श्लोक** (सन् १९४६), भवानीशङ्खर पोखरेलको **पुत्र शिक्षा** (सन् १९४७), हिमकर उपाध्यायको **एकता विज्ञान बाटिका** (सन् १९४८) जस्ता साहित्यिक कृतिको प्रकाशन भए भने सन् १९४७ मा अपतन साहित्य परिषद्को पनि गठन भयो। यसैबिच कालेबुङबाट प्रकाशित हुने **गोर्खा** साप्ताहिक पत्रिका अनि दार्जिलिङबाट प्रकाशित हुने

---

९५ **Russian orthodoxy and Dissent** (26 September 1908); *News and Notes,* Evening Post, Vol. LXXVI, Issue 76, Pg. 12.

९६ तुलसीराम शर्मा 'कश्यप'; पूर्ववत्, पृ. १०४ ।

**भारती** मासिक पत्रिकामा पनि सिक्किमका केही गतिविधिबारेका जानकारी प्रकाशित हुन थाले, जसको प्रभाव सिक्किमका सृजनधर्मीहरूमा पर्दै गयो। सन् १९५३ को चुनाउमा काशीराज प्रधान, अधिकलाल प्रधान, खुसनारायण प्रधान, नहकुल प्रधान, जयनारायण शर्मा, सोनाम छिरिङ, मार्ताम तोब्देन, नेटुक लामा, सोनाम वाङ्चुक, छुडुप भोटिया र कुञ्जाङ राग्बे जनताबाट चुनिएर काउन्सिलका सदस्य भए।[९७] यीमध्ये काशीराज प्रधान र नहकुल प्रधानले मिलेर सन् १९५७ देखि **कञ्चनजङ्घा** मासिक पत्रिकाको प्रकाशन कार्य आरम्भ गरे।

**कञ्चनजङ्घा** २ वर्षसम्म प्रकाशित भएर सितम्बर १९५९ पछि अचानक बन्द भयो र पुनः ३१ अगस्त, १९६२ देखि पाक्षिक रूपमा यसको प्रकाशन आरम्भ भयो। **कञ्चनजङ्घा** बन्द हुनुका कारण वर्ष ३ सङ्ख्या १ मा *कतिपय कारणवस यसको प्रकाशन बन्द भएको थियो*[९८] मात्र लेखिएको छ तर *कतिपय कारणवस*-भित्र तत्कालीन परिवेशको व्यथा लुकेको बुझिन्छ। **कञ्चनजङ्घा**-को वर्ष २ अङ्क ११-१२मा प्रकाशित **कञ्चनजङ्घा**को चिट्ठी शीर्षकको अपीलले सो स्पष्ट गर्छ। त्यसअनुसार तेस्रो वर्षदेखि यसलाई पाक्षिक बनाउने योजना रहेको भए तापनि आर्थिक अवस्था कमजोर रहेका कारण **कञ्चनजङ्घा** बन्द हुने अवस्थामा पुगिसकेको बुझिन्छ। वास्तवमा यसका मूल कारण पत्रिका बिक्री गर्न लगेका एजेन्टहरूले समयमा भुक्तानी नगरेको, ग्राहकको न्यूनता, विज्ञापनको अभाव आदि हुन्। अर्कातिर काशीराज प्रधानमाथि **कञ्चनजङ्घा**-मा छापिएका कतिपय समाचार र चिट्ठीका कारण सिक्किम इलेक्सन ट्राइब्युनलमा भ्रष्टाचारको

---

[९७] पूर्ववत्, पृ. ११९।

[९८] काशीराज प्रधान (सम्पा/प्रका.)(३१ अगस्त, १९६२); *सम्पादकीय*, **कञ्चनजङ्घा**, गान्तोक : वर्ष ३ सङ्ख्या १, पृ -२।

मुद्दा चलेको र उनलाई भारतीय प्रतिनिधित्व कानुनको धारा १२३ (४) अनुसार छापिएका कुराहरूलाई भ्रष्टाचार ठहऱ्याएर ६ वर्षसम्म काउन्सिलको सदस्य हुन नपाउने फैसला[९९] दिएको घटनाबाट पनि त्यस बेला पत्रिका प्रकाशनको अनुकूल परिस्थिति नभएको बुझिन्छ। अतः अभिव्यक्तिको स्वतन्त्रतामा पूर्णतः सरकारी नियन्त्रण थियो भन्न सकिन्छ। गोपालप्रसाद दाहालका अनुसार *कति कारणवस*-भित्र लुकेका कारणमध्ये स्वयम् सम्पादकको राजनीतिक व्यक्तित्व, तत्कालीन व्यवस्थाका साथै पत्र-पत्रिकाको अनियमित प्रकाशन र बिक्री वितरणको न्यूनता जस्ता साविकी रोग, आर्थिक पक्षको फित्तलोपन[१००] इत्यादि कारणले **कञ्चनजङ्घा** नियमित बन्न सकेन।

**कञ्चनजङ्घा** पाक्षिक बने पनि आर्थिक सङ्कटबाट मुक्त हुन नसकेकी कारण यसमा प्रकाशित अपील र सूचनाबाटै स्पष्ट हुन्छ। ११ औं वर्षमा आइपुग्दा यसले निकै ठुलो आर्थिक सङ्कट झल्नुपरेका कारण यो नियमित नरहेको वर्ष ११ सङ्ख्या-१८-२० मा प्रकाशित निम्न क्षमा याचनाबाट स्पष्ट हुन्छ।

**क्षमा याचना**

**११ औं वर्षको कञ्चनजङ्घाको प्रकाशनमा आर्थिक अवस्था समेत कतिपय विघ्नबाधाहरूको कारणले निकै नै अनियमता भएको छ, अर्थात् १५,१५ दिनमा प्रकाश हुनुपर्ने, महीना, डेढ महीनासम्ममा पनि निकलँदैछ, त्यसको लागि क्षमा गर्नु होला भन्ने**

---

[९९] काशिराज प्रधान(सम्पा/प्रका.) (सितम्बर १९५९); *कञ्चनजङ्घाको चिट्ठी,* **कञ्चनजङ्घा**, गान्तोक : वर्ष २, अङ्क ११-१२, पृ १२७।

[१००] गोपालप्रसाद दाहाल (फरवरी १९८४); *सिक्किममा नेपाली साहित्यिक पत्रकारिताको थालनी र विकास परम्परा,* रामलाल अधिकारी (सम्पा.) **दियालो**, वाङ्गमय विशेषाङ्क, वर्ष २२, हाँगो १००, पृ १६८।

**अनुरोध छ। साथै ढीलै भए पनि निस्कँदैछ औ पृष्ठ सङ्ख्या पनि दोबर तेबर हुँदैछ भन्ने संतोष पनि छ। पाठक, ग्राहक, एजेन्ट, विज्ञापनदाता, लेखक आदिको अरु बढी सहयोग पाए सिक्किमको सर्वप्रथम औ एक मात्र नेपाली पत्रिकाको प्रकाशनमा उन्नति अवश्यै हुनेछ।**

**-सम्पादक**

(**कञ्चनजङ्घा**, वर्ष ११ सङ्ख्या-१८-२०,१५ जुन १९७१, पृ१५१)

एकातिर **कञ्चनजङ्घा**-ले बारम्बार आफ्नो बकाया रकम प्राप्तिका लागि पाठक, एजेन्ट तथा विज्ञापनदातालाई अपील गर्नुबाट पत्रिका प्रकाशनका लागि कुनै पक्षबाट पनि अपेक्षित सहयोग प्राप्त नभएको स्पष्ट हुन्छ भने अर्कातिर स्वतन्त्र र निर्भीक रूपमा पत्रिका प्रकाशन गरेर निष्पक्ष पत्रकारितालाई अँगाल्न प्रशासनिक अड्चन त राजतन्त्रकालमा छँदै थियो।यसले न त सरकारी सहयोग नै प्राप्त गरेको बुझिन्छ न त अनुदान नै।यसैले भाषा-साहित्य एवम् जनसेवाको भावनामा एकजना व्यक्तिले कति दिनसम्म आफ्ना खर्चमा पत्रिका प्रकाशन गर्नसक्दछ भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। यसैले पनि ११ वर्षसम्म कष्टसहित पत्रिका प्रकाशन गरी अन्तमा अगस्त १९७१ देखि सो पत्रिका बन्द गर्न सम्पादक काशीराज प्रधान बाध्य भए।[१०१] अन्य पत्र-पत्रिकाको अवस्था पनि त्यस्तै रहेको स्पष्ट हुन्छ।

[१०१] काशीराज प्रधान (सम्पा./प्रका.); (१५ अगस्त १९७१) *विशेष सूचना*, **कञ्चनजङ्घा**, गान्तोक, वर्ष ११ सङ्ख्या २४, पृ -२२६।

राजतन्त्रकालका सबै नै पत्र-पत्रिकाको मुद्रण सिक्किममा नभएर भारतका विभिन्न सहरमा हुनु पनि अर्को समस्या थियो। **कञ्चनजङ्घा** कालेबुङको मणि प्रिन्टिङ प्रेसमा छापिन्थ्यो भने अन्य पत्रिका कालेबुङ. सिलगढी, बनारस आदि स्थानमा मुद्रित हुन्थे। सिक्किममा निजी छापाखानाको स्थापना नभएका कारण पनि यहाँ पत्र-पत्रिकाको प्रकाशनमा कठिनाई थियो। सिक्किम सरकारको छापाखानामा **सिक्किम हेराल्ड** अनि भारत सरकारको छापाखानामा **बुलेटिन** र **आधिकारिक विज्ञप्ति**लगायत सरकारी कागजपत्रहरू मात्र छापिने व्यवस्था थियो।

लोकतन्त्रकाल आरम्भ भएपछि नयाँ उत्साहसहित अन्य क्षेत्रमा जस्तै पत्रकारिताका क्षेत्रमा पनि नयाँ जोसजाँगर पलाउनु स्वाभाविक थियो। लोकतन्त्रमा अभिव्यक्तिको स्वतन्त्रताको आडमा **हिमाली बेला**-सँगसँगै अन्य पत्र-पत्रिका पनि प्रकाशन हुँदै गए। हिमाल इन्डिया, दैनिक आवाज प्रकाशन, विचार, हिमगिरी, आजको सिक्किम प्रकाशन, आकाशदीप प्रकाशन, निर्माण प्रकाशन आदि छापाखाना र प्रकाशन संस्था स्थापना हुनथाले, जसले गर्दा पत्र-पत्रिका प्रकाशनका लागि राज्यमा नै तक्निकी सुविधा उपलब्ध हुन थाल्यो। अर्कोतिर, राज्य सरकारले सूचना तथा जनसम्पर्क विभागमार्फत राज्यका पत्र-पत्रिकामा सरकारी विज्ञापन दिने व्यवस्था पनि मिलाउँदै गयो। सरकारी विज्ञापन तथा केही सहज परिवेशको आडमा निस्किएका पत्र-पत्रिका पनि साबिक समस्याबाट मुक्त हुनसकेनन्। **हिमाली बेला** र **दैनिक आवाज**-ले दैनिक समाचारपत्रको प्रकाशनको अभ्यास गरे तापनि नियमितता प्रदान गर्न सकेनन् र पाक्षिक र साप्ताहिक रूपमा प्रकाशन गर्न बाध्य भए।

अभिव्यक्तिको स्वतन्त्रतालाई दमन गर्नका लागि पत्रकारलाई धम्काउने, आक्रमण गर्ने, मुद्दा लगाउने, पत्र-पत्रिकाको कार्यालय तोडफोड गर्ने जस्ता घटना पनि नभएका भने होइनन्। २६ जुलाई, १९७९-मा **सिक्किम एक्सप्रेस** कार्यालयमा भएको पशुपालन विभागका केही अधिकारीहरूको अभद्रव्यवहार,[१०२]-बाट पत्रकारलाई धम्काउने र उनीहरूमाथि आक्रमण गर्ने घटनाहरू पनि आरम्भ भयो। यसपछि समाचारपत्रहरूको कार्यालयमा आक्रमण गर्ने र पत्रकारमाथि मुद्दा लगाउने, उनीहरूलाई धम्काउने तथा उनीहरूविरुद्ध विभिन्न प्रकारका षडयन्त्र गरेर पत्रकारितालाई दमन गर्ने क्रम पनि बढेर गएको देखिन्छ। यस क्रममा ४ जुलाई, २००८-का राति **हाम्रो प्रजाशक्ति**को कार्यालयमा भएको आक्रमण पत्रकारितामाथि भएको दमनको पराकाष्ट थियो।

आयको मूलस्रोत सरकारी विज्ञापनको बिलसमेत समयमा भुक्तान हुन नसक्नुले राज्यका समाचारपत्रहरूले ठुलै आर्थिक सङ्कट झेल्नुपरेको बुझिन्छ। विशेष गरेर सन् २०००-का दशकपछि राज्यका साप्ताहिक समाचारपत्रहरूले कम विज्ञापन पाएको अनि सरकारले यिनीहरूको संरक्षण र विकासमा ठोस पहल नगरेर उदासिनता देखाएका कारण पनि साप्ताहिक समाचारपत्रको अवस्था खस्किएर गएको अनुभव हुन्छ।[१०३] **दैनिक आवाज**-ले सन् १९७८-८०-मा **सिक्किम हेराल्ड**-मा प्रकाशित हुने सबै विज्ञापनहरू छाप्न पाउने व्यवस्था भए तापनि पछिबाट त्यसमा कटौती गरिएको थाहा लाग्छ।[१०४] सन्

---

[१०२] राम पात्रो (सम्पा.)(२७ जुलाई १९७९); *सिक्किम एक्सप्रेसका सम्पादकसित उहाँको कार्यालयमा अशोभनीय व्यवहार,* **हिमाली बेला**, वर्ष २, अङ्क २४०, पृ १

[१०३] हेमन्त गिरी (२०१३); *सिक्किममा साप्ताहिक समाचारपत्रहरूको अवस्था,* रूपेश शर्मा र अन्य (सम्पा.) **संवाहक**, गान्तोक: प्रेस क्लब अफ् सिक्किम, पृ.८८।

[१०४] विजय बान्तवा (सन् २०१३); *भारतीय नेपाली पत्रकारिताः मासिकदेखि सोसियल नेटवर्किङसम्म,* रूपेश शर्मा र अन्य (सम्पा.), **संवाहक**, पूर्ववत्, पृ.३७।

२००५-देखि राज्य सरकारले **हाम्रो प्रजाशक्ति**-का निम्ति विज्ञापन जारी गर्न छोडेको घटनाले समाचारपत्रप्रति सरकारी नीतिको उदासिनतालाई अझ स्पष्ट पार्दछ।

दक्ष मानव संसाधनको अभावका कारण पनि सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता टाक्सिएको देखिन्छ। राज्यका प्रायः सबै समाचारपत्रका सम्पादक एवम् पत्रकारमा आवश्यक शैक्षिक योग्यता पाइँदैन। पत्रकारितामाथि डिप्लोमा एवम् पत्रकारिता विषयमा स्नातक गरेका मानव संसाधनको अभावले यसको व्यावसायिकीकरण जुन गतिमा हुनुपर्ने थियो त्यसो नभएको स्थिति विद्यमान छ। अर्कातिर आफै सम्पादक, प्रकाशक, मालिक, संवाददाता हुने प्रवृत्तिले पनि राज्यका साप्ताहिक समाचारपत्रको अवस्था खस्किएको कुरा स्पष्ट हुन्छ। समाचारपत्रको व्यवस्थापन एवम् प्रबन्धनमा वैज्ञानिकता नहुनुले पनि सम्बन्धित समाचारपत्र फस्टाउन नदिएको स्पष्ट हुन्छ। सन् २००० पछि राज्यमा दैनिक समाचारपत्रको प्रकाशन हुनथालेपछि राज्यका साप्ताहिक समाचारपत्रको लोकप्रियतामा ह्रास आएको देखिन्छ। साप्ताहिक समाचारपत्रले आफूलाई युगानुकूल परिस्थितिमा हाल्न नसक्नु अनि सीमित प्रति छपाई गरी विज्ञापनका लागि सूचना तथा जनसम्पर्क विभागमा जमा गर्नु, दैनिक समाचारपत्रबाट समाचार साभार गरेर पत्रिका प्रकाशन गर्नु, आफ्नोपन र नयाँपनको अभावका कारण पाठक गुमाउँदै गएका कारण साप्ताहिक समाचारपत्रहरूको अस्तित्व सङ्कटमा पर्दै गएको हो।

अतः सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको समयानुकूल उत्तरोत्तर प्रगति र विकास नभएर टाक्सिदै गएको स्थितिलाई माथि उल्लेखित विभिन्न कारणले पुष्टि गर्दछन्।

### ५.१.६ भाषिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण

सञ्चार माध्यमको सबैभन्दा ठुलो हतियार भाषा हो। भाषाद्वारा नै सञ्चार माध्यमले आफ्ना सन्देश सर्वसाधारण पाठक, श्रोता एवम् दर्शकसमक्ष पुऱ्याउने गर्दछ। यसैले समाचारपत्रको भाषा शुद्ध, सरल अनि सबै तहका पाठकले बुझ्ने र सम्प्रेषणीय हुन आवश्यक छ।वर्तमान युग सञ्चार माध्यमको हो। सञ्चार माध्यमले सर्वसाधारणको प्रत्येक क्षेत्रमा प्रभाव पारेको पाइन्छ। अर्कातिर, भाषालाई दैनिक रूपमा सर्वाधिक प्रयोग गर्ने, भाषासित खेल्ने अनि भाषाकै माध्यमद्वारा जनतासमक्ष पुग्ने सशक्त माध्यममध्ये सञ्चार माध्यम प्रमुख देखिन्छ। त्यसैले पत्रकारितामा प्रयुक्त भाषा अनुरूप यसको भाषिक प्रयोगको क्षेत्र कतिसम्म गम्भीर, स्तरीय र जनमुखी छ भन्ने बुझ्न सकिन्छ।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा देखापरेको सबैभन्दा गम्भीर समस्या नै भाषिक समस्या हो। वर्णविन्यास, पदयोग र पद वियोगका नियम, राम्ररी अर्थ नबुझी शब्दको प्रयोग गर्ने जस्ता धेरै समस्याले दैनिक रूपमा नेपाली पाठक र सर्वसाधारणलाई समाचारपत्रले भ्रमित पारिरहेको स्थिति देखिन्छ। समाचारपत्रमा प्रयोग भएको भाषाको हिज्जे र वाक्यगठन आदिबाट जनसाधारण, विद्यार्थी, भाषानुरागी तथा नेपाली भाषाका शिक्षकसमेतमा भ्रमको स्थिति सिर्जना गरेको पाइन्छ। समाचारमा शब्दप्रयोग, नाम, सर्वनाम, विशेषण, अव्यय, क्रिया, वाक्य, लिङ्ग, वचन आदिको प्रयोगमा देखिएका विचलन समाचारपत्रका निम्ति जटिल समस्या बनेका छन्।अर्कातिर भाषाको विकास, शब्दभण्डारको अभिवृद्धिका क्षेत्रमा समाचारपत्रले पुऱ्याएको योगदानबारे चर्चा गर्नु पनि आवश्यक देखिन्छ। **कञ्चनजङ्घा, हिमाली बेला, दैनिक आवाज, विचार, गान्तोक, हिमगिरी, दैनिक मिरमिरे, हाम्रो प्रजाशक्ति, समय दैनिक, आजको सिक्किम, हाम्रो पहाड**

आदि सबै समाचारपत्रमा नेपाली भाषाको प्रयोग कुन रूपमा भइरहेको छ अनि समाचारपत्रका मूलभूत भाषिक समस्याहरू के कस्ता छन् भन्ने विषयमा छलफल र निवारणका लागि विचार विमर्श आवश्यक देखिन्छ।

**५.१.६.१ शब्दप्रयोग :** सही स्थानमा उचित शब्दको प्रयोग कहिले पनि निष्फल हुँदैन। सामान्य दृष्टिमा भाषाको अर्थपूर्ण लघुतम इकाई नै शब्द हो। शब्द र अर्थको अभेद्य सम्बन्ध रहेको हुन्छ। पत्रकारिता क्षेत्रमा पनि शब्द प्रयोगको विशिष्ट महत्त्व रहन्छ। यदि सही शब्दको सही स्थानमा प्रयोग हुनसकेन भने अर्थ अनर्थ हुन जान्छ। सिक्किमका अधिकांश नेपाली दैनिक समाचारपत्रमा कतिपय शब्दको सही प्रयोग भएको पाइँदैन, जसले समाजमा भ्रमको स्थिति सिर्जना गरिरहेको हुन्छ। उदाहरणका निम्ति *विश्वकै बृहत् गणतान्त्रिक मुलुक भारत..* भनी प्रायः सबै समाचारपत्रमा प्रयोग गरिएको पाइन्छ। भारत विश्वको बृहत् गणतान्त्रिक राष्ट्र होइन। यहाँ भन्न खोजिएको लोकतान्त्रिक राष्ट्र हो। गणतन्त्र भनेको *रिपब्लिक* हो अनि लोकतन्त्र भनेको *डेमोक्रेसी* हो। गणतन्त्रमा राष्ट्रप्रमुख पद पैतृक नभएर जनताबाट चयनित व्यक्ति हुन्छ भने लोकतन्त्रमा जनताद्वारा निर्वाचित सरकार गठन हुन्छ। साधारण रूपमा हेर्दा दुवै एकै किसिमका प्रतीत भए तापनि ती दुईमा अर्थगत भिन्नता छ। सबै गणतन्त्रमा लोकतन्त्र हुँदैन अनि सबै लोकतन्त्रमा गणतन्त्र पनि हुँदैन। भारतमा लोकतान्त्रिक गणतन्त्र स्थापित छ भने यो राष्ट्र बृहत् गणतन्त्र चाहिँ होइन। भारतभन्दा ठुलो गणतन्त्र चीनलाई मानिन्छ र भारत चाहिँ सबैभन्दा बृहत् लोकतान्त्रिक राष्ट्र हो। चीन गणतान्त्रिक राष्ट्र हो अनि इङ्ग्ल्यान्ड लोकतान्त्रिक भएर पनि गणतान्त्रिक राष्ट्र होइन। सिक्किमका समाचारपत्रमा भाषाको प्रयोग कसरी भएको छ भन्ने बारेमा तलका नमूनाहरूले स्पष्ट पार्दछन्-

*राज्य एवं केन्द्र सरकारले श्रमिकहरूलाई गणतान्त्रिक रूपमा आघात गरिरहेको छ। श्रमिकहरूको निम्ति श्रमिक हित विरोधी कानून बनाइँदैछ। उक्त भनाई सीटूको दार्जिलिङ जिल्ला सचिव समन पाठकले भनेका हुन्।*[१०५]

प्रस्तुत उद्धृतांशको पहिलो वाक्यमा श्रमिकहरूलाई गणतान्त्रिक रूपमा आघात गरिएको भन्ने कुराको कुनै अर्थ लाग्नसक्दैन। गणतान्त्रिक आघात कस्तो हुन्छ मानिसले अनुभव गर्न नसक्ने विषय हो, तर यहाँ लोकतान्त्रिक आघात भनिएको भए श्रमिकहरूको अभिव्यक्तिको स्वतन्त्रता, उनीहरूको हक अधिकारमा आघात पुगेको भन्ने अर्थ आउन सक्ने थियो। दोस्रो वाक्यमा प्रयोग गरिएको शब्दावली 'उक्त भनाई' भनिसकेपछि पनि अन्तमा 'समन पाठकको हो' भन्नु उचित हुनेछ।

**१७ वर्षीय किशोर रोहित छेत्रीको शव मृत अवस्थामा पुलिसले फेला पारे।**[१०६]

प्रस्तुत वाक्यमा *मृत अवस्थामा* शब्दको अनावश्यक प्रयोग भएको छ किनभने शव शब्दभित्र नै उक्त किशोरको मृत्यु भइसकेको र केवल उसको मृत शरीर मात्र रहेको बुझिन्छ।

**विधानसभामा दशजना विधायक हुनुका बाबजुद पनि एसकेएमले उत्तरदायी विपक्षीको भूमिका निभाउन नसकेको उनको भनाई थियो।**[१०७]

---

[१०५] डिल्लीराम दुलाल (सम्पा.)(१२ मई, २०१५); **समय दैनिक**, गान्तोक : एस के प्रधान, पृ.६

[१०६] डिल्लीराम दुलाल (सम्पा.) (२८ मई, २०१५); **समय दैनिक**, पूर्ववत्, पृ. १।

[१०७] माला राणा पात्रो (सम्पा.)(२८ मई, २०१५); **हिमाली बेला**, गान्तोक : अमित पात्रो, पृ. १।

यहाँ 'बाबजुद' भन्नुको साटो 'भएर' अनि 'निभाउन'-को सातो 'निर्वाह गर्न' उपयुक्त हुन्छ किनभने *बाबजुद* उर्दू भाषाको र *निभाउन* हिन्दी भाषाको शब्द हो। नेपालीमा बत्ती निभाइन्छ, भूमिका निर्वाह गरिन्छ।

**यसैले अब पानीका प्राकृतिक श्रोतहरूको संरक्षण गर्न जनता स्वयं अघि आउनुपर्ने आजको आवश्यकता हो।**[१०८]

यहाँ श्रोत शब्दको गलत प्रयोग भएको छ, 'श्रोत' भनेको कान हो यसैले 'स्रोत' प्रयोग हुनुपर्ने हो। समाचारपत्रमा यस किसिमका भुल हिज्जेका साथ शब्दको प्रयोग यत्रतत्र पाइन्छन्।

सिक्किमका समाचारपत्रमा हिन्दी र अङ्ग्रेजी भाषाका शब्द र शब्दावलीको अत्यधिक प्रयोग पाइन्छन्।नेपाली भाषामा उपलब्ध भएका शब्दको प्रयोग नगरेर हिन्दी तथा अङ्ग्रेजी भाषाका शब्दको प्रयोग गर्न रुचाउने पत्रकार धेरै देखिन्छन्। *सायनाको खिताब जित्ने सपना चकनाचूर*[१०९] यहाँ 'खिताब' —को स्थानमा 'उपाधि' शब्दको प्रयोग उपयुक्त हुनेछ भने 'सपना चकनाचूर' –को स्थानमा 'सपना अधुरो' भनिनु उचित हुनेछ, किनभने मानिसले देख्ने सपना काँचजस्तो फुटेर टुक्राटुक्रामा परिणत हुँदैन।यसैले यहाँ *सायनाको उपाधि जित्ने सपना अधुरो* भन्नु वाञ्छनीय छ।

शब्दस्रोतका आधारमा सिक्किमका नेपाली समाचारपत्रमा प्रयुक्त केही नेपालीइतर आगन्तुक शब्दहरूको तालिकागत सूची यस प्रकार छ -

---

[१०८] अञ्जन उपाध्याय (सम्पा./प्रका.)(२७ मई, २०१५); **हाम्रो प्रजाशक्ति,** गान्तोक, पृ. १।

[१०९] अञ्जन उपाध्याय (सम्पा./प्रका.)(१२ नोभेम्बर, २००६); **हाम्रो प्रजाशक्ति,** गान्तोक, पृ ४।

**तालिका सङ्ख्या ५.५**

**समाचारपत्रमा प्रयोग हुने आगन्तुक शब्द**

| क्र.सं. | आगन्तुक शब्द | स्रोत भाषा |
|---|---|---|
| १ | अफर, अफसेट, अवार्ड, आइटम, आउटडुवर, इन्टरनेट, इन्डियन पेनल कोर्ट, एचिब्मेन्ट, एजेन्ट, एनजीओ, एलबीडब्लु, कन्टोलर, कपीराइट, काउन्टर, काउन्टर साइन, साउन्ड, क्रिकेट, क्याच, क्लब, गन, गोल, गोलकिपर, ग्रीन हाउस, ग्रीन हाउस इफेक्ट, गोल्डन जुब्ली, ग्लास, ग्लोबलाइजेसन, ग्लोबल वार्मिङ, चेयरमेन, च्यान्जिङ रूम, जगिङ, जङफुड, जब्, टाइम, टिट्वाइन्टी, टेम्परेचर, ट्राफिक, ट्रेनिङ, टेलिफोन, टेलिग्राफ, टेलिग्राम, टेलेन्ट, टेलेन्ट सो, ड्रग्स, डाक्टर, डिजल, डिमान्ट, नम्बर वान, नेटवर्क, नोटबुक, नोटिफिकेसन, नोडल अफिसर, पब्लिक इस्यु, पाउडर, पावरफुल, प्रमोसन, प्रोड्युसर, पेन, प्रोजेक्ट, प्याकेज, प्याराग्लाइडिङ, रोड, फाइनान्सर, फिल्म, फुटबल, फर्वर्ड, फेबर, फेसन, फेसन डिजाइनर, फोटोग्राफ, फोटोसेसन, फोरम, फ्लोर, बक्सअफिस, बिल, बिजिनेस, ब्याट्समेन, ब्याङ्क, ब्याङ्किङ, ब्रेकफास्ट, थिएटर, भाइस चान्सलर, भिलेन, माइक, माइकिङ, मार्केट, ड्राइभर, डाइरेक्टर, डाइमन्ड जुब्ली, लाइफ टाइम, राइटर, राइफल, रोडम्याप, | **अङ्ग्रेजी** |

| | | |
|---|---|---|
| | रोमान्स, लाइन, लाइनमेन, ल्यापटप, वाकआउट, विकेट, सिल्बर जुब्ली, सप्लाई, सब सेक्सन, सुटिङ, सुपर हिट, सब्सिडी, सेट, सेयर, सेयर मार्केट, स्टक एक्सेञ्ज, स्टाइल, हल, हिटलिस्ट, हेन्डिक्राफ्ट, हेन्डलुम, होल्डर, होस्टेल । | |
| २ | अपरेटर, अपरेसन, अपोजिसन, आइडल, इलेक्ट्रोनिक, एजेन्डा, एडहक, एडमिसन, एडिटर, एडुकेसन, एप्रोप्रिएसन बिल, एल्बम, एरिया, कर्पोरेसन, कमिसन, कमिसनर, केमिकल फर्टिलाइजर, क्यामेरा, केल्सियम, कोअपरेटिप, ग्ल्यामर, चेलन, जुडिसियस रिमान्ड, जेल, जुविनायल, टेस्टम्याच, डिसिजन, डेस्टिनेसन, थिअरी, निमोनिया, नेसनल, पोस्टमर्टम, फर्टिलाइजर, फाइनल, बल्ब, बोतल, बोनस, भोट, भर्मिकम्पोस्ट, मिडिया, मिनरल, मेजिस्ट्रेट, मेडिकल, मेमोरेन्डम, मेमोरेन्डम अफ् अन्डरस्टेन्डिङ, युनिट, युनिवर्सिटी, रिमान्ड, रेजिस्ट्रेसन, रेजिस्ट्रार, रेडियो, लाइब्रेरी, लिमिटेड, लोकल, ल्याबोरेटोरी, वाइज भोट, सप्लिमेनटेरी, साइन्स, सिग्नल, सिन, सिनियर, सिलिन्डर, सेक्रेटेरी, सोसियल मिडिया, स्टेट। | **ल्याटिन** |
| ३ | कार्गो, केफेटेरिया, केलिफोर्निया, गुरिल्ला, टोबाको, टोमेटो, पियन, पोटाटो, प्लाजा, प्लेटेनम जुब्ली, लन्च, सिगार। | **स्पेनेली** |

| | | |
|---|---|---|
| ४ | अक्सिजन, अफिसर, आर्चेरी, इकोनोमी, इकोटुरिज्म, इन्जिनियर, एक्सरसाइज, एज, एड्भोकेट, एमेन्डमेन्ट, एम्बुलेन्स, एरेस्ट, एसेमब्ली, एसेन्ट, कम्पनी, कलेज, कार्बनडाइअक्साइड, कोइसन आवर, कमर्सियल, कम्पार्टमेन्ट, कम्प्युटर, कम्युनिटी, कलेक्टर, कस्टम ड्युटी, केमिस्ट, केरियर, केस, क्याबिनेट, क्याप्टन, क्वाटर फाइनल, कोर्ट, गवर्नर, ग्रान्ट, चान्सलर, चार्जसिट, च्याम्पियन, जर्ज, जर्जमेन्टसिट, जियोमेट्री, जुनियर, टाइप, टुरिज्म, टुरिस्ट, टुरिस्ट फेस्टिभल, ट्रिटमेन्ट, टेनिस, ट्रेजरी बेन्च, ट्याक्स, ट्याक्सी, डिन, डिपार्टमेन्ट, डिफेन्स, डिनर, नाइट्रोजन, पब्लिसिटी, पेविलियन, पार्क, पार्किङ, पार्लिएमेन्ट, पिस्तोल, पुलिस, पेनल्टी, पेन्सिल, पोइन्ट, पोलिटिकल, पोलिटिकल अफिसर, प्रेस, प्लेटफार्म, प्रोसेसिङ, फाइल, फार्मिङ, फिल्टर, फेस्ट, बजेट, ब्लक, भलिबल, भिलेज टुरिजम, मिसिन, मेजोरिटी, मोबाइल, युनियन, युन्यानिमिटी, रिटार्यड, रिलिज, रुल, रुलिङ, रुलिङ पार्टी, रोल, रोलमोडल, ऱ्याली, सस्पेन्ड, सिगरेट, सिग्नल, सिनेमा, सुप, सेक्युरिटी, सेलफोन, सेलिब्रेटी, सिरियल सेसन, सोलिडेटेरी, स्क्रिप्ट, स्टेचू अफ् युनिटी, स्टेचू अफ् लिवर्टी, हस्पिटल। | **फ्रान्सेली** |
| ५ | ओपेरा, एटेक, कफी, कार्पेट, कार्टुन, कार्निभल, गेलेरी, पास्ता, | **इटाली** |

| | | |
|---|---|---|
| | पिजा, प्रोपोगान्डा, बक्सर, बक्सिङ, बुलेटिन, बेलुन, ब्रोन्ज, ब्यालोट, माक्स, मेगेजिन, मोडल, रकेट, रेप्लिका, लाभा, लटरी, सोलोसङ। | |
| ६ | अटोग्राफ, अटोमेटिक, अटोबायोग्राफी, अर्गानिक, आर्किटेक्ट, एकाडेमी, एथलिट, एथनिक, एन्टी, ओलम्पिक, ओलम्पियन, किलोग्राम, किलोवाट, क्रोनिक, क्लोरोफर्म, ग्लुकोज, ग्यास, जियोलोजी, टेलिफोन, डायलग, ड्रामा, डेमोक्रेसी, पेट्रोलियम, पेट्रोल, पोलिसी, प्रोग्राम, फिलोसफी, बाइबल, बायोलोजी, मेटाफिजिक्स, मेट्रोपोलिटियन, म्याराथन, सर्जन, साइकोलोजी, स्कुल, स्कोप, हिरो । | **ग्रीक** |
| ७ | आउट, ओपन, ओपनर, ओल्ड, एक्सरे, गोल्डकप, टाई, टाईब्रेकर, टिम, टियरग्यास, फस्ट, फस्ट रनरअप, फायर, फायरफाइटर, फायरिङ, फास्ट, फास्टफुड, फिल्ड, फिल्डिङ, फुड, फ्रिकिक, बुक, बलिङ, मार्कसिट, रन, रनआउट, रनरअप, रेनवाटर हार्वेस्टिङ, वाटरप्रुफ, वानडे, वार्ड, विनर, विन्टर, सप्, सुटर, सोप, सिङ्गिङ, स्कोर, स्टार, हर्न, हार्वेस्टिङ, हेभिवेट, होमवर्क, होमस्टे । | **जर्मनेली** |

| | | |
|---|---|---|
| ८ | लफंगा, कुर्की, मुगल, कैंची, बहादुर, बेगम, काबू, तलाश, तोप, सुराग, सौगात, बावर्ची, गलैंचा, चम्चा, चाकू, बारुद, अरमान। | **तुर्की** |
| ९ | तौलिया, तिजोरी, चाबी, गमला, कारतूस, अलपिन, अचार, कमेज, तम्बाकू, साबुन, फिता, किराना, बाल्टी, आलमारी, अलकतरा, काजू, नीलाम, गोदाम, कमरा, मिस्त्री, बिस्कुट, बोतल, मेज, आलू। | **पोर्तुगाली** |
| १० | अन्धाधुन्ध, कमसेकम, जलेवी, धमाका, पकौडा, पटुका, पटरानी, पढाई, पताल, पत्ती, पत्थर, पथरी, परवान, परेखना, फटकार, फलदार, फासी, बखत, बचाव, बचत, बजार, बडादिन, बदला, बदलना, बधाई, बनमुर्गा, बनारसी, बनावटी, बरकत, बसूली, बहकिनु, बहाना, बाटचूट, बाग, बागडोर, बारहमासा, बाहन, बिक्री, बिदाई, बिरही, बिगुल, बैठक, बैसाखी, ब्याज, ब्याधा, भङ्ग, भजन, भडार, भण्डार, भंवारा, भरपाई, भरपूर, भरोसा, भलाई, भाषी, मकुट, मचान, मतवाला, मतारी, मनोहारी, मनोकामना, मरद, मर्जी, मसाल, मसाला, महँगाई, माँसु, मारवाडी, मारामार, मालगोदाम, मीठा, मुक्का, मुक्केबाज, मुक्केबाजी, मेला, मोची, मोट, मोटाई, मोटापा, मोडना, मोतियाबिन्दु, मोती, मोमबत्ती, मोहरा, याचना, रङ्ग, रङ्गभूमि, रङ्गशाला, रसदार, रसोई, रास्ता, रहनसहन, राखी, रिस, रोकटोक, रोटी, लखपती, लगभग, लथपथ, लपेटना, लहलह, लिपाई, लीची, | **हिन्दी** |

| | | |
|---|---|---|
| | लूगा, लू, सेम्पो, हर्ता, हलका, हाँडी। | |
| ११ | आमरा, गाम्छा, ठाकुरबाडी, माछो, नक्सलबाडी, रसगुल्ला, विष्टी। | **बङ्गला** |
| १२ | अकबर, अकसर, अखबार, अगर, अजनबी, अदालत, अफसोस, अमानत, अरमान, अव्वल, असली, असर, आख़िर, आजाद, आम, आराम, आवाज़, आशिक, इज्जत, इजाजत, इन्तजार, इनाम, इलाज, इरादा, उस्ताद, ऐश, औलाद, कागज़, करीब, खतरा, गिरिफ़्तार, गुलाब, गवाह, गजल, चेहरा, जवान, जमाना, जरूरत, डाका, तारीख, दाखिल, नक्शा, नखरा, नजर, नतीजा, निशान, पाबन्दी, परवरिश, परेशान, फौज, फरेब, फैसला, बेइमान, बाकी, बच्चा, बाजार, बदनाम, बादल। | **उर्दू** |
| १३ | अनार, कोशिश, खरीद, खुलासा, खुशी, गुजारा, चश्मा, चापलूसी जमिनदार, ताजा, दरवार, दोकान, नमूना, पसन्द, परेशान, परेशानी, प्याज, फरमान, बनाम, बीमा, बीमार, मुर्दा, ताज, ताजपोशी, तेजी, दरवाजा, दिल, निशाना, रुमाल, रोज, शराब, शिकस्त, सब्जी, सहर, हमेशा, हिन्दी। | **फारसी** |
| १४ | अजीव, अमीर, आपस, आदमी, इन्सान, इस्तेमाल, औरत, कफन, कब्जा, कत्ल, करार, कलम, काफी, कानून, कायम, किताब, | **अरबी** |

| | | |
|---|---|---|
| | कैदी, खत, खबर, खराब, खारिज, खिताब, खिताबी, गरीब, गायब, जमाना, ज्यादा, तमाम, दफन, दिमाग, दौरान, दौलत, नीयत, फकीर, फर्जी, फैसला, बयान, मदद, मंजूर, मनसुन, मर्जी, मालिक, माहौल, मुस्किल, मौसम, राहत, रिश्वत, शिकायत, सवाल, सिलसिला, सैतान, हकिकत, हादसा, हिस्सा, हैसियत। | |
| **१५** | खाब्जे, घ्याङ, छ्याङ, थुक्पा, फाले, बख्खु, ममो, यती, रक्सी, स्याममो, स्याफाले। | **तिब्बती** |
| **१६** | क्याच्सप, काउताउ, कुम्फू, चाउचाउ, चिया, चाउमिन, जेन, तुफान, माउताई, माजोङ, रिक्सा, येन, लिची, हुसू। | **चिनियाँ** |
| **१७** | कराते, काराके, कोटो, बोनसाई, जुडो, तान्का, फुटन, मित्सुबिसी, सुजुकी, सामुराई, सुनामी, सुमो, हाइकु, होन्डा। | **जापानी** |
| **१८** | किम्छी, ताइक्वान्डो, सुजु। | **कोरियाई** |

वर्णसङ्कर शब्द भन्नाले दुईवटा बेग्लाबेग्लै भाषाका शब्द मिलेर बनेका शब्द हुन्। शब्दस्रोतका आधारमा सिक्किमका नेपाली समाचारपत्रमा प्रयुक्त केही वर्णसङ्कर शब्दका तालिकागत सूची यसप्रकार छ -

## तालिका सङ्ख्या ५.६

## समाचारपत्रमा प्रयोग हुने वर्णसङ्कर शब्द

| क्र.स. | वर्णसङ्कर शब्द | स्रोत |
|---|---|---|
| १ | ओलम्पिक खेल | ग्रीक + संस्कृत |
| २ | कम्प्युटरकृत | फ्रान्सेली + संस्कृत |
| ३ | कम्प्युटरीकरण | फ्रान्सेली + संस्कृत |
| ४ | क्रिकेट खेलाडी | अङ्ग्रेजी + संस्कृत |
| ५ | क्याबिनेट मन्त्री | फ्रान्सेली + संस्कृत |
| ६ | क्याबिनेट सचिव | फ्रान्सेली + संस्कृत |
| ७ | क्याबिनेट समिति | फ्रान्सेली + संस्कृत |
| ८ | गिर्जाघर | पोर्तुगाली + नेपाली |
| ९ | जिल्लाधिकारी | अरबी + संस्कृत |
| १० | जिल्लाधीश | अरबी + संस्कृत |
| ११ | जीविकोपार्जन स्कुल | संस्कृत + ग्रीक |
| १२ | टिकटघर | अङ्ग्रेजी + नेपाली |
| १३ | टेसिलो | अङ्ग्रेजी + नेपाली |
| १४ | ट्रकगाडी | अङ्ग्रेजी + संस्कृत |
| १५ | ट्याक्सी चालक | फ्रान्सेली + संस्कृत |
| १६ | डिजिटलीकरण | ल्याटिन+ संस्कृत |
| १७ | दोहोरो शतक | नेपाली + संस्कृत |
| १८ | नमूनार्थ | फारसी + संस्कृत |
| १९ | नोटबन्दी | अङ्ग्रेजी + हिन्दी |
| २० | पञ्चायत युनिट | संस्कृत + ल्याटिन |
| २१ | पुलिसबल | फ्रान्सेली + संस्कृत |
| २२ | प्रारम्भिक ब्याट्स्मेन | संस्कृत + अङ्ग्रेजी |
| २३ | फिल्डमा | जर्मन + नेपाली |
| २४ | फुटबल खेलाडी | अङ्ग्रेजी + संस्कृत |

| | | |
|---|---|---|
| २५ | बजारीकरण | उर्दू + संस्कृत |
| २६ | बमवर्षा | अङ्ग्रेजी + संस्कृत |
| २७ | मनमर्जी | नेपाली + अरबी |
| २८ | मासिक प्रिमियम | संस्कृत + ल्याटिन |
| २९ | रनाथन | जर्मन + ग्रीक |
| ३० | रेलयात्रा | अङ्ग्रेजी + संस्कृत |
| ३१ | लाइन विभाग | ल्याटिन + संस्कृत |
| ३२ | विश्वकप | संस्कृत + अङ्ग्रेजी |
| ३३ | विश्व रेकर्ड | संस्कृत + अङ्ग्रेजी |
| ३४ | सब्जीबन्दी | अरबी +हिन्दी |
| ३५ | सर्वोच्च स्कोर | संस्कृत + अङ्ग्रेजी |
| ३६ | साइबर संस्कृति | ग्रीक + संस्कृत |
| ३७ | सिटआरक्षण | जर्मन + संस्कृत |
| ३८ | सिनेमाघर | फ्रान्सेली + संस्कृत |
| ३९ | सिरियल धमाका | फ्रान्सेली + हिन्दी |
| ४० | सुपर शृङ्खला | अङ्ग्रेजी + संस्कृत |
| ४१ | सेयरधारक | अङ्ग्रेजी + संस्कृत |
| ४२ | स्टार खेलाडी | जर्मन + संस्कृत |

व्यावसायिक पत्रकारितामा आवश्यकता अनुसार नयाँ शब्द निर्माण गरी प्रयोगमा ल्याउने परम्परा रहेको छ। यदि कुनै अङ्ग्रेजी भाषामा प्रचलित शब्द नेपालीमा प्रचलनमा नरहेको स्थितिमा समाचारपत्रले ती शब्दका अर्थ स्पष्ट पार्नका लागि संस्कृत अथवा हिन्दी आदि भाषाका सहयोगमा नयाँ शब्द निर्माण गर्ने गरेका छन्। सिक्किमका नेपाली समाचारपत्रहरूमा प्रयोग हुने यस्ता केही नयाँ शब्दहरूलाई तलको तालिकामा दिइएको छ -

## तालिका सङ्ख्या ५.७
## समाचारपत्रमा प्रयोग हुँदै आएका नयाँ शब्द

| क्रसं | अङ्ग्रेजी शब्द | नवनिर्मित शब्द |
|---|---|---|
| १ | Orentation | अभिमुखी |
| २ | Depression | अवसाद |
| ३ | Skywalk | आकाशयात्रा |
| ४ | Warming | उष्मीकरण |
| ५ | Agro-frendly | कृषिमैत्री |
| ६ | Homestay | गृहवास |
| ७ | Homestay | गृहनिवास |
| ८ | Watershed | जलग्रहण |
| ९ | Livelihood | जीविकोपार्जन |
| १० | Organic Mission | जैविक अभियान |
| ११ | Organic Farming | जैविक खेती |
| १२ | Organic Compost | जैविक मल |
| १३ | Organic State | जैविक राज्य |
| १४ | Sustainable Development | दिगो विकास |
| १५ | Left-front | देब्रेपन्थी |
| १६ | Heritage Tree | धरोहरवृक्ष |
| १७ | Springshed Development | धाराविकास |
| १८ | Innovative | नवान्वेषी/नवोन्वेषी |
| १९ | Eco-footpath | पर्यापथ |
| २० | Eco-Tourism | पर्यापर्यटन |
| २१ | Eco-frendly | पर्यामैत्री |
| २२ | Enviromental | पर्यावरणमुखी |
| २३ | मुख्यमन्त्री पवन चामलिङद्वारा प्रतिपादित | पवित्र क्रान्ति |

| | | |
|---|---|---|
| | नयाँ अवधारणा | |
| २४ | Ten Minuts to Earth | पृथ्वीका लागि दस मिनट |
| २५ | Globalisation | भूमण्डलीकरण |
| २६ | Merit Scholarships | मेधावी छात्रवृत्ति |
| २७ | Ramayan Village | रामायणबस्ती |
| २८ | Globalisation | वैश्वीकरण |
| २९ | Network | सञ्जाणल |
| ३० | Coordinator | समन्वयक |
| ३१ | Stakeholder | सरोकारवाला |
| ३२ | Green School | हरित विद्यालय |
| ३३ | Stakeholder | हितधारक |

**५.१.६.२ वाक्यगठन :** दुई वा दुईभन्दा धेरै पदको समूह, जसले पूर्ण अर्थ बुझाउँछ त्यसलाई वाक्य भन्दछन्।शब्दहरूको समूहबाट जुन अर्थपूर्ण भनाइ निस्किन्छ त्यो नै वाक्य हो। वाक्यका उद्देश्य र विधेय गरी दुईवटा तत्त्व हुन्छन्, जसको विषयमा कुरा गरिन्छ त्यो उद्देश्य हो र कसैको अथवा कुनै विषयमा कुरा गरिन्छ भने त्यो विधेय हो। वाक्यमा संज्ञा, सर्वनाम, विशेषण, अव्यय, क्रिया, पुरुष आदिको अर्थ स्पष्ट पार्न महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। वाक्यका अङ्गहरू असन्तुलित भएमा अर्थ खोलिँदैन। पत्रकारितामा सहज र सरल वाक्यको प्रयोग गरिएको हुन्छ। सरल वाक्यमा उद्देश्य र विधेयले स्पष्ट अर्थ बुझाउन सकेको हुनुपर्छ।

सिक्किमका समाचारपत्रमा सरल वाक्य गठनभन्दा पनि बढी जटिल वाक्यगठनको अधिकता पाइन्छ। विषयलाई सरल र स्पष्ट रूपमा प्रस्तुत गर्नुका साटो गुम्फित र जटिल वाक्य प्रयोग गरिएको देखिन्छ। एकभन्दा धेरै संयोजकहरूको प्रयोग गरी लामा

वाक्य गठन गर्ने परिपाटी व्यावसायिक पत्रकारितामा देखिएको छ। यस प्रकारका वाक्यगठनले समाचारको भाषा छोटो, छरितो र सरल हुनुको अपेक्षाकृत दुर्बोध्य र असम्प्रेषणीय बन्न पुगेका देखिन्छन्। उदाहरणका लागि तल समाचारको एकांशलाई प्रस्तुत गरिन्छ —

> **हिजो मुख्यमन्त्री पवन चामलिङले पूर्व सिक्किमको साकेथाङमा निर्मित श्रम भवनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै राज्यमा सिर्जित अवसरहरू राज्य बाहिरका मानिसहरूले उपभोग गरेकाले राज्यको अर्थतन्त्रमा व्यापक क्षति भएको छ भनी वक्तव्यको सन्दर्भमा बोल्दै राज्यका केही शिक्षित बेरोजगार युवाहरूले मुख्यमन्त्री पवन चामलिङले आफ्नो सरकार कालमा भएका कमी-कमजोरी र शिक्षित बेरोजगार युवा विरोधी क्रियाकलापहरूबारे नबताएर केवल यहाँको शिक्षित बेरोजगारहरूको कमजोरी मात्र केलाउने कोशिश गरेको बताएका छन्।**[११०]

प्रस्तुत वाक्यमा ६३ वटा शब्द प्रयोग गरी वाक्य जटिल बनाइएको छ। 'गर्दै', 'बोल्दै' अनि 'र' गरी कूल तीनवटा संयोजक प्रयोग भएका छन्। साधारणतः तीनवटा वाक्यलाई एकैसाथ जोडेर बनाइएको वाक्यको अर्थ निकाल्न पाठकलाई अत्यन्त गाह्रो पर्दछ। यस वाक्यमा दुईपल्ट संज्ञापद 'मुख्यमन्त्री पवन चामलिङले' प्रयोग गर्न आवश्यक थिएन। माथिको वाक्यमा 'भनी वक्तव्यको' बिचमा 'दिएको' क्रियापद हुनुपर्नेमा सो नहुँदा वाक्य स्पष्ट नभएकाले समस्या देखिन आउँछ। उक्त वाक्यमा मुख्यमन्त्रीको

[११०] अञ्जन उपाध्याय (सम्पा./प्रका.)(सन् २०१५); **हाम्रो प्रजाशक्ति,** गान्तोक २३ दिसम्बर, २०१५, पृ १.

वक्तव्यको आलोचना गर्ने युवा को हुन् खुलाइएको छैन। यसरी नै मुख्यमन्त्रीले *आफ्नो सरकार कालमा भएका कमी-कमजोरी र शिक्षित बेरोजगार युवा विरोधी क्रियाकलापहरूबारे नबताएर* भनिएको छ, जो सान्दर्भिक लाग्दैन। कुनै पनि सरकार प्रमुखले आफ्नो सरकारको कमी कमजोरी जनसभामा खुलाउँदैनन् र खुलाउनु पनि हुँदैन। यो कार्यालय गोपनीयताको प्रसङ्ग हो, यो वाक्यांश अनावश्यक रूपमा आएको छ।

सिक्किमका समाचारपत्रका समाचारमा प्रयुक्त वाक्यका केही नमूना तल प्रस्तुत गरिन्छन्-

१. **अखिल भारतीय नेपाली अनुसूचीत जाति सङ्घ तिनीहरूको माग पूरा नभए कलकत्ताको नवान्न अघि आमरण अनशन बस्ने भएको छ।**[१११]

माथिको वाक्यमा सङ्घ भनी सकेपछि 'तिनीहरूको' स्थानमा 'आफ्नो' लेखिनुपर्ने हो। अखिल भारतीय नेपाली अनुसूचित जाति सङ्घ अथवा सङ्घका पदाधिकारी अथवा सदस्य अथवा अरू कोही मानिसमध्ये आमरण अनशन को बस्ने हो, यो स्पष्ट हुनसकेको छैन।

२. **थाहा लागेको छ कि श्री ५ महाराजकुमारको गएको महिनाको उत्तर-सिक्किमको भ्रमणमा लाचुंगमा असिना पानीले गर्दा ठुलो नोक्सानी भएको देखी आश्वासन बक्सेर आए बमोजिम यो १९५७ सालको खजाना सोह्रै आना सिक्किम सरकारले मिनाह गरिबक्सेको छ।**[११२]

[१११] पूर्ववत्।।

[११२] नहकुल प्रधान (सम्पा.)(सन् १९५७); **कञ्चनजङ्घा**, गान्तोक : नहकुल प्रधान, १५ नोभेम्बर, १९५७, पृ.२७

**कञ्चनजङ्घा** समाचारपत्रको उक्त वाक्य स्वयम् एउटा पूर्ण समाचार हो।यस वाक्यमा पदसङ्गतिहरू योजनाबद्ध नभएकाले साधारण पाठकका लागि अर्थबोध हुन समस्या पर्ने देखिन्छ।

३. **चारैतिर खबर पठाइयो। पुलिस विभागलाई पनि यस विषयमा खबर दिइयो र यस विभागले चोरको पक्राउ गर्न सक्दो चेष्टा गरे। अन्तमा सफल भए।**[११३]

उक्त समाचारांशमा पहिलो वाक्यमा के खबर हो त्यो स्पष्ट भएको छैन। दोस्रो वाक्यमा पुलिस विभागलाई होइन् थानामा प्राथमिकी दर्ता गरिन्छ खबर दिइँदैन, विभाग भनेको सम्पूर्ण पुलिस समुदाय बुझिन्छ। पुलिसको काम नै अपराधीलाई खोजी गरी पक्राउ गर्ने हो यसैले दोस्रो वाक्यको उत्तरांशको कुनै आवश्यकता देखिएको छैन। अन्तिम वाक्यमा पुलिसकर्मी सफल भएका हुन् अथवा सम्पूर्ण विभाग सफल भएको हो त्यो अस्पष्ट छ।

४. **राज्यमा विधानसभाको अवधि पूर्ण भए पछि राष्ट्रपति शासन लागु गरिएकोले अब एचित समय भित्रमा नै चुनाव हुनेछ भन्ने अनुमान लगाएको छ। साथै राज्यको प्रायः जस्तो राजनैतिक दलहरुले राष्ट्रपति शासनको स्वागत गर्दै अब हुने चुनाव निस्पक्ष र प्रजातान्त्रिक ढंगमा हुनेछ भन्ने विश्वास राखेको छ।**[११४]

माथिका वाक्य सम्पादकीयबाट लिइएको हो।यसमा भारतमा विधानसभाको अवधि पूरा भएपछि चुनाउ हुन्छ, तर राष्ट्रपति शासन कुन अवस्थामा लागू गरिएको त्यो

---

[११३] माला राणा पात्रो (सम्पा.)(सन् १९७९); **हिमाली बेला**, गान्तोक : राम पात्रो, १८ जनवरी १९७९. पृ .१।

[११४] जीत रैका (सम्पा.)(सन् १९७९); **दैनिक आवाज**, गान्तोक: वाई एन भण्डारी, २० अगस्त, १९७९, पृ.१।

खुलाइएको छैन। *एचित (उचित) समय भित्रमा नै चुनाव हुनेछ भन्ने अनुमान लगाएको छ* भन्ने भनाइमा अनुमान कसले लगाएको हो- सम्पादकले, जनताले, दलहरूले, चुनाउ आयोगले, राष्ट्रपतिले थाहा हुनसकेको छैन। *अब हुने चुनाव निस्पक्ष र प्रजातान्त्रिक ढंगमा हुनेछ भन्ने विश्वास राखेको छ,* यस वाक्यांशमा वचनको उचित रूपमा प्रयोग भएको छैन भने लोकतान्त्रिक राष्ट्रमा हुने चुनाउ प्रक्रिया निश्चय नै निष्पक्ष र प्रजातान्त्रिक रूपमा नै हुन्छ भन्ने विश्वास सम्पादकमा नभएको स्पष्ट हुन्छ।

५. **राशन दोकान, चिया दोकान, पान दोकान आदिहरूमा पीसीओ सुविधा उपलब्ध गराएर ग्राहकहरूबाट रकम कमाइरहेका व्यापारीहरूलाई पनि जरिमाना अथवा पेनल्टी भुक्तान गर्नुपर्नेछ।**[११५]

माथिको वाक्यमा व्यापारीको धर्म नै मुनाफा कमाउनु हो। रकम कमाउनु भनेको धेरै मुनाफा कमाउनु हो तर पीसीओबाट कतिसम्म मुनाफा हुन्छ त्यो बुझ्न आवश्यक हुन्छ। *जरिमाना* लेखिसकेपछि *पेनल्टी* लेख्न आवश्यक थिएन। *आदि* भनेकै बहुबचनसूचक शब्द हो भने यसमा परसर्गका रूपमा जोडिएको *हरू* अनावश्यक भएको छ। यस वाक्यमा *व्यापारीहरूलाई पनि जरिमाना अथवा पेनल्टी भुक्तान गर्नुपर्नेछ* भनी सही विभक्तिको प्रयोग नगरिएका कारण विपरीत अर्थ लागेको छ। यहाँ उल्टो सरकारले नै व्यापारीलाई जरिमाना भुक्तान गर्नुपर्ने अर्थबोध हुन्छ।

६. **ज्ञात रहोस् टी. लाचुङ्पा एक कलाप्रेमी व्यक्ति मात्र हुनुहुन्न उहाँ एक अन्तराष्ट्रिय ख्यातिका चित्रकार पनि हुनुहुन्छ जसले १९६६ सालमा अन्तराष्ट्रिय बाल चित्रकला प्रतियोगितामा नेहरू पुरस्कार प्राप्त गरेका थिए।**[११६]

---

[११५] पारसमणि दङ्गाल (सम्पा.)(सन् २००८); **समय दैनिक**, पूर्ववत्, १९ जनवरी, २००८, पृ. २ ।

यस वाक्यमा 'हुनुहुन्न', 'उहाँ', 'हुनुहुन्छ' जस्ता उच्च आदरार्थी शब्दको प्रयोग भएको पाइन्छ भने वाक्यको समाप्तिमा मध्यम आदरार्थी शब्द 'गरेका थिए' प्रयोग भएको पाइन्छ।एउटै वाक्यमा आदरार्थी शब्दहरूको प्रयोग उचितसँग नहुँदा व्याकरणिक नियमअनुसार वाक्य सही बन्न सकेको छैन्।यस किसिमका त्रुटिपूर्ण वाक्यहरू स्थानीय समाचारपत्रमा यत्रतत्र पाइन्छन्।

**५.१.६.३ व्याकरणको नियम पालन** : व्याकरणले भाषालाई शुद्धसँग प्रयोग गर्न सिकाउँछ। लेख्य भाषा व्याकरणका नियममा बाँधिएको हुन्छ। दैनिक रूपमा समाचारपत्रले भाषाको सर्वाधिक प्रयोग गर्ने हुँदा समाचारपत्रको भाषाबाट पाठकले शुद्ध भाषिक प्रयोगका विधिहरू उदाहरणसहित सिक्ने अपेक्षा राखेका हुन्छन्।यसैले समाचार लेख्दा होस् वा सम्पादकीय अथवा फिचर लेख लेख्दा पत्रकारले भाषाको प्रयोगलाई गम्भीर रूपमा ध्यान दिएको हुनुपर्छ।

सिक्किमका समाचारपत्रका भाषामा व्याकरणका नियमहरू केलाएर हेर्दा विभिन्न प्रकारका त्रुटि फेला पर्दछन्।विशेषतः यी पत्रिकामा विभक्ति, विशेषण, क्रियापद, लिङ्ग, वचन, काल, उपसर्ग, परसर्ग, ह्रस्व-दीर्घ, आदरार्थी शब्दको सही प्रयोग नहुनु जस्ता समस्या देखिन्छन् छन्।

विभक्तिले संज्ञा, सर्वनाम र क्रियासँगको सम्बन्ध बुझाउँदछ। सिक्किमका नेपाली समाचारपत्रमा विभक्तिको अनियमित प्रयोग भएको देखिन्छ। कुनै ठाउँमा विभक्तिको अनावश्यक प्रयोग गरिएको पाइन्छ भने कुनै ठाउँमा विभक्तिको प्रयोग नै गरिएको पाइँदैन। कतिपय स्थानमा विभक्तिको भुल प्रयोग गरिएको देखिन्छ भने कतिपय स्थानमा

---

[११६] सुवास दीपक (सम्पा.) (सन् १९८६); **विचार**, २३ मई १९८६, पृ.१ ।

विभक्तिको आवश्यकता भएर पनि प्रयोगमा ल्याइएको पाइँदैन। समाचारपत्रमा पाइने विभक्ति समस्याका केही उदाहरण तल प्रस्तुत गरिन्छ -

१. *दादासाहेब फाल्के पुरस्कार<u>बाट</u> सम्मानित . . .*[११७] यहाँ 'बाट' विभक्तिको स्थानमा 'ले' विभक्ति सही हो।

२. *आरोप खण्डन गर्दै . . .।* यहाँ 'को' विभक्ति छुटेको छ, *आरोप<u>को</u> खण्डन गर्दै* सही हो।

३. *आज मध्यरात १२ बजीदेखि तेलको मूल्य<u>मा</u> वृद्धि भयो।*यहाँ 'मा' विभक्तिको अनावश्यक प्रयोग भएको छ।

४. *काजी<u>को</u> सरकार, भण्डारी<u>को</u> सरकार, चामलिङ<u>को</u> सरकार।* लोकतन्त्रमा जनताको सरकार हुन्छ। यसैले *काजी सरकार, भण्डारी सरकार, चामलिङ सरकार, सिक्किम सरकार* तथा *राज्य सरकार* भन्नु उचित हुनेछ।

संज्ञा र सर्वनामको विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ। सिक्किमका नेपाली समाचारपत्रमा विशेषणको अनियमित प्रयोग गरिएका पाइन्छन्। विशेषगरी संज्ञाको स्थानमा विशेषण प्रयोग गरिएका पाइन्छन्- जस्तै- 'अभिनन्दन गरियो' हुनुपर्नेमा 'अभिनन्दित गरियो', 'निर्वाचन गरेको छ' हुनुपर्नेमा 'निर्वाचित गरेको छ', 'अपमान गरिएको' स्थानमा 'अपमानित गरिएको' प्रयोग गरिएका पाइन्छन्। विशेषणलाई संज्ञाको स्थानमा प्रयोग गरिएका केही उदाहरण तलको तालिकामा प्रस्तुत गरिएका छन्-

[११७] पारसमणि दङ्गाल (सम्पा.)(सन् २०१४); **समय दैनिक**, पूर्ववत्,२३ जनवरी, २०१४, पृ. ८ ।

## तालिका सङ्ख्या ५.८

## विशेषणको असावधानीपूर्वक प्रयोग

| क्रसं | समाचारपत्र पाइने विशेषणको प्रयोग | अर्थ | वाञ्छनीय |
|---|---|---|---|
| १. | निष्कासित गरिएको छ | निष्कासित शब्दले नै निष्कासन गरिएको अर्थ बोध गराउँछ। | निष्कासन गरिएको |
| २. | नोकरीबाट निलम्बित गरियो | निलम्बित शब्दले नै निलम्बन गरिएको अर्थ बोध गराउँछ। | निलम्बन गरियो |
| ३. | मनोनित गरियो | मनोनित शब्दले नै मनोनयन गरिएको अर्थ बोध गराउँछ। | मनोनयन गरियो |
| ४. | आकर्षित गरेको छ | आकर्षित शब्दले नै आकर्षण गरिएको अर्थ बोध गराउँछ। | आकर्षण गरेको छ |
| ५. | निर्धारित गरिएको छ | निर्धारित शब्दले नै निर्धारण गरिएको अर्थ बोध गराउँछ। | निर्धारण गरिएको छ |
| ६. | परिमार्जित गरिएको | परिमार्जित शब्दले नै परिमार्जन गरिएको अर्थ बोध गराउँछ। | परिमार्जन गरिएको |
| ७. | परिवर्तित गरिएको | परिवर्तित शब्दले नै परिवर्तन गरिएको अर्थ बोध गराउँछ। | परिवर्तन गरिएको |

| | | | |
|---|---|---|---|
| ८. | प्रकाशित गरिएको पुस्तक | प्रकाशित शब्दले नै प्रकाशन गरिएको अर्थ बोध गराउँछ। | प्रकाशन गरिएको पुस्तक/ प्रकाशित पुस्तक |
| ९. | आयोजित गरिएको कार्यक्रममा | आयोजित शब्दले नै आयोजना गरिएको अर्थ बोध गराउँछ। | आयोजना गरिएको कार्यक्रममा /आयोजित कार्यक्रम |
| १०. | पराजित गरेको छ | पराजित शब्दले नै पराजय गरिएको अर्थ बोध गराउँछ। | पराजय गरेको छ |
| ११. | प्रायोजित गरिएको कार्यक्रममा | प्रायोजित शब्दले नै प्रायोजन गरिएको अर्थ बोध गराउँछ। | प्रायोजन गरिएको कार्यक्रममा |
| १२. | लक्षित गरिएको छ | लक्षित शब्दले नै लक्ष्य गरिएको अर्थ बोध गराउँछ। | लक्ष्य गरिएको छ |
| १३. | बहिष्कृत गरेको छ | बहिष्कृत शब्दले नै बहिष्कार गरिएको अर्थ बोध गराउँछ। | बहिष्कार गरेको छ |
| १४. | पुस्तकको विश्लेषित गरिएको छ | विश्लेषित शब्दले नै विश्लेषण गरिएको अर्थ बोध गराउँछ। | पुस्तकको विश्लेषण गरिएको छ |
| १५. | दललाई विभाजित गरेको आरोप लगाए | विभाजित शब्दले नै विभाजन गरिएको अर्थ बोध गराउँछ। | दललाई विभाजन गरेको आरोप लगाए |

भाषाको शुद्ध प्रयोगका लागि हिज्जे महत्त्वपूर्ण मानिन्छ। समाचारपत्रमा मात्रा र हिज्जेको सही प्रयोग नभएको पनि यत्रतत्र उदाहरण पाइन्छन्। ह्रस्व-दीर्घको समस्या, ब

र व, श, ष, स, य, ए, ऐ, इ, ई, चन्द्रविन्दु, अनुस्वर, हलन्त, पञ्चमवर्णको प्रयोग, रेफ आदिको उचित प्रयोग नभएका उदाहरण धेरै पाइन्छन्। केही उदाहरण तलको तालिकामा प्रस्तुत गरिन्छ-

**तालिका सङ्ख्या ५.९**

**अशुद्ध हिज्जेको समस्या**

| **क्र.स.** | **समाचारपत्र पाइने हिज्जे प्रयोग** | **भूल** | **सही प्रयोग** |
|---|---|---|---|
| १ | बिभाग, बिचार, बिश्व, पूर्ब, | व को स्थानमा ब | विभाग, विचार, विश्व, पूर्व |
| २ | उदेश्य, उद्धेश्य | द्द को स्थान द अथवा द्ध को प्रयोग | उद्देश्य |
| ३ | सामाग्री | म को स्थानमा आ मात्राको अतिरिक्त प्रयोग | सामग्री |
| ४ | लाइ | ई को स्थानमा इ को प्रयोग | लाई |
| ५ | शिर्ष, शिर्षक, समुह, जिवन, तिन, बिस, | दीर्घको स्थानमा ह्रस्व प्रयोग | शीर्ष, शीर्षक, समूह, जीवन, तीन, बीस |
| ६ | प्रयाश | स-को स्थानमा शको प्रयोग | प्रयास |
| ७ | कोशिश | स को स्थानमा श को प्रयोग | कोसिस |
| ८ | नौकरी | ओ मात्राको स्थानमा औ मात्राको प्रयोग | नोकरी |
| ९ | छन | न मा हलन्तको लोप | छन् |
| १० | दाजू, भाई, यती, शक्ती | ह्रस्वको स्थानमा दीर्घको प्रयोग | दाजु, भाइ, यति, शक्ति |
| ११ | सासन | श को स्थानमा स को प्रयोग | शासन |

वचनको प्रयोगमा समेत असावधानी देखिन्छ। जस्तै *सरकारी विभागहरूले अझै पनि कर कटौती गरिरहेको छ।*[११८] यहाँ धेरैवटा विभाग भएका कारण *क्रियापद गरिरहेका* छन् हुनुपर्ने तर एकवचन नै प्रयोग गरिएको छ। क्रियापदमा वचन परिवर्तन नगर्दा व्याकरणको नियम उल्लङ्घन भएको भेटिन्छ भने मानक भाषाको प्रयोगबाट पनि समाचारपत्र विमुख रहेका पाइन्छन्।

आदरार्थी प्रयोग गर्दा वचनमा हुनुपर्ने परिवर्तनप्रति पनि समाचारपत्र सचेत रहेको देखिँदैनन्। उदाहरणार्थ, *राज्यको वित्त सचिव एमजी किरणले.....*[११९] यहाँ सचिव पदलाई आदर गरेर *राज्यका* भनिनुपर्ने हो तर यसो गरिएको छैन।

पत्रकारिताको भाषा छोटो, मिठो र छरितो सँगसँगै सरल र सहज हुनुपर्छ। समाचारमा अनावश्यक शब्दको प्रयोगले भाषालाई स्वादिलो र सम्प्रेषणीय बनाउँदैन। सिक्किमका समाचारपत्रमा पत्रकारले अनावश्यक शब्द झुन्डयाएर भाषाको प्रभावकारिता गुमाएको देखिन्छ। *विगत २३ वर्षदेखि एसडीएफ सरकारले सिक्किमको विकास गरिरहेको छ।* यहाँ विगत शब्दको प्रयोग आवश्यक छैन, किनभने *२३ वर्षदेखि* भनी उल्लेख गरिएबाटै विगत बुझिन्छ।

प्रत्ययको प्रयोग समेत अशुद्ध रूपमा भएका पाइन्छन्।शब्दलाई सुन्दर र श्रुतिमधुर बनाउन प्रत्ययको भूमिका रहेको हुन्छ।यसर्थ समाचारपत्रमा प्रत्ययप्रति मोह अनि यसको सही ज्ञानको अभावका कारण मनपरी प्रत्ययको प्रयोग भएका पाइन्छन्। विशेषगरी 'ता' अनि 'य' प्रत्ययको प्रयोगमा असावधानीपूर्णक अनि भूल प्रयोग गरिएको

---

[११८] माला राणा पात्रो (सम्पा.) (३० मार्च, २०१३); **हिमाली बेला**, गान्तोक : अमित पात्रो, पृ. १।
[११९] पूर्ववत्।

देखिन्छ।प्रत्ययसम्बन्धी समाचारपत्रमा प्रयोग हुने केही उदाहरण तलको तालिकामा प्रस्तुत गरिएका छन्-

**तालिका सङ्ख्या ५.१०**

**समाचारपत्रमा लापर्वाहीपूर्वक प्रयोग हुने केही प्रत्यय**

| क्रसं | समाचारपत्रहरूमा पाइने अशुद्ध प्रयोग | शुद्ध प्रयोग |
|---|---|---|
| १ | सौन्दर्य + ता = सौन्दर्यता | सुन्दर + य = सौन्दर्य<br>सुन्दर + ता = सुन्दरता |
| २ | धैर्य + ता = धैर्यता | धीर + य = धैर्य<br>धीर + ता = धीरता |
| ३ | सौजन्य + ता = सौजन्यता | सुजन + य = सौजन्य<br>सुजन + ता = सुजनता |
| ४ | चातुर्य + ता = चातुर्यता | चतुर + य = चातुर्य<br>चतुर + ता = चतुरता |
| ५ | माधुर्य + ता = माधुर्यता | मधुर + य = माधुर्य<br>मधुर + ता = मधुरता |
| ६ | बाहुल्य + ता = बहुल्यता | बहुल + य = बाहुल्य<br>बहुल + ता = बहुलता |
| ७ | गाम्भीर्य + ता = गाम्भीर्यता | गम्भीर + य = गाम्भीर्य<br>गम्भीर + ता = गम्भीरता |

सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताका भाषामा एकरूपताको अभाव पाइन्छ।भिन्नभिन्न समाचारपत्रका भाषा प्रयोग अलगअलग रहेका पाइन्छन्।

**कञ्चनजङ्घा**-को भाषा प्रयोग **हिमाली बेला** र परवर्ती समाचारपत्रमा प्रयोग गरिएको भाषाभन्दा फरक देखिन्छ। यो भिन्नतालाई कालखण्डको भिन्नता मान्नसकिन्छ तर **हिमाली बेला** र **दैनिक आवाज** समकालीन भए तापनि पनि दुवैको भाषिक प्रयोगमा विविधता पाइन्छ। यसरी नै **हिमाली बेला, समय दैनिक, हाम्रो प्रजाशक्ति**-भाषामा पनि एकरूपता पाइँदैन।

समाचारपत्रमा भाषिक प्रयोगमा देखिएको भिन्नताको प्रमुख कारण नै समाचारपत्रको आफ्नो छुट्टै *भाषिक लेखनशैली* (स्टायल मेनुअल) नहुनु हो। कुनै पनि समाचारपत्रलाई पहिलो पृष्ठदेखि अन्तिम पृष्ठसम्म हेर्दा *भाषिक लेखनशैली*को अभाव स्पष्ट रूपमा अनुभव गर्नसकिन्छ। **समय दैनिक, हिमाली बेला** र **हाम्रो प्रजाशक्ति**-को पहिलो पृष्ठमा जुन भाषाशैलीको प्रयोग भएको पाइन्छ त्यसभन्दा भिन्नै भाषाशैलीको प्रयोग अर्को पृष्ठमा प्रकाशित सामग्रीमा स्पष्ट देखिन्छ। यसको प्रमुख कारण समाचारपत्रले कतिपय समाचार, लेख, रचना आदि वेभसाइटबाट साभार गर्ने, अनुवाद गर्ने गरेका कारण एकै दिनको समाचारपत्रमा नै भाषिक एकरूपता देखिन्न। समाचारमा पनि कतिपय समाचार हिन्दीबाट अनुवाद गरिएको हुँदा हिन्दी शैलीबाट प्रभावित देखिन्छ। अतः पत्रकारितामा शुद्ध व्याकरणसम्मत मानक भाषा प्रयोगका लागि आधिकारिक भाषिक लेखनशैलीको आधार हुनपर्ने बोध गरिन्छ।

अर्कोतिर, पत्रकारहरूमा नेपाली भाषा र व्याकरणको अल्पज्ञान र परम्परिक प्रयोगप्रतिको मोहका कारण पनि नेपाली पत्रकारिताको भाषाशैलीमा नकारात्मक प्रभाव पारिरहेको देखिन्छ। समाचारपत्रमा कार्यरत पत्रकार, कतिपय स्थानमा सम्पादक आफू व्यावसायिक नभई लहडमा आई समाचारपत्र सम्पादन गर्ने क्रममा भाषाको मानक

परम्परा, प्रचलन र प्रयोगसम्बन्धी ज्ञानाभावका कारण पनि व्याकरणिक त्रुटी र अन्य समस्या बढेको देखिन्छ। यस विषयमा *साङ्ग्रिला टाइम्स*-का सम्पादक डुकनाथ नेपालले स्पष्टसँग भनेका छन्- *हाम्रो काम सूचनाको सम्प्रेषण गर्नु हो, मानिसलाई समाचार दिनु, सूचना र जानकारी उपलब्ध गराउनु हो, भाषा सिकाउनु होइन। यसैले समाचारपत्रमा हामी ह्रस्व, दीर्घको झमेलामा पर्न चाहँदैनौं।*[१२०]

अतः सिक्किमका समाचारपत्रमा भाषाको प्रयोगमा विविधता पाइन्छ। **कञ्चनजङ्घा**-देखि लिएर वर्तमानसम्मका साप्ताहिक, दैनिक समाचारपत्रका भाषाशैली हेर्दा पत्रकारमा भाषिक सचेतनाको अभाव स्पष्ट देखिन्छ। लेखनशैलीको अभाव र पत्रकारमा विद्यमान भाषिक अल्पज्ञानले नेपाली पत्रकारिताको भाषा खस्कँदो अवस्थामा रहेको तथ्य स्पष्ट हुनआउँछ।

### ५.१.७ सामाजिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण

लोकतान्त्रिक गणतन्त्र भारतको पूर्वोत्तरमा अवस्थित सिक्किम एउटा सुन्दर र शान्त हिमाली राज्य हो। १५ मई, १९७५ सम्म एउटा स्वतन्त्र राष्ट्र रहेको सिक्किम १६ मई, १९७५-मा भारतीय महासङ्घमा जनमत सङ्ग्रहद्वारा विलय भएको हो। तीनवटा अन्तर्राष्ट्रिय सिमानाले घेरिएको सिक्किमको पूर्वमा भुटान र तिब्बत (चीन), उत्तरमा तिब्बत (चीन) र पश्चिममा नेपाल राष्ट्र रहेका छन् भने दक्षिणमा भारतको पश्चिम बङ्गाल राज्यको कालेबुङ जिल्ला अवस्थित रहेका कारण यो भूपरिवेष्ठिट राज्य हो।

---

[१२०] डुकनाथ नेपालद्वारा २००८, दिसम्बर, १९-मा नेपाली साहित्य परिषद्, सिक्किम भवनमा प्रेस क्लबद्वारा आयोजित कार्यशालामा दिइएको मन्तव्यबाट।

नेपाली, लेप्चा र भोटिया सिक्किमका मूल निवासी हुन् भने भारतीय मूलका बिहारी, मारवाडी, बङ्गाली, पञ्जाबीलगायत अन्य भाषी तथा जाति पनि धेरै अघिदेखि सिक्किममा रही व्यापार-वाणिज्य तथा रोजगार गर्दै आएका छन्। सिक्किमको सम्पर्क भाषा नेपाली हो भने यहाँका राज्य भाषाका रूपमा भोटिया, लेप्चा, लिम्बू, राई, मगर, सुनुवार, तामाङ, नेवार, शेर्पा, र गुरुङ भाषाले मान्यता प्राप्त गरे तापनि शतप्रतिशत सिक्किमे जनताले बोल्ने भाषा नेपाली रहेको छ। सिक्किममा हिन्दू, बौद्ध, इसाई, युमा, इस्लाम आदि धर्म मान्ने मानिस निवास गर्दछन्। सिक्किममा विभिन्न धर्म र जातका मानिस भए तापनि यहाँ सबै जातिका चाडपर्व र उत्सवलाई सबैले सद्भावपूर्वक मनाउने परम्परा छ।

सिक्किममा सबै सरकारी कामकाज आज अङ्ग्रेजी भाषामा भए तापनि नेपाली भाषा जनमानससम्म पुग्ने, यही भाषा बोलेर चुनाउमा जाने र सरकार बनाउने, सरकारका विभिन्न कार्यक्रम र नीतिलाई जनमानसमा पुऱ्याउने माध्यम भाषा हो। अधिकांश सिक्किमबासीले नेपाली भाषा लेख्नपढ्न सक्ने भएकाले जनसञ्चार माध्यमले नेपाली भाषालाई नै अँगालेको पाइन्छ। नेपाली भाषामा यहाँबाट दैनिक समाचारपत्र, साप्ताहिक समाचारपत्र, मासिक पत्रिका, समसामयिक पत्र-पत्रिकाको प्रकाशन, आकाशवाणीको प्रसारण, दूरदर्शनको प्रसारण, एफएम च्यानलको प्रसारण, केवल टेलिभिजन च्यानल तथा समाचारको प्रसारण, नयाँ मिडिया अथवा डिजिटल मिडियाको प्रसारण आदि हुने हुँदा स्थानीय समाजमा नेपाली भाषाको प्रयोग प्रभावकारी देखिन्छ।

लामो समयसम्म सिक्किममा नामगेल वंशको राजपरम्परा रहेको हुँदा नेपाली भाषा सम्पर्क भाषा भए तापनि यसको विकासमा चुनौतीहरू प्रशस्त थिए। सन् १९२० का

दशकदेखि सिक्किममा नेपाली भाषाको पठनपाठन थालनी भएपछि यसले विकासको गति लिएको हो।

सन् १९२६-मा सिक्किमका आदिपत्रकार मान्नुपर्ने मानवीरसिंह रसाइलीले भारतको देहरादूनबाट प्रकाशित **गोर्खासंसार**-मा प्रकाशित गरेको फिचर लेख *बाल शिक्षा प्रबन्ध*-बाट सिक्किममा पत्रकारिताको पृष्ठभूमि तयार भएको हो। उक्त फिचर लेखबाट तत्कालीन नेपाली समाजको सामाजिक अवस्थालाई बुझ्न सकिन्छ। नेपाली जाति भारी बोक्ने तथा अन्य तल्ला दर्जाको काम गर्ने जातिका रूपमा चिनिएको तथा यस जातिमा शिक्षाको प्रचार-प्रसार नभएको बुझिन्छ।[१२१] रश्मीप्रसाद आलेका अनुसार सन् १९२०-का दशकको थालनीसम्म सिक्किममा नेपाली भाषामा शिक्षाको कुनै व्यवस्था नै थिएन।[१२२]

सन् १९२६-मा मानवीरसिंह रसाइलीले पत्रकारिता जगत्मा प्रवेश गरेपछि क्रमशः सिक्किमका अन्य युवाले पनि पत्रकारितामा प्रवेश गर्न आरम्भ गरे। सन् १९५० सम्ममा काशीराज प्रधान, चन्द्रदास राई, बीबी गुरुङ जस्ता युवाले भारतका विभिन्न समाचारपत्रका लागि संवाददाताको रूपमा काम गर्न थालिसकेका थिए। सन् १९५०-सम्ममा भारतबाट प्रकाशित हुने अङ्ग्रेजी **अमृताबजार पत्रिका, टाइमस् अफ् इन्डिया, द स्टेटमेन्टस्, द हिन्दू, हिन्दुस्तान टाइमस्, इन्डियन एक्सप्रेस** आदि हिन्दीमा **नवभारत, दैनिक भास्कर. अमर उजाला** आदि अनि नेपालीका **गोर्खासंसार, उदय, गोर्खा** आदि

[१२१] मानवीरसिंह रसाइली (३० नोभेम्बर, १९२६); *बाल शिक्षा प्रबन्ध,* ठाकुर चन्दनसिंह (सम्पा.), **गोर्खा संसार**, देहरादून: वर्ष १, किरण ४, पृ. १२।

[१२२] रश्मीप्रसाद आले (सन् २००४); *सुख्खिममा नेपाली शिक्षाको शिलान्यास तथा प्रचार,* पवन चामलिङ 'किरण' (सम्पा.) **निर्माण**, नाम्ची: निर्माण प्रकाशन, वर्ष वर्ष २६, अङ्क ४०, पृ. १२४-१२८

विभिन्न समाचारपत्र सिक्किममा आयात गरिन्थ्यो। सिक्किमको समाजमा समाचारपत्र प्रचार हुनथालेको सम्बन्धमा सन् १९५१-मा कृपाशाल्याण राईद्वारा लिखित **क्रन्दन** काव्यको निम्न श्लोकमा समाचारपत्र पढ्न आग्रह गरिएकोबाट पुष्टि हुन्छ-

*खबर पढे जान्नेछौ तिमी संसारको सबैहाल*

*इतिहास पढे जान्नेछौं सबै बाजेको बितचाल। ।*[१२३]

सन् १९५७-मा सिक्किमको पहिलो समाचारपत्र **कञ्चनजङ्घा**-को प्रकाशन हुँदा सिक्किम न्यून साक्षरता दर भएको राष्ट्र थियो। सन् १९५१-को जनगणनाअनुसार सिक्किमको जनसङ्ख्या १३७,७२५ रहेको थियो भने सारक्षरता दर ६.५८ प्रतिशत मात्र थियो। **कञ्चनजङ्घा**-को प्रकाशनले सिक्किममा प्राज्ञिक समाजको निर्माण गर्न तथा सर्वसाधारण जनतामा वैश्विक गतिविधिका जानकारीसहित आफ्ना राष्ट्रमा भइरहेका विभिन्न क्रियाकलापसितै विभिन्न लेखरचना, साहित्यिक रचना अनि सम्पादकीय लेखबाट समाजका विसङ्गति, विकृति, समाजमा भइरहेको उत्पीडन, अन्याय, अत्याचार, भेदभाव विषयमा जानकारी दिँदै जनतालाई आफ्नो हक-अधिकार, कर्तव्य र जिम्मेवारीप्रति सचेत गर्न अहम् भूमिका निर्वाह गरेको देखिन्छ। यसले समाजमा विद्यमान विभिन्न समस्या, चुनौती, सरकारका निर्णय, नीति, नियम, कानुन, राजनीतिक अधिकार आदि विषयमा जनचेतनाको विस्तार गर्दै जनमत र जनविचार सिर्जना गरेर जनतालाई लोकतन्त्रका निम्ति अघि आउन अभिप्रेरित गरेको देखिन्छ।

[१२३] कृपाशाल्याण राई (सन् १९५१); *क्रन्दन*, पवन चामलिङ 'किरण'(सम्पा.) **निर्माण**, नाम्ची : निर्माण प्रकाशन, वर्ष वर्ष २६, अङ्क ४०, पृ. १००।

समाजमा विद्यमान अशिक्षा, अन्धविश्वास, कुरीति, कुथीति, कुसंस्कार आदिलाई निर्मूल पार्नका निम्ति सर्वसाधारणलाई तयार गर्न पनि यस पत्रिकाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। लैङ्गिक समानता, जातीय भेदभाव, छुवाछुत, बालविवाहजस्ता समाजका कुरीतिलाई समेत समाप्त गर्नुपर्छ भन्ने भावना सिर्जना गर्न पनि **कञ्चनजङ्घा**-ले महत् भूमिका निर्वाह गरेको अनुभव हुन्छ।

राज्यको विकासका निम्ति सरकारलाई विभिन्न सुझाउ दिनु तथा सरकारका के कस्ता विकासमूलक कार्यक्रमहरू छन् त्यस विषयमा पनि जनतालाई अवगत गराउनका लागि **कञ्चनजङ्घा**-सितै सरकारको मुखपत्र **सिक्किम हेराल्ड**-ले अहम् भूमिका निर्वाह गरेका थिए। **कञ्चनजङ्घा**-ले सरकारलाई सुझाउ दिने सहास राखेको थियो भने **सिक्किम हेराल्ड**-ले सरकारका विकासमूलक कार्यक्रमलाई जनतासमक्ष पुऱ्याउने उत्तरदायित्व वहन गरेको थियो।

राजतन्त्रकालीन सिक्किममा जनतालाई अभिव्यक्तिको स्वतन्त्रता थिएन। जनताले चाहेका सबै कुरा खुलेर भन्न सक्दैन थिए। पत्रकारले पनि समाचार बनाउँदा अथवा कुनै लेख तयार गर्दा कतै यसले आफ्नो जीवनलाई त अफ्ठ्यारो स्थितिमा पार्ने त होइन भन्ने कुरोको हेक्का राख्नु पर्थ्यो।[१२४] यस्तो प्रतिकूल परिस्थितिमा पत्रिकाले ठुलो सामाजिक परिवर्तन ल्याउन सक्ने सम्भावना थिएन। धेरैजसो जनसङ्ख्या गाउँमा थियो, अधिकांश मानिस अझिक्षित थिए तथापि तत्कालीन परिस्थितिमा समाचारपत्रहरूले सुतेको समाजलाई जगाउन जुन भूमिका निर्वाह गऱ्यो त्यो सराहनीय छ।

[१२४] वरिष्ठ पत्रकार तादोङ निवासी सीडी राईबाट प्राप्त जानकारी।

प्रकाशनको दुई वर्ष अवधि पूरा भएपछि बन्द भएको **कञ्चनजङ्घा** पुनः सन् १९६२-मा प्रकाशित हुनमा पाठक समाजको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको देखिन्छ। पाठकवर्गको मागका कारणले नै सन् १९६२-मा काशीराज प्रधानले **कञ्चनजङ्घा**-को पुनः प्रकाशन गरे। अर्कोतिर, सिक्किमको समाजमा जनचेतना ल्याउन तथा विभिन्न राजनीतिक दलका कार्यक्रमको प्रचार गरी सिक्किमे जनतालाई मानसिक रूपमा लोकतन्त्रका निम्ति सङ्घर्ष गर्न अभिप्रेरित गर्नमा यस पत्रिकाले निर्वाह गरेको भूमिका महत्त्वपूर्ण देखिन्छ।

सन् १९७५-मा सिक्किम भारतीय महासङ्घमा विलय हुनसाथै लोकतान्त्रिक परिवेशमा भारतको संविधानले सुनिश्चित गरेको अभिव्यक्तिको स्वतन्त्रताको परिणामस्वरूप सिक्किमबाट समाचारपत्रको प्रकाशमा जुन वृद्धि आयो त्यसले सिक्किमे समाजलाई शिक्षित, जागरूक बनाउँदै सचेत तुल्याउनमा सफलता पाएको देखिन्छ।

गाउँका समस्या राजधानीसम्म पुग्दैन थिए, जनताका गुनासा र समस्या सरकारसमक्ष पुग्दैन थिए। तर पछिबाट पत्रकारिताको विकास सँगसँगै गाउँका विविध समस्या र गुनासोले समाचारपत्रमा स्थान पाउन थाले भने सरकारका विभिन्न कार्यक्रम, योजना पनि सहजै ग्रामीण जनतासमक्ष पुग्न सफल भए। राज्यको विकास, शिक्षाको विस्तार र पत्रकारिताको प्रचार-प्रसारका कारण सिक्किमको साक्षरता दरमा पनि उल्लेख्यनीय वृद्धि हुन गयो। तलको तालिकामा सिक्किमको जनसङ्ख्या र साक्षरता दर प्रस्तुत छ-

तालिका सङ्ख्या ५.११

**सिक्किमको सारक्षरता दर**

| वर्ष | जनसङ्ख्या | साक्षरता दर (प्रतिशतमा) |
|---|---|---|
| १९५१ | १३७,७२५ | ६.५८ |
| १९६१ | १६२,१८९ | अप्राप्य |
| १९७१ | २०९,८४३ | १७.७४ |
| १९८१ | ३१६,३८५ | ३४.०५ |
| १९९१ | ४०६,४५७ | ५६.९४ |
| २००१ | ५४०,८५१ | ६८.८१ |
| २०११ | ६१०,५७७ | ८१.४२ |

*स्रोतः भारतको जनगणना*

माथिका तालिकाअनुसार सन् १९५१-मा सिक्किमको साक्षरता दर ६.५९ प्रतिशत रहेको थियो भने लोकतन्त्रकालको प्रारम्भ सन् १९८१-मा नै सिक्किमको साक्षरता दर ३४.०५ प्रतिशत पुगेको थियो। सन् २०११-मा आइपुग्दा सिक्किमको साक्षरता दर ८१.४२ प्रतिशत पुग्यो जो राष्ट्रिय साक्षरता दर ७४.०४ भन्दा ७.३८ प्रतिशत धेरै रहेको छ। सिक्किम साक्षरता दरको मामिलामा १३ औं स्थानमा रहेको छ।[१२५]

राज्यबाट प्रकाशित समाचारपत्रले राज्य निर्माण प्रक्रियामा अहम् भूमिका निर्वाह गर्ने प्रयास गर्दै आइरहेका छन्।**हिमाली बेला, दैनिक आवाज, हाम्रो प्रजाशक्ति, समय दैनिक**जस्ता दैनिक समाचारपत्र तथा **विचार, गान्तोक, स्वतन्त्र समाचार, दर्पण, युगधारा, रिनाकपूर्व, नयाँ क्षीतिज**जस्ता साप्ताहिक समाचारपत्रले सूचना मात्र सम्प्रेषण गरेनन् आफ्नो सामाजिक उत्तरदायित्वलाई पनि निर्वहन गर्ने प्रयास गरे।पत्रकारितालाई समाजको सुरक्षा

[१२५] भारतको जनगणना २०११, http://**www.census.co.in**/literacy.php. (२२ सितम्बर, २०१६)

र प्रगतिको दायित्वपूर्ण कर्म ठान्दै यी समाचारपत्रले सिक्किमे समाजको विकास, प्रगति र जनताका समस्याको निराकरणको मार्ग खोज्न सर्वसाधारणलाई सहयोग गरिरहेका छन्।

**हिमाली बेला, समय दैनिक**जस्ता दैनिक समाचारपत्रले ग्रामीण पत्रकारिता र विकास पत्रकारितालाई उच्च प्राथमिकता दिएर सिक्किमका दुर्गम र अविकसित गाउँ विकासका लागि, त्यहाँका जनताका विभिन्न समस्याका निवारणका निम्ति जनताको आवाज बनेर आफ्नो सामाजिक उत्तरदायित्व निर्वहन गर्नमा सफल देखिन्छन्। **हाम्रो प्रजाशक्ति**लगायत कतिपय समाचारपत्रले सरकार, राजनीतिक दल, राजनीतिक नेता, पञ्चायत, प्रशासनिक अधिकारीका कमी-कमजोरी, उत्तरदायित्वविहीन प्रवृत्ति, भष्ट्राचारजस्ता सामाजिक, राजनीतिक, प्रशासनिक, आर्थिक मुद्दालाई उठान गर्दै समाज र जनताको पहरेदारको भूमिका निर्वाह गरेका देखिन्छन्।

समाजको रूपान्तर, परिवर्तन र अग्रगमनमा व्यावसायिक पत्रकारिताको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता यस दिशामा निकै सक्रिय देखिन्छ।**समय दैनिक**-ले केन्द्रीय माध्यमिक शिक्षा बोर्डको परीक्षाफल प्रकाशित गरेर विद्यार्थीमाझ मात्र होइन विद्यालय र शिक्षकमाझ पनि अघोषित प्रतिस्पर्धाको भावना सिर्जना गऱ्यो, जसले दसौं र बाह्रौं श्रेणीको बोर्ड परीक्षाफलमा उल्लेखयोग्य सुधार आएको देखिन्छ।

राज्यका विभिन्न स्थानमा रहेका प्रतिभालाई परिचित गराउन तथा उनीहरूको मनोबल बढाउन पनि पत्रकारिताको भूमिका महत्त्वपूर्ण रहेको छ। सर्वसाधारणसित रहेका गीत, सङ्गीत, नृत्य, साहित्य, खेलकुदका साथसाथै लोककला-कौशल र शिल्पकलासितै कतिपय असामान्य कला र प्रतिभालाई समेत व्यावसायिक पत्रकारिताले

जनसमक्ष परिचित गराएर उनीहरूलाई स्थापित गराउनमा तथा राष्ट्रियस्तरसम्म पुऱ्याउनमा अहम् भूमिका निर्वाह गर्दै आएको छ।

अपराध नियन्त्रण गर्न तथा अपराधबारे समाजलाई सचेत गराउन पनि सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको अहम् भूमिका देखिन्छ। समाजमा व्याप्त विभिन्न आपराधिक क्रियाकलापलाई समाचारका माध्यमबाट जनमानसमा पुऱ्याएर एकातिर सर्वसाधारणलाई यस्ता अपराधबारे सचेत गराएको पाइन्छ भने अर्कातिर प्रशासनलाई यस्ता अपराधबारे जानकारी दिएर अपराध नियन्त्रण गर्न सहयोग गरेको छ। राज्यमा हुने अनैतिक किसिमका नशालु पदार्थ सेवन र दूर्व्यवसनबाट युवा समाजलाई टाढा राख्नका लागि पत्रकारिताको प्रयास सराहनीय देखिन्छ। मानव तस्करी, चोरीजस्ता अपराधसितै आत्महत्याका समाचार प्रकाशनमा ल्याएर यस्ता घटनाबारे जनसाधारणलाई चिन्तन गर्न र यसको रोकथामका लागि प्रयास गर्न पनि अभिप्रेरित गरेको देखिन्छ।

समाचारपत्रले बिरूवा रोपन, राज्य हरित अभियान, १० मिनट पृथ्वीका लागि, निर्मल ग्राम, स्वच्छता अभियान, स्वच्छ भारत अभियान, रक्तदानजस्ता सामाजिक क्रियाकलापका समाचारहरू प्रसारित गरी सर्वसाधारणलाई यस्ता कार्यक्रममा अंशग्रहण गर्न अभिप्रेरित गर्दछन्, जसले राज्यको पर्यावरण संरक्षणमा अहम् भूमिका निर्वाह गर्दछ। बितेको दुई दशकमा सिक्किमको वन्यक्षेत्रमा उल्लेख्यनीय वृद्धि भई ४७.८ प्रतिशत भूभाग वन्यक्षेत्रमा रूपान्तरित भएको तथ्यले यसलाई प्रमाणित गर्दछ।[१२६] यसरी नै स्वच्छताको प्रसङ्गमा सिक्किमले सन् २०१३-मा नै पहिलो निर्मल राज्य पुरस्कार प्राप्त गरेको

[१२६] http://**www.sikkimforest.gov.in**/Forest.htm. (२२ सितम्बर, २०१७)।

हो।[१२७] जनसहभागिताबिना राज्यले उक्त उपलब्धि प्राप्त गर्ने कुनै सम्भावना थिएन र यस कार्यमा पत्रकारिताको भूमिका अत्यन्त महत्त्वपूर्ण देखिन्छ।

सन् २००३-मा सिक्किमलाई जैविक राज्य बनाउने राज्य सरकारले महत्त्वाकांक्षी योजना बनायो। जैविक राज्य र जैविक खेतीबारे त्यस बेला सिक्किमका किसान अनभिज्ञ नै थिए।जैविक खेतीका लाभ, पद्धति, विधि, प्रमाणीकरण प्रक्रिया, जैविक उत्पादनका बजार आदिबारे सर्वसाधारणलाई सचेत गर्ने दायित्व पनि राज्यको व्यावसायिक पत्रकारिताले लिएर किसानलाई जैविक खेतीतर्फ अभिप्रेरित गर्न अहम् भूमिका निर्वाह गऱ्यो र सन् २०१६ मा सिक्किम भारतकै पहिलो जैविक राज्य बन्न सफल भयो।[१२८]

जनमानसमा स्वस्थ्यसम्बन्धी विभिन्न खबर पुऱ्याएर सिक्किमको नेपाली पत्रकारिताले सचेत गराउने प्रयास गरेको देखिन्छ। एड्स, क्यान्सर, क्षयरोग, डेङ्गु, मलेरिया, स्वाइनफ्लू, बर्डफ्लू, प्लेग, कुष्ठरोग, पोलियो, मानसिक रोग र तनाउ आदि रोगबारे अनि टीकाकरण अभियानबारे समय समयमा व्यावसायिक पत्रकारिताले जानकारी दिँदै यस्ता रोगका रोगथामका लागि प्रयास गर्न र सही जानकारी दिएर सचेत गर्न अहम् भूमिका निर्वाह गर्दै आएको छ। यसका साथै सरकारबाट उपलब्ध गराइएका स्वास्थ्य सुविधाको लाभ उठाउने र स्वास्थ्यसम्बन्धी के कस्ता योजना बनाइएका छन् त्यस बारे पनि जानकारी दिएर जनतालाई सचेत गर्ने प्रयास पत्रकारिता जगत्ले गरेको छ।

सिक्किमेली समाजमा अध्ययन-संस्कृतिको विकास र विस्तार गर्न पनि समाचारपत्रको महत्त्वपूर्ण भूमिका देखिन्छ। समाचारपत्रका बिक्री-वितरणमा आएको

---

[१२७] http://**www.igovernment.in**/articles/21805/sikkim-bags-first-nirmal-rajya-puruskar. (२२ सितम्बर, २०१७)।

[१२८] **www.sikkimorganicmission.gov.in.** (२२ सितम्बर, २०१७)।

वृद्धिले अध्ययन संस्कृतिको वृद्धिलाई पनि देखाउँदछ, जसलाई तलको तालिकामा प्रस्तुत गरिन्छ-

**तालिका सङ्ख्या ५.१२**

**सिक्किमका समाचारपत्रको दैनिक बिक्री वितरण र जनसङ्ख्या**

| **क्रसं** | **समाचारपत्र** | **२०१५-२०१६** |
|---|---|---|
| १ | समय दैनिक | ५७,०५२ |
| २ | हाम्रो प्रजाशक्ति | ५६,११९ |
| ३ | हिमाली बेला | ३७,७४२ |
| ४ | साङ्ग्रीला टाइम्स | २७,४४७ |
| ५ | दैनिक मिरमिरे | ३९,७३५ |
| ६ | सिक्किम दर्पण | ३,००० |
| ७ | अन्य समाचारपत्र | ४०,००० |
| | **कूल** | **२,६१,०९८** |
| ८ | सिक्किमको जनसङ्ख्या (सन् २०११) | ६१०,५७७ |

*स्रोतः आरएनआई, आपीआर र भारतको जनगणना*

सिक्किमको जनसङ्ख्याको आधारमा ४२.७६ प्रतिशत मानिसमा समाचारपत्र दैनिक रूपमा पुगिरहेका हुन्छन्। एउटा समाचारपत्र केवल एकजना व्यक्तिले मात्र पढ्ने वस्तु होइन अनि कतिपय मानिसले एकभन्दा धेरै समाचारपत्रहरू पढ्ने गर्दछन् तर यसमा अङ्ग्रेजी, हिन्दी र अन्यभाषाका समाचारपत्रहरू पनि हुन्छन्। समाचारपत्र अध्ययन-संस्कृतिलाई बुझ्नका लागि १५० जना पाठकमा गरिएको अनियमित (र्‍यान्डम) सर्वेक्षणअनुसार सिक्किममा एउटा नेपाली समाचारपत्र औसत तीनजना पढ्ने गर्दछन्। ७.३ प्रतिशतले तीनवटा समाचारपत्र लिने गर्दछन्, १२ प्रतिशतले दुईवटा समाचारपत्र,

२३.३३ प्रतिशतले एउटा मात्र समाचारपत्र पढ्ने गर्दछन्। ५६ प्रतिशतले नेपाली र अङ्ग्रेजी समाचारपत्र पढ्दछन्, १८.६६ प्रतिशतले केवल अङ्ग्रेजी समाचारपत्र मात्र पढ्छन् भने ४.६ प्रतिशतले हिन्दी समाचारपत्र, २ प्रतिशतले बङ्गला समाचारपत्र, ५७.३ प्रतिशतले पाठकले कुनै पनि समाचारपत्र खरिद गर्दैनन्। (हेर्नुहोस् परिशिष्ट ७)

एकजनाले क्रय गरेको समाचारपत्र औसत तीजनाले पठन गर्दा सिक्किमको लगभग ८८ प्रतिशत जनसङ्ख्याले नेपाली समाचारपत्र पढ्ने गर्दछन्। सन् १९५७-देखियता समाचारपत्रका पाठकको सङ्ख्या वृद्धिले राज्यमा समाचारपत्रद्वारा अध्ययन-संस्कृतिको विकासमा महत् भूमिका निर्वाह गरेको पुष्टि हुन्छ।

अतः राज्यको विकास, जनचेतना, सूचनाको सम्प्रेषण, अवसर विषयक जानकारी दिनका साथै नागरिकलाई सचेत र सजग गरी समाजलाई अग्रगमन र बौद्धिक तथा सचेत समाजका रूपमा रूपान्तरित गर्न सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता क्रियाशील देखिन्छ।

### ५.१.८ राजनीतिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण

पत्रकारितालाई लोकतन्त्रको चौथो स्तम्भ मानिन्छ। लोकतन्त्र राजनीतिसित प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ। यसैले पत्रकारिता र राजनीति एकार्काका सम्पूरक हुन्। राजनीति समाजको सङ्गठित जीवनको सर्वाधिक महत्त्वपूर्ण क्रियाकलाप हो। अर्का अर्थमा भन्नु हो भने राज्यको शासन व्यवस्था, सरकार, सत्ता, प्रशासन, नीति, नियम, कानुन, संविधान, जनसुरक्षा, जनकल्याण, जनविकास, राज्यको विकास आदि जस्ता कार्यक्षेत्रमा राजनीतिको गहन भूमिका हुन्छ र त्यस भूमिकालाई जनसमक्ष जानकारी गराउनमा पत्रकारिताले जिम्मेवारी वहन गरेको हुन्छ। राजनीतिसित प्रत्येक नागरिकको जीवन र

कर्म प्रत्यक्ष र परोक्ष रूपमा जोडिएको हुन्छ। त्यही राजनीति सम्बद्ध जीवनलाई पत्रकारिताले सञ्चार गरेको हुन्छ।

पत्रकारिता र राजनीति समानान्तर रूपमा हिँडेको प्रतीत हुन्छ। पत्रकारिता र राजनीतिको सम्बन्धलाई अङ्ग्रेजी वर्णमालाको **'एच'** (H) अक्षरसित दाँजेर हेर्न सकिन्छ। **एच**का दुई ठाडो रहेका रेखालाई 'पत्रकारिता' र 'राजनीति' मानेर माझको तेर्सो रेखालाई यी दुईलाई जोड्ने 'पुल' को रूपमा हेर्नसकिन्छ। उक्त पुलले दुवैलाई जोड्ने काम गरेको हुन्छ। राजनीतिलाई पनि पत्रकारिताको खाँचो पर्दछ अनि पत्रकारिताका लागि राजनीति सबैभन्दा धेर चासोको विषय पनि हो।

सिक्किममा व्यावसायिक पत्रकारितासित राजनीतिको गहिरो सम्बन्ध रहेको पाइन्छ। यस सन्दर्भमा राजनीतिसित प्रत्यक्ष सम्बद्ध रहेका केही प्रतिनिधि पत्रकारका राजनीति र पत्रकारितासँगको अन्तर्सम्बन्धलाई चर्चा गर्नु प्रासाङ्गिक हुनेछ।

सिक्किमको पहिलो समाचारपत्रका रूपमा प्रकाशित **कञ्चनजङ्घा**-का प्रकाशक एवम् सम्पादक काशीराज प्रधान अनि नहकुल प्रधान राजतन्त्रकालीन सिक्किमका राजनीतिक व्यक्तित्व थिए। दुवैजना सिक्किम स्टेट कङ्ग्रेस पार्टीबाट सन् १९५३ र १९५८-को चुनाउमा जितेर पार्षद् (काउन्सिलर) बनेका थिए। काशीराज प्रधान कार्यकारी पार्षद (मन्त्री) बने अनि उनका अधीनमा शिक्षा, आबकारी, यातायात र जनकार्य विभाग थिए।[१२९]

[१२९] तुलसीराम शर्मा 'कश्यप', (सन् १९९६); **सिक्किम हिजोदेखि आजसम्म**, गान्तोक : आँकुरा प्रकाशन, पृ.११७-१२४।

लोकतन्त्रकालमा **आजको सिक्किम** समाचारपत्रका प्रकाशक एवम् सम्पादक दिलकुमारी भण्डारी पनि राजनीतिक व्यक्तित्व हुन्। सिक्किम सङ्ग्राम परिषद् पार्टीसित आबद्ध अनि सन् १९८५ र १९९१ —मा सम्पन्न लोकसभा चुनाउमा विजयी सांसदका रूपमा उनको राजनीतिक जीवनलाई हेर्न सकिन्छ।

भारतको पहिलो दैनिक **आजको सिक्किम** समाचारपत्रका प्रकाशक-सम्पादक वाई एन भण्डारी पनि राजनीतिसित जडित व्यक्तित्व थिए। उनी झुल्के घाम पार्टीबाट तीनपल्ट विधानसभा चुनाउमा उम्मेदवार रहेका थिए।

**हाम्रो प्रजाशक्ति**-का प्रकाशक एवम् सम्पादक अञ्जन उपाध्याय भारतीय मार्क्सवादी कम्युनिष्ट पार्टीका सक्रिय सदस्य हुन्।

**समय दैनिक**-का प्रथम प्रकाशक सीबी कार्की अनि वर्तमान प्रकाशक एस के प्रधान पनि सिक्किम डेमोक्रेटिक फ्रन्ट (एसडीएफ) पार्टीका नेता हुन्। सी बी कार्की दुईपल्ट विधायक निर्वाचित भए भने सन् २००९-मा उनी मन्त्री परिषद्का सदस्य पनि रहे। एस के प्रधान पूर्वविधायक एवम् एसडीएफ पार्टीका महासचिव तथा पछि उपाध्यक्ष पद रहेर सक्रिय राजनीतिमा संलग्न छन्।

विधानसभा चुनाउ र लोकसभा चुनाउमा उम्मेदवार रहिसकेका **साङ्ग्रिला टाइमस्**-का प्रकाशक-सम्पादक डुकनाथ नेपाल सिक्किम लिबरेसन पार्टीका प्रमुख संयोजक हुन्।

राजतन्त्रकालमा एक्लो **कञ्चनजङ्घा** मात्र समाचारपत्र रहेको हुँदा त्यसले तत्कालीन राजनीतिक गतिविधिलाई नजिकबाट हेर्ने चेष्टा गरेको पाइन्छ। यसको पहिलो अङ्कमा नै राजनीतिक दलसित सम्बन्धित चारवटा समाचार प्रस्तुत भएको थियो भने तेस्रो अङ्कमा *राजनीतिमा साम्प्रदायिकता* शीर्षकको सम्पादकीयका माध्यमबाट

राजनीतिमा साम्प्रदायिकताको प्रवेश उचित होइन भन्ने विचार प्रकट गर्दै सिक्किमको राजनीतिलाई साम्प्रदायिकतादेखि पृथक राख्न दलहरूलाई सुझाउ दिएको थियो।[१३०]

तत्कालीन परिस्थितिमा सिक्किममा लोकतन्त्र स्थापनाका लागि **कञ्चनजङ्घा**-ले ठुलै साहसिक प्रयास गरेको देखिन्छ। बहुसङ्ख्यकको हित र अल्पसङ्ख्यकको सुरक्षा सुनिश्चित गर्दै राज्यले प्रतिपादित गरेका नियम लोकतान्त्रिक हुनुपर्छ भन्ने ध्येय यस पत्रिकाको रहेको थियो। यसको छैटौँ अङ्कमा प्रकाशित *सिक्किमको दोस्रो चुनाउ* शीर्षकको सम्पादकीयमा परिषद्को सिट वितरणमा देखिएका असमानता एवम् प्यारेटी प्रणालीको विरोध र लोकतन्त्रका पक्षमा राखेको तर्कको एक अंश यस्तो छ-

> **बितेको सन् १९५३ सालको चुनाउमा भोटरहरूको लिष्टमा प्रायः ६०,००० भोटरमध्ये प्रायः १२००० भोटे-लाप्चे र प्रायः ४८,००० अरू भोटर भएको हो तर काउन्सिलको सीट बाँडिएका छन्- आधा भोटे-लाप्चे र आधा नेपालीलाई भनेर। यो कुनै प्रजातान्त्रिक नियम जस्तो देखिँदैन। आदिवासी लेप्चा र शासक जाति भनेर होला भोटेहरूलाई विशेष अधिकार दिइनु उचित ठहरिए पनि। उनीहरूको रक्षाको लागि जनसङ्ख्या बमोजिमको सीट अर्थात् त्यो भन्दा १, २ सीट बढी राखिदिएर अरू जम्मै सीट जेनरल गरिदिनु प्रजातान्त्रिक हुने थियो होला।**[१३१]

---

[१३०] नहकुल प्रधान (सम्पा/प्रका.) (सन् १९५७); **कञ्चनजङ्घा**, गान्तोक: वर्ष १, अङ्क ३, पृ. ३५।
[१३१] नहकुल प्रधान (सम्पा/प्रका.) (सन् १९५८); **कञ्चनजङ्घा**, गान्तोक: वर्ष १, अङ्क ६, पृ.९३।

**कञ्चनजङ्घा**-ले राजनीतिक रूपमा सिक्किमेली समाजमा व्याप्त अन्धकारलाई समाप्त पारी लोकतान्त्रिक परिवेश सिर्जना गर्नका लागि सिक्किमे जनतामा पत्रकारिताका माध्यमद्वारा जुन  अहम् भूमिका निर्वाह गरेको थियो, त्यसलाई साहसिक पत्रकारिताको नमुना हो मान्न सकिन्छ। काशीराज प्रधान स्वयम् राजनीतिक व्यक्तित्व भएकाले दरवार, काजी ठेकादार एवम् राजनीतिक अधिकारीद्वारा चलाइएका जनविरोधी पदक्षेपलाई बुझ्नसक्ने क्षमता राख्दथे अनि पत्रिकाका माध्यमद्वारा जनतालाई त्यसबारे सूचित गर्ने प्रयास गर्दथे भन्ने कुरा उनका सम्पादकीय लेखहरूबाट बुझ्न सकिन्छ।

सिक्किमका जनतामा राजनीतिक सारक्षता सुनिश्चित गर्न, उनीहरूको अधिकारका लागि लड्न, अन्याय र अत्याचारविरुद्ध उभिन, अलोकतान्त्रिक परिपाटी र नियमबारे जनतालाई सचेत गराउन, राष्ट्रको विकास र संवृद्धिमा जनताको सहभागी सुनिश्चित गराउन, सरकारद्वारा जनकल्याणकारी योजना ल्याउन, विदेशमा भइरहेका राजनीतिक उदारवादी नीतिलाई सिक्किममा पनि प्रयोग गर्न, सिक्किमको वैदेशिक सम्बन्ध सुदृढ पार्न, राजनीतिक दलका विषयमा जानकारी गराउन, चुनाउ प्रक्रिया र प्रचार-प्रसार सम्बन्धी प्रशिक्षण दिन, सरकार गठन प्रक्रिया र सरकार सञ्चालन प्रक्रिया, सिक्किमको राजनीतिमा भारतीय राजनीतिक अधिकारीको गतिविधि र हस्तक्षेप आदि विषयमा **कञ्चनजङ्घा**-ले निर्भीक भई सिक्किमेली समाजमा राजनीतिक सचेतना लाउने प्रयास गरेको पाइन्छ।

तत्कालीन राजनीतिक एवम् प्रशासनिक परिस्थिति पत्रकारिताका विपरीत भए तापनि काशीराज प्रधानले पत्रकारिताको धर्म र कर्मलाई अक्षुण्ण राख्ने प्रयास गरेका थिए। यी तथ्यलाई गम्भीरपूर्वक मनन गर्दा उनलाई सिक्किमेली पत्रकारिताका जनक भनेर सम्बोधन गर्न न्यायोचित देखिन्छ।

१६ मई, १९७५-मा सिक्किम भारतीय महासङ्घमा विलय भएपछि स्थानीय राजनीतिक परिवेशमा स्वतः परिवर्तन आयो। नामगेल वंशको राजसत्ता समाप्तिपछि सिक्किम राजतान्त्रिक राष्ट्रबाट भारतको लोकतान्त्रिक राज्यमा परिणत भयो। राज्यमा राज्यपाल राज्य प्रमुख र मुख्यमन्त्री सरकार प्रमुख बने। राज्य विधानसभाको गठन भयो, लोकसभा र राज्यसभामा सांसद निर्वाचित हुनथाले, पञ्चायतीराज प्रणाली स्थापित भयो। लोकतान्त्रिक नेता एल डी काजी सिक्किमका प्रथम मुख्यमन्त्री बने, त्यसपछि क्रमशः नरबहादुर भण्डारी, बीबी गुरुङ, नरबहादुर भण्डारी, सञ्चमान लिम्बू अनि पवन चामलिङ सिक्किमका मुख्यमन्त्री बने । एल डी काजीले पाँच वर्ष, नरबहादुर भण्डारीले १४ वर्ष मुख्यमन्त्रीको रूपमा सिक्किमको सरकार सञ्चालन गरे भने सन् १९९४ देखि पवन चामलिङले लगातार पाँचपल्ट सिक्किमका मुख्यमन्त्रीको रूपमा सरकार सञ्चालन गर्दै आइरहेका छन्।

नयाँ राजनीतिक व्यवस्थासितै सिक्किममा समाचारपत्रको प्रकाशन हुने क्रममा पनि तीव्रता आयो। **हिमाली बेला, दैनिक आवाज, गान्तोक, दर्पण, विचार** आदि दैनिक तथा साप्ताहिक समाचारपत्र प्रकाशन हुनथाले। राजनीतिक मुद्दामा आएको परिवर्तन पत्रकारिताका लागि चासोको विषय भन्यो। लोकतान्त्रिक परिवेशमा राज्यको विकास र संवृद्धिमा सरकारले तय गरेका नीति, नियम, कानुन, योजना, कार्यक्रम आदि विषयमा समाचारपत्रको ध्यानाकर्षण हुनु स्वाभाविक थियो। चुनाउ प्रक्रिया, चुनावी मुद्दा, चुनाउ प्रचार-प्रसार, चुनाउ आचार संहिता, राजनीतिक दलको गठन र क्रियाकलाप, राजनीतिक नेता र कार्यकर्ताका गतिविधि, जनताका माग, आवश्यकता र समस्या, सरकारका

कल्याणकारी योजना तथा तिनको क्रियान्वयन आदि विषयलाई समाचारपत्रले प्राथमिकतासाथ प्रकाशन गर्नथाले।

१८ अगस्तदेखि १७ अक्टुबर, १९७९ तीन महिनासम्म सिक्किममा पहिलोपल्ट राष्ट्रपति शासन लाग्यो। यो घटना सिक्किम र सिक्किमेली पत्रकारिताका निम्ति नौलो अनुभव थियो। यस्तो स्थितिमा नागरिकको अभिव्यक्तिको स्वतन्त्रतामाथि रोक लगाउँदै पत्रकारितामाथि प्रशासनले दृष्टि राख्ने स्थिति सिर्जना भएको थियो।

सन् १९७९-मा भएको चुनाउपछि नरबहादुर भण्डारी सिक्किमका दोस्रो मुख्यमन्त्री बने। तत्कालीन सरकारको प्रथम कार्यकालमा सिक्किममा भएका राजनीतिक आरोह अवरोहलाई पत्रकारिताले नजिकबाट हेर्ने अनि तत्सम्बन्धी जनतामा खबर सम्प्रेषण गर्दै जनमत बुझ्ने प्रयास गरेको थियो।११ मई, १९८४ –मा विधानसभामा भण्डारी सरकारले बहुमत गुमाएको अनि बी बी गुरुङ मुख्यमन्त्री बनेको तर उनले १३ दिन मात्र मुख्यमन्त्रीको पद सम्हालेपछि २५ मई, १९८४-मा दोस्रोपल्ट सिक्किममा राष्ट्रपति शासन लागेको घटना पनि पत्रकारहरूका निम्ति चासोको विषय बनेका थिए।

८ मार्च, १९८५-को विधानसभा चुनाउमा बहुमत प्राप्त गरेर सिक्किम सङ्ग्राम परिषद् पार्टीका अध्यक्ष नरबहादुर भण्डारी दोस्रोपल्ट सिक्किमका मुख्यमन्त्री बने भने फेरि १९८९-को चुनाउमा ३२ आसनमा ३२ वटा जितेर भण्डारी तेस्रोपल्ट मुख्यमन्त्री बनेका थिए।यी दुई कार्यकालमा राजनीतिक रूपमा भण्डारी शक्तिशाली देखिए। त्यस अवधिमा सिक्किममा पत्रकारिता गर्न निकै चर्को थियो भन्ने तथ्य सिक्किम पत्रकार सङ्घको प्रतिवेदनको निम्न उद्धृतांशले प्रमाणित गर्दछ-

**...त्यस समय सरकार, मन्त्री, विधायक, सरकारी अधिकारी र उनीहरूका नजिकका कुनै व्यक्तिहरूको आलोचना गर्नु पत्रकारहरूको निम्ति ठुलो सङ्कटलाई निमन्त्रणा दिनु थियो। पत्रकारहरूको छाला काडेर टिस्टाको बगरमा सुकाउँछु भनेर त्यस समय सार्वजनिक भाषणहरूमा भनिन्थ्यो। त्यही दमनचक्रको क्रममा १९८५ –तिर इस्टर्न एक्सप्रेसका सम्पादक सुरेश प्रमारमाथि प्राणघातक आक्रमण भयो।उनको प्रेसमा व्यापक तोडफोड भयो।फलस्वरूप १९८५-मै सिक्किम छोड्न उनलाई बाध्य पारिएको थियो। यसरी नै सिक्किम अब्जर्वरको छापाखाना सुनियोजित रूपमा चोरी भयो। छापाखानाका सामग्री र उपकरण चोरी भएपछि सिक्किम अब्जर्वर नछाप्ने अघोषित आदेश राजधानीका छापाखानाहरूलाई जारी गरियो।**[१३२]

नरबहादुर भण्डारीको शासनकालमा सत्ताविरोधी पत्रकारिता गर्ने कतिपय पत्रकार सरकार र प्रशासनका आँखाको कसिङ्गर बनेका थिए भन्ने तथ्यलाई माथिको कथनले पुष्टि गर्दछ। यसै क्रममा, सन् १९८०-का दशकको उत्तरार्द्धमा आइपुग्दा सत्तापक्षको स्तुतिगान गर्ने परम्परा पनि बसिसकेको थियो, जो स्वतन्त्र तथा निर्भीक पत्रकारिता गर्नेका मार्गमा तगारो बनेको थियो।

सन् १९९२-मा ३२ जना विधायक रहेको सिक्किम सङ्ग्राम परिषद् पार्टीबाट विधायक पवन चामलिङ भण्डारीको विरोध गर्दै छुट्टिसकेका थिए। राज्यमा पवन

[१३२] सिक्किम पत्रकार सङ्घ, (सन् २०१४); *सङ्घका गतिविधि र कदमहरू*, **अभिव्यक्ति**, वर्ष १, अङ्क १, पृ. १४।

चामलिङको नेतृत्त्वमा सत्ता परिवर्तनको लहर चल्नका साथै राजनीतिक परिवेशमा उथलपुथल पनि आरम्भ भइसकेको थियो। राज्यका कतिपय पत्रकारलाई धम्की दिने र आक्रमण गर्ने घटनामा तीव्रता आउनथाल्यो। **अधिवक्ता** साप्ताहिकका सम्पादक बी बी सुब्बा, **दर्पण**-का सम्पादक गङ्गाबहादुर राई, **साप्ताहिक सिक्किम**-का सम्पादक सी बी छेत्रीमाथि आक्रमण भए। उनीहरूमाथि आक्रमण गर्न र कानुनी कार्यवाही गर्न पुलिस र पार्टीका कार्यकर्ता खटाइएको कुरा उल्लेख गर्दै सिक्किम पत्रकार सङ्घले आफ्ना प्रतिवेदनमा चर्चा गरेको छ।बी बी सुब्बा दुई वर्ष, सी बी छेत्री ६ महिना र गङ्गाबहादुर राई तीन महिनासम्म भूमिगत पनि रहेका थिए।[१३३]

यस अवधिमा **सिक्किम समाचार**-का सम्पादक जीत रैका, **स्वतन्त्र समाचार**का सम्पादक गोविन्द शर्मा, **नयाँ परिपाटी**-का सम्पादक पी बी याता, **पहाड**-का सम्पादक आर के प्रधान, **सिक्किम एक्सप्रेस**-का संवाददाता फ्रयाङ्क क्रिस्नर, **गान्तोक**-का सम्पादक शिव प्रधानमाथि आक्रमण भएको उल्लेख पाइन्छ।[१३४] तत्कालीन परिस्थितिको उल्लेख गर्दै गङ्गाबहादुर राई लेख्छन्-

> **त्यो बेला सरकार वा सरकारसित सम्बन्धित व्यक्तिहरूको आलोचना गर्नु साहस होइन तर दुष्साहसको कुरा थियो। त्यो स्थितिमा पनि निर्भीक पत्रकारहरूले तत्कालीन सत्ताको आलोचना गर्ने साहस देखाए र सत्ताको कोप भाजन बन्नपुगे।सरकारको आलोचना गर्ने समाचारपत्र छापिने प्रेसहरू तोडिए, पत्रकारहरूमाथि आक्रमण भयो।**

[१३३] पूर्ववत्।
[१३४] पूर्ववत।

**... म स्वयम्लाई मार्न मेरो घरमा गुण्डा पठाइयो। लुकेर ज्यान बचाउनु पऱ्यो।**[१३५]

सन् १९९४-मा सत्तारूढ दल सिक्किम सङ्ग्राम परिषद् विभाजित भयो र भण्डारी सरकारले विधानसभामा विश्वास मत गुमाएपछि १८ मई, १९९४- मा सञ्चमान लिम्बू सिक्किमका चौथो मुख्यमन्त्री बन्न पुगे। १२ दिसम्बर, १९९४-मा पवन चामलिङको नेतृत्त्वमा सिक्किम डेमोक्रेटिक फ्रन्ट (एसडीएफ) पार्टी सत्तामा आयो र पवन चामलिङ पाँचौं मुख्यमन्त्री बने।

सत्ता परिवर्तनका लागि तत्कालीन राज्यका कतिपय साप्ताहिक समाचारपत्रसितै पत्रकारले पवन चामलिङलाई साथ दिँदै परिवर्तनको पक्षमा कलम चलाएका थिए। यस्ता समाचारपत्रमा बी बी सुब्बाको **अधिवक्ता,** गङ्गाबहादुर राईको **दर्पण**, धीरज बान्तवाको **क्षीतिज**, दीप प्रधानको **जनचेतना**, सी बी छेत्रीको **साप्ताहिक सिक्किम**, दिपेन खातीको **टेलिग्राफ**, जिग्मी एन काजीको **सिक्किम अब्जर्वर** र जोसेफ लेप्चाको **युगधारा** आदि प्रमुख छन्।[१३६] सन् १९९४-मा लोकसभा सांसद दिलकुमारी भण्डारीद्वारा **अधिवक्ता** साप्ताहिक समाचारपत्रविरुद्ध प्रेस काउन्सिल अफ् इन्डियामा मानहानिको मुद्दा दर्ता गराएको थियो।[१३७]

एसडीएफ पार्टी प्रेस स्वतन्त्रता, अभिव्यक्तिको सुरक्षा, पत्रकार र पत्रकारिताको सुरक्षा र विकास गर्ने प्रतिबद्धताका साथ सत्तामा आएको थियो। एसडीएफ सरकारको

---

१३५ गङ्गा राई (सन् २०१४); *तीन दशकको पत्रकारितामा मेरा अनुभवहरू*, अर्जुन पियूष र अन्य (सम्पा.) **अभिव्यक्ति**, गान्तोक: सिक्किम पत्रकार सङ्घ, वर्ष १, अङ्क १, पृ. २१।

१३६ **प्रतिध्वनि** साप्ताहिकका सम्पादक जेभियर सुब्बाबाट प्राप्त जानकारी।

१३७ **Press Council of India, Index of adjudications 16th AR (1994); pg. 9**

२३ वर्षीय शासनकालमा सिक्किममा पत्रकारिताका लागि अनुकूल परिवेशको सिर्जना हुँदै आएको अनुभव हुन्छ। सरकारको पहलमा सन् २००२-मा प्रेस क्लब अफ् सिक्किमको स्थापना भयो भने प्रेस क्लबलाई वार्षिक अनुदान पनि प्रदान गर्न थालियो, तथापि सन् २००३ पछि पनि केही पत्रकार र समाचारपत्र कार्यालयमा आक्रमणका घटना भएका पाइन्छन्।

सन् २००५ देखि राज्य सरकारको सूचना तथा जनसम्पर्क विभागले **हाम्रो प्रजाशक्ति**-लाई सरकारी विज्ञापन जारी गर्न बन्द गरेको देखिन्छ। १९ मई, २००५-मा सूचना तथा जनसम्पर्क विभागले मौखिक आदेश जारी गरी विज्ञापन सङ्ख्या- No.RO.84/IPR/05-06 प्रकाशित गर्न रोक लगाएको थियो।[१३८] तत्पश्चायात आजपर्यन्त **हाम्रो प्रजाशक्ति**-लाई राज्य सरकारको कुनै पनि विज्ञापन प्राप्त भएको देखिँदैन।

सन् २००५ देखि नै **हाम्रो प्रजाशक्ति**-का बिक्री वितरणका निम्ति गएका प्रतिहरू बजारबाटै उठाइने गरेका घटना पनि प्रकाशमा आएका छन्। सम्पादक अञ्जन उपाध्यायले यस्ता दमनकारी कार्यमा मुख्यमन्त्री एवम् एसडीएफ पार्टीका अध्यक्ष पवन चामलिङका भाडाका बदमासहरूको हात रहेको आरोप लगाएका छन्।[१३९] विशेषगरी दक्षिण र पश्चिम जिल्लाका समाचारपत्र विक्रेतालाई **हाम्रो प्रजाशक्ति** बिक्री नगर्न भनी धम्की दिइएको गुनासो अञ्जन उपाध्यायले सन् २०१२-मा प्रेस क्लब अफ् सिक्किमका तत्कालीन अध्यक्षलाई लेखेको गुनासो पत्रमा उल्लेख गरेका छन्। **हाम्रो प्रजाशक्ति**-का बजार व्यवस्थापकबाट प्राप्त जानकारीअनुसार अहिलेसम्म दक्षिण सिक्किमको नाम्चीमा

[१३८] **Press Council of India**, Compendium of Adjudications (April 1, 2007-March 31, 2008); pg. 81.
[१३९] पूर्ववत्।

**हाम्रो प्रजाशक्ति** खुल्ला रूपमा बिक्री हुँदैन।

४ जुलाई, २००८-मा नेपाली दैनिक समाचारपत्र **हाम्रो प्रजाशक्ति**-को कार्यालयमा केही अज्ञात व्यक्तिले प्राणघातक आक्रमण गरे, जसमा सम्पादक अञ्जन उपाध्याय, पत्रकारहरूमा शेखर खवास, विजय गुरुङ, अनुप राई, पवित्र भण्डारी, ठाकुर सुवेदी र राजकुमारलाई गम्भीर चोट लागेको थियो। यस आक्रमणमा सत्तारूढ दल एसडीएफको हात रहेको कुरा सम्पादक अञ्जन उपाध्यायका भनाइबाट बुझिन्छ।[१४०] यस मामिलामा प्रेस काउन्सिल अफ् इन्डियाले २९ अक्टुबर, २०१०-मा सिक्किम सरकारलाई जाँचको आदेश पनि जारी गरेको थियो।[१४१]

एसडीएफ सरकारको २४ वर्षीय शासनकालमा अभिव्यक्तिको स्वतन्त्रता तुलनात्मक रूपमा सुनिश्चित भएको अनुभव हुन्छ। यसअघिका सरकारका तुलनामा राजनीतिक व्यक्तित्व, मुख्यमन्त्री, सरकार, मन्त्री, प्रशासन आदिको आलोचना गर्ने स्वस्थ्य वातावरण सिर्जना हुँदै आएको अनुभव हुन्छ। यस विषयमा स्वयम् मुख्यमन्त्री पवन चामलिङ भन्छन्- *आज सिक्किममा पत्रकारिता जगत्मा जुन स्वतन्त्रता आएको छ त्यसले गर्दा पत्रकारहरूले निर्भीकतासित सरकारको विरुद्ध लेखिरहेका छन्। यो देख्दा मलाई खुशी लाग्छ र म आफ्नो लक्ष्यमा सफल भएको र मैले यही चाहेको हो भन्ने लाग्छ।*[१४२]

सन् १९९०-का दशकमा साप्ताहिक समाचारपत्रमा सत्तापक्षीय समाचार प्रकाशन गर्ने र सत्ताको नजिकमा पुग्ने होड चल्यो। यस्तो क्रम २००९-को चुनाउसम्म यथावत्

---

[१४०] अञ्जन उपाध्याय (सम्पा./प्रका.); ६ जुलाई, २००८, **हाम्रो प्रजाशक्ति**, पृ. १।

[१४१] Press Council of India, Compendium of Adjudications, (April 1, 2010 - March 31, 2011), pg.4.

[१४२] सुवास दीपक (सम्पा./प्रका.); जुन ५-११, १९९९, **विचार**, गान्तोक : वर्ष १९, अङ्क १, पृ. ३।

रहेको थियो। विशेषगरी चुनाउका समयमा एसडीएफ पार्टीका विभिन्न समाचार प्रकाशित गरेर पार्टीसम्बन्धित निकायलाई समाचारपत्रको आपूर्ति गर्ने क्रम पनि बढेको देखिन्छ।कतिपयले चुनाउलाई लक्षित गरेर पनि समाचारपत्रको प्रकाशन गरेको थाहा लाग्दछ।यस चुनाउमुखी पत्रकारिताले व्यावसायिक पत्रकारिताको धर्म, उद्देश्य, लक्ष्य अनि कर्ममा आघात पुऱ्याएको अनुभव हुन्छ।

**कञ्चनजङ्घा**-देखि वर्तमानसम्म प्रत्यक्ष वा परोक्ष रूपमा समाचारपत्र राजनीतिक दलका सम्पर्कमा रहेका देखिन्छन्। **कञ्जनजङ्घा** लोकतन्त्रको पक्षमा र विशेष लोकतन्त्रवादी दलका पक्षमा रहेको समाचारपत्र थियो। **दैनिक आवाज** झुल्के घाम पार्टीको पक्षमा थियो भने **आजको सिक्किम** जनता परिषद् र सिक्किम सङ्ग्राम परिषद्को पक्षमा थियो। **हाम्रो प्रजाशक्ति** पहिला एसडीएफ पार्टीको पक्षमा रहेको भए तापनि सन् २००३ पछि एसडीएफ पार्टी र सरकारका विरुद्धमा गएको समाचारपत्र हो। **समय दैनिक** एसडीएफ पार्टीका पक्षमा स्थापित समाचारपत्र हो।**हाम्रो पहाड**-ले पनि एसडीएफ पार्टीका पक्षमा समाचार प्रकाशन गर्ने गरेको थियो भने **हाम्रो वार्ता** सिक्किम क्रान्तिकारी मोर्चा पार्टीका पक्षमा भएको देखिन्छ। **साङ्ग्रिला टाइमस्** पनि एसडीएफ पार्टी र सरकार विरोधी समाचारपत्रका रूपमा देखिन्छ।**सिक्किम दर्पण** एसडीएफ पार्टी र सरकारकै पक्षमा रहेको समाचारपत्र हो।

अतः सिक्किमको व्यावसायिक नेपाली पत्रकारितामा राजनीतिको गहिरो प्रभाव र अन्तर्सम्बन्ध रहेको पाइन्छ। पत्रकारले आफूलाई राजनीतिदेखि अलग राखेर पत्रकारिता गर्न नसकेको अनुभव हुन्छ।कुनै न कुनै रूपले राजनीतिक दल र नेताको नजिकमा पुग्ने प्रचेष्टा पत्रकारद्वारा भइरहेका पाइन्छन्। **समय दैनिक, सिक्किम दर्पण, हाम्रो वार्ता**

लगायत कतिपय समाचारपत्रलाई राजनीतिक दलले वित्तपोषण गर्दै आएको देखिन्छ, तथापि निष्पक्षतालाई यथावत् प्रयासमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता क्रियाशील देखिन्छ।

### ५.१.९ आर्थिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण

अर्थव्यवस्था कुनै पनि व्यावसायिक संस्थानको मेरूदण्ड हो। आर्थिक निवेशका भरमा कुनै पनि व्यावसायिक संस्थानको गति, प्रगति, नियमितता एवम् गतिशीलता निर्भर रहेको हुन्छ। अतः व्यावसायिक पत्रकारितामा अर्थव्यवस्थाको अत्यन्त ठुलो महत्त्व रहन्छ। सिक्किमको व्यावसायिक पत्रकारिता आर्थिक रूपमा कतिसम्म सबल र सक्षम छ भन्ने विषयको अध्ययन र विश्लेषण हुन आवश्यक छ।

सिक्किमका प्रायः समाचारपत्र एकल स्वामित्वमा रहेका छन्, जसलाई प्रकाशक पनि भन्दछन्। अर्थात् **कञ्चनजङ्घा**-देखि लिएर आजपर्यन्त प्रकाशित सबै मासिक, पाक्षिक, साप्ताहिक एवम् दैनिक समाचारपत्र एकल स्वामित्वमा रहेका छन्।यसको अर्थ समाचारपत्रका प्रकाशन एवम् सञ्चालनका निम्ति एकजना व्यक्तिले पुँजी निवेश गरेका छन्।सिक्किमको पहिलो समाचारपत्र **कञ्चनजङ्घा**-को प्रकाशनमा स्वयम् काशीराज प्रधानले पुँजी निवेश गरेका थिए। त्यसपछि परवर्ती सबै समाचारपत्रमा आर्थिक निवेश प्रकाशकले नै गर्दै आइरहेका छन्।

समाचारपत्र एउटा यस्तो व्यावसायिक संस्थान् हो, जसमा तत्काल आर्थिक लाभ निकाल्न सकिँदैन। अन्य भारतीय भाषाका समाचारपत्रका तुलनामा नेपाली भाषाका समाचारपत्रमा तत्काल आर्थिक लाभ हुने सम्भावना न्यून देखिन्छ।जबसम्म समाचारपत्रको आर्थिक स्रोतका मार्ग प्रशस्त हुँदैनन् तबसम्म लगानीकर्ताले नै सम्पूर्ण

वित्तपोषण गर्नुपर्ने हुन्छ। अतः समाचारपत्रलाई पाठकका अपेक्षाअनुरूप नियमित रूपमा प्रकाशित गर्ने चुनौती पहाडजस्तो बनेर उभिएको हुन्छ।

आर्थिक सङ्कटका कारण **कञ्चनजङ्घा** मासिक दुई वर्षसम्म प्रकाशित भएर सन् १९५९-मा बन्द भयो।[१४३] पछि सन् १९६१-मा पाक्षिक रूपमा प्रकाशित भएर सन् १९७३-मा पुनः आर्थिक सङ्कटकै कारण सदाका लागि बन्द हुन पुग्यो। यस्तै आर्थिक सङ्कटकै कारण **हिमाली बेला** र **दैनिक आवाज**-ले आफ्नो प्रारम्भिक दैनिक समाचारपत्र प्रकाशन गर्ने अभ्यासलाई नियमितता दिन सकेनन्। कतिपय साप्ताहिक समाचारपत्र आर्थिक अवस्था कमजोर भएका कारण नवीन चुनौती र पाठकका अपेक्षाकृत माग पूरा गर्न नसकेपछि बन्द भए भने जे जति वर्तमानमा प्रकाशन हुँदैछन् ती केवल आफ्नो अस्तित्व सुरक्षाका निम्ति मात्र प्रकाशित हुँदै आएका छन्। दैनिक समाचारपत्रको अवस्था पनि त्यस्तै छ। **खबरपत्रिका, आजको सिक्किम, हाम्रो पहाड, हाम्रो वार्ता** अल्प समयमा नै आर्थिक भार थाम्न नसकेर बन्द हुनपुगे भने **हाम्रो प्रजाशक्ति, समय दैनिक, हिमाली बेला, दैनिक मिर्मिरे, सिक्किम दर्पण** र **साङ्ग्रिला टाइमस्** पनि आर्थिक सङ्कटबाट मुक्त हुनसकेका छैनन्।

सिक्किममा समाचारपत्र प्रकाशनका क्षेत्रमा ठुलो लगानीकर्ताको अभाव रहेको कारण पत्रकारिता क्षेत्र आर्थिक पक्षमा सबल देखिँदैन। यहाँ अन्य राज्यमा जस्तो कर्पोरेट जगत्ले प्रवेश नगरेको कारण बदि्लँदो सामाजिक एवम् व्यावसायिक परिवेशमा एकल लगानीले मात्र सफलता पाएको देखिँदैन।

[१४३] काशीराज प्रधान (सम्पा./प्रका.) (१५ सितम्बर, १९५९); **कञ्चनजङ्घा,** गान्तोक : वर्ष २, अङ्क ११-१२, पृ.१८७।

विज्ञापन समाचारपत्रका निम्ति सबैभन्दा ठुलो आर्थिक स्रोत हो। सिक्किमका नेपाली समाचारपत्रमा स्थानीय विज्ञापन, राष्ट्रिय विज्ञापन, वर्गीकृत विज्ञापन र प्रदर्शन विज्ञापन प्रकाशन हुने गरेका पाइन्छन्। सन् १९९०-का दशकसम्म नेपाली समाचारपत्रलाई केवल स्थानीय विज्ञापन, राज्य सरकारबाट जारी हुने वर्गीकृत विज्ञापन र प्रदर्शन विज्ञापन अनि एकाध साचारपत्रलाई भारत सरकारको प्रदर्शन विज्ञापन प्राप्त हुन्थ्यो। निजी क्षेत्रबाट कुनै पनि नेपाली समाचारपत्रलाई राष्ट्रिय विज्ञापन उपलब्ध भएको पाइँदैन। विज्ञापनको एकमात्र भरपर्दो स्रोत राज्य सरकार नै थियो। अधिकांश साप्ताहिक समाचारपत्र भएका कारण स्थानीय विज्ञापन सङ्ख्यात्मक दृष्टिकोणले पनि नगण्य नै रहेको देखिन्छ।

सन् २००० पछि दैनिक समाचारपत्रको युग प्रारम्भ भएपछि **हाम्रो प्रजाशक्ति, समय दैनिक** र **हिमाली बेला** जस्ता केही दैनिक समाचारपत्रले राष्ट्रिय विज्ञापनसितै भारत सरकारको डीएभीपीमा आफूलाई आबद्ध गराएर प्रदर्शन एवम् वर्गीकृत विज्ञापनको प्रकाशन गर्ने अवसर पाए। यसक्रममा स्थानीय विज्ञापन र राज्य सरकारद्वारा जारी हुने वर्गीकृत विज्ञापनमा पनि बढोत्तरी हुँदै गयो तर पनि साप्ताहिक समाचारपत्रको अवस्था भने अझ खस्किँदै गएको देखिन्छ। यिनै विज्ञापनबाट प्राप्त हुने आर्थिक सहयोगको बलमा दैनिक समाचारपत्र नियमित बन्न सकेका छन्।यति हुँदाहुँदै पनि अर्थतन्त्रको ठुलो स्रोत राज्य सरकारको विज्ञापनबाट **हाम्रो प्रजाशक्ति** बञ्चित रहेको पाइन्छ भने अन्य समाचारपत्रमा प्रकाशित विज्ञापनको बिलको बकाया रकम पनि राज्य सरकारका विभिन्न विभागबाट समयमा भुक्तान नहुँदा समाचारपत्रका आर्थिक अवस्थामा भनेजस्तो

सुधार आएको देखिँदैन। अझ निजी क्षेत्रबाट जारी हुने राष्ट्रिय विज्ञापन अङ्ग्रेजी समाचारपत्रका तुलनामा नेपाली समाचारपत्रमा कम नै प्रकाशित हुने गरेका छन्।

समाचारपत्रको बिक्री वितरणबाट प्राप्त रकमले पनि समाचारपत्रगृहलाई ठुलो सहयोग गरिरहेको हुन्छ। **कञ्चनजङ्घा**-को समयमा बिक्री वितरणको ठुलो समस्या भए तापनि बिक्री वितरणबाट आर्जित रकम नै ठुलो आर्थिक स्रोत रहेको थियो। **कञ्चनजङ्घा**-का विक्रेताहरूले समयमा बकाया रकम नबुझाएका गुनासो बारम्बार प्रकाशित सूचनाले प्रमाणित गर्दछ।[१४४] **कञ्चनजङ्घा**-ले वार्षिक ग्राहकको प्रणाली पनि अललम्बन गरेको थियो, विक्रेता एवम् ग्राहकले मनि अडर गरी रुपियाँ पठाउनुपर्ने व्यवस्था गरिएको थियो। वार्षिक ग्राहक बनाएर डाकद्वारा समाचारपत्र पठाउने क्रम सन् १९९०-का दशकसम्म कतिपय साप्ताहिक समाचारपत्रले अवलम्बन गरेका थिए। सन् १९८०-दशकदेखि राज्यका प्रमुख सहरबजारहरूमा एसएनटी बसद्वारा समाचारपत्र बिक्रीका लागि पठाउन थालियो। सन् १९९०-का दशकमा यस कार्यमा ट्याक्सी वाहन पनि प्रयोगमा ल्याउन थालियो भने २००० पछि दैनिक समाचारपत्रले बस, ट्याक्सीसितै आफ्नै वाहनको पनि प्रयोग गर्न थाले।

दैनिक समाचारपत्रको प्रकाशन आरम्भ भएपछि समाचारपत्र गाउँगाउँमा पुग्न थाले। यस कार्यमा **समय दैनिक** २०१४ सम्ममा सिक्किमका प्रायः गाउँमा पुग्ने समाचारपत्र भएको थियो। यही अभ्यासलाई **हिमाली बेला** र **हाम्रो प्रजाशक्ति**-ले पनि ग्रहण गरेका पाइन्छन्। **कञ्चनजङ्घा**-ले तत्कालीन विकट परिस्थितिमा पनि भारत राष्ट्रको पश्चिममा देहरादून, पूर्वमा असम अनि नेपाल राष्ट्रमा पनि आफ्ना ग्राहक र

---

[१४४] काशीराज प्रधान, पूर्ववत्।

पाठक बनाउन सफल भएको थियो भने **हिमाली बेला** र **दैनिक आवाज**-ले सन् १९८० का दशकमा दार्जिलिङसम्म बिक्री वितरण गर्ने व्यवस्था मिलाएका थिए। **समय दैनिक** र **हाम्रो प्रजाशक्ति**-ले सिलगढी, दार्जिलिङ, कालेबुङ, मिरिक आदि क्षेत्रमा बिक्री वितरणलाई व्यवस्थित पारेको पाइन्छ।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा पत्रकारहरूको आर्थिक अवस्था पनि सोचनीय रहेको पाइन्छ। अधिकांश साप्ताहिक समाचारपत्र 'वान मेन आर्मी'-का रूपमा एकैजना सम्पादकको भरमा प्रकाशित हुँदै आएका छन् भने कुनैकुनै साप्ताहिकले मात्र एकाध सहयोगी कर्मचारी र पत्रकार राख्ने गरेका पाइन्छन्। **हिमाली बेला** र **दैनिक आवाज**-ले सन् १९८०-का दशकमा थोरै वेतनमा केही सहयोगी कर्मचारी र पत्रकार नियुक्त गरेका थिए। सन् २००० पछि दैनिक समाचारपत्रले सहयोगी कर्मचारी र पत्रकार एवम् ठाउँठाउँमा संवाददाताहरू नियुक्त गर्न आरम्भ गरे तापनि उनीहरूलाई दिइने वेतन सन्तोषजनक रहेको देखिँदैन।यसैले कतिपय पत्रकारले एउटा मात्र समाचारपत्रमा आर्थिक रूपमा निर्भर रहन नसकेर दुई वा त्यसभन्दा धेरै समाचारपत्रका लागि काम गर्ने गरेको पाइन्छ। वेतन बोर्डको सिफारिसअनुसार कुनै पनि नेपाली समाचारपत्रले कर्मचारी र पत्रकारहरूलाई वेतन दिएका छैनन्। यसका साथै कर्मचारी भविष्य निधि (ईपीएफ)-को सुविधाबाट पनि अधिकांश पत्रकार वञ्चित छन्। राज्यमा केवल **समय दैनिक** मात्र यस्तो समाचारपत्र हो, जसले २००८-देखि आफ्ना कर्मचारी र पत्रकारहरूलाई ईपीएफको सुविधा दिन आरम्भ गऱ्यो। कतिपय समाचारपत्रले आफ्ना पत्रकारलाई नियुक्ति पत्र पनि दिने गरेका छैनन्। इन्टरनेट खर्च, मोबाइल खर्च, यातायात खर्च, घरभाडा भत्ता, महँगाई भत्ता आदि सुविधाबाट पत्रकार वञ्चित नै रहेका

छन्। आर्थिक सङ्कटका कारण केही दूरीमा समाचार सङ्कलनका लागि जानुपरेका खण्डमा स्वयम् पत्रकारले नै आयोजकसित यातायात खर्च माग्नुपर्ने स्थिति छ। पत्रकारको साप्ताहिक बिदाको व्यवस्था पनि कतिपय समाचारपत्रमा निश्चित गरिएको छैन भने पत्रकारको काम गर्ने समयसीमा पनि निर्धारित छैन। पत्रकार बिमार हुँदा अथवा सङ्कट आइपर्दा समाचारपत्रगृबाट कुनै प्रकारको आर्थिक सहयोग गर्ने व्यवस्था रहेको छैन र यसका लागि प्रेस क्लब अफ् सिक्किमद्वारा स्थापित पत्रकार कल्याण कोषमा निर्भर रहनुपर्ने स्थिति छ। समग्रमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा पत्रकार जगत् आर्थिक रूपमा कमजोर र शोषित रहेको स्पष्ट हुन्छ।

राज्य सरकारले पत्रकारिता क्षेत्रको विकासका लागि सरकारी विज्ञापनका अतिरिक्त समय समयमा कम्प्युटर, क्यामेरा आदि आधुनिक उपकरण प्रदान गर्दै आएको छ भने वार्षिक रूपमा ५ जना पत्रकारलाई सकारात्मक पत्रकारिता अनुदान प्रदान गर्ने गरेको छ।

२०१७-मा भारत सरकारद्वारा आरम्भ गरिएको वस्तु एवम् सेवा कर (जीएसटी)-समाचारपत्रमाथि पनि लाग्यो । यसमा न्युज प्रिन्ट कागजमा १८ प्रतिशत र विज्ञापन एवम् अन्य बिलमा ५ प्रतिशतको दरमा समाचारपत्रले कर भुक्तान गर्नुपर्ने प्रावधान छ। यसले पनि समाचारपत्रका अतिरिक्त आर्थिक बोझ सिर्जना गरेको अनुभव हुन्छ।

अतः आर्थिक दृष्टिकोणमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको स्थिति सबल र सक्षम नरहेको अनि प्रायः समाचारपत्र आर्थिक सुन्तीपनामा नै प्रकाशन हुँदै आएका देखिन्छन्। सिक्किममा यस पेसासित संलग्न सबै कर्मचारी एवम् पत्रकारको आर्थिक स्थिति अन्य राज्यका तुलनामा खस्किँदो अवस्थामा रहेको स्पष्ट हुन्छ।

### ५.१.१० सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको वर्तमान स्थिति

**कञ्चनजङ्घा** मासिक रूपमा लेटर प्रेसबाट डिमाई आकारमा आवरणसहित १२ पृष्ठको समाचारपत्रका रूपमा प्रकाशित हुन्थ्यो। सन् १९६१-मा पाक्षिक बनेपछि यसको पृष्ठ सङ्ख्यामा वृद्धि भई २४ पृष्ठको भयो। लोकतन्त्रकालमा प्रकाशित **हिमाली बेला** टेब्लोएट आकारमा ८ पृष्ठको र दैनिक बनेपछि ४ पृष्ठ बन्यो भने **दैनिक आवाज** केवल २ पृष्ठको प्रकाशित हुने गर्थ्यो। लेटर प्रेसमा अत्यधिक पृष्ठ प्रकाशन गर्न पनि सम्भव थिएन। सन् १९८०-का दशकमा प्रायः साप्ताहिक समाचारपत्र टेब्लोएट आकारमा ४ देखि ८ पृष्ठसम्म प्रकाशित हुने गरेका थिए।

भारतमा सन् १९९१-मा आर्थिक उदारीकरण एवम् खुल्ला अर्थव्यवस्थालाई प्रोत्साहित गर्ने नीतिको थालनी भयो, जसको व्यापक प्रभाव सिक्किमका समाचारपत्रमा पनि पर्न गयो। कम्प्युटरको प्रयोगसितै उत्कृष्ट मुद्रणका लागि लेटर प्रेसको स्थानमा अफसेट प्रेसको आगमन भयो। सूचना प्रौद्योगिकीको विकास र विस्तारले समाचारपत्रको रूप नै परिवर्तन गरिदियो। सन् २००० सम्ममा समाचारपत्रका कार्यालयमा विभिन्न विभागको जन्म हुनथाल्यो, जसमा मार्केटिङ विभाग प्रमुख रहेको छ। समाचारपत्रमा सबै किसिमका पाठकलाई ध्यानमा राखेर सामग्री प्रकाशन हुन थाल्यो। **हाम्रो प्रजाशक्ति, समय दैनिक, हिमाली बेला**जस्ता समाचारपत्रहरूको लोकप्रियता बढेर गयो। जुनजुन समाचारपत्रले गान्तोकबाहिरका स-साना बजार र गाउँसम्म आफूलाई विस्तार गर्न सफल भए ती लोकप्रियताका शिखर चढ्दै गए। **आजको सिक्किम, हाम्रो पहाड, सिक्किम दर्पण**जस्ता समाचारपत्रले सही बजार व्यवस्थापनको अभावका कारण लोकप्रियता प्राप्त गर्न सकेनन् र दुर्बल हुँदै गए।

समाचारपत्रको रूपसज्जा र लेआउट डिजाइनमा उल्लेखनीय सुधार आयो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका सामग्रीले पनि समाचारपत्रमा ठाउँ पाउन थाले। धेरैभन्दा धेरै समाचार प्रकाशित गरेर पाठकको ध्यान केन्द्रित गर्ने प्रतिस्पर्धाको थालनी भयो तथा कम मूल्यमा समाचारपत्र उपलब्ध गराउने परम्परा पनि आरम्भ भयो। **हाम्रो प्रजाशक्ति** र **समय दैनिक**-माझ कडा प्रतिस्पर्धा आरम्भ भयो। सत्ताविरोधी एवम् आलोचनात्मक समाचारकथा प्रस्तुत गरेर **हाम्रो प्रजाशक्ति**-ले पाठकको ध्यान आकर्षित गर्न थाल्यो भने **समय दैनिक**-ले विकास पत्रकारिता र ग्रामीण पत्रकारितालाई प्राथमिकता दिन थाल्यो।

आज समाचारपत्रका पृष्ठ सङ्ख्यामा वृद्धि भएको देखिन्छ। **समय दैनिक**-ले १२ पृष्ठसम्म प्रकाशित गर्ने जमर्को गऱ्यो।रङ्गीन कलेवरसहित लेआउट डिजाइनमा परिवर्तन आयो। डिजिटल क्यामेराको सहयोगमा फोटोसहित रङ्गीन समाचार पाठकसमक्ष राखी ध्यानाकर्षित गर्न थालियो। फोटो, कार्टुन तथा ग्राफिक रूपसज्जाद्वारा समाचारपत्रलाई अझ आकर्षक बनाउने चेष्टा भएको पाइन्छ। समाचारपत्रहरू बिस्तारै अफसेट प्रेसबाट वेभ अफसेटमा छापिन थाले ।**समय दैनिक, हिमाली बेला** र **हाम्रो प्रजाशक्ति**-ले आ-आफ्नै वेभअफसेट छापाखानाको स्थापना पनि गरे।

यान्त्रिक परिवर्तनले समाचारपत्रलाई आकर्षक र सुन्दर बनाएपछि निजी राष्ट्रिय तथा बहुराष्ट्रिय कम्पनीहरू पनि सिक्किमका नेपाली समाचारपत्रमा विज्ञापन दिन तयार हुनथाले।परिणामस्वरूप राष्ट्रिय विज्ञापनहरू नेपाली दैनिक समाचारपत्रमा प्रकाशित हुनथाले। समाचारपत्रले दिल्ली, कोलकाता, गुवाहटी, मुम्बई आदि प्रमुख सहरमा आ-आफ्ना मार्केटिङ एजेन्ट नियुक्त गरेर राष्ट्रिय विज्ञापनका निम्ति प्रचार-प्रसार आरम्भ गरे।

आज समाचारपत्रहरू पूर्णतः व्यावसायिक बनेका छन्। पत्रकारिताको सम्पूर्ण विकासको दृष्टिले आजको बद्लँदो परिस्थितिमा पूर्ण व्यावसायिक पत्रकारितालाई अवलम्बन उज्जवल भविष्यको सङ्केत मान्न सकिन्छ। पत्रकारिता क्षेत्रको विकास हुँदाहुँदै पनि पत्रकारहरू त्यति स्वतन्त्र देखिँदैनन्। उनीहरूमाथि विज्ञापनदाता र राजनीतिक दवाउ बढ्दोक्रममा छ। सरकार खुशी भएन भने कुनै पनि समय सरकारी विज्ञापनमा रोक लगाइदिन सक्छ भन्ने उदाहरण **हाम्रो प्रजाशक्ति**-मा लगाइएको सरकारी विज्ञापनको अनौपचारिक प्रतिबन्दले प्रमाणित गर्दछ।

आज इन्टरनेटको सहयोगमा संसारभरिका कम्प्युटरले सूचनाहरू आदानप्रदान गर्दैछन्। कम्प्युटर र इन्टरनेटको सहयोगमा समाचार, फोटो तत्काल कुनै पनि ठाउँमा पठाउनसकिन्छ। अझ मोबाइल फोनमा नै क्यामेरा र इन्टरनेटको सुविधा उपलब्ध हुन थालेपछि संवाददाताका कार्यमा सरलता आएको छ। आज समाचार सङ्कलन र सम्प्रेषण पहिलाको तुलनामा सजिलो भएको छ। अत्याधुनिक प्राविधिक सुविधा उपलब्ध भए तापनि थोरै मात्रामा मात्र ठोस रूपमा गहिराईसम्म पुग्ने समाचारहरू प्रस्तुत गरिएका पाइन्छन्। समाचारपत्रमा समाचारहरू फ्याक्ट्रीबाट उत्पादन भए जस्तै सङ्ख्यात्मक रूपमा धेरै प्रकाशित हुने गरे पनि गुणमानको दृष्टिले आज सिक्किमका नेपाली समाचारपत्रमा समाचारहरू कम हुँदै जाँदैछन्।

तक्निकी क्रान्ति र आर्थिक उदारीकरणले समाचारपत्रका रूपसजावटमा परिवर्तन ल्याए तापनि आज विषय समाग्रीभन्दा फोटोले धेरै ठाउँ ओगट्ने गरेका छन्। फोटो आवश्यकताभन्दा ठुला आकारमा प्रकाशन गर्ने परम्परा सिक्किमका नेपाली समाचारपत्रमा देखिनथालेको छ। कतिपय समाचारपत्रले गम्भीर विषयलाई पनि मनोरञ्जनात्मक

सामग्रीका रूपमा प्रस्तुत गर्न थालेका छन्। समाचारमा भाषा पनि मनपरी रूपमा प्रयोग हुँदैछ। नेपाली समाचारपत्रमा अङ्ग्रेजी, हिन्दी, बङ्गलालगायत अन्यभाषा भाषाका शब्दका अत्यधिक प्रयोगले नेपाली भाषाको मिठास र नेपालीपन समाचारपत्रबाट हराउँदै जाँदैछ। नेपालीमा उपलब्ध सरल शब्दहरूका स्थानमा पनि अङ्ग्रेजी तथा अन्य भाषाका शब्द प्रयोग गर्ने परम्परा बसिसकेको छ।

नेपाली समाचारपत्रका विस्तारका कारण आज अङ्ग्रेजी समाचारपत्रहरू सहर बजारमा सीमित भएका छन्। आज सिक्किमका गाउँगाउँका मानिस समाचारपत्र खोजी खोजी पढ्ने बनेका छन्, जसले राज्यमा अध्ययन संस्कृतिलाई प्रोत्साहित गरेको छ।

पछिल्लो समयमा उदय भएको न्यु मिडिया अर्थात् डिजिटल मिडियाका कारण समाचारपत्र पनि डिजिटल संसारमा प्रवेश गर्न बाध्य भएको छ। आज समाचारपत्र नपाउँदा पनि मानिसले आफ्नै मोबाइलमा समाचारपत्र पढ्न सक्ने सुविधा उपलब्ध भएको छ। न्यु मिडिया समाचारपत्रका निम्ति अवसर र चुनौती दुवैका रूपमा उभिएको देखिन्छ।

वर्तमानमा पनि आर्थिक सङ्कट समाचारपत्रहरूका निम्ति ठुलो चुनौती बनेको छ। पाठकका अपेक्षासितै विज्ञापनदाताका चाहनालाई ध्यानमा राखेर समाचारपत्र प्रकाशन गर्नु प्रबन्धन पक्षका निम्ति गम्भीर चुनौती बनेको छ। यस चुनौतीका अतिरिक्त नयाँ मिडिया, सामाजिक सञ्जालको चुनौतीका साथै नयाँ र नयाँ विषयमा खोजी गर्नुपर्ने चुनौती पनि विद्यमान छ। यसका साथै राष्ट्रिय समाचारपत्रले क्षेत्रीय संस्करण निकालेर पनि स्थानीय दैनिकका निम्ति चुनौती दिइरहेका छन्। **द टेलिग्राफ, द स्टेटमेन, दैनिक जागरण, दैनिक भास्कर** आदि राष्ट्रिय दैनिकले क्षेत्रीय संस्करण प्रकाशन गरी स्थानीय

नेपाली दैनिकहरूको वर्चस्व समाप्त गर्न प्रतिस्पर्धा गरिरहेका छन् भने क्षेत्रीय नेपाली समाचारपत्र **हिमालय दर्पण** पनि सिक्किमका नेपाली दैनिक समाचारपत्रका लागि चुनौतीको विषय बनेको छ। **हिमालय दर्पण**-ले २०१६-देखि सिक्किम संस्करण प्रकाशन गर्ने प्रयास गर्दै आएको देखिन्छ।

सिक्किमका नेपाली समाचारपत्रमा कार्यरत पत्रकारको योग्यता पनि प्रमुख चुनौती बनेको छ। अधिकांश सम्पादकसहित पत्रकारले पत्रकारिताको औपचारिक शिक्षा प्राप्त गरेका छैनन्। उनीहरूले समाचारपत्रसित जोडिएर नै समाचारलेखन तथा अन्य बुनियादी ज्ञान व्यावहारिक रूपमा ग्रहण गरेका हुन्। विषयगत विविधता र पत्रकारिताको सैद्धान्तिक ज्ञान राज्यमा कार्यरत अधिकांश पत्रकारमा छैन। नेपाली भाषाको राम्रो ज्ञानको अभाव पनि खट्किएको देखिन्छ। यसैले पत्रकारलाई समय समयमा पत्रकारिताको सिद्धान्त अनि नयाँ विषयप्रति सचेत र नियमितता प्रदान गर्न तथा उनीहरूलाई विषयकेन्द्रित समाचार सङ्कलन, सम्प्रेषण र लेखनप्रति सैद्धान्तिक र व्यावहारिक प्रशिक्षण दिन आवश्यकता पर्दछ। यस्ता अभावपूर्तिका लागि राज्य सरकारको सूचना तथा जनसम्पर्क विभाग, प्रेस क्लब अफ् सिक्किम अनि स्वयम् समाचारपत्रगृहले व्यवस्था मिलाउनुपर्ने आवश्यकता बोध हुन्छ।

अतः सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा देखापरेका विभिन्न चुनौती र समस्यालाई निम्नलिखित बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ-

१. समाचारपत्र मुद्रणका लागि चाहिने न्युजप्रिन्ट कागजको आयातसित सम्बन्धित समस्या।

२. बढ्दो महँगाईका स्थितिमा कम मूल्यमा समाचारपत्र बिक्री गर्नुपर्ने समस्या।

३. दैनिकको लोकप्रियता कारण साप्ताहिक समाचारपत्रको अस्तित्व सुरक्षाको चुनौती।

४. दैनिक समाचारपत्रमा कुशल एवम् दक्ष पत्रकारहरूको अभाव।

५. केबल टेलिभिजन, डिजिटल मिडिया र सामाजिक सञ्जालसित प्रतिस्पर्धा गर्नुपर्ने चुनौती।

६. राष्ट्रिय दैनिकहरूको क्षेत्रीय संस्करण एवम् **हिमालय दर्पण**-को सिक्किम संस्करणसित प्रतिस्पर्धा गर्नुपर्ने चुनौती।

७. समाचारपत्रमा उपयुक्त प्रबन्धनको समस्या।

८. प्राप्त न्यून वेतनमा पत्रकारले प्रतिष्ठित जीवन जिउने चुनौती।

९. खोजी समाचार सम्प्रेषणको अभावमा ग्रसित पत्रकारिता।

१०. पत्रकारलाई उचित तालिम र प्रशिक्षण दिने संस्थानको अभाव।

११. भाषिक शुद्धताको समस्या।

१२. पत्रकारका निम्ति ईपीएफ, चिकित्सा भत्ता, यातायात भत्ताजस्ता कल्याणकारी योजनाको अभाव।

१३. समाचारपत्रमा सरकारी, राजनीतिक र विज्ञापनदाताको हस्तक्षेपको समस्या।

१४. विज्ञापनको समस्या।

१५. सरकारी विज्ञापनको बकाया रकम समयमा प्राप्त नहुने समस्या।

१६. गुणात्मक समाचारलेखन र प्रस्तुतिको समस्या।

१७. द्रुत गतिको इन्टरनेट सुविधाको समस्या।

१८. यातायातका कारण बिक्री वितरणको समस्या।

१९. एकैजना संवाददाताले धेरै समाचारपत्रमा समाचार सम्प्रेषण गर्दा प्रायः सबै समाचारपत्रमा एकै किसिमको प्रस्तुती भएको समाचार आउँदा पाठकको रूचि कम हुने चुनौती।

२०. प्रकाशक र सम्पादक एकै व्यक्ति रहँदा सम्पादकीय विभागमा हुने प्रकाशकको हस्तक्षेपको समस्या।

२१. ठुलो आर्थिक निवेशको अभावमा बारम्बार झेल्नुपर्ने आर्थिक सङ्कटको चुनौती।

समग्रमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको वर्तमान अवस्था अपेक्षाकृत सन्तोषजनक देखिँदैन। विविध समस्या र चुनौतीमाझ समाचारपत्रले आफ्नो अस्तित्वको सुरक्षा गर्दै लोकप्रियता कायम गर्ने प्रयास गरिरहेको देखिन्छ। साप्ताहिक समाचारपत्र बजारबाट हराइसकेको स्थिति रहेको छ। पत्रकारको स्थिति पनि समयअनुरूप छैन, तथापि समाचारपत्रले पहिलाको तुलनामा आफ्नो विकास र विस्तार गरिरहेको अवस्था रहेको छ।

## ५.२ उपसंहार

सञ्चालन प्रकृतिका आधारमा सिक्किममा नेपाली व्यावसायिक पत्रकारिता व्यावसायिक र अव्यावसायिक गरी दुई प्रकारका छन्। व्यावसायिक पत्रकारिता अन्तर्गत समाचारप्रधान पत्र-पत्रिका पर्दछन्। प्राविधिक आधारमा सिक्किममा नेपाली व्यावसायिक पत्रकारिता मुद्रण एवम् छापा पत्रकारिता, विद्युतीय पत्रकारिता अनि डिजिटल पत्रकारिता गरी तीन प्रकारका रहेका छन्। मुद्रण एवम् छापा पत्रकारितामा सिक्किमबाट प्रकाशित दैनिक एवम् साप्ताहिक समाचारपत्र, विद्युतीय पत्रकारिताअन्तर्गत रेडियो पत्रकारितामा

आकाशवाणी गान्तोक एवम् टेलिभिजन पत्रकारितामा केबल टीभी समाचार तथा दूरदर्शन केन्द्र गान्तोक अनि डिजिटल पत्रकारितामा अनलाइन एवम् सामाजिक सञ्जालद्वारा गरिने पत्रकारिता सिक्किममा विद्यमान पाइन्छन्।

विषयवस्तुगत आधारमा सिक्किममा नेपाली व्यावसायिक पत्रकारितामा विविधता पाइन्छ। यसमा फोटो पत्रकारिता, खोजी पत्रकारिता, पर्यावरण पत्रकारिता, नागरिक एवम् जन पत्रकारिता, पैरवी पत्रकारिता, विकास पत्रकारिता, ग्रामीण पत्रकारिता, खेलकुद पत्रकारिता, साहित्यिक पत्रकारिता, पीत पत्रकारिता, आर्थिक पत्रकारिता, विज्ञान पत्रकारिता, चलचित्र पत्रकारिता, बाल पत्रकारिता, संसदीय पत्रकारिता, विधि पत्रकारिता, अपराध पत्रकारिता आदि पाइन्छन्। फोटो पत्रकारिता, नागरिक एवम् जन पत्रकारिता, विकास पत्रकारिता, ग्रामीण पत्रकारिता, खेलकुद पत्रकारिता, साहित्यिक पत्रकारिता, चलचित्र पत्रकारिता, संसदीय पत्रकारिता र अपराध पत्रकारिताजस्ता विधामा समाचारपत्रको स्थिति सन्तोषजक देखिएको छ भने गुणमान कायम गर्न आवश्यकता बोध गरिन्छ। खोजी पत्रकारिता, पर्यावरण पत्रकारिता, आर्थिक पत्रकारिता, विज्ञान पत्रकारिता, बाल पत्रकारिता, विधि पत्रकारिता आदिमा सङ्ख्यात्मक एवम् गुणात्मक विकास अपेक्षित रहेको छ।

भाषाका आधारमा सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको स्थिति सन्तोषजनक पाइन्न। भाषिक शुद्धताका कसीमा नेपाली समाचारपत्रको स्थिति कमजोर देखिन्छ। व्याकरणसम्मत भाषिक शुद्धताको अभावमा ग्रस्त सिक्किमको नेपाली पत्रकारिताले आवश्यकता अनुसारनवीन शब्दका निर्माण गरी शब्दभण्डारको अभिवृद्धिमा सहयोग गर्दै आएका भए तापनि समाचारपत्रका निम्ति भाषिक लेखनशैलीको आवश्यकता बोध हुन्छ।

भौगोलिक आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता स्थानीय पत्रकारिताको श्रेणीमा पर्दछ। ऐतिहासिक आधारमा सिक्किममा नेपाली व्यावसायिक पत्रकारिता सामाजिक, राजनीतिक एवम् आर्थिक दृष्टिकोणमा टाक्सिएको प्रतीत हुन्छ। सिक्किममा पत्रकारिताको आरम्भ भारतीय तथा नेपाली पत्रकारिताको तुलनामा ढिलो गरी हुनु, गुणमानको अभावले ग्रस्त हुनु, आर्थिक समस्या निदान गर्न नसकेर अनियमित हुनु जस्ता अनेकन कारणले सिक्किमको नेपाली समाचारपत्रको स्थिति टाक्सिन पुगेको हो।

सिक्किमका समाजमा नेपाली व्यावसायिक पत्रकारिताको गहिरो प्रभाव पाइन्छ। राज्यबासीलाई विभिन्न विषयमा सचेत र जागरूक बनाउनका साथै बौद्धिक समाजको निर्माण तथा अध्ययन संस्कृतिको विकासमा पत्रकारिताले अहम् भूमिका निर्माण गर्दै सामाजिक रूपान्तरणका दिशामा प्रभावकारी भूमिका पालन गरेको पाइन्छ।

सिक्किममा नेपाली व्यावसायिक पत्रकारिता र राजनीतिको सम्बन्ध पनि गहिरो रहेको छ। समाचारपत्रमा राजनीतिक हस्तक्षेप बढिरहेको छ, जसले स्वतन्त्र, निर्भीक एवम् निष्पक्ष पत्रकारितामा तगारो हाल्ने काम गरेको पाइन्छ। आर्थिक दृष्टिकोणमा सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको स्थिति सोचनीय, दयनीय एवम् अत्यन्त कमजोर रहेको छ। समाचारपत्रले आफ्नो आर्थिक स्थितिमा सुधार गर्न अत्यन्त आवश्यक बोध गरिएको छ। सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको वर्तमान स्थिति विभिन्न समस्या र चुनौतीले ग्रसित रहेको पाइए तापनि निरन्तर विकासको गतिमा अग्रसर देखिन्छ।

# छैटौं अध्याय

# शोधकार्यको उपसंहार तथा निष्कर्ष

**सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषणात्मक अध्ययन** शीर्षकको प्रस्तुत शोधप्रबन्ध कुल छवटा अध्यायमा विभाजित रहेको छ। प्रत्येक अध्यायमा प्रस्तुत गरिएका तथ्यगत विश्लेषणको सारांशलाई यहाँ अध्यायगत उपसंहारका साथै सम्पूर्ण शोधको निचोडस्वरूप समष्टि निष्कर्ष निम्नलिखित उपशीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ।

## ६.१ अध्यायगत उपसंहार

पहिलो अध्यायको शीर्षक **शोधपरिचय तथा शोधविधि** रहेको छ।यस अध्यायअन्तर्गत विभिन्न उपशीर्षकमा शोधकार्यको विधिवत् परिचय प्रस्तुत छ, जसमा शोधक्षेत्रको परिचय, शोधशीर्षक र यसको परिचय, शोधको प्रयोजन, शोधको समस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको विधि, ढाँचा र सामग्री सङ्कलनविधि, शोधको सीमाङ्कन र शोधको अध्याय विभाजनलगायत भावी शोधार्थीका निम्ति सम्भावित शोधशीर्षकहरू समाविष्ट छन्। सिक्किमबाट प्रकाशित हुने व्यावसायिक नेपाली पत्रकारिताको अध्ययनक्रममा उल्लिखित शोधसमस्याको समाधानार्थ अन्तिम निष्कर्ष प्राप्तिका लागि तत्विषयमा अहिलेसम्म विभिन्न पत्र-पत्रिका, सम्पादित पुस्तक, पत्रकारितासम्बन्धी पुस्तक तथा शोधपरक रूपमा गरिएका कार्यका समीक्षात्मक प्रस्तुति पूर्वकार्यको समीक्षाअन्तर्गत प्रस्तुत गरिएको छ।यस अध्यायमा शोधको औचित्य र महत्त्वमाथि पनि प्रकाश पार्दै शोधको सीमाङ्कन गरी शोधका ढाँचा र विधिका विभिन्न पक्षलाई उल्लेख गरिएको छ।यसै अध्यायमा शोधको

वैज्ञानिक प्रस्तुतिका लागि अध्याय विभाजन गरिएको छ भने भावी शोधार्थीका लागि सम्भावित शोध शीर्षक पनि दिइएको छ।

दोस्रो अध्यायको शीर्षक **पत्रकारिताको सैद्धान्तिक परिचय** रहेको छ। यस अध्यायमा पत्रकारितासम्बन्धी शोधपरक अध्ययनका लागि सैद्धान्तिक आधारहरू जुटाउन आवश्यक परेको हुँदा पत्रकारिताको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ। यस अध्यायमा पत्रकारिताको सिद्धान्तलाई आधार बनाई पत्रकारितालाई सञ्चालन प्रकृति, प्राविधिक, अवधिगत, विषयवस्तुगत र भौगोलिक आधार गरी जम्मा पाँचवटा आधारमा विभाजन गरिएको छ।

सञ्चालन प्रकृतिका आधारमा पत्रकारितालाई व्यावसायिक पत्रकारिता र अव्यावसायिक पत्रकारिता गरी दुई भेदमा विभाजन गरिएको छ। दक्ष मानव संसाधनद्वारा सञ्चालित व्यवसायमा आधारित पत्रकारितालाई व्यावसायिक पत्रकारिता भन्दछन्। विश्वमा बीसौं शताब्दीको आरम्भदेखि नै पत्रकारिताको व्यवसायिकीकरण गर्ने प्रक्रिया आरम्भ भएको हो। व्यावसायिक पत्रकारितामा पत्रकारले पत्रकारिताका आधारभूत र विषयवस्तुगत आवश्यक अध्ययन, प्रशिक्षण प्राप्त गरी दक्षता प्राप्त गरेको हुनु अपेक्षित छ। समाचारपत्रमा स्थायी र पूर्णकालिक पत्रकारका रूपमा सक्रियताका साथ कार्य गर्ने पत्रकारलाई नै व्यावसायिक पत्रकार भन्दछन्।

अव्यावसायिक पत्रकारिता मुनाफारहित, लोकहित एवम् जनकल्याणार्थ जनसरोकारका विषयलाई कुनै प्रकारको आर्थिक लाभको कामना नराखी अभियानकै रूपमा गरिने पत्रकारिता हो। यसअन्तर्गत शैक्षिक संस्थान, सरकारी निकाय, विश्वविद्यालय, गैरसरकारी सङ्गठन आदिबाट जनहितको भावना, प्राज्ञिक समाजका निम्ति अथवा लक्षित पाठकका लागि प्रकाशित पत्र-पत्रिका, जर्नल आदि पर्दछन्।

प्राविधिक आधारमा पत्रकारिता मूलतः मुद्रण अथवा छापा पत्रकारिता, विद्युतीय पत्रकारिता र डिजिटल पत्रकारिता गरी तीन प्रकारका हुन्छन्। कालान्तरमा मुद्रण व्यवस्थाको विकास हुँदै गएपछि छापा पत्रकारिताका स्वरूप पाँच प्रकारका देखिए। ती हुन् - अखबार वा समाचारपत्र, पत्र-पत्रिका, समाचारपत्रिका (न्युजलेटर), पम्पलेट वा पर्चा अनि पुस्तिका।

समाचारपत्रजस्ता पारम्परिक पद्धति र सञ्चार माध्यमका अतिरिक्त विद्युतीय पद्धतिद्वारा समाचारलगायत सूचनाहरू प्रसारण गर्ने प्रक्रिया नै विद्युतीय पत्रकारिता हो। विद्युतीय पत्रकारिताअन्तर्गत रेडियो पत्रकारिता, टेलिभिजन पत्रकारिता एवम् डिजिटल पत्रकारिता पर्दछन्।

पत्रकारिताका असीमित विषयवस्तु हुन्छन् तथापि व्यावसायिक पत्रकारिताका क्षेत्रमा प्रचलित विषयवस्तुगत आधारमा पत्रकारिताका केही प्रमुख विधाका सैद्धान्तिक परिचय र यसका प्रमुख अङ्ग (व्यावसायिक पत्रकार, समाचारपत्र, समाचार, सम्पादकीय, उत्तरसम्पादकीय, लेखरचना र विज्ञापन)- को परिचय दोस्रो अध्यायमा दिइसकिएको छ। दोस्रो अध्यायमा अन्तर्राष्ट्रिय पत्रकारिता-आचारसंहिता, भारतीय प्रेस परिषद्द्वारा जारी आचारसंहिता र फोटो पत्रकारिताको आचारसंहिताका विषयमा व्यापक चर्चा गरिएको छ।

शोधप्रबन्धको तेस्रो अध्यायको शीर्षक **शोधक्षेत्र सिक्किमको परिचय, परिवेश र पृष्ठभूमि** रहेको छ। यस अध्यायमा शोधक्षेत्र सिक्किमको भौगोलिक परिचयसितै यसका ऐतिहासिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, साहित्यिक र पत्रकारिताको पृष्ठभूमिको विश्लेषणात्मक अध्ययन गरिएको छ।

सन् १९५७-मा काशीराज प्रधानको सक्रियतामा अनि नहकुल प्रधानको प्रकाशन एवम् सम्पादनमा सिक्किमको पहिलो व्यावसायिक समाचारप्रधान पत्रिका **कञ्चनजङ्घा**को प्रकाशन आरम्भ भएदेखि यता सिक्किममा पत्रकारिताको औपचारिक इतिहास प्रारम्भ भएको तथ्यको विस्तृत विवरणसहितको चर्चा तेस्रो अध्यायअन्तर्गत गरिएको छ।

शोधप्रबन्धको चौथो अध्यायको शीर्षक **नेपाली व्यावसायिक पत्रकारिताको थालनी र विकास प्रक्रिया** रहेको छ। यस अध्यायमा **कञ्चनजङ्घा** पत्रिका प्रकाशन हुनुअघिको समग्र नेपाली पत्रकारिताको स्थिति र विकासक्रम अनि सिक्किमेली नेपाली व्यावसायिक पत्रकारिताको कालविभाजनसहित विकासक्रमको सर्वेक्षणात्मक अध्ययन गरिएको छ।

सिक्किममा नेपाली पत्रकारिताको आरम्भबिन्दु सन् १९२६ मा पाइएको र १५ सितम्बर १९५७ देखि सिक्किमबाट काशीराज प्रधानको तत्परता र नहकुल प्रधानको सम्पादनमा प्रकाशित **कञ्चनजङ्घा** समाचारप्रधान मासिक पत्रिकाबाट सर्वप्रथम सिक्किममा व्यावसायिक पत्रकारिताको बीजारोपण भएको प्रामाणिक तथ्यमाथि चौथो अध्यायमा विस्तारपूर्ण अध्ययन गरिएको छ। यस अध्यायमा सन् १९२६ देखि सन् २०१७ सम्मका ९ दशकीय कालखण्डअन्तर्गत सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको कालविभाजनसमेत गरी यसको विकासक्रमको सर्वेक्षणात्मक विवेचना गरिएको छ।

पाँचौं अध्यायको शीर्षक **सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषणात्मक अध्ययन** रहेको छ । यस अध्यायमा विभिन्न आधारमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषण गरिएको छ।

सिक्किममा व्यावसायिक पत्रकारिताको प्रसङ्गसँग जोडेर यसको ऐतिहासिक सर्वेक्षण गर्दा मूलतः दुई कालखण्ड देखिएका छन्-(१) राजतन्त्रकाल (सन् १९७५ पूर्व) र (२) लोकतन्त्रकाल (सन् १९७५ पश्चात्) । सन् १९७५ देखि यता हालसम्मको

कालखण्ड लोकतन्त्रकाल हो । यसका पनि दुईवटा चरण छन्, पहिलो चरण — सन् १९७५ देखि सन् १९९९ सम्म र दोस्रो चरण — सन् २००० देखि हालसम्म। १६ मई, १९७५ का दिन सिक्किम भारतमा विलय भएको ऐतिहासिक घटनापछि सिक्किममा लोकतन्त्रको उदय हुन्छ।अङ्ग्रेजी भाषामा **सिक्किम एक्सप्रेस** र नेपाली भाषामा **हिमालीबेला, दैनिक आवाज, विचार, आजको सिक्किम, दर्पण, गान्तोक** जस्ता दैनिक तथा साप्ताहिक समाचारपत्रको प्रकाशन आरम्भ हुन थालेदेखि सिक्किममा पत्रकारिताको बलियो आधार शिला खडा भएको तथ्यलाई यस अध्यायमा तार्किक एवम् विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ।

पहिलो चरण अर्थात् सिक्किम भारतीय महासङ्घमा विलय भएपछि सन् १९९९ सम्मको समयावधि लोकतान्त्रिक परिवेशको आरम्भिक चरण हो। सन् १९७७-को १३ नोभेम्बरका दिनदेखि गान्तोकबाट हिमाल इन्डिया पब्लिकेसन प्रा.लि.को प्रकाशन र राम पात्रोको सम्पादनमा **हिमालीबेला** साप्ताहिक समाचारपत्रको प्रकाशनसितै व्यावसायिक पत्रकारिताको नयाँ युगको प्रारम्भ भएको हो । **हिमालीबेला** विभिन्न स्तम्भसितै लोकप्रिय हुँदै गयो र १५ अगस्त, १९७८ देखि दैनिक समाचारपत्रका रूपमा प्रकाशित हुनथाल्यो। ६ मई, १९७८ शनिबारका दिनदेखि गान्तोकबाट नै भारतकै पहिलो नेपाली दैनिक समाचारपत्र **दैनिक आवाज**-को प्रकाशन आरम्भ भयो। **दैनिक आवाज**-ले पनि सिक्किमलगायत दार्जिलिङमा पनि लोकप्रियता प्राप्त गर्न सक्यो। यस चरणका उल्लेखनीय लोकप्रिय साप्ताहिक समाचारपत्रको विस्तृत विवरण चौथो अध्यायमा पनि दिइसकिएको छ।

## ६.२ समष्टि निष्कर्ष

यस शोधप्रबन्धन लेखन एवम् अनुसन्धानबाट प्राप्त उपलब्धि, प्राप्ति, शोधको निष्कर्ष, शोधबाट पाइएका समस्या, चुनौतीका साथै भावी दिशानिर्देशलाई समष्टि निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्य सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताका क्षेत्रमा गरिएको पहिलो अनुसन्धानात्मक कार्य हो। यसमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको अध्ययन गर्ने क्रममा नेपाली पत्रकारिताको ऐतिहासिक पृष्ठभूमिलाई केलाउने काम भएको छ।

शोधकार्यका लागि सैद्धान्तिक आधार जुटाउने क्रममा विभिन्न स्रोत र सामग्रीबाट व्यावसायिक पत्रकारिताको सिद्धान्तको अध्ययन गरी समावेष्टी रूपमा प्रस्तुत गरिएको छ। पत्रकारिताका विभिन्न प्रकार, भेद-उपभेद परिचय दिँदै र वर्गीकरणको औचित्यमाथि प्रकाश पार्दै तत्सम्बन्धी सैद्धान्तिक आधार जुटाउने कार्य भएको छ।

दक्ष मानव संसाधनद्वारा सञ्चालित व्यवसायमा आधारित पत्रकारिता व्यावसायिक पत्रकारिता हो। व्यावसायिक पत्रकारितामा पत्रकारिता सम्बन्धित संस्थानबाट प्रशिक्षित र प्रामाणित पत्रकारले सञ्चारगृह सञ्चालन गरेका हुन्छन्। आज विश्वका सबैजसो समाचारपत्रगृहले व्यावसायिक रूपमा अँगालिसकेका छन्। अखबारी पत्रकारिता अथवा समाचार पत्रकारिता व्यावसायिक पत्रकारिताअन्तर्गत पर्दछ। समाचारपत्रमा कार्यरत पत्रकार र सम्पादक सबै नै व्यावसायिक पत्रकार हुन्।

शोधक्षेत्र सिक्किमको परिचय दिने क्रममा सिक्किमलाई प्राचीनकालमा इन्द्रकील भनिएको तथ्यलाई पनि ऐतिहासिक एवम् पौराणिक तथ्यका आधारमा प्रमाणित गरिएको छ। इन्द्रकीलमा किरातको उपस्थिति र रासोबासो थियो। सिक्किममा लेप्चा, लिम्बू र

मगर जाति प्राचीनकालदेखि रहिआएको र कालान्तरमा भोटिया जातिको आगमन भएको हो भन्ने निष्कर्ष यस शोधकार्यले दिएको छ। अतः सिक्किममा नेपाली जातिको उपस्थिति परापूर्वकालदेखि नै रहेको ऐतिहासिक तथ्य प्रमाणित हुन्छ।

जहाँसम्म सिक्किममा व्यावसायिक नेपाली पत्रकारिताको प्रश्न छ, त्यस सन्दर्भमा सन् १९५७ मा **कञ्चनजङ्घा** समाचारप्रधान मासिक पत्रिकाको प्रकाशन हुनअघि केवल दुईवटा मात्र हस्तलिखित पत्रिका **फूलबारी** र **मानवनिर्बोध** निस्किएका थिए।

गान्तोकका मानवीरसिंह रसाइलीको ३० नोभेम्बर, १९२६-का दिन देहरादूनबाट निस्कने **गोर्खा संसार** साप्ताहिकमा *बाल शिक्षा प्रबन्ध* शीर्षकमा प्रकाशित फिचरलेखबाट सिक्किमको पत्रकारिताको बीजारोपण हुन्छ भने ३१ जनवरी, १९२८ का दिन **गोर्खा संसार**-मा उनै लेखकको *श्री ३ सर्कार महाराजा कलकत्ता सवारी भयेका सुअवसरमा विश्वकर्म जातीय प्रतिनिधि* शीर्षकको समाचार नै सिक्किमे पत्रकारद्वारा प्रेषण गरिएको अनि प्रकाशित भएको पहिलो समाचारकथा हो। अतः आधुनिक पत्रकारिताका सन्दर्भमा सिक्किमेली पत्रकारिताको घडेरी बसाउने मानवीरसिंह रसाइली सिक्किमका आदिपत्रकार हुन्।

सिक्किममा पत्रकारिताको पृष्टभूमि तयार गर्नमा **गोर्खा संसार**पछि **नेबुला, गोर्खा** र **भारती**जस्ता भारतका विभिन्न स्थानबाट प्रकाशित पत्रिकाहरूको भूमिका पनि उल्लेखयोग्य देखिन्छ।

सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको औपचारिक आरम्भ नहकुल प्रधानको सहयोगमा काशीराज प्रधान तत्परतामा १५ सितम्बर, १९५७-देखि **कञ्चनजङ्घा** समाचारप्रधान मासिक पत्रिकाको प्रकाशन आरम्भ भएको हो।

सिक्किममा नेपाली दैनिक समाचारपत्र प्रकाशन परम्पराको थालनी ६ मई, १९७८ देखि **दैनिक आवाज**-को प्रकाशनसितै भएको हो र वर्तमान समयसम्ममा सिक्किमबाट तेह्रवटा दैनिक समाचारपत्र प्रकाशित भइसकेका छन्। यी सबै दैनिक समाचारपत्र एकल स्वामित्वमा प्रकाशित भएका हुन् भने कुनै पनि समाचारपत्रमा ठूलो लगानी भएको देखिँदैन।

सिक्किमका दैनिक समाचारपत्रका लागि आर्थिक सबलता सबैभन्दा ठूलो चुनौती बनेको छ भने आर्थिक दूर्बलता सबैभन्दा ठूलो समस्याका रूपमा विद्यमान छ।

सिक्किममा विद्युतीय पत्रकारिताअन्तर्गत रेडियो पत्रकारिता आकाशवाणी गान्तोक, टेलिभिजन पत्रकारिता केबल टेलिभिजनमा सीमित रहेको छ र टेलिभिजन पत्रकारिताको अभावपूर्तिका लागि पूर्ण रूपमा दूरदर्शन केन्द्र गान्तोकको सञ्चालन अपेक्षित छ। सिक्किममा डिजिटल पत्रकारितामा केही युवा पत्रकारको रूचि देखिएको हुँदा यसको उज्जवल भविष्यको सङ्केत प्राप्त हुँदछ।

सन् १९५७-मा **कञ्चनजङ्घा**-मा प्रकाशित फोटोबाट सिक्किममा फोटो पत्रकारिताको प्रारम्भ भएको हो र हालको स्थितिमा सिक्किमका पत्रकारले फोटो पत्रकारिताको गुणात्मकतातर्फ ध्यान दिनु पर्नेमा आवश्यकता बोध हुन्छ।

सिक्किममा खोजी पत्रकारिताको अपेक्षाकृत बलियो परम्परा भेटिँदैन। यस दिशामा **समय दैनिक** र **हाम्रो प्रजाशक्ति**सहित एकाध समाचारपत्रले यदाकदा अनुसन्धानात्मक समाचार सम्प्रेषणको प्रयास गरेको देखिए तापनि यस दिशामा अत्यधिक ध्यान केन्द्रित गर्नु पर्ने आवश्यकता देखिन्छ।

पर्यावरण पत्रकारिताका सन्दर्भमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता केवल कार्यक्रम र घटनाविवरणमा आधारित समाचार सम्प्रेषण गर्नमा सीमित रहेको

पाइन्छ र पर्यावरणका विविध विषयमा अनुसन्धान गरी समाचार र लेखरचनामा गुणमान कायम गर्न अपेक्षित छ।

सन् १९५७-मा **कञ्चनजङ्घा**- बाट नै सिक्किममा नागरिक पत्रकारिता प्रारम्भ भएपछि परवर्तीकालमा विकसित डिजिटल मिडियामा पनि नागरिक पत्रकारिताको उत्साहजनक सहभागिता पाइएको छ।

**हिमालीबेला** र **दैनिक आवाज** समाचारपत्रले सन् १९८०-को दशकमा पैरवी पत्रकारिताका माध्यमद्वारा नेपाली भाषा मान्यता आन्दोलनलाई सफल बनाउन महत् भूमिका निर्वाह गरे भने **समय दैनिक** र **हाम्रो प्रजाशक्ति**ले पैरवी पत्रकारितालाई निरन्तरता दिँदै आएका छन्।

सन् १९५७-मा **कञ्चनजङ्घा**-बाट थालिएको विकास पत्रकारितालाई **हिमालीबेला**, **समय दैनिक** र **हाम्रो प्रजाशक्ति**-ले निरन्तरता दिँदै आएका छन्।

**कञ्चनजङ्घा**-देखि वर्तमान समयसम्मकै पत्रकारितालाई हेर्दा सिक्किममा ग्रामीण पत्रकारितालाई समाचारपत्रले उच्च प्राथमिकता दिएका छन्। **समय दैनिक** र **हाम्रो प्रजाशक्ति**-ले राज्यका विभिन्न स्थानमा संवाददाता नियुक्त गरेर सिक्किमका गाउँलाई राजधानीसित जोड्ने र ग्रामीण क्षेत्रका समाचार महत्त्वका साथ प्रकाशन गर्ने गरेको देखिन्छ।

सिक्किममा सन् १९७८ मा **हिमालीबेला**-बाट खेलकुद पत्रकारिताको थालनी भए यता वर्तमान समयसम्म निरन्तर विकसित अवस्थामा रहेको भए तापनि समाचारपत्रले खेलदूद संवाददाता नियुक्त नगरेको हुँदा सिक्किमको खेल पत्रकारिता केवल खेल विवरणमा मात्र सीमित रहेको हुनाले यस दिशातर्फ विषयगत ज्ञान र गुणमानको अभाव स्पष्ट रूपमा देखिएको छ।

सिक्किममा भारतीय अवधारणामा विकसित भएको पाइन्छ। विशुद्ध नेपाली साहित्यिक पत्रकारिताको विकासमा विभिन्न पत्रपत्रिकाको योगदान महत्त्वपूर्ण रहे तापनि स्थायित्व, नियमितता र निरन्तरताको अभावले साहित्यिक पत्रकारिता ग्रसित छ। **कञ्चनजङ्घा**-देखि वर्तमानकालसम्म नै समाचारपत्रले साहित्यलाई अभिन्न अङ्गका रूपमा प्राथमिकता दिँदै आएको छ। यस दिशामा **गान्तोक** साप्ताहिकको साहित्य विशेषाङ्क र **समय दैनिक**-को कथा प्रतियोगिता उल्लेखयोग्य कार्य हुन्।

समग्रमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा पीत पत्रकारिताको स्थिति नगण्य नै रहेको भए तापनि एकाध समाचारहरू पीत पत्रकारिताको कसीमा जँचिएका छन्।

सिक्किमको आर्थिक पत्रकारिता व्यापारिक गतिविधिको विवरणात्मक समाचारमा सीमित रहेको छ। विषयगत गहनता, अनुसन्धान र बोधगम्यतासितै विकासका लागि समाचारपत्रमा आर्थिक पत्रकारको खाँचो खड्किएको छ।

सिक्किमको व्यावसायिक नेपाली पत्रकारितामा विज्ञान पत्रकारिताको स्थिति प्रायः नगण्य रहेको छ। यस दिशामा कार्य गर्न इच्छुक पत्रकारका लागि धेरै सम्भावना देखिन्छन्।

**कञ्चनजङ्घा**-बाट थालिएको चलचित्र पत्रकारिताको स्थिति सिक्किममा अपेक्षाकृत उत्साहजनक देखिएको छ।

सिक्किममा बाल पत्रकारिताको बलियो परम्परा पाइँदैन। केवल दुईवटा मात्र बाल पत्रिकाको प्रकाशन हुनु अनि समाचारपत्रमा बाल-बालिकाका निम्ति कुनै नियमित स्तम्भ नहुनुले सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा बालपत्रकारिता सर्वदा उपेक्षित देखिन्छ।

सिक्किम भारतीय महासङ्घमा विलय भएपछि **हिमालीबेला** र **दैनिक आवाज**-ले विधानसभाका कार्यवाहीको समाचार सम्प्रेषण गरेर संसदीय पत्रकारिताको थालनी गरेदेखि आजसम्म यथास्थिति रहेको छ। संसदीय पत्रकारितामा हुनुपर्ने समीक्षा र अनुसन्धानको अभावमा सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता ग्रसित रहेको बोध हुन्छ र यसको गुणात्मक विकास अपेक्षित छ।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा विधि पत्रकारिता अथवा कोर्ट रिपोर्टिङको अवस्था सङ्ख्यात्मक एवम् गुणात्मक दुवै दृष्टिमा न्युन रहेको छ। विधि पत्रकारको अभाव अनि न्यायप्रक्रियाको जटिलताका कारण प्रारम्भिक अभ्यासको अवस्थामा नै रहेको विधि पत्रकारिताको गुणात्मक एवम् सङ्ख्यात्मक विकास अपेक्षित छ।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा अपराध पत्रकारिता एउटा प्रमुख अङ्गका रूपमा विकसित भए तापनि यसको सङ्ख्यात्मक वृद्धि मात्र भएको अनुभव गरिएको छ। आपराधिक घटनाका विवरण दिनका साथसाथै यसमा गुणात्मक विकासको अभावपूर्ति गर्न आवश्यक हुन्छ।

राजतन्त्रकालमा राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक परिवेश पत्रकारिताका लागि अनुकूल थिएन र **कञ्चनजङ्घा**-बाहेक कुनै पनि पत्रिकाले नियमितता प्रदान गर्न सकेनन् भने लोकतन्त्रकालमा परिवेश धेरै अनुकूल बने तापनि **हिमालीबेला**, **हाम्रो प्रजाशक्ति** र **समय दैनिक**-बाहेक अन्य समाचारपत्रले नियमिता प्रदान गर्न सकेनन्।

सङ्ख्यात्मक रूपमा सिक्किमबाट धेरै समाचारपत्र प्रकाशित भए तापनि गुणमानका दृष्टिकोणमा नगण्य अवस्थामा रहेका कारण सिक्किमको नेपाली व्यावसायिक पत्रकारिता ट्याक्सिएको प्रतीत हुन्छ।

लोकतन्त्रकालमा अभिव्यक्तिको स्वतन्त्रतालाई दमन गर्न पत्रकारहरूलाई धम्क्याउने, आक्रमण गर्ने, मुद्दा लगाउने जस्ता केही आपराधिक घटना पनि भएका पाइन्छन्। यस्ता घटनाबाट पत्रकार जगत्मा असुरक्षाको परिवेश सिर्जना हुनेहुँदा सरकार, प्रशासन र सम्बन्धित सबै समाचारपत्रगृहले पत्रकारहरूको सुरक्षाका लागि ठोस पहल गर्न आवश्यकता बोध गरिएको छ।

सिक्किमको व्यावसायिक नेपाली पत्रकारिताका क्षेत्रमा दक्ष मानव संसाधनको अभाव आजपर्यन्त विद्यमान छ र यसको निवारण गर्न पत्रकारले प्रशिक्षण लिन र स्वअध्ययन तथा औपचारिक अध्ययन गर्नु आवश्यक देखिएको छ।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा देखापरेको सबैभन्दा गम्भीर समस्या नै भाषिक समस्या हो र यसको समाधानका लागि समाचारपत्रमा शुद्ध व्याकरण सम्मत मानक भाषाको प्रयोग अपेक्षित छ।

समाचारपत्रका भाषिक प्रयोगमा देखिएको भिन्नता र विचलनको प्रमुख कारण कुनै पनि समाचारपत्रको आफ्नो छुट्टै भाषिक लेखनशैली (स्टायल मेनुअल) नहुनु हो। भाषिक समस्याको निराकरणका लागि भाषिक लेखनशैली तयार गरी प्रयोगमा ल्याउन अत्यन्त आवश्यक ठहरिएको अनुभव गरिएको छ।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताले सिक्किमेली समाजमा गहिरो प्रभाव पार्दै समाजको रूपान्तर, परिवर्तन र अग्रगमनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

व्यावसायिक पत्रकारिताको विकास, संबर्द्धन एवम् अभिव्यक्तिको सुरक्षाका लागि पत्रकारितामा राजनीतिक हस्तक्षेप स्वीकार्य देखिँदैन।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको सबैभन्दा ठूलो समस्या र चुनौती भनेको आर्थिक सङ्कट हो। आर्थिक कमजोरीका कारण अधिकांश समाचारपत्र नियमित

बन्न नसकेर बन्द भएका छन् भने सञ्चालित समाचारपत्रको आर्थिक स्थिति पनि सबल र सक्षम छैन। परिणामस्वरूप पत्रकारिताको अपेक्षित विकास हुनसकिरहेको छैन। समाचारपत्रको आर्थिक स्थितिलाई सुधार गर्न ठोस पहल र व्यावस्थापनको आवश्यकता छ भने कर्मचारी पत्रकारहरूको आर्थिक स्थितिमा पनि सुधार गर्न समाचारपत्रगृह अथवा प्रकाशकले ठोस पहल गर्न अपेक्षित छ।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा देखापरेका विभिन्न समस्यालाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ -

१. समाचारपत्र दीर्घकालसम्म नियमित रूपमा प्रकाशन हुन नसक्नु सिक्किमको नेपाली पत्रकारिताको जटिल समस्या हो। **कञ्चनजङ्घा**-देखि वर्तमान समयसम्म प्रकाशित अधिकांश समाचारपत्र अल्पायुमा नै बन्द भएका छन्। समाचारपत्रको अनियमितताका पछि अपरिपक्व निवेश, आर्थिक स्रोत सञ्चालन गर्न नसक्नु, अव्यवस्थित व्यावस्थापन र आर्थिक कमजोरी प्रमुख कारण रहेका छन्।

२. साप्ताहिक समाचारपत्रहरू बन्द हुने क्रम निरन्तर बढिरहेको छ। दैनिक समाचारपत्रको प्रकाशनको क्रम बढेपछि साप्ताहिक समाचारपत्रले दैनिकसित प्रतिस्पर्धा गर्नका लागि सोही अनुरूप आफूलाई सक्षम बनाउन नसकेपछि साप्ताहिक समाचारपत्रप्रति पाठकको रूचि हराउँदै गएका कारण साप्ताहिक समाचारपत्र बजारबाट हराउने क्रम बढ्यो र कतिपय साप्ताहिक समाचारपत्र बन्द हुने स्थितिमा पुगेपछि निरन्तरता कायम गर्न सकेनन्।

३. दैनिक समाचारपत्रमा प्रकाशित हुने विभिन्न फिचर लेख, उत्तर सम्पादकीय लेख आदि मौलिक सिर्जनात्मक नभएर साभार गरिएका अथवा राष्ट्रिय समाचारपत्र अथवा वेभसाइटमा प्रकाशित लेखलाई अनुवाद गरेर नेपाली पाठकका लागि

प्रस्तुत गरिन्छ, जसमा मौलिकता, नेपालीपन तथा स्थानीय रङ्ग हुँदैन र त्यस्ता समाचार पाठकलाई आकर्षित गर्न असक्षम हुन्छन्। कतिपय लेख केही समयको अन्तरालमा बारम्बार प्रकाशित हुनाले पनि पाठकको रूचि कम हुँदै गएको छ।

४. प्रायः दैनिक समाचारपत्रमा प्रकाशित कतिपय समाचारमा समानता पाइन्छ। एकैजना संवाददाताले दुइ-तीनवटा समाचारपत्रलाई एउटै समाचार प्रेषण गर्नाले यस्तो समस्या उत्पन्न भएको देखिन्छ, जसले पाठकलाई विकल्प चयन गर्ने अवसर प्रदान गर्दैन।

५. अशुद्ध भाषिक प्रयोग, आगन्तुक शब्दका अत्यधिक प्रयोग, भाषिक लेखनशैलीको अभावका कारण पत्रकारिताले नेपाली भाषाका पाठक र विद्यार्थीमा अन्योल र भ्रमको स्थिति सिर्जना गरिरहेको छ। समाचारपत्रमा प्रयोग हुने नेपाली भाषामा भाषिक शुद्धताको अभाव अर्को जटिल समस्या हो।

६. वर्तमानमा नेपाली समाचारपत्रले इन्टरनेटको माध्यमद्वारा विदेशी नेपाली वेभसाइटबाट कतिपय लेखकका लेखरचना प्रयोगमा ल्याउने गरेका छन्। यस प्रकारको प्रयोगले समाचारपत्रको अन्य पृष्ठको तुलनामा त्यस्ता प्रकाशित लेखका भाषामा एकरूपताको अभाव देखिन्छ। यस प्रकारको अभ्यासले प्रतिलिपि कानुन र पत्रकारिता आचार संहिताको उल्लङ्घन गरिरहेको छ।

७. समाचारपत्रमा स्थानीय लेखक, साहित्यकार, बुद्धिजीवीका समसामयिक, विश्लेषणात्मक, चिन्तनपरक, साहित्यिक आदि लेखरचना अपेक्षाअनुरुप प्रकाशन नहुनु सिक्किमको नेपाली पत्रकारिताको अर्को जटिल समस्या हो।

८. युवाले पत्रकारितालाई रोजगारको अन्तिम विकल्प मान्ने गरेको, पत्रकारिताका विषयमा आधारभूत सैद्धान्तिक एवम् व्यावहारिक प्रशिक्षण संस्थान र आधारभूत

पाठ्यक्रमको अभाव रहेका कारण व्यावसायिक पत्रकारिताका क्षेत्रमा दक्ष मानव संसाधनको अभाव मूल समस्याका रूपमा विद्यमान छ।

९. अधिकांश समाचारपत्रका प्रकाशक एवम् मालिक नै सम्पादक रहेका कारण राजनीतिक, विज्ञापनदाता, सरकारको दबाउका कारण सम्पादकीय विभागमा मालिकको हस्तक्षेपको भइरहनु सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको अर्को जटिल समस्या हो।

१०. अधिकांश साप्ताहिक समाचारपत्र र कतिपय दैनिक समाचारपत्रमा विद्यमान *वान मेन आर्मी*-को रूपमा एकैजना पत्रकारका भरमा समाचारपत्र प्रकाशित गर्ने प्रवृत्तिले गुणात्मकता कायम गर्न नसक्नु पनि सिक्किमको नेपाली समाचारपत्रमा देखिएको मूलभूत समस्या हो।

११. समाचारपत्रमा कार्यरत पत्रकारलाई समयअनुरूप एवम् वेतन बोर्डको सिफारिसअनुसार वेतनमान र कर्मचारी भविष्य निधि (ईपीएफ)-को सुविधा नदिनु, इन्टरनेट खर्च, मोबाइल खर्च, यातायात खर्च, घरभाडा भत्ता, महँगाई भत्ता, मेडिकल खर्च आदि सुविधाबाट पत्रकारहरूलाई वञ्चित राख्नु, साप्ताहिक बिदाको व्यवस्था नहुनु, काम गर्ने समयसीमा निर्धारित नहुनु जस्ता प्रबन्धनपक्षको अमानवीय एवम् शोषणमूलक नीति सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा देखा परेको मूलभूत समस्या हो।

१२. समाचारको सतही विवरणात्मक प्रस्तुति, पत्रकारमा अनुसन्धान प्रवृत्तिको अभाव, विषयगत पत्रकारको अभावका कारण साधारण पत्रकारले नै सबै विषयमा कार्य गर्नुपर्ने स्थिति, एकैजना पत्रकारले धेरै कार्यक्रमको कवरेज गर्नुपर्ने हुँदा कार्यक्रम सूची हेरेर समाचार बनाउने चलनको विकास आदिले समाचारपत्रमा

सङ्ख्यात्मक रूपमा धेरै समाचार प्रकाशित भए तापनि गुणमानको दृष्टिले थोरै समाचार प्रकाशित हुनु अर्को मूल समस्या रहेको छ।

१३. समाचारपत्रको छपाईका लागि चाहिने न्युजप्रिन्ट कागजको आयातमा लाग्ने अत्यधिक खर्च, न्युजप्रिन्टमा कुनै प्रकारको आर्थिक छुट (सब्सिडी) नहुनु, वस्तु एवम् सेवा कर अत्यधिक भुक्तान गर्नुपर्ने हुँदा समाचारपत्रको छपाई खर्चमा वृद्धि हुनु दैनिक समाचारपत्रका निम्ति आर्थिक समस्या देखिन्छ।

१४. राट्रिय विज्ञापन थोरै मात्रामा प्राप्त हुनु, विज्ञापनको दर थोरै हुनु, सबै समाचारपत्र डीएभीपीमा आबद्ध नहुनु जस्ता कारणले देशका अन्य समाचारपत्रका तुलनामा सिक्किमका नेपाली समाचारपत्रमा कम विज्ञापन प्रकाशन हुनु आयस्रोतका दृष्टिले मूल समस्या रहेको छ।

१५. आईपीआर विभागद्वारा राज्य सरकारका विज्ञापनहरू समाचारपत्रलाई जारी भए तापनि समयमा बकाया बिलको भुक्तानी सम्बन्धित विभागबाट नहुनु अर्को जटिल समस्या हो।

१६. पत्रकारिताका क्षेत्रमा कुनै प्रकारको ठुलो आर्थिक निवेश नहुनु अनि प्रकाशक र सहयोगी कर्मचारीका सहयोगमा समाचारपत्र सञ्चालन गर्ने प्रवृतिले समाचारपत्र सञ्चालनमा बारम्बार ब्यवधान आइरहनु अर्को प्रमुख समस्या हो।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारितामा वर्तमानमा देखापरेका विभिन्न चुनौतीलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ -

१. समाचारपत्रमा दक्ष मानव संसाधनको परिपूर्तिका लागि तालिम एवम् पत्रकारितासित सम्बन्धित प्रमाणपत्र प्राप्त पत्रकारको नियुक्ति, कार्यरत पत्रकारलाई वेतनबोर्डको सिफारिसअनुसार वेतनमानसहित अन्य भत्ता प्रदान,

विषयगत आधारमा संवाददाता नियुक्ति एवम् कार्यविभाजन, समाचारपत्रको सम्पादकीय विभागमा मालिकसहित राजनीतिक, सरकारी एवम् अन्य कुनै पनि प्रकारको हस्तक्षेप हुनबाट जोगाउनु, गुणात्मक, स्वतन्त्र, निष्पक्ष एवम् निर्भीक पत्रकारिता अँगालेर व्यावसायिक पत्रकारितामा हुनुपर्ने गुण र लक्षणलाई परिपूर्ति गर्नु सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको मूलभूत चुनौती हो।

२. न्युजप्रिन्टमा हुने अत्यधिक आर्थिक खपत, छापाखानाको खर्च, कम विज्ञापन, सीमित आर्थिक स्रोत र बढ्दो महँगाईमाझ कम मूल्यमा समाचारपत्र बिक्री गर्नुपर्ने अर्को मूल चुनौती हो।

३. साप्ताहिक समाचारपत्रले अस्तित्व सुरक्षाको निम्ति आफूलाई अपडेट गरी तयार गर्ने चुनौती विद्यमान छ।

४. कमजोर आर्थिक स्थिति, निवेश, सीमित आय स्रोतका कारण बढ्दो महँगाई र खर्चमाझ तालमेल बसाएर समाचारपत्रलाई नियमित रूपमा प्रकाशन गर्दै लैजानु पर्ने चुनौती प्रकाशकमा विद्यमान छ।

५. स्थानीय केबल टेलिभिजन, डिजिटल मिडिया, सामाजिक सञ्जालसितै राष्ट्रिय दैनिकका क्षेत्रीय संस्करण एवम् क्षेत्रीय समाचारपत्रका बढ्दो लोकप्रियता अनि स्थानीय अङ्ग्रेजी र हिन्दी भाषाका समाचारपत्रसित प्रतिस्पर्धा गरी आफ्नो लोकप्रियता र पाठक सङ्ख्यामा निरन्तर वृद्धि गर्नु पर्ने चुनौती पनि वर्तमानमा सिर्जनामा भएको छ।

६. कार्यरत सबै पत्रकारले आफूलाई व्यावसायिक पत्रकारका रूपमा विकसित गर्न शैक्षिक योग्यता, दक्षता, व्यावहारिक ज्ञान, भाषिक ज्ञान वृद्धिसितै अनुसन्धानकला विकसित गर्नुपर्ने जस्ता कार्य पत्रकारका लागि चुनौती बनेको छ।

७. राज्यका पत्रकारमा प्राप्त न्यून वेतनमा प्रतिष्ठित जीवन जिउने चुनौती विद्यमान छ।

८. विभिन्न आयुवर्ग र विभिन्न क्षेत्रमा रूचि भएका पाठकका मागअनुरूप सन्तुलित पाठ्य सामग्रीसहित समाचारपत्र प्रकाशन गर्ने चुनौती सम्पादकीय विभागमा रहेको छ।

९. समाचारपत्रको आर्थिक स्थिति बलियो बनाउन कसैबाट आर्थिक सहयोग लिएर सम्बन्धित व्यक्तिको समाचारलाई प्राथमिकताका साथ प्रकाशन गर्नु, संवाददाताले समाचार प्रकाशन गर्न आर्थिक सहयोग लिनु, विज्ञापनका निम्ति समाचारलाई प्रकाशित गर्नु जस्ता पेड न्युजलाई रोक्ने चुनौती पनि वर्तमान पत्रकारिताको मूल चुनौती हो।

१०. छापापत्रकारिताको विश्वसनीयता कायम गर्नु अनि नवीन प्राविधिक प्रयोगद्वारा नयाँ पुस्तालाई समाचारपत्र पढ्न आकर्षण गर्नुपर्ने चुनौती पनि सिर्जना भएको छ।

सिक्किमको नेपाली व्यावसायिक पत्रकारिताको भविष्य सुदृढ पार्न तथा यसका वर्तमान समस्या र चुनौतीलाई निराकरण गर्नका लागि निम्नलिखित दिशानिर्देशन प्रस्तुत गरिएको छ -

१. पत्रकारिताका क्षेत्रमा देखापरेको आर्थिक समस्याको निदानका निम्ति सहकारी समिति गठन गरिनुपर्छ।

२. राज्य सरकारको सूचना तथा जनसम्पर्क विभागले भारत सरकारको विज्ञापन निर्देशालय (डीएभीपी) जस्तै छुट्टै विज्ञापन निर्देशालयको स्थापना गरी

समाचारपत्रमा प्रकाशित विज्ञापनको बकाया रकम निर्धारित समयमा भुक्तान गर्ने व्यवस्था मिलाउनु पर्ने सुझाउ दिइन्छ।

३. केन्द्र सरकारले *लघु एवम् मध्यम समाचारपत्र विकास निगम* अथवा *लघु एवम् मध्यम समाचारपत्र परामर्श समिति* जस्ता निकाय अनि राज्य सरकारले *पत्रकारिता विकास बोर्ड* जस्ता निकायको गठन गरी समस्याग्रस्त समाचारपत्रलाई विभिन्न प्रकारका सहयोग प्रदान गर्नसके पत्रकारिताको उत्साहबर्द्धक विकास हुनेछ।

४. राज्य सरकार अथवा प्रेस क्लब अफ् सिक्किमले राज्यका पत्रकारका लागि तालिम केन्द्रको व्यवस्थापन गरी नियमित रूपमा सैद्धान्तिक एवम् व्यावहारिक प्रशिक्षण प्रदान गर्नसके पत्रकारिता जगत्का निम्ति कल्याणकारी काम हुनेछ ।

५. समाचारपत्रमा विद्यमान भाषिक समस्याको निदान गर्न प्रेस क्लब अफ् सिक्किमले पत्रकारिता लेखनशैली (जर्नालिज्म स्टाइल म्यानुअल) तयार गर्न सक्नेछ अथवा यसप्रकारको प्रयोग दैनिक समाचारपत्रले पनि गर्न सक्नेछ।

६. समाचारपत्रले वेतन बोर्डले तय गरेका तालिकाअनुसार पत्रकारको वेतनमान निर्धारण गरी प्रदान गर्नका साथै कर्मचारी भविष्य निधि (ईपीएफ)-को सुविधा प्रदान गरे पत्रकारले अझ उत्साहित भई योगदान दिनेछन्।

७. राज्यका पत्रकारले आफ्ना दक्षता र प्रतीभालाई बढाउन निरन्तर स्वअध्ययन, तालिम, प्रशिक्षण तथा न्यूनतम पत्रकारितासित सम्बन्धित डिप्लोमा पाठ्यक्रमको अध्ययन गरेर आफूलाई सक्षम तुल्याउन आवश्यक छ।

८. पत्रकारले अनुसन्धानात्मक प्रवृत्तिको विकास गर्दै गुणात्मक समाचार लेखनतर्फ आफूलाई अग्रसर गर्नु पर्नेछ।

९. समाचारपत्रले राजनीतिक पत्रकार, आर्थिक पत्रकार, फोटो पत्रकार, खेलकूद पत्रकार, चलचित्र पत्रकार, विधि पत्रकार आदि विविध विषय एवम् क्षेत्रगत आधारमा संवाददाताको नियुक्ति गर्ने परम्पराको थालनी गर्नु अपेक्षित छ।

१०. समाचारपत्रमा स्थानीय लेखक, बुद्धिजीवी, विश्लेषक, साहित्यकार आदिलाई लेखनका निम्ति प्रोत्साहित गर्न पारिश्रमिकको व्यवस्था गर्नुपर्नेछ।

माथि उल्लिखित बुँदागत समस्या, चुनौती र दिशानिर्देशनलाई मध्य नजर राखेर प्रस्तुत शोधप्रबन्धको निष्कर्षमा भन्नु पर्दा वर्तमान युगको प्राविधिक विकास सँगसँगै सिक्किम सरकार र प्रेस क्लब अफ् सिक्किमले व्यावसायिक पत्रकारहरूलाई तत्क्षेत्रको अध्ययनका लागि छात्रवृत्ति र प्रशिक्षण दिने प्रावधान सिर्जना गरिदिन सकेमा सिक्किममा व्यावसायिक पत्रकारिताको भविष्य अपेक्षाकृत उज्ज्वल देखिएको छ।

# सन्दर्भग्रन्थ सूची

## नेपाली सन्दर्भ पुस्तक सूची


अधिकारी, निर्मलमणि, वि स २०६५ **आमसञ्चार र पत्रकारिता**, काठमाडौं : प्रशान्ति प्रकाशन।

.......... , सन् २०१४ **आधारभूत पत्रकारिता**, काठमाडौं : युनेस्को।

अधिकारी, रामलाल, सन् १९९९ **नेपाली निबन्ध यात्रा**, (दो.सं.), गान्तोकः मेसर्स प्रिन्ट्रेड।

आचार्य, भानुभक्त, वि स २०७० **आमसञ्चार र पत्रकारिता** (दो.सं), काठमाडौं : प्रधान बुक हाउस।

आचार्य, भानुभक्त र घमराज लुइँटेल, वि स २०६९ **नेपाली पत्रकारिता** (दो.सं), काठमाडौं: निमा पुस्तक प्रकाशन।

आले, सन्तोष. सन् २००३, **मगर जातिको इतिहास अनि संस्कृति सिक्किम सन्दर्भमा**, गान्तोक : लेखक असल थापा र अन्य।

उपाध्याय, भीमकान्त, सन् १९९९, **सवाई र लहरी काव्य सङ्ग्रह**, नयाँ दिल्ली : साहित्य अकादमी।

उपाध्याय, मुक्तिप्रसाद, सन् २०१५, **भारतेली नेपाली बालसाहित्य**, सिलगढी : नेपाली साहित्य प्रचार समिति।

ओझा, घनानाथ र भैरव रिसाल, वि स २०६५ **त्यति बेलाको पत्रकारिता**, काठमाडौं : पैरवी बुक हाउस।

कसजू, विनय, वि स २०७० **बाल पत्रकारिता**, मोरङ : बालसखा प्रकाशन।

कृति, कृष्ण, सन् २०११ **नारी प्रतिबिम्ब**, गान्तोक : रमेश खनाल।

कोइराला, ए बी, वि स. २०६० **पत्रकारिता परिचय**, भाग १, काठमाडौं : जेकेजी बुक्स एन्ड, स्टेसनरी।

खनाल, श्रीराम, वि स २०६३ **प्रयोगात्मक पत्रकारिता** (चौ. सं.), काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि.।

.......... सन् २००८ **आमसञ्चार र पत्रकारिता**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

गुरूङ, केदार, सन् २०११ **अस्रोत स्रोतहरूका प्रतिस्रोतहरू**, गेजिङ : सर्वगङ्गा प्रकाशन।

गौतम, देवीप्रसाद, वि स २०४९ **नेपाली भाषा-परिचय**, काठमाडौं : साझा प्रकाशन।

घिमिरे, डी आर, वि स २०६० **पत्रकारिता : सिद्धान्त र व्यवहार**, काठमाडौं : पौरवी प्रकाशन।

घिमिरे, चुनिलाल (सम्पा.), सन् २०१२ **कला अनि कलाकार**, गान्तोक : च्यानल एसीई प्रोडक्सन।

चालिसे, विजय, वि स २०५१ **समाचार सङ्कलन तथा सम्पादन** (दो.सं.), काठमाडौं : सृष्टि प्रकाशन।

चौलागाई, यम, वि स २०६८ **उद्घोषणाकला तथा पत्रकारिता** (पा.सं.), काठमाडौं : श्रीजयकाली पब्लिकेसन।

छेत्री, उदय, सन् १९९८ **नेपाली साहित्यको विकासमा सिक्किमका सङ्घ-संस्थाहरूको योगदान**, गान्तोक : नेपाली साहित्य परिषद्, सिक्किम।

छेत्री, टेकबहादुर र अन्य, सन् २०१५ **फोकस**, गान्तोक : पादरी गङ्गाप्रसाद स्मृति प्रतिष्ठान।

छेत्री, डीबी, सन् २००४ **शतवार्षिकी स्मारिका**, सिक्किम, सरकारी माध्यमिक विद्यालय डुगा।

छेत्री, हीरा सन् २०११ **भारतेली नेपाली पत्र-पत्रिकाको शताब्दी (दो. सं.)**, कालेबुङ, चरित्र प्रकाशन

ताडातिल, जार्ज र अन्य (सम्पा.), सन् २००९ **दार्जिलिङको नेपालीभाषी समुदाय : सांस्कृतिक र भाषिक संक्रमण**, नयाँ दिल्ली : साहित्य अकादेमी।

तिवारी, दीपक, सन् २०१३ **सिक्किमको नेपाली साहित्यिक इतिहास परम्पराः स्वरूप र प्रवृत्ति**, नाम्ची : रमा तिवारी

थुलुङ, प्रेम, सन् १९९८ **सिक्किममा शिक्षाको विकास**, नाम्ची : स्वयम्।

दाहाल,गोपालप्रसाद, सन् २०१३ **भाषाविविधा**, गान्तोक : हिमालयन प्रेस एण्ड पब्लिकेसन।

दाहाल, नरबहादुर, सन् २०११ **भारतीय साहित्यका निर्माता गङ्गाप्रसाद प्रधान**, नयाँ दिल्ली : साहित्य अकादेमी

दाहाल, नरबहादुर र एडोन रोङगोङ (सम्पा.), सन् २०१२ **अजम्बरी गङ्गाप्रसाद प्रधान स्रष्टाहरूको दृष्टिमा**, सिलगडी, एकता बुक हाउस प्रा.लि.।

दाहाल, मोहनप्रसाद, सन् १९९३ **केही अध्ययन-पत्रहरू**, सिलगढी : नेपाली लेखक सहकारी समिति।

दाहाल, राजेन्द्र (सम्पा.), सन् २००८ **नेपाली साहित्यिक पत्र-पत्रिका संक्षिप्त ग्रन्थकोश**, काठमाडौं : प्रेस काउन्सिल नेपाल।

दीपक, सुवास, सन् १९९५ **भाषा मान्यता**, गान्तोक : विचार प्रकाशन।

..........., सन् २००६ **विचार रजत जयन्ती विशेषाङ्क**, गान्तोक : विचार प्रकाशन।

देवकोटा, ग्रीष्मबहादुर, वि स २०५९ **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास (ते. सं.)**, काठमाडौं : साझा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद, वि स २०४३ **पन्ध्र तारा र नेपाली साहित्य** (छै. सं.), काठमाडौं : साझा प्रकाशन।

पौड्याल, महानन्द, सन् २००३ **भाषा-साहित्य : बाह्र बखान,** पाकिम : अनिल शर्मा।

.............. (सम्पा.), सन् २००१ **सिक्किमका प्रथम कवि सन्तवीर लिम्बू : कृतित्व कतिपय,** पाकिम: आकाशदीप प्रकाशन।

प्रधान, कुमार र बी. मल्लिकार्जुन, सन् २०११ **नेपाली लेखन शैली,** मैसुर: भारतीय भाषा संस्थान।

प्रधान, गणेशकुमार, सन् २००७ **कलकत्ता, हामी र हाम्रो समाज,** कोलकाता: साहित्य चिन्तन प्रकाशन।

प्रधान, गुप्त, सन् २००८ **धुमिल पृष्ठहरू (दो.सं.),** दार्जीलिङ : गामा प्रकाशन ।

प्रधान, नरेन्द्रमणि, सन् १९९१ **डा.पारसमणिको जीवनयात्रा,** दार्जीलिङ : डा. पारसमणि प्रकाशन।

प्रधान, प्रमोद, वि सं २०६१ **नेपाली बाल साहित्यको इतिहास** (दो.सं), काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

प्रधान, प्रेम, सन् २०१० **भारतीय साहित्यका निर्माता शिव प्रधान,** नयाँ दिल्ली : साहित्य अकादेमी।

प्रधान, भाइचन्द्र, सन् २००४ **कवि नरेन्द्रप्रसाद कुमाई कृतित्व एवं मूल्याङ्कन,** नाम्ची : निर्माण प्रकाशन ।

प्रधान, शैलेश (सम्पा.), सन् २०१० **सिक्किमे व्यक्ति विशेषाङ्क,** सुम्बुक सिक्किम, चाँप गुराँस प्रकाशन।

प्रधान, सदीप, सन् २०१२ **गोर्खा दुःख निवारक सम्मेलन दार्जीलिङ,** दार्जीलिङ : गामा प्रकाशन।

बन्धु, चूडामणि, वि स २०६० **अनुसन्धान विधिका केही पक्ष,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

बान्तवा, विजय, सन् १९२६ **पत्रकारिताका पक्षहरू,** नाम्ची सिक्किम, निर्माण प्रकाशन।

भण्डारी, अखण्ड, वि स २०६९ **समाचारको भाषा,** काठमाडौं : लेखक स्वयम्।

मिश्र, शिवनाथ र तुलसीबहादुर छेत्री (सम्पा), १९९० **इन्द्रकील पुष्पाञ्जलि,** गान्तोक : आकाशदीप प्रकाशन।

मैनाली, मोहन, सन् २०१३ **खोजी पत्रकारिताका लागि सूचनाको हक,** काठमाडौं : संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को), काठमाडौं कार्यालय।

..........., सं २०६९ **खोज पत्रकारिता के किन कसरी,** काठमाडौं : खोज पत्रकारिता केन्द्र।

राई, चन्द्रदास, सन् २०१५ **नेपाली साहित्यको फूलबारीमा चन्द्रदास राईको एउटा फूल,** गान्तोक : लेखक स्वयम्।

लेप्चा, ओ.टी , सन् २०१० **विकृतिकारूपमा बाँचेका लेप्चा नामकरणहरू**, गान्तोक : लेखक स्वयम् ।

लेप्चा, कृष्ण, सन् २०१३ **गाउँको डायरी,** गान्तोक : लेखक स्वयम्।

वन्त, प्रत्यूष र अन्य (सम्पा.), सन् २००२ **मिडियाको अन्तर्वस्तु : विविध विश्लेषण**, काठमाडौं : सामाजिक विकास तथा अनुसन्धान केन्द्र।

वस्ती, शरच्चन्द्र, वि स २०६५, **हाम्रो भाषा** (दो.सं. (पु.मु.)),काठमाडौं : एकता प्रकाशन।

शम, पारसमणि र के एन शर्मा,(सम्पा ) सन् २०१२ **भवनीशङ्कर दङ्गालकृत गीतासार**, मध्य पाण्डाम, पारसमणि शम ।

..........., सन् २००५ **समय-कथा**, गान्तोक : समय दैनिक।

..........., सन् २०११ **समय कथा** २ , गान्तोक : समय दैनिक।

शर्मा, केएन (अनु.), सन् २००३ **भारतीय दण्ड संहिता**, गान्तोक : क्वालिटी स्टोर्स।

शर्मा, 'कश्यप', तुलसीराम, सन् १९९६ **सिक्किम हिजोदेखि आजसम्म**, गान्तोक : आँकुरा प्रकाशन।

शर्मा, ताना, वि स २०२७ **नेपाली साहित्यको इतिहास**, काठमाडौं : साझा प्रकाशन।

शर्मा, निर्मल, सन् २००९ **टिस्टा-सुनकोशको गढतिर**, बाग्राकोटः लेखक स्वयम्।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, वि स २०५५ **शोधविधि**, काठमाडौं : साझा प्रकाशन।

शर्मा, पुष्प, सन् २००८ **भाषा साहित्य विचरण,** नाम्ची : निर्माण प्रकाशन।

..........., सन् २०१२ **सिक्किमका नेपाली कविता : विश्लेषण र मूल्याङ्कन**, गान्तोक : साहित्य सिर्जना सहकारी समिति लिमिटेड।

शर्मा, रूपेश र अन्य (सम्पा), सन् २०१३ **संवाहक**, गान्तोक : प्रेस क्लब अफ सिक्किम।

